# नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि
उपाधिका निमित्त
प्रस्तुत

## शोधप्रबन्ध

शोधकर्ता
दिनेशप्रसाद महतो
विद्यावारिधि दर्ता न. ०३/२०७३, माघ
त्रि.वि.दर्ता न. १८७६८/९५
२०८१

# शोधप्रबन्धको सिफारिस पत्र

**नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्व** शीर्षकको प्रस्तुत शोधप्रबन्ध दिनेशप्रसाद महतोले हाम्रा निर्देशनमा तयार पार्नुभएको हो । राजनीतिशास्त्रमा विद्यावारिधि उपाधिका निमित्त निकै मेहनतसाथ तयार गर्नुभएको प्रस्तुत शोधप्रबन्धबाट हामी सन्तुष्ट छौँ । उहाँलाई राजनीतिशास्त्र विषयअन्तर्गत विद्यावारिधि उपाधि प्रदान गर्नका लागि उपयुक्त देखिएको हुँदा यसको मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीन कार्यालयको अनुसन्धान समितिसमक्ष सिफारिस गर्दछौँ ।

**शोधप्रबन्ध सिफारिस समिति**

...................................

प्रा.डा. मीना वैद्य मल्ल

शोधनिर्देशक

.............................

प्रा.डा. गेहेन्द्रलाल मल्ल

सहशोधनिर्देशक

मिति : २०८१/ /

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत **नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्व** शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशक आदरणीय गुरु प्रा. डा. मीना वैद्य मल्ल र सहशोधनिर्देशक आदरणीय गुरु प्रा. डा. गेहेन्द्रलाल मल्लज्यूको कुशल निर्देशनमा रही सम्पन गरेको हुँ । मैले यस शोधप्रबन्धको लेखनका क्रममा  विभिन्न स्रोतबाट सामग्रीहरू सङ्कलन गरी शोधको उद्देश्यअनुसार प्रस्तुतीकरण र विश्लेषण गरेको छु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई यसभन्दा अघि कुनै प्रयोजन अथवा उपाधिका लागि प्रस्तुत गरेको छैन । यस शोधप्रबन्धको कुनै एकाइ वा अंशलाई पुस्तक वा पुस्तकको अंशका रूपमा पनि प्रकाशित गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताविरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

..............................

दिनेशप्रसाद महतो

त्रि.वि. दर्ता न. १८७६८-९५

विद्यावारिधि दर्ता न. ३/२०७३, माघ

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका निम्ति तयार पारेको हुँ । शोधकार्यका सिलसिलामा प्राज्ञिक सल्लाह, कुशल निर्देशन र प्रोत्साहन प्रदान गर्नुभएकामा आदरणीय शोधनिर्देशक तथा राजनीतिशास्त्र केन्द्रीय विभागका पूर्वविभागीय प्रमुख प्रा.डा. मीना वैद्य मल्लज्यूप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस शोधप्रबन्धलाई तयार गर्ने क्रममा महत्त्वपूर्ण सुझाव, परामर्श र हौसला प्रदान गर्नुहुने आदरणीय शोधविशेषज्ञ प्रा.डा. गेहेन्द्रलाल मल्लज्यूप्रति म नतमस्तक हुँदै कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधप्रबन्धमा कार्य व्यस्तताका बिच पनि समय प्रदान गरी अन्तर्वार्ता दिई सहयोग गर्नुहुने तथा महत्त्वपूर्ण अध्ययन सामग्रीहरू उपलब्ध गराउनुहुने विभिन्न व्यक्ति तथा निकाय र सङ्घ-संस्थाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसै गरी आवश्यक सल्लाह एवम् सुझाव दिनु हुने प्रा.डा. राजकुमार पोखरेलज्यूप्रति विशेष हार्दिक आभार प्रकट गर्दछु । अध्ययन र विश्लेषणका क्रममा विभिन्न विद्वान्हरूद्वारा लिखित पुस्तक, लेख तथा विभिन्न समयमा प्रकाशित भएका विभिन्न पत्रपत्रिकाहरूबाट पनि ठुलो सहयोग पुगेको छ । त्यसैले स्थानीय निर्वाचन : महिला सहभगिता र प्रतिनिधित्वका बारेमा कलम चलाउने लेखक, दस्ताबेजहरूका सङ्कलक, पत्रकार आदि सबैलाई धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधप्रबन्धको भाषागत त्रुटि हेरी दिनुहुने त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका प्रा.डा. नारायण गडतौला, नेपाली केन्दीय विभागकै उपप्राध्यापक डा. लेखराज खतिवडा र पद्मकन्या बहुमुखी क्याम्पसका उपप्राध्यापक डा. गुरुप्रसाद पोखरेलज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यसबाहेक हरेक कालखण्डका पत्रपत्रिका, पुस्तक, शोधग्रन्थ आदि सङ्कलन गरेर अध्ययनको अवसर जुटाइदिने राजनीतिशास्त्र केन्द्रीय विभाग र सामग्री सङ्ग्रहका क्रममा त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालयबाट मलाई धेरै मदत प्राप्त भयो । म यी सबै संस्था तथा यीसँग सम्बद्ध व्यक्तित्वहरूप्रति विशेष आभारी छु ।

शोधकार्यको स्थलगत अध्ययनलगायत चुनौतीपूर्ण अवस्थामा साथ दिई सहयोग गर्ने मेरी जीवन संगिनी ममतासिंह महतोप्रति कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी घरायसी

जिम्मेवारीमा सघाउँदै अध्ययनका लागि वातावरण बनाइदिने छोरा योगेश र छोरी तानियालाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, म यस शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयसमक्ष प्रस्तुत गर्दछु ।

दिनेशप्रसाद महतो

शोधकर्ता

# शोधसार

मानव जातिको अस्तित्वको निरन्तरता र मानव सभ्यताको विकासमा महिला र पुरुष एकअर्काका परिपूरक र सहयात्री हुन् । राजनीतिक नीतिनिर्माण र निर्णयप्रक्रियामा महिला सहभागिताको विश्वसन्दर्भलाई हेर्दा मताधिकार जस्तो आधारभूत राजनीतिक अधिकारबाट समेत महिलालाई लामो अवधिसम्म वञ्चित गराइँदै आइएको सन्दर्भ निश्चय नै प्रजातान्त्रिक विकासप्रक्रियामा एउटा कालो धब्बाका रूपमा रहेको छ ।

नेपालमा पहिलो पटक वि.स. २००४ मा काठमाडौँ सहरका जनतालाई आफ्नो प्रतिनिधि रोज्ने अवसर दिइएको थियो । राणा प्रधानमन्त्री पद्‌मशमशेरले गराएको उक्त निर्वाचनलाई पहिलो र ऐतिहासिक निर्वाचन मानिन्छ । उक्त निर्वाचनमा महिलाहरूलाई मतदान गर्ने अधिकार दिइएन तर २००७ सालमा भएको राजनीतिक परिवर्तनपछि महिलाहरूले मतदानको अधिकार पाए । प्रजातन्त्र स्थापनापछि स्थानीय शासनलाई बढी जनमुखी बनाउन नगरपालिका कानुन निर्माण गरिएको थियो । त्यसैका आधारमा २०१० सालको भदौ १७ गते काठमाडौँमा निर्वाचन भएको थियो । त्यस निर्वाचनमा महिलाहरूले मतदान मात्र गरेनन्, उम्मेदवारीसमेत दिए । त्यस निवाचनमा काठमाडौँ वडा न. ८ बाट साहनादेवी प्रधान देशकै पहिलो महिला जनप्रतिनिधिका रूपमा चुनिइन् ।

नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापनापछि वि.सं. २०४९ र २०५४ गरी दुई पटक स्थानीय निर्वाचन भएको थियो । त्यसको २० वर्षपछि २०७४ सालको स्थानीय निर्वाचन ३ चरणमा सम्पन्न भएको थियो । प्रदेश नम्बर ३, ४ र ६ का ३४ जिल्ला र २८३ स्थानीय तहमा २०७४ वैशाख ३१ गते पहिलो चरणको निर्वाचन सम्पन्न भएको थियो । प्रदेश नम्बर १, ५ र ७ का ३५ जिल्ला र ३३४ स्थानीय तहमा २०७४ असार १४ गते दोस्रो चरणको निर्वाचन सम्पन्न भएको थियो । यसै गरी प्रदेश नम्बर २ का ८ जिल्ला र १३६ स्थानीय तहमा २०७४ असोज २ गते तेस्रो चरणको निर्वाचन सम्पन्न भएको थियो । संविधानको भाग ५ धाराको ५६ अनुसार तीन तहको व्यवस्था रहेको छ । सङ्घात्मक, प्रादेशिक र स्थानीय तह स्थानीयलाई विकेन्द्रीकरण गर्ने प्रयोजनार्थ स्थानीय निकाय पुनः संरचना आयोग, गाउँपालिका, नगरपालिका र विशेष, संरक्षित र स्वायत्त क्षेत्रको पुनः संरचना आयोग प्रत्येक जिल्लामा स्थानीय निकायको सङ्ख्या र सीमा निधारण गर्ने नेपालको संविधानको धारा २९५ अन्तर्गत गठन गरिएको थियो । पुनः संरचना आयोगको

प्रतिवेदनअनुसार नेपाल सरकारले पुरानो ३,३३४ वटा स्थानीय तहको साटो ७५३ वटा नयाँ स्थानीय सरकारको संरचना लागु गऱ्यो । नेपालको सम्पूर्ण ७५३ स्थानीय तहलाई ६,७४३ वडामा विभाजन गरिएको छ ।

नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वको सम्बन्धमा वर्णनात्मक शोधढाँचाअन्तर्गत रही प्राथमिक तथा द्वितीयक दुवै स्रोतबाट सङ्कलित सङ्ख्यात्मक तथा गुणात्मक तथ्याङ्कको विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कहरूक आधारमा निर्वाचित प्रतिनिधिको अवस्था सर्वेक्षण गरिएको छ भने नेपालको तराईका स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वको अवस्था प्राथमिक स्रोतअन्तर्गत सङ्कलित तथ्याङ्कका आधारमा गरिएको छ । स्थानीय निर्वाचनमा निर्वाचित स्थानीय तहका महिला प्रतिनिधित्वको अवस्था स्थलगत अध्ययनबाट सङ्कलन गरिएको छ । नेपालको स्थानीय तहको निर्वाचनका सन्दर्भमा राजनीतिक कर्मीहरूको धारणा बुझ्नका लागि दलीय, क्षेत्रीय, लैङ्गिक विविधता समेट्ने गरी प्रयोजनपरक नमुना छनोट विधिमार्फत उत्तरदाता छनोट गरी अन्तर्वार्ता, अन्तर्वार्ता अनुसूची तथा सूचना फाराम आदिका माध्यमबाट सङ्कलित तथ्याङ्कको विश्लेषण गरिएको छ । नेपालको स्थानीय निकायमा तराई महिलाको सहभागिता, स्थानीय निर्वाचनहरूमा महिला प्रतिनिधित्वको अवस्था, स्थानीय निर्वाचनहरूमा महिलाहरू प्रमुख पदमा अपेक्षित रूपमा निर्वाचित हुन नसकेको अवस्था आदि प्रस्तुत अध्ययनका समस्याकथनका रूपमा रहेका छन् र उल्लिखित समस्याहरूको निराकरण गरी स्थानीय निर्वाचनहरूमा महिला सहभागिता र प्रतिनिधित्व स्पष्ट गर्न नेपालको स्थानीय निकायअन्तर्गत खास गरी तराई क्षेत्रमा महिलाको सहभागिताको अध्ययन गर्नु, स्थानीय निर्वाचनहरूमा महिला प्रतिनिधिहरूको अवस्थाबारे मूल्याङ्कन गर्नु, स्थानीय निर्वाचनहरूमा तराईका महिलाहरू प्रमुख पदमा अपेक्षित रूपमा निर्वाचित हुन नसकेका मुख्य कारणहरू पत्ता लगाउनु प्रस्तुत अध्ययनका उद्देश्यहरू रहेका छन् । प्रस्तुत अध्ययन भौगौलिक रूपमा तराईलाई कुनै वर्गविशेषका आधारमा नभई यहाँ बस्ने सम्पूर्ण समुदायलाई नै आधार मानिएको छ । प्रस्तुत शोध स्थानीय निर्वाचन २०७४ मा केन्द्रित रहेको छ ।

# विषयसूची


| | पृष्ठ |
|---|---|
| शोधप्रबन्धको सिफारिस पत्र | ख |
| अनुमोदन पत्र | ग |
| प्रतिबद्धता पत्र | घ |
| कृतज्ञताज्ञापन | ङ |
| शोधसार | छ |
| विषयसूची | झ |
| तालिकासूची | ण |
| सङ्क्षेपीकृत शब्दसूची | थ |
| **अध्याय एक : शोधपरिचय** | **१-९** |
| १.१ परिचय | १ |
| १.२ अध्ययन-अनुसन्धानका समस्याहरू | ५ |
| १.३ अध्ययन-अनुसन्धानका उद्देश्यहरू | ६ |
| १.४ परिकल्पना | ७ |
| १.५ अध्ययनको सीमा | ७ |
| १.६ अध्ययनको औचित्य | ७ |
| १.७ शोधप्रबन्धको सङ्गठन | ८ |
| **अध्याय दुई : पूर्वकार्यको समीक्षा** | **१०-३८** |
| २.१ पृष्ठभूमि | १० |
| २.२ अनुसन्धान रिक्तता | ३७ |
| **अध्याय तीन : अनुसन्धान विधि** | **३९-६०** |
| ३.१ अनुसन्धान विधि | ३९ |
| ३.२ अनुसन्धान ढाँचा | ३९ |

३.३ सैद्धान्तिक मान्यताहरू ४०

३.४ स्रोत सामग्रीहरू ५२

३.५ स्रोतका प्रकारहरू ५२

३.५.१ प्राथमिक स्रोत ५३

३.५.२ सहायक स्रोत ५३

३.६ स्रोत सङ्कलन ५३

३.६.१ प्राथमिक स्रोत सङ्कलन विधि ५४

३.६.१.१ अन्तर्वार्ता ५४

३.६.१.२ स्थलगत अवलोकन ५५

३.६.२ द्वितीयक स्रोत सङ्कलन ५५

३.७ स्रोत सङ्कलनका उपकरण र प्रयोग ५६

३.८ अध्ययनको विश्वसनीयता ५६

३.९ नमुना छनोट प्रक्रिया र आकार ५७

३.१० तथ्याङ्क विश्लेषण तथा प्रशोधन ५८

३.११ प्रस्तुतीकरण एवम् प्रतिवेदन लेखन ५८

३.१२ नैतिकता ६०

**अध्याय चार : नेपालको स्थानीय निर्वाचन २०७४ मा महिला सहभागिता र प्रतिनिधित्व** **६१-१६२**

४.१ विश्वमा महिला आन्दोलन तथा निर्वाचन मताधिकार ६१

४.१.१ बेलायत ६२

४.१.२ अमेरिका ६४

४.१.३ जर्मनी ६६

४.१.४ फ्रास ६६

४.१.५ जापान ६७

४.१.६ दक्षिण कोरिया ६७

४.१.७ फिलिपिन्स ६८

४.१.८ दक्षिण एसिया ६८

४.१.९ अफगानिस्तान ७१

४.१.१० चीन ७२

४.१.११ साउदी अरब ७३

४.१.१२ भियतनाम ७३

४.१.१३ इन्डोनेसिया ७३

४.१.१४ अफ्रिका ७४

४.१.१५ निर्वाचन र अन्तराष्ट्रिय अनुबन्ध ७४

४.२ नेपालमा प्राचीन कालदेखि आधुनिक कालसम्म स्थानीय र महिला सहभागिता ७९

४.२.१ किरातकाल ८०

४.२.२ लिच्छविकालमा महिला र स्थानीय प्रशासन ८१

४.२.३ मल्लकालमा महिला प्रतिनिधि ८३

४.२.४ शाहकालमा महिला सहभागिता ८५

४.२.५ मध्यकालमा स्थानीय निकाय र जनप्रतिनिधि ८८

४.२.६ बायसी र चौविसी राज्यमा प्रशासनिक र महिला सक्रियता ९३

४.२.७ राणाशासनः महिला संघको सुरवात ९६

४.२.८ आधुनिक कालः निर्वाचनको विकासक्रम ९८

४.३ महिला सहभागिता र प्रतिनिधित्वसम्बन्धी व्यवस्था (२००४-२०४७) १०३

४.३.१ नेपाल सरकार वैधानिक कानुन, २००४ १०३

४.३.२ नेपाल अन्तरिम शासन विधान, २००७ १०५

४.३.३ नेपाल अधिराज्यको संविधान, २०१५ १११

४.३.४ नेपालको संविधान, २०१९ ११२

४.३.५ नेपाल अधिराज्यको संविधान, २०४७ ११७

४.४ नेपालको अन्तरिम संविधान २०६३ मा महिला प्रतिनिधित्वको व्यवस्था १२२

४.५ नेपालको संविधानमा महिला प्रतिनिधित्वको व्यवस्था १२५

४.६ नेपालको संविधानमा महिला निर्वाचन व्यवस्थाको गठन १२८

४.६.१ स्थानीय कार्यपालिकाको गठनमा महिला १२९

४.६.२ स्थानीय व्यवस्थापिकाको गठन १३०

४.६.३ न्यायिक समिति १३०

४.६.४ जिल्लासभा र जिल्ला समन्वय समितिको गठनमा महिला १३१

४.६.५ स्थानीयमा महिला प्रतिनिधि १३१

४.७ प्रमुख पार्टीहरूको विधानमा महिला प्रतिनिधि र निर्वाचनसम्बन्धी व्यवस्था १३२

४.७.१ नेकपा (एमाले) १३२

४.७.२ नेपाली कांग्रेस १३३

४.७.३ एकीकृत नेकपा (माओवादी) १३७

४.७.४ नेकपा अन्तरिम विधान २०७५ - धारा ३८ १३९

४.७.५ मधेसी जनअधिकार फोरम १३९

४.७.६ राष्ट्रिय जनता पार्टी १४१

४.८ नेपालको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला प्रतिनिधित्व १४४

४.८.१ स्थानीय निर्वाचन २०५४ र २०७४ मा निर्वाचित महिला प्रतिनिधिको प्रतिशत १५७

**अध्याय पाँच : नेपालका तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला सहभागिता र प्रतिनिधित्व** **१६३-१८३**

५.१ नेपालका तराईको मोरङ, धनुषा र बाँके जिल्लाको परिचय तथा स्थानीय निर्वाचन १६३

५.१.१ नेपालको तराई १६३

५.१.१.१ मोरङ जिल्ला १६५

५.१.१.२ धनुषा जिल्ला १६७

५.१.१.३ बाँके जिल्ला १७०

५.२ नेपालका तराईको स्थानीय तह तथा मतदाता र सहभागी महिला १७३

५.३ तराईको स्थानीय निर्वाचन २०७४ मा लैङ्गिक प्रतिनिधित्व १७६

५.४ तराईको स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित महिला प्रतिनिधि १७८

**अध्याय छ : तराईको स्थानीय निर्वाचन २०७४ मा नेतृत्व तहमा महिलाको प्रतिनिधित्वमा प्रभाव पारेका तत्त्वहरू १८४-२२३**

६.१ पितृसत्तात्मक मान्यता र संरचना १८४

६.२ आर्थिक परनिर्भता १८५

६.३ शैक्षिक योग्यताको अवस्था १८६

६.४ वैवाहिक स्थिति १८८

६.५ राजनीतिक  प्रेरणासम्बन्धी वातावरण १८९

६.६ संवैधानिक तथा कानुनी व्यवस्था १९०

६.७ राजनीतिक परिवर्तन १९१

६.८ कोटा (आरक्षण) सम्बन्धी व्यवस्था १९२

६.९ निर्वाचन पद्धति १९३

६.१० स्थानीय निर्वाचन नियमावली २०७३ १९४

६.११ सरकारको तीनवटै तहमा महिला सहभागिता १९७

६.१२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २००

६.१३ लैङ्गिक समानता तथा समाजिक समावेशीकरण नीति २०४

६.१३.१ नेतृत्व विकास २०८

६.१३.२ राजनीति दलभित्र पून:संरचना २०८

६.१३.३ मितव्ययी निर्वाचन प्रणाली २०८

६.१३.४ हिनताबोधी संस्कृतिको अन्त्य २०९

६.१३.५ राजनीतिक नेतृत्वको सोच परिवर्तन २०९

६.१३.६ नारीवादी सवालबाट माथि उठने २०९

६.१३.७ दबाब समूह २०९

६.१३.८ नीति तथा कानुनी संरचनामा सुधार २१०

६.१३.९ लक्षित कार्यक्रम सञ्चालन २१०

६.१३.१० संवत् २०६३ देखि हालसम्म २१२

**अध्याय सात : सारांश र निष्कर्ष** **२२४-२३२**

७.१ सारांश २२४

७.२ निष्कर्ष २३९

**परिशिष्टहरू** **२३३-३१०**

**सन्दर्भ सामग्रीसूची** **३११-३२१**

# तालिका-सूची


| | | | पृष्ठ |
|---|---|---|---|
| तालिका नं. ४.१ | : | स्थानीय निर्वाचन २०७४ मा निर्वाचित लैङ्गिक प्रतिनिधित्व | १४५ |
| तालिका नं. ४.२ | : | स्थानीय निर्वाचन | १४५ |
| तालिका नं. ४.३ | : | स्थानीय निर्वाचन २०७४ मा निर्वाचित विभिन्न पदमा लैङ्गिक प्रतिनिधित्व | १४६ |
| तालिका नं. ४.४ | : | स्थानीय निर्वाचन २०७४ मा निर्वाचित विभिन्न प्रदेशमा लैङ्गिक प्रतिनिधित्व | १४७ |
| तालिका नं. ४.५ | : | नेपालको स्थानीय निर्वाचन २०७४ | १४८ |
| तालिका नं. ४.६ | : | स्थानीय निर्वाचन २०७४ मा विभिन्न प्रमुख पदमा निर्वाचित पार्टीगत प्रतिनिधित्वको सङ्ख्या | १५० |
| तालिका नं. ४.७ | : | स्थानीय निर्वाचन २०७४ देखि राष्ट्रपतिसम्मको लैङ्गिक प्रतिनिधित्व र सङ्ख्या | १५२ |
| तालिका नं. ४.८ | : | २०७४ मा सम्पन्न निर्वाचनमा महिलाको तथ्याङ्क (प्रतिनिधि, प्रदेश र स्थानीय तह) | १५३ |
| तालिका नं. ५.१ | : | तराईमा रहेका स्थानीय तहको सङ्ख्या | १७४ |
| तालिका नं. ५.२ | : | तराईको जनसङ्ख्या र मतदाताको लैङ्गिक सङ्ख्या | १७५ |
| तालिका नं. ५.३ | : | तराईको स्थानीय निर्वाचन २०७४ मा सहभागी लैङ्गिक प्रतिनिधि | १७५ |
| तालिका नं. ५.४ | : | तराईको स्थानीय निर्वाचन २०७४ मा सहभागी उम्मेदवार र निर्वाचित प्रतिनिधि | १७७ |
| तालिका नं. ५.५ | : | तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला प्रतिनिधिहरुको सङ्ख्या | १७८ |
| तालिका नं. ५.६ | : | तराईको महानगरपालिकामा लैङ्गिक प्रतिनिधित्व | १७९ |
| तालिका नं. ५.७ | : | तराईको उपमहानगरपालिकामा लैङ्गिक प्रतिनिधित्व | १८० |

| | | | |
|---|---|---|---|
| तालिका नं. ५.८ | : | तराईको नगरपालिकामा लैङ्गिक प्रतिनिधित्व | १८० |
| तालिका नं. ५.९ | : | तराईको गाउँपालिकामा लैङ्गिक प्रतिनिधित्व | १८१ |
| तालिका नं. ६.१ | : | स्थानीय निर्वाचनमा प्रमुख पदको राजनीतिक सहभागितामा अवरोधसम्बन्धी दृष्टिकोण | १८४ |
| तालिका नं. ६.२ | : | अचल सम्पत्तिको स्वामित्वसम्बन्धी विवरण | १८५ |
| तालिका नं. ६.३ | : | शैक्षिक योग्यताको अवस्थासम्बन्धी विवरण | १८७ |
| तालिका नं. ६.४ | : | वैवाहिक आधारमा जनसाङ्ख्यिक विवरण | १८८ |
| तालिका नं. ६.५ | : | राजनीतिमा प्रवेश गर्नुका प्रेरणासम्बन्धी विवरण | १८९ |
| तालिका नं. ६.६ | : | स्थानीय निर्वाचनमा महिलाको सहभागिताका निम्ति कानुनी व्यवस्थासम्बन्धी | १९० |
| तालिका नं. ६.७ | : | राजनीतिक परिवर्तनले स्थानीय निर्वाचनमा महिला सहभागितामा पारेको प्रभाव | १९१ |
| तालिका नं. ६.८ | : | राजनीतिक परिवर्तनले स्थानीय निर्वाचनमा महिला सहभागितामा भएको परिवर्तनको प्रभाव | १९२ |
| तालिका नं. ६.९ | : | महिला आरक्षणसम्बन्धी व्यवस्थामा सुधारको आवश्यकता | १९३ |
| तालिका नं. ६.१० | : | स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित लैङ्गिक तथ्याङ्क | १९८ |
| तालिका नं. ६.११ | : | स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित महिलाहरूको तथ्याङ्क | १९९ |
| तालिका नं. ६.१२ | : | स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित महिलाहरूको तथ्याङ्क | १९९ |
| तालिका नं. ६.१३ | : | प्रतिनिधिसभा सदस्य : दलगत स्थिति | २०० |
| तालिका नं. ६.१४ | : | प्रदेश सभा : दलगत स्थिति | २०१ |
| तालिका नं. ६.१५ | : | राष्ट्रिय सभा सदस्य : दलगत प्रतिनिधित्व | २०३ |
| तालिका नं. ६.१६ | : | महिला सहभागिता | २०३ |

## सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अ.ने.म.सं. | : | अखिल नेपाल महिला सङ्घ |
| अ.ने.रा.स्व.वि.यु. | : | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन |
| अ.ने.शि.सं. | : | अखिल नेपाल शिक्षक सङ्गठन |
| इ.पू. | : | इसापूर्व |
| इ.स. | : | इस्वी संवत् |
| ऐ. | : | ऐजन |
| एमाले | : | एकीकृत मार्क्सवादी लेलिनवादी |
| नेकपा | : | नेपाल कम्युनिस्ट पार्टी |
| ने.क.पा. (माओवादी केन्द्र) | : | नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र |
| ने.क.पा. एमाले | : | नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी लेलिनवादी |
| ने.का. | : | नेपाली काङ्ग्रेस |
| ने.म.कि.पा. | : | नेपाल मजदुर किसान पार्टी |
| ने.शि.सं. | : | नेपाल शिक्षक सङ्घ |
| न.पा. | : | नगरपालिका |
| म.ज.फो.ने. | : | मधेसी जनअधिकार फोरम, नेपाल |
| रा.प्र.पा. | : | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| रा.ज.पा. | : | राष्ट्रिय जनता पार्टी |
| वि.सं. | : | विक्रम संवत् |
| ते.लि. | : | तेस्रो लिङ्गी |

## अध्याय एक

# शोध परिचय

### १.१ परिचय

प्राचीन युगको मानव समाज आदिम साम्यवादी स्वरूपको थियो । त्यसबेलाका मानिस फलफूल तथा कन्दमूल खान्थे । ती अत्यावश्यक वस्तुहरूको प्राप्तिका निम्ति समुदाय नै सामूहिक रूपमा सक्रिय हुन्थ्यो । मानव विकासको प्रारम्भिक युगमा समुदायको नेतामा जो बलियो, अपेक्षाकृत चतुर र फुर्तिलो हुन्थ्यो त्यो नारी वा पुरुष जो भए पनि समूहको नायक हुन सक्थ्यो । सामूहिक उपभोगद्वारा समुदायको सम्बन्ध त्यस युगको जीवनपद्धति नै थियो तर आदिम स्वरूपको समाज पनि जड र गतिहीन थिएन । आफ्नो भोजनका निम्ति उपकरणका रूपमा हात, ढुङ्गा, लौरो आदिलाई प्रयोग गर्दै जीवनका आवश्यकतालाई सहज बनाउन बसोबास र अधिक भोजनको सङ्ग्रहप्रक्रियाले प्राकृतिक पुनरुत्पादन हुँदा त्यसप्रति मानव प्रवृत्त हुन गई फिरन्ते जीवनबाट स्थायी बसोबास, खेती तथा पशुपालनतर्फ उन्मुख भएको पाइन्छ दीक्षित, २०५९, पृ. ३१) । यसरी प्राचीन युगमा पनि मानिसहरू साामूहिक रूपमा सहभागी हुन्थे ।

फिरन्ते जङ्गली युगपछि क्रमशः स्थायी बसोबास र खेतीपातीको युगमा प्रवेश गरेसँगै सिकार गर्ने, माछा मार्ने र जङ्गलमा फल खोज्ने काममा पुरुष संलग्न हुन्थे भने नारीहरू झारपातको वस्त्र बनाउने, शिशुपालन तथा रेखदेख गर्नेलगायतका काममा लाग्दथे । उक्त समाजमा सम्पत्ति र उत्पादनका साधन सामूहिक उपभोगमा रहने गरेको थियो । समाजमा स्वामित्व र उत्तराधिकारबारे जुन बेला प्रश्न उठ्यो त्यसबेला पुरुषप्रधान समाज बनिसकेको थियो (दीक्षित, २०५९, पृ.३३) । यसरी फिरन्ते युग पछि समाज मूलतः पुरुषहरूकै नेतृत्वमा चलेको थियो ।

महिलालाई पुरुषसामु अधीनस्थ र कमजोर सिद्ध गर्न धार्मिक मान्यताहरूलाई प्राथमिकता दिएर महिलाको व्यक्तिगत जीवन र स्वतन्त्रतामाथि प्रहार गरिएको देखिन्छ । पुरुषवादी चिन्तकहरूले प्राचीन मूल्य एवम् मान्यता र दर्शनमा उल्लेख भएका महिलाका सकारात्मक भूमिकाहरूलाई बङ्ग्याएर व्याख्या गरेकै कारण समाजमा महिलाको स्थिति पुरुषभन्दा कमजोर अवस्थामा रह्यो । फलस्वरूप सांस्कृतिक, आर्थिक, सामाजिक, धार्मिक र राजनीतिक स्वतन्त्रताबाट महिला सङ्कुचित हुन गई आजको एकाइसौं शताब्दीमा समेत

महिलाको अवस्था राम्रो हुन सकेको देखिँदैन । आजको परिवर्तित युगमा समेत महिला न्याय, समानता, हकहित र आत्मनिर्णय गर्ने अधिकारका लागि सङ्घर्षरत छन् (पौडेल, २०७३ पृ.३) । यसरी हेर्दा महिलाहरु एकाइसौं शताब्दीमा पनि आफ्ना हक एवम् अधिकारका लागि संङ्घर्षरत रहेका देखिन्छन् ।

इसापूर्व तेस्रो शताब्दीका विद्वान्हरू प्लेटो, हब्स र रुसोले पनि तत्कालीन समाजसापेक्ष विचारहरूमा पितृसत्तात्मक समाजको परिकल्पना गरे । प्रथम विश्वयुद्धभन्दा पहिले युरोप र अमेरिकामा पनि महिलाले घरबाहिर गएर काम गर्नुलाई राम्रो दृष्टिले हेरिँदैनथ्यो । प्रथम र दोस्रो विश्वयुद्धपछि मात्र महिलाले पनि सार्वजनिक स्थलहरूमा काम गर्न सक्छन् भन्ने अनुभूति सबैमा भयो (कार्की, २०६८, पृ. ४४) । यसरी प्रथम विश्वयुद्धभन्दा पहिले युरोप र अमेरिकामा पनि घरबाहिर गएर महिलाले काम गर्नुलाई त्यति राम्रो दृष्टिले हेरिँदैनथ्यो ।

दक्षिण एसियामा बस्ने आदिवासीहरूको राजनीतिक विशेषता परम्परागत संरचनामा नै आधारित रहेको छ । त्यहाँका गाउँको गाउँ परिषद् र शासनको नेतृत्व आदिवासीहरूले नै गर्दछन् । त्यस्तै भारत, श्रीलङ्का, बङ्गलादेश, भुटान र नेपाललगायत अन्य सार्क मुलुकहरूमा पनि परम्परागत राजनीतिक प्रणाली र अन्धविश्वासले जरो गाडेको देखिन्छ । प्रजातान्त्रिक प्रणाली र आवधिक निर्वाचन भए तापनि अझै वशांनुगत विचार र मान्यता नै हाबी भइरहेको पाइन्छ । महिला सहभागिताका सन्दर्भमा दक्षिण एसियामा महिलाको राजनीतिमा रहेको अवस्था र पूर्वीय दर्शनमा पितृसत्तात्मक सत्ताको स्वरूप एकै एकै रहेको पाइन्छ । यसरी लैङ्गिक आधारमा विभेदको नीति र पुरुष प्रधानतालाई राजनीतिक क्षेत्रमा बढावा दिइएकाले महिलाको नेतृत्व स्वाभाविक रूपमा नै कमजोर रहेको आम बुझाइ छ (Raha, 1993, p.45) । यसरी महिला सहभागिताका सन्दर्भमा दक्षिण एसियामा पुरुष प्रधानतालाई राजनीतिक क्षेत्रमा बढावा दिइएको पाइन्छ ।

लिच्छवि कालमा देवल देवी र महारानी राज्यवतीले महिलाको नेतृत्व गरे पनि मल्लकालीन अवस्थामा उनीहरूको सक्रियता देखिँदैन । शाहकालमा रणबहादुर शाह नाबालक भएकाले आमा राजेन्द्रलक्ष्मीले छोराका नामबाट नायबी भएर नेपालको शासन सञ्चालन गरेकी थिइन् भने राज राजेश्वरीले पनि शाहकालमा महिलामैत्री काम गरेको पाइन्छ । वि.स. १९७७ मा श्री ३ चन्द्रशमशेरलाई सती प्रथा हटाउन प्रेरित गर्न हिम्मतका साथ राणा सरकारको विरोध गदै पत्र लेख्ने साहस होस् या १९८५ सालमा जुद्धशमशेरसँग

धर्मराज्यको माग गर्न प्रतिनिधि मण्डल लिएर जाने योगमायाको हिम्मत होस्, नेपाली महिलाहरूले गरेको सङ्घर्षकै उदाहरण हो (बराल, २०७४, पृ. २) । नेपाली महिलाहरूले लिच्छविकाल र शाहकालमा पनि महिलामैत्री काम गरेको पाइन्छ ।

नेपालको राजनीतिमा प्रजातान्त्रिक आन्दोलनहरूमा अग्रपङ्क्तिमा रहेर लडेका महिलाहरूलाई २००४ सालसम्म मतदान गर्ने अधिकारसमेत दिइएको थिएन । २००७ सालको परिवर्तनसँगै नेपाली राजनीतिमा महिलाहरू केही सक्रिय हुन थालेको पाइन्छ । सन् १९१७ मा अर्थात् राणाकालीन नेपालमा योगमायाका अध्यक्षतामा 'महिला समिति' गठन भएको थियो । त्यसपछि सन् १९४६ मा रेवन्तकुमारीका अध्यक्षतामा भारतको जयनगरमा 'आदर्श महिला समिति' गठन भएको थियो । यसै गरी सन् १९४२ मा मङ्गलादेवी सिंहका अध्यक्षतामा काठमाडौँमा 'नेपाल महिला सङ्घ' गठन भयो । सन् १९५० मा काठमाडौँमा पुण्यप्रभावदेवीका नेतृत्वमा 'अखिल नेपाल महिला सङ्गठन' गठन गरियो । वि.सं. २००७ (सन् १९५१) को आन्दोलनमा यी विभिन्न महिला सङ्गठनले महिलाहरूको हकहितका लागि महत्त्वपूर्ण योगदान पुऱ्याए । सन् १९५२ मा ध्यानदेवीको नेतृत्वमा आर्य समाजको स्थापना भएको थियो ।

राणाशासनको अन्त्यपश्चात् विक्रम संवत् २०१० मा भएको काठमाडौँ नगरको निर्वाचनमा साधनादेवी प्रधानले नेपालको पहिलो स्थानीय महिला जनप्रतिनिधिका रूपमा इतिहास रचेकी थिइन् । वि.स. २०४९ मा भएको स्थानीय निर्वाचनमा प्रत्येक २०० जना निर्वाचित जनप्रतिनिधिहरूमध्ये १ महिला थिए । यसभन्दा अलि ठुलो उपलब्धि २०५४ को स्थानीय निर्वाचनमा हासिल भयो । स्थानीय तह निर्वाचन २०७४ का सन्दर्भमा नेपालको तराईमा पुरुषका तुलनामा महिलाको राजनीतिक सहभागिता न्यून र कार्यकारी (नेतृत्व) भूमिका नगण्य अवस्थामा रहेको पाइन्छ । जनसङ्ख्याका दृष्टिले पुरुषका तुलनामा महिला बढी भए पनि राजनीतिक सहभागिता कम रहेको देखिन्छ । यस शोधप्रबन्धमा स्थानीय निर्वाचनमा महिलाहरू पछाडि पर्नुका कारण, नेतृत्व तहमा सहभागी हुन र निर्वाचित हुन नसक्नुका कारणको खोजी गर्नुका साथै तथ्य एवम् तथ्याङ्कगत आधारमा राजनीतिक, सांस्कृतिक, शैक्षिक समान सहभागितामा उत्प्रेरित गर्न सकिन्छ भन्ने विषयको खोज, अध्ययन र विश्लेषण गरिएको छ ।

२०१५ सालको संसदीय आम निर्वाचनमा द्वारिकादेवी ठकुरानी विजयी भएर मन्त्रीसम्म भइन् । प्रजातन्त्रको प्राप्तिका लागि भएको पहिलो र दोस्रो जनआन्दोलनपछि

महिलाको राजनीतिक सहभागितामा सकारात्मक सुधार आएर पहिलो संविधानसभामा १४७ जना महिला सभासद् भएका थिए । सबै नीतिको माउ राजनीति हो । राजनीतिमा महिलाको जनसङ्ख्याका आधारमा परिणामसहित प्रतिनिधित्वको आवश्यक छ (सिटौला, २०७५ पृ. २३८) । प्रजातन्त्रको प्राप्तिका लागि भएको पहिलो र दोस्रो जनआन्दोलनपछि राजनीतिक रूपमा महिला सहभागितामा सकारात्मक सुधार भएको पाइन्छ ।

२०४६ सालको जनआन्दोलनको सफलतापश्चात् नेपाली महिलाहरूका हक एवम् अधिकार, चेतना र सशक्तीकरणले प्रवेश पाएका थिए तर राज्यसंयन्त्रमा महिलाको प्रतिनिधित्व सहभागिताको स्थिति भने नगण्य थियो । बहुदलीय व्यवस्था आरम्भ भएपछि पनि नेपाली महिलाले आफ्नो हकअधिकारको सुनश्चितताका लागि नेतृत्व वर्गसँग बारम्बार सङ्घर्ष  गर्नुपर्‍यो । २०४७ सालमा जारी भएको नेपाल अधिराज्यको संविधानले विभेदमा पारिएका समूहलाई उपेक्षित गरिएको भन्दै २०५२ सालमा नेपाल कम्युनिस्ट पार्टी माओवादीले जनयुद्धको घोषणा गर्‍यो । उक्त जनयुद्धमा विभिन्न किसिमका मुक्तिका घोषणाहरू गर्दै लैङ्गिक समानता, दाइजो प्रथा, कमलरी, देउकी, छाउपडी, झुमा प्रथालगायत महिलाहरूका समस्यालाई सम्बोधन गर्न भन्दै हजारौँ महिलाहरू होमिएका थिए ।

२०५९ सालमा राजा ज्ञानेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्थ गरी आफ्नै नेतृत्वमा सरकार सञ्चालन गरे जसका कारण भूमिगत नेकपा माओवादी र संसद्वादी राजनीतिक दलबिच १२ बुँदे समझदारी भयो । यसै समझदारीका जगमा २०६२ साल चैत्र २४ गतेदेखि लोकतान्त्रिक आन्दोलनको सुरुवात भयो । २०६३ वैशाख ११ गते राजा ज्ञानेन्द्रले जनताको नासो जनतालाई नै फर्काइने घोषणा गरे जसले गर्दा २०६३ सालमा महिलामैत्री अन्तरिम संविधान बनेको पाइन्छ । जसअनुसार नेपालको संविधानले ३३ प्रतिशत महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गर्‍यो (सिटौला, २०७५, पृ. २८०) । राजा ज्ञानेन्द्रले २०६३ वैशाख ११ गते जनताको नासो जनतालाई नै फर्काइदिएको घोषणा गरेपछि जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ चाहिँ महिलामैत्री संविधानका रूपमा देखा परेको छ ।

नेपालको संविधानको भाग ५ को धारा ५६ मा व्यवस्था गरिएअनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संरचना सङ्घात्मक, प्रादेशिक र स्थानीय गरी तीन तहको रहेको छ । पुरानो स्थानीय संरचनालाई विकेन्द्रीकरण गर्नका लागि स्थानीय निकाय पुनः संरचना

आयोग, गाउँपालिका, नगरपालिका, विशेष संरक्षित, स्वायत्त क्षेत्रको पुनसंरचना आयोग, प्रत्येक जिल्लामा स्थानीय निकायको सङ्ख्या र सीमा निर्धारण गर्ने नेपालको संविधानको धारा २९५ अन्तर्गत गठन गरिएको थियो । पुनसंरचना आयोगको प्रतिवेदनअनुसार नेपाल सरकारले पुरानो ३३३४ वटा स्थानीय तहका सट्टा ७५३ स्थानीय तह र ७७ जिल्लाहरूले जिल्ला सभा (व्यवस्थापिका शाखा) जिल्ला समन्वय समिति (कार्यपालिका शाखा) र जिल्ला अदालत (न्यायपालिका) को प्रतिनिधित्व गर्दछन् (नेपालको स्थानीय तहको निर्वाचन पर्यवेक्षण प्रतिवेदन २०७४ पृ. न.२) । नेपालको संविधानमा तीन तहको सरकार सङ्घात्मक, प्रादेशिक र स्थानीय रहेको छ। स्थानीय तह ७५३ र जिल्लाहरू ७७ रहेका छन् ।

नेपालको तराई क्षेत्रमा भएको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वको अवस्थालाई हेर्दा महिलाहरूको राजनीतिक गुणात्मक विकासका निम्ति संवैधानिक तथा कानुनी आरक्षणको व्यवस्था मात्रै पर्याप्त हुन सक्दैन भन्ने बुझिन्छ । निर्वाचनमा महिला उम्मेदवारहरूले विशेष गरी अभियानमा लगानी जुटाउने सम्बन्धमा पुरुष उम्मेदवारसँग प्रतिस्पर्धा गर्न नसकेको, राजनीतिक पद सम्हाल्न सक्ने महिला उम्मेदवारको क्षमतालाई कम आँकलन गरिएको, दलका संरचनाहरू तथा राजनीतिक दलका आन्तरिक व्यावहारिक लैङ्गिक समावेशीकरण प्रजातान्त्रिक अभ्यासअनुरुप संस्थागत रूपमा विकास भएको देखिँदैन ।

### १.२ अध्ययन-अनुसन्धानका समस्याहरू

नेपालको तराई क्षेत्रमा सम्पन्न स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्व जनसङ्ख्याका दृष्टिले अधिक भए पनि अधिकार र नेतृत्व पक्ष कमजोर रहेको छ । कोटाबाट महिलाहरू सङ्ख्यात्मक रूपमा स्थानीय निर्वाचनमा सहभागी भए पनि नेतृत्वमा भने उनीहरूको भूमिका न्यून रहेको छ । राजनीतिक पद सम्हाल्न सक्ने महिला उम्मेदवारको क्षमतालाई कम आँकलन गरिएको छ । राजनीतिक दलहरूले महिला उम्मेदवारलाई नेतृत्वमा अवसर नदिएको, स्थानीय निकायमा अध्यक्ष, प्रमुख, वडा अध्यक्षजस्ता पदहरूमा अवसर नदिएको, उपाध्यक्ष महिला राख्नुपर्ने बाध्यतालाई पूर्ति गर्नका लागि आफ्ना नातागोतालाई मात्र बढी अवसर दिई कतिपय राजनीतिक पृष्ठभूमिका महिलालाई अवसरबाट वञ्चित गराउने गरेको देखिन्छ । त्यसैले तराईमा सम्पन्न स्थानीय निर्वाचनमा महिलाहरूको नेतृत्व पक्ष कमजोर रहेको देखिन्छ । नेपालका तराईको स्थानीय

निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वका विषयमा अहिलेसम्म अध्ययन एवम् अनुसन्धान भएको देखिँदैन । स्थानीय निर्वाचनमा महिलाको राजनीतिक सहभागिता, राजनीतिक नेतृत्व विकास गर्ने सरोकारवाला पक्ष र सम्बन्धित पक्षको चौतर्फी विकासका निम्ति शोधका लागि तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता पछाडि पर्नाका कारण, समस्या र बाधक तत्त्व पत्ता लगाएर प्रकाशमा ल्याउनका लागि तराईमा सम्पन्न स्थानीय निर्वाचनमा महिलाको सक्रिय सहभागिताका बारेमा खोतल्ने कामसँग विषयगत र कार्यगत समस्या नै प्रस्तुत शोधकार्यसँग सम्बन्धित मूल समस्या हो । उल्लिखित विषयसँग सम्बन्धित रही प्रस्तुत अध्ययनका लागि समस्यागत प्रश्नहरू यसप्रकार निर्धारण गरिएका छन् :

क) नेपालको स्थानीय निर्वाचन २०७४ मा महिला सहभागिता र प्रतिनिधित्वको अवस्था कस्तो रहेको छ ?

ख) नेपालका तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला प्रतिनिधिहरूको अवस्था कस्तो रहेको छ ?

ग) तराईको स्थानीय निर्वाचनमा महिलाहरू नेतृत्व पदमा किन उल्लेखनीय रूपमा निर्वाचित हुन सकेनन् ?

### १.३ अध्ययन-अनुसन्धानका उद्देश्यहरू

संवैधानिक र कानुनी व्यवस्थाद्वारा राजनीतिक प्रणालीमा लैङ्गिक प्रतिनिधित्वको तर्जुमा गर्नु लैङ्गिक समावेशीमूलक लोकतन्त्रको मुख्य आधार भएकाले यसलाई समृद्ध, सक्षम, सबल राष्ट्रनिर्माणका लागि शैक्षिक र प्राज्ञिक दृष्टिकोणले योगदान पुऱ्याउनु नै यस शोधप्रबन्धको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू यसप्रकार छन् :

क) नेपालको स्थानीय निर्वाचन २०७४ मा महिला सहभागिता र प्रतिनिधित्वको अवस्था पहिचान गर्नु ।

ख) नेपालका तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला सहभागिता र प्रतिनिधित्वको विश्लेषण गर्नु ।

ग) तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिलाहरू नेतृत्व तहमा सहभागिता र प्रतिनिधित्व कम हुनाको कारण पता लगाउनु ।

## १.४ परिकल्पना

नेपालको तराई क्षेत्रमा सम्पन्न स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वका लागि राजनीतिक ज्ञान, शिक्षा, चेतना जब महिलाहरूमा बढ्दै जान्छ, सोहीअनुसार स्थानीय निर्वाचनमा महिलाको सहभागिता, प्रतिनिधित्व र नेतृत्व स्वतः बढ्दै जान्छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत शोधप्रबन्धका माध्यमद्वारा राजनीतिक प्रतिनिधित्वका विभिन्न आयाममध्ये तराईको राजनीतिमा क्रियाशील प्रमुख राजनीतिक दलहरू नेपाली काङ्ग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, मधेसी जनअधिकार फोरम र राष्ट्रिय जनता पार्टी नेपालका जिल्ला समितिमा क्रियाशील कार्यकर्ताको अनुभव, महिला कार्यकर्ता तथा स्थानीय प्रतिनिधिहरूको अनुभवलाई समेटेर स्थानीय निर्वाचनमा नेपालको तराईका महिलाको सहभागितालाई यस अध्ययनमा समेटिएको छ । यस अध्ययनमा तराईलाई भौगोलिक आधारका रूपमा लिइएको छ । यसमा झापादेखि कञ्चनपुरसम्मका झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी बर्दघाट सुस्तापूर्व, बर्दघाट सुस्तापश्चिम, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी २१ वटा जिल्लाहरूलाई तराई मानिएको छ । ती जिल्लाहरूमध्येबाट मोरङ, धनुषा र बाँके जिल्लालाई सीमा तोकी नमुना छनोट गरिएको छ । प्रस्तुत शोध २०७४ सालमा सम्पन्न स्थानीय निर्वाचनमा मात्र केन्द्रित रहेको छ ।

## १.६ अध्ययनको औचित्य

विश्व एक्काइसौं शताब्दीको युगमा प्रवेश गरिसकेका अवस्थामा जातजाति, वर्ण, धर्म, दर्शन, सम्पत्ति, प्रतिष्ठा, सामाजिक, सांस्कृतिक र लिङ्गका कारण विचलन भएको देखिन्छ । लैङ्गिक समानता, सशक्तीकरण र समावेशी प्रतिनिधित्वको मुद्दा पनि महत्त्वपूर्ण पक्ष हो । नेपाली महिलाहरूको प्रतिनिधित्वको अवस्था, स्थानीय निकाय, स्थानीय निर्वाचनमा महिलाको प्रतिनिधित्व, लैङ्गिक समानता र प्रतिनिधित्वको मुद्दा महत्त्वपूर्ण पक्ष हुन् । नेपालका तराईको विकासका निम्ति राजनीतिमा महिलाहरूको समान उपस्थिति हुनु जरुरी छ । महिलाहरूलाई लैङ्गिक विभेदबाट मुक्त गरी राज्यका नीति तथा कार्यक्रमहरूमा क्षमताअनुसार स्थानीय तहदेखि क्रमागत रूपमा सङ्घीय तहसम्म पुऱ्याउन आवश्यक छ ।

राज्य स्थानीय र समाजको मार्गनिर्देशन र स्थानीय प्रणालीलाई संस्थागत गर्ने मुख्य आयाम नै राजनीति भएकाले यस आयामभित्र तराईका महिलाको स्थानीय तह निर्वाचन २०७४ मा प्रतिनिधित्वको अवस्थालाई बुभ्नका लागि प्रस्तुत शोधकार्य उपयोगी सिद्ध भएको छ । आजको लोकतान्त्रिक शासनव्यवस्थामा राजनीतिक दल नै लोकतन्त्रका आधार हुन् र त्यसका निम्ति निर्वाचनद्वारा राज्य र स्थानीय तह सञ्चालनका लागि प्रतिनिधित्व र प्रतिनिधित्वमा लैङ्गिक समानताको आवश्यकता देखिन्छ । स्थानीय निर्वाचन २०७४ का सन्दर्भमा तराईका महिलाको राजनीतिक प्रतिनिधित्वका प्रसङगमा यस शोधप्रबन्धले प्राज्ञिक र नीतिनिर्माण क्षेत्रमा मदत पुऱ्याउने विश्वास गरिएको छ । त्यसैले प्रस्तुत शोधकार्यको औचित्य पनि स्वतः पुष्टि हुन्छ ।

## १.७ शोधप्रबन्धको सङ्गठन

सात अध्यायमा अध्ययन र विश्लेषण गरिएको प्रस्तुत शोधप्रबन्धको अध्याय विभाजन यसप्रकार गरिएको छ :

**अध्याय एक** : शोधपरचिय - परिचय, अध्ययन-अनुसन्धानका समस्याहरू, अध्ययन-अनुसन्धानका उद्देश्यहरू, अध्ययन-अनुसन्धानको सीमाङ्कन र अध्ययन-अनुसन्धानको औचित्य ।

**अध्याय दुई** : पूर्वप्रकाशित कृतिहरूको समीक्षा - विभिन्न शोधप्रबन्ध, लेख, रचना पुस्तकहरूको समीक्षा र अनुसन्धान रिक्तता ।

**अध्याय तीन** : अनुसन्धान विधि - अनुसन्धान विधि, अनुसन्धान ढाँचा, सैद्धान्तिक मान्यता, स्रोत सामग्रीहरू, स्रोतका प्रकारहरू, प्राथमिक स्रोत, सहायक स्रोत, स्रोत सङ्कलन, प्राथमिक स्रोत सङ्कलन विधि, द्वितीयक स्रोत सङ्कलन, अन्तर्वार्ता, स्थलगत अवलोकन, स्रोत सङ्कलनका उपकरण र प्रयोग, अध्ययनको विश्वसनीयता, अध्ययनको सीमा, नमुना छनोट प्रक्रिया र आकार, तथ्याङ्क विश्लेषण तथा प्रशोधन, प्रस्तुतीकरण एवम् प्रतिवेदन लेखन र नैतिकता ।

**अध्याय चार** : विश्वमा महिला तथा निर्वाचनमा मताधिकार, नेपालमा प्राचीन कालदेखि आधुनिक कालसम्म स्थानीय र महिला सहभागिता, महिला सहभागिता र प्रतिनिधित्वसम्बन्धी व्यवस्था (२००४-२०४७), नेपालको अन्तरिम

संविधान २०६३ मा महिला प्रतिनिधित्वको व्यवस्था, नेपालको संविधानमा महिला प्रतिनिधित्वको व्यवस्था, नेपालको संविधानमा निर्वाचन व्यवस्था गठन, प्रमुख पार्टीहरूको विधानमा महिला प्रतिनिधित्व र निर्वाचनसम्बन्धी व्यवस्था र नेपालको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला प्रतिनिधित्व ।

**अध्याय पाँच** : नेपालका तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला सहभागिता र प्रतिनिधित्व - नेपालका तराईको मोरङ, धनुषा र बाँके जिल्लाको परिचय तथा स्थानीय निर्वाचन, नेपालको तराई क्षेत्रमा रहेका स्थानीय तहको सङ्ख्या, नेपालको तराईमा स्थानीय निर्वाचनमा सहभागी प्रतिनिधि, नेपालको तराईमा रहेका जनसङ्ख्या र मतदाताको सङ्ख्या, नेपालको तराईमा उम्मेदवार, निर्वाचित महिला प्रतिनिधि, प्रतिनिधि सभा, प्रदेश सभा, स्थानीय तहमा महिला प्रतिनिधि र स्थानीय निर्वाचनमा निर्वाचित महिला प्रतिनिधित्व ।

**अध्याय छ** : तराईका स्थानीय निर्वाचन २०७४ मा महिलाको प्रतिनिधित्वमा प्रभाव पारेका तत्त्वहरू - पितृसत्तात्मक मान्यता र संरचना, आर्थिक परनिर्भता, शैक्षिक योग्यताको अवस्था, वैवाहिक स्थिति, राजनैतिक प्रेरणासम्बन्धी वातावरण, संवैधानिक तथा कानुनी व्यवस्था, राजनीतिक परिवर्तन, कोटा (आरक्षणसम्बन्धी व्यवस्था) निर्वाचन पद्धति, स्थानीय निर्वाचन नियमावली, लैङ्गिक समानता तथा समाजिकीकरण नीति ।

**अध्याय सात** : सारांश र निष्कर्ष - विश्वमा महिला सहभागिता र आन्दोलनलगायत नेपालमा किराँतकाल, लिच्छविकाल, मल्लकाल, राणाकालदेखि गणतन्त्रसम्म भएका महिला आन्दोलन र सहभागिता, नेपालको स्थानीय निर्वाचन २०७४ मा महिला सहभागिता र प्रतिनिधित्व साथै नेपालका तराईको स्थानीय निर्वाचनमा निर्वाचित महिला सहभागिता र प्रतिनिधित्वको अवस्था, त्यसले पारेको प्रभाव, साथसाथै राजनीतिमा महिला सहभागिताको सम्भावना र समस्यासहित सोको निराकरण ।

# अध्याय दुई
# पूर्वकार्यको समीक्षा

## २.१ पृष्ठभूमि

नेपालको कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा महिलाले ओगटेको भए तापनि राज्यका सबै क्षेत्रमा महिलाको पहुँच र उपस्थिति ज्यादै न्यून रहेको छ । आज पनि देशमा विद्यमान लैङ्गिक भिन्नताका कारण लैङ्गिक असमानता, साधन र स्रोतको पहुँच र प्रयोगको अवसरमा कमी, आर्थिक परनिर्भता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा कमी जस्ता कारणहरूले महिलाको स्तर पछाडि परेको छ ।

नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वसम्बन्धी महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने नारीहरूलाई केन्द्रबिन्दुमा राखेर अध्ययन-अनुसन्धान नभएको स्थितिमा राजनीतिमा महिला सहभागिताको भूमिकामाथि प्रकाश पार्ने सामग्रीहरू पर्याप्त मात्रामा प्रकाशित भएका भेटिँदैनन् । यस्ता सामग्रीहरूमध्ये अधिकांश अध्ययन-अनुसन्धानको नीति नियमसँग तालमेल खाने नभएर एकपक्षीय, तथ्यहीन तथा साधारण लेखका रूपमा मात्र रहेका छन् । त्यसैले ती सामग्रीहरूबाट स्थानीय निर्वाचनमा महिलाको राजनीतिक सहभागिता र प्रतिनिधित्वको विश्लेषण हुन नसकिरहेका पृष्ठभूमिमा प्रस्तुत अनुसन्धान गर्न लागिएको हो । २०४६ सालको आन्दोलनपछि महिलाको राजनीतिक सहभागिताको अध्ययन-अनुसन्धान कार्य गर्ने क्रम बढे पनि महिलाको सहभागितालाई प्राथमिकतामा राखेर स्थानीय निकायमा महिलाको भूमिका नेपालको संविधान जारी भएपछि खोजिएको पाइन्छ तसर्थ स्थानीय तहको निर्वाचनमा महिलाको सहभागिता र प्रतिनिधित्व के कस्तो रहेको देखिन्छ भन्ने विषयको विश्लेषण यस अनुसन्धानकार्यमा गरिएको छ । विभिन्न कालखण्डमा नेपालका महिलाको राजनीतिक सहभागिताको घटना क्रमहरूबारे स्थानीय निर्वाचनमा महिलाको राजनीतिक प्रतिनिधित्व र सहभागितालाई प्राथमिकतामा राखेर अध्ययन र विश्लेषण गर्ने काम भएको छ । यसबाहेक नेपालमा महिलाको राजनीतिक सहभागितासम्बन्धी विभिन्न कालखण्डको घटनाक्रमका सम्बन्धमा, महिला सहभागिता र प्रतिनिधित्वलाई प्राथमिकतामा राखेर अध्ययन र विश्लेषण गर्ने गरिएको छ । महिला सहभागिता र स्थानीय निर्वाचन, महिलाहरूको भूमिका, नेतृत्व सहभागिता र प्रतिनिधित्वबारे उल्लेख गरिएका पुस्तक एवम् लेखहरू प्रस्तुत अनुसन्धानकार्यका लागि महत्त्वपूर्ण मानिएका

छन् । अध्ययन-अनुसन्धानका क्रममा आवश्यक पूर्वकार्यको समीक्षाको अनिवार्य प्रयोजन पूरा गर्ने क्रममा विस्तृत समीक्षा लेख तयार गरी प्रस्तुत गरिएको छ । प्रस्तुत शोधप्रबन्धको अङ्ग पूरा गर्नका लागि प्रस्तुत शोधकार्यसँग सम्बन्धित केही पूर्वकार्यहरूको समीक्षा यहाँ प्रस्तुत गरिएको छ :

मेदिनीप्रसाद शर्मा (२०४०) ले *लिच्छविकालीन नेपालमा महिलाको अवस्था* शीर्षकको पुस्तकमा पूर्वी नेपाल, मध्य नेपाल, पश्चिमी नेपालमा रहेका विभिन्न जातिहरूका बारेमा चर्चा गरेका छन् । यस सिलसिलामा शर्माले  गोपाल, किरात, लिच्छवि, मल्ल, शाक्य, आमीर गुप्त आदि जातिका बारेमा चर्चा गरेका छन् । यसमा उनले वैवाहिक जीवन, नारीको पुनः विवाह, सतीत्व पालन, महिलाको शिक्षा, धर्म र महिलाको भेषभूषालगायत सामाजिक, संस्कृति र संस्कारका विषयमा विश्लेषण गरेका छन् । यसमा  तत्कालीन समयमा महिलाहरूको समाजप्रतिकै जिम्मेवारीबारे प्रस्ट पारिएको छ । महिलाहरूले सामाजिक संस्कारलाई प्राकृतिक अधिकारसरह उपयोग गर्दै आएको पनि पाइन्छ भनी यसमा उल्लेख गरिएको छ ।  प्रस्तुत पुस्तकमा शर्माले महिलाको राजनीतिक सहभागिता तथा प्रतिनिधित्वका बारेमा खासै उल्लेख गरेका छैनन् तापनि समग्रमा नेपालको राजनीतिमा महिलाको सहभागिताका अवस्थाबारे केही सङ्केत गरेका छन् ।

Krishan B. Thapa (1985) ले *Women and Social Change in Nepal* 1951-1960 शीर्षकको पुस्तकमा २००७ सालको राजनीतिक परिर्वतनपछिको एक दशक अवधि सन् १९५१ सन् १९६० सम्मको नेपाली महिलाको सामाजिक अवस्था र परिवर्तनका सम्बन्धमा केन्द्रित रही आफ्ना धारणाहरू व्यक्त गरेका छन् । यसमा नेपाली महिलाका विभिन्न पक्षमध्ये राजनीतिक पक्षलाई महत्त्वपूर्ण तत्त्वका रूपमा औंल्याइएको छ । ६ भागमा रहेको यस पुस्तकमा थापाले दक्षिण एसियामा नेपाली महिलाको अवस्थालाई तुलनात्मक रूपमा प्रस्तुत गर्नुका साथै सीमा र क्षेत्रसमेत निर्धारण गरेका  छन् । यस पुस्तकको अध्याय दुईमा नेपाली महिलाको स्वतन्त्रतालाई प्रभाव पार्ने राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक तथा कानुनी पक्षको चर्चा गरिएको छ । तेस्रो अध्यायमा महिला जागरणका माध्यमहरू, जनमत, बाह्य सम्पर्क र शिक्षाको प्रसारका बारेमा चर्चा गरिएको छ । चौथो अध्यायमा महिला सङ्गठन, विकास, वर्गीकरण र सङ्गठनबिचको अन्तरसम्बन्धलाई केलाइएको छ । पाँचौं अध्यायमा महिलाको अवस्थामा सुधार गर्न सरकारले अवलम्बन गरेका संवैधानिक तथा कानुनी प्रबन्ध र कार्यात्मक समर्थनको चर्चा गरिएको छ । प्रस्तुत अध्ययन नेपालका

सन्दर्भमा महिला र सामाजिक रूपान्तरणमा केन्द्रित रहेको छ । उक्त पुस्तक सन् १९५१ देखि १९६० को एक दशकका घटना विश्लेषणमा मात्र केन्द्रित रहेको देखिन्छ । थापाले यस पुस्तकमा नेपालका महिलाहरूको अवस्थाका बारेमा केही प्रकाश पार्ने चेष्टा गरेका छन् ।

Philip Pettit (1987) ले *Towards a Social Democratic Theory of the States,* शीर्षकको कृतिमा सामाजिक प्रजातन्त्रवादी सिद्धान्त (Social Democratic Theory) र उदारवादी प्रजातान्त्रिक सिद्धान्तका (Libiral Democratic Theory) बिचमा तुलनात्मक अध्ययन गरेका छन् । यस कृतिमा उनले उदारवादी सिद्धान्तले समाजमा सबैको समान आदर सम्मान पाउनुपर्ने, सबै व्यक्तिको आदर गरिनुपर्छ भनी व्यक्तिलाई महत्त्वपूर्ण मानेका छन् भने सामाजिक प्रजातान्त्रिक सिद्धान्तले व्यक्तिचाहिँ समाजप्रति जिम्मेवार हुनुपर्दछ भन्दै राज्यलाई महत्त्व दिएका छन् । सबैमा समानता ल्याउनु, उदारवादी प्रजातान्त्रिक सिद्धान्तले परिवर्तन व्यक्ति व्यक्ति हुँदै समाजबाटै आउँदछ, जनताले समाजमा प्रजातन्त्र ल्याउने हो भनी उनले यसमा प्रकाश पारेका छन् । समाज समाज मिलेर गाउँ बन्ने हो, विभिन्न गाउँ गाउँ मिलेर राज्य बन्ने हो अनि उक्त राज्यमा बसोवास गर्ने व्यक्तिहरू महिला र पुरुष दुवै हुने गर्दछन् भनी उनले यसमा प्रस्ट पारेका छन् । समानता, स्वतन्त्रता र सहअस्तित्वका लागि सबै नागरिकको जिम्मेवारी समान रहन्छ, राज्य सोहीबमोजिम अगाडि बढ्छ अनि सामाजिक प्रजातान्त्रिक सिद्धान्तमा राज्यले व्यक्तिलाई अज्ञानता, गरिबी, बिरामी आदिबाट मुक्त गरी शिक्षा, स्वास्थ्य र आवाससहितको समानताका अवसरहरू प्रदान गर्नुपर्दछ भनेर सरकारी कारणमा जोड दिएको कुराबारे यसमा उनले विस्तृत व्याख्या गरेका छन् भने उदारवादी प्रजातान्त्रिक सिद्धान्तमा माथिका हरेक कुराहरू निजीकरणमा जोड दिएको हुन्छ भनी प्रकाश पारेका छन् । प्रस्तुत कृतिमा सामाजिक प्रजातान्त्रिक सिद्धान्त र उदारवादी प्रजातान्त्रिक सिद्धान्तबिच तुलना गरिएको छ ।

भुवनलाल प्रधान (२०४७) ले *नेपालको जनक्रान्ति २००७* शीर्षकको पुस्तकमा राणाशासनको उदयदेखि २००७ सालको क्रान्तिपछि राजा त्रिभुवन नेपाल फर्किएपछिको घोषणासम्मका घटनाका बारेमा वर्णन गरेका छन् । यस सिलसिलामा प्रधानले प्रस्तुत पुस्तकमा राणाशासनको स्थापना, राणाविरोधी विभिन्न घटनाहरू, राणाशासनको अन्त्यका लागि देशभित्र र देशबाहिर गरिएका प्रयासहरू, प्रजापरिषद्को गठन, दमन, पर्चा छर्ने काममा नारीहरूको संलग्नता, प्रजापरिषद्को गठन युग कुमारीको घरमा भएको, प्रजापरिषद्का सदस्यहरूको दमन, राजद्रोहीलाई दिएको सजाय, नेपाली राष्ट्रिय काङ्ग्रेस,

नेपाली काङ्ग्रेसको स्थापना, विराटनगरको मजदुर हड्‌ताल, महिलाहरू राणाविरोधी आन्दोलनदेखि नै लागेको नेपाल महिला सङ्घको गठन, नेपाल प्रजापञ्चायतको गठन र २००७ सालको क्रान्तिमा महिलाको भूमिकाका बारे प्रस्ट पारेका छन् । यस कृतिमा महिलाहरूको राजनीतिक सहभागिताका विषयमा भएको अध्ययनले राणाकालमा महिलाहरूको राजनीतिमा संलग्नताको विषय उजागर गरी तत्कालीन समयमा महिलाहरूमाथि भएको सरकारी दमन र त्यसका विरुद्ध महिलाहरूको क्रान्तिकारी छविबारे राम्ररी प्रस्ट्याइएको छ । त्यही घटनाक्रमको विकसित रूपमा वर्तमान समयमा संविधान र कानुनी रूपमा महिलामैत्री प्रावधान आएको विश्वास गर्न सकिन्छ भनी प्रधानले उल्लेख गरेका छन् । उनले यस पुस्तकमा राजनीतिमा महिलाको सहभागिता र प्रतिनिधित्वका बारेमा चर्चा नगरेका भए पनि नेपाली महिलाहरूको अवस्था बुझ्नका लागि प्रस्तुत पुस्तक निकै उपयोगी हुने देखिन्छ ।

धनेन्द्रपुरुष ढकाल (२०४९) ले *जनआन्दोलन २०४६ दोस्रो संस्करण* नामक आफ्नो कृतिमा जनआन्दोलन २०४६ का विभिन्न घटनाहरूलाई समेटेका छन् । यस कृतिमा उनले प्रजापरिषद्‌को जन्म (वि.सं. १९९३) देखि प्रजातन्त्रका लागि भएका आन्दोलनको सङ्क्षिप्त चिनारी, २०४६ सालको जनआन्दोलनको बिजारोपण, नेपाली काङ्ग्रेसको आन्दोलन, संयुक्त वाममोर्चा गठन, वाममोर्चाका १८ वटा मागहरू, वामपन्थीसँगको तालमेल, जनआन्दोलनको मिति किटानी, सरकारले जनआन्दोलन रोक्न गरेका प्रयासहरू, अन्तर्राष्ट्रिय परिस्थिति, आन्दोलनको तयारी र घोषणा, नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाका आमसभा, पञ्चायतको विघटन, अन्तरिम सरकारमा सहाना प्रधानको सहभागिता, गणेशमान सिंहका भनाइहरू र सञ्चार माध्यमले खेलेका भूमिकाका बारेमा विस्तृत चर्चा गरेका छन् । प्रस्तुत कृति जनआन्दोलन २०४६ का बारेमा वर्णन गरी तयार गरिएको हो । यसमा महिला सहभागिता एवम् संलग्नताबारे खासै उल्लेख गरिएको छैन । यस कृतिमा अन्तरिम सरकारमा नेपालको प्रथम निर्वाचित जनप्रतिनिधि सहाना प्रधानको भूमिका उल्लेखनीय देखिन्छ भनी बताइएको छ । त्यसैले नेपालका महिलाहरूको राजनीतिमा कसरी प्रवेश हुन थालेका हो भन्नेबारेमा केही सङ्केत भने यस पुस्तकबाट अवश्यै पाउन सकिन्छ ।

मंगलादेवी सिंह (२०५१) ले *नारी सङ्घर्षका पाइलाहरू* शीर्षकको आफ्नो आत्मवृत्तान्तमा महिलाहरूले अधिकारका लागि गर्नुपरेको सङ्घर्षका बारेमा चर्चा गरेकी छन् । तत्कालीन महिलाको अवस्था अनि पुरुषहरूले महिलाका बारेमा राखेको सोचका

बारेमा सिंहले यसमा राम्ररी प्रकाश पारेकी छन् । सम्पन्न परिवारमा जन्मिएर पनि लाउन र खानलाई मात्र जीवन नठानेर स्वतन्त्रता र अधिकारका लागि आफूबाट गरिएका कामहरूको चर्चा उनले यसमा गरेकी छन् । पुरुषहरूको सङ्गठन पक्ष मजबुत रहेको पञ्चायतमा एक मात्र महिला सदस्य भएर अप्ठ्यारो परिस्थितिमा पाँचवटा बैठकमा पटकपटक उपस्थित भएको प्रसङ्ग उल्लेख गर्दै उनले यस पुस्तकमा उक्त पाँचवटै बैठकहरूमा महिलाका सम्बन्धमा कुनै छलफल नभएको कुरा उल्लेख गरेकी छन् । त्यसैले उनले महिलाका लागि बोल्न र आवाज उठाउन महिलाकै सङ्गठन हुनुपर्ने निर्णय गरेर नै २००४ सालमा महिला सङ्घ खोलेको भनी गरेको चर्चा यहाँ विशेष उल्लेखनीय छ । आफ्नो नेतृत्वमा मताधिकार र पढ्नका लागि विद्यालयको माग गर्दै श्री ३ पद्मशमशेरसमक्ष प्रतिनिधि मण्डल गएको कुरा पनि यस पुस्तकमा उल्लेख गरिएको छ । यसरी सिंहले प्रस्तुत पुस्तकमा महिलाले देखाएको हिम्मत र सङ्घर्षका कुराहरू उल्लेख गरेबाट नेपाली राजनीतिमा महिलाहरूको सहभागिता बढ्न थालेका कुराको सङ्केत पाउन सकिन्छ ।

मीरा बस्नेत (२०५३) ले *नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका* शीर्षकको पुस्तकमा राणाशासन समाप्त गर्न महिलाहरू सडकमा उत्रिएका, महिला समिति गठन भएको, राणाकालदेखि नै महिलाहरू पुरुषको साथ लागेर राजनीतिमा संलग्न हुन थालेका, प्रजापरिषद्को पर्चा छर्ने काम पनि महिलाहरूले नै गरेका, युगकुमारीका घरमा प्रहरीद्वारा गरिएको ज्यादती, महिलाले पढ्न पाउनुपर्छ भनी राखिएको माग, नगरपालिकाको चुनावमा पहिलोपल्ट महिला प्रतिनिधिका रूपमा सहाना प्रधान चुनावमा उठेकी, २००७ सालमा महिला जागरणको स्थिति र उनीहरूले गरेका काम, सङ्गठन विस्तारमा महिलाहरूको भूमिका, एयरपोर्टमा महिलाहरूले गरेको प्रदर्शन आदिका बारेमा चर्चा गरेकी छन् । २००७ सालपछिको महिला जागरण, रेवन्तकुमारीको 'आदर्श महिला समाज', तारादेवी शर्माको 'अखिल महिला सङ्घ', मंगलादेवीको 'नेपाल महिला सङ्घ' गठन, तिनका गतिविधि, महिला सङ्गठनको विभाजन, सल्लाहकार सभामा महिलाहरूलाई दिएको दुई स्थानमा जाने महिलाको नाम, २०१७ सालको घटनाले महिला जागरणमा अप्ठ्यारामा परेको, शैलजाले पञ्चायतका विरुद्धमा कालो झन्डा देखाएको, २०३३ सालमा शैलजाको गिरफ्तारी, मंगलादेवी सिंहका अध्यक्षतामा महिला बहुदल सहयोग समिति गठन, जनमतसङ्ग्रह धोका हो भन्दै नारीहरूले गरेको विरोध, २०४२ सालको सत्याग्रहमा संलग्न हुने महिलाहरूको नाम, प्रशासनको दमन, बन्दीगृहमा प्रहरीले गरेको दमन आदिका बारेमा उल्लेख गरिएको

छ । २०४६ सालको आन्दोलनका क्रममा तयारीदेखि समापनसम्मका विभिन्न कार्यक्रमहरूमा सहाना प्रधान, सुप्रभा घिमिरे, मंगलादेवी सिंहका भनाइहरू, महिलाहरूको कार्यक्रम, महिलाहरूले पाटनको कीर्तिपुरमा गरेका कार्यहरू, दलमाथिको प्रतिबन्ध हटेको र पञ्चायत समाप्त भएका घटनाहरूका बारेमा बस्नेतले यस पुस्तकमा विस्तृत चर्चा गरेकी छन् । यसरी प्रस्तुत पुस्तकमा नेपाली राजनीतिमा सहभागी भई महिलाले गरेका गतिविधिबारे धेरै जानकारी पाउन सकिन्छ ।

Arju Rana (1998) ले *Empowring Nepalese Women: What are the Chances* शीर्षकको लेखमा नेपाली महिलाको विद्यमान अवस्था र महिला सशक्तीकरणका उपायका बारेमा चर्चा गरेकी छन् । प्रस्तुत लेखमा असल शासन र महिला सशक्तीकरणका बारेमा विशेष चर्चा गरिएको छ । यस लेखमा शासनव्यवस्थामा सहभागिताका विविध संयन्त्रहरू संसद् तथा स्थानीय निकायहरू, जि.वि.स., न.पा. र गा.वि.स.मा महिला प्रतिनिधित्वको अवस्थाको तथ्याङ्कीय विश्लेषणसमेत गरिएको छ । यसमा समावेश भएका राज्यका विभिन्न निकायमा महिलाको सहभागितासम्बन्धी प्रस्तुत गरिएका सूचनाहरू निकै उपयोगी रहेका देखिन्छन् ।

Action Aid Nepal (2056) को *महिलामाथिका कानुनी विभेद र समानताका आधारहरू* शीर्षकको पुस्तकमा नारीहरू पुरुषहरूभन्दा पछि पर्नाका कारण नेपालको सामाजिक भेदबाट कानुनी विभेदले गर्दा भएको हो भनी उल्लेख गरिएको छ । यसमा नेपालको कानुनले नारी अस्तित्वलाई स्वीकार नगरेको कुरा उल्लेख गरिएको छ । यस पुस्तकको पृष्ठभूमिमा २०४७ सालको संविधानले धर्म, वर्ग, लिङ्ग र जातका आधारमा भेदभाव गरिने छैन । नेपालले १९९१ (वि.सं. २०४८) मा नारी उपर हुने भेदभाव सन्धिपत्रमा हस्ताक्षर गरेको, २०२० को ऐनले नारी अधिकार केही पनि नदिएको, वि.सं. २०३३ सालको ऐन संशोधनमा भएका कुराहरू, २००७ सालको संविधानले लिङ्गका आधारमा विभेद गर्न नपाइने कुरा उठाएको, सम्पत्तिमा समान हक प्राप्त गर्न बनेको विधेयक पास नभएको र सरकारले नारीहरूलाई समान हक दिन आनाकानी गरेको कुराका बारेमा चर्चा गरिएको छ । यसमा समानताको कानुन बनाउनुपर्ने आधारहरू, मानव अधिकार दिने कुरा, नारीमाथि भेदभाव गर्न नपाइने सम्बन्धी पत्रका बारेमा प्रकाश पारिएको छ । यसरी प्रस्तुत पुस्तकमा नेपालका नारीहरूको अवस्थाका बारेमा केही जानकारी हासिल गर्न सकिन्छ ।

बिन्दा पाण्डे (२०५७) ले *नेपालको श्रमिक आन्दोलनमा महिला सहभागिता* शीर्षकको पुस्तकमा नेपाली श्रमिक आन्दोलनमा महिलाले खेलेको भूमिका एवम् सहभागिताका सम्बन्धमा महत्त्वपूर्ण जानकारी प्रस्तुत गरेकी छन् । प्रस्तुत पुस्तक श्रमिक आन्दोलनमा केन्द्रित भएर लेखिएको भए तापनि यसमा १९७४ सालदेखि वि.सं. २०६४ सालसम्मको प्रजातान्त्रिक आन्दोलनमा महिलाको भूमिका र सहभागिताका सम्बन्धमा पनि चर्चा गरिएको छ । श्रमिक आन्दोलनमा पनि महिलाहरू सहभागी थिए अनि तत्कालीन समयमा महिला श्रमिकहरूको भूमिकालाई कमजोर ठान्न नसकिने विषय प्रस्तुत कृतिमा राम्ररी उल्लेख गरिएको छ । यसरी नेपाली राजनीतिमा महिलाहरूको सहभागिता एवम् प्रतिनिधित्वका बारेमा केही जानकारी उपलब्ध हुने भएकाले पाण्डेको प्रस्तुत पुस्तक निकै उपयोगी ठहर्दछ ।

Shrestha, Indra & Hachhettu, Krishna (2002) ले *Women's and Governance* शीर्षकको पुस्तकमा लैङ्गिक दृष्टिबाट राजनीतिक सहभागिताका सम्बन्धमा धनुषा, धनकुटा, काठमाडौँ, कास्की, दाङ र डोटी जिल्लामा रहेको महिलाहरूको राजनीतिप्रति हेर्ने जागरणलाई समावेश गर्न खोजेका छन् । सात खण्डमा रहेको प्रस्तुत पुस्तकको पहिलो खण्डमा परिचयसँगसँगै दक्षिण एसियाको सन्दर्भसहित नेपाली महिलाको राज्य, राजनीतिक तथा सरकारसँगको सम्बन्ध र व्यवहारको चर्चा गरिएको छ । दोस्रो खण्डमा नेपालको राजनीतिक संरचनामा महिला सहभागिताको अवस्था र समस्याहरूको विश्लेषण गरिएको छ । तेस्रो खण्डमा नेपालको सन्दर्भमा प्रमुख लैङ्गिक मुद्दाहरू, महिलाको राजनीतिक चेतना तथा जारुकताको सम्बन्धमा चर्चा गरिएको छ । यसै गरी चौथो खण्डमा महिलाको आवश्यकता तथा समस्यालाई सरकारी संयन्त्रसँग आबद्ध गर्ने कार्यमा नागरिक समाज र गैरसरकारी सङ्गठनको भूमिकाको चर्चा गरिएको छ । पाँचौँ खण्डमा महिलाको राजनीतिक सहभागिता र सशक्तीकरणका निम्ति राजनीतिक दलले खेल्नुपर्ने बहुआयामिक भूमिकाका सम्बन्धमा विश्लेषण गरिएको छ । यसमा स्थलगत अध्ययनका लागि ६ जिल्लामा तत्कालीन प्रमुख तीन दलहरू नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी-लेलिनवादी, नेपाली काङ्ग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला समितिमा महिला प्रतिनिधित्वको समेत तथ्याङ्कीय विश्लेषण गरिएको छ । यस अध्ययनमा वि.सं. २०४८ र वि.सं. २०५१ को संसदीय निर्वाचनमा प्रमुख दलले महिला र विजयी महिलाको सङ्ख्यासमेत दिइएको छ । राजनीतिक दलका महिला सङ्गठनको सम्बन्धमा पनि चर्चा गरिएको छ । छैटौं खण्डमा नेपाली

महिलाको राज्यप्रतिको दृष्टिकोण प्रस्तुत गरिएको छ । नेपाली राजनीतिमा महिलाहरूको सहभागिता एवम् प्रतिनिधित्वबारे जानकारी हासिल गर्न प्रस्तुत पुस्तक निकै उपयोगी रहेको देखिन्छ ।

शिवमाया तुम्बाहाङ्फे (२०५९) ले *नेपालमा महिला आन्दोलन* शीर्षकको कृतिमा विश्व महिला आन्दोलनको सङ्क्षिप्त चर्चा गरेपछि नेपालमा महिला आन्दोलनको पृष्ठभूमि उल्लेख गर्दै, पुस्तकले नेपालको बयालिस वर्षको महिला आन्दोलन समेट्न खोजेको पाइन्छ जसमा राणाकालीन नेपालमा आएको जागृतिदेखि नेपालमा महिला सङ्घको स्थापना, २००७ सालको नारी सङ्गठन, पञ्चायतकालीन महिला आन्दोलन, महिला आन्दोलन र जनआन्दोलन २०४६ मा नारीहरूको सहभागिता आदिका बारेमा प्रकाश पारेकी छन् । यसरी उनले यस पुस्तकमा नेपाली राजनीतिमा महिला सहभागिताबारे निकै जानकारी उपलब्ध गराएकी छन् ।

निर्मलकुमार आचार्य (२०६०) ले *प्रथम नेपाली महिला* शीर्षकको पुस्तकमा विभिन्न क्षेत्रमा अग्रणी स्थानमा रहेका नेपाली महिलाहरूको परिचय दिएका छन् । यस पुस्तकमा आचार्यले राजनीतिक आन्दोलन तथा राजनीतिक संयन्त्र र जिम्मेवारीमा महिला सहभागिताका बारेमा चर्चा गर्दै राजनीतिक क्षेत्रमा महिला सहभागिता र तिनका भूमिकाबारे सङ्क्षिप्त वर्णन गरेका छन् । यस पुस्तकमा उनले नेपाली राजनीतिमा महिला सहभागिताका बारेमा केही प्रकाश पारेका छन् ।

Mokate, Karen (2004) ले *Womens Participation in Social Development,* शीर्षकको पुस्तकमा मानव सभ्यताको विकासप्रक्रियामा महिलाको सहभागितालाई मानव अधिकार र सामाजिक न्यायको मुद्दाका रूपमा मात्र होइन, समाजको बहिष्कृत वर्गहरूको आवश्यकताहरू समाधान गर्न महत्त्वपूर्ण योगदानका रूपमा पनि मान्यता दिएको छ भनी उल्लेख गरेका छन् । महिलाको आधारभूत रणनीति र आवश्यकताहरूको समाधान विकासप्रक्रियाको हिस्सा हो भन्दै यस पुस्तकमा प्रभावकारी र दिगो सामाधानका लागि महिलाहरूको सहभागिता आवश्यक छ भनी उल्लेख गरिएको छ । नीतिनिर्माण र विकासका निर्णयहरूमा र सामाजिक विकासका पहलमा महिलाको सहभागिताले फाइदा उत्पन्न गर्दछ । यसले महिला समुदायलाई मात्र होइन सम्पूर्ण समुदायलाई पनि असर गर्दछ । हिजोका तुलनामा आज महिलाहरू सक्रिय सहभागी र विकासप्रक्रियाका पूर्ण पात्र बनिरहेका

छन् । यद्यपि धेरै बाधा र अवरोधहरूले महिलाको सहभागितालाई जटिल बनाइराखेका छन् । विश्वका धेरै भागहरूमा ठुलो सङ्ख्यामा महिलाहरू एक्लै बस्छन् । असङ्गठित, गरिब सामाजिक सांस्कृतिक र कानुनी संरचनाहरूले महिलाहरूलाई बाधा पुऱ्याइरहेका छन्, जसले उनीहरूको विकास प्रक्रियामा पहुँच र संलग्नतालाई प्रतिबन्धित गर्दछ । महिला सामाजिक जीवन र सामाजिक विकासका विभिन्न पक्षमा भाग लिने अवसरलाई सीमित गर्ने, अवरोध गर्ने र अवरोधहरू एकदमै विविध छन् । देशमा र समयसँगै आर्थिक, सामाजिक र राजनैतिक गतिविधिमा समान रूपमा भाग लिने महिलाहरूको बाधा हटाउन सार्वजनिक नीति र पहल हुनुपर्दछ । विकासमा महिलाको भूमिका, प्रत्येक राष्ट्र र क्षेत्रको ऐतिहासिक, सांस्कृतिक, सामाजिक र राजनीतिक सन्दर्भमा विश्लेषण हुनुपर्दछ । इतिहास, परम्परा, प्रविधि जनसाङ्ख्यिकीकरण र सहरीकरण, अन्य कारकहरूबिच महिलाको भूमिका र उनीहरूको विकास प्रक्रिया र अवसरहरूलाई प्रभावित गरेका छन् । लेखकले राजनीतिकको खोजी गर्दा यो साहित्य अनुसन्धानका लागि सान्दर्भिक भएको छ । महिलाको सशक्तीकरण विश्वव्यापी घटनाका रूपमा राजनीति बुझ्न महिला शक्तिको मोडेल राज्यनिर्माणका प्रक्रियामा महत्त्वपूर्ण रहेको छ भनी यस पुस्तकमा प्रकाश पारिएको छ ।

Mahat, Ramsharan (2005) ले *In Defence of Democracy* मा नेपाली महिलाको विद्यमान अवस्थाका बारेमा लैङ्गिक सूचकाङ्क, सार्वजनिक प्रशासन तथा संसद् र सरकारमा महिला सहभागिताका बारेमा उल्लेख गरेका छन् । यसमा महतले मूलतः नेपालको अर्थ राजनीतिको विश्लेषणमा आधारित भई माओवादी आन्दोलनको खण्डन गर्न समकालीन महिलाको स्थितिका साथै माओवादी द्वन्द्वमा कसरी महिलालाई आकर्षण गरी द्वन्द्वमा प्रयोग गरिएको छ भन्ने कुरा औँल्याउन खोजेका छन् । माओवादी द्वन्द्वमा महिलाको विद्यमान अवस्थाको उपयोग गरिएकाले महिलाले सामाजिक, सांस्कृतिक तथा राजनीतिक क्षेत्रमा सुधार गरेर द्वन्द्वका आधार घटाउनुपर्ने अभिमत प्रकट गरेका छन् । यसमा महिलाको अवस्थालाई माओवादी द्वन्द्वसँग आबद्ध गरेर तत्सम्बन्धमा सङ्क्षिप्त रूपमा विश्लेषण गरिएको छ ।

Adhikari, Indra (2006) ले *Women in Conflict* शीर्षकको पुस्तकमा नेपालको पितृसत्तात्मक समाजमा रहेको लैङ्गिक अन्तरविरोधका सन्दर्भबारे उल्लेख गरेका छन् । यसमा उनले माओवादी सशस्त्र विद्रोहमा महिला किन र कसरी सहभागी भए र विगतको

राज्यप्रणालीमा महिला सहभागिता किन न्यून रह्यो ? द्वन्द्वका कारण महिलामा परेको प्रभाव आदिबारे विश्लेषण गरेका छन् । यस लेखमा नेपालको इतिहासमा अङ्ग्रेजका विरुद्ध नालापानीको युद्धपछि आम नेपाली महिलाहरूको महत्त्वपूर्ण हिस्सा सशस्त्र माओवादी विद्रोहमा सहभागी भएको तथ्य उल्लेख गरिएको छ ।

Dahlerup, Drude (2007) ले *Women Quotas and Politics* मा दक्षिण एसियालगायत विश्वका क्षेत्रको राजनीतिमा महिला सहभागिताको अवस्थाका बारेमा विश्लेषण गरेका छन् । यसमा विश्वमा महिलाको राजनीतिक सहभागिताका सम्बन्धमा महत्त्वपूर्ण तथ्याङ्क समेटिएको छ । यस पुस्तकमा विश्वका विभिन्न देशमा महिलाको राजनीतिक सहभागिताका सम्बन्धमा निर्वाचन पद्धतिमा गरिएका वैधानिक प्रबन्ध तथा दलहरूले गरेको व्यवस्थाका बारेमा विगतको पृष्ठभूमिसहित विश्लेषण गरिएको छ । यस पुस्तकमा विश्व राजनीतिमा महिला सहभागिताको यथार्थ र तुलनात्मक अध्ययनलाई समेटिएको छ । यस पुस्तकमा नेपालको सन्दर्भमा नेपाली राजनीतिमा महिलाको अवस्थाको सामान्य चित्रण गरिएको छ ।

Majpuria, Indra (2007) ले *Nepalese Women* शीर्षकको पुस्तकमा नेपाली महिलाको बहुआयामिक अवस्थाका बारेमा उल्लेख गरेका छन् । तीन खण्डमा सङ्गठित गरी लेखिएको यस पुस्तकको पहिलो खण्डमा लैङ्गिक उपागम मूल शीर्षकअन्तर्गत चौध उपशीर्षकमा लैङ्गिकताका विविध पक्षलाई उल्लेख गरिएको छ । दोस्रोमा धार्मिक तथा सांस्कृतिक पक्षअन्तर्गत तत्सम्बन्धी पैँतिस उपशीर्षकमा विभिन्न पक्षमा प्रकाश पारिएको छ । तेस्रो तथा अन्तिम भागमा राजनीतिक, सामाजिक, आर्थिक र कानुनी पक्षलाई विभिन्न एकसट्ठी उपशीर्षकमा सङ्गठित गरिएको छ । यस पुस्तकमा मजपुरियाले नेपाली महिलाका बारेमा धेरै जानकारी प्रस्तुत गरेका छन् ।

Yemi, Hisila (2007) ले *People's War and Women's libeation in Nepal* मा माओवादी सशस्त्र आन्दोलनका क्रममा महिलाको सहभागिता र भूमिकाका सम्बन्धमा विस्तृत चर्चा गरेकी छन् । यसमा उनले माओवादी आन्दोलनमा संलग्न महिलाहरूको उद्देश्य, रुचि, समस्या आदिलाई सर्वेक्षणबाट प्राप्त सूचनाका आधारमा विश्लेषण गरेकी छन् ।

Dahleru, D. (2007) ले *Electoral Gender Quotas, Between Equality of Opportunity and Equality of Result* शीर्षकको पुस्तकमा चुनावी लैङ्गिक कोटा परिचयद्वारा

महिलाको राजनीतिक प्रतिनिधित्व/विपक्षीहरूले प्रायः कोटालाई योग्यताको उदार सिद्धान्तको उल्लङ्घनका रूपमा हेर्दछन् भनी उल्लेख गरेका छन् । यसका विपरीत अधिवक्ताहरूले लैङ्गिक कोटालाई महिलाविरुद्ध प्रत्यक्ष वा संरचनात्मक भेदभावको क्षतिपूर्तिका रूपमा हेर्छन् र राजनीतिक संस्थामा लैङ्गिक सन्तुलन प्राप्त गर्ने एक प्रभावकारी साधनका रूपमा देख्दछन् जुन लोकतान्त्रिक विकासका लागि आवश्यक मानिन्छ भनी उनले यस पुस्तका राम्ररी प्रकाश पारेका छन् । विश्वभरबाट चुनावी लैङ्गिक कोटाका तथ्याङ्कमा आधारित दल, राजनीतिमा लैङ्गिक कोटाका आधारभूत सिद्धान्तहरूको चर्चा र तर्कहरू विभिन्न प्रकारका लैङ्गिक कोटाहरू प्रयोगमा छन् र संसारका विभिन्न क्षेत्रहरूमा प्रजातन्त्र र निर्वाचन प्रणालीको स्तरका आधारमा पनि भिन्नताहरू पााइन्छ भनी यसमा उल्लेख गरिएको छ । निर्वाचन प्रणाली र लागु कोटा, विभिन्न प्रकारका संयोजनका रूपमा परिभाषित कोटा शासनको प्रभाव र दुई समान अवधारणाका सम्बन्धमा छानबिन गरिएको छ प्रस्तुत पुस्तकमा अवसरको समानता र परिणामको समानता आदिबारे राम्ररी प्रकाश पारिएको छ । दल निष्कर्षको समानताभन्दा अवसरको वास्तविक समानता प्रदान गर्न चुनावी लैङ्गिक कोटाको नजिक आउँछ भन्दै कोटा शासनले निर्वाचित पदहरूमा प्रतिस्पर्धा बढाउन सक्छ किनकि लैङ्गिक कोटाले सबैभन्दा सामान्य अवस्थालाई परिवर्तन गर्दछ, जहाँ पुरुषहरू मात्र पुरुषहरूसँग प्रतिस्पर्धा गर्छन् भनी यस पुस्तकमा उल्लेख गरिएको छ ।

कविता श्रेष्ठ (२०६४) ले *मध्यकालीन नेपालमा नारीको अवस्था* शीर्षकको शोधप्रबन्धमा मध्यकालमा नेपाली नारीको अवस्थाबारे राम्ररी प्रकाश पारेकी छन् । सात अध्यायमा विभाजन गरिएको प्रस्तुत शोधप्रबन्धको पहिलो अध्यायमा उनले अनुसन्धान परिचय दिएकी छन् । दोस्रो अध्यायमा उनले प्राचीन हिन्दु समाजमा नारीहरूको अवस्था र लिच्छविकालपूर्वको युगको चर्चा गर्दै प्राचीन नेपाली समाजका महिलाको अवस्थाबारे चर्चा गरेकी छन् । तेस्रो अध्यायमा उनले मध्यकालीन राज्यहरू (तिरहुत, कर्णाली प्रदेशको खसराज्य, बाइसी चौबीसी राज्यहरू), नेपाल मण्डल र महिलाहरूको राजनीतिक भूमिकाका बारेमा उल्लेख गरेकी छन् । चौथो अध्यायमा उनले मध्यकालीन मुद्दामा नारीहरू उपशीर्षक दिएर पूर्वमध्यकाल र उत्तरमध्यकालको चर्चा गरेकी छन् । यसै गरी पाँचौं अध्यायमा उनले नारीको पारिवारिक भूमिका, वैवाहिक उमेर तथा सम्पत्तिसम्बन्धी अधिकारका बारेमा चर्चा गरेकी छन् भने छैटौं अध्यायमा मध्यकालीन नेपालमा नारी शिक्षाको अवस्थाबारे उल्लेख गरी सातौं अध्यायमा निष्कर्ष प्रस्तुत गरेकी छन् । प्रस्तुत शोधमा श्रेष्ठले मध्यकालीन नेपाली नारीका अवस्थाको सटीक चित्रण गरेकी छन् ।

Rai, Shirin M. (2008) ले *The Gender Politics of Development* मा लैङ्गिकता र राष्ट्र निर्माण प्रक्रिया, राष्ट्रवाद, उत्तर औपनिवेशिक समाज तथा राष्ट्रमा महिला लैङ्गिकता र प्रजातान्त्रीकरण, आरक्षणको व्यवस्था, महिलाका मुद्दाहरू तथा लैङ्गिकतासम्बन्धी महत्त्वपूर्ण दृष्टिकोण प्रस्तुत गरेका छन् ।

Tong, Rosemarie (2009) ले *Feminist Thought: A More Compehensive Introduction* शीर्षकको कृतिमा नारीवादी दृष्टिकोण प्रस्तुत गरेकी छन् । यस कृतिमा उनले नारीवादी विचारका विविध पक्षहरू (उदार नारीवाद, कटर वा उग्रवादी नारीवाद, मार्क्सवादी तथा समाजवादी नारीवाद, समकालीन तथा पुरातनवादी नारीवाद, विश्लेषणात्मक नारीवाद, मनोवैज्ञानिक नारीवाद, बहुसांस्कृतिक तथा उपनिवेशपछिको नारीवाद, पर्यावरणीय नारीवाद र आधुनिक कालपछिको नारीवाद) का बारेमा उल्लेख गरेकी छन् । उनको यसै पुस्तकमा अठारौँ शताब्दीको विचारअनुसार नारी पुरुषलाई दिइने हरेक प्रकारको शिक्षा व्यावहारिक जीवनमा फरक भएको देखिन्छ जसबाट नारीहरू संवेगात्मक हुन सिक्दछन् भने पुरुषहरू तर्कसङ्गत हुन सक्छन् । यसमा यदि नारीहरूलाई पनि पुरुषलाई जस्तै शिक्षा दिएमा नारीहरू स्वतन्त्र तरिकाले निर्णय गर्नसक्ने हुने थिए भन्नेबारेमा चर्चा गरिएको छ । उन्नाइसौँ शताब्दीको नारीवादमा नारी र पुरुष समान रूपले स्वतन्त्र छैनन् । नारीहरू घरबाट बाहिर निस्केर काम गर्न स्वतन्त्र हुनुपर्छ । उत्पादनका काममा नारीले पुरुषलाई साथ दिनुपर्छ । नारीहरूले भोट हाल्न पाए भने मात्र पनि उनीहरू पुरुषसमान हुन्छन् किनभने यसप्रकारको मतमा पद्धति, संरचना र मनोवृत्ति परिवर्तन गर्न सक्ने क्षमता हुन्छ । यसमा जबसम्म घरबाहिरको परिवेश र घरपरिवारभित्रै परिवर्तन आउँदैन तबसम्म घरबाहिर र घरभित्र दुवै क्षेत्रमा नारीहरूलाई काम गर्न गाह्रो हुन्छ भन्ने विचार प्रस्तुत गरिएको छ । उन्नाइसौँ शताब्दीको नारीवादले नारीहरू घरबाट बाहिर गएर काम गरे पुरुषप्रति आश्रित हुनु नपर्ने कुराका जोड दिएको छ ।

Tong ले यसै पुस्तकमा मार्क्सवादी समाजवादका बारेमा चर्चा गर्दै नारीहरू लैङ्गिक विभेदबाट भन्दा पनि वर्गीय विभेदका कारण शोषित भएका छन् भनेर उल्लेख गरेकी छन् । एक लिङ्गले अर्को लिङ्गलाई शोषण गर्ने परिपाटीको विकास भएको छ भन्दै उनले समाजवादी नारीवादीहरूले नारीहरूको समस्याको जड भनेको पितृसत्तात्मक सोच र वर्गीय शक्ति हो भनी बताएकी छन् । नारीहरूलाई घरबाहिर र घरभित्रका काममा कम पारिश्रमिक दिने तथा कम मान्यता दिने प्रवृत्ति विश्वभर नै रहेकाले नारीहरूको दमन र

शोषणसँग प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ भन्ने ठम्याइ उनको रहेको छ । उग्रनारीवाद तथा कट्टर नारीवादले समाजको परिवर्तन गर्न त्यस देशको शासकीय व्यवस्थामा क्रान्तिकारी परिवर्तन ल्याई शासकीय सत्ता नै परिवर्तन गर्न सक्नुपर्छ भन्दै नारी र पुरुष समान होइनन् भन्ने मान्यताको अन्त्य हुनुपर्दछ भन्ने धारणा उनले व्यक्त गरेकी छन् । यस पुस्तकमा दबिनेहरूमा नारीहरू नै संसारमा पहिलो स्थानमा छन् भन्ने कुरा उनले प्रस्तुत कृतिमा बताएकी छन् ।

Tong ले आफ्नो यस पुस्तकमा नारीवादी सिद्धान्तका हरेक पक्षमा चर्चा गरेकी छन् । उनको यस कृतिमा नारीवादी सिद्धान्तका सैद्धान्तिक कुराहरूका साथै उदारवादी नारीवादको मुख्य अवधारणाबारे राम्ररी प्रकाश पारिएको छ । कतै उग्र नारीवादका कुराहरू, राजनीतिमा नारीहरूको सहभागिता न्यून हुनाका कारणहरू, पितृसत्तात्मक सोच र वर्गविभेदले गर्दा महिलाहरू हरेक क्षेत्रमा पछि परेका हुन् भन्ने आधारहरू खोज्न र त्यससम्बन्धी विभिन्न पाटाहरूको सैद्धान्तिक रूपले अध्ययन र विश्लेषण गर्न यस कृतिले निकै सहयोग पुऱ्याएको छ ।

धनानाथ ओझा (२०६७) ले *नेपालमा महिला* शीर्षकको पुस्तकमा पौराणिक कालदेखि वर्तमानसम्म नेपाली महिलाको अवस्था तथा राजनीतिक जागरणका सम्बन्धमा सङ्क्षेपमा उल्लेख गरेका छन् । यसमा उनले नेपाली समाजमा महिलाका हितविरुद्ध प्रचलित विभिन्न कुरीति र अन्धविश्वास, नेपाली महिलाका प्रमुख समस्या, महिलाको उत्थानका निम्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट भएका प्रयास आदि जस्ता कुराहरूलाई समावेश गरेका छन् । यस पुस्तकमा ओझाले नेपाल सरकारका महिलाको सशक्तीकरणका लागि तर्जुमा गरिएका नीति तथा कार्यक्रम, न्यायालयका दूरगामी महत्त्वका फैसलाहरू उल्लेख गरेका छन् । यी तथ्याङ्कहरू महिलाको अवस्थाका बारेमा उपयोगी रहे पनि स्थानीय निर्वाचनमा महिला सहभागिताका सम्बन्धमा कुनै पनि तथ्य यस पुस्तकमा समावेश गरिएको छैन । यसमा महिलाको अवस्थालाई माओवादी द्वन्द्वसँग जोडर मात्र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

स्वामी प्रपन्नाचार्य (२०६७) ले *वेदमा के छ ?* शीर्षकको पुस्तकमा वैदिक कालीन समाजका विभिन्न पक्षमाथि प्रकाश पारेका छन् । यस क्रममा उनले वैदिक सभ्यताको विकासक्रममा वैदिक नारी शिक्षा तथा नारीहरूको सामाजिक अधिकारबारेमा चर्चा गरेका

छन् । उनको यस पुस्तकबाट वैदिक कालीन समाजमा नारीहरूको अवस्थाबारे जानकारी प्राप्त गर्न सकिन्छ । उनको यो पुस्तक प्राचीन महिलाको अवस्था बुझ्न उपयोगी रहेको देखिन्छ ।

शिवमाया तुम्बाहाङ्फे (२०६७) ले *नेपालमा राजनीतिक महिला आन्दोलन विश्लेषणात्मक अध्ययन* (वि.सं. २०४७ देखि २०६०) शीर्षकको शोधप्रबन्धलाई आठ अध्यायमा विभाजन गर्दै नेपालको राजनीतिमा महिलाले गरेका आन्दोलनका बारेमा चर्चा गरेकी छन् । उनले यस शोधप्रबन्धको पहिलो अध्यायमा शोधको परिचय दिएकी छन् भने दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा प्रस्तुत गरेकी छन् । उसले यसको तेस्रो अध्यायमा शोधपद्धतिका बारेमा लेखेकी छन् भने चौथो अध्यायमा महिला आन्दोलनका पृष्ठभूमिमा विश्वमा भएका महिला आन्दोलन, महिलासम्बन्धी कामहरू र नारीवादी सिद्धान्तको चर्चा गरेकी छन् । यसै गरी उनले प्रस्तुत शोधप्रबन्धको पाँचौं अध्यायमा नेपालको महिला आन्दोलनसम्बन्धी चर्चा गर्दै महिला सङ्गठनको स्थापना, नेपाली महिला आन्दोलनको विकास, राजनीतिक आन्दोलन र महिला सङ्गठनका विभिन्न गतिविधिहरूका बारेमा उल्लेख गरेकी छन् । उनले छैटौं अध्यायमा नेपालमा महिलाहरूले गरेका राजनीतिक आन्दोलनका बारेमा चर्चा गरेकी छन् । यसै अध्यायमा उनले राजनीतिक दलहरूमा महिला सहभागिताको सवाल, महिला आन्दोलनका कार्यक्रमहरू र महिला सवालबारे चर्चा गरेकी छन् भने सातौं अध्यायमा नेपालको राज्यसञ्चालनमा महिला सहभागिताबारे चर्चा गरेकी छन् । यस शोधप्रबन्धमा राजनीतिमा महिला सहभागिता, महिलाको सामाजिक अवस्था, नेपाली महिला र सञ्चार माध्यम अनि महिला आरक्षणको सवालका बारेमा चर्चा गरिएको छ । यसका अन्तिम अध्यायमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ । तुम्बाहाङ्फेले तयार गरेको प्रस्तुत शोधकार्यबाट महिलाको राजनीतिक सहभागितासम्बन्धी सामान्य जानकारी मात्र पाउन सकिन्छ ।

सुशीला कार्की (२०६८) ले *लैङ्गिक समानता* शीर्षकको आफ्नो पुस्तकमा महिलाको अवस्थाका सम्बन्धमा लेखेकी छन् । उनले यस कृतिमा मानवको विकासक्रमदेखि वर्तमानसम्म विश्वमा महिलाको अवस्था र महिला आन्दोलनको विकासक्रमका बारेमा उल्लेख गरेकी छन् । पाँच अध्यायमा विभाजित रहेको प्रस्तुत पुस्तकको पहिलो अध्यायमा महिला र धर्मअन्तर्गत विभिन्न धार्मिक सम्प्रदायमा महिलाको स्थानका बारेमा चर्चा गरिएको छ छ भने दोस्रो अध्यायमा महिला आन्दोलनअन्तर्गत महिलावादी आन्दोलनका विचारहरू र

आन्दोलनको स्वरूपबारे उल्लेख गरिएको छ । यस पुस्तकको तेस्रो अध्यायमा महिला अधिकारका बारेमा उल्लेख गरिएको छ । चौथो अध्यायमा लैङ्गिक अधिकारको अवस्थाबारे चर्चा गरिएको छ भने पाँचौं तथा अध्याय पाँचमा महिला र सार्वजनिक क्षेत्र भन्ने शीर्षकमा राजनीतिक, न्याय, पेसा आदि विविध क्षेत्रमा महिला प्रतिनिधित्वको अवस्थाका बारेमा चर्चा गरिएको छ । महिला आन्दोलन र लैङ्गिक अधिकारबारे बुभ्न कार्कीले लेखेको यो पुस्तक निकै उपयोगी हुने देखिन्छ ।

सुधा त्रिपाठी (२०६८) ले *आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना* शीर्षकको शोधप्रबन्धमा महिलाहरूमाथि चरम विभेद हुन थालेपछि पुरुष वर्गको विरोध गर्दै जन्मिएको नारीवादको प्रसङ्ग उल्लेख गरेकी छन् । यस सिलसिलामा उनले विश्वका विभिन्न विद्वान् तथा दार्शनिकहरूको दृष्टिकोण धार्मिक दृष्टिकोण जत्तिकै सङ्कुचित भएको कुरा उल्लेख गर्दै प्लेटोले दास र नारीबाट विमर्श र बौद्धिक चिन्तनलाई टाढै राख्नुपर्छ भनेको प्रसङ्ग उल्लेख गरेकी छन् । त्यस्तै एरिस्टोटलले नारीलाई पदार्थ मानेर तल्लो स्तरमा राखेको अनि फ्रान्सका चान्सलर बाल्जाकले पुरुषका दिलको धड्कन बढाउने भन्दा नारीको महत्त्व छैन भन्दै नारीलाई जड भनेको विषय पनि उल्लेख गर्दै इतिहासले नारीलाई महत्त्व नदिएको अवस्थालाई पनि यस शोधप्रबन्धमा त्रिपाठीले छर्लङ्ग पार्ने प्रयास गरेकी छन् । उनले सन् १९३८ मा जापानमा महिलाले मतदानको अधिकार माग्दा त्यहाँका गृहमन्त्रीले घरमा गएर केटाकेटीको लुगा धोऊ भनेको सन्दर्भलाई समेत यस शोधमा उल्लेख गरेर महिलाको अवस्था विभेदित रहेको स्पष्ट देखाएकी छन् । महिलाहरू सामाजिक उत्थानमा सहभागी हुन थालेपछि महिला स्वयम्ले आफूमाथि पुरुषद्वारा गरिएको शोषणबारे बुभ्न थालेको र पछि बल्ल अधिकारका लागि आवाज उठाउन थालेको उल्लेख गदै त्रिपाठीले महिलाहरूले गरेको आन्दोलनलाई प्रारम्भिक महिला आन्दोलन, उत्पीडन विरोधी आन्दोलन र सन् १९६६ देखिको महिला अधिकारका लागि भएको आन्दोलन अर्थात् बौद्धिक नारीवादको चर्चा गरेकी छन् । नारीवादबारे चर्चा गरिएको प्रस्तुत शोधप्रबन्धमा नेपालको राजनीतिमा महिलाको सहभागिता एवम् प्रतिनिधित्वका बारेमा भने केही चर्चा गरिएको छैन ।

Malla, Meena Vaidya (2011) ले *Political Socialization of Women in Nepal* शीर्षकको आफ्नो अनुसन्धानात्मक पुस्तकमा नेपालको राजनीतिमा महिलाको समाजिकीकरण एवम् सहभागितामूलक भूमिकाबारे गहन विश्लेषण गरेकी छन् । उनको यो कृति नेपाली महिलाको राजनीतिक सामाजिकीरणका बारेमा बुभ्न निकै उपयोगी रहेको छ ।

यस पुस्तकमा मल्लले राजनीतिक सामाजिकीकरणको अवधारणात्मक रूपरेखा प्रस्तुत गर्दै लैङ्गिकता तथा राजनीतिक सामाजिकीकरणका बारेमा पनि प्रकाश पारेकी छन् । उनले यस पुस्तकमा  राजनीतिक सामाजिकीकरणको महिलावादी दृष्टिकोण पनि प्रस्तुत गरेकी छन् । यसै गरी उनले यस पुस्तकमा राजनीतिक सामाजिकीकरण र राजनीतिक सहभागिताका सम्बन्धमा नेपाली महिलाहरूको अवस्थाका बारेमा चर्चा गर्नुका साथै राजनीतिक सामाजिकीकरणको अभिमुखीकरण र राजनीतिक सामाजिकीकरणका प्रमुख सेवाहरूबारे प्रस्ट धारणा राखेकी छन् ।  प्रस्तुत अध्ययनमा मल्लले नेपाली महिलाको राजनीतिक सहभागिता र प्रतिनिधित्वको विषयलाई सामाजिकीकरणका परिप्रेक्ष्यमा पनि चर्चा गर्दै नेपाली महिलाको राजनीतिक सहभागिता र भूमिकाका सम्बन्धमा तथ्याङ्कसहित विश्लेषण गरेकी छन् । उनले यस पुस्तकमा महिलाको सहभागिता र प्रतिनिधित्वबारे आंशिक चर्चा मात्र गरेकी छन् ।

सविन के.सी. (२०६९) ले *विश्व प्रसिद्ध महिलाहरू* शीर्षकको कृतिमा विश्वका प्रख्यात महिलाहरूका बारेमा चर्चा गरेका छन् । शिक्षा, साहित्य, कला, सङ्गीत, विज्ञान र राजनीतिमा लागेका विश्वका प्रसिद्ध नाम कमाएका महिलाहरूका बारेमा यस पुस्तकमा चर्चा गरिएको  पाइन्छ । अनिता राडिक, डायना, कल्पना चावला, मारिया सारा पोभा, लता मडगेसकर, हेलेन केलर, भेनस विलियम्स, म्याडोना, आङसाङ सुकी, इन्दिरा गान्धी, क्यारोलिन हस्चेल, एना फाङ्क, एल्फ्राइड जेलिनेक, ओप्राया विइनाफ्रेड, क्लियोपाटा, भ्लारा जेप्किन, किमजोङ सुक, गबिएल मिस्ताल, सेल्मा लागरलोफ, ग्राजिया देलेडा, जेनी भाक्स, चार्ल्स जोसेफ वाल्कर, च्याङचिङ, जे के. रेलिङ, जेन अस्टिन, जोन अफ आर्क, टोनी मरिसन, फिढ्ढा भहालो, लक्ष्मी बाई, बेनजिर भुट्टो, मरिया जोयपार भायर, माताहारी, योगमाया न्यौपाने, रोना लक्जेम्बर्ग, सिमोन द बोउभार, मर्लिन नुनरो आदिका बारेमा यस पुस्तकमा चर्चा गरिएको पाइन्छ । सङ्घर्षशील महिलाहरूको जीवनी थाहा पाउन र अन्तर्राष्ट्रिय महिलाहरूका बारे अध्ययनका गर्नका लागि यो पुस्तक निकै उपयोगी रहेको देखिन्छ ।

देउमान सम्बाहाङ्फे (२०७१) ले *नेपालको संविधान सभा* (२०६४) शीर्षकको शोधप्रबन्धमा नेपालका सन्दर्भमा संविधानसभाको प्रसङ्ग र नेपालको राजनीतिमा महिलाहरू प्रवेश गरेका कुराहरूको व्याख्या, नेपालको समावेशी संरचनामा भएका कुराहरू र नेपालको संविधानसभामा २०६४ को समावेशी दृष्टिकोणका कुराहरूलाई उल्लेख गरेका

छन् । प्रस्तुत शोधप्रबन्धबाट समावेशिताको अवस्थाका साथै व्यवस्थापिकामा समावेशिताको अवस्था, निर्वाचित राष्ट्रिय पञ्चायतका सदस्यहरूमा महिलाले पाएको स्थान एवम् सङ्ख्या, २०४३ सालमा निर्वाचित महिलाहरूको सङ्ख्या र बहुदलीय शासनकालको १५ वर्षमा निर्वाचित महिलाहरूको अवस्थाका बारेमा चर्चा गरिएको छ ।

सुशीला श्रेष्ठ (२०७१) ले *सहाना प्रधान स्मृतिका आँखी झ्यालबाट* शीर्षकको कृतिमा विभिन्न उपशीर्षकमा सहाना प्रधानको जीवनका घटनाहरूका बारेमा वर्णन गरेकी छन् । यस सिलसिलामा उनले पारिवारिक पृष्ठभूमिबाट सुरु गरेर प्रारम्भिक शिक्षा, दोस्रो विश्वयुद्धको वर्णन, बर्माबाट भागेर नेपाल आएपछि पढ्न पाउने भएदेखि घर छाडेर भए पनि राणाविरोधी आन्दोलनमा लाग्न गरेको वाचा, पर्चा छरेर भाषण गरेपछि प्रहरीले गिरफ्तार गरेको, नारीहरूले पढ्न पाउनुपर्छ भनी प्रतिनिधि गएको, उच्च शिक्षाप्राप्तिका लागि गरिएको सङ्घर्ष, पारिवारिक समस्या, पार्टीको काम गर्दा भएका अप्ठ्यारा, केटीले पढाएको कक्षा बहिष्कार गरेको घटना, त्यसबेलाको सामाजिक चेतनाको स्तर, पुष्पलालको निधनपछिको दु:ख, छोरी पढाएर के काम विवाह गरेर पढे हन्छ भन्ने समाजको बुझाइ, राजनीतिमा संलग्न हुनाका कारण, २००४ सालबाट राजनीतिमा संलग्न भई २००८ सालमा नेपाल महिला सङ्घको स्थापना गरेको सन्दर्भ, पार्टी स्थापनाका घटनाहरू, नारीहरूले दोहोरो दासत्व वहन गर्नुपर्ने कारण, किसान सम्मेलन र कम्युनिस्ट पार्टीका विभिन्न महाधिवेशनका बारेमा वर्णन गरेकी छन् । यस सिलसिलामा श्रेष्ठले जनमतसङ्ग्रहमा गरेका काम, सत्याग्रहमा सहभागिता, संयुक्त वाममोर्चाको गठन र २०४६ को संलग्नता, संसद् र सरकारमा गरेका कुराहरू, एमाले विभाजन तथा एकीकरण २०६२/६३ को आन्दोलनमा उसको संलग्नता, महिला सुरक्षा दबाब समूहको निर्माण, विदेशी नारीहरूको चर्चा गर्दै केही तस्विरहरू राखेकी छन् । यस कृतिमा सहाना प्रधानजस्ती राजनीतिक व्यक्तित्वलाई समेत घरबाट बाहिर निस्कन र राजनीतिमा सहभागी हुन कठिनाइ थियो भने सामान्य परिवारका महिलाहरू बाहिर निस्कन कस्तो थियो होला भनी यस पुस्तकमा लेखक श्रेष्ठले निकै राम्ररी चर्चा गरेकी छन् ।

विश्व महिला आन्दोलनदेखि नेपालको महिला आन्दोलनको थालनीबारे सङ्क्षिप्त चर्चा गरिएको प्रस्तुत पुस्तकमा नेपालमा नारीहरूको जागरणको आधार, २००७ सालको

क्रान्तिमा नारीहरूको भूमिकादेखि २०१५ सालको आम निर्वाचनसम्म सक्रिय केही नारीहरूको नाम र भूमिका, राजा महेन्द्रको कदमपछि स्थापित पञ्चायती व्यवस्थाविरुद्धका प्रजातान्त्रिक आन्दोलनमा नारी संलग्नताका केही प्रसङ्ग, केही सक्रिय नारीहरूको नाम र तिनको भूमिका आदिबारे खोज, अध्ययन र विश्लेषण गरिएको पाइन्छ ।

Whelehan, Imelda (2015) को *Modern Feminist Thought* शीर्षकको ग्रन्थमा नारीवादी सिद्धान्तका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा नारीवादी आन्दोलनको दोस्रो प्रवाहको उद्‌भवदेखि वर्तमानसम्म विकसित भएका प्रमुख नारीवाद सिद्धान्तहरू, नारीवादी आन्दोलनको प्रवाह, महिलाका प्रमुख राजनीतिक मुद्दाहरू, नारीवादी आन्दोलनका सङ्कट एवम् चुनौतीहरू, नारीवादमा पुरुषको भूमिका र उत्तरआधुनिक नारीवादजस्ता समसामयिक बहसका विषयलाई प्रस्तुत गरिएको छ । प्रस्तुत पुस्तकमा नारीवादका सैद्धान्तिक तथा दार्शनिक आधारका बारेमा चर्चा गरिएको छ । नारीवादी सिद्धान्तहरू र नारीवादी आन्दोलनको स्वरूप एवम् समसामयिक मुद्दाका सम्बन्धमा बुझ्न प्रस्तुत पुस्तक उपयोगी रहे पनि स्थानीय निर्वाचनमा महिला सहभागिताबारे यो पुस्तक मौन रहेको छ ।

सूर्यप्रसाद पौडेल (२०७३) ले *नेपालको राजनीतिमा महिला सहभागिता र नेतृत्व विकासका चुनौतीहरू* नामक शोधप्रबन्धमा नेपालको राजनीतिमा महिला सहभागिता र नेतृत्व विकासका चुनौतीहरूबारे प्रकाश पारेका छन् । सात अध्यायमा बाँडिएको प्रस्तुत शोधप्रबन्धको पहिलो अध्यायमा शोधपरिचय दिइएको छ भने दोस्रो अध्यायमा सैद्धान्तिक अवधारणा, राजनीतिक सहभागिता, राजनीतिक सहभागिताका प्रमुख मध्यमहरू, नेतृत्व, नारी आन्दोलनका युवाहरू, उदार नारीवाद, समाजवादी नारीवाद, आमूल नारीवाद, विश्वमा महिलाको राजनीतिक जागरण, विश्वमा महिलाको राजनीतिक सहभागिता आदिका बारेमा उल्लेख गरिएको छ । यसको तेस्रो अध्यायमा शोधविधिबारे लेखिएको छ भने चौथो अध्यायमा प्राचीन काल, राणाकाल, २००७ सालदेखि २०१७ सम्मको राजनीतिक उतारचढावको अवस्था, पञ्चायत काल, संवैधानिक राजतन्त्र आदिका बारेमा चर्चा गरिएको छ । यसै गरी प्रस्तुत शोधप्रबन्धको पाँचौं अध्यायमा  नेपालको राजनीतिकमा महिला नेतृत्वको सवाल, संसद्‌मा महिला नेतृत्व, मन्त्री परिषद्‌मा महिला नेतृत्व, स्थानीय सरकारमा महिला नेतृत्व, संविधान निर्माणप्रक्रियामा महिला नेतृत्व, प्रमुख राजनीतिक दलमा महिला नेतृत्व, जिल्ला समिति, भातृ सङ्गठन, राजनीतिक दलमा महिलासम्बन्धी व्यवस्था, संविधानमा विभिन्न समयमा भएका व्यवस्थाहरू आदिको चर्चा गरिएको छ भने

छैटौँ अध्यायमा राजनीतिमा महिला सहभागिता र चुनौतीका बारेमा चर्चा गरिएको छ । यसका साथै प्रस्तुत शोधप्रबन्धमा निर्वाचन पद्धतिका साथै आरक्षणसम्बन्धी चर्चासमेत गरिएको छ । यसको सातैँ अध्यायमा निष्कर्ष तथा सुझावहरूका बारेमा लेखिएको पाइन्छ । प्रस्तुत शोधप्रबन्धमा पौडेलले नेपाली राजनीतिमा महिला सहभागिता एवम् प्रतिनिधित्वका बारेमा निकै जानकारी दिएका छन् ।

Shah, Saubhagya (2018) ले *A Project of Memoreality Development and Local Activism* शीर्षकको आफ्नो पुस्तकमा सिन्धुली जिल्लाको भिमानवासी महिलाहरूको राजनीतिक क्रियाशीलताका सम्बन्धमा मार्क्सवादी दृष्टिकोणबाट अध्ययन गरेका छन् । उनले यस कृतिमा महिला समाज परिवर्तन गर्ने साधन हुन् भन्दै उनीहरूलाई सामाजिक कार्यको नमुना मान्न सकिन्छ भनी उल्लेख गरेका छन् । विभिन्न सामाजिक मान्यताका कारण महिलाहरूले धेरै समस्या भोग्नुपर्दछ र त्यसको असर अरूले पनि भोग्नुपर्दछ भन्ने ठम्याइ साहको रहेको छ । लेखक साहले भिमानका महिलाहरू कार्य गर्न सक्ने क्षमताका छन् भनी उल्लेख गरेका छन् । पुरुषप्रधान समाजले महिलालाई लिङ्गका आधारमा आर्थिक शोषण गर्नुका साथै उनीहरूलाई पुरुषभन्दा निम्न तहको दर्जा दिएका छ भनी उनले उल्लेख गरेका छन् । नेपालमा महिलाको आवाजलाई केही स्थान दिए पनि समाजमा पुरुषकै वर्चस्व रहेको देखिन्छ भन्दै साहले क्षेत्री तथा ब्राह्मण महिलाका तुलनामा जनजाति महिलालाई वर छनोट गर्ने, सम्बन्ध विच्छेद गर्ने, दोस्रो विवाह गर्ने र विवाहपूर्व प्रेम गर्ने स्वतन्त्रता छ भनी उल्लेख गरेका छन् । यद्यपि महिलाहरूलाई सम्पत्तिको अधिकार, राजनीतिक हिस्सेदारी, महिलाको स्वतन्त्रता र सांस्कृतिक स्थानका विषयमा सामाजिक-सांस्कृतिक संरचनाले तल्लो दर्जा नै निर्धारण गरेको छ भन्ने ठम्याइ उनको रहको छ । पुरुष र महिलाका बिचमा असमानता भनेको उनीहरूको कार्य गर्ने विभिन्नता हो जसमा लिङ्गका आधारमा हुने भेदभावले असर पार्दछ र महिलालाई एउटा साधनका रूपमा आउन दिइँदैन भनिएको छ । नेपालमा सम्पत्तिमाथि महिलाको अधिकार अत्यन्तै सीमित रहेको छ भन्दै साहले महिलाले दाइजो ल्याए पनि त्यसमाथि महिलाको नियन्त्रण हुँदैन अनि महिलाले आफ्नो पक्षमा शक्तिको प्रयोग गर्न खोजे भने त्यसलाई सकारात्मक मानिँदैन किनभने संस्कृतिले महिलालाई आफ्नो आवाज उठाउन र व्यक्तित्व झल्काउन पनि दिँदैन भनेर उनले लेखेका छन् । यस सिलसिलामा प्रस्तुत पुस्तकमा महिलाले पुरुषप्रधान समाजलाई चुनौती दिएर आफैँ सक्रिय भई तासजुवा

खेल्ने, जाँडरक्सी खाने, महिलामाथि हुने शारीरिक र यौनहिंसालाई नियन्त्रण गर्ने, राजनीतिक प्रतिनिधित्व गर्ने, महिलाका लागि सम्पत्ति आर्जन र जीविकोपार्जन गर्ने जस्ता उपलब्धिहरू धेरै हदसम्म प्राप्त गरेको देखिन्छ भनी उल्लेख गरिएको छ ।

ज्योति उपाध्याय (२०७६) ले *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नारी क्रियाशीलता* शीर्ष्कको शोधप्रबन्धमा नेपालको प्रजातान्त्रिक आन्दोलनमा नारीको क्रियाशीलताका बारेमा राम्ररी प्रकाश पारेकी छन् । आठ अध्यायमा बाँडिएको प्रस्तुत शोधप्रबन्धको पहिलो अध्यायमा उनले शोधपरिचय दिएकी छन् भने दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा गरेकी छन् । यसको  तेस्रो अध्यायमा सैद्धान्तिक अवधारणा र शोधविधि प्रस्तुत गर्दै उनले चौथो अध्यायमा प्रजातान्त्रिक आन्दोलनको परिभाषा, नारी क्रियाशीलता राणाविरोधी आन्दोलन, राणाशासनपछि राजनीतिमा नारीहरू, पञ्चायती व्यवस्थाविरोधी आन्दोलनमा नारीहरू, दलगत आन्दोलनमा नारीहरूको क्रियाशीलता आदिका बारेमा चर्चा गरेकी छन् । उनले पाँचौं अध्यायमा सत्याग्रह आन्दोलन २०४२ मा महिलाहरूको सहभागिता, सत्याग्रहको परिभाषा, कार्यक्रम, मागहरू, सत्याग्रहको तयारीमा नारीहरू, आन्दोलनका उद्देश्य, काङ्ग्रेस-वाम सहकार्य र सत्याग्रह आन्दोलन घोषणा, सत्याग्रह आन्दोलन स्थगन, सत्याग्रह र नेपाली राजनीति आदिका बारेमा चर्चा गर्दै छैटौं अध्यायमा जनआन्दोलन २०४६ मा नारी क्रियाशीलताका साथै जनआन्दोलन २०४६ को सफलताका बारेमा वर्णन गरेकी छन् । सातौं अध्यायमा उनले नेपाल अधिराज्यको संविधान २०४७ को घोषणा, आम निर्वाचन २०४८ मा नारीहरूको संलग्नता, संसदीय अभ्यासको गतिविधि, सडक आन्दोलनको निर्णय र रिले अनसनमा नारीहरूको संलग्नताबारे चर्चा गरेकी छन् । उनले यस शोधप्रबन्धमा मूलतः नेपालको राजनीतिमा महिलाहरू विभिन्न कालखण्डमा सक्रिय भई राजनीतिमा लागेको अवस्थाका बारेमा चर्चा गरिएको पाइन्छ । यसरी प्रस्तुत शोधप्रबन्धमा नेपालको राजनीतिमा महिलाहरूको सहभागिता र प्रतिनिधित्वका बारेमा राम्ररी प्रकाश पारिएको छ ।

रेणु अधिकारी, लक्ष्मी आचार्य र नारायणी देवकोटा, (२०७४) ले **कान्तिपुर** राष्ट्रिय दैनिक पत्रिकाको ‘स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वसम्बन्धी विचार’ शीर्षकको लेखमा दुई दशकदेखि हुन नसकेको स्थानीय निर्वाचन पहिलो चरणमा वैशाख ३१ गते गर्ने निर्णयसँगै देश निर्वाचनमा गएकाले त्यस निर्वाचनमा नेपालको संविधान धारा २२२ ले हरेक वडामा ५ जनामध्ये दुई जना महिला सदस्यहरू प्रतिनिधि अनिवार्य हुनुपर्ने र स्थानीय निर्वाचन ऐनले दुई जना महिला प्रतिनिधिमा एकजना दलित महिला अनिवार्य

हुनुपर्ने व्यवस्था गरेको छ भनी उल्लेख गरेका छन् । त्यसै गरी उनीहरूले यस लेखमा गाउँपालिका र नगरपालिकामा प्रमुख/अध्यक्ष र उपप्रमुख/ उपाध्यक्षमध्ये एकजना महिला प्रतिनिधि अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको उल्लेख गर्दै वडा सदस्यमा दुई महिलाको प्रतिनिधि सुनिश्चित हुँदा करिब ४० प्रतिशत महिला सहभागिता हुने देखिन्छ भनी बताएका छन् । यो सहभागिता स्थानीय व्यवस्थापिकामा मात्रै हुने हो भने शक्ति प्रयोग गर्ने थलो स्थानीय कार्यपालिकामा अर्थात् गाउँपालिकामा चारजना र नगर कार्यपालिकामा प्रमुख, उपप्रमुख र सबै वडाका अध्यक्ष सदस्य रहने हुँदा वडा अध्यक्षमा महिलाले जित्ने विधि नबनाउने हो भने स्थानीय कार्यपालिकामा महिला सभागिता निकै कम हुने अवस्था रहेको छ भन्ने निष्कर्ष उनीहरूले प्रस्तुत गरेका छन् । त्यसै गरी प्रमुख र उपप्रमुखमा अनिवार्य रूपमा महिला उठायो र अर्को दलले त्यही पदमा पुरुष उठायो भने दुवै पदमा महिला जित्ने सम्भवना कम देखिन्छ भन्ने तथ्य प्रस्तुत गर्दै उनीहरूले निर्वाचनका समयमा दलहरूले जसरी पनि जित्ने रणनीति अपनाउने हुँदा पार्टीले जित्ने अवस्था कमजोर भएको ठाउँमा मात्रै महिलालाई उम्मेदवार बनाउने सभावना बढेको छ भन्ने तथ्य अघि सारेका छन् । कानुनले स्थानीय कार्यपालिकामा प्रमुख वा उपप्रमुख पदमा एकजना महिला अनिवार्य हुनुपर्ने व्यवस्था गरेका अवस्थामा प्रमुख पद पुरुषका लागि र दोस्रो उपप्रमुख पद महिलाका लागि भनेर विभाजन गरिएको होइन  भन्दै उनीहरूले प्रमुख पदमा पुरुष र उपप्रमुख पदमा महिलाको मात्रै नाम आउनुले राजनीतिक दलको नेतृत्व पितृसत्तात्मक छ भन्ने कुरा स्पष्ट हुन्छ भनी प्रस्ट पारेका छन् ।

रामेश्वर बोहरा (२०७४) ले **हिमाल खवर** पत्रिकाको ‘स्थानीय निर्वाचनको पहिलो र दोस्रो चरण’ नामक लेखमा निर्वाचनको पहिलो चरणमा भएको उल्लेखनीय मतदान, धेरै हदसम्म अपेक्षित परिणाम, महिलाको उपस्थितिले स्थानीय तह निर्वाचनको दोस्रो चरणमा माहोल राम्रो बनाएको र वैशाख ३१ गते सम्पन्न प्रथम चरणको स्थानीय तह निर्वाचनको नतिजा आउने क्रम सुरु भएको, तेस्रो दिन ३ गते जेठको बिहान एउटा सुखद खबर प्रसारण भयो त्यो के थियो भने नवलपरासीको हुप्सेकोट गाउँपालिका अध्यक्षमा नेपाली काङ्ग्रेसकी लक्ष्मी पाण्डेले बाजी मारिन् भन्ने खबर प्राप्त भएको भनी उल्लेख गरेका छन् । नेकपा एमालेका उम्मेदवार मेघबहादुर पुलामीलाई १३५ मतान्तरले पराजित गरेकी उनी देशमै स्थानीय तहको प्रमुख पदमा निर्वाचित हुने पहिलो महिला थिइन् भन्ने तथ्य प्रस्तुत गर्दै बोहराले हुप्सेकोट गाउँपालिका उपाध्यक्षको प्रतिस्पर्धामा पनि नेकपा एमालेकी कोपिला

मल्लले काङ्ग्रेसका ओम थापालाई ५५ मतका अन्तरले हराएर निर्वाचित भइन् भन्ने तथ्य उल्लेख गर्दै २०७४ को स्थानीय निर्वाचानमा केही महिलाहरूले चुनाव जितेको कुरा बताएका छन् । संवैधानिक अधिकारप्राप्त जनताका वास्तविक सरकारका रूपमा स्थानीय तहको प्रमुख दुई पदमा दुई भिन्न दलका महिला उम्मेदवारलाई जिताएका हुप्सेकोटका मतदाताको यस किसिमको सुझबुझपूर्ण निर्णयका कारण त्यहाँ महिला नै नेतृत्वमा पुगेको देखिएको भन्दै हिमाली जिल्ला जुम्लाको मेयरमा कान्तिका सेजुवालले पहिलो महिला मेयर भएर कीर्तिमान रचिन् भन्ने तथ्य पनि बोहराले यस लेखमा उल्लेख गरेका छन् । यसै गरी चन्दननाथ नगरपालिकाको उपमेयरमा नेकपा माओवादी केन्द्रकी अप्सरादेवी न्यौपाने काङग्रेसका जगत खत्रीलाई २४४ मतान्तरले पछि पारेर निर्वाचित भइन् भन्ने तथ्य प्रस्तुत गर्दै बोहराले यस लेखमा स्थानीय निर्वाचनामा महिलाहरू विजयी भएका केही तथ्यहरू सार्वजनिक गरेका छन् । त्यसैले उनको यस लेखमा २०७४ सालमा सम्पन्न स्थानीय निर्वाचनमा महिलाहरूको सहभागिता र प्रतिनिधित्व केही हदसम्म भए पनि सुनिश्चित रहेको कुरा उल्लेख गरेका छन् ।

बोहराको यसै लेखमा स्थानीय तहका प्रत्येक वडामा एक महिला र एक दलित महिला हुनुपर्ने, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकामा प्रमुख तथा उप प्रमुखमध्ये एक पदमा महिला हुनुपर्ने संवैधानिक बाध्यताले गर्दा स्थानीय तह निर्वाचनमा महिला उम्मेदवारको सङ्ख्या बढेको थियो भनी उल्लेख गरिएको छ । प्रत्येक वडाबाट न्यूनतम ४० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित भए पनि धेरै महिला उम्मेदवार उपमेयर र उपाध्यक्षमै सीमित गराइएका थिए अनि निर्वाचनबाट नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र गाउँपालिकाका अध्यक्षमा महिला उम्मेदवारको सङ्ख्या निकै कम रहेको देखिन्छ भनी यस लेखमा उल्लेख गरिएको छ । जम्मा १२ स्थानीय तहमा प्रमुख र २५५ तहम उपप्रमुख पदमा महिला निर्वाचित भएका भेटिन्छन् भन्ने तथ्य बोहराको यस लेखमा प्रस्तुत गरिएको छ । https://www.himalkhabar.com.news/3825 यसरी 'स्थानीय निर्वाचनको पहिलो र दोस्रो चरण' अवस्था बारे जानकारी गराइएको छ ।

सिर्जना काफ्ले (२०७४) ले **अन्नपूर्ण पोस्ट** राष्ट्रिय दैनिक पत्रिकाको 'विचार' शीर्षकको स्तम्भमा लेख प्रकाशित गरेकी छन् र त्यस लेखमा उनले स्थानीय तहमा भइरहेको २० वर्षदेखिको प्रजातान्त्रिक अन्योल, जटिल आन्तरिक एवम् राजनीतिक

समीकरण एवम् नेपाली जनताका नाममा चलाएको दशक लामो युद्ध र जनताकै नाममा भइरहेको सङ्क्रमणकालको व्यवस्थापनको सिलसिला अझै जारी रहेको देखिन्छ भनेर उल्लेख गरेकी छन् । उनले स्थानीय तहको निर्वाचनले नेपालको लोकतान्त्रिक राजनीतिक व्यवस्थालाई सुदृढ, सशक्त र संस्थागत गर्ने दिशामा अग्रसर गराएको छ भन्दै राष्ट्रिय नीतिनिर्माणमा महिलालाई सजिलै प्रदान भूमिका नदिए पनि उनीहरूले बाहिरबाट खेलेको प्रधान भूमिकालाई नजर अन्दाज गर्न मिल्दैन भन्ने आफ्नो दृष्टिकोण प्रस्तुत गरेकी छन् । काफ्लेले यसै लेखमा सन् १९५८ मा द्वारिकादेवी ठकुरानी नेपालको प्रतिनिधि सभामा पहिलो महिला सांसद् भएका घटनाबाट सुरु भएको महिला राजनीति हाल आएर व्यवस्थापिका संसद्मा महिलाको प्रतिनिधित्व २९.८ प्रतिशत पुगेको छ भनी उल्लेख गरेकी छन् । त्यसभन्दा अघि नेपाललाई जहानियाँ राणाशासनबाट मुक्त तुल्याउन महिलाको प्रत्यक्ष एवम् परोक्ष योगदान नभएको होइन तथापि मंगलादेवी सिंह र साहना प्रधान जस्ता प्रभावशाली महिलाहरूले खेलेको भूमिकालाई इतिहासबाट कसैले मेटाउन सक्दैन भन्ने उनको ठम्याइ छ । सन् १९६० मा ठकुरानी नै नेपालको पहिलो महिला मन्त्री भएर आफ्नो नाम लेखाउन सफल भएकी थिइन् भन्ने ऐतिहासिक सन्दर्भ उल्लेख गर्दै उनले सन् १९९८ मा शैलजा आचार्य पहिलो महिला उपप्रधानमन्त्रीका रूपमा राजनीतिमा उदाइन् भनी लेखेर नेपालको राजनीतिक इतिहास सम्झाउने काम गरेकी छन् । सन् २०१९ मा विद्यादेवी भण्डारी पहिलो महिला राष्ट्रपति भइन् भने सोही वर्ष ओनसरी घर्ती पहिलो महिला सभामुख बन्न सफल भइन् अनि सन् २०१६ को अप्रिलमा सुशीला कार्की सर्वोच्च अदालतको पहिलो महिला प्रधानन्यायाधीश भइन् भन्ने सन्दर्भ पनि उनले यस लेखमा उल्लेख गरेकी छन् । नेपालको इतिहासमा यी घटनालाई नेपालका सर्वोच्च पद एवम् उच्च संवैधानिक पदमा भएको घटनालाई महिला प्रतिनिधित्वका हिसाबले कोसेढुङ्गा मान्न सकिन्छ भन्ने धारणा काफ्लेको रहेको छ । उनले यसमा सन् १९९० पछि भएको प्रजातन्त्रको पुनःस्थापनापछि ३२ जना महिला प्रतिनिधि सभाको सदस्य चुनिए, १९९९ सालमा भएको तेस्रो प्रतिनिधि सभाको निर्वाचनमा जम्मा २०५ स्थानमध्ये १२ जना महिलाले मात्र सफलता प्राप्त गरे अनि सन् २००६ र २००७ को दोस्रो जनआन्दोलनपश्चात् पुनःस्थापित प्रतिनिधि सभामा ३३ प्रतिशत महिलाका लागि आरक्षण सिट छुट्ट्याइयो तर निश्चित कार्यविधिका अभावमा त्यसले मूर्तरूप भने पाउन सकेन भन्ने सन्दर्भ पनि उल्लेख गरेकी छन् । यसै सिलसिलामा उनले २०५४ सालको स्थानीय निर्वाचनमा कुनै पनि महिला नगरपालिकाको प्रमुख, उपप्रमुख र

जिल्ला विकास समितिको सभापति बन्न सकेनन् भनी उल्लेख गरेकी छन् । उनले २०५४ सालको स्थानीय निर्वाचनको परिणाम हेर्दा जम्मा महिला प्रतिनिधित्व ७.२३ प्रतिशत देखिन्छ, सन् १९९१ को संविधान निर्माणप्रक्रियामा महिला उपस्थिति शून्य थियो तर महिला अधिकारकर्मीको दबाब र आन्दोलनका कारण सन् २००७ को अन्तरिम संविधानको निर्माणप्रक्रियामा भने शून्य सहभागिता भएन जसलाई निरन्तर प्रगतिको सङ्केत मान्न सकिन्छ भन्ने धारणा उनले राखेकी छन् । पहिलो संविधानसभाको निर्वाचनमा १९७ जना अर्थात् जम्मा जनसङ्ख्याको एकतिहाइ महिलाको प्रतिनिधित्व भएको थियो र त्यसपछि बनेको सरकारमा महिला मन्त्रीको प्रतिशत जम्मा १६.६७ रहेको देखिन्छ भन्ने ऐतिहासिक सन्दर्भ पनि उनले प्रस्तुत गरेकी छन् । पहिलो संविधानसभाको विघटनपछि दोस्रो संविधानसभा चुनावको प्रतिनिधित्वमा पनि धेरै उथलपुथल हुनाका साथै हेरफेर भएको पनि देखिन्छ भनेर काफ्लेले नेपालको राजनीतिको चिरफार पनि गरेकी छन् । https://annapurnapost.com/news/73078 यसरी काफ्लेले नेपालको राजनीतिक अवस्थाबारे राम्ररी प्रकाश पारिदिएकी छन् ।

भाषा शर्मा (२०७४) ले स्थानीय तहसम्बन्धी लेखमा असार १४ गते हुन लागेको दोस्रो चरणको निर्वाचनमा गाउँपालिका र नगरपालिकाका प्रमुख पदमा महिलाको उम्मेदवारी निकै कम परेको, नगरपालिका र गाउँपालिकाको प्रमुखमा २३ जना महिला मात्र रहेका छन् भनी उल्लेख गरेकी छन् । पहिलो चरणमा तीन प्रदेशमा भएको चुनावमा एक सय त्रिपन्न उम्मेदवार थिए भनी उल्लेख गर्दै उनले गत वैशाख ३१ मा ३४ जिल्लाका दुई सय त्रियासी स्थानीय तहमा चुनाव भएको थियो जसमा ३५ जिल्लाका तीन सय चौँतिस तहका प्रमुख पदमा महिलाभन्दा पुरुष उम्मेदवार बढी रहेका थिए भनी उल्लेख गरेकी छन् । यसमा नेपालको स्थानीय निर्वाचनामा महिलाको सहभागिता एवम् प्रतिनिधित्व केही मात्रामा देखिएको उल्लेख गरिएको  छ । ठुला भनिएका पार्टीले पहिलो चरणको चुनावजस्तै दोस्रो चरणमा पनि महिलालाई उपप्रमुख पदमा उम्मेदवार बनाएका छन् । संविधानमा प्रमुख वा उपप्रमुखमध्ये कुनै एकमा महिला उम्मेदवार अनिवार्य भएकाले दलहरूले उपप्रमुखमा मात्र उठाएका हुन् । कतिपय ठाउँमा चुनावी तालमेलका कारण दुवै पदमा उम्मेदवार पुरुष देखिएका छन् । पहिलो चरणको ३, ४ र ६ प्रदेशमा भएको चुनावमा गाउँपालिका र नगरपालिका गरी १२ जना महिला प्रमुखमा विजयी भएका थिए । दोस्रो चरणमा नेपाली काङ्ग्रेसका तर्फबाट तीनवटा प्रदेशमा सात जना र नेकपा माओवादीका तर्फबाट आठ जना

महिलालाई प्रमुखमा उम्मेदवार बनाइएको थियो । त्यसै गरी काङ्ग्रेसका तर्फबाट उपप्रमुखमा दुई सय उनान्असी जना महिला उम्मेदवार रहेका थिए । नेकपा एमालेले आठ जनालाई उम्मेदवार बनाएको थियो । प्रमुख तीन पार्टीका प्रमुख महिला उम्मेदवार उपमहानगरपालिकामा १ जना, नगरपालिका प्रमुखमा ८ जना उम्मेदवार, गाउँपालिका प्रमुखमा १४ जना उम्मेदवार, जम्मा दोस्रो चरणमा २३ जना प्रमुख पदमा महिला उम्मेदवार प्रमुख पार्टीका तर्फबाट उठाइएको थियो । पहिलो चरणमा १५३ जना प्रमुख पदमा र दोस्रो चरणमा २३ जना महिला प्रमुख पदमा उम्मेदवार थिए । यसरी पहिलो चरणको  चुनावमा भन्दा दोस्रो चरणको चुनावमा प्रमुख पदमा महिला उम्मेदवारको सङ्ख्या घटेको देखिन्छ भनेर शर्माले उल्लेख गरेकी छन् । https:/nagariknetwork.com/ politics/124391 यसरी शर्माले २०७४ सालमा सम्पन्न स्थानीय चुनावमा प्रतिस्पर्धा गरी विजयी भएका महिला प्रतिनिधिहरूका बारेमा जानकारी गराएकी छन् ।

रुबिका परियार (२०७५) ले **अन्नपूर्ण पोस्ट** राष्ट्रिय दैनिकमा 'विचार' शीर्षकको स्तम्भअन्तर्गत आफ्नो केही राजनीतिक विचार व्यक्त गरेकी छन् । शताब्दीयौँदेखि बहिष्करणमा पारिएका दलित महिलाको सहभागिताले आशाको सञ्चार गराएको तर संविधानले दलित महिलाको उपस्थिति सुनिश्चित गरेको छ भनी उल्लेख गरेकी छन् । स्थानीय तह सञ्चालन ऐन २०७४ मा निर्वाचित दलित महिला सदस्यको जिम्मेवारी स्पष्ट पाएको छैन भन्दै उनले सङ्ख्यात्मक उपस्थितका हिसाबले उल्लेख्य मात्रामा भए पनि दलित महिलाले निर्णयकारी तहमा उल्लेखनीय भूमिका निर्वाह गर्न सकिरहेका छैनन् भनी बताएकी छन् । दलित निर्वाचित महिला सदस्यहरू कमजोर वा योग्य छैनन् भने विषयमा बहस हुने गरेकामा यसले दलित महिला निर्वाचित हुने कुरालाई कम आँकलन गर्ने कोसिस गरेको देखिन्छ भन्ने उनको ठम्याइ छ । मान्छे आफैँमा योग्य हुँदैन, काम र जिम्मेवारीले मान्छेलाई योग्य बनाउँदै लैजाने हो भन्दै परियारले जुनसुकै क्षेत्रमा पनि सकारात्मक र नकारात्मक दुवै पक्ष रहेका हुन्छन् तर म्याग्दी अन्नपूर्ण गााउँपालिका सदस्य विष्णु परियारलाई बैठक बस्ने क्रममा छुट्टै/अलग्गै कुर्सीमा राख्ने गरिएको थियो भनी दलित महिलामाथि हुने उत्पीडनका घटनाबारे उल्लेख गरेकी छन् । जनप्रतिनिधिका रूपमा निर्वाचित भएपछि उनले भोगेको यो विभेदबाट उनको मानसिकतामा कति अघात पुग्यो होला भन्दै उनले यस्ता विभेदले स्थान पाउनु निन्दनीय रहेको छ भन्ने टिप्पणी गरेकी छन् । सामान्य जीवन बिताइरहेका र आफ्नो नामसमेत लेख्न नजानेका दलित महिलालाई एक्कासि स्थानीय सरकारमा उनीहरूले विभिन्न

तहको पद पाउँदा उनीहरूमाथि आएको जिम्मेवारीले अलमल परेको देखिन्छ भन्दै परियारले उनीहरूका अनुसार इतिहासमा शक्तिशाली वर्ग, समुदाय र लिङ्गको मात्र इतिहास हुँदैन, त्यसभित्र शक्तिहीन, वर्ग समुदाय र लिङ्गको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ भनी बताएकी छन् । दलित महिलालाई राज्यले क्षमता अभिवृद्धि शासनप्रक्रियालगायत नीतिनिर्माण र कार्यान्वयन तहमा जिम्मेवारी दिन सकेन जसले गर्दा शताब्दीयौँदेखि उनीहरू घरभित्रै सीमित हुनुपर्थ्यो भन्ने दृष्टिकोण उनको रहेको छ । आज स्थानीय निर्वाचन ऐन २०७२ ले दलित महिलालाई राजनीतिमा उपस्थित हुने सुनौलो अवसर प्रदान गरेको छ भन्दै उनले दलित महिला जनप्रतिनिधिको व्यक्तित्व विकास गराउन स्थानीय सरकार जिम्मेवार हुनुपर्छ भनी उल्लेख गरेकी छन् (https://annapurnapost.com/new/114593) । यसमा स्थानीय निर्वाचन ऐन, २०७२ मा भएको व्यवस्थाबारे प्रस्ट पारिएको छ ।

सुषमा तिवारी द्विवेदी (२०७४) ले **कान्तिपुर दैनिक** पत्रिकाको “राजनीतिक क्षेत्रमा मधेसी महिलाको संलग्नता” शीर्षकको लेखमा २००७ देखि २०४६ हुदै २०६२ र २०६३ सालको जनआन्दोलनमा महिलाहरूले सक्रिय सहभागिता जनाएका थिए तर अहिलेसम्म उनीहरूको न स्थानीय तहमा सहभागिता सुनिश्चित भयो न त केन्द्रीय नीतिनिर्माणका तहमा नै सहभागिता भयो भनेर उल्लेख गरेकी छन् । राजनीतिक दलहरूले तराईका महिलाहरूलाई राज्यका विभिन्न निकायमा सहभागी गराउनेबारे उचित व्यवस्थापन गर्नु आजको आवश्यकता हो भन्दै उनले यहाँसम्म कि मधेसवादी राजनीतिक दलमा पनि महिलाको न्यायोचित सहभागिता देखिएन भन्ने टिप्पणी गरेकी छन् । उनले राजनीतिमा मधेसी महिला पछाडि पर्नाका प्रमुख कारणमा सामाजिक दृष्टिकोण, अशिक्षा, जनचेतनाको कमी, गरिबी, पारिवारिक दबाब, भाषाको समस्या, आरक्षणको अभाव, नागरिकताको समस्या र खास गरी दलमा लैङ्गिकमैत्री वातावरणको साथै नीति नहुनु पनि हो भन्ने धारणा उनले प्रस्तुत गरेकी छन् । तराईमा दुर्भाग्यवश राजनीतिमा संलग्न महिलाको चरित्रबारे शङ्का गर्नु, पारिवारिक दबाब, गरिबी र उनीहरूले राजनीतिक जीवनमा सामना गर्नुपर्ने विभिन्न प्रकारका शारीरिक, यौनिक, मनोवैज्ञानिक हिंसाका गतिविधि आदिका कारण एकदम मिहिनेती, इमानदार तथा स्वच्छ छवि भएका महिलाहरू राजनीतिमा आउन सकिरहेका छैनन् । स्थानीय निकायमा आफ्नो सक्रिय भूमिका निर्वाह गर्नसक्ने क्षमता एवम् आँट भएका महिलाहरू निरुत्साहित देखिन्छन् । खास गरी मधेसका महिलाले शताब्दीऔँदेखि कहिले दाइजोका नाममा त कहिले बोक्सीका नाममा त कहिले छोरो नपाएका निउँमा विभिन्न

सामाजिक, आर्थिक यातना सहँदै आएका छन् । घर, बच्चा, श्रीमान् सबैको जिम्मेवारी आफ्नो काँधमा लिएर राजनीतिमा होमिनु निकै चुनौतीपूर्ण पनि छ । यस्तो चुनौतीका बिच पनि यदि मधेसी महिलाले राजनीतिमा सक्रिय भूमिका पाए भने भ्रष्टाचारमुक्त समाज, सुशासन र महिलामैत्री वातावरण निर्माणमा सहयोग पुग्नेछ । महिला अधिकारको संरक्षण, सामाजिक, आर्थिक विकास, वातावरण संरक्षण र घरेलु हिंसामा कमी आउनेछ । नेपाली महिलाहरूमा यतिबेला आशाको किरण र विश्वास पलाएको छ । मौका दियो भने महिलाले पनि स्थानीय तहको नेतृत्व निष्ठाका साथ गर्न सक्छन् । त्यसका लागि समस्त पुरुषहरूको पनि सहयोग चाहिन्छ । महिला आफैँ पनि उठनु अनि जाग्नु जरुरी छ । जब २०७२ सालको संविधानले नै स्थानीय तहमा प्रमुख वा उपप्रमुख पदमा एकएक जना महिला अनिवार्य तथा वडामा २ जना महिला हुनुपर्ने व्यवस्था रहेको छ । यसले महिला अधिकारको सुनिश्चिता गरेको छ तब कानुनी बाध्यताका कारण राजनीतिक दलहरूबाट महिलाहरूले चुनावमा भाग लिन पाएका हुन् । कानुनी बाध्यताले गर्दा मात्र दलहरूले महिलालाई अगाडि सारेका त होइनन् भन्ने चिन्ता महिलाहरूको रहेको छ । तर अहिले महिलाहरू नेतृत्व लिन कम्मर कसेर लागेका छन् । मधेसी, दलित र जनजाति आन्दोलनले गर्दा राजनीतिमा महिलाको सक्रिय सहभागिताका साथै आफ्ना हक एवम् अधिकारका लागि अझै दृढ बनाएको छ । यदि महिलाहरू सशक्त भए भने पूरै राष्ट्रको चौतर्फी विकास हुन सक्छ । त्यसैले निर्वाचनमा महिलालाई सहयोग गर्नु आवश्यक छ । त्यसमा पनि मधेसी महिलालाई अझ सहयोग र साथको आवश्यकता छ (https://ekantipur.com/opinion/2017/05/02/20170502081302.html) । महिलाको सहभागिताबाटै राष्ट्रको चौतर्फी विकास हुन्छ भन्ने अवधारणा यसमा प्रस्तुत गरिएको छ ।

लक्ष्मण श्रेष्ठ (२०७५) ले स्थानीय निर्वाचनमा महिलाको संवैधानिक सुनिश्चितता भएकाले महिलाको उपस्थिति तुलनात्मक रूपमा सुदृढ हुँदै गएको छ भनी उल्लेख गरेका छन् । तर निर्णयकारी र नेतृत्वदायी पदमा भन्ने महिला उपस्थिति कमजोर छ । २०६२-२०६३ सालमा सम्पन्न दोस्रो आन्दोलनपछि नेपाली राजनीतिमा समावेशीकरणको बहस स्थापित भएको थियो । २०६३ सालको अन्तरिम संविधानसँगै राज्यका निर्णायक तहमा महिला उपस्थित कम्तीमा ३३ प्रतिशत पुऱ्याउनुपर्ने प्रावधान स्थापित भयो । ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका, र ४६० गाउँपालिका गरी कुल ७५३ वटा स्थानीय तहमा ३५ हजार ४१ जना प्रतिनिधि निर्वाचित हुन्छन् । त्यसमध्ये

१४ हजार ३ सय ५२ जना महिला छन् अर्थात् स्थानीय सरकारमा ४० दशमलव ९६ प्रतिशत महिला जनप्रतिनिधि  रहन्छन्, प्रमुख पदमा दुई प्रतिशत, उपप्रमुख पदमा ९१ प्रतिशत महिला रहने व्यवस्था संविधानले गरेको छ । ६ हजार ७ सय ४२ जना वडा अध्यक्षमध्ये एक प्रतिशत मात्र महिला छन् । नेतृत्व तहमा महिलाको उपस्थित कमजोर रहेको देखिन्छ (https://nagariknews.nagariknetwork.com/social.allairs/172986) । यसमा स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिलाको अवस्थाका बारेमा सत्यतथ्य प्रस्तुत गरिएको छ ।

## २.२ अनुसन्धान रिक्तता

माथि उल्लिखित पूर्वकार्यहरूमा लेखक तथा विद्वान्हरूले नेपाको राजनीतिमा महिलाको सहभागिता र प्रतिनिधित्वका बारमा थोरबहुत चर्चा गरेका छन् । कसैले महिलाको आन्दोलनबारे टिप्पणी गरेका छन् भने कसैले महिला अधिकारको व्यवस्थासम्बन्धी टिप्पणी गरेका छन् अनि कसैले महिला सहभागिता र स्थानीय प्रतिनिधित्वलाई सामान्य ढङ्गले प्रस्तुत गरेका छन् । समग्रमा भन्ने हो भने लामो समयदेखि नेपाली समाज रुढिवादी, परम्परावाद र जडसूत्रवादमा जकडिएको थियो । नेपाली समाजमा व्याप्त जातिवाद र दासप्रथाले मुलुक अघि बढ्न सकेको थिएन । त्यसमा पनि नारी र पुरुषबिचको सम्बन्ध र भेदभावका मान्यताहरू धर्म र दर्शनबाट प्रभावित भएका थिए । धर्म र दर्शनलाई बङ्ग्याएर पुरुषहरूले नारीलाई हेर्न थाले । धर्म र दर्शनको प्रयोग असमान रूपले हुन थाल्यो । परिणामस्वरूप नेपाली समाजमा नारीहरू पिछडिएको अवस्था र दोस्रो दर्जाको नागरिकका रूपमा देखिन पुगे । नेपाली समाजमा लामो समयसम्म सतीप्रथा कायम रह्यो । तत्कालीन समयमा यस प्रथालाई महिलाहरूले आत्मसात् गरे तर चेतनाको स्तर वृद्धि हुँदै गएपछि महिलाहरूले यस विषयमा असहमति राख्न थाले । समाजमा भएका विभिन्न घटनाहरू र सामाजिक कियाकलापहरू शिक्षाको ज्योतिबाट परिष्कृत हुँदै आएको देखिन्छ । यही सन्दर्भमा कतिपय स्थानमा महिलामाथि विभेद देखियो ।

हिन्दु धर्ममा महिलालाई देवीका रूपमा हेरिए पनि उनीहरूलाई दासी र सतीका रूपमा व्यवहार गरिने भएकाले महिलाहरू राजनीतिमा सहभागी हुनु कठिन कुरो थियो । सतीप्रथाको अन्त्यपछि विस्तारै महिलाहरूमा चेतनाको विकास हुँदै व्यवहारमा समेत परिवर्तन आउन थालेको देखिन्छ । विस्तारै नेपालमा सामाजिक सुधारका प्रक्रियाहरू जति खुकुलो बन्दै गए त्यति नै सामाजिक तथा राजनीतिक क्षेत्रमा महिलाहरूको संलग्नता वृद्धि

भएको पाइन्छ । महिला अब दोस्रो दर्जाको नागरिकका रूपमा मात्र नभई पूर्ण नागरिकका रूपमा रहेका छन् र उनीहरूले पनि पुरुषसरह नै अधिकार प्राप्त गर्नुपर्छ भन्ने मान्यताले प्रवेश पाएको देखिन्छ । नेपालको तराई क्षेत्रमा सम्पन्न स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वमा हालसम्म अध्ययन एवम् अनुसन्धान नभएकाले यस अर्थमा यो शोधप्रबन्धको विषय उपयुक्त एवम् औचित्यूर्ण रहेको छ । यस अध्ययनले स्थानीय निकायमा महिलाको भूमिका, महिलाहरूका समस्या र आवश्यकता, महिलाहरू किन स्थानीय निकायहरूमा बढी दक्ष, कुशल र राम्रो व्यवस्थापक हुन सक्छन् भने कुरा पनि यस अध्ययन एवम् अनुसन्धानले देखाएको छ । नेपालको तराई क्षेत्रका स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वसम्बन्धी अध्ययन एवम् अनुसन्धान नगण्य छन् अर्थात् यसबारे गहन अध्ययन एवम् अनुसन्धान हुनै सकेको छैन । अझ नेपालको तराईमा देखिएको राजनीतिमा महिला सहभागिता र प्रतिनिधित्वबारे मनन गर्दा विशेष गरी तराईमा सम्पन्न स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्व प्रायः शून्य रहेका अवस्थामा यस अध्ययनले उक्त रिक्तता पूरा गर्ने सक्दो प्राज्ञिक प्रयास गरेको छ ।

# अध्याय तीन
# अनुसन्धान विधि

## ३.१ अनुसन्धान विधि

समाजमा भएका विभिन्न विषयहरूबाट उत्पन्न हुने जिज्ञासाको उत्तर पाउनका लागि गरिने मानवीय प्रयत्नका क्रममा उत्पन्न समस्याहरूको समाधानका लागि निश्चित विधि र प्रक्रिया अपनाउने खोजविधिलाई अनुसन्धान विधि भनिन्छ । व्यवस्थित तरिकाबाट खोजमार्गमा अघि बढेर तथ्यहरूका आधारमा नयाँ कुरा पत्ता लगाउने, आविष्कार गर्ने र जानकारीमा ल्याउने विधि एवम् प्रक्रिया नै अनुसन्धान विधि हो । नयाँ ज्ञान प्राप्तिका लागि गरिने मानवीय प्रयत्न र त्यसलाई व्यवस्थित बनाउन अपनाइने प्रक्रिया नै अनुसन्धान विधि हो जसलाई सर्वेक्षण, परीक्षण, अध्ययन र विश्लेषण आदिद्वारा सत्यको खोजीमा प्रयोग गरिँदै आइएको छ । त्यसैले प्रस्तुत अनुसन्धानमा पनि प्रायःजसो यही विधिको प्रयोग गरिएको छ । विषयवस्तुको छनोटपछि निर्धारित उद्देश्यअनुरूपको परिणाम प्राप्त गर्नका लागि स्रोत सङ्कलन विधि, सूचना सङ्कलनका साधन, प्रक्रिया र स्रोतहरूको विश्वसनीयता मापन, प्राप्त सूचना एवम् स्रोतहरूको विश्लेषण, विश्वसनीयता कायम भएका स्रोतहरूका आधारमा प्रतिवेदन लेखन तथा अनुसन्धान प्रश्न-उद्देश्यको सम्बन्ध र उद्देश्यअनुरूपको निष्कर्ष मापनजस्ता विषयहरू यस अनुसन्धान विधिमा समावेश गरिएका छन् । सामान्यतया अनुसन्धान प्रमुख रूपमा गुणात्मक र परिमाणात्मक गरी दुई प्रकारका हुने गर्दछन् । मापनमा आधारित गुणात्मक अनुसन्धान सङ्ख्यात्मक पद्धतिमा उपयोगी हुन्छ । व्यक्तिविशेषको स्वभाव, आचरण, गतिशीलता, विषयवस्तुप्रतिको रुचि, योगदान, भूमिका आदि प्रस्ट पार्नका लागि प्रयोग गरिने अनुसन्धान नै गुणात्मक अनुसन्धान हो । प्रस्तुत अध्ययनमा पनि प्रायःजसो गुणात्मक विधिकै प्रयोग गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

प्रस्तुत शोधकार्य प्रारम्भ गर्नेदेखि सम्पन्न गर्नेसम्मको कार्ययोजना वा अनुसन्धानकार्य कसरी समपन्न गर्ने भन्ने पूर्वखाका नै अनुसन्धान ढाँचा हो । प्रस्तुत अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक र गुणात्मक ढाँचामा रहेको छ । प्रस्तुत शोधकार्यमा नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र

प्रतिनिधित्वसम्बन्धी पुस्तकालय, स्थलगत अध्ययन, नमुना छनोट, अन्तर्वार्ता, अनुसूची आदि तथ्याङ्कहरू सङ्कलन गरी ती सूचनाहरूको व्याख्या, विश्लेषणात्मक र गुणात्मक अनुसन्धान ढाँचामा तयार गरिएको छ ।

### ३.३ सैद्धान्तिक मान्यताहरू

यस विषयमा उल्लेख गरिएका विभिन्न पुस्तकमा स्थानीय निर्वाचन, महिला सहभागिता र प्रतिनिधित्वमा राजनीतिसम्बन्धी विचार एवम् सिद्धान्तलाई समेटेर विश्लेषण गरिएको छ ।

Rawls, J. (1971), A Theory of Justice, सैद्धान्तिक पुस्तकमा सहभागिता सिद्धान्तलाई सीमित गर्ने केही तरिका छन् । संविधानले सहभागिताको कम वा व्यापक स्वतन्त्रतालाई अनुमति दिन सक्छ । बहुसङ्ख्यक शासनलाई विभिन्न परम्परागत यन्त्रहरूद्वारा प्रतिबन्धित गर्ने गरिन्छ । बहुमत सिद्धान्त व्यावहारिक अव्यावहारिक आवश्यकताका रूपमा केही हदसम्म भर पर्नुपर्ने हुनाले, समस्या भनेको स्वतन्त्रताको लक्ष्यलाई अगाडि बढाउनका लागि दिइएको परिस्थितिमा कुनकुन अवरोधहरूले रामो काम गर्छ भन्ने पत्ता लगाउनु हो । निःसन्देह यी विषयहरू न्यायको सिद्धान्तबाहिर छन् । कुनै पनि संवैधानिक संयन्त्र आफ्नो उद्देश्य प्राप्त गर्नमा प्रभावकारी छ वा यसको सफल कार्यप्रणालीले कतिपय अन्तर्निहित सामाजिक अवस्थाहरू कत्तिको प्रभावकारी छ भन्ने कुरालाई विचार गर्न आवश्यक छैन । असीमित बहुमतको शासनलाई प्रायः विचार गर्ने गरिन्छ किनभने यो स्वतन्त्रताको शत्रु हो । संवैधानिक व्यवस्थाले बहुमतलाई आफ्नो इच्छालाई प्रभावकारी बनाउन ढिलाइ गर्न बाध्य पार्छ र यसलाई थप विचार गरी निर्णय गर्न बाध्य पार्छ । अन्य तरिकामा प्रक्रियागत अवरोधहरूले बहुमत सिद्धान्तका त्रुटिहरूलाई कम गर्न भनिएको छ, न्याय सूचनाले समान स्वतन्त्रताका लागि अपिल गर्दछ । कुनै पनि बिन्दुमा आर्थिक र सामाजिक लाभहरूको क्षतिपूतिको सन्दर्भ छैन । राजनीतिक स्वतन्त्रता र अरू सबैमध्येबाट छनोट गर्न बाध्य हुनुपर्ने हो भने पछिल्लोलाई मान्यता दिने र विधिको शासनलाई कायम राख्ने एक सार्वभौमसत्ताको शासन धेरै राम्रो हुनेछ ।

सहभागिताको स्वतन्त्रता सिद्धान्त भनेको सरकारले शासितहरूको अधिकार र कल्याणको सम्मान गर्छ भन्ने कुरा सुनिश्चित गर्नु हो । सौभाग्यवश हामीले प्रायः विभिन्न स्वतन्त्रताहरूको सापेक्ष कुल महत्त्वको मूल्याङ्कन गर्नुपर्दैन । सामान्यतया अगाडि बढ्ने

तरिकाको पूर्ण प्रणाली समायोजनमा समान लाभको सिद्धान्त लागु गर्नु छ । हामीलाई पूर्ण रूपमा सहभागिताको सिद्धान्त त्याग्न वा यसका सट्टा हामीले यसको दायरालाई सङ्कुचित वा फराकिलो बनाउनुपर्छ जहाँ राजनीतिक शक्ति भएकाहरूमाथि नियन्त्रणमा रहेको सीमान्त हामीबाट हुने स्वतन्त्रताको खतराले संवैधानिक उपकरणहरूको बढी प्रयोगबाट प्राप्त स्वतन्त्रताको सुरक्षालाई सन्तुलनमा राख्छ । यो एकअर्काका विरुद्ध तौलने प्रश्न हो । स्वतन्त्रताको प्राथमिकताले स्वतन्त्रताको प्रणालीभित्रका सीमान्त परिवर्तनहरू वहिष्कार गर्दैन । सहभागिताको सिद्धान्तले आवरण गरेको भनौँ भने तिनीहरूको मुख्य भूमिका बाँकी स्वतन्त्रताहरूको रक्षा गर्नु हो । स्वतन्त्रताको मूल्यका बारेमा विभिन्न विचारहरूले निःसन्देह विभिन्न व्यक्तिहरूले स्वतन्त्रताको पूर्ण योजनाहरूलाई कसरी व्यवस्थित गर्नुपर्छ भन्ने कुरालाई असर गर्नेछ । सहभागिताको सिद्धान्तमा उच्च मूल्य राख्नेहरू व्यक्तिको स्वतन्त्रतासँग ठुलो जोखिम लिन तयार हुनेछन् । अनुकूल परिस्थितिहरूमा एक संवैधानिक प्रक्रिया खोज्न जुन अन्य स्वतन्त्रताहरूलाई खतरामा नपारी सहभागिताको मूल्यका लागि पर्याप्त अवसर प्रदान गर्दछ । कुनै पनि प्रकियालाई न्याय गर्ने आधारभूत मापदण्ड भनेको यसको सम्भावित परिणामहरूको न्याय हो । यसरी स्वतन्त्रताको प्राथमिकताले स्वतन्त्रताको प्रणालीभित्रका सीमान्त परिवर्तनहरू वहिष्कार गर्दैन ।

सबैका लागि न्याय प्राप्त गर्ने तरिकाहरू पत्ता लगाउने प्रयास गर्दै राल्स (Rawls) ले एक काल्पनिक परिदृश्य प्रस्ताव गरे जहाँ मानिसहरूको समूह, आफ्नै वा अरूको सामाजिक, आर्थिक, शाारीरिक वा मानसिक कार्यहरूबारे अनभिज्ञ उनीहरू आफ्नै लागि कानुन बनाउन एकजुट हुन्छन् । यस्तो अवस्थामा सबैजना लगभग बराबर हुनेछन् । समाजको विशेष वर्गको स्वार्थी चाहनाबाट शासन व्यवस्था प्रभावित हुने छैन । त्यसो भए, न्यायको सामुहिक विचार भित्र बार्गेनिङ पावरमा कुनै पदानुक्रम हुने छैन । यसअन्तर्गत सबैमा भार र लाभको समान बाँडफाँट हुनेछ । त्यसकारण राल्स (Rawls) द्वारा प्रस्तावित न्यायको सिद्धान्तले समाजमा मानिसहरूलाई अलग गर्ने सामाजिक, आर्थिक, शारीरिक वा मानसिक कारकहरूलाई बेवास्ता गर्ने नियम बनाउने प्रणालीको वकालत गर्दछ । उनका अनुसार सुव्यवस्थित समाजमा दुई तत्त्व हुनुपर्छ । सुव्यवस्थित समाज निर्माण गर्न राल्स (Rawls) ले आफूलाई सक्षम नैतिक न्यायकर्ताहरूको समूहका रूपमा परिकल्पना गरे जसले विवादित नैतिक-राजनीतिक आदर्शहरूबिच तर्कसङ्गतता र निष्पक्षताका दृष्टिबाट निर्णय गर्न सक्षम छन् । राल्सका अनुसार कुनै पनि समाजका आधारभूत संस्थाहरू सबै पक्षलाई सामाजिक

प्राथमिक वस्तुको निष्पक्ष र सुसङ्गत वितरण सुनिश्चित गर्ने गरी निर्माण गरिनुपर्छ । यसमा अधिकार, स्वतन्त्रता, अवसर, आय र सम्पत्ति समावेश छन् । प्राथमिक वस्तुहरू नागरिकहरूको आधारभूत हितको सबैभन्दा सही प्रतिनिधित्व कार्य हुन् ।

राल्स (Rawls) का न्यायको दुई सिद्धान्तमध्ये पहिलो सिद्धान्तले प्रत्येक व्यक्तिलाई अरूका लागि समान स्वतन्त्रताहरूसँग मिल्दो व्यापक आधारभूत स्वतन्त्रताको समान अधिकार हुनुपर्छ । समान स्वतन्त्रताको सिद्धान्तअनुसार समाजका सबै मानिसहरूलाई मानव अस्तित्वको आधारभूत केही स्वतन्त्रताहरू दिनुपर्छ । त्यस्ता स्वतन्त्रताहरूलाई कुनै पनि हालतमा उल्लङ्घन गर्न सकिँदैन । यसले ठुलो जनसमूहका लागि फाइदा पुऱ्याउन सक्छ । राल्सले भनेका केही आधारभूत स्वतन्त्रताहरू भाषण, भेला, विचार र विवेकको स्वतन्त्रता, कानुनको शासन, सरसफाइ, धन र स्वास्थ्य सुरक्षित गर्न आवश्यक स्वतन्त्रताहरू हुन् । उनको दोस्रो सिद्धान्तले सामाजिक र आर्थिक असमानताहरूलाई व्यवस्थित गरिनुपर्छ ताकि तिनीहरू दुवै कमसेकम लाभान्वितको ठुलो लाभका लागि र अवसरको निष्पक्ष समानताको सर्तहरूमा सबैका लागि खुला कार्यालयहरू र पदहरूसँग सम्बन्धित हुन्छन् । दोस्रो सिद्धान्तको खण्ड (ए) लाई भिन्नताको सिद्धान्त पनि भनिन्छ । यसले सम्पत्ति र आयको असमान वितरणका मामलामा असमानता यस्तो हुनु पर्छ कि जो सबैभन्दा खराब छन्, तिनीहरू अझै पनि अन्य वितरणहरूभन्दा राम्रा छन् । त्यसैले एक हिसाबले आर्थिक असमानताबिना कुनै पनि समाजको अस्तित्व रहँदैन भन्ने राल्सको धारणा छ तर यस्तो असमानतालाई सकेसम्म कम गर्नुपर्छ । राल्सको न्यायको दोस्रो सिद्धान्त खण्ड (बी) लाई अवसरको उचित समानता सिद्धान्त पनि भनिन्छ । यसमा समाजले सबैलाई सामाजिक प्रतिस्पर्धामा भाग लिन सक्षम बनाउन सबैभन्दा आधारभूत माध्यमहरू उपलब्ध गराउनुपर्छ । सबैले आफूले चाहेको सार्वजनिक वा निजी कार्यालय र पदका लागि प्रतिस्पर्धा गर्ने समान अवसर हुनुपर्छ । यसरी राल्सका अनुसार आधारभूत स्वतन्त्रताहरू भाषण, भेला, विचार र विवेकको स्वतन्त्रता, कानुनको शासन, सरसफाइ, धन र स्वास्थ्य सुरक्षित गर्न आवश्यक स्वतन्त्रताहरू हुन् ।

David, S. (2006). *Defining Enviromental Justice*, पुस्तकमा समकालीन सिद्धान्त र व्यवहारमा न्यायको अवधारणाले व्यक्ति-व्यक्तिका लागि मात्र होइन समूह र समुदायका लागि पनि न्यायको माग गर्दछ । सैद्धान्तिक क्षेत्रमा न्यायलाई केवल वितरणभन्दा बढी बुझ्ने र मान्यता, सहभागिता र क्षमतालाई सामान्यतया व्यक्तिगत र समूह दुवै स्तरमा वितरण

गर्नु न्याय सिद्धान्तका लागि राम्रो कुरा हो । हालैका धेरै सामाजिक र राजनीतिक आन्दोलनहरूको भाषा र प्रवचनमा यी प्रकारका न्यायका लागि मागहरू सामान्य छन् । वास्तवमा आन्दोलनका मागहरूले हालै न्याय सिद्धान्तमा महत्त्वपूर्ण प्रभाव पारेका छन् । महत्त्वपूर्ण रूपमा न्याय सिद्धान्तमा वितरणभन्दा बाहिरका चिन्ताहरूको विकासले विगत केही दशकहरूमा सामाजिक आन्दोलनहरूको प्रवचन र अभ्यासहरूबाट धेरै प्रभाव पारेको छ । न्यायको आफ्नो हालको सिंहावलोकनमा ब्रिहाउस (Brighouse 2004) ले फ्रेजर (Fraser) को आफ्नो छलफललाई स्पष्ट रूपमा स्वीकार गर्दै सुरु गर्दछ । फ्रेजर (Fraser) को सुरुवाती बिन्दु सबैभन्दा भिन्न अहिलेसम्म चर्चा गरिएका सिद्धान्तकारहरूका विपरीत वास्तविक संसार हो । उनी वास्तविक संसारमा अन्यायहरू पहिचान गर्छिन् र ती अन्यायहरूमा के गलत छ भनेर व्याख्या गर्ने सिद्धान्तलाई विस्तृत रूपमा व्याख्या गर्ने प्रयास गर्छिन् । फ्रेजर (Fraser) र यंग (Young) दुवैका मान्यता वा सिद्धान्तहरूले विशेष गरी विभिन्न अन्यायहरूलाई सम्बोधन गर्दछन् । फ्रेजर (Fraser) ले पुनःवितरणका मान्यताको बहसमा आफ्नो अभियान सुरु गरे । यस मान्यताको लागि सङ्घर्ष गर्ने अवलोकनका साथ पुनर्वितरण मान्यताको बहस राजनीतिक सङ्घर्षको प्रतिमान बनेको छ ।

यसै गरी यंग (Young) ले विभिन्न आन्दोलनहरू नारीवादी, कालो मुक्ति, अमेरिकी भारतीय, समलिङ्गी र समलिङ्गीहरूको प्रभाव के हुन सक्छ भनी सोधेर आफ्नो न्याय र भिन्नताको राजनीतिक सुरु गरिन् । न्यायका राजनीतिक सिद्धान्तहरूका लागि सेन (Sen) र नुसबाउम (Nussbaum) दुवैले विकासोन्मुख संसारमा न्यायका लागि वास्तविक सङ्घर्षहरूमा बढी हुने न्यायको सिद्धान्तमा स्पष्ट रूपमा चासो व्यक्त गरेका छन् । राजनीति सहभागिताबाट वहिष्कार र व्यक्तिगत र सामुदायिक क्षमताहरूको पतन, समसामयिक न्याय सिद्धान्तको धेरै भागले वितरण-उपयोगी न्यायको अधिक परम्परागत क्षेत्रबाट ध्यान केन्द्रित गर्दछ । सामान्य रूपमा पहिचान र समुदायका नयाँ सामाजिक आन्दोलनहरूको पोस्ट-भौतिक मागहरूमा ध्यान केन्द्रित गर्न र जाति, लिङ्ग, लैङ्गिकता र अधिक विशेष रूपमा स्थिरता समूह, भिन्नता र राजनीतिक सहभागिताको मान्यताका लागि आह्वानले कहिलेकाहीँ सामाजिक र आर्थिक मान्यताको दाबीलाई ग्रहण गरेको छ तर विभिन्न मागहरू एउटै आन्दोलनमा एकैसाथ रहन्छन् । समकालीन सिद्धान्त र अभ्यास सहभागितामा न्यायको अवधारणा र सामुदायिक कार्यहरू सबै न्यायका आधारभूत र केन्द्रीय मागहरू हुन् । यहाँ तर्क यो छ कि अनादर, अशक्तीकरण, आर्थिक दुर्बलता, व्यक्तिगत र सामुदायिक

क्षमताहरूको पतन तथा नागरिक अधिकार, आदिवासी अधिकार, समलिङ्गी र समलिङ्गी अधिकार, महिलावादजस्ता सामाजिक आन्दोलनहरूको उदयबिचको सम्बन्ध छ । यसरी आन्दोलनका मागहरूले न्याय सिद्धान्तमा महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ ।

Rayna, R. R. (1975). *Anthropology of Women*, सङ्ग्रह मा महिलाको अधिकारबारे चर्चा गर्ने एउटा कोसेढुङ्गा साबित भएको छ । यस सङ्ग्रहले जीवविज्ञान र लैङ्गिक भूमिकाहरूबिच एक सरल, प्रत्यक्ष सम्बन्ध मान्नका लागि समयको मानवविज्ञानका क्षेत्रमा बलियो पूर्वाग्रहलाई उल्लेख गर्दछ र स्थलगत कामका लागि आह्वान गर्दछ । किनकि लिङ्ग भूमिकाहरूको विस्तृत दायराले उनीहरूका लागि सांस्कृतिक उत्पत्तिको सुझाव दिएको छ । प्रभावशाली सम्बन्धको दुवै पक्षका मानिसहरूले यसको फरक व्याख्या गर्न सक्छन् । कालाहारी, पपुवा न्यु गिनी, इरोक्वाइस राष्ट्र, फ्रान्सको दक्षिण, स्पेनी गाउँ, इटली डोमिनिकन रिपब्लिक, ग्रामीण कोलम्बिया, नाइजरसहित विभिन्न सेटिङहरूमा महिलाहरूका बारेमा धेरै विस्तृत एथनोग्राफिक पक्षहरूबाट सङ्कलन दायरामा समावेश गरिएको छ । सैद्धान्तिक निबन्धहरूमा मातृसत्तादेखि लिएर समाज र परिवारको उत्पत्तिका विषयहरू समेटिएका छन् ।

महिलाहरूका बारेमा एथ्नोग्राफी वास्तवमा मानवशास्त्रको इतिहासमा प्रारम्भिक रूपमा सुरु भएको थियो । नारीवादको दोस्रो लहरले महिलाहरूको क्रस-सांस्कृतिक रूपमा विश्वव्यापी सिद्धान्तलाई उक्साउनुअघि नारीवादले महिलाको जीवनमा चेतना र चासो बढायो । महिलाहरूमा केन्द्रित धेरै एथ्नोग्राफीहरू १९७० मा प्रकाशित हुन थाले । सबै समान १९७० को दशकमा सिद्धान्तको विस्फोट हुनुअघि महिलाहरूमा एथनोग्राफीहरू अवस्थित छन् । रुथ ल्यान्डेसको द ओजिब्वा वुमन (१९३८) र रुथ अन्डरहिलको पापोगो वुमन (पहिलो पटक द अटोबायोग्राफी अफ ए पापोगो वुमन) मेमोइर्स अफ द अमेरिकन एन्थ्रोपोलोजिकल एसोसिएसन नम्बर ४६, १९३४ का रूपमा प्रकाशित हुन् । अन्डरहिलको पापागो वुमनले एरिजोना क्षेत्रमा बसोवास गर्ने अमेरिकी मूल निवासी पापागो जनजातिकी एक महिलाको जीवनको वर्णन  गर्छिन् । अन्डरहिलका अन्तर्वार्ताहरू उनको सूचनादाताको जीवनमा ढिलो आएका थिए र यिनले  पापागो जीवनका धेरै पक्षहरू साथै मारिया चोमाको आफ्नै जटिल जीवन कथा समेट्छ । ल्यान्डेसको द आजिब्वा वुमन, यसका विपरीत एकल महिलाका कथाहरू प्रस्तुत गर्दछ जुन आफ्ना बारेमा होइन तर जनजातिका अन्य महिलाहरूका बारेमा हो । दुवै एथनोग्राफीहरूका साथै यस समयमा प्रकाशित अन्य यी

मानिसहरूका महिलाहरूका बारेमा जानकारी रेकर्ड गर्ने उद्देश्य हो जसलाई अन्य एथ्नोग्राफी वा परम्परागत खाताहमा ठुलो मात्रामा बेवास्ता गरिएको छ । महिला लेखन संस्कृति (१९९५) सङ्ग्रहको डेबोरा ए गोर्डनसँग रुथ बेहर पनि एक सहसम्पादक थिइन् जसले महत्त्वाकाङ्क्षी रूपमा एथ्नोग्राफी वा सिद्धान्तहरू सङ्कलन गर्नुभन्दा पनि महिलाहरूको मानवशास्त्रमा नारीवादी सिद्धान्तको निर्माण गर्न खोज्छ । बेहारको परिचयले मानवशास्त्री सिद्धान्तको यस्तो क्यानन सिर्जना गर्न सुझाव दिन्छ र भोल्युमको निबन्धहरूले मानवविज्ञानको नयाँ दृष्टिकोणमा जोड दिने सुझाव दिन्छ । यद्यपि यो पुस्तक महिलाको मानवशास्त्रभन्दा नारीवादी मानवविज्ञानमा अधिक दृढतापूर्वक राखिएको हुनसक्छ । यसरी प्रस्तुत पुस्तकमा महिलाको अवस्थाका बारेमा निकै जानकारी पाउन सकिन्छ ।

Feminism को अर्थ नेपालीमा नारीवाद वा महिलावाद हुन्छ । महिलावाद वा नारीवाद भन्ने शब्द र नारीवादी सिद्धान्त दुवैको उद्‌गमस्थल पाश्चात्य जगत् नै हो । नारी जागरणको प्रारम्भ १५ औं शताब्दीतिर र नारी आन्दोलनको प्रारम्भ १९ औं शताब्दीबाटै भए तापनि ती जागरण र आन्दोलनले नारीवादको स्वरूप भने पाइसकेका थिएनन् । नारीवाद भन्ने शब्दको प्रयोग पश्चिमा संसारमा पनि धेरैपछि मात्र भएको हो । Feminism भन्ने शब्दले प्रारम्भमा जुन अर्थ बुझाउँदथ्यो पछिल्ला दिनमा त्यसले समेट्ने विषयमा समेत धेरै फरक पाउन सकिन्छ । सर्वप्रथम सन् १८७१ मा बिरामी पुरुषको यौनअङ्ग तथा विशेषताको उल्लेख गर्ने सन्दर्भमा एउटा फ्रेन्च चिकित्सक प्रतिवेदनमा Feminism भन्ने शब्दको प्रयोग भएको पाइन्छ तर राजनीतिक वृत्तमा भने पहिलो पटक सन् १८७२ मा महिलाको पुरुष प्रवृत्तिको उल्लेख गर्ने क्रममा अलेक्जेन्डर दुमास नामका एकजना नारीवादविरोधी लेखकले यसको प्रयोग गरेका थिए (त्रिपाठी, २०६८, पृ. २९) । महिलाको सामाजिक रूपमा अधीनस्थ तथा कमजोर अवस्था सुधार र परिवर्तनका निम्ति प्रश्न उठाउन थालिएको लामो समयपश्चात् नै महिलावाद/ नारीवादको प्रयोग र यससम्बन्धी सिद्धान्तको विकास भएको देखिन्छ (पौड्याल, २०६७, पृ. १) । महिला आन्दोलनको प्रारम्भ १९ औं शताब्दीबाटै भए तापनि ती आन्दोलनले नारीवादको स्वरूप भने पाइसकेका थिएनन् ।

नारीवादको उदय नारीवादी आन्दोलनको सुरुवात सन् १९७० को दशकदेखि भएको थियो । तापनि स्त्रीपुरुषबिचको सापेक्ष स्थितिसम्बन्धी विवाद चीरकालदेखि कायम रहँदै आएको हो । प्राचीन युनानी दार्शनिक प्लेटोले संरक्षक वर्ग (Guardiary Class) अन्तर्गत स्त्री

र पुरुषको समानता स्वीकार गरेका थिए । अरस्तुका अनुसार स्त्रीको स्थिति पुरुषको भन्दा कमजोर थियो । उनले उनीहरूलाई दासको समकक्षमा राखेका थिए । प्राचीन भारतीय ग्रन्थ मनुस्मृतिमा यन्त्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवता भनी उल्लेख गएिएको छ । अर्कातर्फ नारीहरू स्वतन्त्र रहन सक्दैनन् भन्ने कुरा उल्लेख गरिएको छ (भण्डारी, २०७१, पृ. १९७) । स्त्रीपुरुषबिचको समानतासम्बन्धी विवाद चीरकालदेखि नै कायम रहँदै आएको देखिन्छ ।

महिलावादी सिद्धान्तभित्र मानवशास्त्र, जीवशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, इतिहास, कानुन, साहित्यजस्ता विषयहरू पनि समेटेको पाइन्छ । यसले सधैँ महिलाहरू के हुन् ? भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास गरेको देखिन्छ । त्यस्तै यसले महिलाको अवस्था किन यस्तो छ ? भन्ने कुरो पत्ता लगाउने कोसिस गरेको छ साथै यो नारीवादले सधैँ अब कसरी हामीले यो विश्व समाजमा सबै महिलाको अवस्थामा सुधार र परिवर्तन गर्न सक्छौँ भन्नेबारेको प्रयासलाई निरन्तरता दिएको छ । (Ritzer, 1972, p. 448) यी प्रयासहरूबाट नारीवादले महिलाको अवस्थिति र अवस्था पुरुषहरूको भन्दा फरक हुनाका असमान भएको पनि बताएको छ ।

नारीवाद कुनै एकरेखीय विचार नभई लैङ्गिक न्याय र समानता प्राप्तिको आकाङ्क्षा राखेर त्यसको समस्या र निराकरणका सम्बन्धमा विभिन्न दृष्टिकोण अँगाल्ने नारीहरूको बृहत् अभियान हो । वास्तवमा नारीवादी आन्दोलन एउटा सामाजिक-राजनीतिक यथार्थता हो जो उत्पीडनविरुद्धको प्रतिरोध, कानुनी सुधार, नागरिकतासम्बन्धी सरोकार, शिक्षा तथा सामाजिक परिवर्तनलगायतका बहुआयामिक मुद्दाहरूको उठान गरी विभिन्न स्वरूप र शैलीमा विकसित भई अगाडि बढिरहेको छ (Jain, 2011, P. 15) । नारीवाद लैङ्गिक उत्पीडनविरुद्धको त्यस्तो सङ्घर्ष हो जसमा संस्कृतिका विभिन्न तह वा क्षेत्रमा रहेका हैकमवादी विचारको अन्त्यका लागि आवश्यक सङ्घर्ष तथा समाजलाई पुनः सङ्गठित गर्ने प्रतिबद्धता अन्तर्निहित हुन्छ ।

नारीवादको विकास पितृसत्तात्मक उत्पीडन र शक्ति प्रयोगको एकाधिकारविरुद्ध परिलक्षित भई अगाडि बढेको हो । पितृसत्ता (Patriarchy) को शाब्दिक अर्थले परिवारमा पिताको शासन (Rule of Father in Family) लाई जनाउँछ तर पितृसत्ताको स्वरूपको फैलावट यतिमा मात्र सीमित छैन । पितृसत्ता एउटा मूल्य, मान्यता, परम्परा र संस्थागत स्वरूपमा व्यक्तिगत, पारिवारिक तथा सार्वजनिक जीवनका हरेक क्षेत्रमा गहिरोसँग अन्तरघुलित सम्बन्धका जुनसुकै क्षेत्र र तहमा महिला र पुरुषबिच शक्तिसम्बन्धमा

श्रेणीबद्धताको सृजना गरी उक्त सोपानिक श्रेणीको उच्च तहमा पुरुषलाई शक्तिशाली हैसियतमा र महिलालाई तल्लो स्थानमा 'शक्तिहीन' प्राणीका रूपमा व्यवहार गरी दमनको नियोजित संयन्त्रका रूपमा काम गर्दै आएको छ (Simms, 1984, P. 13) । नारीवाद महिला सशक्तीकरणको प्रवाह हो । यसले महिलाको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक अधिकारका साथै समानताको पैरवी गर्दछ । नारीवादले महिलाका स्वाभिमान, स्वतन्त्रता र उन्नत जीवनको सुनिश्चितता एवम् जीवनका उपर्युक्त मानवीय मूल्यको संरक्षणको माग गर्दछ । नारीवाद लैङ्गिक उत्पीडन र शोषणविरुद्ध उठान भएको आन्दोलन भएकाले यसको मुख्य उद्देश्य समाजमा रहेको लैङ्गिक उत्पीडन र शोषणको जरारूपी पितृसत्तात्मक संरचना र त्यसबाट परिपोषित विभेदकारी मूल्य, मान्यता र व्यवहारको अन्त्य गर्नु हो । नारीवादी आन्दोलन पुरुषविरोधी आन्दोलन पनि होइन, यो त केवल महिलामाथि पुरुष प्रमुख र पितृसत्तात्मक प्रवृत्तिको विरुद्धको अभियान हो । अधिकांश नारीवादीहरू स्रोतसाधनको समान पहुँच र वितरण, नारी स्वतन्त्रताको सम्बर्द्धनका साथै सबै प्रकारका परम्परागत विभेदपूर्ण मान्यता अस्वीकार गरी आफ्नै जीवनशैली रोज्न पाउने अधिकारको वकालत गर्दछन् (Kinnon, 2012, P. 236-237) । यसरी नारीवादले महिलाको स्वाभिमान, स्वतन्त्रता र उन्नत जीवनका सुनिश्चितताको संरक्षण हुनुपर्दछ भनी माग गर्दछ ।

नारीवादी आन्दोलनको आरम्भिक प्रयास सङ्घको अठारौँ शताब्दीका युरोपीय चिन्तनहरूबाट पाउन सकिन्छ । उदारवादी परम्परा (Liberal Treadition) अन्तर्गत Mary Wollstonecraft (1759-97) को कृति नारी अधिकारको प्रामाणिकता (१७९३) मा स्त्रीहरूको कानुनी, राजनीतिक र शैक्षिक क्षेत्रमा समानता प्रदान गर्नका लागि प्रकाश पारिएको थियो । Wollstonecraft ले विशेष गरी स्त्रीपुरुषको फरकफरक सदगुणको प्रचलित धारणालाई चुनौती दिँदै सामाजिक जीवनमा उनीहरूको समान स्थिति र भूमिकाको माग गरेका थिए । J.S. Mill (1773-1836) ले आफ्नो कृति *सवजेक्सन अफ वुमेन* (Subjection of Women, 1869) मा स्त्रीपुरुषको सम्बन्ध मैत्रीपूर्ण हुनुपर्छ भनी उल्लेख गरेका छन् । मिलले विवाह कानुन र स्त्री मताधिकारमा सुचारु गर्नुपर्ने सम्बन्धका बारेमा प्रकाश पार्दै सुयोग तथा प्रतिभाशाली स्त्रीहरूलाई समान अवसर प्रदान गर्नुपर्ने भनी वकालत गरेका छन् ।

१९ औँ शताब्दीमा मार्क्सवादका प्रवर्तकहरूले स्त्रीपुरुषको परस्पर सम्बन्धमा विशेष रुचि राखे । उनीहरूका अनुसार परिवार तथा संस्था श्रमविभाजनको सामान्य रूप हो । तुलनात्मक रूपबाट हेर्ने हो भने पुरुषको बुर्जुवा वर्ग (Bourgeoisie) र स्त्रीको सर्वहारा

(Proletariat) वर्गको स्थिति छ । मार्क्सवादीहरूको तर्कअनुसार जब पुँजीवादी प्रणाली (Capitalist System) को अन्त्य हुन्छ तब व्यक्तिगत गृहकाय (Private House work) सार्वजनिक उद्योगलाई सुम्पिन्छ । त्यसपछि स्त्रीहरू सार्वजनिक जीवनमा पुरुषसँग साथसाथै रहेर काम गर्न सक्छन् (भण्डारी, २०७१, पृ. १९७-१९८) । यसरी मार्क्सवादीहरूले पुँजीवादी प्रणालीको अन्त्यपछि व्यक्तिगत गृहकार्य सार्वजनिक उद्योगलाई सुम्पिइन्छ अनि त्यसपछि महिलाहरू सार्वजनिक जीवनमा पुरुषसँग साथसाथै रहेर काम गर्न सक्छन् भनी तर्क गरेका छन् ।

नारीवादको प्रारम्भिक चरणदेखि वर्तमान समयसम्म आइपुग्दा नारीवादी आन्दोलनमा विभिन्न वैचारिक सैद्धान्तिक धारणाहरू तथा प्रवाह देखा परे पनि पितृसत्तात्मक मूल्य, मान्यता र संरचनामा आधारित लैङ्गिक उत्पीडनका सबै स्वरूपको अन्त्य गरी लैङ्गिक न्याय र समानतालाई सामाजिक न्याय र मानवअधिकारको अविभाज्य पक्षका रूपमा स्थापित गराउने नारीवादको आधारभूत प्रस्तावना सर्वकालीन अटल, अविचलित र सार्वभौम मान्यताका रूपमा रहेको देखिन्छ ।

नारीवादका प्रमुख प्रवाहहरू :

### १. उदारवादी प्रवाह

विश्वनारी आन्दोलनका क्रममा सबैभन्दा पहिले उदार नारीवाद अस्तित्वमा आएको सैद्धान्तिक धारा हो । वैयक्तिक स्वतन्त्रता एवम् कानुनी समानता र अधिकार उदार नारीवादका मुख्य प्रस्थापना हुन् (Whelehan, 2015, P. 29) । उदार नारीवादी सिद्धान्तको विकास र विस्तारमा विभिन्न महिला अभियानकर्ता, समाजसेवी तथा साहित्यकारहरूको महत्त्वपूर्ण योगदान रहेको छ । अठारौँ शताब्दीमा मेरी उलस्टनकाफ्ट (Marry Wollstonecrafft), उन्नाइसौँ शताब्दीमा जोन स्टाउर्ट मिल (John Stuart Mill), ह्यारी टेलर (Harriet TayaLr), सिल्भिया (Syliva), सोजर्नर ट्रुथ (Sojourner Truth), बीसौँ शताब्दीमा वेटी फ्रेडम (Betty Friedam) को नाम अग्रस्थानमा आउँछ (Kinnon,2008, P. 237) । नारी अधिकारवादी पुनरुत्थानका लागि नयाँ सङ्घर्षको सूत्रपात गर्नु यसको प्रमुख उद्देश्य हो । यसमा स्त्रीहरूका लागि अवसरको पूर्ण समानता (Absolute equality of opportunity) र लिङ्गका आधारमा भेदभावको पूर्ण निराकरणमा बल पुर्‍याइन्छ । यस कार्यका लागि स्त्री र पुरुषलाई समान वेतन र गर्भपतन कानुन (Abortion law) मा सुधार यसका कार्यक्रमहरू

हुन् । यो नारीवादी आन्दोलनको एक लोकप्रिय पत्र हो (भण्डारी, २०७१, पृ. १९८) । सन् १९६० पश्चात् उदार नारीवादी आन्दोलनको नयाँ प्रस्फुटन भयो । समानताको औपचारिक अवधारणालाई राजनीतिक तथा सार्वजनिक क्षेत्र, शिशु स्याहार, प्रजनन अधिकार तथा गरिब महिलाहरूको अधिकारसम्म फैलियो । यसका साथै विद्यमान परम्परा, कानुन, संस्था, सामाजिक प्रथा र प्रवृत्तिको सुधारमार्फत लैङ्गिक समानता र समाज परिवर्तनको लक्ष्य हासिल गर्न सकिन्छ (Rao, 2007, P. 10) । यसरी नारीवादी आन्दोलनमार्फत विद्यमान परम्परा, कानुन, संस्था, सामाजिक प्रथा र प्रवृत्तिको सुधारमार्फत लैङ्गिक समानता र समाज परिवर्तन गर्न सकिन्छ ।

Ritzer, G. (1972), Sociological theory, ले उल्लेख गरेझैं समाजशास्त्रमा उदार नारीवादको मान्यतामा आधारित सिद्धान्तअनुसार नारीहरू पुरुषसरह स्वतन्त्र नभएकाले नारीहरू पछि परेको धारणा राख्दै नारी स्वतन्त्रतालाई बढावा दिनुपर्ने तर्क दिएको पाइन्छ । नारीहरूलाई सामाजिकीकरणका माध्यमबाट कानुनी स्वतन्त्रता र समान अवसर प्रदान गर्ने, उनीहरूप्रति गलत मान्यता हटाउने कार्य गर्न सकेमा मात्र नारीवादी आन्दोलन सफल हुने ठहर उदार नारीवादीहरूको रहेको छ । नारीहरूले पुरुषहरूले जस्तै सामूहिक भूमिका वहन गर्न सक्दछन् भन्नेमा जोड दिएको यस सिद्धान्तले नारीहरूलाई सामाजिक, सांस्कृतिक तथा कानुनी तरिकाबाट विकसित र परिवर्तन गराउन सकिन्छ भन्ने धारणा राखेको पाइन्छ जसका आधारमा नेपालको राजनीतिमा सहभागिता र प्रतिनिधित्वको स्थितिलाई हेर्दा नेपाली नारीहरू पनि यस्तै विभेदको कारणले नै निर्वाचित प्रतिनिधित्वमा कमी भएको भेटिन्छ ।

समाजका हरेक तहमा जरा गाडेको पितृसत्तात्मक सोचलाई उखेल्न संरचनात्मक परिवर्तन आवश्यक पर्छ, सुधारात्मक परिवर्तनले मात्र लैङ्गिक उत्पीडन अन्त्य गर्न सक्दैन (Rao, 2007, P. 9) । यसरी महिलाको अवस्थामा सुधार ल्याउनका लागि पितृसत्तात्मक सोचमा परिवर्तन आउनु आवश्यक मानिन्छ ।

वर्तमान पश्चिमा आन्दोलन मुख्यतया यही वैचारिक प्रस्थापनाका आधारमा अगाडि बढेको छ । विभिन्न नयाँ प्रवृत्ति र मुद्दाहरूले यसमा स्थान पाएका छन् तर आमूल रूपान्तरणका साटो क्रमिक सुधारका पक्षमा रहेकाले उदार नारीवाद परम्परावादी सिद्धान्तका रूपमा आलोचित हुने गरेको छ ।

## २. आमूल नारीवादी

वर्तमान व्यवस्थामा सामान्य सुधारबाट स्त्रीहरूमाथि हुने अत्याचारको जरोसम्म पनि हल्लिदैन भन्ने तर्क यसअन्तर्गत Shulamith Firestone (1945) द्वारा दिइएको आर्थिक परिवर्तनबाट मात्र उनीहरूलाई विशेष फाइदा हुँदैन । सम्पूर्ण इतिहास पुरुषहरूको अत्याचारको कथाका रूपमा रहेको छ । यो पितृसत्तात्मक शक्तिको जल्दोबल्दो उदाहरण हो । तथ्य कुरा के हो भने स्त्री र पुरुषको शारीरिक अन्तरलाई एक जीववैज्ञानिक तथ्य मानेर स्त्रीहरूलाई बच्चा जन्माउने र तिनीहरूलाई पाल्ने मेसिनका रूपमा सम्झिन्छ । सामान्यतः छोरालाई डाक्टर, इन्जिनियर, वकिल बन्न प्रोत्साहित गरिन्छ भने छोरीलाई नर्स, सेक्रेटरी र गृहिणी बन्न अवसर प्रदान गरिन्छ । जीववैज्ञानिक दृष्टिले छोरा र छोरीको मानसिक क्षमतामा कुनै अन्तर हुँदैन । समाजले चाहेमा यिनीहरूको भूमिकामा परिवर्तन गर्न सकिन्छ । यस विचार धाराअनुसार स्त्रीको शोषण (Exploitation) को अन्त्यका लागि लिङ्गका आधारमा गरिने श्रम विभाजनको अन्त्य गर्नुपर्छ । यो विचार नारी मुक्ति आन्दोलन (Women's liberation movement) का रूपमा व्यक्त भएको हो (भण्डारी, २०७१, पृ.१९८, १९९) । यसरी स्त्रीको शोषणको अन्त्यका लागि लिङ्गका आधारमा गरिने श्रम विभाजनको अन्त्य गर्नुपर्छ ।

आमूल नारीवादीहरू पुरुष नारीका हितको बाधक रहेको तथा विरोध मात्रै गर्ने भएकाले पुरुषहरूसँग कुनै पनि सहकार्य गर्न नसकिने र नारीहरूको सङ्घर्षको मूल स्वरूप नै पितृसत्ताविरुद्ध केन्द्रित हुनुपर्छ भन्ने कुरामा जोड दिन्छन् । यस वादले नारीहरू आफ्नै ताकतमा निर्भर हुनुपर्छ भन्ने मान्यता राख्दछ (Whelehan, 2015, P. 86) । आमूल नारीवादले विद्यमान समाजमा नारी उत्पीडनलाई समूल नष्ट गर्नु पर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । घरभित्रै नारीहरू सबैभन्दा बढी लैङ्गिक विभेदमा परेका छन् । त्यसैका कारण वैवाहिक-पारिवारिक सम्बन्धलाई मान्दै नारीपुरुषबिचको वैवाहिक सम्बन्धलाई पूरै निषेध गरेर महिला-महिला बिचमै वैवाहिक सम्बन्ध स्थापित गर्ने समलैङ्गिक नारीवाद (लेस्वियन फेमिनिजम) को सिद्धान्त अगाडि सारेको छ । सामाजिक परिवर्तनका सन्दर्भमा यस्तो पाइला उच्छेदनको प्रकृतिको ठहरिने हुनाले यसप्रकारको नारीवाद धाराको नाम नै आमूल रहन गएको हो (त्रिपाठी, २०६८, पृ. ९४) । यसरी आमूल नारीवादले विद्यमान समाजमा नारी उत्पीडनलाई नष्ट गर्नुपर्छ भन्ने दृष्टिकोण राखेको देखिन्छ ।

समाजमा रहेका महिलाहरूतर्फ लक्षित यौनशोषण र हिंसा पुरुषको प्रभुत्वका कारण हुने गर्दछ । आमूल महिलावादीहरू कानुनी भिन्नतालाई हटाउँदै पितृसत्तात्मक सामाजिक संरचना, सोच, व्यवस्था र संस्कृतिलाई जरैबाट उखेलेर नफालेसम्म कानुनी मस्यौदा मात्र लैङ्गिक समानता हासिल गर्न पर्याप्त हुँदैन भन्ने मान्दछन् । उनीहरू कानुनी सुधारका सट्टा लैङ्गिक उत्पीडनको समूल अन्त्यका लागि सबै प्रकारका पितृसत्तात्मक संरचनाको विघटनको अपरिहार्यतामा जोड दिन्छन् (Rao, 2007, P. 10) आमूल नारीवादीहरूले महिलाको पूर्ण स्वाधीनता र स्वतन्त्रताका पक्षमा आवाज उठाई पितृसत्तात्मक चिन्तनका विरुद्ध ठुलो तरङ्ग उत्पन्न गरे तापनि सन्तुलित लैङ्गिक र लैङ्गिक शोषणको अन्त्यका सम्बन्धमा कुनै ठोस, वस्तुगत र व्यावहारिक दृष्टिकोण राख्न नसकेका कारण उग्र नारीवादलाई पुरुष हैकमविरुद्धको महिलामा रहेको विद्रोही र प्रतिशोधकारी भावको विस्फोटनलाई प्रस्फुटनका रूपमा लिन  सकिन्छ । यसको प्रभाव सामाजिक रूपान्तरमा देख्न सकिएको छैन ।

### ३. समाजवादी नारीवाद

नारीवादको तेस्रो प्रवाह समाजवादी नारीवादका सम्बन्धमा क्रियाशील रहेको छ । यसको प्रमुख प्रतिनिधि अङ्ग्रेज महिला (Sheila Rowbotham 1943) हुन् । उनीहरू आमूल परिवर्तनकारीको पितृसत्तात्मक विश्लेषण  र मार्क्सवादीहरूको वर्ग विश्लेषण बिच समन्वय गर्ने प्रयत्न भएको छ । यस प्रवाहको दाबीअनुसार स्त्रीहरूको पराधीनताको सम्पूर्ण कारण मिल्दाजुल्दा छन् । यसको एक प्रमुख कारण जीववैज्ञानिक नियम हो । यो चीरकालदेखि निरन्तर रूपमा चल्दै आएको हो । दोस्रो कारण आर्थिक दृष्टिले पुरुषप्रधान समाज हो । उसलाई सम्पूर्ण सम्पत्तिको स्वामी मानिन्छ । स्त्रीलाई समेत पुरुषको सम्पत्ति मानिन्छ । तेस्रो कारण पुँजीवादी व्यवस्था हो । यसमा स्त्रीलाई श्रमको स्रोत मानिन्छ र उसलाई शोषण गरिन्छ । स्वयम् पुँजीवादी व्यवस्था ऐतिहासिक नियम को परिणाम हो (भण्डारी, २०७१, पृ. १९९) । यसरी स्त्रीहरूको पराधीनताको मुख्य कारण पुरुषप्रधान समाज रहेको देखिन्छ ।

आमूल नारीवाद र मार्क्सवादी नारीवादका बिचमा सन् १९६० र १९७० का दशकमा भएको सामाजिक असमानताका आधारभूत कारणमाथिको बहसले समाजवादी नारीवादी धारको जन्म भएको पाइन्छ । मार्क्सवादीभित्रका वर्गभेद र श्रमजस्ता केही कुरा समाजवादी नारीवादीहरू स्वीकार गर्छन् (त्रिपाठी, सन् २०१२, पृ. १९७) । समाजवादी

नारीहरू उदारवादी नारीवादीले जस्तो संरचनात्मक क्रमिक विकास र सामान्य सुधारले विद्यमान लैङ्गिक उत्पीडनको अन्त्य हुन्छ भन्ने मान्यता राख्दछन् । त्यसैले पुँजीवाद र पितृसत्ताविरुद्ध सङ्गठित र योजनाबद्ध सङ्घर्षको आवश्यकतामा जोड दिनुका साथै समाजमाा नारीको शक्तिहीनताको आवश्यकता निम्ति उत्पादन, पुनरुत्पादन, यौनिकता र बालबालिकाको सामाजिकीकरणलाई मुख्य जिम्मेवारी ठान्दछन् (Rao, 2007, P. 12) । यसरी समाजवादी नारीवादले वर्गीय तथा लैङ्गिक उत्पीडनको दुवै समस्याको समाधान अलग्याएर गर्न नसकिने र बृहत् सामाजिक-सांस्कृतिक परिप्रेक्ष्यमा लैङ्गिक उत्पीडनको बहुस्वरूपको विश्लेषण गरी विद्यमान पुँजीवादी पद्धति र सामाजिक-सांस्कृतिक कारक तत्त्वहरूमा परिवर्तन गर्न सके महिलामाथिको दमन रोक्न सकिन्छ भन्ने मान्यता अगाडि सारेको छ । मार्क्सवादी विचारको एकहोरो वर्गीय लैङ्गिक उत्पीडनलाई कम आँकेको प्रति समाजवादी नारीवादको असन्तुष्टि रहेको छ ।

## ३.४ स्रोत सामग्रीहरू

अध्ययन-अनुसन्धानसँग सम्बन्धित तथ्यहरू प्राप्त गर्न सघाउ पुऱ्याउने माध्यमहरूलाई अनुसन्धानका स्रोत सामग्री भनिन्छ । यो अध्ययन-अनुसन्धान कार्यलाई विश्वसनीय र प्रामाणिक बनाउन सघाउ पुऱ्याउनेदेखि अनुसन्धानकर्तालाई नयाँनयाँ विषयवस्तुहरूबारे जानकारी दिएर तथ्यपरक ढङ्गले काम गर्न सघाउने स्रोत सामग्रीहरू यस शोधकार्यमा प्रयोग भएका छन् । अध्ययन-अनुसन्धानलाई व्यवस्थित एवम् जीवन्त बनाउन निर्धारित विषय शीर्षक र अनुसन्धान समस्यासँग सम्बन्धित रहेर स्रोत सङ्कलन कार्य गर्नुपर्ने भएकाले प्रस्तुत अध्ययनका क्रममा पनि निर्धारित नेपालको तराईका स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्व शीर्षकसँग सम्बन्धित स्रोतहरूको सङ्कलन गरी यो शोधकार्य गरिएको छ ।

## ३.५ स्रोतका प्रकारहरू

प्रस्तुत शोधमा अध्ययन-अनुसन्धान कार्यलाई व्यवस्थित र प्रामाणिक बनाउनका लागि जुटाउने वा सङ्कलन गरिने सामग्री प्राप्तिका स्रोतहरू विभिन्न प्रकारका हुन्छन् जसमध्ये प्रस्तुत शोधकार्यमा प्राथमिक तथा द्वितीयक दुवै प्रकारका स्रोतबाट सूचनाहरू सङ्कलन गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा अनुसन्धानकर्ता आफैँले तथ्य सङ्कलन एवम् प्रयोग गरेको र अरूको सङ्कलन लेखन गरे तापनि घटनाक्रम विषयवस्तु आदिको महत्त्व स्थापित गरी सो तथ्य उजागर गर्न प्राथमिक स्रोत पनि अवलम्बन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत अध्ययनमा समावेश गरिएका राजनीतिक दल, तिनका भातृ सङ्गठन तथा जिल्ला कार्यालयहरू र स्थानीय निकायमा तथा नमुना एकाइका रूपमा समावेश व्यक्तिहरूसमक्ष शोधकर्ता आफैँ पुगी अन्तर्वार्ता, अनुसूची तथा सूचना फाराम एवम् खुल्ला अन्तर्वार्तामार्फत सूचनाहरू सङ्कलन गरिएको छ । यसका अतिरिक्त शोधसँग सम्बन्धित सूचनाहरू विभिन्न कार्यालय, निकाय तथा व्यक्तिसँग प्रत्यक्ष सम्पर्क गरी सङ्कलन गरिएको छ ।

### ३.५.२ सहायक स्रोत

लेखक, पाठक तथा अनुसन्धानकर्ताहरूद्वारा अगाडि प्रयोग गरिसकेका स्रोतहरूलाई सहायक स्रोतका रूपमा यस अध्ययनमा प्रयोग गरिएको छ । प्रकाशित पुस्तक, लेख, प्रतिवेदन, पत्रपत्रिका, चिठ्ठीपत्र, पर्चा पम्पलेट आदिका रूपमा रहेका यस्ता सामग्रीहरूलाई सहायक स्रोतका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत शोधकार्यमा अध्ययन र विश्लेषण प्रभावकारी बनाउन सघाउ पुऱ्याउने विभिन्न लेखकका प्रकाशित पुस्तकहरू, प्रमुख राजनीतिक दलका विधान तथा घोषणापत्र, संविधान, ऐन कानुन र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित जर्नल, लेख, सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय प्रकाशनबाट प्रकाशित बुलेटिन, पुस्तक, मुखपत्र, प्रतिवेदनहरू, प्रकाशित तथा अप्रकाशित शोधग्रन्थ, इन्टरनेट, वेभ आदि सबैण महत्त्वपूर्ण सहायक स्रोतको आधार बनाइएको छ । प्रस्तुत अनुसन्धानकार्यको विषयवस्तुसँग मेल खाने उपयुक्त सामग्रीहरूलाई आवश्यकताअनुसार पनि प्रयोग गरिएको छ ।

## ३.६ स्रोत सङ्कलन

अध्ययन-अनुसन्धान कार्य उद्देश्यमूलक ढङ्गले सम्पन गर्नका लागि स्रोत सामग्रीहरूको छनोट, सङ्कलन, विश्लेषण एवम् विशिष्टीकरण गरिएको छ । अनुसन्धानका कममा उल्लिखित चरणहरू पार गरेपछि मात्र उद्देश्य पूरा हुने गरी विश्लेषण गर्न आधार प्राप्त हुने भएकाले स्रोत सामग्रीको सङ्कलनलगायतलाई अनुसन्धानको मुटु मान्नुपर्दछ । विश्वसनीय र भरपर्दा स्रोतहरूको सङ्कलन अध्ययन-अनुसन्धानको सफलताका लागि जरुरी

र यसका लागि उपयुक्त विधि एवम् प्रकियाको आवश्यकता पर्ने हुँदा यस्ता नीतिगत अवधारणामाथि विचार पुऱ्याएर नै प्रस्तुत अनुसन्धानका क्रममा नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्व निर्धारित अवधि सम्बन्धित सामग्रीहरू सङ्कलन गरिएको छ ।

### ३.६.१ प्राथमिक स्रोत सङ्कलन विधि

प्रस्तुत अध्ययनको विषय नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वसँग सम्बन्धित भएकाले स्थानीय निर्वाचनका प्रतिनिधिहरू तथा राजनीतिक पार्टीका नेतृत्व वर्गका वक्तव्य, पर्चा, पम्पलेट, विज्ञप्ति, पत्रहरू आदि मौलिक स्रोतहरू सङ्कलन गरी प्रस्तुत अध्ययनमा आवश्यकताअनुसार प्रयोग गरिएको छ । त्यसबाहेक यसमा स्थानीय तह र नेता तथा कार्यकर्तासँग अन्तर्वार्ता, अवलोकन गरी प्राथमिक स्रोत सङ्कलन गरिएको छ । प्राथमिक स्रोतहरूमध्ये निम्नलिखित स्रोतहरू यस अध्ययनमा प्रयोग गरिएका छन् :

#### ३.६.१.१ अन्तर्वार्ता

राजनीतिमा महिला सहभागिताका विभिन्न कालखण्डमा संलग्न भएर महत्त्वपूर्ण कार्य गरेका महिलाहरूदेखि पार्टीगत जिम्मेवारी लिएर काम गर्नेहरू राजनैतिक नेता, कार्यकर्ता स्थानीय प्रतिनिधित्व तथा विभिन्न भातृ, भगिनी सङ्गठनका नेता कार्यकर्ताहरू, बुद्धिजीवी, नागरिक समाज, शिक्षक, सामाजिक तथा राजनीति क्षेत्रका व्यक्तित्वहरूको प्रत्यक्ष अन्तर्वार्ता, टेलिफोन वार्ता, सङ्क्षिप्त कुराकानी आदिका माध्यमबाट जानकारी लिने काम गरिएको छ । सङ्गठित एवम् असङ्गठित प्रश्नावलीका माध्यमबाट सङ्कलन गरिएका जानकारी एवम् तथ्याङ्कहरू सबै खुला किसिमले राखिएको थियो । अध्ययनका लागि अनुसन्धानकर्ताले छनोट गरिएका क्षेत्रका व्यक्तिबाट समय प्राप्त भएपछि भेटेर आमनेसामने भई अन्तर्वार्ता लिने र कुराकानी गर्दा अधिकांश धारणा रेकर्ड गर्ने र प्रश्नावली अनुसूचीमा लेख्ने काम गरिएको छ । केही सङ्क्षिप्त कुराकानी र टेलिफोनका माध्यमबाट पनि सामग्री टिपोट गरिएको छ । व्यक्तिगत, औपचारिक, अनौपचारिक, सामूहिक आदि अन्तर्वार्ताबाट सामग्री सङ्कलन गरिएको छ ।

उद्देश्यमूलक छनोट विधिका आधारमा स्थानीय निर्वाचनमा निर्वाचित जनप्रतिनिधित्व, राजनीतिक नेता तथा कार्यकर्तालाई छानेर अन्तर्वार्ता लिइएको छ ।

नेपालको तराई क्षेत्रको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वसम्बन्धी महत्त्वपूर्ण तथ्यहरू खोजीका लागि अन्तर्वार्ताजस्तो स्रोतको प्रयोग गरिएको हो जसबाट उल्लिखित अवधिका सामग्रीको विश्लेषण गर्दै महिला सहभागिता र प्रतिनिधित्वबारे प्रकाश पारेर गुणात्मक ढाँचामा अनुसन्धान प्रस्तुतिको प्रयास गरिएको छ ।

### ३.६.१.२ स्थलगत अवलोकन

स्थानीय तहको निर्वाचनका सन्दर्भमा उल्लिखित समयावधिभित्रका घटनाक्रमहरूबारे सूचना, अभिलेख सङ्कलनका क्रममा पूर्वबाट कोशी प्रदेशको मोरङ जिल्लामध्येबाट मधेस प्रदेशको धनुषा जिल्ला र पश्चिमबाट लुम्बिनी प्रदेशको बाँके जिल्लाको प्रत्यक्ष अवलोकन गरेर स्थानीय निर्वाचनका ठाउँहरू हेरेर जानकारी लिने काम पनि गरिएको छ । शोधकर्ता आफैँ उल्लिखित स्थलहरूमा पुगेर स्रोत व्यक्ति खोज्ने, पत्ता लगाउनेदेखि अभिलेख सङ्कलन गर्ने, अन्तर्वार्ता एवम् कुराकानीका माध्यमबाट स्रोत व्यक्तिहरूका स्मरण बटुल्नेदेखि पुस्तकालय अध्ययनबाट तिनका स्मरणहरूको सत्यता परीक्षणको आधार तयार गर्ने काम गरिएको छ ।

अध्ययन र विश्लेषणका लागि अत्यन्त महत्त्वपूर्ण मानिने प्राथमिक स्रोत सङ्कलन कार्य प्रभावकारी बनाउन अन्तर्वार्ता र अवलोकन प्रक्रियाको प्रयोग गरिएको छ जसबाट नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वमाथि अनुसन्धानमा आधारित तथ्यको प्रकाश पार्न बल पुगेको छ ।

### ३.६.२ द्वितीयक स्रोत सङ्कलन

प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्क एवम् जानकारीको विश्वसनीयता नाप्नेदेखि तुलनात्मक अध्ययन र विश्लेषण गर्नेसम्मको कार्यका लागि द्वितीयक स्रोत अति आवश्यक पर्दछ । अप्रकाशित स्रोतहरूबाट मात्र पुष्टि गर्न नसकिने कतिपय सन्दर्भहरूलाई पूरा गर्न प्रकाशित वा सहायक स्रोतको जरुरी हुन्छ । सहायक स्रोतको भरपर्दो माध्यम मानिने अङ्ग्रेजी एवम् नेपाली भाषामा प्रकाशित पुस्तक, जर्नल, स्मारिका, मुखपत्र, आवधिक एवम् दैनिक पत्रपत्रिका आदिबाट पनि ठुलो सहयोग लिइएको छ । विभिन्न राजनीतिक दलहरूबाट जारी गरिएका घोषणापत्र, विज्ञप्ति, प्रेस-विज्ञप्ति, अपिल, पर्चा, पम्पलेट, नेतृत्व वर्गद्वारा जारी वक्तव्य, विभिन्न तहसम्मकै पत्राचार आदिबाट लाभदायक जानकारीमूलक सूचना

सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनकार्य सम्पन्न गर्ने क्रममा उल्लिखित सबै किसिमका सहायक स्रोतहरूबाट प्राप्त जानकारी एवम् विषयवस्तुलाई सत्यता परीक्षण गरेर आवश्यकताअनुसार प्रयोग गरिएको छ ।

उल्लिखित सामग्रीहरूको सङ्कलन एवम् अध्ययनका लागि पुस्तकालयहरू नै सबैभन्दा महत्त्वपूर्ण स्रोत भएकाले विश्वविद्यालय, क्याम्पस, अनुसन्धान केन्द्रहरू, अभिलेखालय, राजनीतिक दलहरू आदिद्वारा प्रकाशित पुस्तक, पत्रपत्रिका आदि सङ्कलन गरेर पुस्तकालयको रूप दिने काम बढ्दै गएको देखिन्छ । कतिपय निकाय, प्रतिष्ठानहरूले अनुसन्धान सर्वेक्षण गराउनेदेखि प्रतिवेदन लेखहरू छाप्ने र तिनलाई सुरक्षित गर्ने काम पनि गरेका छन् जसले गर्दा त्यहाँबाट द्वितीयक वा सहायक स्रोत सङ्कलनका लागि ठुलो सहयोग पाउने स्थिति बनेको छ । प्रस्तुत अध्ययन एवम् अनुसन्धानका लागि सहयोगी ठहरिने यस्ता सामग्रीहरू उल्लिखित सम्भाव्य ठाउँहरूबाट सङ्कलन गरी सूचना वर्गीकरणसमेत गरेपछि प्रयोग गरिएको छ ।

### ३.७ स्रोत सङ्कलन उपकरण र प्रयोग

तथ्याङ्कहरू सङ्कलन गर्दा प्रत्यक्षदर्शीदेखि सहभागीसम्मका अनुभव, धारणा र भोगाइहरू सङ्कलन गर्नुपर्छ । अर्कातर्फ जानकार व्यक्तिहरूको धारणा बटुल्नुपर्छ । त्यसका लागि केही गृहकार्य गरेपछि स्थलगत अवलोकन, प्रश्नावली, अन्तर्वार्ता आदि अपनाएर सङ्कलन गर्न सकिन्छ । यसमा तराईको स्थानीय निर्वाचन २०७४ मा महिला सहभागितासम्बन्धी मूल विषयको सेरोफेरोमा केन्द्रित रहेर केही मूल प्रश्नहरू बनाएपछि शोधार्थी स्वयम्बाटै स्रोत व्यक्तिहरूलाई भेटेर प्रश्न राख्ने र उत्तर सङ्कलन गर्ने काम भएको छ । अधिकांश अन्तर्वार्तालाई लेख्ने, भिडियो रेकर्ड गर्ने, मोबाइल तथा क्यामेराको सहारा लिई फोटो र भिडियो खिच्ने, कतिपय स्रोत व्यक्तिसँग रेकर्ड गरेपछि शोधकार्य लेख्ने क्रममा पुनः टेलिफोनमार्फत पूरक प्रश्न गरेर तथ्य प्राप्त गर्ने काम गरी उपलब्ध स्रोतको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनकार्यलाई अधिकतम प्रामाणिक र विश्वासिलो एवम् भरपर्दो बनाउन उल्लिखित तौरतरिकालाई प्रयोग गरिएको छ ।

### ३.८ अध्ययनको विश्वसनीयता

अनुसन्धानकर्ताको उद्देश्यअनुरूप तथ्याङ्क सङ्कलन तरिका, परीक्षण विधिको शुद्धता र उपयुक्ततालाई वैधता मान्न सकिन्छ । कुनै पनि अनुसन्धानकार्यलाई पुष्टि गर्न

सङ्कलित तथ्याङ्कहरूको शुद्धता, तार्किकता र निश्चितता आवश्यक पर्दछ । विश्वसनीयता परीक्षण साधनमा पाइने त्यस्तो गुण हो जसका आधारमा निश्चित उद्देश्यहरूलाई नै परीक्षण गरेर सुनिश्चिता प्राप्त हुन्छ । अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानकार्यका लागि निर्धारित उद्देश्यअनुरूप चरहरूको मापन गर्दा मापनको तरिका, विधि, औजार उपयुक्त भए नभएको तथ्यका आधारमा नै विश्वसनीयता भए नभएको भन्न सक्दछ । चरहरूबिचको सम्बन्ध र अनुसन्धानकर्ताले त्यसबाट देखाउन तथा प्रमाणित गर्न खोजेको तथ्यका आधारमा व्याख्याविश्लेषण भए नभएको आधारअनुरूप नै अनुसन्धानको वैधता मापन हुन सक्छ । यही तथ्यका आधारमा गरिएको प्रस्तुत अध्ययनमा निर्धारित उद्देश्य प्राप्तिका लागि आवश्यक तथ्यहरूको सङ्कलन, व्याख्या एवम् विश्लेषण गरिएको छ । प्राप्त तथ्यमाथि प्रश्न खडा गरी त्यसको समाधान अन्य तथ्यहरूबाट पनि पुष्टि हुन आएपछि मात्र उक्त तथ्य सत्य हो भन्ने आधारमा त्यस्ता स्रोतहरूको प्रयोग प्रस्तुत अध्ययनमा गरिएको छ । शङ्का गर्नुपर्ने अवस्था नराखी पुष्टि गरेका स्रोतहरूलाई सत्य मानिएको छ । एक अर्कासँग बाझिने स्रोत वा प्रमाणलाई अन्य स्रोत वा तथ्यबाट प्रमाणित हुन नसकेका अवस्थामा तिनको प्रयोग प्रस्तुत अध्ययनमा राखिएको छैन । प्रस्तुत अध्ययनमा आएका स्रोत, प्रमाण वा तथ्यलाई विश्वसनीय र भरपर्दो बनाउने प्रयास गरिएको छ ।

## ३.९ नमुना छनोट प्रक्रिया र आकार

नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वबारेमा तथ्याङ्क लिन र विश्लेषण गर्न तराईका जिल्लाहरू मोरङ, धनुषा र बाँकेबाट ६० जना र केन्द्र स्तरबाट ५ जना गरी जम्मा ६५ जना राजनीतिक दलसँग आबद्ध नेता तथा कार्यकर्ताहरूलाई अन्तर्वार्ताको रूपमा समावेश गरिएको छ । नमुना छनोटका निम्ति सङ्ख्या निर्धारण गरेपश्चात् सम्बन्धित जिल्लामा शोधकर्ता आफैँ पुगी स्रोतव्यक्ति खोज्ने, पत्ता लगाउनेदेखि तथ्याङ्क सङ्कलन गर्ने, अन्तर्वार्ता लिने एवम् कुराकानीका माध्यमबाट स्रोतव्यक्तिहरूको स्मरण बटुल्ने अनुसूचीका आधारमा सूचना सङ्कलन गरिएको छ । केही केन्द्रीय स्तरका राजनीतिक दलका महिला नेताहरूलाई उत्तरदाताका रूपमा छनोट गरी अन्तर्वार्तासूची तथा खुला अन्तर्वार्तामार्फत स्थानीय निर्वाचनसँग सम्बन्धित आवश्यक तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको छ । यसले प्रस्तुत शोधलाई वस्तुनिष्ठ र प्रतिनिधिमूलक बनाउन भरमग्दुर प्रयास गरिएको छ । नमुना छनोटमा समावेश जनसाङ्ख्यिक एकाइलाई तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.१० तथ्याङ्क विश्लेषण तथा प्रशोधन

प्रस्तुत शोध एवम् अनुसन्धानका सन्दर्भमा प्राथमिक स्रोत र द्वितीयक स्रोत गरी दुवै स्रोगका सामग्रीको सङ्कलन गरेर तिनीहरूको सिलसिलाबद्ध तरिकाले विश्लेषण गरिएको छ । नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वका सम्बन्धमा अध्ययनका क्रममा तथ्याङ्क लिनका लागि स्थानीय निर्वाचनमा प्रतिनिधित्वका रूपमा महिलाको सहभागिता, आर्थिक, शैक्षिक तथा सांस्कृतिक पक्षको प्रभाव, राजनीतिक दलीय पृष्ठभूमिलगायत विविधता समेट्ने गरी वर्णनात्मक तथा विश्लेषणात्मक प्रस्तुतिको पद्धति र गुणात्मक विधि प्रयोग गरेर तराईका मोरङ, धनुषा र बाँके जिल्लाहरूमध्येबाट प्रत्येकबाट २० जनाको दलले ६० जना र केन्द्रीय स्तरबाट ५ जना महिला नेतृ गरी जम्मा ६५ जना नेता तथा कार्यकर्तालाई समेटी दुर्गमता, सुगमता, राजनीतिबाट प्रभावित नेता, जिल्ला कार्य समितिमा रहेका महिला तथा पुरुष नेता र राजनीतिक दलको केन्द्रीय स्तरमा रहने महिला नेतृलाई समेटी अन्तर्वार्तासूचीका आधारमा सूचना सङ्कलन गरिएको छ । तथ्याङ्कको प्रकृति र विधिअनुसार वर्गीकरण गरी विश्लेषणसमेत गरिएको छ ।

## ३.११ प्रस्तुतीकरण एवम् प्रतिवेदन लेखन

प्रस्तुत शोधकार्य नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वबारे अध्ययनसँग सम्बन्धित भएकाले महिला सहभागितासम्वन्धी प्रस्तुत अध्ययन समाजकै अभिन्न पक्षका रूपमा रहेका महिलाहरूको सहभागिता र प्रतिनिधित्व भूमिकासँग केन्द्रित रहेको छ । स्रोत सामग्रीहरूको विश्लेषण गुणात्मक विधिका ढाँचामा गरिएको छ । स्थानीय निर्वाचनमा महिला सहभागिताको मूल ध्येय रहेकाले स्थानीय तहमा महिला सहभागिता वर्णनात्मक र विश्लेषणात्मक प्रस्तुतिको पद्धति र गुणात्मक ढाँचामा अध्ययन तयार पारिएको छ ।

नेपालको तराईमा महिलाको सहभागिताका सम्बन्धमा प्राचीन कालदेखि केही सङ्क्षिप्त चर्चा गर्दै स्थानीय तहको निर्वाचनमा अध्ययनलाई केन्द्रित गरिएको छ । बाध्यात्मक परिस्थितिमा घरबाहिर निस्केर प्रचलित कानुनले निषेध गरेका गतिविधिमा महिलाहरू आफ्नो अधिकारका निम्ति लड्दै क्रमिक रूपमा सहभागिता र प्रतिनिधित्व जनाउँदै केन्द्रदेखि स्थानीय तहसम्म सहभागिता बढाउँदै गएका छन् । गुणात्मक विधिका आधारमा सङ्कलित तथ्यलाई एकत्रित गरेर शुद्धीकरण गरेपछि तालिकीकरण गरेर छनोटमा

परेका स्रोतहरूका सहयोगमा विश्लेषण गरी प्रस्तुत गरिएको छ । अनुसन्धान लेखनका क्रममा मूलतः वर्णात्मक र विश्लेषणात्मक प्रस्तुतिको पद्धति अपनाइएको छ । अध्ययनलाई अमेरिकन साइकोलोजिकल एसोसिएसन (एपिए) शैलीमा तयार गरिएको छ । स्थानीय निर्वाचनमा महिला सहभागिताका घटनाक्रम एवम् विषयवस्तुलाई विश्लेणात्मक विधिका आधारमा प्रस्ट पार्ने काम गरिएको छ । पुस्तकहरू सङ्कलन गर्दा लेखकको थर, प्रकाशन वर्ष एवम् पृष्ठ राखिएको छ । लेखरचनाहरूमा पनि यही विधि अबलम्बन गरिएको छ । नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वसम्बन्धी विभिन्न पत्रपत्रिका, लेखरचनामा प्रकाशित मितिसहित बुझिने गरी मान्यता प्राप्त शैलीका आधारमा शोधप्रबन्धमा एकरूपता प्रदान गरी राखिएको छ । यसै गरी स्थानीय निर्वाचनसम्बन्धी पत्रपत्रिकामा निस्केका केही महत्त्वपूर्ण तस्बिर र महिला सहभागिता आदिलाई उचित स्थानमा परिशिष्टमा उल्लेख गरिएको छ ।

प्रस्तुत अध्ययनका लागि प्रयोग भएका सामग्रीहरूको सङ्कलन अन्तर्वार्तामा र त्यसको प्रयोगका क्रममा सूचकका थर र अन्तर्वार्ता मिति उल्लेख गरिएको छ । अन्तर्वार्ताबाट आएका जानकारीमध्ये घटनाक्रम वा विषयवस्तुलाई मात्र प्रयोग गरिएको छ । त्यस क्रममा अधिकांश दुई वा सोभन्दा बढी पुष्टि भएका विषयवस्तुहरूलाई स्थान दिइएको छ । यसरी अन्तर्वार्ता लिइएकाहरूको नामावली सूची परिशिष्ट २ मा समावेश गरिएको छ । तथ्याङ्क सङ्कलनका क्रममा प्राथमिक स्रोत र सहायक स्रोत गर्दै ल्याइएको भए तापनि प्रस्तुत अध्ययन वर्णात्मक र विश्लेषणात्मक पद्धति अपनाई गुणात्मक विधिद्वारा सम्पन्न गरिएको छ । सङ्कलित तथ्याङ्कलाई तालिकीकरणसमेत गरेर एकरूपताको स्थितिमा पुऱ्याउने काम गरिएको छ । त्यसपछि अन्य स्रोतसमेतका आधारमा गहन अध्ययन गरेर विश्लेषणात्मक पद्धति प्रयोगद्वारा अध्ययन पूरा गर्ने काम भएको छ ।

समग्रमा मानिसद्वारा नयाँ ज्ञान र नयाँ विषयवस्तु पत्ता लगाउने हेतुले गर्ने व्यवस्थित अध्ययनलाई नै अनुसन्धान भनिन्छ । नेपालका तराईको स्थानीय निर्वाचन २०७४ मा महिला सहभागिताबारेको प्रस्तुत अध्ययन सामाजिक अनुसन्धानको महत्त्वपूर्ण पक्ष भएकाले यसमा सामाजिक अध्ययनका अवधारणाको पनि प्रयोग गरिएको छ । सामाजिक सिद्धान्त यथार्थपरक, वस्तुनिष्ठ, तार्किक र आलोचनात्मक हुने स्थितिमा उदार प्रजातान्त्रिक

नारीवादी, रायना रेइटरको मानवशास्त्रको सिद्धान्त, जोन राल्सको स्वतन्त्रताको सिद्धान्त र रिटजरको समाजशास्त्रमा उदार नारीवादको सिद्धान्तसँग मेल खाने प्रस्तुत अध्ययन राजनीतिसँग जोडिएको छ ।

## ३.१२ नैतिकता

मानव समाजको एक अभिन्न अङ्ग नैतिकता हो । नीतिशास्त्रको ज्ञान र त्यसैअनुसार आचरण गर्ने कुरा नैतिकता हो । हरेक अनुसन्धानलाई मौलिक बनाउने उद्देश्यसहित नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वमा नैतिकतासम्बन्धी बन्धनलाई उचित ध्यान दिई इमान्दारिताका साथ अगाडि बढाइएको छ । साथै प्रस्तुत शोधमा नैतिकतालाई प्राथमिकताका साथ पालना गरिएको छ । प्रस्तुत शोधमा कुनै पनि धर्म, भाषा, संस्कृति, र जातिलाई पक्षपातका रूपमा व्यवहार गरिएको छैन । शोधका लागि अन्तर्वार्ताका लागि छनोट गरिएका उत्तरदाताहरूलाई कुनै किसिमको दबाब नदिई तिनले स्वतन्त्रतापूर्वक दिइएका विचारहरूलाई समेटिएको छ । कसैप्रति ईर्ष्याको भावना नलिई स्वच्छ रूपमा प्रस्तुत शोधमा सामग्रीहरूको प्रयोग गरिएको छ । प्रयोग गरिएको स्रोत र सामग्रीको सष्टाहरूका नामलाई सन्दर्भ सामग्रीमा तथा उद्धरणमा समेत सतर्कतापूर्वक उल्लेख गरिएको छ ।

## अध्याय चार

# नेपालको स्थानीय निर्वाचन २०७४ मा महिला सहभागिता र प्रतिनिधित्व

### ४.१ विश्वमा महिला आन्दोलन तथा निर्वाचन मताधिकार

महिला आन्दोलन, महिला अधिकार वा महिला स्वतन्त्रता वा नारीवादी जे भने पनि यसको मुख्य लक्ष्य भनेको महिलालाई पिछडिएको र हेपिएको अवस्थाबाट माथि उठाउनु हो । युगौँदेखि महिलाहरू विभिन्न खालका अत्याचारविरुद्ध आन्दोलन हुँदै आएका भए पनि उनीहरू अझै कैयौँ विभेद र हिंसाबाट ग्रस्त छन् । यसको मुख्य कारण सामाजिक कुरीति नै हो । समाजभित्र रहेका विभिन्न आन्तरिक परम्पराले उनीहरूलाई खुला समाजमा आउन बाधा अड्चन सृजना गरेकै छन् । खुला समाजमा आउनकै लागि विश्व महिलामैत्री आन्दोलन भएको पाइन्छ ।

राजनीतिक सहभागिताले मानिसहरूलाई आफ्नो देशको शासन सञ्चालन गर्ने स्थानमा प्रत्यक्ष वा अप्रत्क्षय रूपमा सहभागी बनाउनुपर्छ । सरकारको निर्माण तथा सञ्चालनमा संलग्न हुनेहरूकै भूमिकाले नागरिकहरूको हक तथा अधिकारलाई चलायमान गराउँदछ । भोटिङ प्रचार वा चुनावको दौडमार्फत होस् तपाईंको आवाज सुनिएको सुनिश्चित गर्ने धेरै तरिकाहरू छन् । राजनीतिक सहभागिता आम मानिसहरूका लागि आफ्नो समुदायमा ठुलो परिवर्तन ल्याउने उत्तम माध्यम हो । जनता आफ्नो देशको राजनीतिमा लागेका छन् भने सरकारले कहाँ गल्ती गरिरहेको छ भन्ने कुरा उनीहरूले थाहा पाउन सक्छन् । राजनीतिक समस्या बुझिसकेपछि उनीहरूसँग छलफल गर्न सक्षम हुनेछन् । राजनीतिक व्यवहारमा परिवर्तन भयो भने जनता किन दुःखी छन् भन्ने कुरा सरकारले बुझ्नेछ । देशका जनता राजनीतिमा लागेमा जनताको समस्यालाई बेवास्ता गर्न सरकारलाई गाह्रो हुन्छ । तसर्थ राजनीति सहभागितामा वृद्धि हुनुको अर्थ राजनीतिक र सामाजिक समस्याहरूलाई सम्बोधन गर्न थप पहल गर्नु हो भन्ने देखिन्छ (Zoe, 2017, https://rightforeducation.org/2017/10/27) । यसरी महिलाहरूको सर्वाङ्गीण उन्नतिका लागि उनीहरूले राजनीतिमा सहभागिता जानाउनु आवश्यक हुन्छ ।

राजनीतिक गतिविधिका माध्यमबाट संसारमा मानिसहरू र यो कसरी शासित छ भन्ने बारे आफ्ना विचारहरू व्यक्त गर्दछन् र उनीहरूको जीवनलाई असर गर्ने निर्णयहरूमा

भाग लिन र आकार दिन प्रयास गर्छन् (World Health Organization, 2010, www.ncbi.nlm.nih.gov/books) । राजनीतमा हुने सहभागिताले व्यक्तिको व्यक्तित्व विकासमा निकै सघाउ पुऱ्याउने देखिन्छ ।

मतदान यो राजनीतिक सहभागिताको सबैभन्दा सजिलो र महत्त्वपूर्ण रूप हो । मतदानले निर्वाचित राजनीतिज्ञहरू जनताले चाहेका राजनीतिज्ञहरू हुन् भन्ने कुरा सुनिश्चित गर्दछ । प्रत्येक वयस्कलाई मतदान गर्ने अधिकार छ । यो एक धेरै महत्त्वपूर्ण अधिकार हो किनकि यसले तपाईंलाई तपाईंको देशको शासन गर्ने निर्णय गर्न अनुमति दिन्छ । यसले स्वास्थ्य सेवा, शिक्षा र रोजगारीमा पहुँचसहित तपाईंको जीवनका धेरै क्षेत्रहरूलाई असर गर्न सक्छ । त्यसैले यो धेरै महत्त्वपूर्ण छ (Zoe, 2017, https://rightforeducation.org/2017/10/27) । मतदानले सबैलाई अधिकार प्रदान गर्ने भएकाले मानिसको उन्नतिका लागि यसको निकै ठुलो महत्त्व रहेको देखिन्छ ।

विश्वको राजनीतिमा पहिला पुरुषहरूको मात्र सहभागिता हुने गरेकामा पछि महिलाहरू पनि विभिन्न्न किसिमको सहभागिता र आफ्नो हकअधिकारहरू आन्दोलनमार्फत स्थापित गराउन सुरु गर्न थाले ।

१९ सेप्टेम्बर १८९३ मा गभर्नर लर्ड ग्लासगोले Lord Glasgow ले नयाँ चुनावी ऐनमा हस्ताक्षर गरे । यस ऐतिहासिक कानुनको परिणामस्वरूप न्युजिल्यान्ड विश्वको पहिलो स्वशासित देश बन्यो जहाँ महिलाहरूलाई संसदीय चुनावमा मतदान गर्ने अधिकार थियो (women and the vote, https://nzhistory.gov.nz/polities/women–suffrage) । महिलाहरूलाई अधिकार दिने एउटा माध्यम चुनाव हो भन्ने कुरा प्रस्ट हुन्छ ।

यी महिला आन्दोलन राष्ट्रिय तहदेखि अन्तर्राष्ट्रिय तहसम्म विकास हुँदै आएका छन् जसको सङ्क्षिप्त चर्चा तल गरिएको छ :

### ४.१.१ बेलायत

सन् १७९२ मा Marry ले 'A Vindication of The Women' भन्ने पुस्तक प्रकाशन गरिन् जसले महिलाको समस्याको पहिचान गऱ्यो । महिलाले सामाजिक, राजनीतिक, शैक्षिक र आर्थिक पक्षमा समान अवसर पाउनुपर्छ भन्ने विषय उक्त पुस्तकमा उल्लेख गरेको पाइन्छ । यस कृतिले मानवअधिकारसँगै महिला अधिकार जोडेर मूलभूत विषयमा महिलाको राजनीतिक भूमिकाप्रति सहमति जनाएको पाइन्छ । यस कृतिलाई प्रथम महिला अधिकारसँग

सम्बन्धित भनी उल्लेख गरिएको पनि देखिन्छ । १८ औँ शताब्दीमा भएको बेलायतको औद्योगिक क्रान्तिले उद्योगधन्दा र पुँजीको विकास भई तीव्र गतिमा कलकारखानाको विकास भई महिलाहरू पनि कारखानामा उत्पादनको काममा लागेका थिए । तर पुँजीपतिहरूले महिलाहरूलाई मेसिनका रूपमा काम लगाएकाले मजदुर र पुँजीपतिबिच अन्तरविरोध बढ्न थाल्यो । १८ औँ शताब्दीमा ठुला-ठुला मजदुर आन्दोलन भए । यस आन्दोलनमा महिलाहरू पनि आफ्नो अधिकारका लागि लडेका थिए । उनीहरूले महिलाहरू अधिकारविहीन भएकाले पुरुषमाथि निर्भर रहनुपरेको महसुस गरे । यसै समयमा लन्डनमा महिलाहरूका लागि Queen's College स्थापना भयो (सिटौला, २०७५, पृ. १५३) । यसरी १८ औँ शताब्दीमा भएको मजदुर आन्दोलनमा महिलाहरू पनि आफ्नो अधिकारका लागि लडेका थिए भन्ने देखिन्छ ।

त्यसै गरी सन् १९६८ मा बेलायतमा कामदार महिलाहरूले Better working conditions को माग गरेका थिए । यी मागलाई लन्डनका विभिन्न ७० ग्रुपसँग समन्वय गरी मागसम्बन्धीका निर्णय प्रकाशित गरे । यसरी महिलाहरूको आन्दोलनले Better working conditions को माग र घरेलु हिंसाविरुद्ध पनि प्रश्न उठाउन थाले । सन् १९६० को समयतिर कैयौँ महिलासम्बन्धी सङ्घसंस्थाको जन्म भयो । सन् १९७० मा National movement ले Oxford मा पहिलो National conference गऱ्यो । यसले २४ घण्टा बच्चा हेर्ने सेवा, एउटै काममा बराबर तलब, समान शिक्षाको अवसर, निःशुल्क गर्भनिरोधक उपाय र गर्भपतनको माग राखे । महिला आन्दोलनकारी संस्था Libral feminist movement ले आफ्नो बैठकमा पुरुषहरूलाई पनि सम्मिलित गराउनुपर्ने आवश्यकता महसुस गरे (ओझा, २०५३ पृष्ठ ३४) । त्यसै गरी कोरालिन वार्टनले महिलाहरू समान अधिकार चाहन्छन् भन्ने मूल नाराका साथ महिला आन्दोलनको थालनी गरेकी थिइन् । सन् १९९० मा ब्रिटेनमा महिलाहरूलाई मतदानको अधिकार दिन विधेयक लगिएको थियो तर त्यो पास हुन सकेन । त्यसलगत्तै हिंसात्मक आन्दोलन भएका थिए । महिलाहरूले सार्वजनिक स्थल र चर्चहरूमा बम हान्ने योजना बनाए । चर्चमा बम हानेकामा महिलाहरू पक्राउ पनि परेका थिए ( सिटौला, २०७५, पृ. १५३) । यस घटनाले महिलाहरूको जागरणमाथि अंकुश लगाउने कामसमेत भएको देखिन्छ । यसबाट स्पष्ट हुन्छ कि महिलाहरूले राजनीतिक अधिकारका लागि सङ्घर्षको मैदानलाई कहिले पनि छोडेनन् ।

### ४.१.२ अमेरिका

सर्वप्रथम सन् १८३० मा संयुक्त राज्य अमेरिकामा भएको दासताविरुद्धको सङ्घर्षका लागि सङ्गठित महिला समूहसँगै यसको उत्पत्ति भएको मानिन्छ । त्यसपछि सन् १८४८ मा न्युयोर्क सहरमा Elizabeth Cady Stanton, Lucretia Mott आदि जस्ता महिलाका नेतृत्वमा एउटा सम्मेलनको आयोजना भएको थियो (सिटौला, २०७५, पृ. १५४) । उक्त सम्मेलनले महिलाहरूको राजनीतिक, मतदान गर्न पाउने, संवैधानिक पदमा नियुक्त हुन पाउने, महिलाका आर्थिक, सामाजिक, शैक्षिकलगायत अधिकारका लागि अनन्त आन्दोलनहरू हुँदै आए । यस सम्मेलनले मताधिकार आन्दोलन सफल पार्नका लागि सङ्गठनको आवश्यता महसुस गरेको थियो ।

महिलाको कानुनी स्वतन्त्रता, शैक्षिक एवम् व्यावसायिक अवसर, समान मुआब्जा, भोट दिने अधिकारलगायतका विषयमा उक्त सम्मेलनमा निर्णय गरियो । एलिजाबेथ र सुसन ब्राउनवेलका कुशल नेतृत्वमा यो आन्दोलन युरोपसम्म पुग्यो । ब्रिटेनमा नारी मताधिकार सोसाइटी गठन भई पछि राष्ट्रिय एसोसिएसन बन्न गयो । सन् १८९० मा अमेरिकामा राष्ट्रिय अमेरिकी नारी मताधिकार सङ्घ र सन् १८८२ मा फ्रान्समा नारी अधिकार लिग अस्तित्वमा आए । सन् १८८० मा अमेरिकामा अन्तर्राष्ट्रिय नारी परिषद् स्थापना भयो (सिंह, २०५० पृष्ट १०) । १८५७ मार्च ८ का दिन अमेरिकाको न्युयोर्कमा कपडा कारखानामा काम गर्ने महिलाहरूले १५/१६ घण्टाको काम गर्ने समय पाउनुपर्ने र समान ज्याला पाउनुपर्ने माग गर्दै आन्दोलन गरे । तत्कालीन सरकारले यसलाई दबाए पनि यो आन्दोलन विश्वको सङ्गठित प्रथम महिला आन्दोलन बन्न पुग्यो र सन् १८६४ मा अन्तर्राष्ट्रिय श्रमिक सङ्गठन गठन भयो । सन् १८६५ मा म्यानचेस्टरमा सर्वप्रथम महिला समिति गठन भयो ( सिटौला, २०७५ पृ. १५४) । यसरी महिलाहरूले समानताको आन्दोलनका लागि महिला सङ्गठनको विस्तार गरेको देखिन्छ ।

सन् १८८९ मा फ्रान्सको पेरिसमा भएको अन्तर्राष्ट्रिय सम्मेलनमा क्लारा जेटकिनले महिला र पुरुषको समान अधिकारको आवाज सशक्त रूपमा उठाइन् । सन् १८९२ मा क्लाराले जर्मनीको महिला मजदुर आन्दोलनको मुखपत्रका 'समानता' नामक पत्रिका प्रकाशित गरियो । १९०७ मार्च ८ मा महिलाहरूको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन भयो (सिटौला, २०७५, पृ. १५५) । यस सम्मेलनले श्रमिक महिला सङ्घको स्थापना गऱ्यो । यस सम्मेलनले क्लारा जेटकिनलाई महासचिव चुन्यो । सन् १९९० मा समाजवादी महिला नेत्री

क्लारा जेटकिनको नेतृत्वमा डेनमार्कको कोपेनहेगनमा दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन सम्पन्न भयो । यसले थुप्रै महिला अधिकारका विषयमा छलफल गऱ्यो । यस सम्मेलनले ८ मार्चलाई क्लाराको प्रस्तावमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रूपमा मनाउने घोषणा गऱ्यो र हरेक वर्ष मनाउँदै आइएको छ । यसै क्रममा १९११ मार्च ८ देखि निरन्तर रूपमा यो दिवस विश्वभरि मनाइन्छ । महिला अधिकारका लागि गरिएको सङ्घर्ष र उपलब्धि मानिने अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसले वर्तमान समयमा सरकारलाई महिलामैत्री हुनुपर्ने बाध्यता सृजना गरेको आम बुझाइ छ । नेपालमा पनि श्रमिक महिला दिवसलाई सरकारी तहबाटै मान्यता दिइएको छ । २०७३ साल २५ फागन (८ मार्च २०१७) मा यो १०७ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रूपमा मनाइयो । महिला हिंसा वा भेदभावलाई सुधार गरी राजनीतिमा महिला सहभागिता, शिक्षा, स्वास्थ्य, सशक्तीकरण, रोजगारलगायत क्षेत्रमा उनीहरूको पहुँच बढेमा महिलाउपर हुने शोषण, दमन, अत्याचार, उत्पीडन, महिला हिंसा, बलात्कार, बेचबिखन र हत्याजस्ता जघन्य अपराध देवानी आचारसंहिता २०७४ ले स्पष्ट व्यवस्था गरेको पाइन्छ ।

नारीवादी आन्दोलनले महिला अधिकार प्राप्तिमा ठूलो भूमिका खेलेको पाइन्छ । अमेरिकामा सन् १९४० तिर ४०% महिलाहरू स्नातक र स्नातकोत्तरसम्मको शिक्षा हासिल गर्न सफल भएका थिए । त्यहाँ सन् १९६३ मा नै महिलालाई समान ज्याला दिने ऐन बनेको पाइन्छ । सन् १९७२ मा ७०% महिलाहरूले भोट खसालेको पाइन्छ (सिटौला, २०७५, पृ. १५५) ।

सन् १९५३ मा Simonede Behaviour को *The Second Sex* प्रकाशन भयो । यसले महिला कसरी पुरुषभन्दा फरक छन् भन्ने कुरा प्रस्ट्यायो । महिलाहरू अनन्तकालदेखि एउटै सामाजिक भूमिकाले गर्दा बच्चा पाउने तथा अन्य घरधन्दाले घरभित्रै रहनुपरेको र सार्वजनिक क्षेत्रमा काम गरे पनि उनीहरूका लागि घरेलु काम नै बोझका रूपमा रहेको छ भनी उल्लेख गरिएको छ ।

Virginia woolf को 'A Room of One Own' को पुस्तकले प्रथम चरणको आन्दोलनलाई ठूलो आयाम दिएको थियो । उनले यसमा महिलाहरू घर, समाज र परिवारबाट कसरी शोषणको सिकार हुन्छन् र कस्तो दयनीय अवस्था गुजारेका हुन्छन् भन्ने विषयमा पुस्तक केन्द्रित रहेको पाइन्छ । महिलाहरू स्वयम् आफ्नै कारण पुरुषको सिकार हुँदै गएको विषयमा पनि उल्लेख गरेको देखिन्छ । त्यसै गरी Fridan को पुस्तक 'The

Feminine Mystique' (१९६३) मा उल्लेख छ-लोग्नेस्वास्नी दुवैको घरभित्रको अधिकार बराबर हो र महिलाको यही Deeding domesticity का कारण House wife बन्नुपरेको कुरा उल्लेख छ । उनका अनुसार महिलालाई घरभित्र राखिरहनुपर्ने मान्यताले गर्दा उनीहरूले केही गर्न नसकेको र त्यसलाई परिवर्तन गरेर उनीहरू घरबाहिर आउनैपर्छ र घरबाहिरका काममा सरिक हुनुपर्छ (सिटौला, २०७५ पृष्ट १५५) । यसरी महिलाहरू घर, समाज र परिवारबाट कसरी शोषणको सिकार हुन्छन् र कसरी उनीहरू कठिन अवस्था गुजार्न बाध्य हुन्छन् भन्ने विषयमा पुस्तक केन्द्रित रहेको देखिन्छ ।

### ४.१.३ जर्मनी

सन् १९१५ मा जर्मनीको बोनमा महिलाहरूले सम्मेलनको आयोजना गरी प्रथम विश्वयुद्धको विरोध गरे । त्यस सम्मेलनले पास गरेको शान्ति प्रस्तावले विश्वमा तहल्का मच्चायो र क्लारा जेटकिन (CaLra Zetkin) गिरफ्तारीमा परिन् तर त्यसका विरुद्धमा व्यापक आन्दोलन भएकाले उनी जेलमुक्त भइन् ।

अगस्ट बेबेलका अनुसार जर्मन कानुनले कसरी महिलालाई व्यवहार गरेको थियो भन्ने कुरा केही उल्लेख गर्दैमा काफी हुन्छ । जर्मन सामान्य कानुनअनुसार पुरुषका सम्बन्धमा महिला सर्वत्र अमूल्यको स्थितिमा ठहर्छ, तिनको लोग्ने प्रभु र मालिक हुन्छन् जसप्रति विवाहमा आज्ञाकारी बन्नु तिनको दायित्व हो । यदि तिनी आज्ञाकारी भइनन् भने हल्का दण्ड दिनु न्यायोचित हुन्छ । दण्डबारे उल्लेख छैन, पुरुषको विवेकमा छाडेको पाइन्छ (सिटौला, २०७५ पृष्ट १५६) । यसरी त्यसबेला महिलाहरूलाई जर्मनीको कानुनले असमानताको व्यवहार गरेको देखिन्छ ।

### ४.१.४ फ्रान्स

फ्रान्सको पेरिस कम्युन विद्रोहमा हजारौँ महिला सहभागी भई महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । सन् १८७१ को यस विद्रोहमा लुई मिचेल नाम गरेकी महिला शत्रुसँगको लडाइँमा सहिद भएकी थिइन् । सन् १९८९ को पेरिसमा भएको अन्तर्राष्ट्रिय सम्मेलनबाट क्लारा जेटकिन (CaLra Zetkin) ले महिला-पुरुषबिच समान अधिकार हुनुपर्ने आवाज उठाएकी थिइन् ।

१७८९ मा सुरु भएको महान् फ्रान्सेली क्रान्तिले संसारले कहिल्यै नदेखेको ढङ्गबाट पुराना बन्धनलाई चकनाचुर पारेर महिलालाई पनि रङ्गशालामा उतार्‍यो । क्रान्ति सुरु

हुनुअघिका दुई दशकमा धेरै महिलाले फ्रान्सेली समाजमा चलिरहेको बौद्धिक सङ्घर्षमा सक्रिय हिस्सा लिएका थिए । उनीहरू वैज्ञानिक छलफलमा ठुलो सङ्ख्यामा भाग लिएर अनि वैज्ञानिक तथा राजनीतिक क्लबहरूमा सामेल भएर त्यस्तो क्रान्ति तयारी गर्नमा आफ्नो हिस्सा लिए जसको मदतबाट सिद्धान्तलाई कार्यमा रूपान्तरण गरियो (श्रेष्ठ,२०५९ पृष्ट १४८) । यसरी धेरै महिलाले फ्रान्सेली समाजमा चलिरहेको बौद्धिक सङ्घर्षमा सक्रिय हिस्सा लिएका थिए भन्ने देखिन्छ ।

### ४.१.५ जापान

जापानमा महिला र पुरुषमा समानताका लागि कुनै कानुनी प्रावधानको कमी देखिँदैन । संविधानप्रदत्त अधिकारमा भेदभाव गरिएको पाइँदैन । सम्पत्तिमा पनि महिलाले पुरुषसरह अधिकार पाएका छन् । आर्थिक कारोबार र ऋणको लेनदेन महिलाहरूले गर्न सक्ने प्रावधान रहेको छ र यस क्षेत्रमा पनि बहुसङ्ख्यक महिलाहरू संलग्न छन् तापनि यस्ता उपलब्ध अवसरहरूलाई उनीहरूले पूर्ण रूपले उपयोग गर्न सकेका छैनन् । त्यहाँको रीतिरिवाज र चालचलनका कारण निर्बाध रूपमा अघि बढ्न उनीहरू सकिरहेका छैनन् (सिटौला, २०७५ पृष्ठ १५७) । ठुलो सङ्ख्यामा महिलाहरू स-साना पदमा कार्यरत छन् । व्यवस्थापकका रूपमा नगण्य महिलाहरू मात्र कार्यरत रहेको पाइन्छ । जापानको महिला आन्दोलनमा कानो सुगाको नाम चर्चित छ । उनले महिला समस्याका बारेमा पनि थुप्रै लेख लेखिन् । किसिवा टोसिकाले महिलाका मागबारे सङ्घर्ष गरिन् । उनले महिला र पुरुषका लागि समान यौनसंहिता, नागरिक वा सम्पत्तिमा समान आधिकार आदिका लागि आवाज उठाइन् (सिटौला, २०७५ पृष्ट १५७) । यसरी किसिवा टोरीसाले महिलाका मागहरूलाई लिएर सङ्घर्ष गरिन् साथै महिला र पुरूषको समान अधिकार हुनुपर्ने कुरामा जोड दिएको देखिन्छ ।

### ४.१.६ दक्षिण कोरिया

सन् १९८७ मा दक्षिण कोरियामा भएको आन्दोलन एवम् क्याङ्जु हत्याकाण्डमा हजारौँ सङ्ख्यामा मजदुर, महिला र विद्यार्थीहरूलाई त्यहाँको निरंकुश चुन दु ह्वान सरकारले बुल्डोजरले पेलेर एकै चिहान बनाएको थियो । अमेरिकी साम्राज्यवादी सैनिक अखडा हटाउन उत्तर र दक्षिण कोरिया एकीकरणको माग गर्दै अगाडि बढेको आन्दोलनमा

धेरै महिलाहरू मारिए, जेल परे र तिनले कठोर यातना भोग्नुपऱ्यो अनि तिनले आत्मदाहसमेत गर्नुपरेको थियो (सिटौला, २०७५ पृ. १५७) । यसरी दक्षिण कोरीयाको आन्दोलनमा धेरै महिलाहरूले अनेकौँ यातना खप्नुका साथै मृत्युसमेत वरण गर्नुपरेको थियो ।

### ४.१.७ फिलिपिन्स

फिलिपिन्समा अमेरिकी साम्राज्यवादीहरूले लामो समयसम्म आफ्नो सैनिक अखडा स्थापना गरी राज्य गर्ने क्रममा असङ्ख्य महिलाहरूमाथि साम्राज्यवादी सैनिकद्वारा पाशविक अन्याय, अत्याचार, लुटपाट, हत्या र बलात्कार गरेका थिए । ती सैनिकद्वारा गरिएको कुकृत्यको अन्तर्राष्ट्रियस्तरमा आलोचना र विरोध प्रकट गरिएको थियो । यसै गरी फिलिपन्सका महिलाहरूको राजनीतिक परिवर्तन र प्रजातन्त्रप्राप्तिका निम्ति भएको आन्दोलनमा ५० प्रतिशतभन्दा बढी लालसेनामा रहेको संलग्नतालाई उल्लेख्य मान्नुपर्ने हुन्छ । त्यहाँका महिलाहरूले सशस्त्र क्रान्तिमा ठुलाठुला जिम्मेवारी निर्वाह गरेको पाइन्छ ( सिटौला, २०७५ पृ. १५७) । यसरी फिलिपिन्समा अमेरिकी साम्राज्यवादी सैनिकद्वारा महिलाहरूमाथि अत्याचार भएको देखिन्छ ।

### ४.१.८ दक्षिण एसिया

दक्षिण एसियाली मुलुकहरू नेपाल, भारत, बंगलादेश, पाकिस्तान, अफगानिस्तान, माल्दिभ्स र श्रीलङ्कामा महिलाहरू श्रममूलक काममा संलग्न रहेका छन् । उनीहरूको कामको मूल्याङ्कन उचित रूपमा नहुँदा आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा पुरुषका तुलनामा पिछडिएका छन् । पाकिस्तानी मुस्लिम महिलाहरूका तुलनामा श्रीलङ्काका महिलाहरूको स्थिति केही राम्रो देखिन्छ । उनीहरूले भोट दिने अधिकार सन् १९३४ मा पाएका थिए । त्यहाँ सम्बन्धविच्छेदका सम्बन्धमा महिलाले चाहेअनुरूप गर्न सक्तछन् । पाकिस्तानमा भने संविधानले समानता दिए पनि व्यवहारमा त्यत्तिकै असमानता रहेको पाइन्छ । पाकिस्तानमा सम्बन्धविच्छेदको अधिकारसमेत लोग्नेको भावनामा भर पर्छ । यसरी नै नागरिकताका सवालमा एसियामा पाकिस्तान अगाडि रहेको पाइन्छ । त्यहाँ छोराछोरीले आमा वा बाबु दुवैका नामबाट नागरिकता पाउन सक्ने प्रावधान छ ।

एसियाली मुलुकहरूमा महिलाहरूले राजनीतिक क्षेत्रमा प्रभुत्व जमाई सरकार प्रमुखसमेत बनी राज्य सञ्चालनको जिम्मासमेत लिएका थिए । जस्तो- सन् १९६० मा

श्रीलङ्काकी सिरिमाओ बन्दरानायके आफ्नो देशको प्रधानमन्त्री बनेकी थिइन् भने अन्य मुलुकमा चर्चित एवम् प्रभावशाली महिला नेतृका रूपमा संस्थापित भएका थिए । तीमध्ये कोही दिवङ्गत भए भने कोही हालसम्म पनि नेतृत्वदायी भूमिकामा रहेका थिए, जस्तो भारतकी इन्दिरा गान्धी, पाकिस्तानकी बेनजिर भुट्टो, बङ्गलादेशकी बेगम खालिदा जिया र शेख हसिना बाजेद आदि महिला नेतृत्वदायी भूमिकामा रहेका थिए र कोही अझै छन् । यसप्रकार एसियाली महिलाहरू राजनीतिक क्षेत्रमा निकै अगाडि रहेको पाइन्छ ।

दक्षिण एसियाका भारत, बंगलादेश, पाकिस्तान, अफगानिस्तान, माल्दिभ्स, श्रीलङ्का, भुटान र नेपालका महिलाहरू विभिन्न रूपले शोषित, पीडित एवम् अपहेलित भएको पाइन्छ । सबै राष्ट्रका महिलाहरूले महिला समानता एवम् मुक्तिको सङ्घर्षलाई चलाएकै छन् । जस्तो कि पाकिस्तान र बंगलादेशमा महिलामाथि मुस्लिम धर्मको कट्टरता र अन्धविश्वासका आधारमा असमान व्यवहार गरिएको पाइन्छ । सोही राष्ट्रमा महिला प्रधानमन्त्री धेरै पटक बनेका भए पनि त्यहाँ महिलाहरूमाथि अन्याय, अत्याचार एवम् असमान व्यवहार भइरहेकै पाइन्छ तर पनि महिला मुक्तिको आन्दोलन अपेक्षाकृत रूपले उठ्न सकेको पाइँदैन । बुर्का प्रथा अझै कायमै छ । यद्यपि त्यहाँका महिलाहरूले महिला हकहितका कुरालाई उठाइरहेका छन् । उनीहरूले शोषित, पीडित महिलाहरूलाई सचेत बनाउने कामलाई निरन्तरता दिदै आएको पाइन्छ ।

भारतीय महिलाहरूको आन्दोलन आफ्नो अस्तित्वको खोजीमा सन् १७८५ मा भएको सन्न्यासी विद्रोहदेखि सुरु भएको पाइन्छ । यसरी नै सन् १८२४ को इस्ट इन्डिया कम्पनीविरोधी आवाज लिएर पहिलोपटक आफ्नो अवस्थामा सुधार होस् भन्दै महिलाहरू अगाडि बढेका थिए । सन् १८२९ मा सतीप्रथाको अन्त्यका लागि कानुनको घोषणा भए तापनि धार्मिक परम्परामा हस्तक्षेप नगर्ने नाममा त्यसको कार्यान्वयन भएन । भारतमा नारी शिक्षाका लागि पनि सन् १९१७ मा एनी बसेन्टका अध्यक्षतामा भारतीय महिला समिति गठन भएको थियो । यही समितिको गठन भएदेखि भारतीय महिला आन्दोलनले सङ्गठित रूप लिएको पाइन्छ । यसप्रकार महिलाहरूलाई सङ्गठित गर्ने क्रममा सन् १९२१ मा राष्ट्रिय स्त्रीसभा गठन भएको थियो । यो सभाले भारतीय महिलाहरूलाई बल प्रदान गरेको थियो । तर राष्ट्रिय स्त्रीसभालाई यसको गतिविधिबाट आत्तिएर अङ्ग्रेजले सन् १९३० मा प्रतिबन्ध लगाएको थियो । सन् १९२७ मा आइपुग्दा अखिल भारतीय महिला सम्मेलन नामक महिला सङ्घको निर्माण भएको पाइन्छ । यसप्रकार विभिन्न समयमा महिला

सङ्घहरू खोलेर महिलाहरूलाई सङ्गठित रूपले अगाडि बढाउने काम भएको पाइन्छ । यसरी भारतीय महिलाहरूले विद्रोहसँगै आफ्नो मुक्तिको आन्दोलनलाई अगाडि बढाउँदै सन् १९३९ को दोस्रो विश्वयुद्धको सुरुवातसँगै महिला आन्दोलनलाई पनि परिपक्व तुल्याउँदै गएका थिए । अङ्ग्रेज साम्राज्यवादी उपनिवेशबाट मुक्त हुन गरेको 'भारत छोडो' आन्दोलनमा लाखौँ महिलाहरूले भाग लिएका थिए । महिलाहरूलाई सङ्गठित रूपले अगाडि बढाउनका निम्ति राष्ट्रिय रूपमा 'भारतीय महिला फेडेरेसन' को स्थापना सन् १९५४ मा गरिएको थियो । १९ औँ शताब्दीमा राजाराम मनोहर रायले भारतमा सतीप्रथाको अन्त्य र महिलाको सम्पत्तिमाथिको अधिकारका लागि आन्दोलन नै चलाएका थिए ।

भारतीय महिलाहरूले महिलामाथि भएका हिंसा, हत्या, अपमान, असमानताका विरुद्ध आन्दोलनहरू अगाडि बढाउँदै आएको भए पनि अझै त्यहाँ महिला हत्या, हिंसा, बलात्कारका सिकार बनिरहेका छन् । त्यहाँ भएका आर्थिक विषमता, राजनीतिमा भएको अपराधीकरण, हत्या, आतङ्क, जातीय एवम् धार्मिक रूपमा भएका द्वन्द्व आदिका कारण महिलाहरूको जीवन अझ असुरक्षित बनिरहेको छ । भारतका विभिन्न राज्यमा महिलाहरूका अनेक समस्या रहेका पाइन्छन् ।

सन् १९७२ तिर पुनः भारतीय महिलाहरूको विशेष गरी प्रगतिशील धारको सक्रियतामा व्यापक वृद्धि भएको पाइन्छ । मध्यम वर्गीय, आदिवासी, श्रमिक महिलाहरूले महिलामाथि भएका बलात्कार, हत्या, दहेज र यौन उत्पीडनका विरोधमा आन्दोलन गर्न थालेका छन् । सन् १९७९ मा 'नारी सङ्घर्ष' नामक एक लडाकु संस्थाको जन्म भएको थियो । यस्तै सन् १९८२ मा बलात्कारका विषयमा र १९८६ मा भारतीय जनमोर्चा (आईपीएफ) ले महिला विषयक अखिल भारतीय सेमिनारको आयोजना गरेको थियो जहाँ भारतका विभिन्न वामपन्थीलगायत जनवादी महिला सङ्घसंस्थाले भाग लिएका थिए (सिटौला, २०७५ पृ. १५९) । भारतीय महिलाहरूमाथि भइरहेको अत्याचारका विरुद्ध थुप्रै आन्दोलनहरू भइसकेको देखिन्छ ।

नेपालमा महिला आन्दोलनको कुरा गर्ने हो भने वि.सं. १९७४ मा भोजपुरकी योगमाया न्यौपानेले महिला हिंसाविरुद्ध विद्रोह सुरु गरेकी थिइन् । आफैं बाल विधवा भएकी योगमायाले राणाशासनका बेला सतीप्रथाको अन्त्य, बालविवाह, बहुविवाह आदिजस्ता सामाजिक विसङ्गतिको अन्त्य हुनुपर्ने माग राखी विद्रोहमा उत्रिएकी थिइन् ।

त्यस्तै १९९० सालमा सहिद शुक्रराजकी बहिनी चन्द्रकला मल्लले शिक्षाका माध्यमबाट जनचेतना जगाउने र अन्याय एवम् अत्याचारका विरुद्ध जनमत तयार गर्ने काम गरिन् । २००३ सालमा दिव्या कोइरालालगायतका महिलाहरू श्रमिक अधिकारका लागि सडकमा उत्रे र जेलसमेत परे । २००४ सालमा महिलाहरू नागरिक अधिकारको माग राखेर सडकमा ओर्ले । सहना प्रधानलगायत गिरफ्तारीमा परे । २००४ सालमा राजनीतिक उद्देश्यसहितको पहिलो महिला सङ्गठनका रूपमा नेपाल महिला सङ्घ गठन भयो र त्यसले महिला मताधिकार, समान अधिकार, रोजगार, शिक्षालगायतका मागहरू उठाउन थाल्यो । विस्तारै २०१० सालको काठमाडौँ नगरपालिकाको निर्वाचनमा साधना प्रधान पहिलो जननिर्वाचित प्रतिनिधि भइन् । २०१५ सालमा द्वारिकादेवी ठकुरानी पहिलो महिला सांसद् हुँदै र मन्त्रीसमसेत बनिन् । २०४६ सालको आन्दोलनमा महिलाहरूले सक्रिय सहभागिता जनाए । २०४७ सालको संविधानले महिलाको हक एवम् अधिकारका विषयमा सकारात्मक परिवर्तन ल्याउन सकको थियो (सिटौला, २०७५, पृ. १७९) । यसरी स्थानीयमा साधना प्रधान चुनिएकी थिइने भने सांसद्मा द्वारिकादेवी ठकुरानी पहिलो महिला सांसद् हुँदै मन्त्रीसमसेत बनेकी थिइन् । महिलाहरूले आफ्नो हक एवम् अधिकार स्थापित गर्नका लागि आन्दोलानहरू गर्दै आएको देखिन्छ ।

### ४.१.९ अफगानिस्तान

लडाकुहरू सत्ताबाट बाहिर गएपछि अफगानिस्तानका महिलाहरूले महत्त्वपूर्ण प्रगति हासिल गर्ने क्रममा कतिपय मन्त्री, नगरप्रमुख, न्यायाधीश र प्रहरी अधिकृत बने । २६ वर्षको उमेरमा जारीफा गफारी कान्छी नगरप्रमुख बनेकी थिइन् । तर अहिले फेरि तालिवान आउँदा महिलाहरूको भावी बाटो अनिश्चित बनेको छ (बीबीसी. न्युज, २९ अगस्ट २०२१, अफगान महिला) । यसरी तालिवानको पुनर्उदयले अफगानिस्तानमा महिलाहरूको अवस्था झन् खस्कने स्थिति रहेको देखिन्छ ।

सन् १९९० को दशकको अन्त्य र सन् २००० को दशकका सुरुमा शरिया वा इस्लामवादी कानुनको कडा व्याख्यासहित तालिवानले अफगानिस्तानमा शासन गरेका थिए र त्यस क्रममा उनीहरूले टेलिभिजन, सङ्गीत र सिनेमामाथि समेत प्रतिबन्ध लगाएका थिए । तालिवान सत्तामा फर्किने अवस्था आएलगत्तै कतिपय टेलिभिजन च्यानलहरूले महिलाहरूलाई समाचार प्रस्तोताको भूमिकाबाट अलग गरे भने कतिले राजनीतिक

कार्यक्रमका सट्टा इस्लामिक बहसलाई स्थान दिइरहेका छन् (बीबीसी. न्युज, २९ अगस्ट २०२१, अफगान महिला) । यसरी अफगानिस्तानका महिलाहरूको अवस्था निकै दयनीय रहेको अवस्था देखिन्छ ।

गफारी अफगानिस्तानकी पहिलो महिला मेयर हुन् । गफारी राजधानी काबुलको पश्चिममा पर्ने मैदान सहरकी मेयर भइसकेकी व्यक्ति हुन् । अहिले उनी जर्मनीमा छिन् र शरण दिएकामा त्यहाँको सरकारप्रति र नागरिकप्रति अभारी छिन् (नयाँ पेज, ९ भाद्र २०७८, देश छोडेकी अफगानिस्तान प्रथम महिला मेयर) । यसरी अफगाानिस्तानमा महिलाहरूको अवस्था कस्तो छ भन्ने कुराको प्रस्ट जानकारी पाउन सकिन्छ ।

राजनीतिमा महिलाको सहभागितामा राम्रो काम गरी इतिहास रचेकी अफगानिस्तानकी जारिफा गफारी तालविानले सत्तामा आएपछि सबै सपना टुटेको महसुस गरेकी छिन् (जी न्युज हिन्दुस्तान, अगस्ट १७, २०२१, पहिलो महिला मेयर) । यसरी अफगानिस्तानमा तालिवानको सत्ता फर्किएपछि महिलाहरूका निकै अप्ठ्यारो परिस्थिति सिर्जना भएको देखिन्छ ।

### ४.१.१० चीन

चीनियाँ महिला आन्दोलनलाई मार्क्सवादद्वारा प्रदर्शित समाजवादी महिला आन्दोलनको विश्वव्यापी प्रभावसँगै हुर्केको मानिन्छ । चीनियाँ महिला पनि बलात्कार, हत्या र दासीका रूपमा पीडित बनेका थिए । महिलाप्रतिको दुर्व्यवहार निकै चर्को थियो । उनीहरूलाई शिक्षा प्राप्त गर्ने समान अवसर थिएन । जब सन् १९२१ मा चीनियाँ कम्युनिस्ट पार्टीको स्थापना भयो त्यसपछि मात्र नारी समानता, समता र जागृतिका निम्ति ध्यान दिइएको पाइन्छ । पार्टीले महिलाहरूका निम्ति विशेष कार्यक्रम बनाई योजना अगाडि सारेको थियो । नयाँ चीनको स्थापना सँगसँगै सन् १९४९ मा ‘अखिल चीन महिला सङ्घ’ को स्थापना भएको थियो ।

जिउ निजको चीनियाँ महिला आन्दोलनमा मात्र होइन, चीनको राजनैतिक इतिहासमा समेत महत्त्वपूर्ण स्थान छ । उनले निरङ्कुश मञ्चु शासनका विरुद्ध आन्दोलन गर्न आफ्ना पति र बालबच्चालाई त्यागिन् । उनी चीनको जनतन्त्र र महिला अधिकारमा जन्मभर लागिन् । चीनमा महिला दासताको लामो परम्परा त्यहाँको सामन्ती व्यवस्था तथा

कन्फ्युसियस दर्शन जिम्मेवार छ । १९११ को मञ्चु शासनविरुद्ध महिला पनि लडे । महिला अधिकारलाई माओत्सेतुङले उच्च प्राथमिकता दिएका थिए (सिटौला, २०७५ पृ. १५९) । चीनमा महिला अधिकारलाई माओत्सेतुङले उच्च प्राथमिकता दिएको पाइन्छ ।

### ४.१.११ साउदी अरब

महिलाले सबैभन्दा पछिल्लो समयमा मताधिकार पाउने देश साउदी अरब हो । साउदी अरबका महिलाहरूले पहिलोपटक भोट हाल्ने अधिकार पाएको कुरा बीबीसीले प्रसारण गरेको थियो । २०७२ सालमा साउदी महिलाले भोट खसाल्ने अधिकार नगरपालिकाको चुनावमा मात्र पाए । त्यसमा पनि फोटो सार्वजनिक गर्न नपाउने, चुनाव प्रचारमा पनि पर्दामै बस्नुपर्ने वा पुरुषले बोलिदिनुपर्ने थियो । मताधिकारबाट वञ्चित महिलाहरूका लागि यति कुराको पनि सुरुआत हुनु खुसीको कुरा मान्नुपर्छ । महिलाहरूलाई गाडी चलाउन नदिने र सार्वजनिक ठाउँमा आफूलाई पूरै ढाक्नुपर्ने व्यवस्था त्यहाँ अझै छ । साउदी अरब महिलाहरूलाई मताधिकार दिने अन्तिम देश मानिन्छ (बर्जर, २०७२, पृ. ३७-३९) । यसरी २०७२ सालमा साउदी महिलाले भोट खसाल्ने अधिकार नगरपालिकाको चुनावमा मात्र पाएको देखिन्छ ।

### ४.१.१२ भियतनाम

भियतनामको महिला आन्दोलनको पनि निकै महत्त्वपूर्ण स्थान रहेको छ । भियतनामी महिलाहरूको प्राचीन कालदेखि नै साहित्यमा नाम आउँछ । ४२ इसापूर्वमा टुंग बहिनीहरूले चीनको प्रभुत्वका विरुद्ध ८००० सेनाको नेतृत्व गरेका थिए । ट्रिन थी चिह्न नामकी १९ वर्षीया युवतीले चीनका विरुद्ध सफल नेतृत्व गरेकी थिइन् । १८ औं शताब्दीको अन्त्यतिर न्गुएन डुले महिलाहरूको जीवनको दुर्दशाबारे चर्चा गरेर एउटा युगान्तकारी कविता लेखेकी थिइन् । यस कविताले भियतनाममा प्रभुत्व जमाएर बसेको कन्फ्युसियसविरुद्ध प्रहार थियो (सिटौला, २०७५ पृ. १६१) । यसरी विश्व महिला आन्दोलनमा भियतनामको महिला आन्दोलनको पनि निकै महत्त्वपूर्ण स्थान रहेका पाइन्छ ।

### ४.१.१३ इन्डोनेसिया

इन्डोनेसियाको महिला आन्दोलनमा कात्तियानीको पनि महत्त्वपूर्ण स्थान छ । उनले बहुपत्नी प्रथा, जबरजस्ती विवाह र ४ विवाह गर्न पाउने मुस्लिम कानुनलाई 'पापण' घोषणा गरिन् । पश्चिम-पूर्वी इन्डोनेसियाका केही मातृप्रधान कबिलाहरूमा मातृप्रधान

सामाजिक व्यवस्था अझै पनि प्रचलित छ । त्यहाँ आमाको सम्पत्ति छोराछोरीमा बराबर बाँडिन्छ । त्यहाँको पुरुषप्रधान समाजमा पनि छोरीको विवाह हुँदा जमिन वा मूल्यवान् सम्पत्ति दिइन्छ (सिटौला, २०७५ पृ. १६१-१६२) । यसरी पश्चिम-पूर्वी इन्डोनेसियाका केही मातृप्रधान कबिलाहरूमा मातृप्रधान सामाजिक व्यवस्था अझै पनि प्रचलित रहेको पाइन्छ ।

### ४.१.१४ अफ्रिका

अफ्रिकाका कतिपय कबिलाहरूमा अझै पनि मातृसत्तात्मक समाज व्यवस्थाका अवशेष रहेको पाइन्छ । अफ्रिकाको West Cost मा अझै पनि वंशको हिसाब बाबु होइन, आमातिरबाट गरिन्छ । जमिनमाथिको स्वामित्व, सम्पत्तिको उत्तराधिकारी त्यही सम्बन्धका आधारमा हुन्छ । घानामा विवाहित दम्पतीले आर्थिक युनिटका रूपमा काम गर्दैनन् । सम्पत्ति विवाहित परिवारका आधारमा होइन, मातृपक्षका आधारमा हुन्छ ।

पछिल्लो विश्व महिला आन्दोलनतर्फ हेर्दा सन् २०१७ जनवरी २१ मा अमेरिकाको वासिङ्टन डीसीमा भएको महिला अधिकारलाई समर्थन गर्ने प्रदर्शन उल्लेखनीय छ । त्यो जुलुस संसारकै सबैभन्दा ठुलो जुलुस बन्न पुगेको पाइन्छ । त्यसपछि अमेरिकाका सबै प्रमुख ठाउँमा यस्ता प्रदर्शन भए । त्यस्तो प्रदर्शन अमेरिकाबाहेकका आक्रा, बैंकक, पेरिस, बेलग्रेड, बुनोस आयर्स, कोभर अन्टार्कटिकासहित संसारका विभिन्न ठाउँमा पनि भए । लैङ्गिक समानताका लागि भएका अन्य ऐतिहासिक आन्दोलनमध्ये यो पनि महत्त्वपूर्ण हुन पुगेको छ (सिटौला, २०७५, पृ. १६१-१६२) । अमेरिकाको वासिङ्टन डीसीमा भएको महिला अधिकारलाई समर्थन गर्नका लागि निकालिएको प्रदर्शन निकै उल्लेखनीय रहेको पाइन्छ ।

### ४.१.१५ निर्वाचन र अन्तर्राष्ट्रिय अनुबन्ध

निर्वाचनको विकासक्रम म्यग्नाकार्टा घोषणापत्र, सन् १२१५ (Magna Carta, 1215) लाई निर्वाचनको आधारविन्दुका रूपमा लिन सकिन्छ । त्यसपछि बेलायतमा अधिकारको याचिकापत्र, १६२८ (The Petition of Rights, 1628)**,** अधिकारको बडापत्र, १६८९ (The Bill of Rights, 1689), बन्दी प्रत्यक्षीकरण ऐन, १६७९ (The Habeas Corpus Act, 1679) आदि उल्लेखनीय  छन् । बेलायतको गौरवमय क्रान्ति (सन् १६८८) को सफलतापछि अधिकारको बडापत्र, १६८९ (The Bill of Rights, 1689) को घोषणा गरिएको हो । यसको घोषणापश्चात् नै एकजना बालिग नागरिकले आफ्नो विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रकट गर्न पाउने व्यवस्था भएको हो । सन् १७८९ मा जारी भएको अमेरिकी संविधान

संसारकै पहिलो लिखित संविधान हो । यसमा मौलिक अधिकारको व्यवस्था नभएकामा ठुलो आलोचना भयो । सन् १७९१ मा संविधान संशोधन गरी Bill of Rights लाई समावेश गरियो । मानव अधिकारको विकासमा यो पनि ठुलो पाइला थियो । फ्रान्सेली क्रान्तिको सफलतापछि सन् १७८९ मा गरिएको The French DecaLration of Rights of Man and Citizen को घोषणाले मानव अधिकारलाई आधारभूत अधिकारका रूपमा ग्रहण गरेको थियो । जुन जुन देशमा नागरिक आन्दोलनहरू सफल भए त्यहाँ त्यहाँ संविधानमा मौलिक अधिकारको प्रत्याभूति गर्ने प्रचलन बढ्दै गयो (यादव र अरू, २०७३, पृ. ९६) । यसरी विश्वभर नै आन्दोलनबाट मात्र अधिकार स्थापित भएको देखिन्छ ।

विश्वको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक विकासक्रममा सन् १९४५ को दोस्रो विश्व युद्धसम्मको कालखण्डमा मानवीय संवेदनासँग सम्बन्धित विषयको इतिहासलाई केलाउँदा जाति, भाषा, धर्म, राष्ट्रियता, वर्ण, रङ्ग, उत्पत्ति आदिका नाममा शक्तिशाली राष्ट्रले कमजोर राष्ट्रका नागरिकलाई दमन गर्दै आएको देखिन्छ । यस खालको निरीहताबाट व्यक्तिलाई जोगाउँदै सम्मानपूर्वक जीवन व्यतीत गर्ने उपायका रूपमा संयुक्त राष्ट्र सङ्घबाट मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने कार्यको प्रारम्भ भएको हो । निर्वाचन व्यक्तिको मानव अधिकारसँग जोडिएको विषय हो ।

संयुक्त राष्ट्र सङ्घको मानव अधिकारसम्बन्धी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिले प्रत्यक्ष वा स्वतन्त्रतापूर्वक चुनिएका प्रतिनिधिमार्फत आफ्नो मुलुकको सरकारमा सहभागी हुने अधिकार राख्छ र उसलाई निर्वाचनमा भाग लिई चुनिने वा आफ्नो प्रतिनिधि चुन्ने अधिकार रहन्छ भनेको छ । यस्तै अन्य विभिन्न घोषणा वा अभिसन्धिहरूले पनि नागरिक एवम् मानव अधिकारको प्रचलनका सम्बन्धमा विभिन्न व्यवस्था गरेका छन् । जुन व्यवस्थाले अन्ततः नागरिकको आफ्ना प्रतिनिधि चुन्ने र चुनिन पाउने हकको प्रत्यक्ष वा परोक्ष रूपमा संरक्षण गरेका छन् । संयुक्त राष्ट्रसङ्घीय बडापत्र जुन २६, १९४५ का दिन अमेरिकाको सान फ्रान्सिस्कोमा सम्पन्न बैठकमा ५० राष्ट्रहरूको हस्ताक्षरबाट संयुक्त राष्ट्र सङ्घ भन्ने अन्तर्राष्ट्रिय संस्थाको स्थापना गर्ने सन्धिलाई संयुक्त राष्ट्र सङ्घको बडापत्र भनिन्छ । सुरक्षा परिषद्का पाँचवटा स्थायी सदस्य चीन, रुस, फ्रान्स, बेलायत र अमेरिकाले अनुमोदन गरेपछि अक्टोवर २४, १९४५ देखि यो सन्धिले औपचारिकता पायो । बडापत्रको हैसियतले यो एउटा संवैधानिक सन्धि भएकाले सम्पूर्ण सदस्य राष्ट्रहरूले यस सन्धिको धाराको पूर्ण पालना गर्नुपर्दछ । नेपाललगायत विश्वका धेरै मुलुकहरूले यस बडापत्रको

अनुमोदन गरिसकेका छन् । यस बडापत्रको प्रस्तावनामा भावी पुस्ताहरूलाई युद्धको विभीषिकाबाट बचाउने, व्यक्तिको मर्यादा, महिला र पुरुषबिचको समानता जस्ता मौलिक मानव अधिकारहरूको प्रत्याभूति दिने, ठुला र साना देशबिचको समानता, सन्धि-सम्झौता तथा अन्य अन्तर्राष्ट्रिय कानुनका स्रोतहरूबाट उत्पन्न हुने जिम्मेवारीलाई न्यायसङ्गत र आदरभावका साथ हेर्ने र सामाजिक प्रगति र बृहत्तर स्वतन्त्रताका आधारमा स्तरीय जीवन निर्वाहको अवस्था सिर्जना गर्ने सोच अघि सारेको छ । यस्तो उद्देश्य प्राप्तिका लागि सहिष्णुता, सह-अस्तित्व तथा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्न सदस्य राष्ट्रहरूको शक्तिलाई सुदृढ गर्नुपर्ने कल्पना छ । बडापत्रका सिद्धान्तहरूलाई स्वीकार गर्दै एक अर्काविरुद्ध सशस्त्र बलको प्रयोग नगर्ने, सबैको साझा हितको रक्षा गर्ने र सम्पूर्ण मानव जातिको आर्थिक तथा सामाजिक अग्रगमनको प्रबर्द्धन गर्नका लागि अन्तर्राष्ट्रिय संयन्त्रको परिचालन गर्ने व्यवस्था गरेको छ । समग्रमा बडापत्रको मापदण्ड भनेको दमन, अतिक्रमण, उपनिवेश र विभेदरहित विश्वमा नागरिक स्वतन्त्रता अटुट रहनुपर्छ भन्ने मान्यता हो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मानव परिवारका सबै सदस्यको अन्तर्निहित मान तथा सम्मान र अविच्छिन्न अधिकारको मान्यतालाई स्वतन्त्रता, न्याय र शान्तिको आधार मान्दै मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरिएको हो (संयुक्त राष्ट्र सङ्घको साधारण सभा, डिसेम्बर १०, १९४८ प्रस्ताव नं.१०४ (ए), (सी), २१७) । यसरी विश्वमा मानव अधिकारका लागि कामहरू भइरहेको देखिन्छ ।

प्रत्येक व्यक्ति र समाजका अङ्गले यस घोषणापत्रलाई साझा मापदण्डका रूपमा सम्मान गर्ने अपेक्षा गरिएको छ । कानुनसरह बाध्यकारी नहुने भए तापनि ३० वटा धारामा विभक्त यो घोषणापत्र मानव अधिकारको महत्त्वपूर्ण नैतिक दस्तावेज हो । विश्वका मानव जातिलाई अधिकार सुनिश्चित गर्ने यस दस्तावेजको मर्म र भावना रहिआएको छ । प्रचलित मानव अधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरू यसै घोषणापत्रको मर्मअनुरूप तयार गरी कार्यान्वयन गरिएका छन् । सन् १९५५ मा नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य राष्ट्र भएका नाताले राष्ट्र सङ्घद्वारा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सुनिश्चित गरेका अधिकारहरूलाई बिनासर्त परिपालना र कार्यान्वयन गर्नुपर्दछ । साथै, मानव अधिकारको घरेलु मापदण्ड निर्धारण गर्ने क्रममा संविधान र कानुनहरूमा यी प्रावधानहरू अन्योन्याश्रित हुनुपर्दछ । यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रता जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा

अन्य अधिस्थानका आधारमा कुनै पनि भेद नगरी प्रत्येक व्यक्तिलाई प्राप्त हुने गरी सुनिश्चित गरिएको छ । यसका साथै कुनै पनि व्यक्तिउपर ऊ रहेको देश अथवा इलाकाको राजनीतिक अधिकार क्षेत्र वा अन्तर्राष्ट्रिय अधिस्थानका आधारमा कुनै भेदभाव नगरिने व्यवस्थासमेत गरिएको छ (मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ धारा २) ।

घोषणापत्रमा प्रत्येक व्यक्तिलाई प्रत्यक्ष अथवा स्वतन्त्रतापूर्वक चुनिएका प्रतिनिधिमार्फत आफ्नो देशको सरकारमा भाग लिने अधिकार हुने, आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्ने समान अधिकार रहने, सरकारको आधिकारिकताको आधार जनताको इच्छा हुने र यस्तो इच्छा सर्वव्यापी एवम् समान अधिकारद्वारा हुने आवधिक तथा वास्तविक निर्वाचनद्वारा अभिव्यक्त गरिने र यस्तो निर्वाचन गोप्य मतदान प्रक्रियाद्वारा सम्पन्न हुने व्यवस्था गरिएको छ (मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ धारा २१) । अधिकार प्राप्तिक लागि निर्वाचन एउटा महत्त्वपूर्ण माध्यम बनेको देखिन्छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६ ले अन्य कुराका अतिरिक्त प्रत्येक व्यक्तिलाई आत्मनिर्णयको अधिकार प्रदान गरेको छ । यसै अधिकारको उपभोगका आधारमा मानव जातिले स्वतन्त्रतापूर्वक आफ्ना राजनीतिक हैसियत ग्रहण गर्दै आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा स्वतन्त्रतापूर्वक लाग्न पाउने व्यवस्था गरिएको छ । यसै गरी अनुबन्धले कसैको पनि गोपनीयता, परिवार, घर वा चिठ्ठीपत्रमा स्वेच्छाचारी वा गैरकानुनी तवरले हस्तक्षेप गर्न वा निजको प्रतिष्ठा र इज्जतमा गैरकानुनी आक्रमण गर्न निषेध गरेको छ । प्रत्येक व्यक्तिलाई आस्था र धर्मको स्वतन्त्रताको अधिकार र बिनाअवरोध विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने स्वतन्त्रता र सङ्घसंस्था खोल्ने स्वतन्त्रता सुनिश्चित गरेको छ । अभिसन्धिले प्रत्यक्षतः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिमार्फत सार्वजनिक जीवनमा सहभागी हुने, सर्वव्यापी तथा समान मतदान एवम् गोप्य तवरबाट मतदाताका इच्छाको स्वतन्त्र अभिव्यक्तिको सुनिश्चितता गरिएको, आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने, समानताको सामान्य नियमबाट आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने आदि अधिकार सुनिश्चित गरिएको छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ ले व्यक्तिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका रूपमा कुनै प्रकारको भेदभाव नगरी समान कामका लागि समान ज्याला तथा समान पारिश्रमिक सुनिश्चित गर्ने व्यवस्था

गरेको छ । यसका अलावा सुरक्षित एवम् स्वस्थ कार्यावस्था, विश्राम, फुर्सद तथा कार्यघण्टाको उचित सीमाङ्कन तथा तलबसहितको आवधिक तथा सार्वजनिक बिदाको पनि प्रावधान गरिएको छ । यसै गरी अनुबन्धले अन्य अधिकारहरूका अतिरिक्त स्वतन्त्रताको अधिकार, आत्मनिर्णयको अधिकार तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिसँग सम्बन्धित अधिकारहरूको सुनिश्चितता प्रदान गरेको छ ।

सबै प्रकारका जातीय भेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ को धारा २ मा व्यवस्था गरिएका आधारभूत दायित्वअनुरूप सबै प्रकारका जातीय भेदलाई निषेध र निर्मूलन गर्न र जाति, रङ्ग वा राष्ट्रिय वा साम्प्रदायिक उत्पत्तिजस्ता भेदबिना प्रत्येक व्यक्तिको कानुनसमक्ष समानताको अधिकारलाई सुनिश्चित गरिनुका साथै धारा २ (ग) ले सर्वव्यापी र समान मतदानका आधारमा मतदान गर्न र निर्वाचनमा उम्मेदवारको रूपमा भाग लिन, सरकारमा भाग लिन, जुनसुकै तहको सरकारी कार्यको सञ्चालनमा भाग लिन पाउने अधिकार रहने व्यवस्था गरेको छ ।

महिला विरुद्धका सबै प्रकारका भेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९७९ ले पुरुष र नारीबिच कायम विभेद अन्त्य गर्ने सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ । यस सिलसिलामा राजनीतिक तथा सार्वजनिक जीवनमा नारीविरुद्धको भेद निर्मूलन गर्न सबै उचित उपायहरू अपनाउने व्यवस्था गर्दै सबै निर्वाचन र सार्वजनिक जनमतमा मतदान गर्ने र सार्वजनिक रूपले चुनिने निकायमा निर्वाचनका लागि योग्य मानिने, सरकारी नीतिको तर्जुमा र यसको कार्यान्वयनमा सहभागी हुने र सरकारी पद सम्हाल्ने तथा सरकारका सबै तहका सार्वजनिक कार्य सम्पन्न गर्ने सुनिश्चितता गरेको छ ।

महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२ ले अन्य कुराका अतिरिक्त बिनाभेदभाव पुरुषसरह महिलाले पनि सम्पूर्ण निर्वाचनमा मतदान गर्न पाउने, राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक रूपले निर्वाचित सम्पूर्ण निकायमा कुनै भेदभावबिना पुरुषसरह महिला निर्वाचित हुन योग्य हुने, महिलाहरूले पुरुषसरह कुनै भेदभावबिना राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक पद ग्रहण गर्न तथा सम्पूर्ण सार्वजनिक कार्य गर्न सक्ने व्यवस्था गरेको छ । अन्तर्राष्ट्रिय महासन्धिहरू नेपालले अनुमोदन गरेको विवरण परिशिष्ट-१७ मा रहेको छ (महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि धारा १,२,३) । नेपालले पनि महिलाहरूको हक एवम् अधिकारका लागि पहल गरेको देखिन्छ ।

## ४.२ नेपालमा प्राचीन कालदेखि आधुनिक कालसम्म स्थानीय र महिला सहभागिता

नेपालको इतिहासका सन्दर्भमा हेर्दा दोस्रो शताब्दीपूर्वको इतिहासको व्याख्या गर्न लिखित स्रोतको अभाव रहेको छ । त्यसभन्दा पछिका स्रोतसामग्रीहरू भने उपलब्ध छन् । यसभन्दा अगाडिको इतिहासका बारेमा जे जति जानकारी प्राप्त छन्, ती केवल किंवदन्ती, वंशावली तथा अन्य साहित्यिक स्रोतमा वर्णित विवरणबाट प्राप्त भएका हुन् । यसकारण यस समयलाई इतिहासमा पौराणिक कालका रूपमा गणना गरिएको छ । तत्पश्चात् आठौँ शताब्दीसम्म प्राचीन काल, आठौँदेखि अठारौँ शताब्दीसम्म मध्यकाल र अठारौँ शताब्दीदेखि हालसम्मको समयलाई आधुनिक काल मानिएको छ । पौराणिक कालमा नेपालमा गोपाल र महिषपाल राजवंश तथा अन्य ऐतिहासिक कालहरूमा किरात, लिच्छवि, गुप्त, बर्मा, ठकुरी, मल्ल, बर्द्धन, खस, सेन, शाह आदि राजवंशको शासन कायम रह्यो (यादव र अरू सम्पा, २०७३, पृ. ४) । ऐतिहासिक काललाई विस्तृत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ : पौराणिक काल : गोपाल वंश, महिषपाल वंश । प्राचीन कालः किरात वंश, लिच्छवि वंश । मध्यकाल : पूर्व मध्यकाल- देव वंश, मल्ल वंश, बर्द्धन वंश । उतर मध्यकालः मल्ल वंश, पश्चिमा मल्ल वंश, सेन वंश । यी कालखण्डमा महिलाको सहभागिता र मताधिकार खासै उल्लेख गरेको पाइँदैन । आधुनिक काल शाह वंश र  राणा कालमा झन् महिलाहरूमाथि दमन र शोषण भयो । यस कालखण्डमा रानी महारानीहरूले प्रत्यक्ष अप्रत्क्ष रूपमा शासन गरेको र राज्य चलाउनका निम्ति आवश्यक सरसल्लाह दिने गरेको देखिन्छ । तर राणाशासनको अन्त्यसँगसँगै प्रजातन्त्र र गणतन्त्रमा आएर मात्र महिलाहरूको राजनीतिक रूपमा सहभागिता र प्रतिनिधित्व बढ्दै गएको देखिन्छ ।

प्राचीन र मध्यकालीन समयका जनप्रतिनिधिको कुरा गर्दा आधुनिक कालको जस्तो जनताले चुनेर पठाउने भन्ने खालको व्यवस्था थिएन । विभिन्न पद धारण गर्नेहरूले नै जनताको प्रतिनिधित्व गर्ने गरेका उदाहरणहरू पाइएका छन् । उदाहरणका लागि टोल नाइके वा प्रजापञ्च आदिलाई लिन सकिन्छ (यादव र अरू सम्पा, २०७३, पृ. ५) । तसर्थ त्यस कालखण्डमा स्थानीय प्रतिनिधिका रूपमा टोल टोलमा नाइकेको व्यवस्था भएको र महिला सहभागिताका रूपमा दरबारमा रानीमहारानीहरूद्वारा शक्ति प्राप्त गरी प्रत्यक्ष र अप्रत्यक्ष रूपमा राज्य सञ्चालनसमेत गरेको देखिन्छ ।

### ४.२.१ किरातकाल

किरातकालका बारेमा लिखित स्रोत अप्रयाप्त भए तापनि लिच्छविहरूको उदय हुनुपूर्व किरातहरूले शासन गरेको विषयलाई इतिहासकारहरूले सत्य मानेका छन् (आचार्य, २०६३, पृ. ४९-५०) । किरातकालभन्दा अगाडिका भनी उल्लेख गरिएका राजवंशलाई भने काल्पनिक मानिएको छ । ती राजवंशका बारेमा प्रामाणिक ऐतिहासिक सामग्री अप्राप्य हुँदा तिनको निराकरण गर्ने कुनै पनि आधार छैन । यसर्थ तिनलाई पौराणिक काल भनी मानिएको छ (पाण्डेय र रेग्मी, २०५४, पृ. ७१-१३९) । किरातकालको आरम्भदेखि नै काठमाडौँ उपत्यकामा सानो व्यवस्थित खालको बस्ती बस्न थालेको आभास हुन्छ । किरात सभ्यता मुख्य रूपमा ग्रामीण सभ्यता थियो । तर पछि नगर सभ्यता विकसित हुँदै गयो । यस कालको प्रमुख विशेषता सामाजिक सद्भाव र सभ्यताप्रतिको मोह नै थियो भन्ने इतिहासकारहरूको मत छ (आचार्य, २०५४, पृ. २२-२३) । बाह्य विपत्ति, आपसी झैँझगडा तथा अन्य विभिन्न समस्याबाट सुरक्षित रहन आपसमा सङ्गठित भएर रहने अवस्था आयो । यसरी बस्दा आफूमध्येबाटै योग्य र शारीरिक रूपमा पनि सक्षम, हतियार चलाउन निपुण सचेत व्यक्तिलाई आफ्नो नेताका रूपमा चयन गर्ने चलन सुरु भएको अनुमान गरिएको छ । यसरी नेता चयन गर्दा निश्चित समयका लागि गर्ने र तत्पश्चात् अर्को सक्षम व्यक्तिलाई चयन गरिन्थ्यो भन्ने अनुमान गरिएको छ । यही प्रचलन पछि गएर किरातकालमा नै राजतन्त्रका रूपमा विकसित भएको मानिएको छ (आचार्य, २०५, पृ. ६१) । किरातकालका अन्तिम समयसम्ममा आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक क्षेत्रमा विकास भएको कुरा लिच्छविकालका अभिलेखहरूमा प्रयुक्त स्थान नाम विशेष शब्दावली, कार्यालयका नाम, करसित सम्बन्धित आर्येतर भाषाका शब्दावलीको प्रयोगले प्रमाणित गरेका छन् (वज्राचार्य, २०३०, पृ. १८७-१८८, जोशी, २०३०, अभिलेख सङ्ख्या १ देखि १७५) । किरातकालमा पुरुषले बहुविवाह गर्ने कानुनले निषेध गरेको थिएन । अन्तर्जातीय विवाह प्रचलित थियो । किरातकालमा मान्छे मर्दा लोग्ने मान्छेको ४ दिन र स्वास्नी मानिसको ३ दिन जुठो बार्नुपर्ने कुरा उल्लेख भएको पाइन्छ । किरातकालमा महिलाको अवस्था दयनीय थियो । (सिटौला, २०७५ पृ. ३१), । यसरी किरात कालमा महिला र पुरुषबिच भेदभाव रहेको देखिन्छ ।

### ४.२.२ लिच्छविकालमा महिला र स्थानीय प्रशासन

नेपालमा लिच्छविहरूको शासन स्थापना भएपछि सामाजिक व्यवस्थामा आमूल परिवर्तन आयो । लिच्छविहरूले हिन्दु धर्म र दर्शनलाई अँगालेर सोहीबमोजिम सामाजिक व्यवस्था कायम गराए । समाज हिन्दु संरचनाका आधारमा सङ्गठित हुन थाल्यो । यसले सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्यो । लिच्छवि राजाहरूले लिएको समानता र उदार नीतिको फलस्वरूप विविध जातजातिले फस्टाउने मौका पाए (यादव र अरू सम्पा, २०७३, पृ. ७) । सामाजिक, धार्मिक, सांस्कृतिक, बौद्धिक एवम् ज्ञान-विज्ञानका क्षेत्रमा अभूतपूर्व उन्नति भयो । फलस्वरूप नेपालको इतिहासमा लिच्छविकाल स्वर्णयुगका रूपमा चिनिएको छ ।

लिच्छविकालको जनजीवन सङ्गठित थियो । यसका साथै विद्याको स्तर पनि उँचो हुनाका साथसाथै कलाकौशलका क्षेत्रमा पनि त्यत्तिकै विकास भएको थियो । यसर्थ नेपालको इतिहासमा लिच्छविकालीन शासन व्यवस्था ज्यादै नै महत्त्वपूर्ण ऐतिहासिक कालखण्डका रूपमा रहेको छ । यस समयमा केही महत्त्वपूर्ण र प्रख्यात राजाहरू भए । तिनीहरूमा जयदेव प्रथम, हरिदत्त, वृषदेव, धर्मदेव, मानदेव प्रथम, अंशुबर्मा, नरेन्द्रदेव, शिवदेव द्वितीय, जयदेव द्वितीय आदि । गोपालराज वंशावलीमा यिनीहरूका बारेमा चर्चा गरिएको छ (वज्राचार्य, २०६४, पृ. २२-४६) । लिच्छविकालीन कानुन र न्याय व्यवस्था मनुस्मृति, यमस्मृति, बृहस्पतिस्मृति आदि धर्मशास्त्रअनुसार चलेको थियो । त्यस समयमा धर्म भन्नु नै कानुन र कानुन भन्नु नै धर्म थियो । लिच्छविकालमा सतीप्रथा प्रचलित भए तापनि बाध्यात्मक थिएन । लिच्छविकालमा दासप्रथा पनि प्रचलित थियो । लिच्छविकालमा उच्च र मध्यम वर्गमा सतीप्रथा प्रचलित थियो तर सती जानु अनिवार्य थिएन । लिच्छविकालीन समाजमा महिलाले केही अंशमा मात्र स्वतन्त्रताको उपभोग गर्न पाएका थिए । त्यसबेलाको समाज उच्च र मध्यमलाई प्रभावित गर्ने विचारधारा, नीतिशास्त्र, धर्मशास्त्र, पुराण आदिका आधारमा निर्माण भएको थियो (सिवाकोटी, २०७५ पृ. ३१) । लिच्छविकालीन राजा मानदेवकी आमा, शङ्करदेवकी पत्नी राज्यवतीले आफ्नो पतिको देहवासमा सती नगईकन छोरा मानदेवलाई गद्दीमा राखेर शासन सञ्चालनमा सहयोग गरेकी थिइन् । आमा राज्यवतीले राजकाज सञ्चालनमा सहयोग र सल्लाह दिएकी थिइन् भन्ने कुरा इतिहासमा लेखिएको छ (उपाध्याय, २०५५, पृ. १६) । राज्यवतीकै सही सल्लाह र सुझावका कारण मानदेव लिच्छविकालको प्रख्यात शासकका रूपमा स्थापित भए ।

मानदेवले महत्त्वपूर्ण अभियानहरू आमाको अनुमति लिएर मात्रै सञ्चालन गर्दथे । कलिलो उमेरका राजा भएकाले पूर्व-पश्चिमका शत्रुहरूले स्वतन्त्र हुने चेष्टा गर्न लागेको बेलामा माता राज्यवतीको सहयोगमा नै उनले तत्कालीन समस्या समाधान गरेका थिए (सुवेदी, २०६१, पृ. ६२) । राजा मानदेवकी महारानी भोगिनीदेवी पनि शक्तिशाली थिइन् भन्ने कुरा मानदेवका पालामा निकालिएको मुद्रा मानाङ्कमा उनको नाम उल्लेख गरिएबाट प्रस्ट हुन्छ । यसले लिच्छविकालीन समाजमा महिलाहरूको सम्मान थियो भन्ने कुरा बुझ्न सकिन्छ (उपाध्याय, २०५५, पृ. १६) । यस समयमा महिलाहरू घरको चार दिवारबाट बाहिर निस्केर लोककल्याणका काम पनि गर्दथे भन्ने प्रमाणमा दीक्षित भिक्षुणीहरूको सङ्घ खुलेको घटनालाई लिन सकिन्छ । राज्यवतीकै सल्लाह र प्रेरणाबाट मानदेवले रजौटाहरूमाथि विजय प्राप्त गरी राज्यको वैभवलाई कायमै राखेका थिए । यसबाट लिच्छविकालमा देवलदेवीजस्ता निकै सक्रिय र राजकाजमा सबल र शक्तिशाली नारीहरूको उदय भएको देखिन्छ ।

लिच्छवि शासनव्यवस्थाअन्तर्गत भएको स्थानीय प्रशासनको विकास निकै महत्त्वपूर्ण छ । त्यसबेला पाञ्चाली तथा गोष्ठीका माध्यमबाट जनताहरू सङ्गठित थिए । राजनीतिक उद्देश्य परिपूर्तिका लागि पनि शासकहरूले स्थानीय तहमा अधिकार सुम्पदै जाने नीति लिए (वज्राचार्य र श्रेष्ठ, २०३५, पृ. १२) । राजा अंशुवर्माले राजनीतिक कारणले गर्दा आफ्नी छोरी भृकुटीको विवाह तिब्बतका राजा स्रङ्चङ्गम्पोसित गरिदिएका थिए । भृकुटीले राष्ट्र बचाउन र राष्ट्रिय सम्मान जोगाउन सकारात्मक भूमिका खेलिकी थिइन् । उनको चातुर्यकै कारण उनी विदेशमा समेत हरित ताराका नामले प्रख्यात हुन पुगिन् । यसरी महिलाले धर्म, जातीयता र देश-विदेश कुनै कुराको पर्वाह नगरेर राष्ट्रहितका लागि काम गरेको पाइन्छ (बराल २०७४, पृष्ठ १२५-१२६) । अंशुवर्माले स्थानीय शासनाधिकार जनतालाई प्रदान गरी स्वायत्त शासनलाई प्रोत्साहन गरे । जनतालाई उनीहरूको क्षमताअनुसार नै अधिकार दिइएको थियो । यसबाट जनतामाझ अंशुवर्माको प्रसिद्धि बढेको थियो । राजा नरेन्द्रदेवले पनि जनहितका कार्यलाई प्राथमिकता दिएका थिए (वज्राचार्य, २०६४ पृ. ४६१) । उनले पनि स्थानीय शासनका अधिकार स्थानीय तहमा दिँदै गए । यिनले पाञ्चाली पद्धतिलाई बढावा दिए किनभने यो नै जनसमस्या निदान गर्ने मुख्य केन्द्र हो भनी महसुस गरेका थिए । पाञ्चालीलाई यिनले हस्तक्षेप गरेनन्, बरु यसले गर्न नसकेका काम मात्र आफू गर्दथे (झा, १९७०, पृ. ४६१(४६२) । लिच्छविकालमा स्थापित पाञ्चाली व्यवस्थाले स्थानीय प्रशासनमा जनताको सहभागितालाई जोड दिएको थियो । पाञ्चाली शब्दले पञ्चहरूको सीमाना भन्ने

अर्थलाई जनाउँदछ । यो व्यवस्थाअन्तर्गत ग्राम प्रधानले गाउँको मुखियाको भूमिका निर्वाह गर्दथे र आन्तरिक मामिला सञ्चालनमा जिम्मेवार हुन्थे (रेग्मी, २०३६, पृ. ४२)। नेपालका लिच्छविहरूले परम्परादेखि चलेको लिच्छवि गणतन्त्रात्मक परम्परा पूर्ण रूपमा परित्याग गरी मजबुत राजतन्त्र स्थापना गरे । साथै स्वायत्त शासनको अवधारणा पाञ्चालीका माध्यमबाट अगाडि बढाए । ग्रामस्तरको पाञ्चाली स्थानीय प्रशासन सञ्चालन तथा राजकर सङ्कलनमा जिम्मेवार हुन्थे (शाह, १९८९ पृ. १(२) । लिच्छविकालमा स्थापित पाञ्चाली व्यवस्थाले स्थानीयमा जनताको सहभागितालाई जोड दिएको पाइन्छ ।

प्रत्येक गाउँमा ग्राम पाञ्चालीको स्थापना गरिएको थियो । पाञ्चालीका पाञ्चालिकहरूले नै ग्राम प्रधानको छनोट गर्दथे । तिनीहरूको स्थान सम्मानपूर्ण थियो । पाञ्चालीको सम्बन्ध सोझै राजासित हुन्थ्यो । राष्ट्रिय समस्या आइपरेमा समाधानका लागि आवश्यक निर्णय लिन पाञ्चालीको सभा बस्दथ्यो । यसरी भेला हुँदा त्यस क्षेत्रका घरमुलीहरू भेला भई विमर्श गर्दथे । अर्को प्रकारको पाञ्चाली सभा स्थायी प्रकारको थियो जसमा स्थायी रूपमा तोकिएका सदस्यहरू हुन्थे । छानिएका पाञ्चालिकहरूको जिम्मेवारी तोकिएको प्रशासनिक काम गर्ने, आइपरेको राष्ट्रिय सङ्कट समाधान गर्न आवश्यक निर्णय लिने र तोकिएका कर सङ्कलन गर्नु थियो (चालिसे, २०४८ पृ. १२०) । पाञ्चालीले प्राप्त गरेको अधिकार अधिकरणहरूको अधिकार झिकेर दिइएको हुनाले ती अधिकरणहरूलाई ती क्षेत्रमा प्रवेश गर्न प्रतिबन्ध लगाइएको थियो । यसरी पाञ्चालीहरू अधिकारले सम्पन्न थिए । पाञ्चालीको व्यवस्थाकै कारण लिच्छविकालमा जनताहरू जागरुक भएका हुन् । तर यसप्रकारको व्यवस्थाले कालान्तरमा केन्द्र शासन कमजोर हुँदै जान थाल्यो । यसैको परिणामस्वरूप स-साना राज्यको उदय हुनमा सघाउ पुग्यो । लिच्छविकालमा जनसहभागिताको अर्को उदाहरण गोष्ठी प्रथा थियो । विशेष रूपमा शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा कार्य गर्न जनसहभागिता र आपसी सहमतिमा विभिन्न गोष्ठीहरू स्थापना भए (वज्राचार्य, २०६४, पृ. १५७, वज्राचार्य २०५६, पृ. ८०-८९) । पाञ्चालीको व्यवस्थाकै कारण लिच्छविकालमा जनताहरू जागरुक भएको पाइन्छ ।

### ४.२.३ मल्लकालमा महिला प्रतिनिधि

मल्लकालमा पदुमलदेवी, देवलदेवी, राजल्लदेवी, ऋद्धिलक्ष्मी, लालमती, योगमती, रूपमती, गङ्गादेवी, दयावती नाम गरेका दरबारभित्रका महिलाहरूले राजनीतिक भूमिका निर्वाह गरेको देखिन्छ । तत्कालीन समयमा तुङ्ग मल्ल राजा नभए पनि हर्ताकर्ता थिए ।

उनकी पत्नी पदुमलदेवी पनि राजनीतिमा चतुर थिइन् । इ.सं. १२९६ मा जन्मिएका उनीहरूका छोरा रुद्र मल्ल १६ वर्ष पुग्नेबित्तिकै राजनीतिमा अग्रसर हुन पुगेका थिए । परिणामस्वरूप इ. सं. १३१७ मा देववंशी राजा आनन्ददेवसँगै रुद्र मल्ल संयुक्त शासक भएका थिए । रुद्र मल्लको ३१ वर्षकै उमेरमा मृत्यु भएकाले रुद्र मल्लको राजनीतिक देनलाई स्वीकार्दै उनको सानै उमेरकी छोरी नायकदेवीलाई उत्तराधिकारी मानेर उनको नायबी हजुरआमा पदुमलदेवीले शासन चलाएकी थिइन् (रेग्मी, २०६०, पृ. ८७) । कर्नाटकवंशी सिम्रौनगढका राजा हरिसिंहदेव इ. सं. १३८२ मा गयासुद्दिनको आक्रमणले भागेर उपत्यका आएपछि भक्तपुर राजधानीमा शरण पाएका थिए भने उनको विवाह विधवी महिला देवलदेवीसँग भएको थियो । उनीबाट पछि जगत्सिंहको जन्म  भयो । यिनै देवलदेवीको छोरा जगत्सिंह र नायकदेवीबाट छोरी राजल्लदेवीको जन्म भएको थियो । राजल्लदेवी जन्मेको दश दिनमा नै आमा नायकदेवीको मृत्यु भएकाले राजल्लदेवीको पालनपोषण पनि देवलदेवीले नै गर्नुपऱ्यो । पछि नायकदेवीका पति अर्थात् देवलदेवीका छोरा जगत्सिंहको रिसइवीका कारण हत्या भएपछि पुनः देवलदेवी हर्ताकर्ता हुन पुगेकी थिइन् । यसरी कर्णाटक राजाकी पत्नी देवलदेवी भक्तपुरको दरबारमा आफ्नो हैकम ४० वर्षसम्म चलाएर १३६६ मा उनको मृत्यु  भयो (उपाध्याय, २०५५, पृ. ३०) । यसबाट महिलामा घरपरिवार मात्र होइन राज्यकै व्यवस्था सञ्चालन गर्ने क्षमता रहेको देखिन्छ ।

मल्लकालमा देवलदेवीको कुरा गर्दा राजा जयराजदेवका पालामा उनले राजा बराबर नै शक्तिको प्रयोग गरेकी थिइन् । राज्यविरुद्ध रहेका विद्रोही सेनाहरूका विरुद्ध उनी स्वयम्ले सैन्य नेतृत्व गरी तह लगाएकी थिइन् । उनकी बुहारी नायकदेवी पहिलो पतिको देहावसानपछि दोस्रो विवाह गरेर सत्तासीन भएकी थिइन् । नायकदेवी नै नेपालको पहिलो महिला उत्तराधिकारी र वैधानिक शासक थिइन् (हाडा, सन् २००५, पृ. २०, २१) । यसरी लिच्छविकालमा नेपालको शासकीय स्वरूप र संयन्त्रमा महिला उच्च नेतृत्व तहमा सहभागी भएको कुरा पुष्टि हुन्छ ।

प्राचीन नेपालको राजनीतिमा रानीहरूले राज्य शक्तिको केन्द्रमा रही शासन सत्ता सञ्चालनमा खेलेको निर्णायक भूमिकालाई आम महिलाको राजनीतिक सहभागिताको अर्थमा नै ग्रहण गर्न सकिँदैन । तर पनि जनस्तरमा राजनीतिक सक्रियताका हिसाबले नेपाल राष्ट्रको एकीकरण प्रक्रियामा नालापानी तथा काँगडाको इस्टइन्डिया कम्पनीविरुद्धको लडाइँका मोर्चामा नेपाली महिलाले पुरुषहरूसँगसँगै ढुङ्गामुढा र नाङ्गो खुकुरीका भरमा

खाना र पानीको अभावमा मृत्युसँग जुध्दै अङ्ग्रेजका आधुनिक हतियारसामु लडेको ऐतिहासिक घटनाले नेपाली महिलामा रहेको असीम देशभक्ति, बहादुरी र आत्मबलिदानको भावलाई स्पष्ट पार्दछ (मल्ल, सन् २०११, पृ. ४६) । नालापानी तथा काँगडामा भएको इस्टइन्डिया कम्पनीविरुद्धको लडाइँका मोर्चामा नेपाली महिलाले पुरुषको भन्दा पनि बढी शक्ति प्रदर्शन गरेका थिए ।

### ४.२.४ शाहकालमा महिला सहभागिता

शाहकालको शासन सञ्चालनमा सक्रिय भूमिका निर्वाह गर्ने महिलाहरूमा चन्द्र प्रभावती, विलासकुमारी, राजेन्द्रलक्ष्मी, तोरण दिव्येश्वरी शाह, राजराजेश्वरीदेवी, त्रिपुरासुन्दरी, महालभसन्त, साम्राज्यलक्ष्मी र लक्ष्मीदेवीको नाम उल्लेखनीय छ । नेपालको इतिहासमा नरभुपाल शाहकी जेठी रानी चन्द्रप्रभावतीले राजा राजकाजबाट उदासीन भएका अवस्थामा तथा शत्रुहरूले हमला गर्दै गोरखा राज्यलाई चारैतिरबाट घेरेका अवस्थामा राजालाई लुकाएर गोखा राज्य बचाएकी थिइन् । यही राज्य कुशलताका कारण पतिको मृत्युपछि पनि उनलाई सती जान दिइएको थिएन । उनले पछि छोरा पृथ्वीनारायण शाहको राज्यविस्तार गर्ने कार्यमा पनि ठुलो सहयोग गरेकी थिइन् । यसरी नै वडामहाराजा पृथ्वीनारायण शाहकी छोरी विलासकुमारीले राजा श्रीकृष्ण शाहका छोरा रणभीम शाहसँग विवाह भएपछि राजा, पति र ससुरालाई राज्य सञ्चालनमा धेरै सहयोग गरेकी थिइन् । यिनकै सहयोगमा रणबहादुर शाहका समयमा जुम्ला, डोटी, कुमाउँ, र गढवालमाथि विजय प्राप्त भएको थियो भने यिनकै कारण बाइसी राज्यमा सल्यान शक्तिशाली हुन पुगेको थियो (बराल, २०७४, पृ.१२८) । राजमाता कान्तिमतीको मृत्युपश्चात् भने पुनः जेठी महारानी राजराजेश्वरीदेवीलाई लिएर रणबहादुर शाहले पाटनबाट राज्यसञ्चालन गर्न खोजेका बखत रानी राजराजेश्वरीदेवीले पनि छुट्टै सेना परिचालन गर्दै राज्य सञ्चालन गर्ने खोजेको देखिन्छ । यसरी त्रिपक्षीय राज्य सञ्चालन हुन थालेको बुझेर दामोदर पाँडेले षड्यन्त्र गर्न लागेको थाहा पाएपछि भागेर राजारानी र भीमसेन थापा काशी अर्थात् बनारस गएपछि तत्कालीन मुख्तियार दामोदर पाँडेले कम्पनी सरकारसँग राजासहित सबैलाई बनारसमा नै कैद गरी नेपाल फर्कन नदिने सम्झौता गरेका थिए । यसपछि रानी राजराजेश्वरी उक्त सम्झौता भङ्ग गर्न रणबहादुरकी अर्की रानी सुवर्णप्रभाले खडा गरेका बाधाविरोधहरू हटाउँदै दरबारमा आई नायवी आफ्नो हातमा लिन सफल भएकी थिइन् । उनी सम्झौता भङ्ग गर्न सफल हुँदै विपक्षीहरूलाई दबाएर राज्य सञ्चालन गर्नसमेत सफल भएको

पाइन्छ (नेपाली, २०६०, पृ. ९) । तर सन् १८०४ मा राजा रणबहादुर शाह बनारसबाट फर्किएर नायबी हातमा लिएपछि महारानी राजराजेश्वरीलाई पुरस्कार दिनुका बदला हेलम्बु निष्कासन गरेका थिए । रणबहादु शाहको हत्यापछि हेलम्बुबाट ल्याएर भीमसेन थापाले उनलाई सती जान बाध्य गराएको बताइन्छ (शर्मा, २०४०, पृ. २५२) । सती जानुपर्ने बाध्यताले त्यसबेलाका महिलाहरूको बाँच्न पाउने अधिकारसमेत कुन्ठित भएको देखिन्छ ।

रणबहादुर शाहको हत्यापछि कान्छी महारानी ललित त्रिपुरा सुन्दरी बालक राजा गीर्वाणयुद्ध वीरविक्रम शाहको नायबी भइन् र राज्य चलाउन थालिन् । उनी थापाकी छोरी थिइन् । सन् १८१६ सालमा राजा गीर्वाणयुद्ध वीरविक्रमको जवान उमेरमै मृत्यु भयो । यिनका नाबालक छोरा राजेन्द्रविक्रमलाई २ वर्षकै उमेरमा गद्दीमा राखियो । मुख्तियार भीमसेन थापाले गीर्वाणयुद्ध वीरविक्रम शाहकी जेठी रानी सिद्धिराज्यलक्ष्मीलाई सती पठाइदिए भने कान्छी गोरक्षलक्ष्मीको पनि चार दिनपछि मृत्यु भयो । यसपछि ललित त्रिपुरा सुन्दरी राजा राजेन्द्रको पनि नायबी हुन पुगिन् । यसरी नायबी राजाकी कान्छी हजुरआमा (रणबहादुर शाहकी कान्छी रानी थापा पुत्री) त्रिपुरा सुन्दरीका हातमा दिइयो । यस समयमा रणबहादुर शाहका रानीहरूको हातमा अर्थात् एकलाई हटाए पनि अर्को फेरि महिलाकै नेतृत्वमा एकपछि अर्को गर्दै लामो समयसम्म शासन चलेको पाइन्छ (बराल, २०७४, पृ.१३०) । सर्वसाधारण महिलाहरूले पनि राज्यको सीमा बचाउन सहयोग गरेको देखिन्छ । सन् १८७४ नोभेम्बर १ का दिन कम्पनी सरकारका प्रतिनिधि हेस्टिङ्स (Hastings) ले युद्धको घोषणा गरेपछि नोभेम्बर २७ सम्म युद्ध भएको थियो । त्यस समयमा साधारण महिलाहरू पनि गोली, वाण र पत्थरको प्रवाह नगरी अनवरत रूपमा लडिरहेका थिए । प्रमाणस्वरूप कप्तान हेस्टिङले तारिफ गर्दै अङ्ग्रेजी तोप र गोलीको अनवरत वर्षाका बिच नेपाली महिलाहरू कोत पर्खालमा निर्भिक उभिएर शत्रुउपर पत्थरको वर्षा गरिरहे भनेकोलाई लिन सकिन्छ (शर्मा, २०४०, पृ. २६०) । यसरी त्यसबेलाका महिलाहरूले आफ्नो राज्य जोगाउनका निम्ति गोली, वाण र पत्थरको प्रवाह नगरी लडाइँमा सहभागिता जनाएको देखिन्छ ।

त्रिपुरा सुन्दरी र भीमसेन थापा मिलेर राज्य चलाउँदै गर्दा १६ वर्षपछि सन् १८३२ (वि.स. १८८८) मा त्रिपुरा सुन्दरीको मृत्यु भएपछि भर्खर जवान भएका राजा राजेन्द्र भीमसेन थापाका विरोधी हुन पुगे । राजा राजेन्द्रका दुई रानीमध्ये जेठी रानी साम्राज्यलक्ष्मी पनि थापा विरोधी नै थिइन् । लामो समय शक्तिशाली भएर बसेका भीमसेन थापाका आफ्नै

भाइ राजवीर थापा पनि उनका विरोधी थिए । पहिला पाण्डेहरूलाई दमन गरेर सत्तामा आएका भीमसेन थापा भने अब पाण्डेहरू शक्तिशाली बन्दै गएपछि कमजोर बन्न पुगेका थिए तर अचानक रानी साम्राज्यलक्ष्मीका छोरा देवेद्र शाहको मृत्यु भएकामा उनलाई मारेको भन्ने दोष भीमसेन थापालाई लगाइयो । यस घटनामा उनले त्यस समयमा सफाइ त पाए तर यसपछि भने उनले पहिलाको स्थान प्राप्त गर्न सकेनन् । भीमसेन थापापछि रङ्गनाथ पौडेल (पण्डित) प्रधानमन्त्री  भए । राजा राजेन्द्रले नराम्रो मानेका कारण उनले पनि राजीनामा दिनुपर्‍यो । त्यस ठाउँमा थापाविरोधी रणजङ्ग पाण्डेलाई प्रधानमन्त्री बनाइयो । पाण्डेलाई थापासँग बदला लिनु थियो । उनले भीमसेन थापाको ज्यान मुद्दा दोहोर्‍याए । कारबाही चल्दाचल्दै उनले कैदमा नै आत्महत्या गरे । यसपछि राजा राजेन्द्रकी जेठी रानी साम्राज्यलक्ष्मी सर्वेसर्वा हुन पुगिन् । यसरी नेपालको सत्तामा महिला पुनः देखा परिन् । रानी साम्राज्यलक्ष्मीले रणजङ्ग पाण्डेसँग मिलेर शासन चलाएकी थिइन् । १८९८ मा राजेन्द्र वीरविक्रम शाहकी जेठी रानी साम्राज्यलक्ष्मीको मृत्यु भएपछि राजा राजेन्द्रले कान्छी रानी र युवराजका विरुद्धमा पाण्डेहरूले षड्यन्त्र गर्न लागेको बुझेर सम्पूर्ण अधिकार कान्छी रानी राज्यलक्ष्मीदेवीलाई दिए । १९९९ साल (१८४३ जनवरी ५) का दिन राजा राजेन्द्रले कान्छी रानी राज्यलक्ष्मीदेवीलाई निम्नलिखित अधिकारहरू दिएका थिए : पदच्युतको आज्ञा दिनु, राजकर्मचारीलाई नियुक्ति गर्नु, खोसमोस गर्नु उनीहरूको उपाधि र पदको परिर्वतन गर्नु, चीन, भोट र ब्रिटेनसित राजकीय सम्बन्ध राख्नु र विदेशी शक्तिसित आवश्यकताअनुसार सन्धि विग्रह गर्नु । स्वयम् म पनि उसको राय नलिई कुनै कार्य गर्ने छैन । राजाको यस किसिमको घोषणाले रानी शक्तिशाली हुनपुगेको तथ्यलाई प्रमाणित गर्छ । यसपछि रानी राज्यलक्ष्मीबाट सन् १९०० मा देश निकालामा परेका माथवरसिंह थापालाई बोलाएर प्रधानमन्त्री बनाइयो । यसरी नेपालमा पुनः महिलाको नेतृत्वमा शासन चलेको देखिन्छ (बराल, २०७४, पृ. १३२) । यसरी त्यसबेला रानीहरूले नेपालको शासनसत्ता चलाएको देखिन्छ ।

माथवरसिंह थापाले पाण्डेहरूसँग बदला त लिए तर रानी लक्ष्मीदेवीका छोरालाई राजा बनाउने कुरामा सहयोग गरेनन् । यसले गर्दा आफ्नै भान्जा जङ्गबहादुर राणाबाट उनको हत्या गराइयो । रानी लक्ष्मीदेवीको स्वार्थका कारण रानीको नजिक पुग्न सफल भएका जङ्गबहादुर रानीको प्रियपात्र गगनसिंहको हत्या भएपछि हत्यारा पत्ता लगाउन रानीले कोतमा बोलाएका बाँकी शत्रु मार्दै १९०३ असोज १० गते रानी लक्ष्मीदेवीबाट

मुख्तियारी लिन सफल भए । आफ्नो इच्छा पूरा नहुने देखेपछि जङ्गबहादुरलाई मार्न रानी लक्ष्मीदेवीले रचेको भण्डारखाल पर्वमा उल्टै जङ्गबहादुरले बाँकी शत्रुहरू पनि मारे भने नेपालका तत्कालीन राजा राजेन्द्र र रानी राज्यलक्ष्मीदेवीलाई विधिवत् मुद्दा लगााएर युवराज सुरेन्द्रलाई राजगद्दीमा राखी राजा घोषित गर्दै शासन गर्न थाले । जङ्गबहादुरले आफूलाई श्री ३ बनाउँदै आफ्ना भाईहरूमा श्री ३ को उत्ताराधिकार सर्दै जाने परम्परा पनि बसाले । यसपछि नेपालमा जहानियाँ राणाशासन सुरु भयो (मानन्धर, २०४८, पृ. ११) । यसरी पृथ्वीनारायण शाहको मृत्युपछि दरबारभित्र रानीहरूको षड्यन्त्रले तानाशाही राणा सरकार जन्माएको थियो भने राणाहरूको ज्यादतीका कारण नेपाली जनताहरू आन्दोलित हुन थाले जसमा पुरुषहरूसँगै महिलाहरू पनि प्रजातन्त्र ल्याउन सहयोग गर्दै आफ्ना अधिकारका लागि आन्दोलन गर्न थाले ।

### ४.२.५ मध्यकालमा स्थानीय निकाय र जनप्रतिनिधि

नेपालको इतिहासमा मध्यकाललाई पूर्व मध्यकाल र उत्तर मध्यकाल गरी दुई भागमा विभाजन गरिएको छ । पूर्व मध्यकालको समय आठौं शताब्दीदेखि पन्ध्रौं शताब्दी र त्यसपछि अठारौं शताब्दीसम्मको समयलाई उत्तर मध्यकाल मानिएको छ । यस समयमा कान्तिपुर उपत्यकामा तीनवटा मल्ल राज्यहरू कायम थिए । त्यसै गरी पश्चिम कर्णाली क्षेत्रमा बाइसी र गण्डकी क्षेत्रमा चौबिसी राज्यहरू एवम् पूर्वमा दुई र दक्षिणमा एक सेन राज्यमा नेपाल विभाजित थियो । यसरी मध्यकालमा नेपालमा पचासभन्दा बढी राज्यहरू अस्तित्वमा रहेका  थिए । ती राज्यहरूमा राजतन्त्रात्मक व्यवस्था भए तापनि भौगोलिक अवस्थिति, जातीय विविधता, आर्थिक अवस्था, सांस्कृतिक इतिहास आदिका कारणले गर्दा विविध प्रकारका प्रशासनिक र अन्य विधिविधानहरू अङ्गीकार गरिएको पाइन्छ । मध्यकालीन नेपालमा विभिन्न राजवंशका अनेकौं राजाले शासन गरे (सुवेदी, २०५४, पृ. ५७-४५९) । समष्टिगत रूपमा मध्यकाल राजनीतिक रूपमा शक्तिको होडबाजी र खिचातानीले भरिएको भए तापनि धार्मिक व्यवहार, कलाकौशल, ज्ञानविज्ञान, विद्वता आदि क्षेत्रमा उल्लेखनीय प्रगति भएको थियो । साधारणतया राजाहरू उदार प्रवृत्तिका भएकाले उपत्यकाका मल्ल राज्यहरूमा यसप्रकारको विकास सम्भव भएको हो । यसका साथै राजाहरूले स्थानीय स्तरमा जनप्रतिनिधिहरूलाई ठुलो महत्त्व दिए । यसरी राज्यका काम कारबाहीमा जनसहभागितालाई बढावा दिने व्यवस्था र प्रक्रियाको प्रादुर्भाव भयो । काठमाडौं

उपत्यकाको इतिहासलाई हेर्ने हो भने कतिपय राजाहरू उदार प्रकृतिका भएको पाइन्छ । यसले गर्दा बहुजातीयता, बहुधर्म र बहुभाषाले प्रश्रय पायो । जातीय सङ्कीर्णता र धार्मिक कट्टरताले उठ्ने मौका पाएन । फलतः खस, नेवारी, अवधि, मैथिली र बङ्गाली भाषाले फुल्ने मौका पाए ।

इ.सं. १३८० मा जयस्थिति मल्ल राजा भए । यिनी मल्ल वंशका एक महत्त्वपूर्ण राजा हुन् । (नेपाल, २०५४, पृ. १९०-१९७) समय समयमा देखिएको राजनीतिक परिवर्तनले शासनाधिकारमा पनि अनेकौं परिवर्तन भए । एघारौं शताब्दीतिर एकभन्दा बढी गद्दीका हकदारहरू भएका अवस्थामा संयुक्त रूपमा राजा हुने चलन चल्यो । यसको परिणामले गर्दा सत्ता सङ्घर्ष झनै चर्किन थाल्यो । राजनीतिक अस्थिरता बढ्दै गयो । यसै क्रममा उपत्यकामा देव र मल्ल दुई राजवंशको अभ्युदय भयो । तिनीहरूमा पालैपालो राजा बन्ने प्रथा चल्यो । यिनका राजदरबार पनि भिन्न थिए । त्रिपुर दरबार र युथुनिमम दरबार (श्रेष्ठ, २०५६, पृ. १-७ र २१-२४) । यस्तै खिचातानीकै फलस्वरूप डोयहरूलाई सहयोगका लागि बोलाइयो र तिनले दुई पटक आक्रमण गरे । त्यस्तै अर्को पक्षले कर्णाली प्रदेशका खस राजा रिपु मल्ललाई सैनिक हस्तक्षेपका लागि आमन्त्रण गरे (अधिकारी, २०५३, पृ. ४५-५५) । चौधौं शताब्दीसम्ममा विद्यमान राजनीतिक अस्थिरताकै परिणामस्वरूप शासन व्यवस्थामा तिरहुते दरबारियाहरूको प्रभाव बढ्न थाल्यो । यसप्रकार भक्तपुरमा शरणागत कर्णाटवंशी राजा हरिसिंहदेवकी रानी देवलदेवीले राजकाजमा दखल दिन सक्ने स्थिति बनाइन् । धेरै मेहनतपछि शासनमा यिनको कब्जा जम्यो । यिनकी नातिनी राजल्लदेवीसँग विवाह गराउनका लागि कर्णाटवंशी क्षत्रीय कुलका जयस्थिति मल्ललाई तिरहुतबाट भक्तपुर ल्याइयो । इ.सं. १३५४ मा यिनीहरूबिच विबाह सम्पन्न भयो । त्यसपछि जयस्थिति मल्ल एक शक्तिशाली शासकका रूपमा देखा परे । केन्द्रलाई मजबुत बनाउनका लागि यिनले देशको रक्षा व्यवस्थामा विशेष ध्यान दिए । उनले सेना, सङ्गठन र किल्लालाई मजबुत बनाए । यसकै परिणामस्वरूप देशमा शान्तिसुरक्षाको स्थिति मजबुत हुन गयो । यिनको उदयपछि मध्यकालको इतिहासमा नयाँ मोड आयो । अब उपत्यकामा राजनीतिक होडबाजीको अन्त्य भयो । यिनले सामन्तहरू तथा क्वाठ नायक आदिलाई पनि नियन्त्रणमा राखे । राजनीतिक परिस्थिति अनुकूल बनेकाले यिनले सामाजिक क्षेत्रमा समेत सुधार गर्ने अवसर पाए । तसर्थ यिनले सामाजिक, आर्थिक, न्यायिक, प्रशासनिक, शैक्षिक, धार्मिक आदि क्षेत्रमा सुधार गरे । यिनका सुधारहरूको नेपालको इतिहासमा ठुलो महत्त्व छ । यसले

समाजलाई व्यवस्थित हुन पनि मदत गऱ्यो । गोपालराज वंशावलीमा यिनलाई न्यायप्रेमी, राजकोष बढाउने, समान व्यवहार गर्ने, लोकहितकारी, दुःखहर्ता राजा भनी प्रशंसा गरिएको छ (वज्राचार्य, २०६४, पृ. १३३) । यिनले गरेका सुधारका कतिपय अंशहरू आजसम्म पनि प्रचलनमा रहेका छन् । यिनले जातका आधारमा पेसाको वर्गीकरण गर्ने काम गरे ।

यसपछि नेवार समाज चौसट्ठी जातमा वर्गीकृत भयो । यिनले प्रशासनलाई जनमुखी बनाउनेतर्फ पनि ध्यान दिए । जयस्थिति मल्लपछि उनका छोराहरू संयुक्त रूपमा राजा भए । त्यसपछि यक्ष मल्ल राजा भए । यिनी अर्का महत्त्वपूर्ण राजा थिए । यिनले शासन व्यवस्थालाई मजबुत बनाए एवम् सुव्यवस्था कायम गराए । यिनले राज्य विस्तार गर्नुका साथै धार्मिक सुधार, किल्ला निर्माण, शिक्षाको व्यवस्था गरे र आर्थिक उन्नतितर्फ पनि कदम चाले । तर यिनका छोराहरूको महत्त्वाकाङ्क्षाकै परिणामस्वरूप उपत्यका तीनवटा राज्यमा टुक्रियो । तत्पश्चात् तिनीहरूबिच मनमुटाब र खिचातानी पनि बढ्दै गयो । गोरखालीहरूले उपत्यका जित्नु अघिसम्म यही स्थिति कायम रहेको थियो । राज्य विभाजनपछि अन्त्य नभएसम्म कान्तिपुरमा कुल पन्ध्र, ललितपुरमा अठार र भक्तपुरमा तेह्र जना राजाहरूले शासन गरे । तर त्यो समयमा शासन व्यवस्था अस्थिर नै रह्यो । त्यस्तो अवस्थाका बाबजुद कतिपय राजाहरूले अनेकौं सुधारहरू गरे । यही समय भक्तपुरमा रणजित मल्लजस्ता जनप्रेमी राजा भए । तर राजनीतिक रूपमा यिनी नितान्त अदूरदर्शी थिए । अर्कातिर कान्तिपुरमा भने जयप्रकाश मल्लजस्ता अत्यन्त दूरदर्शी राजा शासनमा थिए । भक्तपुरका राजा रणजित मल्ल अत्यन्तै उदार र जनताका विचारको कदर गर्ने राजा थिए । इ.सं. १७६२ मा भक्तपुरको राजा भएकै बेला उनले जनतामाथि अन्याय हुन नदिन थिति बन्देज पनि बाँधेका थिए (तिवारी र अरू, सम्पा २०२२, पृ. ७२-७४) । यसरी राज्य विस्तार गर्नुका साथै धार्मिक सुधार, किल्लानिर्माण, शिक्षाको व्यवस्था र आर्थिक उन्नतितर्फ पनि कदम चाल्ने काम भएको देखिन्छ ।

देशमा अनुकूल परिस्थिति नभएका अवस्थामा रणजित मल्लले भक्तपुरका चौबिसै टोलका प्रतिनिधि डाकी राय लिने गरेका कतिपय उदाहरणहरू छन् । ती चौबिस टोलका नाइकेले नै जनप्रतिनिधिका रूपमा काम गर्दथे । यिनले आफ्ना उत्तराधिकारी छान्ने क्रममा भित्रिनी रानीबाट विरोध भई कचिङ्गल उठ्यो । यसलाई समाधान गर्न यिनले दरबारमा सबै वर्गका प्रतिनिधिको भेला डाकी राय लिएका थिए । जनताको रायबमोजिम रानीको विरोधका बावजुद विवाहिता रानीपट्टिका छोरालाई नै उत्तराधिकारी घोषित गरे (रेग्मी,

१९६६, पृ. २४९) । त्यसै गरी गोरखाली आक्रमणबाट कान्तिपुर र ललितपुरका राजाहरू जयप्रकाश मल्ल र तेज नरसिंह मल्लले भक्तपुरमा शरण लिन जाँदा रणजित मल्लले टोलका सारा प्रजापञ्चहरूको भेला डाकी उनीहरूकै रायबमोजिम तिनीहरूलाई शरण दिएका थिए (चालिसे, २०४८ पृ. ४०९ र ४३२) । मध्यकालीन समयमा राजा र प्रजाबिच आत्मीय सम्बन्धको आदर्श विद्यमान  थियो । शासन चलाउँदा प्रजाको हितलाई ध्यानमा राखिन्थ्यो । जनमतको कदर हुन्थ्यो । स्थानीय स्तरमा गुठी नाइके, पञ्च समुच्चय आदिको निकै महत्त्वपूर्ण स्थान थियो । लिच्छविकालमा पाञ्चालीअन्तर्गत जनताहरू सङ्गठित थिए । शासनव्यवस्थामा पाञ्चालीको महत्त्वपूर्ण भूमिका रहेको थियो । यस्तै प्रकारको प्रणाली मध्यकालमा पनि विकसित हुँदै गयो । सहरी क्षेत्रमा टोल टोलमा पञ्चायतको व्यवस्था गरियो । पहाडी इलाकामा ग्राम क्षेत्र बनाइयो । त्यहाँ पनि पञ्चायतको व्यवस्था भयो । यसैका माध्यमबाट समस्या निराकरण गर्ने र माथिल्लो तहसँग सम्बन्ध राख्ने गरिन्थ्यो । यो व्यवस्था मध्यकालको महत्त्वपूर्ण प्रशासनिक व्यवस्था थियो । साना क्षेत्रमा प्रजापञ्चले नै सुरक्षा दिने र सेनाले गर्ने कार्यसमेत गर्दथे । प्रजापञ्चको स्थानीय तहमा मात्र नभई राजकाजमा समेत प्रभाव परेको थियो (वज्राचार्य र श्रेष्ठ, २०३५ पृ. १३२-१३३) । महत्त्वपूर्ण निर्णयमा प्रजापञ्चको पनि भूमिका रहन्थ्यो । यिनीहरू तत्कालीन समयका जनप्रतिनिधि थिए । मध्यकालमा यस्ता पञ्चायतलाई पञ्चसमुच्चय भनिएको पाइन्छ । यी केन्द्रीय र स्थानीय गरी दुई तहका हुन्थे । स्थानीय स्तरमा टोल र गाउँ तह गरी दुई एकाइ  थिए । केन्द्रीय स्तरको पञ्चायतलाई देश पञ्चसमुच्चय भनिन्थ्यो । यसको सभालाई पञ्च कचहरी भनिन्थ्यो । पञ्च समुच्चयबाट पाँचजना प्रतिनिधि छानेर पञ्चकचहरीमा पठाइन्थ्यो (वज्राचार्य र श्रेष्ठ, २०५९ पृ. १३२) । यसरी मध्यकालमा केन्द्रीय र स्थानीय गरी दुई तहका शासकीय व्यवस्था निर्धारण भएको देखिन्छ ।

यसरी छानिएर गएका प्रतिनिधिलाई पञ्चप्रमान भनिन्थ्यो । राजाले पञ्चप्रमानमध्ये एकजनालाई प्रमुख प्रमानको जिम्मेवारी दिन्थे । प्रमुख पञ्चप्रमानलाई वृत्तिस्वरूप जग्गा दिने गरिन्थ्यो । सुरुमा जनप्रतिनिधिका रूपमा छानिने प्रथा भए तापनि कालान्तरमा पञ्चप्रमान वंशानुगत भएका उदाहरणहरू पनि छन् । पञ्चप्रमानले शान्ति सुरक्षा, सुक्रिबिक्री, साक्षी बस्ने, नियम तर्जुमा गरी लागु पनि गर्ने, दण्ड-सजाय गर्ने, रोजगारीको व्यवस्था गर्ने, चाडपर्व सञ्चालन गर्ने, सार्वजनिक स्थलको संरक्षण गर्ने आदि जस्ता काम गर्दथे । भक्तपुरमा जनप्रतिनिधिका रूपमा टोल नाइकेहरूले कार्य गर्दथे । यिनले पञ्चप्रमान र

जनतालाई सामाजिक, धार्मिक तथा देशरक्षाका कार्यमा समेत जागरुक गराउँदथे । देश पञ्चसमुच्चयको सभा सङ्कटको अवस्था आएमा वा विशेष निर्णय लिनुपर्ने अवस्था आएमा डाकिन्थ्यो । यसको निर्णय सर्वमान्य हुन्थ्यो । यसैका आधारमा राजाले अन्तिम निर्णय दिन्थे । यसले राजालाई लोकप्रिय बनाउनुका साथै आवश्यकता परेका बेला जनसहयोग प्राप्त गर्न पनि सजिलो बनाएको थियो । यसका अलावा जनप्रतिनिधिहरूले शासनमा प्रत्यक्ष भाग लिने मौकासमेत पाए । लडाइँका बेला सेनाका साथै जनताले पनि भाग लिन्थे । विजयी भएका अवस्थामा राजाले सेनाका रूपमा काम गर्ने जनतालाई पुरस्कृत गर्ने चलन पनि थियो । यसप्रकार मध्यकालमा उपत्यकाको राजनीतिक अवस्था अस्थिरताले भरिएको भए तापनि स्थानीय तहमा जनता वा जनप्रतिनिधिको भूमिका र संलग्नता महत्त्वपूर्ण थियो । मध्यकालमा आएर स्थानीय स्तरमा जनताको भूमिका व्यापक बनेको थियो । राज्यभरि स्थानीय प्रशासनको यही नमुनाले प्रभावकारी ढङ्गले काम गरेको थियो । यसैका माध्यमबाट शासनमा जनताको सहभागिता हुन्थ्यो । यसप्रकार मध्यकालमा जनमतको प्रतिनिधित्व हुन्थ्यो । उदाहरणका लागि दोलखा कान्तिपुरमा गाभिनुभन्दा अगाडिदेखि नै पञ्चप्रमानको स्थानीय प्रशासनमा महत्त्वपूर्ण भूमिका रहँदै आएको थियो । तिनीहरू दोलखामा ज्यादै नै सक्रिय थिए । विभिन्न अभिलेख एवम् ताम्रपत्रले यो कुरालाई पुष्टि गरेका छन् । दोलखाली पञ्चप्रमानको भेला त्यहाँको मूलकोटमा हुन्थ्यो (यादव र अरू सम्पा., २०७३, पृ. १४-१५) । यसप्रकार मध्यकालमा स्थानीय तहमा जनता वा जनप्रतिनिधिको भूमिका र संलग्नतालाई महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

त्यहाँका पञ्चप्रमानले जग्गा, लेनदेन, अंश मुद्दा, धार्मिक मामिला तथा संस्कृतिसम्बन्धी कार्य गर्दथे । यस काममा विचारी र मुखियाको समेत सहयोग हुन्थ्यो । तिनीहरू बिर्तावाल पञ्च र ढाके पञ्च गरी दुई प्रकारका हुन्थे (वज्राचार्य र श्रेष्ठ, २०५९ पृ.४८) । स्थानीय संरचनामा टोल र ग्राम गरी दुई एकाइ थिए । त्यसबखत कान्तिपुरमा छब्बीस तथा भक्तपुर र ललितपुरमा चौबिस चौबिसवटा टोल थिए (तिवारी र अरू, २०२२, पृ. ९१-९२) । पञ्चप्रमान वा परमान टोल वा ग्राम प्रतिनिधि थिए । हरेक टोल वा ग्रामबाट एकजना परमान छानिन्थे । पञ्चप्रमान निश्चित अवधिका लागि चुनिन्थे । तिनीहरूले प्रजापञ्चको प्रतिनिधित्व गर्दथे । तर तिनीहरूको छनोट प्रक्रियाबारे भने खासै जानकारी प्राप्त छैन । स्थानीय क्षेत्रका नागरिकहरूलाई पञ्चसमुच्चय भनिन्थ्यो । यसका

माध्यमबाट जनताहरू सङ्गठित थिए । यो प्रथा जनप्रतिनिधित्वका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । मध्यकालमा उपत्यकाको स्थानीय प्रशासनमा भएको यसप्रकारको व्यवस्था कर्णाली क्षेत्रका बाइसी राज्य, गण्डकी क्षेत्रका चौबिसी राज्य तथा पूर्वतिरका राज्यहरूमा पनि प्रचलनमा थियो (बैद्य र वज्राचार्य, २०५५, पृ. ९२) । मध्यकालमा चलेको यो व्यवस्था राजनीतिक स्वभावको नभएर विशुद्ध प्रशासनिक एकाइ थियो जहाँ जनताको उचित प्रतिनिधित्व हुन्थ्यो ।

यस्तै प्रकारले जनसहभागिताको ऐतिहासिक पक्ष पनि चाख लाग्दो रहेको पाइन्छ । प्राचीन कालदेखि नै विभिन्न रूपमा राज्यका कृयाकलापमा जनताको सहभागिता हुने गरेको थियो । यसरी लिच्छवि राजाहरूले गोष्ठीहरूलाई अर्थदान, जमिनदान आदि गरेर जनसहभागितालाई प्रोत्साहित गरे । प्रशासनमा पनि जनताको भूमिका अहम् बन्न पुग्यो । लिच्छवि राजाहरू रवि गुप्त, भौम गुप्त, अंशुवर्माले पाञ्चालीलाई अत्यधिक अधिकार प्रदान गरेर शक्तिशाली बनाए । साथै पाञ्चालीहरू स्वायत्त पनि हुँदै गए । यसप्रकारको व्यवस्था कुनै न कुनै रूपमा मल्ल कालमा पनि कायम भयो । प्रजापञ्चहरूलाई प्रोत्साहन दिने कार्य पनि अगाडि बढ्यो । कतिपय अवस्थामा जनप्रतिनिधिहरूलाई समेत प्रशासनमा सरिक गराइन्थ्यो । बाइसी राज्यअन्तर्गत डोटी राज्यमा जनमतको कदर हुने गरेको कुरा रिपु मल्ललाई जनताले राजा बनाएबाट थाहा हुन्छ (बैद्य र वज्राचार्य, २०५५, पृ. २१) । त्यस्तै लमजुङ र मुस्ताङमा पनि जनताको राजनीतिक भूमिका महत्त्वपूर्ण रह्यो । भक्तपुरका राजा रणजित मल्लले पनि जनमतको निकै कदर गरेका थिए । नियम बनाउँदा समेत जनप्रतिनिधिको राय लिने चलन चलेको थियो । देशको रक्षा गर्ने कार्यमा जनताको सहभागिता उल्लेख्य थियो । सेनाको काम जनताले पनि गर्दथे । भक्तपुरमा यक्ष मल्लकै पालादेखि जनताको वैचारिक प्रतिनिधित्व र सहभागितालाई महत्त्व दिने प्रचलन थियो (यादव र अरू सम्पा, २०५३, पृ. १६) । यसरी भक्तपुरका राजा यक्ष मल्लका पालादेखि प्रतिनिधित्व र सहभागितालाई महत्त्व दिने प्रचलन रहेको पाइन्छ ।

### ४.२.६ बाइसी र चौबिसी राज्यमा प्रशासनिक र महिला सक्रियता

पश्चिम नेपालमा अस्तित्वमा रहेको खस राज्य र त्यसको अवसानपछि देखापरेका बाइसी र चौबिसी राज्यको इतिहासमा जनप्रतिनिधिको व्यवस्था गरी छनोट गर्ने सम्बन्धमा खासै त्यस्तो जानकारी पाइँदैन । तथापि प्राप्त केही अभिलेखहरूले इतिहासको थोरै जानकारी भने दिएका छन् । खस अधिराज्य केन्द्रकै नियन्त्रण थियो तर स्थानीय क्षेत्रमा

पराजित राजाहरूलाई खस अधीनताअन्तर्गत शासन चलाउने अभिभारा भने दिइएको थियो । खस प्रशासनमा राजा, राजकुमारहरू, अमात्य, मण्डलाधीश, पात्र, भट्ट, शिष्ट, भण्डारी, राजगुरु जैसी आदि केन्द्रीय प्रशासक थिए । स्थानीय प्रशासनिक तहमा लेखक, पेखक, अडै, अधिकारी, कार्की, खड्गा, बूढा, बूढाथापा, थापा, राना, महतारा, रोकाया आदि अधिकारी थिए (अधिकारी २०५३, पृ. ६३-८२) । बाइसी राज्यअन्तर्गत महत्त्वपूर्ण र शक्तिशाली राज्यमा जुम्ला, डोटी, जाजरकोट, सल्यान, बझाङ, दैलेख आदि थिए । ती राज्यहरूमा शाही, मल्ल, शाह, सिंह र सेन वंशको शासन स्थापना भएको थियो । खस साम्राज्यको कमजोरीबाट फाइदा उठाई बाइसी र चौबिसी राज्य स्थापना भएका थिए । यसबाट खसराज्यको अस्तित्व नै समाप्त भयो । यी राज्यहरूको प्रशासनिक संरचनामा विभिन्न अङ्ग थिए । तीमध्ये गाउँ प्रारम्भिक तहको प्रशासनिक एकाइ थियो । यद्यपि प्रशासनिक व्यवस्था केन्द्रमुखी थियो । परिणामस्वरूप जनप्रतिनिधि राख्ने वा चुन्ने विषयमा त्यस्तो उल्लेखनीय व्यवस्था थिएन । तर सामन्तहरूलाई कैद गरी स्वायत्त शासन दिएको उदाहरण पनि पाइन्छ । ग्रामीण क्षेत्रमा ब्राह्मण र लामाहरूको प्रभावशाली भूमिका थियो (सुवेदी,२०५५, पृ. १२४) । तीमध्ये गाउँ प्रारम्भिक तहको प्रशासनिक एकाइ थियो । यद्यपि प्रशासनिक व्यवस्था केन्द्रमुखी थियो । यसरी खसराज्यको प्रशासनिक व्यवस्था केन्द्रमुखी थियो । जनप्रतिनिधि राख्ने वा चुन्ने विषयमा त्यस्तो उल्लेखनीय व्यवस्था रहेको देखिँदैन ।

खस राज्यमा पञ्चायत स्थापना गरिएको थियो कि थिएन भन्ने यकिन हुन सकेको छैन । एकीकरणपश्चात् जुम्लामा भने यो पद्धति देखापरेको छ । पूर्व मध्यकालमा डोटीमा यस प्रथाको अवशेष पाइएको छ । शासनव्यवस्था निरङ्कुश प्रवृत्तिको भएकाले जनता र उनीहरूको विचारको त्यति कदर हुने स्थिति थिएन । लिच्छविकाल र उपत्यकाका मल्ल राज्यहरू र दोलखा राज्यमा जनमतको कदर गर्दै जनप्रतिनिधि छान्ने व्यवस्था गरिएको थियो (यादव र अरू सम्पा, २०५३, पृ. १६) । त्यस्तो प्रकृतिको अवस्था चौबिसी राज्यहरूमा पनि भएको ऐतिहासिक प्रमाणहरू प्राप्त छन् । गाउँगाउँमा ग्राम प्रमुखका रूपमा द्वारे र तिनका सहयोगी नेवः द्वारेको व्यवस्था गरिएको थियो । यसका साथै गाउँमा मुखियाको पनि व्यवस्था गरिएको थियो । कटुवालले गाउँमा पालेको काम गर्दथ्यो । गाउँका नागरिकहरूले परिआएका बेला सेनाको समेत काम गर्दथे । गुणस्तरका पदाधिकारीहरूको काम कर उठाउने र केही न्यायिक कार्य सम्पादन गर्नु थियो । तर सर्वसाधारणले आफ्ना प्रतिनिधिमार्फत आफ्नो मत अभिव्यक्त गर्ने कुनै प्रकारको व्यवस्था त्यतिबेला गरिएको

थिएन । चौबिसी राज्यहरूमा पनि पञ्चायतको व्यवस्था थियो । यस कुराको पुष्टि ऐतिहासिक प्रमाणबाट भएका छन् । इतिहासकार टेकबहादुर श्रेष्ठका अनुसार पर्वत राज्यलगायत अन्य चौबिसी राज्यमा पञ्चको ज्यादै महत्त्व थियो । पर्वत राज्यमा प्रचलित व्यवस्थाअनुसार प्रत्येक घरको एक पञ्चको गणना हुन्थ्यो । त्यहाँ पञ्चहरूलाई संरक्षण दिनुका साथै मुद्दा छिन्ने अधिकारसमेत दिइएको थियो । यिनीहरू स्थानीय प्रशासनका पनि महत्त्वपूर्ण अङ्ग थिए । पञ्चले बिराम गरी नखानु र पञ्चमाथि हातपात गर्नेलाई मृत्युदण्ड दिनु भन्ने व्यवस्था गरिएको थियो । पञ्चहरू जनप्रतिनिधि थिए । तसर्थ यिनीहरू देश निर्माणको कार्यमा पनि संलग्न हुन्थे । पर्वतमा रहेको यसप्रकारको जनप्रतिनिधिका रूपमा पञ्चको व्यवस्था नेपाल एकीकरणपश्चात् पनि प्रचलनमा थियो (श्रेष्ठ, २०५९, पृ १०१-१०२) । तर यसमा घरधुरीका एक पञ्च मान्ने व्यवस्था भएको तर मुख्य पञ्च कसरी छान्ने विषयमा भने जानकारी प्राप्त  छैन । यद्यपि घरधुरीका पञ्चमध्येबाट नै मुख्य पञ्च छानिने कुराको भने अनुमान गर्न सकिन्छ ।

तत्कालीन समयमा पर्वतमा जुन प्रकारको जनप्रतिनिधिको व्यवस्था थियो त्यो अन्य राज्यहरूमा पनि प्रचलनमा थियो । नेपालमा लिच्छविकालदेखि प्रचलनमा रहेको जनप्रतिनिधि तथा तिनको छनोटका व्यवस्था तत्पश्चात् पनि कायम नै रह्यो । तिनीहरूलाई जनताले  चुन्दथे । लिच्छविकालको पाञ्चाली प्रथा मध्यकालमा पनि यथावत् चल्दै रहेको कुरा मध्यकालको पूर्वार्द्धमा भेटिएको  एउटा ताम्रपत्रमा यसको उल्लेख भएबाट थाहा हुन्छ  (वज्राचार्य, २०५६, पृ. ३२५-३३२) । यसप्रकार नेपालमा प्राचीन र मध्यकालमा जनताले आफ्ना प्रतिनिधि छान्ने र तत्कालीन विधिले निश्चित गरेका काम सम्पन्न गर्ने गर्दथे तर राणाकालका अन्त्यमा जनप्रतिनिधि एकाइका रूपमा पञ्चायत स्थापना गरी यससम्बन्धी व्यवस्था गरिएको कुरा त्यसबेला जारी भएका रुक्का, इस्तिहार र पत्रहरूबाट थाहा हुन्छ (यादव र अरू सम्पा, २०५३, पृ. १८) । हिन्दु कानुनलाई देवी कानुन मानिएकाले यसलाई पालना नगर्नाले दैवी दण्ड पाउँछ । अनेकन् उत्पातको दबाब दिई दण्ड दिएको कुरा रामायण, महाभारत, स्कन्द पुराण आदिले देखाएका  छन् । वेद हिन्दु आर्यहरूको साम्प्रदायिक ग्रन्थ होइन अपितु समस्त भूमण्डलमा बस्ने समस्त मानवको सबैभन्दा पहिलाको साहित्य हो । ऋग्वेदकालमा महिला विकासको स्वरूप पाउँछौं । नारीलाई मातृ-समो गुरु नास्ति भनेर सबैभन्दा ठुलो गुरुको महत्त्व दिएको पाइन्छ । नारीलाई वेद अध्ययन गर्न निषेध गर्नु न्याय थिएन (सिवाकोटी, २०७५ पृ. २९, ३०) । यसरी नारीलाई विभेद गरेको देखिन्छ ।

गोरखाका राजा पृथ्वीनारायण शाहकी जेठी मुमा चन्द्रप्रभावतीमा राजकाजसम्बन्धी निकै दखल थियो । पृथ्वीनारायण शाहले महारानी चन्द्रप्रभावतीबाट राज्य सञ्चालन गर्ने सम्बन्धमा महत्त्वपूर्ण दीक्षा प्राप्त गरेका थिए । एउटा वीर र विवेकी शासकमा हुनुपर्ने गुणहरूका बारेमा चन्द्रप्रभावतीबाट बाल्यकालदेखि नै प्राप्त गरेको दीक्षाले पृथ्वीनारायणको मानसपटलमा दिगो प्रभाव पऱ्यो । अन्ततः नेपाल राष्ट्र निर्माण गर्न उनलाई प्रेरणा मिल्यो । पृथ्वीनारायण शाहका जेठो छोरा राजा प्रतापसिंह शाहको मृत्युपछि उनका नाबालक छोरा रणबहादुर शाहको नायवीका रूपमा बहादुर शाह र राजमाता राजेन्द्रलक्ष्मी शाहले नेपालको शासन सञ्चालन गरेका थिए । राजेन्द्रलक्ष्मी शाहले राज्यशक्तिको प्रयोग गरी शासन सत्ता सञ्चालन गर्ने पहिलो शक्तिशाली महिला हुन् (पौड्याल, २०६७, पृ. १२) । तसर्थ राज्य सञ्चालन गर्ने सम्बन्धमा पृथ्वीनारायण शाहका पालामा पनि राज्य एकीकरण तथा सञ्चालनमा प्रेरणाका रूपमा महिलाको महत्त्वपूर्ण भूमिकाको रहनाका साथै उनीहरूले राज्यशक्तिको प्रयोग गरी सत्ता सञ्चालन गरेको देखिन्छ ।

पृथ्वीनारायण शाहले अधुरो छाडेको राष्ट्र एकीकरणको महाअभियानलाई अगाडि बढाउँदै नेपालको शक्तिशाली राज्यहरू लमजुङ, तनहुँ र कास्कीलाई नेपालमा मिलाएकी थिइन् । उनले दरबारिया खिचातानी, अङ्ग्रेजको वक्रदृष्टि आदि प्रतिकूल अवस्थासँग जुध्दै शासन एवम् प्रशासनलाई स्थिर र सुदृढ बनाई आफ्नो शासकीय क्षमतालाई स्थापित गरेको पाइन्छ (हाडा, २००५,पृ. ३३) । राजेन्द्रलक्ष्मीपछि शाहकालीन इतिहासमा राजराजेश्वरी, साम्राज्यलक्ष्मी, ललित त्रिपुरा सुन्दरी र राज्यलक्ष्मी आदि रानीहरू पनि तत्कालीन समयको राजनीतिमा राम्रै हैसियतमा रहेको पाइन्छ । राजेन्द्रविक्रम शाहकी जेठी र कान्छी रानी साम्राज्यलक्ष्मी र राज्यलक्ष्मीबिचको सत्तासङ्घर्षको दाउपेचका कारण नेपालको इतिहासमा कोतपर्व जस्तो नरसंहारमार्फत जहानियाँ राणाशासनको प्रारम्भ भयो (कार्की, २०६८, पृ. ७२) । यसबाट त्यतिबेलाको राजनीतिक शक्तिकेन्द्रका रूपमा चिनिने दरबारमा महारानीहरूको प्रत्यक्ष र अप्रत्यक्ष रूपमा शासन सञ्चालनमा निर्णायक भूमिकासमेत निर्वाह गरेको कुरा प्रमाणित हुन्छ ।

### ४.२.७ राणाशासनः महिला सङ्घको सुरुवात

कोतपर्व नेपालको इतिहासमा दोस्रो ठूलो हत्याकाण्ड हो । रानीको विश्वासपात्र गगनसिंहको हत्यारा पत्ता लगाउन भेला भएका भारदारहरूबिच विवाद हुँदा मच्चिएको काण्डले तत्कालीन नेपालको अस्थिर राजनीतिलाई १०४ वर्ष राणाशासनका लागि सुम्पिएको थियो ।

राणाहरूले गरेको पारिवारिक एवम् जहानियाँ शासन नेपालमा विक्रम संवत् १९०३ देखि प्रारम्भ भएर २००७ सालसम्म कायम रह्यो । यसमा राणा प्रधानमन्त्रीका भागमा पद सबै जाने नियम थियो । देशका मुख्य मुख्य शक्तिशाली पदहरूमा पनि राणा खानदानका मानिसहरू नै नियुक्त हुन्थे । आधारभूत मौलिक अधिकार हुँदैनथ्यो । राणाले जे बोले पनि त्यो कानुनसरह लागु हुन्थ्यो ।

१९०३ सालमा जङ्गबहादुर राणाबाट राणाशासन सुरु भएर रणोद्वीप सिंह, वीरशमशेर, देवशमशेर हुँदै चन्द्रशमशेरको शासनकालमा पुग्दा जहानियाँ एकतन्त्री तानाशाही शासकको निरङ्कुशता बढ्दै थियो भने चेतनशील नेपालीहरूसँग चेतनशील महिलाहरू पनि अधिकारका लागि जुर्मुराउन थालिसकेका थिए । त्यसबेला पुरुषले जति वटी नारीसँग पनि विवाह गर्न मिल्ने र कम उमेरको बच्चीहरूको विवाह बूढापाकाहरूसँग गरिदिने कानुन महिलाहरूलाई ठिक लागेको थिएन । त्यस्तै महिलाहरूले घुम्टो ओढेर बस्नुपर्ने र घरपरिवारले जे भन्छ सोही मान्नुपर्ने अचम्मको व्यवस्था उनीहरूलाई मन परेको थिएन । बुढाले बालिका बिहे गर्ने अनि बुढाको मृत्युपछि भर्खर जवान हुँदै गरेकी स्त्रीलाई सती पठाउने प्रचलन पनि उनीहरूलाई मन परेको थिएन । महिलाले स्वतन्त्र किसिमले इच्छा व्यक्त गर्न नपाउने यस्तो अवस्थाको विरोध गर्न चेतनशील महिलाहरूको जमघट हुन थाल्यो र महिलाहरू सङ्घर्षका मैदानमा उत्रिन थालेका थिए । त्यसबेला महिलाहरू अधिकारका लागि सङ्घर्ष गर्दै अघि बढ्न थालेको देखिन्छ । पुरुषहरूले सङ्गठन निर्माण गर्न नसकेका सन्दर्भमा राणाकालीन ज्यादती चरमोत्कर्षमा पुगेको त्यस समयमा पनि महिलाहरू सङ्गठन निर्माण गर्न सफल भए । साङ्गठनिक रूपमा र व्यक्तिगत रूपमा समेत महिलाहरू अगाडि बढ्न थाले । योगमाया न्यौपाने, जीवकुमारी गौतम, दिव्या कोइराला, मङ्गलादेवी, साहना प्रधान, मोतीदेवी, राममाया पोडेनी जस्ता नेतृहरूलाई व्यक्तिगत रूपमा समेत कार्य गर्ने महिलाहरूको उदाहरणमा लिन सकिन्छ (बराल, २०७४, पृ. १३३) । राणाशासनमा पनि महिलाहरू अधिकारका लागि सङ्घर्ष गर्दै अघि बढेका थिए ।

पछि लामो समयसम्म नेपालमा महिलाहरूको छुट्टै सङ्गठन स्थापना हुन सकेन तर राणाविरुद्धको विद्रोही चेतनाको प्रचारप्रसार भइरहेको थियो । राणाशासनविरुद्ध थालिएको प्रचारात्मक आन्दोलनमा केही महिलाहरू सहभागी भई साहसिक भूमिका खेलेका थिए । प्रजापरिषद्का आयोजनामा पहिलोपटक भएको प्रचारबाजीमा रातको ११ बजेतिर वीर अस्पतालकी नर्स अष्टकुमारी र चञ्चला मानन्धरले प्रसुतिकालीन औषधी उपचारका

समानले भरिएका झोला बोकी इन्द्रचोक, ठहिटी, झोछे, रणमुक्तेश्वर एरियामा राणाविरोधी पर्चाहरू छरेका थिए (उपाध्याय, २०५४, पृ. २३६) । २००३ साल फागुन ३ गते विराटनगर जुट मिलमा सञ्चालित आन्दोलनमा पारिश्रमिक र सेवा सुविधाको माग गर्दै महिला मजदुरहरू पनि सरिक भएका थिए । सोही आन्दोलनमा दिव्या कोइरालालगायतका महिला अगुवा गिरफ्तार भएका थिए । यसै गरी २००४ सालमा नागरिक अधिकारको माग गर्दै काठमाडौँमा ऐतिहासिक जनप्रदर्शनमा जुलुसको नेतृत्व गर्दै साहना प्रधानलगायत युवा महिलाहरू आन्दोलनमा सरिक भए । सो प्रदर्शनपश्चात् तत्कालीन राणा प्रधानमन्त्री पद्मशमशेरले महिलालाई मताधिकारको अधिकार दिने घोषणा गर्नुका साथै महिलालाई शिक्षाको व्यवस्था गर्ने आश्वासन दिएका थिए (गौतम, २०५५, पृ. ८९) । यसरी राणाकालीन नेपालमा महिलाहरू निकै सशक्त हुँदै आफ्नो हक, हित, स्वतन्त्रता र राजनीतिमा सहभगिता जनाउन निकै अभिप्रेरित भई त्यसका लागि आन्दोलनहरूमा उत्रिएको देखिन्छ ।

### ४.२.८ आधुनिक कालः निर्वाचनको विकासक्रम

नेपालको निर्वाचन इतिहासमा उमेर पुगेका मतदाताले मतदान गरी आफ्ना प्रतिनिधि छनोट गर्ने काम वि.सं. २००० पश्चात् मात्रै सुरु भएको पाइन्छ । हुन त यसभन्दा पहिला पनि राणाकालमा निर्वाचनसम्बन्धी केही व्यवस्थाहरू भएका पाइन्छन् । वि.सं. १९८७ मै स्थानीय स्तरमा जनप्रतिनिधि संस्थाका रूपमा केही स्थानमा पञ्चायत स्थापना गर्न निर्वाचनसम्बन्धी व्यवस्था गरिएको थियो जसअनुसार पञ्चायत नामक जनप्रतिनिधि संस्था स्थापना भई त्यसले कार्य गर्न सुरु गरेको थियो । तर यो निर्वाचनमा प्रत्यक्ष बालिग मताधिकारको अभ्यास भने गरिएको थिएन । त्यतिबेला सम्बन्धित क्षेत्रका प्रत्येक घरका घरमुलीहरूको भेला गरी उनीहरूको रायबमोजिम मुख्य पञ्च र अन्य पञ्चहरू छानिएको सदर गरी मुचुल्कामा सहीछाप गराइन्थ्यो । यस प्रक्रियाअन्तर्गत छानिएका व्यक्तिहरू जनप्रतिनिधिका रूपमा कार्यरत हुन्थे । राणाकाल जस्तो निरङ्कुश शासनअन्तर्गत पनि निर्वाचनको अवधारणा प्रयोगमा आउनुलाई भने महत्त्वपूर्ण घटना मान्नुपर्छ । निर्वाचनको ऐतिहासिक विकासक्रमका दृष्टिकोणले यसको आफ्नै महत्त्व छ (यादव र अरू, २०७३, पृ. १९) । राणाकालमा पनि निर्वाचनमार्फत महिलाको अधिकार स्थापित हुने आधार खडा भएको देखिन्छ ।

राजा पृथ्वीनारायण शाहबाट नेपालको एकीकरण भएपछि नेपालमा शाह वंशको शासन सुरु भयो । शाह वंशको शासन २४० वर्षसम्म कायम रह्यो र गणतन्त्र स्थापनापश्चात् अन्त्य भयो । शाह वंशकै शासनकालमा वि.सं १९०३ मा त्यतिबेलाका चतुर भारदार जङ्गबहादुर राणा प्रधानमन्त्री र श्री ३ भएपछि उनले राजाहरूमा निहित शासन अधिकार आफ्नो हातमा लिए । राजाहरू नाममात्रका र अधिकारविहीन जस्तै पारिए । प्रधानमन्त्री र श्री ३ को पदलाई पनि रोलक्रममा राखियो र राणाहरूको जहानियाँ शासन कायम गरियो (यादव र अरू,२०७३, पृ. १९) । तत्पश्चात् एक सय चार वर्षसम्म राणाहरूको हुकुमी शासन चल्यो । तर २००७ सालको क्रान्तिले राणाहरूको अधिकार समाप्त गरिदियो । नेपालमा प्रजातन्त्रको स्थापना भयो, २००७ साल फागुन ७ गतेको घोषणामा राजा त्रिभुवनले मुलुकको शासनव्यवस्था जनताबाट निर्वाचित विधानसभाले बनाएको संविधानबमोजिम सञ्चालन हुने कुरा उल्लेख गरे । तर घोषणाअनुसार विधानसभाको निर्वाचन भने भएन । बरु विधानसभाका लागि भनिएको निर्वाचन अन्तत संसद्का लागि हुने भयो जसअनुसार वि.सं २०१५ साल फागुन ७ गतेदेखि संसद्का लागि निर्वाचन भयो । यो नै नेपालमा बालिग मताधिकारका आधारमा भएको पहिलो आम निर्वाचन थियो । राजा महेन्द्रले २०१७ साल पौष १ गते संसदीय व्यवस्थालाई अपदस्थ गरी सोही महिनाको २२ गते पञ्चायती व्यवस्था लागु गरे । दलविहीन पञ्चायती व्यवस्था लागु गरियो । यद्यपि मुलुकको शासनव्यवस्थाको सञ्चालनमा गाउँ, नगर, जिल्ला, अञ्चल र केन्द्रीय तहको व्यवस्था गरियो । यी तहमा विभिन्न पदाधिकारीको निर्वाचन हुने व्यवस्था पनि गरियो । विभिन्न समयमा गाउँ तहदेखि जिल्ला, अञ्चल हुँदै केन्द्रीय स्तरसम्मका पञ्चायती एकाइका निर्वाचन हुन थाले । तर नेपालको संविधान, २०१९ को तेस्रो संशोधन पूर्वसम्म स्थानीय निकाय र विधायिकाको निर्वाचन अप्रत्यक्ष विधिबाट हुने गरेको पाइन्छ । तेस्रो संशोधनपछि भने बालिग मताधिकारका आधारमा हुने व्यवस्था गरियो । पञ्चायती व्यवस्था मुलुकमा करिब ३० वर्षसम्म सञ्चालनमा रह्यो (यादव र अरू, २०७३, पृ. १९-२०) । पञ्चायती व्यवस्थामा नारीले पनि मतदानमा सहभागी हुन पाउनु निकै राम्रो कुरा थियो ।

पञ्चायती व्यवस्था कायम रहेकै बखत २०३६ सालमा विभिन्न शैक्षिक माग राखी सुरु भएको विद्यार्थी आन्दोलनले राजनीतिक रूप लियो । पञ्चायतका विरुद्ध समाजका विभिन्न क्षेत्र आन्दोलित भए । पञ्चायती व्यवस्थाका विरुद्ध जनलहर उत्पन्न भएपछि

तत्कालीन राजा वीरेन्द्रले २०३६ साल जेठ १० गते बहुदलीय व्यवस्था अपनाउने वा सुधारिएको पञ्चायती व्यवस्था कायम राख्ने भन्ने विषयमा जनमत सङ्ग्रह गरिने घोषणा गरे । आन्दोलन मत्थर भयो । २०३७ साल वैशाख २० गते बालिग मताधिकारका आधारमा जनमत सङ्ग्रह सम्पन्न गरियो । जनमतको नतिजा सुधारिएको पञ्चायती व्यवस्थाका पक्षमा आयो । २०३७ साल पौष १ गते संविधानको तेस्रो संशोधन गरी विधायिकाको निर्वाचन बालिग मताधिकारका आधारमा गर्ने लगायतका व्यवस्था गरिए । जनमत सङ्ग्रह नेपालको निर्वाचन इतिहासमा एक उल्लेखनीय घटनाका रूपमा रहेको छ । प्रजातन्त्रका आधारभूत चरित्रलाई समेट्न नसकेका कारण सुधारिएको पञ्चायती व्यवस्थाले नेपाली जनताको राजनीतिक चाहनालाई पूरा गर्न सकेन । फलतः २०४६ सालमा पञ्चायत व्यवस्थाको विरुद्ध जनआन्दोलन भयो । जनआन्दोलनबाटै २०४६ साल चैत्र २६ गते पञ्चायती व्यवस्थाको अन्त्य भई मुलुकमा प्रजातन्त्रको पुनर्स्थापना भयो । २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । संविधानले मुलुकमा संवैधानिक राजतन्त्र र संसदीय प्रणालीलाई संस्थागत गऱ्यो (यादव र अरू, २०७३, पृ.२०) । यसरी विभिन्न आन्दोलनले नेपालको राजनीतिलाई प्रभावित पारेको देखिन्छ ।

२०४७ सालको राजनीतिक परिवर्तनपछि पनि मुलुकमा राजनीतिक स्थिरता कायम भएन । संसदीय व्यवस्थाको पुनर्स्थापनाको डेढ दशकमै पुनः अर्को जनआन्दोलन भयो । जनआन्दोलन-२ समेत भनिने २०६२/६३ सालको जनआन्दोलनले देशमा आमूल राजनीतिक परिवर्तन ल्यायो । यसको परिणामस्वरूप जननिर्वाचित प्रतिनिधिहरूबाट मुलुकको संविधान निर्माण गर्न २०६४ साल चैत्र २८ गते बालिग मताधिकारका आधारमा संविधान सभाको निर्वाचन भयो । संविधान सभाले गठनको दुई वर्षभित्र संविधान निर्माण गर्ने जिम्मेवारी पाएको भए पनि राजनीतिक दलहरूबिच सहमति हुन सकेन । पटकपटक म्याद थप गरी संविधान निर्माणको प्रयासलाई निरन्तरता दिइए पनि संविधान निर्माण हुन सकेन । सर्वोच्च अदालतको फैसलाबमोजिम २०६९ साल जेठ १४ गतेपछि संविधान सभाको म्याद थपसमेत हुन सक्ने अवस्था नरहेपछि अन्ततः सोही दिन संविधानसभाको कार्यकाल समाप्त भयो । पहिलो संविधान सभाबाट संविधान निर्माणको जिम्मेवारी पूरा हुन नसके पनि संविधान सभाबाटै संविधान निर्माण गर्ने नेपाली जनताको चाहना मुखरित भइरह्यो । दोस्रो पटक संविधान सभाको निर्वाचन गर्ने मुख्य कार्य जिम्मेवारीसहित बहालवाला प्रधानन्यायाधीशका नेतृत्वमा गैरराजनीतिक व्यक्तिहरू सम्मिलित सरकार गठन भयो । यही सरकारका

कार्यकालमा २०७० साल मङ्सिर ४ गते अर्को संविधान सभाको निर्वाचन सफलतापूर्वक सम्पन्न भयो । दोस्रो पटक गठन भएको संविधान सभाले २०७२ साल असोज ३ गते नेपालको संविधान जारी गऱ्यो । नेपाली जनताले जननिर्वाचित संविधान सभामार्फत संविधान प्राप्त गरे (यादव र अरू,२०७३, पृ. २१) । यसरी नेपाली जनताले संविधानबाट मताधिकारको अधिकार पाउनु निकै सराहनीय काम थियो ।

यसरी लिच्छविकालदेखि चल्दै आएको जनप्रतिनिधि छान्ने व्यवस्था मल्ल कालमा आएर पनि केही परिवर्तित रूपमा चल्दै आयो । त्यसपछि राणा प्रधानमन्त्री जुद्धशमशेरका पालामा स्थानीय जनप्रतिनिधि संस्थाका रूपमा पञ्चायत स्थापना गर्ने पहल भयो र कतिपय स्थानमा पञ्चायत खडा पनि गरिए । यसमा अपनाइएको निर्वाचन प्रणाली अचेल प्रचलित बालिग मताधिकारका आधारमा जस्तो नभई प्रत्येक घरमुलीको उपस्थितिमा तिनले छानेको व्यक्ति मुख्य पञ्च र अन्य पञ्चहरू हुने व्यवस्था गरिएको थियो । यो निर्वाचनको अर्को चाखलाग्दो कुरा के थियो भने मुख्य पञ्चमा स्थानीय जिमिदार वा तालुकदार हुनुपर्ने कुरा अनिवार्य गरिएको थियो । तिनलाई जनप्रतिनिधि मानिएको थियो । तत्काल गरिएको व्यवस्थाअनुसार तिनीहरूले जनताको हितमा कार्य गर्नुपर्दथ्यो । वि.सं. २००७ को क्रान्तिपश्चात् २०७२ सालसम्म आइपुग्दा अनेकौँ दूरगामी महत्त्वका राजनीतिक परिवर्तनहरू भएका छन् । देशमा स्थानीय निकाय र विधायिकाको निर्वाचनमात्रै नभई राष्ट्रिय महत्त्वका विषयमा जनमतसङ्ग्रह र जननिर्वाचित प्रतिनिधिबाट संविधान निर्माण गर्न दुईदुई पटकसम्म संविधान सभा सदस्यको निर्वाचन सम्पन्न भयो र २०७४ मा प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय निर्वाचन २०७४ समेत सम्पन्न भयो (यादव र अरू, २०७३, पृ. २०-२१) । यसरी मतदानमार्फत सङ्घ, प्रदेश र स्थानीय तहमा महिलाहरूले निर्वाचित भएर जनताका लागि काम गर्ने अवसर पाएका थिए ।

आधुनिक कालमा पनि राजा महेन्द्रले .२०१७ साल पौष १ गते संसदीय व्यवस्थालाई अपदस्थ गरी सोही महिनाको २२ गते पञ्चायती व्यवस्था लागु गरे । यद्यपि मुलुकको शासनव्यवस्थाको सञ्चालनमा गाउँ, नगर, जिल्ला, अञ्चल र केन्द्रीय तहको व्यवस्था गरियो । यस अवस्थामा महिलाको सहभागिता र प्रतिनिधित्वमा खासै प्रगति भएन । दलहरू राजा र पञ्चायती व्यवस्थाका विरुद्ध निरन्तर लडिरहे । गणतन्त्रपछि नेपालमा महिला सहभागिता र प्रतिनिधित्वमा प्रगतिको मार्गहरू खुल्ला भए तापनि अझ धेरै प्रयास गर्नुपर्ने देखिन्छ ।

स्थानीय निर्वाचन र निर्वाचनपछि बनेको स्थानीय सरकारलाई लोकतन्त्रको आधारस्तम्भ मानिन्छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय भएकाले स्थानीय जनताको विकास तथा सामाजिक सुरक्षाका आवश्यकताहरू परिपूर्ति गर्ने स्थानीय स्रोत साधनको परिचालन गर्ने जिम्मेवारी स्थानीय निकायले गर्दछ । लोकतन्त्रको अभ्यास गर्ने जनताको सबैभन्दा नजिकका आधारभूत संयन्त्र नै स्थानीय सरकार हो । लोकतन्त्रको समावेशी र व्यावहारिक अनुभूतिका लागि स्थानीय निर्वाचनमा महिलाको सहभागिता अपरिहार्यता हुन्छ ।

नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना हुनुभन्दा अगाडि २०१० साल भदौ १७ गते काठमाडौँ नगरपालिकाको निर्वाचन भएको थियो । काठमाडौँ नगरपालिका यही समयमा बनेको हो । त्यस चुनावमा २१ वर्ष पुगेकाहरूले मतदान गर्न सक्थे । त्यस चुनावमा भने महिलालाई मताधिकार र उम्मेदवार बन्ने अवसर प्रदान गरिएको थियो । निर्वाचनमा ५६ हजार मतदाता थिए । १८ पदका लागि पाँचवटा पार्टी र स्वतन्त्र गरी ७३ जनाले उम्मेदवारी दिएकामा १३ जनाले फिर्ता लिएका थिए । उक्त निर्वाचनमा वडा नं. ८ मा ४११३ मतमध्ये २४५५ मत प्राप्त गरी साधनादेवी प्रधान नेपालको पहिलो महिला जनप्रतिनिधि चुनिएकी थिइन् । त्यसबेला ५३ प्रतिशत मतदाताले मतदान गरेका थिए (यादव र अरू, २०७३, पृ. १५६-१५७) । नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापनापछि वि.सं. २०४९, २०५४ गरी दुई पटक स्थानीय निर्वाचन भएको थियो । नेपालको राजनीतिक इतिहासको अध्ययनका सन्र्दभमा प्रत्येक गाउँपालिका तथा नगरपालिकाका प्रत्येक वडाबाट कम्तीमा एकजना महिला सदस्य हुनुपर्ने कानुनी व्यवस्था स्थानीय निकाय निर्वाचनसम्बन्धी केही कानुन संशोधन ऐन २०५४ मै महिलाका लागि स्थान आरक्षित गरिएको थियो । २०५४ सालको स्थानीय निकाय निर्वाचनमा झन्डै एक लाख महिला सहभागी भएकामा ३५ हजार महिला गाउँ सभा सदस्यमा निर्वाचित भएका थिए । ३९१३ गाविसबाट धेरै महिला वडा अध्यक्षमा निर्वाचित भएका थिए । नगरपालिकामा ७.६, गाविसमा १९.५ र जिविसमा ६.७ प्रतिशत महिला निर्वाचित भएको पाइन्छ (नेपालमा महिलाको राजनीतिक सहभागिता सशक्तीकरण एवम् समावेशीकरण २०६५) । राणाकालदेखि हालसम्म पटक पटक स्थानीय निर्वाचन भएका देखिए तापनि वि.स. २०१० देखि मात्रै महिला मताधिकार र स्थानीय निकायमा सहभागिता र प्रतिनिधित्व भएको देखिन्छ ।

## ४.३ महिला सहभागिता र प्रतिनिधित्वसम्बन्धी व्यवस्था (२००४-२०४७)

नेपालको प्रजातान्त्रिक परिवर्तनका निम्ति हरेक कालखण्डमा महिलाहरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ। संविधानमा आफ्नो हक एवम् अधिकार सुनिश्चित गर्नका निम्ति समय समयमा आन्दोलन र सङ्घर्ष गर्दै आइएको छ । परिणामस्वरूप संवैधानिक विकासक्रमसँगै महिलाहरूको प्रतिनिधित्व अधिकार संविधानमा सुनिश्चित हुदै गइरहेको छ। नेपालमा संविधानका माध्यमद्वारा देशको शासन सञ्चालनको सुरुवात सर्वप्रथम वि.स. २००४ मा श्री ३ पद्ममशमशेरका पालामा नेपालमा प्रथम संविधानका रूपमा वैधानिक कानुन २००४ जारी गरिएको थियो । यसपछि आन्दोलनको परिणामस्वरूप अन्तरिम शासन विधान, २००७ ल्याइयो । समयको गतिसँगै अन्तरिम शाासन विधानमा पटक पटक संशोधन गरियो । प्रजातन्त्र आएको ८ वर्षपछि प्रजातान्त्रिक संविधान नेपाल अधिराज्यको संविधान, २०१५ जारी गरियो । यी सम्पूर्ण संविधानहरू र त्यस समयमा जारी ऐनहरूले महिलाको सहभागिता र प्रतिनिधित्वका अधिकारहरू कार्यान्वयन गर्न सरकारले नीतिगत व्यवस्था गरेको थियो भन्ने सम्बन्धमा यस शीर्षकमा चर्चा गरिएको छ।

### ४.३.१ नेपाल सरकार वैधानिक कानुन, २००४

नेपालको लिखित संविधानद्वारा शासनप्रणालीको सञ्चालनार्थ सर्वप्रथम २००४ साल माघ १३ गते तत्कालीन राणा प्रधानमन्त्री पदमशमशेरले राणाशासनप्रति जनताको बढ्दो आक्रोशलाई शान्त पार्नका लागि निरङ्कुश राणाशाासनलाई चीरस्थायी बनाउने उद्देश्यले नेपाल सरकारको वैधानिक कानुन, २००४ जारी गरेका थिए।

संविधानमा ग्रामीण, नगर तथा जिल्ला पञ्चायत जस्ता स्थानीय निकायको व्यवस्था गरिएको भए तापनि ती निकायलगायत राज्य प्रणालीका कुनै पनि क्षेत्रमा महिलाको प्रतिनिधित्वको सुनिश्चितताका लागि कुनै विशेष आरक्षणको व्यवस्था गरेको पाइँदैन । संवैधानिक व्यवस्थाले राज्यप्रणालीका हरेक अङ्गमा जनताको सहभागिता बढाउने संवैधानिक उद्घोषण महिलाका हकमा भने निस्प्रभावी रहेको देखिन्छ । संवैधानिक व्यवस्थाका अभावमा पुरुषसरह समान सहभागिता महिलाका हकमा कल्पना समेत गर्न सकिँदैनथ्यो । यस्ता अवस्थामा यस संविधानले स्थानीय निकायमा महिलाको राजनीतिक सहभागितालाई खास प्रोत्साहित गरेको पाइँदैन (भुसाल, २०६०, पृ. २२) । निर्वाचनसम्बन्धी व्यवस्थामा वैधानिक कानुनले नागरिकको मौलिक हकअन्तर्गत अन्य कुराका अतिरिक्त उमेर

पुगेका सबैले भोट गर्न पाउने समान हक दिएको छ । स्थानीय व्यवस्थापिकाका रूपमा रहने पञ्चायती सभाअन्तर्गत गठन हुने ग्राम पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतको गठन सम्बन्धमा व्यवस्था गरेको छ (यादव र अरू सम्पा, २०७३, पृ. १०७) । वैधानिक कानुन, २००४ को भाग २ मा मौलिक हकसम्बन्धी व्यवस्थामा व्यक्तिगत स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा सङ्घ खोल्ने स्वतन्त्रता, ऐन कानुन स्वतन्त्रता, व्यक्तिगत सम्पत्तिको संरक्षण, मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा र उमेर पुगेका सबैले भोट गर्न पाउने समान हक प्रदान गरेको थियो । यसले पुरुषहरूसँगै महिलाहरूलाई पनि मताधिकार प्रदान गरेको थियो । यस वैधानिक कानुनले महिलाका लागि महत्त्वपूर्ण कदम चालेको पाइन्छ ।

२००४ सालमा काठमाडौँमा मंगलादेवी सिंहका अध्यक्षतामा नेपाल महिला सङ्घको स्थापना भयो । यस सङ्गठनमा श्रीमाया - कोषाध्यक्ष, स्नेहलता - सचिव र अन्य सदस्यहरूमा रेवन्तकुमारी आचार्य, हीरादेवी तुलाधर, सीता नेपाल, गुलबदन ताम्राकार, प्रतिभा कर्माचार्य, चम्पा बज्राचार्य, तीर्थदेवी श्रेष्ठ र मोतीदेवी (दुर्गा देवी) श्रेष्ठ निर्वाचित भए । नेपाल महिला सङ्घको स्थापना गर्न त्यतिबेला करिव ६५ जना स्थानीय, स्वतन्त्र र चेतनशील महिलाहरू बालाजु नजिकको म्हेपी मन्दिरमा भेला भएका थिए (पौडेल, २०७३, पृ. ९६) । सो भेलाले महिलामाथि हुने विभिन्न किसिमका अन्याय, शोषण र असमानताको विरोध गर्दै बालविवाह, बहुविवाह, अनमेल विवाह आदिप्रति महिलाहरूलाई जागरुक बनाउने उद्देश्य राख्दै नेपाल महिला सङ्घको स्थापना गरेको थियो । उक्त महिला सङ्घले महिलाका लागि शिक्षा र मताधिकारलाई प्रमुख मुद्दा बनाएको थियो । महिलाहरूका बिचमा सङ्गठनको स्थापना हुने क्रममा २००७ सालमा तारादेवी शर्माका नेतृत्वमा अखिल नेपाल महिला सङ्घ नामक अर्को सङ्गठन रक्सौलमा स्थापना भएको थियो । रक्सौलमा अखिल नेपाल महिला सङ्घ खुलेका बखत काठमाडौँमा यही नाममा अर्को महिला सङ्घ खुल्यो जसको अध्यक्ष पुण्य प्रभा ढुङ्गाना थिइन् र रेवन्तकुमारी पनि यसैमा सामेल भइन् (पौडेल, २०७३, पृ. ९६) । २००४ सालमा नेपालको इतिहासमा पहिलो पटक महिलाहरू राजनीतिक दलका आह्वानमा भएको नागरिक अधिकार आन्दोलनको जुलसमा सहभागी भए । २००४ साल वैशाख १ गतेबाट नेपाली राष्ट्रिय काङ्ग्रेसले देशका विभिन्न स्थानमा सत्याग्रह आन्दोलन सुरु गर्‍यो । सोही क्रममा वैशाख १७ गते राजधानीमा बृहत् जुलुस निस्कियो ( अधिकारी, २०७०, पृ. ३८) । पद्मोदय स्कुलबाट सुरु भएको त्यस जुलुसमा सहभागी भएका

महिलाहरूमध्येका चार जना प्रमुख महिलाहरूमा साधन प्रधान, साहना प्रधान, कनकलता बज्राचार्य र स्नेहलता श्रेष्ठलगायत अन्य ३९ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो । महिला पुरुष सबैलाई सिंहदरबारभित्रको जेलमा एकै ठाउँमा थुनियो र एक हप्तापछि छाडियो (पाण्डे, २०५७, पृ. ३२) । नेपालको महिला सङ्गठन र महिला आन्दोलनको उद्भव र विकासको अवस्थालाई नियाल्ने हो भने अन्य देशको महिला आन्दोलनको भन्दा यसले फराकिलो उद्देश्य र जिम्मेवारी वहन गरेको पाइन्छ । पश्चिमी जगत्मा महिलाले मताधिकार, समान ज्याला जस्ता विशुद्ध लैङ्गिक समानताका विषयमा लडिरहँदा नेपाली महिलाले भने लैङ्गिक अधिकार, सामाजिक कुरीति, राजनीतिक तथा आर्थिक सबै खालका मुद्दालाई एकसाथ अगाडि बढाइरहेको पाइन्छ जुन सिङ्गो लोकतन्त्र, राष्ट्रिय स्वाधीनता र समृद्धिसँग जोडिएका मुद्दाहरू हुन् ।

### ४.३.२ नेपाल अन्तरिम शासन विधान, २००७

संवत् २००७ साल फागुन ७ गते नेपालमा जहानियाँ राणाशासन अन्त्य भएको घोषणा भयो र मुलुकमा सर्वप्रथम प्रजातन्त्रको उदय भयो । यस अवसरमा राजाबाट भएको घोषणाअनुरूप विधान परिषद्बाट नयाँ संविधान निर्माण नभएसम्मका लागि शासनव्यवस्था सञ्चालन गर्न अन्तरिम विधानको आवश्यकता महसुस भई २००७ साल चैत्र २९ गते उनै राजा त्रिभुवनबाट नेपाल अन्तरिम शासन विधान, २००७ जारी गरियो । यसलाई नेपालको दोस्रो लिखित संविधान मानिन्छ । यो विधान जारी हुँदा यसमा ७ भाग ४७ धारा रहेकामा समय समयमा भएका संशोधनबाट ७ भाग ७२ धारा कायम भएका थिए ।

२००७ सालमा सम्पन्न क्रान्तिपश्चात् राजा, राणा र नेपाली काङ्ग्रेस नयाँ राजनीतिक शक्तिका रूपमा स्थापित भएका थिए । जहानियाँ शासनको विधिवत् अन्त्यको घोषणा हुँदा राजाबाट मुलुकको शासनव्यवस्था जननिर्वाचित प्रतिनिधिले निर्माण गरेको संविधानबमोजिम सञ्चालन हुने घोषणा भएको थियो । यस भावनाअनुरूप नै अन्तरिम शासन विधानको प्रस्तावनामा श्री ५ महाराजाधिराजबाट २००७ साल फागुन ७ गतेको घोषणाद्वारा अबदेखि हाम्रा प्रजाको शासन उनीहरूले आफैँले रोजेको विधान परिषद्ले बनाएको प्रजातन्त्रात्मक विधानअनुसार हुनुपर्दछ भन्ने इच्छा र दृढ सङ्कल्प प्रकट गरिवक्सेको उल्लेख गरिएको थियो (यादव र अरू सम्पा., २०७३, निर्वाचन आयोग पृ. १०९-११०) । २००७ सालको क्रान्तिपश्चात् शासनव्यवस्था जननिर्वाचित प्रतिनिधिले निर्माण गरेको संविधानबमोजिम सञ्चालन हुने घोषणा भएको देखिन्छ ।

विधानको धारा ६८ मा 'नेपालका निमित्त एक विधान बनाउने विधान परिषद्को निर्वाचन गर्नलाई सकेसम्म चाँडै उचित परिस्थिति सिर्जना गर्नु अन्तरिम सरकारको ध्येय हुनेछ' भन्ने उल्लेख गरिएको थियो । विधानमा मुलुकको कार्यकारीणी अधिकार राजा र मन्त्रिमण्डलमा रहने, राजाबाट भएका कार्य मन्त्री वा मन्त्रिपरिषद्का सल्लाहमा भएको सम्झनुपर्ने, राजाबाट जारी भएको अध्यादेश व्यवस्थापिका सभाको बैठक बसेको तीन महिना पुगेपछि खारेज हुने, प्रधान न्यायालय मुलुकको सर्वोच्च न्यायालय हुने लगायतका व्यवस्था गरिएका थिए । विधान परिषद्बाट विधान तयार नभएसम्मका लागि अन्तरिम शासनव्यवस्था सञ्चालन गर्न जारी गरिएको भए तापनि २००९ सालमा गरिएको संशोधनबाट मुलुकको कार्यकारिणी अधिकार राजामा निहित गरियो । मन्त्रिमण्डलको सल्लाहबमोजिम राजाद्वारा शासन सञ्चालन गर्नुपर्ने व्यवस्थाका सट्टा राजा स्वयम्ले मात्र गर्न सक्ने व्यवस्था गरियो । अन्तरिम शासन विधानको प्रस्तावनामा विधान परिषद्को निर्वाचन गर्ने सम्बन्धमा स्पष्ट उल्लेख गरिएको भए पनि समय क्रममा यसलाई पन्छाएर संसद्को निर्वाचन गर्ने प्रपञ्च गरियो । तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यले २०१३ साल जेठमा आगामी आम चुनाव संसद्का लागि गर्ने वा संविधान सभाका लागि गर्ने हो भन्नेबारे निर्णय नभएको भनी बताएपछि त्यसका विरुद्ध नेपाली काङ्ग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालाले सर्वोच्च अदालतमा मुद्दासमेत दायर गरे । अदालतबाट रिट खारेज भयो । विधान परिषद्/सभा वा संसद् के को चुनाव गर्ने भन्नेबारे अनेक तर्क-वितर्क र छलफल चले । २०१४ साल माघ १९ मा राजा महेन्द्रबाट संविधान सभाका सट्टा संवैधानिक मस्यौदा कमिसनद्वारा नयाँ संविधानको मस्यौदा तयार गरिने घोषणा भएपछि संविधान सभाद्वारा जनताले आफ्नो संविधान बनाउने कुरा त्यहीं समाप्त हुन पुग्यो (यादव र अरू सम्पा.,२०७३, निर्वाचन आयोग पृ. १०९-११०) । यसरी कार्यकारी अधिकार राजामा निहित भएको देखिन्छ ।

पछि २०१५ साल जेठ २ गते अन्तरिम शासन विधानको चौथो संशोधनबाट संविधान सभा वा विधान परिषद् भन्ने शब्दहरू रहेका ठाउँमा संसद् भन्ने शब्द राखियो र विधान सभाको निर्वाचनको मुद्दालाई वैधानिक रूपमै थान्को लगाइयो । २०१४ साल माघ १९ मा राजा महेन्द्रबाट भएको उल्लिखित घोषणाअनुसार २०१४ साल चैत्र ३ गते नयाँ संविधान निर्माणका लागि लोकसेवा आयोगका का.मु. अध्यक्ष भगवतीप्रसाद सिंहका अध्यक्षतामा नेपाली काङ्ग्रेसका सूर्यप्रसाद उपाध्याय, गोर्खा परिषद्का रणधीर सुब्बा, नेपाल

ल क्याम्पसका प्रिन्सिपल रामराज पन्त सदस्य र नेपाली काङ्ग्रेसकै होराप्रसाद जोशी सदस्य सचिव रहेको संविधान मस्यौदा समिति गठन गरियो (यादव र अरू सम्पा.,२०७३, निर्वाचन आयोग पृ. ११०) । मस्यौदा समितिको सुझाव र सल्लाहका लागि संवैधानिक कानुनका विज्ञ बेलायती नागरिक सर आइभर जेनिङ्स सल्लाहकारका रूपमा रहेका थिए । नेपाल अन्तरिम शासन विधान, २००७ नेपाल अधिराज्यको संविधान, २०१५ पूर्ण रूपमा लागु भएपछि मात्रै निष्कृय भएको थियो । यस विधानमा २०१६ साल असारसम्ममा ६ पटक संशोधन भएको थियो । यी संशोधनको मूल ध्येय राजाका अधिकारलाई थप बलियो बनाउदै लैजानु रहेको देखिन्छ (यादव र अरू सम्पा.,२०७३, निर्वाचन आयोग पृ. ११०) । यसरी यो विधान पटक पटक संशोधन भएको देन्छि ।

नेपालको संवैधानिक इतिहासमा प्रथम लिखित संविधानका रूपमा नेपालको वैधानिक कानुन, २००४ रहेको भए तापनि कार्यान्वयनमा आएको प्रथम संविधान भने अन्तरिम विधान, २००७ नै हो । राणाशासन विरुद्धको क्रान्तिको परिणामस्वरूप जहानियाँ राणाशासनको अन्त्य भई २००७ साल फागुन ७ गते राजा त्रिभुवनबाट प्रजातन्त्रको घोषणा भएको थियो । २००७ चैत्र २९ गतेदेखि यस संविधानले पहिलो पटक प्रजातान्त्रिक मान्यताअनुसार राज्यव्यवस्थालाई निर्देशन गरेको पाइन्छ । भाग ७ धारा ७३ र अनुसूची १ रहेको यस संविधानको राज्यका नीति निर्देशन सिद्धान्तअन्तर्गत स्त्री र पुरुष दुवैलाई समान कामका लागि समान ज्याला, प्रसूति सहायता, कानुनका अगाडि समानता, धर्म, जाति र लिङ्गका आधारमा भेदभाव नगरिने जस्ता समान कानुनी संरक्षणको प्रत्याभूति गर्नुका साथै सरकारले स्त्री जाति तथा बालक वर्गका निम्ति कुनै खास व्यवस्था गर्न सक्ने उल्लेख भएको पाइन्छ (भुसाल, २०६०, पृ. ४१, ४२, ५३) । यसरी यस संविधानमा राज्यका नीति एवम् निर्देशन सिद्धान्तअन्तर्गत लिङ्गका आधारमा भेदभाव नगरिने व्यवस्था गरिएको देखिन्छ ।

शासकीय अधिकार श्री ५ मा केन्द्रित गरिएको भए तापनि यस अन्तरिम शासन विधानले मन्त्रीमण्डल, सल्लाहकार सभा तथा प्रधान न्यायालय गरी सैद्धान्तिक रूपमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका रूपमा राज्य शक्तिलाई मुख्य तीन अङ्गमा विभाजन गरेको थियो । सल्लाहकार सभाका सदस्यहरूको सङ्ख्या श्री ५ ले तोकेबमोजिम हुने र सभामा गैरसरकारी सदस्यमा सकेसम्म देशका विभिन्न भागका वर्ग तथा विचारधाराको प्रतिनिधित्व गर्ने व्यक्ति छानिने छन् भन्ने उल्लेख भएको पाइन्छ (भुसाल,

२०६०, पृ. ५९, ६६) । यस अन्तरिम शासन विधानमा निर्वाचन प्रयोजनका लागि धर्म, जात, लिङ्ग, वर्ण इत्यादिको भेदभावरहित वयस्क मताधिकारको व्यवस्था गरिने उल्लेख भएको पाइन्छ । तर यो संविधान लागु भएको अवधिभरमा व्यवहारमा महिला वर्गको सहभागिता र प्रतिनिधित्वलाई भने उपेक्षा गरिएको देखिन्छ । महिलाहरूलाई जनप्रतिनिधिका रूपमा भन्दा मतदाताका रूपमा मात्र प्रयोग भएको देखिन्छ ।

२००७ सालको क्रान्तिका क्रममा काठमाडौँमा भएको जनप्रदर्शनमा मात्र होइन देशका विभिन्न ठाउँमा सञ्चालित सशस्त्र विद्रोहमा महिलाहरूको जनमुक्ति सेनाले क्रान्तिलाई विभिन्न प्रकारले सहयोग एवम् समर्थन गरेको थियो । विशेष गरेर २००७ सालको क्रान्तिमा पश्चिम माझ खण्ड (भैरहवा) मोर्चामा के.आई. सिंहका नेतृत्वको जनमुक्ति सेनाको विद्रोह तथा पश्चिम नुवाकोट-स्याङ्जामा राणा सरकारका सेनाका विरुद्ध नेपाली महिलाले गरेको बलिदान र सङ्घर्ष नेपालको प्रजातान्त्रिक इतिहासमा अविस्मरणीय घटनाका रूपमा रहेको छ (पंगेनी, २०५३, पृ. २३३-२३४) । २००६ सालमा गठन भएको नेपाल कम्युनिस्ट पार्टीका पाँच जना संस्थापकहरूमध्ये एक जना संस्थापक मोतीदेवी ( दुर्गादेवी) श्रेष्ठ थिइन् (के.सी., २०५५, पृ. ५५) । यसबाट नेपालमा कम्युनिस्ट पार्टीको स्थापनाका साथै कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउने काममा महिलाहरूको पनि नेतृत्वदायी भूमिका रहेको थियो भन्ने कुरा प्रस्ट हुन्छ ।

राणाविरोधी आन्दोलन चलिरहेकै समयमा २००७ साल कार्तिकमा राजा त्रिभुवन अचानक भारत गए । राणाहरूले अधिराजकुमार ज्ञानेन्द्रलाई राजा बनाए । यस घटनाको विरोधमा जनताहरूले जुलुस निकाल्न थाले । ज्ञानेन्द्रलाई राजा बनाएकामा जनताको प्रतिक्रिया के छ भनेर बुझ्न सर एस्लर डेनिङ्गलाई विशेष दूत बनाई बेलायत सरकारले नेपाल पठाउने निर्णय गऱ्यो । मार्ग १८ गते डेनिङ्गको मिसन नेपाल आउँदा राणाशासनको विरोध र राजा त्रिभुवनका पक्षमा विरोध प्रदर्शन गर्ने योजना बन्यो र सो मितिमा एस्लर हवाइजहाजबाट ओर्लँदा गौचर हवाइ मैदानमा ठुलो प्रदर्शन भयो (अधिकारी, २०७१, पृ. ९३) । कालो झन्डा देखाउन गएका जनतामाथि प्रहरीले लाठी चार्ज गऱ्यो र सबैलाई तितरबितर बनायो । प्रहरी हस्तक्षेप र दमनका बिचबाट पनि शान्ता श्रेष्ठले मिसनलाई कालो झन्डा देखाएर आन्दोलनको नेतृत्व गरिन् । राणाविरोधी अन्य गतिविधिहरूमा पनि महिलाहरूको उत्साहजनक सहभागिता थियो । यसै वर्षको माघमा श्रीपञ्चमीका दिन काठमाडौँमा महिलाहरूको जुलुस निस्क्यो । बाङ्गेमुढाबाट सुरु भएर स्वयम्भूमा टुङ्गिएको उक्त जुलुसमा

किसान महिलाहरूको उल्लेख्य सहभागिता थियो । महिला अधिकारको माग गर्दै निस्किएको त्यस जुलुसमा महिला अधिकारका बारेमा लेखिएका पर्चाहरू पनि बाँडिएको थियो (खकुरेल र अन्य, २०११, पृ. ३४) । यसरी राणाविरोधी गतिविधिहरूमा महिलाको साहसपूर्ण सहभागिता रहेको देखिन्छ ।

नेपालमा महिला आन्दोलनका प्रारम्भिक दिनहरूमा विभिन्न विचार तथा आस्था राख्ने महिलाहरू एकै ठाउँमा रहेर नेपाल महिला सङ्घको स्थापना गरी महिलाहरूले राणाविरोधी आन्दोलनमा त्रियाशील भएर आन्दोलनका क्रममा विभिन्न भूमिका निर्वाह गरेको पाइन्छ । उनीहरूले जेल परेका आन्दोलनकारीका परिवारलाई घरघरमा गएर सम्झाउने, जेलको चिठीपत्र ओसारपसार गर्ने, महिलाहरूलाई राजनीतिक शिक्षा प्रदान गर्ने तथा राजनीतिक आन्दोलनमा संलग्न गराउने, पर्चा लेख्ने, छाप्ने र प्रचारप्रसार गर्ने जस्ता कामहरू गरे । तर नेपालमा २००७ सालमा प्रजातन्त्र आएपछि महिला आन्दोलनमा केही फरक धारहरू देखा परे । खास गरी २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको गठन भएपछि महिलाहरू एकै ठाउँमा बसेर काम गर्ने वातावरण रहेन । प्रत्येक राजनीतिक पार्टीको एउटा महिला सङ्गठन हुनुपर्ने मान्यताले गर्दा महिलाहरू विचार र आस्थाका आधारमा विभिन्न पार्टीका भातृ सङ्गठनमा बाँडिए । २००७ सालको क्रान्तिपश्चात् भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको नेपाल आगमनका पक्षमा स्वागत गर्ने वा विरोध गर्ने विषयमा मतभिन्नता उत्पन्न भएपछि महिला सङ्घमा आबद्ध महिलाहरू दुई धारमा विभाजित भए । भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणको स्वागत गर्ने भन्ने विचार समूहको नेतृत्व नेपाली काङ्ग्रेस निकट मंगलादेवी सिंहका नेतृत्वमा एउटा समूह र विरोध गर्ने समूहको नेतृत्व कामाक्षादेवीले गरिन् । यस घटनापछि नेपाल महिला सङ्घमा विचारधाराका आधारमा विभाजन आयो (खकुरेल र अन्य, सन् २०११, पृ. ३९) । यसरी राणाविरोधी आन्दोलनका लागि स्थापना भएको महिला सङ्घ महिलाका विचार र आस्थाका आधारमा विभिन्न पार्टीका भातृ सङ्गठनमा बाँडिएको दखिन्छ ।

लोकतन्त्र र लैङ्गिक समानताको आकाङ्क्षासहित राणाविरोधी आन्दोलनमा सक्रिय भएका महिलाहरूले राणाशासनको अन्तपछि निर्वाचित तथा मनोनीत पद तथा निकायहरूमा भने न्यायोचित पहुँच र स्थान पाउन सकेको देखिँदैन । २००७ सालको क्रान्तिपश्चात् गठन गरिएको पहिलो मन्त्री परिषद् तथा तत्पश्चात् गठन गरिएको पहिलो सल्लाहकार समितिमा एक जना पनि महिलालाई सहभागी गराइएन । यस्तो अवस्थाको

विरोध गर्दै महिला सङ्घ र सङ्गठनहरूले सो सभामा महिलाहरूको पनि सहभागिता हुनुपर्ने आवाज उठाएपछि २००९ सालमा गठित दोस्रो सल्लाहकार सभामा चार जना महिलालाई मनोनीत गरियो भने २०११ साल र २०१३ सालमा भने क्रमशः छ र सात जना महिलालाई मनोनीत गरेको पाइन्छ (खकुरेल र अन्य, सन् २०११, पृ. ४०) । यसरी महिलाहरूले सो सभामा महिलाहरूको पनि सहभागिता हुनुपर्ने भनेर चर्को आवाज उठाएपछि छ र सात जनालाई मनोनीत गरेको देखिन्छ ।

पाण्डेको भनाइअनुसार पश्चिम नेपालमा भीमदत्त पन्तले गरेको किसान विद्रोहमा समेत महिलाहरूले सक्रिय भूमिका खेलेका थिए । भारतको स्वतन्त्रता सङ्ग्राममा लागेबापत भारतीय जेलसमेत भोगेका भीमदत पन्त २००६ सालमा नेपाल आएपछि डडेलधुरा र बैतडीका किसानहरूलाई राणाविरोधी आन्दोलनमा सङ्गठित पार्ने काममा लागे । (पाण्डे २०५७ पृ. ५८) यसै क्रममा उनले २००७ सालमा राणाशाासनको अन्त्य भएपछि पश्चिममा महिलाहरूसमेत रहेको शान्ति सेना गठन गरेका थिए । २००९ सालमा बाँके, बाजुरा, कैलाली, बैतडी, कञ्चनपुर लगायतका क्षेत्रमा हली, गोठाला, खेताला र किसानका बिच उनी आन्दोलनलाई व्यापक बनाउन लागे । यही क्रममा २००९ सालमा भीमदत पन्तलाई गिरफ्तार गरियो । उनको रिहाइका लागि व्यापक जनदबाब बढ्यो । पहिलादेखि नै शान्ति सेनामा समेत रहेर आन्दोलित हुन थालेका महिलाहरू यस आन्दोलनमा पनि अग्र पङ्क्तिमा रहेर लडे (पाण्डे, २०५७, पृ. ४०) । २०१० साल असार १० गते पन्तलाई जेलमुक्त गराउन जनता सफल भए । किसान नेता भीमदत्त पन्तका नेतृत्वमा भएको किसान विद्रोहलाई दबाउन स्थानीय प्रशासन असफल भएपश्चात् सरकारले भारत सरकारसँग गुहार माग्ने निर्णय गऱ्यो र यसका लागि कुराकानी गर्न तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइराला स्वयम् भारत गएका थिए । भारत सरकारले उत्तर प्रदेश राज्यबाट सशस्त्र सेनाको एक दल पश्चिम नेपालमा प्रवेश गरायो (अधिकारी २०७१ पृ. १३६) । दाहोरो गोली हानाहानमा भीमदत्त पन्त मारिएको खबर प्रसारित गरिए तापनि उनलाई कब्जा गरिसकेपछि टाउको काटेर हत्या गरिएको थियो । उनकी श्रीमती टाउको माग्न जाँदा पनि दिइएन । सार्वजनिक स्थानमा झुन्ड्याएर राखियो । यसरी क्रान्तिकारी नेता भीमदत्तको निर्मम ढङ्गले हत्या गरिए तापनि उनले छाडेको क्रान्तिको चेतनाको दियोलाई त्यहाँका किसानहरूले जोगाएरै राखे र किसान आन्दोलन चलि नै रह्यो जसमा महिलाहरूको पनि उल्लेख्य सहभागिता र महत्त्वपूर्ण भूमिका रह्यो (पाण्डे, २०५७, पृ. ५९) । यसरी यस अवधिमा भएका थुप्रै आन्दोलनहरूमा महिलाले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

### ४.३.३ नेपाल अधिराज्यको संविधान, २०१५

नेपाल अधिराज्यको संविधान, २०१५ नेपालको तेस्रो संविधान हो । २०१४ साल माघ १९ गतेको राजाको घोषणाअनुसार नयाँ संविधानको मस्यौदा तयार गर्न २०१४ साल चैत ३ गते गठन भएको संविधान मस्यौदा समितिले तयार गरी पेस गरेको मस्यौदा २०१५ साल फागुन १ गते राजाद्वारा घोषणा भई प्रारम्भ भएको हो । यसमा १० भाग ७७ धारा थिए (यादव र अरू सम्पा., २०७३, निर्वाचन आयोग पृ.११२) । भुसालको भनाइअनुसार नेपाल अधिराज्यको संविधान, २०१५ मा संविधानका धारा ७३ र ७५ तुरुन्त र बाँकी धारा तोकिएको दिनदेखि लागु हुने व्यवस्था रहेको थियो । १०९ सदस्यीय जनप्रतिनिधि सभा र ३६ सदस्यीय महासभासहितको दुई सदनात्मक व्यवस्थापिका न्यायपालिकासहित विभिन्न संवैधानिक निकाय र स्थानीय सरकारलगायतका शासनव्यवस्थाको संयन्त्रको प्रबन्ध गरिएको यस संविधानको धारा ५५ ले राजालाई असीमित स्वरूपको सङ्कटकालीन अधिकार प्रदान गरेको थियो । यही अधिकारको दुरूपयोग गरी राजा महेन्द्रले संसदीय व्यवस्थालाई नै विघटन गरेका थिए । यस संविधानले प्रत्येक नागरिकलाई वैयक्तिक स्वतन्त्रता एवम् राजनीतिक स्वतन्त्रताको हक प्रदान गरेको थियो । सबै नागरिक कानुनको समान संरक्षक एवम् हकदार हुने, कानुनको प्रयोगमा कुनै पनि नागरिकलाई धर्म, लिङ्ग, जातजातिका आधारमा भेदभाव नगरिने, नोकरीका हकमा लिङ्गका आधारमा भेदभाव नगरिने संवैधानिक प्रत्याभूति गरिएको पाइन्छ । महिलालाई समान कानुनी संरक्षण प्राप्त भए तापनि शासनव्यवस्थामा महिलाको राजनीतिक सहभागिता सुनिश्चितता हुने गरी कुनै ठोस आरक्षण वा विशेष व्यवस्था गरेको देखिँदैन (भुसाल, २०६०, पृ. ७२, ७४, ९६) । २०१५ सालको संविधानमा समानताको हक, सङ्घसंस्था खोल्ने हक, वाक् तथा प्रकाशन स्वतन्त्रता जस्ता मौलिक हकहरूको व्यवस्था भए पनि सार्वजनिक हितका निम्ति बन्देज लगााउन सकिने व्यवस्था थियो । यस संविधानले कुनै पनि नागरिकउपर धर्म, वर्ण, लिङ्ग वा जातजातिका आधारमा भेदभाव नगरिने व्यवस्था गरेको थियो (सिटौला २०७५, पेज २२ ) । यस संविधानमा महिलालाई कानुनी संरक्षण प्राप्त भए तापनि शासनव्यवस्थामा महिलाको सहभागिता र प्रतिनिधित्व सुनिश्चितता हुने गरी कुनै ठोस आरक्षण वा विशेष व्यवस्था भने भएको देखिँदैन ।

यसैगरी थारूहरूको जनघनत्व रहेको पश्चिम नेपालको दाङ जिल्लामा २०१६ साल पुसदेखि जमिन्दारविरोधी आन्दोलन उग्र रूपमा देखा पऱ्यो । २०१७ साल श्रावणसम्म

आइपुग्दा आन्दोलनले नयाँ रूप लियो । आन्दोलन दवाउने नाममा तत्कालीन सरकारले किसान कार्यकर्ताको हत्या गर्‍यो । यस आन्दोलनमा महिलाहरूको भूमिका महत्त्वपूर्ण रहेको थियो । त्यसमध्ये सोमति चौधरी र लहनी चौधरीको भूमिका नेतृत्वदायी रहेको थियो । लहनी चौधरीलाई प्रहरीले गिरफ्तार गरी सात दिनको यातनापछि छोडेको थियो । यस अवधिमा थुप्रै आन्दोलनहरूमा महिलाहरूले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ (पाण्डे , २०५७ पृ. ६०) । राजा महेन्द्रको प्रजातान्त्रिक प्रणाली विरुद्धको त्यसप्रकारको प्रतिगामी कदमले प्रजातान्त्रिक आन्दोलन तथा त्यसका हिमायतीहरूले मात्रै होइन भर्खरै बामे सर्दै गरेको महिला आन्दोलनले समेत दमनको सामना गर्नुपर्‍यो । यसले सामाजिक न्याय र स्वतन्त्रतासहित लैङ्गिक समताको आन्दोलनको खुल्ला मोर्चा बन्द भयो । तथापि राणाशासनको घोर अन्याय, शोषण, विभेद र दमनका विरुद्ध लड्दै अघि बढेको नेपालको महिला आन्दोलन निरङ्कुश पञ्चायती व्यवस्थाको दमनले पनि रोकिएन । प्रजातान्त्रिक सरकार र प्रणालीका विरुद्ध २०१७ सालमा राजाले चालेको प्रतिगामी कदमका विरुद्ध शैलजा आचार्य, विजया बराल, उमालक्ष्मी, सरो प्रधान, कुन्दन शर्मा, गौरी राणालगायतका १७/१८ वर्षका युवतीहरूले कालो झन्डासहित प्रदर्शन गरी राजाको कदमलाई चुनौती दिएका थिए तर उनीहरूलाई सेनाले धरपकड गरेको थियो (कार्की , २०६८, पृ. ८१) । राणाशासनको घोर अन्याय, शोषण, विभेद र दमनका विरुद्ध लड्दै अघि बढेको नेपालको महिला आन्दोलन निरङ्कुश पञ्चायती व्यवस्थाको दमनले पनि रोकिएको देखिँदैन ।

### ४.३.४ नेपालको संविधान, २०१९

संवैधानिक राजतन्त्रका सट्टा सक्रिय राजतन्त्रको स्थापना र त्यसलाई बलियो बनाउने अभिप्रायले २०१९ साल पुस १ गते नेपालको संविधान, २०१९ जारी गरियो । यस संविधानको मस्यौदा निर्माणका लागि २०१९ साल वैशाख २६ गते ऋषिकेश शाहका अध्यक्षतामा ६ सदस्यीय संविधान मस्यौदा समिति गठन गरिएको थियो । यस संविधानले मुलुकको सार्वभौमसत्ता राजामा निहित गर्‍यो । कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकारको स्रोत राजालाई मानियो । विधायिकाले पारित गरेको कानुनसमेत स्वीकृत गर्ने र नगर्ने अधिकार राजामा नै निहित गरिएकाले विधायिका केवल देखावटी संयन्त्र मात्र भएको प्रस्ट हुन्छ । मुलुकको सेनाको परमाधिपति राजा हुने, प्रधानन्यायाधीश लगायत संवैधानिक निकायका प्रमुख र पदाधिकारी तथा राजदूतको नियुक्ति राजा आफैँले गर्ने, मुलुकमा सङ्कटकालीन अवस्था रहे नरहेको राजाले नै निर्क्योल गरी सङ्कटकाल घोषणा गर्ने जस्ता

असीमित अधिकार राजामा निहित थिए । नेपालको संविधान, २०१९ तीन पटकसम्म संशोधन भयो । पहिलो संशोधन २०२३ साल माघ १४ गते, दोस्रो संशोधन २०३२ साल माघ २६ गते र तेस्रो संशोधन २०३७ साल पुस १ गते भएका थिए । पहिलो र दोस्रो संशोधन निरङ्कुशतालाई थप बलियो बनाउँदै लैजाने अभिप्रायले भएका थिए । पहिलो सशोधनमा प्रधान सेनापति, अञ्चलाधीश, शाही नेपाली राजदूत, विशेष प्रतिनिधि पदलाई संवैधानिक पदका रूपमा व्यवस्था गरिएको थियो । निर्वाचन आयोगलाई संवैधानिक अङ्गका रूपमा व्यवस्था गरिएको पनि यही संशोधनबाट हो (यादव र अरू सम्पा., २०७३, निर्वाचन आयोग पृ. ११५) । यसरी यस संविधानले मुलुकको सार्वभौमसत्ता राजामा निहित गरेको देखिन्छ ।

भुसालको भनाइअनुसार नेपाल अधिराज्यको संविधान, २०१५ लाई प्रतिस्थापन गर्दै तत्कालीन राजा महेन्द्रबाट २०१९ साल पौष १ गते निर्दलीय पञ्चायती शासनव्यवस्थालाई संस्थागत गर्न २० भाग ९७ धारा र ६ अनुसूचीसहितको नेपालको संविधान, २०१९ जारी भयो । राजाको प्रत्यक्ष शासनमा ११२ निर्वाचित र श्री ५ बाट मनोनीत २८ गरी १४० सदस्यीय उक्त सदनात्मक व्यवस्थापिका राष्ट्रिय पञ्चायतको गठन न्यायपालिका र राजाप्रति उत्तरदायी मन्त्रिमण्डलको व्यवस्था भएको, नेपालको संविधान २०१९ मा गाउँ, नगर र जिल्ला पञ्चायत जस्ता स्थानीय सरकारको व्यवस्था गरिएको थियो । यस संविधानले दलगत आधारमा कुनै पनि राजनीतिक क्रियाकलाप गर्न वर्जित गरेको थियो । संविधानमा मौलिक हक तथा कर्तव्यको उल्लेख गर्दै सम्पूर्ण नागरिकलाई विनाभेदभाव समान कानुनी संरक्षणका हकको प्रत्याभूत गरेको  पाइन्छ । यसैगरी विभिन्न वर्गको सङ्गठित शक्तिलाई एकत्रित गरी राष्ट्रनिर्माणका काममा लगाउन र स्थानीय पञ्चायतहरूलाई जन परिचालनमा सहयोग पुऱ्याउन नेपाल महिला सङ्गठनसहित ६ वटा जन वर्गीय सङ्गठनको स्थापना र सञ्चालन गर्ने व्यवस्था रहेको  देखिन्छ । नेपालको संवैधानिक इतिहासमा हालसम्म सबैभन्दा बढी समय करिब (३ दशक) सम्म कार्यान्वयनमा रहेको यस संविधानअन्तर्गतको शासनप्रणालीमा महिलाको राजनीतिक सहभागिता कुण्ठित हुन गएको देखिन्छ (भुसाल, २०६०, पृ. ११४, १२८, १४२) । यस संविधानको भाग ३ को १० समानताको हकको २ मा सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, लिङ्ग, जात वा तीमध्ये कुनै कुराको भेदभाव गरिने छैन । यसै भागको ११ स्वतन्त्रताको हकको २ को क मा वाक् र प्रकाशन स्वतन्त्रता ख मा विनाहात हतियार भेला हुने

स्वतन्त्रता रहेको छ । तर भाग ३ को ११ को २ (क) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजनीतिक दल वा दलगत राजनीतिक उद्देश्यले प्रेरित भएको सङ्गठन, सङ्घसंस्था खोल्न, खोलाउन वा चलाउन पाइने छैन (सिंह २०७६, पृ. ३००-३०१) । यस संविधानबाट स्थानीय पञ्चायतहरूलाई जन परिचालनमा सहयोग पुऱ्याउन महिला सङ्गठन स्थापना र सञ्चालन गर्ने व्यवस्था रहेको तर दलगत राजनीति गतिविधि गर्नबाट महिलाहरू पनि वञ्चित हुन पुगेको देखिन्छ ।

पञ्चायतकालमा नेपाली महिलाहरूले महिला सङ्गठनमार्फत सङ्गठित भई एकातिर आफ्नो हक एवम् अधिकारका आन्दोलन अगाडि बढाए भने अर्कातर्फ पञ्चायती व्यवस्थाको विरुद्धका आन्दोलनमा पुरुषहरूसँगसँगै सरिक भई सङ्घर्षरत रहे । त्यसरी नै पञ्चायतकालमा पनि महिला अधिकारवादी सङ्घसंस्थाहरू खुल्ने क्रम जारी नै रह्यो । अर्कातर्फ पञ्चायतकालमा पञ्चायती व्यवस्थाअन्तर्गत नेपालको संविधान २०१९ को धारा ६७ मा महिला सङ्गठनलाई एउटा वर्गीय सङ्गठनका रूपमा स्थापना गरिएको थियो । (भुसाल, २०६० पृ. १४२) जनकल्याण अभिवृद्धि गर्न सहयोग गर्ने उद्देश्य भनिए तापनि वास्तवमा तत्कालीन राज्यसत्तालाई सुदृढ बनाई दलीय राजनीतिक गतिविधि र चेतनाबाट महिलालाई विमुख गर्ने एवम् महिला अधिकारप्राप्तिको आन्दोलनलाई थप निस्तेज बनाउने भित्री अभिप्रायका साथ उक्त महिला सङ्गठन गठन गरिएको थियो । यस सङ्गठनको संरक्षकत्व महारानीले गर्ने व्यवस्था थियो । यो महिला वर्गीय सङ्गठनले वास्तवमा आम सर्वसाधारण महिलाका हितको प्रतिनिधित्व गर्न सकेको देखिएन ।

झापा विद्रोहका नामले चर्चित २०२८ सालको झापाको सशस्त्र सङ्घर्षमा महिलाहरूको भूमिका महत्त्वपूर्ण रहेको थियो । आन्दोलनका क्रममा निर्भीकतापूर्वक लडाइँ लड्ने महिलाहरूमा लीला कट्टेल, गौरा प्रसाई र सीता खड्काको नाम उल्लेखनीय छ । यी तीनै जना महिला योद्धाले कठिन जेल जीवन पनि बिताएका थिए । त्यस समय भूमिगत नेता कार्यकर्ताहरूलाई सेल्टरको व्यवस्था गर्ने, ठाउँ सार्ने र समाचार आदानप्रदान गर्ने कामको मुख्य जिम्मा नै महिलाहरूको थियो (पाण्डे, २०५७, पृ. ४०–४१) । २०३१-२०३२ सालमा विराटनगरमा भएको मजदुर हड्तालतलाई पञ्चायत कालमा भएका सङ्गठित आन्दोलनहरूमध्येको एउटा प्रमुख घटनाका रूपमा लिन सकिन्छ । यस आन्दोलनमा महिलाहरूको उल्लेख्य सहभागिता थियो । आन्दोलनमा सहभागी भएकै कारण प्रहरी दमनको साथै कारखानाबाट जयन्तीदेवी उपाध्याय, राममाया विश्वकर्मा, पदमकुमारी गिरीलगायतका

महिलाहरूले निस्कासित हुनुपर्‍यो र आन्दोलनपश्चात् पुनः उनीहरूको पुनर्बहाली भयो (पाण्डे, २०५७, पृ. ६४) । यस आन्दोलनमा महिलाहरूको उल्लेख्य सहभागिता रहेको देखिन्छ ।

२०३३ सालमा नेकपाको चौथो महाधिवेशनसँग निकट रहेकी पारिजातका अध्यक्षतामा अखिल नेपाल महिला सङ्घको गठन भयो । २०३४ सालमा भारतको लखनउमा नेपाल महिला सङ्घले पहिलो भेला सम्पन्न गर्‍यो । यसैगरी विभिन्न समूहमा विभाजित कम्युनिस्ट पार्टीहरूलाई एकै ठाउमा ल्याउन २०३५ साल पौष ११ गते नेकपा ( माले) को गठन भयो (खकुरेल र अन्य, सन् २०११, पृ. ४२) । नेकपा (माले) ले महिलाहरूलाई सङ्गठित गर्ने उद्देश्यले २०३६ सालमा हेटौँडामा एउटा भेलाको आयोजना गरी नेपाली महिला आन्दोलनलाई एकताबद्ध र सङ्गठित गर्ने कामको थालनी गर्‍यो । यसै भेलाका आधारमा २०३७ सालमा शान्ता मानवीका अध्यक्षतामा अखिल नेपाल महिला सङ्घको पुनर्गठन भयो (तुम्वाहाङ्फे, २०६६ पृ ९२) । अखिल नेपाल महिला सङ्घले महिलामाथि भएका आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक शोषणका विरुद्ध भूमिगत रूपमा देशभरि नै सङ्गठन विस्तार गर्ने काम गर्‍यो । यस सङ्घले २०३७ सालमा पहिलो पटक आठ मार्चका दिन अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनायो (पाण्डे, २०५७, पृ. ४२) । २०४० सालको माघ महिनामा पञ्चायती सरकारले धनकुटाको पिस्करमा भयानक नरसंहार मच्चायो । उक्त घटनामा कान्छी थामी र उनका १५ दिनका छोरा र मानबहादुर थामीकी बृद्ध आमासहित धेरैको बर्बतापूर्ण तरिकाले हत्या गरियो । कैयौं मानिस गिरफ्तार भए । यसैगरी २०४२ सालमा पेसागत हकहितका निम्ति भएको शिक्षक आन्दोलनमा पनि महिला शिक्षकहरूको उल्लेख्य सहभागिता रहेको थियो । उक्त शिक्षक आन्दोलनका क्रममा २०४२ साल जेठ ६ गते प्रहरीको गोली लागी मीना ढकालको मृत्यु भएको थियो । राधा कार्की, सावित्री बोहरा, पवित्रा निरौला, सरिता ढकाल, हरिमाया मैनाली, शिवमाया तुम्वाहाङ्फे, यशोधा अधिकारी, पवित्रा पौड्यालगायतका धेरै शिक्षिका, विधार्थीहरू जेल परेका थिए (कार्की, २०६८, पृ. ८३ ) । २०४२ साल जेठ १० गते नेपाली काङ्ग्रेसले देशव्यापी सत्याग्रह गर्‍यो । यस आन्दोलनमा सबै उमेर तथा पेसा समूहका महिला एवम् पुरुषहरू सहभागी भए । २०४२ साल जेठ १० गतेदेखि असार ६ गतेसम्म शैलजा आचार्य, मंगलादेवी सिंह, दुर्गा दाहाल, सहाना प्रधान आदि नेतृहरू गिरफ्तार भएका थिए ।

कार्कीको भनाइअनुसार २०४६ सालमा गणेशमान सिंहले आफ्नो घरमा नेपाली काङ्ग्रेसको महाधिवेशन बोलाएका थिए । त्यही महाधिवेशनमा नेपाली काङ्ग्रेसले बहुदल प्राप्तिका लागि २०४६ साल फागुन ७ गतेदेखि आन्दोलन घोषणा गरेको थियो र संयुक्त जन आन्दोलनको नीति पास गरेको थियो । २०४६ माघ २ गते सात बाम घटकहरू मिलेर संयुक्त वाममोर्चाको गठन भयो । २०४६ साल माघ २७ गते नेपाली काङ्ग्रेस र कम्युिष्ट पार्टीबिच आन्दोलनका लागि कार्यगत एकता भयो । यस आन्दोलनमा महिलाहरूको व्यापक सहभागिता थियो । आन्दोलन अघि बढ्नुपूर्व नै मुख्य नेताहरूलाई धरपकड गरिएको थियो । बाममोर्चाकी अध्यक्ष सहाना प्रधान, नेतृ मंगलादेवी सिंह, उमा अधिकारीसमेतलाई पक्राउ गरियो (कार्की, २०६८, पृ. ८४) । आन्दोलनकै सिलसिलामा देशका विभिन्न स्थानमा घटेका घटनाहरूको सम्पूर्ण विवरण अन्तर्राष्ट्रिय संचार माध्यमहरूमा प्रचारप्रसारका लागि दिने र देशभित्रै पनि भूमिगत नेताहरूसँग सम्पर्क गरेर समाचारहरू आदानप्रदान गर्ने गोप्य थलो पारिजातको काठमाडौँको म्हेपीस्थित निवासस्थान थियो । नेपाल मानव अधिकार सङ्गठनमार्फत पारिजातले आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् । जनआन्दोलनको पहिलो चरणको अन्तिम कार्यक्रम फागुन १९ गते तानसेनको दमकडा भन्ने स्थानबाट निकालिएको जुलुसपछि ७० वर्षीय वृद्धा बालकुमारी भण्डारीका अध्यक्षतामा आमसभा सम्पन्न भएको थियो (भट्टराई, २०५५, पृ. ९१) । यसरी २०४६ सालको आन्दोलनमा महिलाहरूको व्यापक सहभागिता रहेको देखिन्छ ।

२०४६ सालको जनआन्दोलनमा सहयोगका लागि महिला सङ्गठनले काठमाडौँमा केन्दीय एक्सन कमिटी निर्माण गरेको थियो । उपत्यकाबाहिर पनि विभिन्न तहमा महिलाहरूको छुट्टै सङ्घर्ष कमिटीहरू बनेका थिए । आन्दोलनको सहयोगमा महिलाहरूका कार्यक्रमहरूमा मुखमा कालो पट्टी बाँध्ने, मसाल जुलुस निकाल्ने, जुलुसमा थाल ठटाउने र आमसभाहरू गर्ने जस्ता काम भएका थिए । आन्दोलनमा महिलाहरूले पुरुषसरह नै प्रहरी दमनका साथै यातनागृहमा हुने हरेक प्रकारका मानसिक, शारीरिक, मनोवैज्ञानिक यातनासहित लिङ्गीय दुरुत्साहनको पनि सामना गरेका थिए (पाण्डे २०५७, पृ. ४५) । जनआन्दोलनका क्रममा जानकीदेवी यादव, भुवनेश्वरी यादव, सरस्वती यादव, ज्ञानशोभा बज्राचार्य, पम्फा खड्की आदि कैयौ होनहार छोरीहरूले आत्मवलिदान गरे (कार्की, २०६८, पृ. ८४) । महिलाको बृहत् सहभागिताले आन्दोलनलाई निर्णायक बनाई नेपालमा बहुदलीय

प्रजातन्त्रको पुनः स्थापना गर्न महत्त्वपूर्ण योगदान पुऱ्यायो । यसरी २०४६ सालको जनआन्दोलन काङ्ग्रेस र कम्युनिस्टको संयुक्त सङ्घर्षपछि सफल भएको थियो जसका कमान्डर गणेशमान सिंह थिए भने दोस्रो तहको नेतृत्वमा सहाना प्रधान रहेकी थिइन् ।

२०४६ सालको आन्दोलनपछि महिलाहरूले तुलनात्मक रूपमा अझ सङ्गठित हुने अवसर पाए । जनआन्दोलनको परिणामस्वरूप निर्माण भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले महिलाका हक एवम् अधिकारहरू पहिलेका तुलनामा केही हदसम्म सुनिश्चित गऱ्यो । सो संविधानको धारा ११४ मा प्रतिनिधि सभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक दलका उम्मेदवारमध्ये कम्तीमा ५ प्रतिशत महिला हुनुपर्ने अनिवार्य व्यवस्था गरिएको थियो । यसैगरी संविधानको धारा ४६ मा राष्ट्रिय सभामा साठी जना सदस्यमध्ये कम्तीमा तीन जना महिला हुनुपर्ने अनिर्वाय व्यवस्था गरिएको थियो ।

### ४.३.५ नेपाल अधिराज्यको संविधान, २०४७

जनआन्दोलनको परिणामस्वरूप २०४७ साल वैशाख २८ गते राजदरबारबाट सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायका अध्यक्षतामा ७ सदस्यीय संविधान सुझाव आयोग गठन गरिएको विज्ञप्ति जारी भयो (यादव र अरू सम्पा., २०७३, निर्वाचन आयोग पृ. ११८) । राजाले मन्त्रिपरिषद्सँग सल्लाह नलिईकनै उक्त आयोग गठन गरेको कुरा सार्वजनिक भएपछि यसको सर्वत्र विरोध र आयोग खारेजीको माग भयो । अन्ततः जेठ १ गते प्रधानमन्त्रीको परामर्शमा यो आयोग विघटन गरिएको र संविधान सुझाव आयोगको गठनका लागि नाम सिफारिस गरी पठाउन प्रधानमन्त्रीलाई निर्देशन दिइएको भन्ने विज्ञप्ति जारी गरियो । २०४७ साल जेठ १६ गते सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायकै अध्यक्षतामा दमननाथ ढुङ्गाना, मुकुन्द रेग्मी, माधवकुमार नेपाल, लक्ष्मण अर्याल, भरतमोहन अधिकारी, निर्मल लामा, प्रद्युम्नलाल राजभण्डारी र रामानन्दप्रसाद सिंह सदस्य र सूर्यनाथ उपाध्याय सदस्य सचिव रहेको संविधान सुझाव आयोग गठन भयो । आयोगले २०४७ भदौ २५ गते सरकारसमक्ष संविधानको मस्यौदा प्रस्तुत गऱ्यो । २०४७ साल कार्तिक २३ गते शुक्रबारका दिन राजा वीरेन्द्रबाट नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । आधारभूत मानव अधिकार, बालिग मताधिकार, संसदीय शासनप्रणाली, संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र र स्वतन्त्र एवम् स्वच्छ न्यायप्रणालीलाई संविधानको प्रस्तावनामा नै उल्लेख गरिएको थियो । स्वतन्त्रताको हक, समानताको हक,

सूचनाको हक, छापाखाना र पत्रपत्रिकासम्बन्धी हक, गोपनीयताको हकलगायतका मौलिक हक र तिनका प्रचलनको व्यवस्था गरिएको थियो (यादव र अरू सम्पा., २०७३, निर्वाचन आयोग पृ. ११८) । यस संविधानको निर्माणका लागि गठन गरिएको सुझाव आयोगमा कुनै महिला सदस्यको नाम देखिँदैन । तसर्थ सुझाव आयोगमा समेत महिला सहभागितामा कन्जुस्याइँ गरेको देखिन्छ ।

२०४६ सालको जनआन्दोलनको सफलताको परिणामस्वरूप संविधान सुझाव सुधार आयोग गठन भई सो आयोगबाट निर्माण भई मन्त्रीपरिषद्को सल्लाह र सिफारिसमा तत्कालीन राजा श्री ५ वीरेन्द्रबाट २०४७ साल कार्तिक २३ गते जारी भएको यस संविधानमा २३ भाग १३३ धारा ३ अनुसूची रहेका थिए । संवैधानिक राजतन्त्रसहितको बहुदलीय प्रजातान्त्रिक प्रणालीलाई अङ्गीकार गरेको यस संविधानले आधुनिक प्रजातान्त्रिक प्रणाली र संविधानवादको आधारभूत मान्यतालाई आत्मसात् गरेको पाइन्छ । यस संविधानले बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई संस्थागत गरेकाले राजनीतिक सहभागिताको विस्तृतीकरणमा महत्त्वपूर्ण आधार खडा गरेको पाइन्छ ।

२०४७ को संविधानमा सबै नागरिक कानुनका दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भने समानताको हक र संवैधानिक उपचारको हक सुनिश्चिततासहित १३ वटा मौलिक हक उल्लेख गरेको पाइन्छ (भुसाल, २०६०, १७९) । यसमा महिला, बालक, बृद्ध तथा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने उल्लेख भएको देखिन्छ (भुसाल, २०६०, पृ. १७६) । यस संविधानले शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तबमोजिम कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका गरी राज्यको शक्तिलाई प्रमुख तीन अङ्गमा विभाजन गरी विभिन्न संवैधानिक अङ्गहरूको समेत व्यवस्था गरेको पाइन्छ । पहिलो हुने जित्ने पद्धतिअनुसार निर्वाचित २०५ सदस्यीय प्रतिनिधि सभा र ६० सदस्यीय राष्ट्रिय सभासहितको दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था रहेको पाइन्छ । राष्ट्रिय सभामा श्री ५ बाट मनोनीत १० जना र प्रतिनिधि सभाद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम एकल सङ्क्रमणीय मतका आधारमा कानुनमा व्यवस्था भएअनुसार निर्वाचित हुने कम्तीमा तीन जना महिलासहित पैँतीस जना सदस्यहरू र प्रत्येक विकास क्षेत्रबाट ३ जनाका दरले निर्वाचित १५ जना सदस्य रहने व्यवस्थाले राष्ट्रिय सभामा

कम्तीमा ३ जना (५ प्रतिशत) महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको पाइन्छ (भुसाल, २०६० पृ. १९०, १९१) । २०४७ सालमा महिलाको ५ प्रतिशत प्रतिनिधिको व्यवस्था गरेको पाइन्छ ।

२०४७ सालको संविधानले महिलाहरूको हकहित र अधिकारका बारेमा परिवर्तन ल्याएको थियो । रिडका माध्यमबाट लैङ्गिक समानताका कुरा सर्वोच्च अदालतसम्म जाने बाटो खुलेको थियो । संविधानमा जति व्यवस्था गरिएको थियो तिनको कार्यान्वयन गर्ने सवालमा भने प्रभावकारी कानुन बनाएर त्यसलाई लागु गर्न सकेको देखिएन । यस संविधानले राष्ट्रिय चुनावमा राजनीतिक दलले कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार उठाउनुपर्ने व्यवस्था गरेको थियो (सिवाकोटी, २०७५, पृ. २३) । नेपाल अधिराज्यको संविधान, २०४७ ले सैद्धान्तिक रूपमा सहभागितामूलक राजनीतिक व्यवस्थालाई अवलम्बन गरे तापनि व्यावहारिक रूपमा समाजको विविधतायुक्त विशेषतालाई ख्याल गरी महिलालगायत सबै वर्ग एवम् समुदायको शासनप्रणालीमा सहभागिताका लागि ठोस आरक्षण वा विशेष व्यवस्था गर्न सकेको देखिँदैन । यसैले यो संविधान समावेशी स्वरूपको बन्न सकेन । यस संविधानअन्तर्गतको खुला बहुदलीय प्रजातान्त्रिक व्यवस्थाले उपलब्ध गराएको राजनीतिक वातावरणले राजनीतिक जागरण र राजनीतिक क्रियाकलापको विस्तार हुन गई महिलालगायतका वहिष्करणमा परेको समुदायमा जागरण पैदा भई नयाँ परिवर्तनतर्फ उन्मुख हुन दबाब सृजना गरायो । यस संविधानले राष्ट्रिय चुनावमा राजनीतिक दलले ५ प्रतिशत महिला उम्मेदवार उठाउनुपर्ने व्यवस्थाले राजनीतिमा महिला सहभागिता र प्रतिनिधित्वको केही मात्र व्यवस्था गरेको देखिन्छ ।

बरालको भनाइअनुसार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को व्यवस्थाबाहेक स्थानीय निकाय तथा निर्वाचनसम्बन्धी केही नेपाल संशोधन गर्न बनेको ऐन, २०५४ ले गाउँ विकास समिति तथा नगर विकास समितिका वडामा एक जना सदस्य, गाउँ परिषद्, नगर परिषद्, गाउँ विकास समिति, नगर विकास समिति र जिल्ला विकास समितिमा १-१ जना महिला सदस्य मनोनयन गर्नैपर्ने बाध्यात्मक व्यवस्था गरेको थियो । यसै गरी २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन लागु गरिएपछि स्थानीय निकायहरूमा महिलाको सहभागितामा वृद्धि भएको थियो । यस ऐनमा पिछडिएको वर्ग, जनजाति, दलित र महिलासमेतको सहभागिता गराई स्थानीय क्षेत्रको विकासका लागि स्थानीय नेतृत्वको निर्माणको उद्देश्य लिएको देखिन्छ (बराल, २०७४, पृ. २४३) । गाउँ विकास समितिमा,

स्थानीय स्वायत शासन ऐन २०५५ को भाग २ दफा ७ वडा समिति गठनमा एक जना वडा अध्यक्ष, एक जना महिला वडा सदस्य र तीन जना वडा सदस्यहरू रहने व्यवस्था गरेको थियो । उक्त वडा समितिको महिला सदस्य गाउँ परिषद्मा सदस्य हुने व्यवस्था रहेको थियो । एक जना महिला गाउँ परिषद् सदस्यका लागि अनिवार्य मनोनीत गर्ने व्यवस्था रहेको थियो । उक्त मनोनीत गाउँ परिषद् महिला सदस्य गाउँ विकास समितिका लागि मनोनीत हुने व्यवस्था रहेको थियो (बराल, २०७४, पृ. २४३) । नगर विकास समितिमा, स्थानीय स्वायत्त शासन ऐन २०५५ को भाग ३ नगरपालिकासम्बन्धी व्यवस्थाको दफा ७५ मा नगर विकास समितिको प्रत्येक वडा समितिमा वडा अध्यक्ष, एक जना महिला वडा सदस्य र तीन जना वडा सदस्यहरू रहने व्यवस्था थियो । प्रत्येक नगर समितिको महिला सदस्य नगर परिषद्को सदस्य हुने व्यवस्था रहेको थियो । नगर परिषद्द्वारा नगर परिषद् सदस्यका लागि मनोनीत गर्ने व्यवस्था रहेको थियो । यसरी नगर परिषद्बाट मनोनीत भएका महिलालाई नगरपालिका सदस्यका लागि १ जना मनोनीत गर्ने व्यवस्था रहेकाले ६ जनादेखि ४० जनासम्म सदस्य हुन सक्ने भएको हुँदा कुल सदस्य सङ्ख्याको ४० प्रतिशत सदस्य महिला पुग्ने भएको थियो (बराल, २०७४, पृ. २४४) । यसरी सङ्ख्यात्मक रूपमा महिला प्रतिनिधिको सङ्ख्या केही बढेको देखिन्छ ।

जिल्ला विकास समिति, स्थानीय स्वायत्त शासन ऐन २०५५ को भाग ४ दफा १७६ मा जिल्ला विकास समितिअन्तर्गत जिल्ला परिषद्द्वारा मनोनीत एक जना महिला सदस्य जिल्ला परिषद्को पनि सदस्य हुने व्यवस्था गरिएको थियो । यसरी जिल्ला परिषद् समितिद्वारा मनोनीत महिलामध्ये एक जना महिला जिल्ला विकास समितिको सदस्य हुने व्यवस्था रहेको थियो । यसबाट औसतमा २० प्रतिशत महिलाको उपस्थिति स्थानीय निकायमा हुन सकेको थियो (बराल, २०७४, पृ. २४४) । यसरी सङ्ख्यात्मक रूपमा महिलाको वृद्धि भएको देखिए पनि नेतृत्व तहमा भने त्यस्तो देखिँदैन । त्यस्तै महिलाहरूले अध्यक्षता गर्ने समितिको व्यवस्था नहुनुले पनि महिलालाई जिम्मेवारी दिन नखोजेकै देखिन्छ ।

२०४७ सालको संविधानले अभिव्यक्तिको हकका साथै सङ्घसंस्था खोल्न र सङ्गठित हुन पाउने अधिकार प्रदान गरेपछि राजनीति र नागरिक समाजको संलग्नतामा महिलाहरू आआफ्नै ढङ्गले सङ्गठित भएर विभिन्न मुद्दाहरू उठाउन थाले । कतिपय अवस्थामा राजनीतिक दल र नागरिक समाजका महिलाहरूले संयुक्त रूपले पनि महिला

आन्दोलनलाई बल पुऱ्याए । बहुदलीय प्रजातन्त्रको पुनः स्थापनापछिको खुला प्रजातान्त्रिक परिवेशमा नेपाली महिलाहरूले राजनीतिक, सामाजिक र आर्थिक जीवनमा पहुँच र सहभागितालगायत महिलामाथि हुने सबै प्रकारका हिंसाविरुद्ध दबाब सिर्जना गर्न २०४९ साल असार १९ मा महिला सुरक्षा दबाब समूहको गठन भयो (तुम्बाहाङ्फे, २०६६, पृ. १३३) । यसरी राजनीतिक दल र नागरिक समाजका महिलाहरूले संयुक्त रूपले पनि महिला आन्दोलनलाई बल पुऱ्याएको देखिन्छ ।

२०५२ साल फागुन १ गतेबाट नेकपा (माओवादी) ले प्रारम्भ गरेको दीर्घकालीन सशस्त्र विद्रोहमा महिलाहरूले पनि उल्लेख्य सङ्ख्यामा लामबद्ध भएर माओवादी आन्दोलनलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । महिलाहरूको प्रतिवद्धता र त्यागको भावनाले माओवादी आन्दोलनमा निर्वाह गर्न सक्ने योगदानको आँकलन गरेर नै माओवादीले योजनावद्ध रूपमा महिलाहरूलाई आन्दोलन र युद्धमा परिचालन गर्ने योजना बनायो । जनयुद्ध सुरु हुनुपूर्व नै सो पार्टीको वैधानिक मोर्चाको अध्यक्षमा पम्फा भुसाललाई मनोनीत भएपश्चात् महिलाले पनि पार्टी हाँक्न सक्छन् भन्ने देखाइदिइन् (सापकोटा, २०६६, पृ. ६५) । माओवादी सशस्त्र विद्रोह अर्थात् जनयुद्धमा महिला सहभागिता एउटा उल्लेख्य घटनाक्रमका रूपमा रहेको छ । लामो समयसम्म सञ्चालित त्यस सशस्त्र विद्रोहमा महिलाहरू ठुलो सङ्ख्यामा प्रत्यक्ष सहभागी भई बहादुरी र बलिदानी प्रदर्शन गर्न तम्सिए । माओवादी सशस्त्र विद्रोहले नेपाली महिला आन्दोलनमा एउटा नयाँ मोड ल्यायो । सशस्त्र युद्धले महिला मुक्तिको विषयलाई पनि एउटा प्रमुख मुद्दा बनाएकाले पनि विशेषतः ग्रामीण क्षेत्रका हजारौं महिलाहरू माओवादी सशत्र विद्रोहतर्फ आकर्षित भए । नभन्दै जनयुद्धमा उल्लेख्य रूपमा महिलाहरूको सहभागिता रह्यो । यसमा पनि विभेद, हिंसा र पछाडि परेका दलित तथा जनजाति समूहका महिलाहरूको युद्धमा उल्लेख्य सहभागिता रहयो (उप्रेती, सन् २००४, पृ. २८५) । माओवादी जनयुद्धमा सैन्य मोर्चामा उमा भुजेल, अमृता थापा मगरलगायतले नेतृत्वदायी भूमिका खेलेका थिए । उनीहरू माओवादी जनसेनामा ब्रिगेडियर कमाण्डरसम्मको पदमा पुग्न सफल भएको पाइन्छ । माओवादी सशस्त्र युद्धकालमा सन् १९९६ देखि सन् २००६ सम्म १ हजार २ सय जना महिलाहरूले त ज्यान नै गुमाएका थिए (पौडेल, २०७३, पृ. ११६-११७) । यसरी माओवादी जनयुद्धमा उल्लेख्य रुपमा महिलाहरु सहभागि भएको देखिन्छ । साथै सैन्य मोर्चाको नेतृत्वदायी भूमिकामा पनि महिला रहेको पाइन्छ ।

तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ साल माघ १९ गते शेरबहादुर देउवाको सरकारलाई अपदस्थ गरी सेनाका आडमा प्रतयक्ष शासन प्रारम्भ गरे । राजाको त्यस किसिमको प्रतिगमनका विरुद्ध देशका सम्पूर्ण राजनीतिक दलहरूबिच निरंकुशताको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापना र राज्यको समावेशी रूपमा पुनसंरचना गर्ने एजेन्डाका साथ १२ बुँदे सहमति ८ मङ्सिर २०६८ मा भयो । यसैका फलस्वरूप २०६२ चैत्र २४ गतेदेखि देशमा बृहत् जनआन्दोलन सुरु भयो जसलाई जनआन्दोलन २ का नामले पनि सम्बोधन गर्ने गरिन्छ (वैद्य, सन्, २०१३, पृ. १८८) । आन्दोलनको परिणामस्वरूप २०६३ बैशाख ११ गते राजा ज्ञानेन्द्र शाासनभार जनतालाई नै सुम्पिएको घोषणा गर्न बाध्य भए । यस आन्दोलनमा नेपाली महिलाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । १९ दिनसम्म चलेको यस आन्दोलनमा पुरुषसँगै महिला आन्दोलनकारीहरू पनि पक्राउ परे ।

## ४.४ नेपालको अन्तरिम संविधान, २०६३ मा महिला प्रतिनिधित्वको व्यवस्था

नेपाल अधिराज्यको संविधान, २०४७ ले संवैधानिक राजतन्त्रलाई आत्मसात् गरेको भए पनि दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको वंश नै विनाश भएपछि राजा बनेका ज्ञानेन्द्रले यसलाई आत्मसात् गर्न सकेनन् । राजा ज्ञानेन्द्रद्वारा निर्वाचित सरकार विघटन गरी सरकार निर्माण र विघटनका खेल सुरु भए । राजा ज्ञानेन्द्रको कदमका विरुद्ध आन्दोलनमा रहेका सात राजनीतिक दल (नेपाली काङ्ग्रेस, ने.क.पा.एमाले, नेपाली काङ्ग्रेस प्रजातान्त्रिक, संयुक्त जनमोर्चा, नेपाल सद्भावना पार्टी (आनन्दी देवी), संयुक्त बाममोर्चा, नेपाल मजदुर किसान पार्टी, र सशस्त्र द्वन्द्व गर्दै आएको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बिच निरङ्कुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्न लोकतान्त्रिक आन्दोलनको 'आँधीबेहरी' निर्माण गर्ने समेतका विषयमा २०६२ साल मङ्सिर ७ गते १२ बुँदे समझदारीमा हस्ताक्षर भयो । समझदारीको बुँदा नं ११ मा दलहरूबाट जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलन सफल बनाउन समाजका सबै वर्ग र समुदायलाई आह्वानसमेत गरिएको थियो । विघटित प्रतिनिधि सभाको पुनर्स्थापनासहितको माग राखी २०६२ साल चैत्र २४ देखि जनआन्दोलन सुरु भयो (यादव र अरू सम्पा., २०७३, निर्वाचन आयोग पृ. १२१) । नेपालको अन्तरिम संविधान २०६३ ले सर्वप्रथम राज्य व्यवस्थामा औपचारिक रूपमा समावेशीकरणको सिद्धान्तलाई आत्मसात् गर्दै न्यायपूर्ण समाजको स्थापना र समृद्ध राष्ट्र निर्माणका लागि महिला समुदायसहित सीमान्तकृत वर्ग, क्षेत्र र समुदायको राज्यका हरेक अङ्ग, निकायमा सहभागिताको आवश्यकतालाई बोध गराएको

पाइन्छ । संविधानको प्रस्तावनामा नै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनः संरचना गर्ने सङ्कल्प गरिएको छ । नेपाली नागरिक बाबु र आमा रहेका सन्तानले वंशजका आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्थाले आमाका नामबाट समेत बाबुका नामबाट सरहकै वंशका आधारमा नागरिकता पाउन सक्ने अधिकार संविधानले प्रदान गरेको देखिन्छ (भुसाल, २०६० पृ. ३) । यसरी आमाका नामबाट पनि नागरिकता पाउने व्यवस्था हुनु निकै सराहनीय कुरा हो ।

भुसालको भनाइअनुसार संविधानको धारा १२ देखि ३२ सम्म २१ वटा मौलिक हकहरूको व्यवस्था गरिएको छ । मौलिक हकको सूचीअन्तर्गत समानताका हकमा सबै नागरिक कानुनका दृष्टिमा समान हुने छन् । कसैलाई पनि कानुनका आधारमा समान संरक्षणबाट वञ्चित गरिने छैन र भेदभाव गरिने छैन भनी समान कानुनी संरक्षणको प्रत्याभूति गरिएको छ भने महिला, दलित, आदिवासी, जनजाति, मधेसी वा किसान, मजदुर, आर्थिक, सामाजिक, सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग, बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्थासमेत उल्लेख छ । संविधानमा महिलाको हकसम्बन्धी छुट्टै मौलिक हकको व्यवस्था गरी त्यसमा महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव नगरिने, प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने, कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने उल्लेख गरिनुका साथै पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हकको प्रत्याभूति गरिएको छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागिताको हक हुने भनी सामाजिक न्यायको हकलाई मौलिक हकको सूचीमा समावेश गरी महिलालगायतका पछाडि परेका वर्ग तथा समुदायको राज्य सञ्चालनका हरेक क्षेत्रमा सहभागितालाई संवैधानिक रूपले सुनिश्चित गरिएको छ (भुसाल, २०६०, पृ. ४-२१) । यसरी संविधानमै महिला तथा पिछडा वर्गको हक एवम् अधिकारको व्यवस्था हुनुले महिला तथा पिछडा वर्गले पनि आफ्ना हक एवम् अधिकारक पाउन थालेको देखिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले महिलाको हक एवम् अधिकारका सम्बन्धमा धेरै व्यवस्था गरेको थियो । यस संविधानले महिलाको हकसम्बन्धी छुट्टै धारा २० लगायत

धारा १८ मा सामाजिक सुरक्षाको हक, धारा २१ मा आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछि परेका महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा संरचनामा सहभागी हुने हकको व्यवस्था गरेको थियो । यस संविधानको धारा ६३ (४) मा राजनैतिक दलले ३३ प्रतिशत महिला उम्मेदवारी दिनुपर्ने व्यवस्था थियो । धारा ६३ (४) मा राजनीतिक दलले कानुनमा व्यवस्था भएबमोजिम महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउनुपर्ने भन्ने थियो । यस संविधानले पहिलो पटक पैतृक सम्पत्तीमा छोरा र छोरीको समान अधिकार भनी छोरीको जन्मसिद्ध अधिकारलाई स्थापित गऱ्यो (सिवाकोटी, २०७५, पृ. २४) । यसरी कानुनमा व्यवस्था भएबमोजिम महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउनुपर्ने भएको देखिन्छ ।

राज्यको ढाँचा र स्थानीय स्वायत्त शासनअन्तर्गत वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनसंरचना गरिने उल्लेख छ । यसैगरी स्थानीय स्तरदेखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकूल वातावरण बनाई मुलुकको शासनव्यवस्थामा जनताको बढीभन्दा बढी सहभागिता प्रवर्द्धन गर्न र जनतालाई स्थानीय स्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासनसम्बन्धी निकायको व्यवस्था गरिनेछ भनी उल्लेख भएबाट यसले व्यापक जनसहभागिताको अवधारणालाई अँगालेको देखिन्छ ।

वि. सं. २०६२/०६३ को जनआन्दोलन माओवादी विद्रोही र संसदीय शक्तिको संयुक्त प्रयासमा सञ्चालित जनआन्दोलन भएकाले सशस्त्र आन्दोलन र खुला राजनीतिक सङ्घर्षमा महिलाहरूका हक एवम् अधिकारका सम्बन्धमा उठाएका मुद्दाहरूको जनआन्दोलनको सफलतासँगै ढोका खुल्यो । नेपालको राजनीतिक इतिहासमै राज्यस्तरबाट महिलाको अधिकारका पक्षमा केही महत्त्वपूर्ण क्रान्तिकारी घोषणाहरू गरिए । जनआन्दोलनको सफलतापश्चात् स्थापित प्रतिनिधि सभाले राज्यका हरेक निकायमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने, महिलालाई विभेद गर्ने कानुन खारेज गर्ने र आमाका नामबाट पनि नागरिकता दिनुपर्ने तीन वटा ऐतिहासिक प्रस्ताव पारित गऱ्यो (खकुरेल र अन्य, सन् २०११, पृ. ४९) । यो घोषणापत्र नेपाली महिलाले राजनीतिक सङ्घर्ष, आन्दोलन, योगदान, सम्पूर्ण त्याग तथा बलिदानकै परिणामस्वरूप आएको थियो ।

जनआन्दोलन - २ पश्चात् जारी अन्तरिम संविधानमा महिलाका हकलाई मौलिक हकका रूपमा स्थापित गर्नुका साथै राज्यका हरेक निकायमा ३३ प्रतिशत प्रतिनिधित्व गरिने उल्लेख भयो । तर त्यसका लागि स्पष्ट कानुनी व्यवस्था नभएकाले संवैधानिक व्यवस्थाको मर्म विपरीत जनआन्दोलनपश्चात् गठन भएको मन्त्री परिषद् र विभिन्न राजनीतिक नियुक्ति गरिने निकायका पदहरूमा स्पष्ट कानुनको अभावको छिद्रतालाई च्यापेर महिलाको प्रतिनिधित्वका सम्बन्धमा भएका संवैधानिक व्यवस्थालाई समेत कार्यान्वयन गरिएन । यसका विरुद्ध नेपाली महिलाहरूले निरन्तर आवाज उठाए । अन्तरिम संविधान, २०६३ को धारा ६३ मा संविधान सभा निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिने व्यवस्था भएबमोजिम समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत ५० प्रतिशत महिला सभासद् निर्वाचित हुने कानुनी प्रबन्धसमेत गरियो (पौडेल, २०७३, पृ. १२०) । परिणामस्वरूप नेपालको इतिहासमा नै पहिलो पटक विधिनिर्माण तहमा २०६४ सालको संविधान सभा निर्वाचनमार्फत कुल सदस्य सङ्ख्याको एकतिहाई महिला निर्वाचित भई संविधानसभामा आए । यसले विश्व राजनीतिक परिदृश्यमा नेपाललाई राजनीतिमा अधिकतम महिला प्रतिनिधित्व गराउने मुलुकको सूचीमा सूचीकृत गरायो ।

### ४.५ नेपालको संविधानमा महिला प्रतिनिधित्वको व्यवस्था

आफ्नो संविधान आफै बनाउने नेपाली जनताको दशकौंदेखिको चाहना २०७२ साल असोज ३ गते आइतबारका दिन साँझ पूरा भयो । यो दिन नेपाली जनताले जननिर्वाचित संविधान सभामार्फत 'नेपालको संविधान' प्राप्त गरे भने सङ्ख्याका हिसाबले नेपाली जनताले प्राप्त गरेको यो संविधान सातौँ बन्न पुग्यो । नेपालको संविधानको प्रस्तावनामा अन्य कुराका अतिरिक्त जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासनप्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवम् कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्रको निर्माण गर्न संविधान जारी गरिएको उल्लेख गरिएको छ (यादव र अरू सम्पा., २०७३, निर्वाचन आयोग पृ.१२६) । नेपालको संविधान, २०७२ को प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता जस्ता विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक, सांस्कृतिक, ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय,

भाषिक, लैङ्गिक, विभेद र सबै प्रकारका जातीय छुवाछुतहरूको अन्त गर्ने भन्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भनिएको छ (सिटौला, २०७५, पृ. ६) । यसरी समानुपातिक समाजनिर्माणका लागि संविधानमै व्यवस्था हुनुले समाजमा सबै वर्गको प्रतिनिधित्व सुनिश्चित भएको देखिन्छ ।

यसरी प्रस्तावनामा महिलाका सम्बन्धमा लैङ्गिक विभेद अन्त गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निमार्णतर्फ उन्मुख भएको देखिन्छ । लैङ्गिक समानता कायम गर्न विभिन्न किसिमका ऐनलाई २०७२ अन्तर्गत संशोधन गरिएको छ । परिशिष्ट- १६ मा लैङ्गिक समानता कायम तथा लैङ्गिक हिंसा अन्त गर्न संशोधन भएका ऐनहरू समावेश गरिएको छ ।

संविधानको भाग २ धारा १० देखि १५ सम्म नागरिकतासम्बन्धी व्यवस्था गरिएको छ । महिला वा पुरुष दुवैका लागि नभई नहुने कुरा नागरिकता प्रमाणपत्र हो । नागरिकता अधिकारको पनि अधिकार हो । नागरिकताबिना कुनै पनि व्यक्ति राज्यबाट पाउने सुविधा तथा संरक्षणका साथै राजनैतिक, आर्थिक, सामाजिक, लगायत सम्पूर्ण आधारभूत अधिकारबाट वञ्चित हुन जान्छ । नागरिकताले नै व्यक्तिको दायित्व र व्यक्तिको अधिकारका सम्बन्धको व्यवस्था गर्दछ । नागरिकताको व्यवस्थामा आफू बसोवास गरेको प्रदेशको पहिचानसहितको विवरण खुलाउनुपर्ने व्यवस्था छ । यस संविधानले आमाका नामबाट पनि छोराछोरीलाई नागरिकता दिने वंशीय हक कायम गरेको छ । तर विदेशी पुरुषसँग विवाह गरेका अवस्थामा महिलालाई मात्र भेदभाव गरेको छ । आमाका नामबाट नागरिकता दिने संवैधानिक व्यवस्था भए पनि व्यावहारिक रूपमा लागु हुन सकेको छैन (सिटौला, २०७५, पृ. ८-१०) । तसर्थ विदेशी भनेपछि महिला होस् या पुरुष कानुन एउटै हुनुपर्छ । आमाका नामबाट व्यावहारिक रूपमा नागकिता नदिनु महिलाप्रतिको अपमान नै हो ।

सिटौलाको भनाइअनुसार संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको छ । मौलिक हकले सरकारलाई नागरिकका अधिकारप्रति उतरदायी बनाएको हुन्छ । सरकारले यस्ता अधिकारलाई कानुन बनाएर वा संशोधन गरेर समाप्त मात्र गर्न सक्दैन । संविधानमा धारा १६ देखि ४८ सम्म मौलिक हक र कर्तव्यहरूको व्यवस्था गरेको छ । यी मौलिक हकहरूविना भेदभाव सबैका लागि लागु हुने व्यवस्था रहेको छ । मौलिक हकका यी व्यवस्थाहरू मानवअधिकारसँग सम्बन्धित छन् । मौलिक हकबारे यस संविधानले व्यक्तिका

नागरिक तथा राजनीतिक प्रकृतिका अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक प्रकृतिका अधिकारलाई प्रत्याभुत गरेको छ । जसमा विचार अभिव्यक्तिको स्वतन्त्रता, सम्पत्तिको हक, सूचनाको हक, गोप्यनीयताको हक नागरिक तथा राजनैतिक अधिकार र स्वास्थ्यसम्बन्धी हक, खाद्यान्नको हक, आवासको हक, सामाजिक सुरक्षाको हक आदि रहेका छन् । यसरी संविधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भन्ने छ । यस धारामा हरेक मान्छे पुरुष होस् वा महिला होस् समान रूपमा बाँच्न पाउने हकको व्यवस्था रहेको देखिन्छ (सिटौला, २०७५, पृ. १०) यसरी संविधानमै पुरुषसरह महिलाले पनि बाँच्न पाउनुपर्ने व्यवस्था भएको देखिन्छ ।

संविधानको भाग ३ को धारा ४२ मा सामाजिक न्यायको हकसम्बन्धी व्यवस्था रहेको छ जसमा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडावर्ग, लैङ्गिक तथा यौनिक, अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनी उल्लेख गरिएको छ । यसैगरी धारा ३८ मा प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुनेछ । प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ । महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । सम्पत्ति तथा परिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ भनिएको छ । तसर्थ संविधानको भाग ३ धारा ४२ र धारा ३८ मा महिलासम्बन्धी हकले पुरुष महिलामा समान वंशीय हकका साथै समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता हुने हक दिएको देखिन्छ (सिटौला, २०७५, पृ. १०-१२) । यसरी प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक र समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता हुने व्यवस्था यस संविधानमा गरिएको पाइन्छ ।

### ४.६ नेपालको संविधानमा महिला निर्वाचन व्यवस्थाको गठन

नेपालको संविधानले राजनीतिक रूपमा महिला सहभागितालगायत अधिकारका सन्दर्भमा विगतका संविधानका तुलनामा अग्रगामी कार्य गरेको देखिन्छ । यसले हरेक निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने गरी प्रत्याभूति गरेको छ । यस संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद र भेदभावको अन्त गरी समृद्धि, आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको छ । यस संविधानले महिलालाई विनाभेदभाव समान कानुनी संरक्षण प्रदान गर्नुका साथै थप विशेषाधिकारको व्यवस्था गरेको छ । कसैलाई पनि समान कानुनबाट वञ्चित गरेको छैन । सांस्कृतिक र सामाजिक दृष्टिले पिछडिएका महिलालगायत नागरिकको संरक्षण सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न सक्ने उल्लेख छ । यस व्यवस्थाले महिला उत्थानका निम्ति मार्गदर्शन गरेको देखिन्छ ।

निर्वाचनमा महिला सहभागितालाई प्रोत्साहित गर्न संविधानले मार्ग निर्देशन गरेको छ । निर्वाचनमा सहभागी हुन निर्वाचन आयोगमा राजनीतिक दल दर्ताका लागि दलमा समावेशी प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने सर्तसहितको राजनीतिक दलसम्बन्धी संवैधानिक प्रबन्ध गरिएको छ ।

नेपालको संविधानले स्थानीय निकायमा महिलाको सहभागिताका सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ । यस संविधानले गाउँ पालिका तथा नगरपालिकालाई स्थानीय सरकारको रूपमा महत्त्वपूर्ण व्यवस्थापकीय तथा कार्यपालिकीय अधिकार प्रदान गरेको छ । संविधानले स्थानीय निकायलाई स्थानीय कानुन बनाउने अधिकार दिएको छ । कानुनबमोजिम आफ्नो क्षेत्रभित्रका विवाद निरूपण गर्न तथा न्यायिक समिति गठन गर्न न्यायिक अधिकारसमेत प्रदान गरेको छ । स्थानीय निकायमा महिलाको सहभागितासम्बन्धी व्यवस्थाले महिलाको राजनीतिक सशक्तीकरण र स्थानीय निर्वाचनमा महिलाको राजनीतिक सहभागितामा महत्त्वपूर्ण भूमिका रहने देखिन्छ ।

यस संविधानमा गाउँपालिकामा गठन हुने गाउँ सभा र नगरपालिकामा गठन हुने नगर सभामा महिला आरक्षणको व्यवस्था गरिएको छ । यस व्यवस्थाले स्थानीय तहदेखि नै महिलाको सहभागिता सुनिश्चित गरेको देखिन्छ । गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा २

जना महिलाको प्रतिनिधित्व हुने र गाउँ कार्यपालिकामा कम्तीमा ४ जना महिला सदस्यको प्रतिनिधित्वको व्यवस्थाले स्थानीय तहमा महिलालाई नीति निर्माणमा सहभागी बनाइएको पुष्टि गर्दछ । यसप्रकार महिलाहरू नीति निर्माणमा सहभागी भएपछि समग्र विकासका नीतिहरू महिलामैत्री हुने विश्वास गर्न सकिन्छ । यस संविधानले नगरसभामा समेत प्रत्येक वडाबाट कम्तीमा २ जना महिलाको प्रतिनिधित्व हुने र नगर कार्यपालिकामा भने पाँच जना महिला सदस्य रहने गरी संवैधानिक आरक्षणको व्यवस्था गरिएको छ । जिल्लास्थित गाउँपालिका र नगरपालिकाहरूबिच समन्वय गर्न समन्वयकारी निकायका रूपमा जिल्लासभाको व्यवस्था गरिएको छ । जिल्लासभामा जिल्लाभित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने र यस जिल्लासभाले एक जना प्रमुख, एक जना उपप्रमुखसहित कम्तीमा ३ जना महिला, कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक समुदायको प्रतिनिधिसहित अधिकतम नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको गठन हुने व्यवस्था छ । यसरी जिल्ला समन्वय समितिमा पनि एक तिहाई महिलाको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ (नेपालको संविधान २०७२, नेपाल सरकार) । यसरी संविधानमै जिल्ला समन्वय समितिमा एक तिहाई महिलाको सहभागिता सुनिश्चित गरिएको छ ।

संविधानले सङ्घमा राष्ट्रपति वा उपराष्ट्रपतिमध्ये एक जना महिला सभामुख वा उपसभामुखमध्ये एक जना महिला र प्रदेशमा पनि प्रदेश सभामुख वा उपसभामुखमध्ये एक जना महिला हुने तर फरक फरक दलको भएमा महिला नहुन पनि सक्छन् भन्ने संवैधानिक व्यवस्था रहेको छ । स्थानीय निकायका पदहरूमा महानगरपालिका प्रमुख, नगरपालिका प्रमुख, गाउँपालिका अध्यक्ष, वडाका वडा अध्यक्षहरूमा महिला प्रतिनिधित्वको सुनिश्चितता हुन नसकेबाट स्थानीय निकायमा नेतृत्वको व्यवस्था लैङ्गिक दृष्टिकोणबाट अपूर्ण रहेको देखिन्छ । स्थानीय निर्वाचनमा महिलाको राजनैतिक सहभागिता, नेतृत्वदायी भूमिकामा ५० प्रतिशत महिला प्रतिनिधित्व, समानुपातिक उपस्थिति र संवैधानिक सुनिश्चितताको आवश्यकतालाई भने यस संविधानले समेट्न सकेको देखिँदैन । तसर्थ यस संविधानले कानुन निर्माणमार्फत यो व्यवस्था गर्न सक्ने सम्भावनालाई खुला नै राखेको छ ।

### ४.६.१ स्थानीय कार्यपालिकाको गठनमा महिला

गाउँपालिका र नगरपालिकामा कार्यपालिकीय कार्य सम्पादनका लागि क्रमशः गाउँ कार्यपालिका र नगर कार्यपालिका रहन्छन् । स्थानीय तहको कार्यकारिणी अधिकार निहित

रहेका यी निकायमा आ-आफ्ना क्षेत्रमा स्थानीय शासनव्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालनको अभिभारासमेत रहेको छ । गाउँ कार्यपालिकामा एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, गाउँपालिकाका प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष एक-एक जना, गाउँसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र गाउँसभाका सदस्यले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका दुई जना सदस्य रहन्छन् । यसै गरी नगर कार्यपालिकामा एक जना प्रमुख, एक जना उपप्रमुख, नगरपालिकाका प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष एक-एक जना, नगर सभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र नगरसभाका सदस्यले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका तीन जना सदस्य रहन्छन् । गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष र नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुखको पदावधि एक वर्षभन्दा बढी अवधि बाँकी छँदै पद रिक्त हुन आएमा उपनिर्वाचनद्वारा पूर्ति गरिन्छ । गाउँ कार्यपालिकाको अध्यक्ष र नगर कार्यपालिकाको प्रमुख पदमा दुई कार्यकाल निर्वाचित व्यक्ति पुनः गाउँ कार्यपालिका र नगर कार्यपालिकाको निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था छ ।

### ४.६.२ स्थानीय व्यवस्थापिकाको गठन

गाउँपालिका र नगरपालिकामा व्यवस्थापकीय कार्यका लागि क्रमशः गाउँसभा र नगरसभा रहन्छन् । गाउँसभा र नगरसभामा सबै वडा समितिका अध्यक्ष र सदस्य, स्थानीय कार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित सदस्य तथा स्थानीय कार्यपालिकाका प्रमुख र उपप्रमुख रहन्छन् । गाउँसभा र नगरसभाको कार्यकाल पाँच वर्षको हुन्छ । कार्यकाल समाप्त भएको ६ महिनाभित्र अर्को गाउँसभा र नगरसभाको निर्वाचन सम्पन्न गर्नुपर्ने व्यवस्था छ (यादव र अरू सम्पा.,२०७३, निर्वाचन आयोग पृ. १३३) । यसरी गाउँसभा र नगरसभाको कार्यकाल पाँच वर्षको रहेको देखिन्छ ।

### ४.६.३ न्यायिक समिति

कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिकामा गाउँपालिकाका उपाध्यक्षका अध्यक्षतामा र नगरपालिकामा नगरपालिकाका उपप्रमुखका अध्यक्षतामा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ । न्यायिक समितिमा रहने अरू दुई जना सदस्य गाउँसभा वा नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित

गर्छन् (यादव र अरू सम्पा.,२०७३, निर्वाचन आयोग पृ.१३४) । न्यायिक समितिको अध्यक्षता उपाध्यक्ष वा उपप्रमुखले गर्दछ । यस पदमा अधिकांश रूपमा २०७४ को निर्वाचनमा महिलाहरू नै निर्वाचित भएको देखिन्छ ।

### ४.६.४ जिल्लासभा र जिल्ला समन्वय समितिको गठनमा महिला

जिल्लाका गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्न एवम् विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्नुका साथै सोको अनुगमन गर्न तथा जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बिच समन्वय कायम गर्न जिल्लाभरका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहेको जिल्ला सभा गठन हुन्छ । जिल्लासभाका तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्यको सम्पादनका लागि जिल्लासभाले गाउँसभा वा नगरसभाका सदस्यमध्येबाट एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र एक जना दलित वा अल्पसङ्ख्यकसहित नौ सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्छ । जिल्ला समन्वय समितिमा निर्वाचित गाउँसभा वा नगरसभाका सदस्यको पद स्वतः रिक्त हुन्छ (यादव र अरू सम्पा.,२०७३, निर्वाचन आयोग पृ. १३४) । जिल्ला समन्वय समितिका कम्तीमा तीन जना महिलाको व्यवस्था रहेको देखिन्छ ।

### ४.६.५ स्थानीयमा महिला प्रतिनिधि

स्थानीय तहका गाउँपालिका र नगरपालिकाका वडा समितिमा रहने पाँच जनामध्ये कम्तीमा दुई जना महिला सदस्य हुनुपर्ने व्यवस्था गरी वडा तहमा कम्तीमा ४० प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । यसै गरी स्थानीय कार्यपालिकामा महिला प्रतिनिधित्वलाई सुनिश्चित गर्न गाउँ कार्यपालिकामा भए कम्तीमा चार जना र नगर कार्यपालिकामा भए कम्तीमा पाँच जना महिला सदस्य सम्बन्धित गाउँसभा वा नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरी पठाउने व्यवस्था गरिएको छ । जिल्ला समन्वय समितिमा रहने नौ जनामध्ये तीन जना अर्थात् एक तिहाइ सदस्य महिला रहने व्यवस्था गरिएको छ (यादव र अरू सम्पा., २०७३, निर्वाचन आयोग पृ. १३४) । यसरी महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था भएको पाइन्छ ।

## ४.७ प्रमुख पार्टीहरूको विधानमा महिला प्रतिनिधि र निर्वाचनसम्बन्धी व्यवस्था

२०६२/०६३ को राजनीतिक परिवर्तनपश्चात् राजनीतिक दलहरूले महिला सहभागिताको आवश्यकतालाई औपचारिक रूपमा स्वीकार गरी तल्लो तहदेखि केन्द्रसम्मका निकायमा लैङ्गिक प्रतिनिधित्वको सुनिश्चितताको वैधानिक प्रबन्ध गरेको पाइन्छ । प्रस्तुत शोधमा राजनीतिक पार्टीहरूले स्थानीय स्तरमा महिला प्रतिनिधित्वको सम्बन्धमा गरेका मुख्य वैधानिक व्यवस्थाहरूलाई विश्लेषण गरिएको  छ ।

### ४.७.१ नेकपा (एमाले)

देशको एक प्रमुख राजनीतिक शक्तिका रूपमा स्थापित नेकपा (एमाले) स्थानीय तहमा प्रारम्भिक कमिटी, शाखा कमिटी, इलाका तथा नगर कमिटीहरू निर्वाचन क्षेत्र कमिटी र जिल्ला कमिटी रहेका छन् । स्थानीय निकायलाई निर्वाचित गर्न प्रतिनिधि परिषद्को व्यवस्था रहेको पाइन्छ । नेकपा (एमाले) को विधानमा निर्वाचन विधि र समावेशीकरणसम्बन्धी व्यवस्थाअन्तर्गत पार्टीका सबै तहका कमिटी र महाधिवेशन, अधिवेशनका प्रतिनिधिहरूको निर्वाचनका लागि आम रूपमा खुला, भूगोल र समावेशी गरी तीन क्षेत्र तोकिएको छ । नेकपा (एमाले) ले सबै तहका निर्वाचित पार्टी कमिटीहरू समावेशी चरित्रका हुने र कम्तीमा ३३ प्रतिशत महिला रहने वैधानिक व्यवस्था गरेको देखिन्छ । यसले महिलाभित्र रहेका विविधताहरूलाई सम्बोधन गर्न खोजेको देखिन्छ । महिला सदस्यको मापदण्ड नपुगेका अवस्थामा भने महिला सदस्यको स्थान खाली रहने व्यवस्था छ । कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी सदस्य मनोनीत गर्न सक्ने र मनोनयन गर्दा समावेशी गर्नुपर्ने वैधानिक व्यवस्था छ । जिल्ला अधिवेशनमा प्रतिनिधि बन्न ३ वर्ष आवश्यक पर्नेमा दुई वर्ष भए पुग्ने, जिल्ला कमिटी पदाधिकारी उम्मेदवार बन्न ६ वर्ष पार्टी सदस्य भई काम गरेको हुनुपर्ने अनि महिला, दलित, सीमान्तकृत, जनजाति र अपाङ्गता भएका व्यक्तिहरूका हकमा न्यूनतम ५ वर्षको कार्य अवधिको हद तोकिएको छ । स्थानीय निर्वाचनलगायतका सबै तहहरूमा ३३ प्रतिशत महिला सहभागिताको प्रयोग सुनिश्चित गरेको देखिन्छ (नेकपा एमाले विधान, २०७१, पृ. ३०, ७२, ५२-५६) । यसरी एमालेले आफ्नो विधानमा ३३ प्रतिशत सहभागिताको प्रत्याभूति गरेको देखिन्छ ।

राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चुनिनका लागि १० वर्ष पार्टी सदस्य भएर काम गरेको हुनुपर्नेमा महिलालगायत दलित, सीमान्तकृत, जनजाति र अपागता भएका व्यक्तिले

भने ७ वर्ष पार्टी सदस्य भई काम गरेको भए पुग्ने व्यवस्था रहेको छ । त्यस्तै जिल्ला अधिवेशनमा प्रतिनिधि बन्न ३ वर्ष आवश्यक पर्नेमा २ वर्ष भए पुग्ने व्यवस्था रहेको छ । यसैगरी जिल्ला कमिटी पदाधिकारीका लागि उम्मेदवार बन्न ६ वर्ष पार्टी सदस्य भई काम गरेको हुनुपर्नेमा महिलालगायत दलित, सीमान्तकृत, जनजाति र अपाङ्गता भएका व्यक्तिहरूका हकमा भने ५ वर्षको कार्य अवधिको हद रहेको छ (नेकपा एमाले, विधान, २०७१, पृ. ५२-५६) । यसरी नेकपा एमालेले महिलालगायत अन्य वर्गका व्यक्तिहरूको सुनिश्चितताका लागि विधानमै व्यवस्था गरेको देखिन्छ ।

### ४.७.२ नेपाली काँग्रेस

नेपाली काँग्रेसको क्षेत्रीय अधिवेशनका निम्ति गाउँ अधिवेशन र नगरका वडा अधिवेशनबाट प्रतिनिधिहरू चुनिने व्यवस्था छ । गाउँ अधिवेशनबाट कम्तीमा २ जना महिला सहित ९ जना प्रतिनिधि क्षेत्रीय अधिवेशनका लागि चुनिने व्यवस्था छ । २५ जनाभन्दा बढी महिला क्रियाशील सदस्य रहेको गाउँ समितिबाट थप १ जना महिला प्रतिनिधि निर्वाचित हुने व्यवस्था छ । महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका वडाबाट निर्वाचित हुने क्षेत्रीय प्रतिनिधिमा समेत महिलाका लागि सिट आरक्षित गरिएको छ । महानगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा २ जना महिलासहित १९ जना प्रतिनिधि क्षेत्रीय अधिवेशनका निम्ति चुनिने व्यवस्था छ भने उपमहानगरका प्रत्येक वडाबाट कम्तीमा १ जना महिलासहित ५ जना प्रतिनिधि र नगरपालिकाका प्रत्येक वडाबाट कम्तीमा १ जना महिलासहित ३ जना प्रतिनिधि क्षेत्रीय अधिवेशनका लागि चुनिने व्यवस्था छ । महानगर, उपमहानगर र नगरपालिकाका २५ भन्दा बढी क्रियाशील महिला सदस्य भएका वडाबाट थप १ जना महिला प्रतिनिधि निर्वाचित हुने व्यवस्था छ (नेपाली काँग्रेस, २०१७, संशोधन र परिमार्जन २०७२, पृ. ९-१२) । यसरी नेपाली काँग्रेसले पनि आफ्नो विधानमै महिला सहभागिताका लागि आवश्यक व्यवस्था गरेको देखिन्छ ।

क्षेत्रीय अधिवेशनले आफ्ना सदस्यहरूमध्येबाट महाधिवेशनका लागि कम्तीमा दुई महिलासहित ११ जना प्रतिनिधिको निर्वाचन गर्ने व्यवस्था छ । क्षेत्रीय अधिवेशनमा सदस्यहरूले निर्वाचित गरेका महाधिवेशनका प्रतिनिधिहरूमध्येबाट महासमितिका लागि कम्तीमा १ महिलासहित ५ जना सदस्यको निर्वाचन गर्ने व्यवस्था छ (नेपाली काँग्रेस विधान, २०१७, संशोधन र परिमार्जन २०७२, पृ. १८-१९) । यसरी नेपाली काँग्रेसले विधानमै पार्टीको सदस्यमा महिलाका लागि निश्चित सिट निर्धारण गरेको देखिन्छ ।

जिल्ला कार्य समितिमा फरक फरक सङ्ख्यामा निर्वाचन क्षेत्र भएका जिल्लामा महिला आरक्षणको व्यवस्थासमेत सङ्ख्यात्मक रूपमा फरक देखिन्छ । एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तीमा ३ महिलासहित १० जना निर्वाचित गर्ने व्यवस्था छ । जिल्ला सभापतिले जिल्ला अधिवेशनका सदस्यमध्येबाट बढीमा ७ जनालाई जिल्ला कार्यसमितिको सदस्यमा मनोनीत गर्ने व्यवस्था रहेको छ । दुई निर्वाचन क्षेत्र भएका जिल्लामा कम्तीमा २ महिलासहित प्रत्येकबाट १० जना निर्वाचित हुने गरी द्वन्द्व क्षेत्रबाट बीस जना सदस्य निर्वाचित हुनेछन् । प्रत्येक क्षेत्रबाट ४ जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्य समितिका लागि २ जना मनोनीत गर्ने व्यवस्था रहेको छ । तीन निर्वाचन क्षेत्र भएका जिल्लामा २ महिलासहित ७ जना निर्वाचित हुने गरी ३ क्षेत्रबाट २१ जना हुने र प्रत्येक क्षेत्रबाट ३ जना पर्ने गरी जिल्ला सभापतिले ९ जना मनोनीत गर्ने व्यवस्था रहेको छ । चार निर्वाचन क्षेत्र भएका जिल्लामा कम्तीमा १ महिलासहित ६ जना निर्वाचित हुने गरी ४ क्षेत्रबाट २४ जना हुने प्रत्येक क्षेत्रबाट २ जना पर्ने गरी जिल्ला सभापतिबाट बढीमा ८ जना गर्ने व्यवस्था रहेको छ (नेपाली काँग्रेस विधान २०१७, संशोधन र परिमार्जन २०७२, पृ. २२-२३) । यसरी काँग्रेसको विधानमै महिलाका लागि निश्चित कोटा छुट्ट्याइएको पाइन्छ ।

पाँच निर्वाचन क्षेत्र भएका जिल्लामा कम्तीमा १ महिलासहित ५ जना निर्वाचित हुने गरी ५ क्षेत्रबाट २५ जना निर्वाचित हुने प्रत्येक क्षेत्रबाट २ जना पर्ने गरी जिल्ला सभापतिबाट बढीमा १० जना सदस्य मनोनीत गर्ने व्यवस्था रहेको छ । ६ निर्वाचन क्षेत्र भएका जिल्लामा कम्तीमा १ महिलासहित ५ जना निर्वाचित हुने गरी ६ क्षेत्रबाट ३० जना सदस्य निर्वाचित हुने प्रत्येक क्षेत्रबाट २ जना पर्ने गरी बढीमा १२ जना सदस्य जिल्ला सभापतिले जिल्ला कार्य समितिका लागि समावेशिताका आधारमा मनोनीत गर्ने व्यवस्था रहेको छ । सात निर्वाचन क्षेत्र भएका जिल्लामा कम्तीमा १ महिलासहित ५ जना निर्वाचित हुने गरी ७ क्षेत्रबाट ३५ जना निर्वाचित हुने प्रत्येक क्षेत्रबाट २ जना पर्ने गरी बढीमा १४ जना सदस्य जिल्ला सभापतिबाट मनोनीत गर्ने व्यवस्था रहेको छ । आठ निर्वाचन क्षेत्र भएका जिल्लामा कम्तीमा १ महिलासहित ५ जना निर्वाचित हुने गरी ८ क्षेत्रबाट ४० जना निर्वाचित हुने र प्रत्येक क्षेत्रबाट २ जना पर्ने गरी बढीमा १६ जना सदस्य जिल्ला सभापतिबाट मनोनीत गर्ने व्यवस्था रहेको छ । नौ निर्वाचन क्षेत्र भएका जिल्लामा कम्तीमा १ महिलासहित ५ जना निर्वाचित हुने गरी ९ क्षेत्रबाट ४५ जना निर्वाचित हुने र प्रत्येक

क्षेत्रबाट २ जना पर्ने गरी बढीमा १८ जना सदस्य जिल्ला सभापतिबाट मनोनीत गर्ने व्यवस्था रहेको छ । दश निर्वाचन क्षेत्र भएका जिल्लामा कम्तीमा १ महिलासहित ५ जना निर्वाचित हुने गरी १० क्षेत्रबाट ५० जना सदस्य निर्वाचित हुने र प्रत्येक क्षेत्रबाट २ जना पर्ने गरी बढीमा २० जना सदस्य जिल्ला सभापतिले जिल्ला कार्य समितिका लागि मनोनयन गर्ने व्यवस्था रहेको छ । जिल्ला कार्य समितिका लागि मनोनयन गर्दा दलित, आदिवासी जनजाति, मधेसी वा मुस्लिम वा अल्पसङ्ख्यक वा पिछडिएको वर्गबाट मनोनीत गर्नुपर्ने व्यवस्था रहेको छ (नेपाली काँग्रेस विधान, २०१७ संशोधित २०७२, पृ. २२-२७) । काङ्ग्रेसको विधानमै महिला तथा अन्य वर्गका व्यक्तिको प्रतिनिधित्वको व्यवस्था गरिएको छ ।

नेपाली काँग्रेसको विधान २०१७, पटक पटक संशोधन भएको देखिन्छ । यसलाई २०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, २०६९ र २०७२ मा संशोधन परिमार्जन गरी मिलाइएको देखिन्छ । यसैगरी २०७५ फागनु १२ गतेको केन्द्रीय कार्य समितिको बैठकबाट पुन संशोधन स्वीकृत भएको देखिन्छ । गाउँपालिका वडा समितिको गठनमा कम्तीमा ३ महिलासहित ९ जना प्रत्यक्ष निर्वाचित सदस्यको व्यवस्था रहेको छ । गाउँपालिका वडा कार्य समितिको सभापतिलले कार्य समितिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्थासहित समावेशी सिद्धान्त र अपाङ्गता भएका वा अल्पसङ्ख्यकको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी क्रियाशील सदस्यमध्येबाट कार्यसमितिको कुल सङ्ख्याको २० प्रतिशत सदस्य मनोनीत गर्न सक्ने व्यवस्था रहेको छ ।

नगरपालिका वडा अधिवेशनले आफूमध्येबाट कम्तीमा ४ महिलासहित १२ जना प्रत्यक्ष निर्वाचनबाट समानुपातिक आधारमा निर्वाचित गर्ने व्यवस्था रहेको छ । नगरपालिका वडा कार्य समितिका सभापतिले कार्य समितिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था गरेको छ भने २० प्रतिशत अपाङ्गता भएका र अल्पसङ्ख्यक समावेशी सिद्धान्तलाई ध्यानमा राखी क्रियाशील सदस्य उपमहानगरपालिका वडा कार्यसमितिको गठनमा उपमहानगरपालिका वडा अधिवेशनले आफूमध्येबाट कम्तीमा ५ महिलासहित १५ जना प्रत्यक्ष निर्वाचित समानुपातिकका आधारमा गर्ने व्यवस्था गरेको छ साथै उपमहानगरपालिका वडा कार्य समितिका सभापतिले कार्य समितिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था समावेशी सिद्धान्त र अपाङ्गता भएका वा अल्पसङ्ख्यकको प्रतिनिधित्वसमेतलाई ध्यानमा राखी क्रियाशील सदस्यहरूमध्येबाट कार्य समितिमा कुल

सङ्ख्याको २० प्रतिशत मनोनीत गर्न सक्नेछ । महानगर वडा कार्य समिति महानगरपालिका वडा अधिवेशनले आफूमध्येबाट कम्तीमा ६ महिलासहित १८ जना प्रत्यक्ष समानुपातिकका आधारमा निर्वाचित गर्ने व्यवस्था रहेको छ । महानगरपालिका वडा कार्य समितिका सभापतिले कार्य समितिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था गरेको छ ।

नगर, उपमहानगर र महानगरपालिका वडा क्षेत्रबाट क्षेत्रीय प्रतिनिधिको चयन १५० वा सोभन्दा कम क्रियाशील सदस्य भएको वडामा नगरपालिका वडा अधिवेशनले नेपाली काङ्ग्रेसका क्रियाशील सदस्यमध्येबाट प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनका लागि कम्तीमा ३ जना महिलासहित ९ जना प्रतिनिधि प्रत्यक्ष निर्वाचित गर्नेछ ।

१५० भन्दा बढी क्रियाशील सदय भएका वडामा बढीमा ७५ को सीमाभित्र रही प्रति १०० थप क्रियाशील सदस्यमा २ महिलासहित ६ जना थप प्रतिनिधि प्रत्यक्ष निर्वाचित गर्नेछ । गाउँपालिका कार्य समितिको गठनमा प्रत्येक वडाबाट कम्तीमा १ महिलासहित ३ जना सदस्यको व्यवस्था गरेको छ भने सभापतिले गाउँपालिका कार्यसमितिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था गरेको छ । नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका कार्य समितिको गठन प्रत्येक वडाबाट कम्तीमा १ महिलासहित ३ जना सदस्य प्रत्यक्ष निर्वाचित गर्नेछ । सभापतिद्वारा कार्य समितिमा एक तिहाइ सदस्य महिला मनोनीत हुनुपर्ने व्यवस्थाले महिलाको राजनीतिक सहभागितालाई स्थानीय स्तरमा बढाउने कोसिस गरिएको देखिन्छ (नेपाली काँग्रेस विधान २०१७ संशोधन २०७६, वैशाख, पृ. १५-२९) । यसरी काँग्रेसले आफ्नो विधानमै राजनीतिमा महिलाको सहभागिताका लागि व्यवस्था गरेको देखिन्छ ।

जिल्ला अधिवेशनले जिल्ला अधिशेनका प्रतिनिधिमध्येबाट प्रत्येक गाउँपालिकाबाट कम्तीमा १ महिलासहित २ जना, नगरपालिकाबाट कम्तीमा १ महिलासहित ३ जना, उपमहानगरपालिकाबाट कम्तीमा २ महिलासहित ५ जना, महानगरपालिकाबाट कम्तीमा ३ महिलासहित ७ जना सदस्य प्रत्यक्ष निर्वाचित गर्ने व्यवस्था रहेको छ । महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रबाट सबै स्थानीय तहबाट जोडेर प्रत्यक्ष निर्वाचित हुने सदस्य सङ्ख्याको दुई तिहाई सदस्य जिल्लाको सम्पूर्ण जनसङ्ख्याको बनोटअनुसार तोकिएबमोजिम समानुपातिक आधारमा निर्वाचित गर्ने व्यवस्था रहेको छ । सभापतिले कार्य समितिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था गरेको छ भने समानुपातिक समावेशी सिद्धान्त र अपाङ्गता भएका वा अल्पसङ्ख्यकको

प्रतिनिधित्वसमतेलाई ध्यानमा राखी कार्य समितिको कुल सङ्ख्याको २० प्रतिशत सदस्य मनोनीत गर्ने व्यवस्था रहेको छ (नेपाली काँग्रेस विधान २०१७, संशोधित २०७६, पृ. ४४-४५) । यसरी काँग्रेसले आफ्नो विधानमै समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ ।

नेपाली काँग्रेसको स्थानीय तह निर्वाचन २०७४ को घोषणापत्रमा समावेशीकरण र सरलीकरणमा सामाजिक-सांस्कृतिक परिवर्तनका आफ्ना यी अग्रसरतालाई थप बल पुऱ्याउन र महिलालगायत, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक समुदाय र दुर्गम क्षेत्रका जनताको प्रतिनिधित्व र पहुँचको नयाँ संवैधानिक व्यवस्थालाई दृढताका साथ कार्यान्वयन गर्न नेपाली काङ्ग्रेस प्रतिबद्ध रहेको देखिन्छ ( स्थानीय निर्वाचन तह २०७४, नेपाली काँग्रेस घोषणा पत्र, पृ. १४) । यसरी काँग्रेसको विधानमै समाजका सबै वर्गका लागि राजनीतिमा आउने व्यवस्था मिलाइएको देखिन्छ ।

नेपाली काँग्रेस सङ्गठनभित्र पनि महिलाको प्रतिनिधित्व र विशेष स्थानको व्यवस्था पार्टी विधानले नै गरेको छ । नेपाली काँग्रेसले महिलाका नेतृत्वमा विशेष प्रयत्न गर्दै नेपाली समाजमा विद्यमान अन्धविश्वास, कुरीति र शोषण, विभेद र असमानताको अन्त्य गरी समानता र न्यायको अधिकार दिलाउने प्रतिबद्धता व्यक्त गरेको देखिन्छ (नेपाली काँग्रेस नीति तथा कार्यक्रम, २०७२, पृ. १०-११) । काँग्रेसको नीति तथा कार्यक्रममा पनि सामाजिक विकृतिको अन्त्यका लागि पहल गर्ने धारणा अघि सारिएको छ ।

### ४.७.३ एकीकृत नेकपा (माओवादी)

एकीकृत नेकपा (माओवादी) पार्टीको विधान, २०६९ को धारा २९ मा जिल्ला सम्मेलनले न्यूनतम २५ प्रतिशत सदस्य र त्यसमा १ जना पदाधिकारीमा महिलालाई सुनिश्चित गर्नुपर्नेछ भनिएको छ र धारा ३० मा गाउँ/नगर वडा सम्मेलनले न्यूनतम ३३ प्रतिशत सदस्य र त्यसमा १ जना पदाधिकारीमा महिलालाई सुनिश्चित गर्नुपर्ने भनिएको छ । यसरी १ जना मात्र भए पनि पार्टीमा महिला कोटा पदाधिकारी सुनिश्चित गरेको देखिन्छ (एकीकृत नेकपा माओवादी, २०६९, पृ. २०-२१) । माओवादीले समेत आफ्नो विधानमा महिलाको सहभागिता सुनिश्चित गरेको छ ।

एकीकृत नेकपा (माओवादी) पार्टीको गाउँ विकास समितिमा गाउँ समिति र नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाका वडामा वडा समिति रहने छ । गाउँ/नगर वडा समितिको सदस्य सङ्ख्या चाहिँ गाउँ/नगर वडाका कुल पार्टी सदस्य

सङ्ख्याका आधारमा ११ देखि २५ जनासम्मको हुने व्यवस्था रहेको छ । समितिहरूमा ७५ प्रतिशत सहमति वा निर्वाचनद्वारा चयन गर्ने र २५ प्रतिशत निर्वाचित समितिको बैठकले मनोनीत गर्ने व्यवस्था रहेको छ । पार्टीको गाउँ नगर तथा वडा सम्मेलनले निर्वाचित गर्ने सदस्यमध्ये कम्तीमा ३३ प्रतिशत र पदाधिकारीमध्ये कम्तीमा १ जना महिला हुनुपर्ने अनिवार्य व्यवस्था गरेको पाइन्छ । जिल्ला सम्मेलनले न्यूनतम २५ प्रतिशत सदस्य र त्यसमा १ जना पदाधिकारीमा महिलालाई चुनिने व्यवस्था छ (एकीकृत नेकपा माओवादी, २०७१, पृ. २०-२४) । महिला कार्यकर्ताहरूलाई महिलाको विशेष व्यवस्थाअन्तर्गत राजनीतिक, आर्थिक, सांस्कृतिक र पारिवारिक संरक्षण गर्ने पार्टीको नीतिगत व्यवस्था रहेको छ । प्रजननका कारण पुरुष र महिलाको जीवन फरक पार्ने आधार बन्न नहुने उल्लेख गर्दै प्रजननका समयमा महिलालाई जिम्मेवारीबाट बिदा दिने र पछि पुनः आफ्नै जिम्मेवारीमा फर्काउने व्यवस्था रहेको छ ।

पार्टीभित्र गरिने महिला कार्यकर्तामाथिको नियोजित विभेदलाई दण्डनीय मानिनेछ (एकीकृत नेकपा माओवादी, २०७१, पृ. ३०) । पार्टी सदस्यले महिलामाथि पितृसत्तात्मक सोचका आधारमा शारीरिक हिंसा, अपमान र भेदभाव गरेमा त्यस्तो कार्यलाई अनुशासनको कारवाहीको विषय बनाइनेछ । पार्टीभित्र त्यस्तो घटना घटेमा उक्त विषयलाई गम्भीर रूपमा लिइनेछ ।

एनेकपा माओवादी र नेकपा एमाले पार्टी एकीकरण भई नेकपा पार्टी बनिसकेको छ । नेकपाको विधान, २०७५ पनि तयार भइसकेको छ । नेकपाका सबै तहका निर्वाचित कमिटीहरू स्थानीय विशेषताअनुरूप समावेशी चरित्रका हुने छन् । ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनुपर्ने व्यवस्था रहेको छ । समावेशी चरित्रको महिला प्रतिनिधित्वको स्वरूप हुने व्यवस्था रहेको छ । न्यूनतम योग्यता र मापदण्ड नपुगेका अवस्थामा महिला सदस्यको स्थान खाली रहने व्यवस्था रहेको छ । पार्टी कमिटीहरूमा स्थानीय विशेषताअनुरूप श्रमिक, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको यथासम्भव समावेशी प्रतिनिधित्व हुनेछ । समावेशिताको आधार सम्बन्धित वर्ग वा समुदायको सङ्गठित सदस्य सङ्ख्यालाई मानिनेछ । महाधिवेशन र सबै तहका अधिवेशनका लागि निर्वाचित प्रतिनिधिहरूको पाँच प्रतिशतमा नबढ्ने गरी सम्बन्धित कमिटीले प्रतिनिधिहरू मनोनयन गर्न सक्नेछ । महाधिवेशनपछि निर्वाचित कमिटीले आफ्नो कमिटीका निर्वाचित सदस्य सङ्ख्याको १० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्ने व्यवस्था रहेको छ ।

### ४.७.४ नेकपाका अन्तरिम विधान २०७५ - धारा ३८

सबै तहका पार्टी कमिटी र अधिवेशनका प्रतिनिधिहरूको निर्वाचनका लागि आम रूपमा भूगोल, खुला र समावेशी गरी तीन क्षेत्र तोकिने छन् । सबै तहका पार्टी कमिटीका पदाधिकारी र सदस्यहरू आफ्नो तहको महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुनेछन् । सबै तहका निर्वाचित कमिटीहरू स्थानीय विशेषताअनुरूप समावेशी चरित्रका हुनेछन् र तिनमा ३३ प्रतिशत महिला सदस्य रहनेछन् । महिला प्रतिनिधित्वको स्वरूप समावेशी चरित्रको हुनेछ । न्यूनतम योग्यता र मापदण्ड नपुगेका अवस्थामा महिला सदस्यहरूको स्थान खाली रहनेछ ।

पार्टी कमिटीहरूमा स्थानीय विशेषताअनुरूप, श्रमिक, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको यथासम्भव समावेशी प्रतिनिधित्व हुनेछ ।

महाधिवेशन र सबै तहका अधिवेशनका लागि निर्वाचित प्रतिनिधिहरूको पाँच प्रतिशतमा नबढ्ने गरी सम्बन्धित कमिटीले प्रतिनिधिहरू मनोनयन गर्न सक्नेछ । निर्वाचित कमिटीले आफ्नो कमिटीका निर्वाचित सदस्य सङ्ख्याको १० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ (नेकपाका अन्तरिम विधान, २०७५, पृ ३९-४०) । यसरी नेकपाको अन्तरिम विधानमा पनि सबैको सहभागिताका लागि व्यवस्था गरिएको देखिन्छ ।

जिल्ला अधिवेशनको प्रतिनिधि हुन सङ्गठित सदस्य भई चार वर्ष काम गरेको हुनुपर्दछ । महिलालगायत दलित, सीमान्तकृत, जनजाति र अपाङ्गता भएको व्यक्तिका हकमा सङ्गठित सदस्य भई तीन वर्ष काम गरेको भए पुग्ने व्यवस्थाले नेकपाले स्थानीय तहमा महिलाको राजनीतिक सहभागितालाई प्राथमिकता दिन खोजेको देखिन्छ (नेकपाका अन्तरिम विधान २०७५,पृ. ३८) । नेकपाको अन्तरिम विधानमा स्थानीय तहमा महिलाको सहभागितामा विशेष जोड दिइएको छ ।

### ४.७.५ मधेसी जनअधिकार फोरम

मधेसी जनअधिकार फोरम नेपाल २०६३ सालको मधेस आन्दोलनपछि राजनीतिक शक्तिका रूपमा उदाएको हो । विभिन्न समयमा विभिन्न पार्टीसँग एकीकरण गरी पार्टीको नाम परिवर्तन हुँदै आएको देखिन्छ । पार्टीको नियमावलीमा पार्टीको राष्ट्रिय महाधिवेशनमा प्रतिनिधित्व हुन नसकेका महिला, दलित, अल्पसङ्ख्यक समुदाय तथा पार्टीमा विशिष्ट

योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट जातीय, वर्गीय र लैङ्गिक दृष्टिले समावेशिताका आधारमा महाधिवेशन प्रतिनिधिको कुल सङ्ख्याको ५ प्रतिशत प्रतिनिधिहरू मनोनीत हुने व्यवस्था छ (मधेसी जनअधिकार फोरम, २०७१, पृ. ४) । फोरमले पनि आफ्नो पार्टीमा महिलाको सहभागितामा जोड दिएको छ ।

मधेसी जनअधिकार फोरम विभिन्न पार्टीहरूसँग एकीकरण हुँदै नयाँ शक्ति पार्टीसँग एकीकरण भई समाजवादी पार्टी भएका अवस्थामा समाजवादी पार्टीको विधानमा स्थानीय निकायमा महिला सहभागितासम्बन्धी विभिन्न व्यवस्था गरिएको छ ।

पार्टीका पालिका समिति तथा वडा समितिहरू पार्टीका आधारभूत स्थानीय तह हुन् । प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा पालिका समितिहरू रहने व्यवस्था रहेको छ । प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका वडाहरूमा पार्टीका वडा समितिहरू रहने व्यवस्था रहेको छ (समाजवादी पार्टी अन्तरिम विधान २०७६, पृ. ४०) । पार्टीका सबै समिति र निकायहरूमा कम्तीमा ३३ प्रतिशत महिलासहित क्लष्टरका आधारमा तोकिएबमोजिम समानुपातिक समावेशी हुने व्यवस्था गरिएको छ । प्रदेश र स्थानीय समितिहरूमा त्यहाँको स्थानीय विशेषताअनुरूप नै समानुपातिक समावेशी गरिने व्यवस्था रहेको छ (समाजवादी पार्टी अन्तरिम विधान, २०७६, पृ. ४१) । स्थानीय तहमा निर्वाचन प्रयोजनका लागि प्रदेश निर्वाचन आयोगका समन्वयमा सम्बन्धित समितिले निर्वाचन समिति गठन गर्ने व्यवस्था रहेको छ (समाजवादी पार्टी अन्तरिम विधान, २०७६, पृ. ४२) । प्रदेश अधिवेशनमा सम्बन्धित प्रदेशभित्रका पहिचानमा आधारित राष्ट्रिय समिति, जिल्ला समन्वय समिति, स्वायत्त, संरक्षित र विशेष क्षेत्र समिति तथा निर्वाचन क्षेत्र समन्वय समिति र प्रदेशका जनसङ्गठनहरूको प्रतिनिधि रहने छन् । कुल निर्वाचित प्रतिनिधिको १० प्रतिशतमा नबढाई प्रदेश समितिले प्रदेश अधिवेशनका प्रतिनिधित्व हुन नसकेका महिलालगायत शिल्पी/दलित अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायका प्रतिनिधित्वको मनोनयन गर्न सक्ने व्यवस्था रहेको छ (समाजवादी पार्टी अन्तरिम विधान, २०७६, पृ. २९) । यसपछि समाजवादी पार्टी जनता पार्टीसँग एकीकरण गरी जनता समाजवादी पार्टी भइसकेको छ ।

### ४.७.६ राष्ट्रिय जनता पार्टी

राष्ट्रिय जनता पार्टीको स्थानीय तहको साङ्गठनिक संरचना वडा क्षेत्रभित्रका सबै साधारण र सक्रिय सदस्य वडा अधिवेशनको सदस्य हुनेछन् । वडा अधिवेशनले आफूमध्येबाट १ अध्यक्ष, २ उपाध्यक्ष, १ सचिव, २ सहसचिव, १ कोषाध्यक्षसमेत बढीमा २१ सदस्यीय वडा समिति गठन गर्नेछ । वडा अधिवेशनले प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन र प्रदेश सभा क्षेत्रीय अधिवेशनका लागि ६ जना क्षेत्रीय प्रतिनिधि र जिल्ला अधिवेशनका लागि १ जना जिल्ला प्रतिनिधि (डेलिगेट) निर्वाचित गर्नेछ ।

पालिका अधिवेशनमा सबै वडा समितिका पदाधिकारी र सदस्य पालिका अधिवेशन प्रतिनिधि हुनेछन् । उक्त अधिवेशनले आफूहरूमध्येबाट अध्यक्ष १, उपाध्यक्ष २, सचिव २, सहसचिव २ र कोषाध्यक्ष १ समेत गाउँ पालिकामा २१ नगरपालिकामा ३१ उपमहानरगपालिकामा ४१ र महानगरपालिकामा अधिकतम ५१ सदस्यीय पालिका समिति गठन गर्नेछ ।

प्रदेश र क्षेत्रीय अधिवेशन समितिमा प्रदेश सभा क्षेत्रीय अधिवेशनमा प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका सबै पालिका अध्यक्ष, वडा अध्यक्ष र वडा अधिवेशनबाट निर्वाचित ६-६ जना प्रतिनिधि प्रदेश सभा क्षेत्रीय अधिवेशन प्रतिनिधि हुनेछन् । उक्त अधिवेशनले आफूहरूमध्येबाट १ अध्यक्ष, २ उपाध्यक्ष, २ सचिव, २ सहसचिव र १ कोषाध्यक्षसमेत सामान्यत ३१ सदस्यीय प्रदेश सभा निर्वाचन क्षेत्रीय समिति गठन गर्नेछ ।

प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनमा सो क्षेत्रभित्रका सबै पालिका अध्यक्ष, वडा अध्यक्ष र वडा अधिवेशनबाट निर्वाचित ६-६ जना प्रतिनिधि (डेलिगेट्स) प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशन प्रतिनिधि हुनेछन् । उक्त अधिवेशनले आफूमध्येबाट १ अध्यक्ष, २ उपाध्यक्ष, २ सचिव, २ सहसचिव, १ कोषाध्यक्ष समेत ३१ सदस्यीय प्रतिनिधि सभा निर्वाचन समिति गठन गर्नेछ । जिल्ला अधिवेशन समितिमा जिल्लाभित्रका सबै प्रतिनिधि सभा क्षेत्रीय अध्यक्ष, प्रदेश सभा क्षेत्रीय अध्यक्ष, पालिका समिति अध्यक्ष वडा समिति अध्यक्ष र वडा अधिवेशनबाट निर्वाचित १-१ जना प्रतिनिधि जिल्ला अधिवेशन प्रतिनिधि हुनेछन् । अधिवेशनले आफूमध्येबाट १ अध्यक्ष, २ उपाध्यक्ष, २ सचिव, २ सहसचिव र १ कोषाध्यक्ष समेत ३१ सदस्यीय जिल्ला कार्य समिति गठन गर्नेछ । राष्ट्रिय जनता पार्टीको विधानको धारा १५ क १ मा विशेष व्यवस्थाअन्तर्गत वडा पालिका, प्रदेश सभा निर्वाचन क्षेत्रीय

समिति, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय समिति एवम् जिल्ला कार्य समितिमा कुल समितिमध्ये अध्यक्षबाहेक सङ्ख्याको ३३ प्रतिशत मधेसी, थारू, दलित, आदिवासी जनजाति, मुस्लिम, अल्पसङ्ख्यक र अन्य पिछडा वर्गसमेतको महिला प्रतिनिधित्वको व्यवस्था गरिएको देखिन्छ (राष्ट्रिय जनता पार्टी विधान, २०७४, पृ. ८-१५ संशोधित, २०७५) । राष्ट्रिय जनता पार्टीले पनि आफ्नो विधानमै राजनीतिमा महिलाको सहभागिताका लागि आवश्यक व्यवस्था गरेको छ ।

नेपालमा पार्टीहरू जुट्ने र फुट्ने क्रम जारी नै रहेको देखिन्छ । राष्ट्रिय जनता पार्टी समाजवादी पार्टीसँग एकीकरण गरी जनता समाजवादी पार्टी भई पुनः अलग भइसकेको छ । यसरी नेकपा एमाले र नेकपा माओवादी केन्द्र जुटेर बनेको नेकपा पनि फुटेर अलग अलग भइसकेका छन् । नेपालमा रहेका ठुलादेखि साना सबै पार्टीहरूमा महिला प्रमुख पदमा पुगेका छैनन् । महिलालाई संवैधानिक रूपमा ३३ प्रतिशत सहभागी गराउनुपर्ने बाध्यात्मक व्यवस्थाका कारण मात्र सहभागी गराएको देखिन्छ । पार्टीका प्रमुखहरूले हालसम्म महिलालाई दोस्रो अथवा उपाध्यक्षसम्म मात्र बनाउने मनसाय राखेको देखिन्छ । पार्टीहरूको विधानमा महिला प्रतिनिधित्व र निर्वाचनसम्बन्धी व्यवस्थालाई वाध्यात्मक रूपमा मात्र स्विकारेको देखिन्छ ।

राजनीतिमा महिलाको सहभागिता र प्रतिनिधित्वबारे केही विचारक र तिनका विचारलाई तल प्रस्तुत गरिएको छ :

हिसिला यमी - महिलालाई राजनीतिक रूपमा अगाडि बढाउन र राजनीतिमा सहभागिता बढाउनका निम्ति महिलालाई आवश्यक भरिपूर्ण राजनीतिसम्बन्धी तालिम दिई सक्षम बनाउनुपर्छ । अहिले राजनीतिमा सहभागी भएका महिलालाई अगाडि बढाउन राज्य र दलहरूका माध्यमबाट विभिन्न किसिमका राजनीतिसम्बन्धी तालिमहरू दिलाई सक्षम र नेतृत्वदायी भूमिका खेल्न सक्ने बनाउनुपर्दछ । सबै राजनीतिक पार्टीले महिलाको राजनीतिक तालिमसम्बन्धी व्यवस्था गर्नुका साथै राजनीतिमा अगाडि बढनका निम्ति महिलालाई अवसर प्रदान गर्नुपर्दछ । स्थानीय निर्वाचनमा महिलालाई प्रमुख भूमिकामा आउनका निम्ति पार्टीको निर्णायक नेताको महिलाप्रति सकारात्मक सोच हुनु जरुरी हुन्छ ( हिसिला यमी, असार १८, २०७६) । यसरी यमीले राजनीतिमा महिलाको सहभागिताको सुनिश्चितताका लागि पुरुषको सोचमा परिवर्तन आउनुपर्ने कुरामा जोड दिएकी छन् ।

अमृता अग्रहरी - राजनीतिमा ५० प्रतिशत महिला अनिर्वाय सहभागी हुनुपर्ने र स्थानीय प्रतिनिधिमा पनि पचास प्रतिशत महिला निर्वाचित हुने व्यवस्था हुनुपर्दछ । महिला र पुरुष दुवैले एकअर्कालाई राजनीतिमा सहयोग गर्नुपर्दछ । सक्षम महिला राजनीतिमा नेतृत्वदायी भूमिका निर्वाह गरी अगाडि बढनु जरुरी छ । योग्य दलित महिलालाई राजनीतिमा समावेश गरी अगाडि बढने मौका दिनुपर्दछ । राजनीतिक रूपमा रहेका कुरीतिहरू हटाई महिलालाई राजनीतिमा नेतृत्वदायी अवसर प्रदान गर्नुपर्दछ । राजनीतिक सहभगितामा सबै वर्गलाई समानुपातिक रूपमा समेटनुपर्दछ । स्थानीय निर्वाचनद्वारा स्थानीय निकायमा सहभागी महिला प्रतिनिधिहरूको अधिकारको संरक्षण हुनुपर्ने र निर्वाचित महिला प्रतिनिधिले आफ्नो अधिकार क्षेत्रको निर्णय आफ्नै विवेकले गर्नुपर्दछ (अमृता अग्रहरी, चैत्र ६, २०७६) । यसरी अग्रहरीले राजनीतिमा महिला सहभागितामा जोड दिएकी छन् ।

सरिता गिरी - महिला कोटा प्रणालीमा प्रतिस्पर्धात्मक रूपमा महिलालाई सहभागी गराउनुपर्दछ । ५० प्रतिशत महिलालाई नेतृत्व तहमा पुऱ्याउनुपर्छ । स्थानीय निर्वाचनमा महिलालाई निर्वाचित हुन र नेतृत्वमा पुग्न कानुनमा सुधार हुनुपर्छ । महिला परिवर्तनका संवाहक हुन् । महिलाहरू स्थानीय निर्वाचनद्वारा स्थानीय सरकारमा बढीभन्दा बढी सहभागी भए भने असल शासन र भ्रष्टाचार कम हुने सम्भावना हुन्छ । राज्यले महिला र पुरुषलाई बराबर रूपमा हेर्नुपर्दछ । नेतृत्व तहले महिलालाई राजनीतिक रूपमा अगाडि बढ्न अवसर प्रदान गर्नुपर्दछ । दलित तथा अल्पसङ्ख्यकले कोटाका रूपमा मौका पाए पनि राजनीतिक क्षमताको विकास गरी नेतृत्वतर्फ जोड दिनुपर्ने देखिन्छ (सरिता गिरी, मङ्सिर २३, २०७६)। यसरी गिरीले राजनीतिमा महिलाको सहभागिता बढाउनुपर्नेमा जोड दिएकी छन् ।

आशाकुमारी मण्डल - राजनीतिमा महिला प्रतिनिधित्वको सहभागिता समानुपातिक हुनुपर्दछ । जनसङ्ख्याका आधारमा महिलाको सहभागिता ५१ प्रतिशत हुनुपर्दछ । आरक्षण कोटामा सुधार हुनुपर्दछ । समानुपातिक हिसाबले महिलालाई नेतृत्वमा पुऱ्याउनु आवश्यक रहेको देखिन्छ । संविधानमै महिलाको राजनीतिक सहभागिता ५१ प्रतिशत उल्लेख गर्नुपर्ने हुन्छ । महिलाप्रति पुरुषमा सकारात्मक सोच हुनु जरुरी छ । महिलाहरू स्थानीय निर्वाचनमा नेतृत्वदायी भूमिकामा नआउनाको मुख्य कारण दलहरूले महिलालाई नेतृत्व दिने कुरालाई प्राथमिकता नदिएको देखिन्छ । तसर्थ दलमा रहेका नेतृत्व पक्षले महिलाहरूप्रति सकारात्मक सोच बनाउनु आवश्यक देखिन्छ (आशाकुमारी मण्डल, वैशाख ३०, २०७६) । यसरी मण्डलले राजनीतिमा महिलालाई नेतृत्व नदिने कुराको विरोध गरेकी छन् ।

रेखा यादव - स्थानीय निर्वाचनबाट निर्वाचित महिला प्रतिनिधिहरू सहयोगी भूमिकामा मात्र रहेको, निर्णायक भूमिकामा नरहेकाले पूर्ण निर्णयको अधिकार अझै प्राप्त नभएको देखिन्छ । केही समयका लागि महिलाहरूलाई राजनीतिक तालिमको व्यवस्था हुनुपर्दछ । महिलामा राजनीतिक चेतना जगाउनाका साथै राजनीतिक पार्टीहरूद्वारा सक्रिय सदस्यतामा महिलालाई प्राथमिकता दिनुपर्ने देखिन्छ । राजनीतिक पार्टीको विधान संशोधन गरी महिलालाई पुरुषसरह नेतृत्वमा प्राथमिकता दिनुपर्ने देखिन्छ । पुरुषप्रधान देशमा महिलालाई राजनीतिक रूपमा निर्णय गर्न गाह्रो हुने देखिएको छ तसर्थ महिलाले आफ्नो निर्णय आफैँ गर्न सक्नुपर्छ (रेखा यादव, वैशाख ५, २०७६) । यसरी यादवले आफ्नो अधिकारका लागि महिला स्वयम्ले नै पहल गर्नुपर्ने कुरामा जोड दिएकी छन् ।

## ४.८ नेपालको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला प्रतिनिधित्व

स्थानीय तहका गाउँपालिका र नगरपालिकाका वडा समितिमा रहने पाँच जनामध्ये कम्तीमा दुई जना महिला सदस्य हुनुपर्ने व्यवस्था गरी वडा तहमा कम्तीमा ४० प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । यसै गरी स्थानीय कार्यपालिकामा महिला प्रतिनिधित्वलाई सुनिश्चित गर्न गाउँ कार्यपालिकामा भए कम्तीमा चार जना र नगर कार्यपालिकामा भए कम्तीमा पाँच जना महिला सदस्य सम्बन्धित गाउँसभा वा नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरी पठाउने व्यवस्था गरिएको छ । (यादव र अरू, २०७३, पृ. १३४) । यसरी राजनीतिमा महिलाको सहभागिता बढ्दै गएको देखिन्छ ।

२०७४ सालको स्थानीय निर्वाचन प्रजातन्त्र स्थापनापछि तेस्रो पटक भएको हो । २०७४ सालको स्थानीय तह निर्वाचनलाई ७५३ स्थानीय तह र ६७४३ वडामा विभाजन गरिएको छ । महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा रहेका स्थानीय निर्वाचन २०७४ मा निर्वाचित लैङ्गिक प्रतिनिधित्वहरूको विवरण यसप्रकार छः

## तालिका नं. ४.१

स्थानीय निर्वाचन २०७४ मा निर्वाचित लैङ्गिक प्रतिनिधित्व

| लिङ्ग | चुनावी उम्मेदवारहरू | निर्वाचित प्रतिनिधित्वहरू |
|---|---|---|
| | सङ्ख्या | सङ्ख्या |
| पुरुष | ९०५१९ | २०६८९ |
| महिला | ५७८४३ | १४३५२ |
| ते.लि. | २ | |
| जम्मा | १४८३६४ | ३५०४१ |

स्रोत : निर्वाचन आयोग, नेपाल

स्थानीय निर्वाचन २०७४ मा जम्मा सहभागी उम्मेदवारहरू १४८३६४ मध्ये ९०५१९ पुरुष, ५७८४३ महिला र २ जना ते.लि. रहेका छन् । जसमा ३५०४१ प्रतिनिधिहरू निर्वाचित भएकामध्ये २०६८९ पुरुष र १४३५२ महिला रहेका छन् । प्रत्येक वडामा दलित महिलाको अनिवार्य उपस्थिति र स्थानीय प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्षमध्ये एक जनाको अनिवार्य उपस्थिति हुनुपर्ने संवैधानिक बाध्यता/व्यवस्थाले गर्दाको महिलाको उपस्थिति यस रूपमा देखिएको हो ।

स्थानीय निकायमा एउटा अध्यक्ष/मेयर र एउटा उपाध्यक्ष/उपमेयर रहने व्यवस्था गरएिको छ । यसबाहेक स्थानीय निकायलाई वडामा विभाजन गरिएको छ । जसमा एउटा वडा अध्यक्ष र ४ जना सदस्य रहने व्यवस्था गएिको छ । ४ सदस्यमध्ये अनिवार्य रूपमा २ महिला हुनुपर्ने उल्लेख गरिएको छ । सम्पूर्ण पदहरूको अवधि ५ वर्षका लागि तोकिएको छ । प्रत्यक्ष रूपमा निर्वाचन व्यवस्था भएको हुनाले सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी घोषित हुने व्यवस्था रहेको छ ।

## तालिका नं. ४.२

स्थानीय निकाय

| स्थानीय निकाय | विकल्प |
|---|---|
| महानगरपालिका | मेयर, उपमेयर, वडा अध्यक्ष र ४ वडा सदस्य |
| उपमहानगरपालिका | मेयर, उपमेयर, वडा अध्यक्ष र ४ वडा सदस्य |
| नगरपालिका | मेयर, उपमेयर, वडा अध्यक्ष र ४ वडा सदस्य |
| गाँउपालिका | अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र ४ वडा सदस्य |

स्रोत : निर्वाचन आयोग, नेपाल

महानगरपनलिका, उपमहानगरपालिका, नगरपालिका, मेयर, उपमेयरमध्ये एक जना महिला अथवा फरक फरक पार्टीको हुनुपर्ने, एउटा वडामा एक वडा अध्यक्ष र चार जना वडा सदस्यमध्ये दुई जना महिला हुनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला अथवा फरक फरक पार्टीको हुनुपर्ने, वडा अध्यक्ष र चार जना वडा सदस्यमध्ये दुई जना महिला हुनुपर्ने व्यवस्था रहेको छ ।

**तालिका नं. ४.३**

स्थानीय निर्वाचन २०७४ मा निर्वाचित विभिन्न पदमा लैङ्गिक प्रतिनिधित्व

| पद | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| प्रमुख | ७ | २.३९ | २८६ | ९७.६१ | २९३ |
| उपप्रमुख | २७६ | ९४.२० | १७ | ५.८० | २९३ |
| अध्यक्ष | ११ | २.३९ | ४४९ | ९७.६१ | ४६० |
| उपाध्यक्ष | ४२४ | ९२.१७ | ३६ | ७.८३ | ४६० |
| वडा अध्यक्ष | ६१ | .९० | ६६८१ | ९९.१० | ६७४२ |
| खुला वडा सदस्य | २६४ | १.९६ | १३२२० | ९८.०४ | १३४८४ |
| महिला वडा सदस्य | ६७४२ | १००.० | - | - | ६७४२ |
| दलित महिला वडा सदस्य | ६५६७ | १००.० | - | - | ६५६७ |

स्रोत : निर्वाचन आयोग, नेपाल

स्थानीय निर्वाचन २०७४ मा निर्वाचित प्रमुख ९७.६१ प्रतिशत, अध्यक्षमा पनि ९७.६१ प्रतिशत, वडा अध्यक्षमा ९९.१० प्रतिशत पुरुषहरूको उपस्थित रहेको छ भने उपप्रमुखमा ९४.२० प्रतिशत र उपाध्यक्षमा ९२.१७ प्रतिशत महिलाको उपस्थिति रहेको छ । उपप्रमुख, उपाध्यक्षमा र वडा सदस्यमै महिलालाई सीमित गर्न खोजिएको देखिन्छ ।

**तालिका नं. ४.४**

स्थानीय निर्वाचन २०७४ मा निर्वाचित विभिन्न प्रदेशमा लैङ्गिक प्रतिनिधित्व

| प्रदेश | अन्तिम उम्मेदवार सङ्ख्या | | | | निर्वाचित सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | ते.लि. | जम्मा | महिला | पुरुष | जम्मा |
| १ कोशी प्रदेश | ९८१३ | १५२५४ | | २५०६७ | २४८९ | ३५५४ | ६०४३ |
| २ मधेस प्रदेश | १४३८७ | २२८६१ | | ३७२४८ | २७२३ | ३८९५ | ६६१८ |
| ३ बागमती प्रदेश | ८८८७ | १४७२६ | | २३६१३ | २३५९ | ३४३३ | ५७९२ |
| ४ गण्डकी प्रदेश | ५०५७ | ७५९८ | | १२६५५ | १६१७ | २३१७ | ३९३४ |
| ५ लुम्बिनी प्रदेश | ९०१० | १४०२४ | २ | २३०३६ | २११६ | ३०१७ | ५१३३ |
| ६ कर्णाली प्रदेश | ४८४८ | ७५५४ | | १२४०२ | १४७६ | २२११ | ३६८७ |
| ७ सुदूरपश्चिम प्रदेश | ५८४१ | ८५०२ | | १४३४३ | १५७२ | २२६२ | ३८३४ |
| जम्मा | ५७८४३ | ९०५१९ | २ | १४८३६४ | १४३५२ | २०६८९ | ३५०४१ |

स्रोत : निर्वाचन आयोग, नेपाल

स्थानीय निर्वाचन २०७४ मा अन्तिम उम्मेदवारको सङ्ख्या महिला ५७८४३ र पुरुष ९०५१९ जम्मा १४८३६४ रहेको थियो । जसमध्ये ३५०४१ (२३.६२) प्रतिशत निर्वाचित भएका छन् । पुरुष ९०५१९ उम्मेदवारमा २०६८९ (२२.८६) प्रतिशत निर्वाचित भएका छन् भने ५७८४३ महिला उम्मेदवारमा १४३५२ (२४.८१) प्रतिशत निर्वाचित भएका छन् । प्रदेश न. १ मा जम्मा उम्मेदवार २५०६७ मा ६०४३ (२४.११) निर्वाचित भएकामध्ये ५८.८१ प्रतिशत पुरुष र ४१.१९ प्रतिशत महिला रहेका छन् । प्रदेश न. २ मा जम्मा उम्मेदवार ३७२४८ मा ६६१८ (१७.७७) निर्वाचित भएकामध्ये ५८.८५ प्रतिशत पुरुष र ४१.१५ प्रतिशत महिला रहेका छन् । प्रदेश न. ३ मा जम्मा उम्मेदवार २३६१३ मा ५७९२ (२४.५३) निर्वाचित भएकामध्ये ५९.२७ प्रतिशत पुरुष र ४०.७३ प्रतिशत महिला रहेका छन् । प्रदेश न. ४ मा जम्मा उम्मेदवार १२६५५ मा ३९३४ (३१.०९) निर्वाचित भएकामध्ये ५८.९० प्रतिशत पुरुष र ४१.१० प्रतिशत महिला रहेका छन् । प्रदेश न. ५ मा २३०३६ उम्मेदवारमा

५१३३ (२२.२८) निर्वाचित भएकामध्ये ५८.७८ प्रतिशत पुरुष र ४१.२२ प्रतिशत महिला रहेका छन् । प्रदेश न. ६ मा जम्मा उम्मेदवार १२४०२ मा ३७८७ (२९.७३) निर्वाचित भएकामध्ये ५९.९७ प्रतिशत पुरुष र ४०.०३ प्रतिशत महिला रहेका छन् । प्रदेश न.७ मा जम्मा उम्मेदवार १४३४३ मा ३८३४ (२६.७३) निर्वाचितमध्ये ५९ प्रतिशत पुरुष र ४१ प्रतिशत महिला रहेका छन् । परिशिष्ट- ९ मा प्रदेशगत स्थानीय तह र जनप्रतिनिधि समावेश गरिएको छ ।

**तालिका नं. ४.५**

नेपालको स्थानीय निर्वाचन २०७४

| प्रदेश न. | जिल्ला सं. | स्थानीय तह | | | | | स्थानीय तह निर्वाचन | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म.न.पा. | उप म.न.पा | न.पा. | गा.पा. | वडा स. | निर्वाचन मिति | मतदान स्थल | मतदान केन्द्र | मतदाता | अन्तिम उम्मेदवार | विजयी उम्मेदवार |
| १ | १४ | १ | २ | ४६ | ८८ | ११५७ | ०७४-३-१४ | १८६१ | ३४५९ | २६८४४८८ | २५०६७ | ६०४३ |
| २ | ८ | १ | ३ | ७३ | ५९ | १२७१ | ०७४-६-२ | २१६६ | ३५७७ | २६६४९५० | ३७२४८ | ६६१८ |
| ३ | १३ | ३ | १ | ४१ | ७४ | ११२१ | ०७४-१-३१ | १७८० | ३४९० | २७५९७३३ | २३६१३ | ५७९२ |
| ४ | ११ | १ | ० | २६ | ५८ | ७५९ | ०७४-१-३१ | १२४७ | १९५२ | १४१३५८६ | १२६५५ | ३९३४ |
| ५ | १२ | ० | ४ | ३२ | ७३ | ९८३ | ०७४-३-१४ | १६१२ | ३१२५ | २४६१५१४ | २३०३६ | ५१३३ |
| ६ | १० | ० | ० | २५ | ५४ | ७१८ | ०७४-१-३१ | ८९६ | ११९९ | ७८३५०४ | १२४०२ | ३६८७ |
| ७ | ९ | ० | १ | ३३ | ५४ | ७३४ | ०७४-३-१४ | ११०९ | १७८१ | १३०४६४९ | १४३४३ | ३८३४ |
| जम्मा | ७७ | ६ | ११ | २७६ | ४६० | ६७४३ | ३ चरण | १०६७१ | १८५८३ | १४०७२४२४ | १४८३६४ | ३५०४१ |

स्रोत : निर्वाचन आयोग २०७४

नेपालको स्थानीय निर्वाचन २०७४ मा ७ प्रदेशका ७७ जिल्लामध्ये प्रदेश न. १ मा १४ वटा जिल्ला, प्रदेश न. २ मा ८ वटा जिल्ला, प्रदेश न. ३ मा १३ वटा जिल्ला, प्रदेश न. ४ मा ११ वटा जिल्ला, प्रदेश न. ५ मा १२ वटा जिल्ला, प्रदेश न. ६ मा १० वटा जिल्ला र

प्रदेश न. ७ मा ९ वटा जिल्लाहरू रहेका देखिन्छन् । ६ महानगरपालिकामध्ये प्रदेश न. १ मा १ वटा, प्रदेश न. २ मा १ वटा, प्रदेश न. ३ मा ३ वटा, प्रदेश न. ४ मा १ वटा, प्रदेश न. ५, ६, र ७ मा महानगरपालिका नभएको देखिन्छ । यसै गरी ११ उपमहानगरपालिकामध्ये प्रदेश न. १ मा १ वटा, प्रदेश न. २ मा ३ वटा, प्रदेश न. ३ मा १ वटा, प्रदेश न. ४ मा नरहेको, प्रदेश न. ५ मा ४ वटा, प्रदेश न. ६ मा नभएको र प्रदेश न. ७ मा १ वटा उपमहानगरपालिका रहेको देखिन्छ । २७६ नगरपालिकामध्ये प्रदेश न. १ मा ४६ वटा, प्रदेश न. २ मा ७३ वटा, प्रदेश न. ३ मा ४१ वटा, प्रदेश न. ४ मा २६ वटा, प्रदेश न. ५ मा ३२ वटा, प्रदेश न. ६ मा २५ वटा र प्रदेश न. ७ मा ३३ वटा नगरपालिका रहेको छ । ४६० गाउँपालिकामध्ये प्रदेश न. १ मा ८८ वटा, प्रदेश न. २ मा ५९ वटा, प्रदेश न. ३ मा ७४ वटा, प्रदेश न. ४ मा ५८ वटा, प्रदेश न. ५ मा ७३ वटा, प्रदेश न. ६ मा ५४ वटा र प्रदेश न. ७ मा ५४ वटा गाउँपालिका रहेको देखिन्छ । ६७४३ वटा वडाहरूमध्ये प्रदेश न. १ मा ११५७, प्रदेश न. २ मा १२७१, प्रदेश न. ३ मा ११२१, प्रदेश न. ४ मा ७५९, प्रदेश न. ५ मा ९८३, प्रदेश न. ६ मा ७१८ र प्रदेश न. ७ मा ७३४ वडाहरू रहेका देखिन्छन् । नेपालको स्थानीय निर्वाचन २०७४ विभिन्न चरणमा ७ वटै प्रदेशमा सम्पन्न भएको देखिन्छ । प्रदेश न. ६, ४ र ३ मा मिति २०७४-०१-३१ गते, प्रदेश न. ५ र ७ मा मिती २०७४-०३-१४ गते र प्रदेश न. २ मा मिति २०७४-०६-०२ गते स्थानीय निर्वाचन सम्पन्न भएको थियो । यसरी ३ चरणमा स्थानीय निर्वाचन २०७४ सम्मपन्न भएको थियो । १०६७१ वटा मतदान स्थलमध्ये प्रदेश न. १ मा १८६१, प्रदेश न. २ मा २१६६, प्रदेश न. ३ मा १७८०, प्रदेश न. ४ मा १२४७, प्रदेश न. ५ मा १६१२, प्रदेश न. ६ मा ८९६ र प्रदेश न. ७ मा ११०९ रहेको छ भने मतदान केन्द्रहरू १८५८३ वटामध्ये प्रदेश न. १ मा ३४५९, प्रदेश न. २ मा ३५७७, प्रदेश न. ३ मा ३४९०, प्रदेश न. ४ मा १९५२, प्रदेश न. ५ मा ३१२५, प्रदेश न. ६ मा ११९९ र प्रदेश न. ७ मा १७८१ वटा रहेका देखिन्छन् भने मतदाता सङ्ख्या जम्मा १४०७२४२४ रहेको मध्ये प्रदेश न. १ मा २६८४४८८, प्रदेश न. २ मा २६६४९५०, प्रदेश न. ३ मा २७५९७३३, प्रदेश न. ४ मा १४१३५८६, प्रदेश न. ५ मा २४६१५१४, प्रदेश न. ६ मा ७८३५०४ र प्रदेश न. ७ मा १३०४६४९ रहेका देखिन्छन् । अन्तिम उम्मेदवार सङ्ख्या जम्मा १४८३६४ रहेको मध्ये प्रदेश न. १ मा २५०६७, प्रदेश न. २ मा ३७२४८, प्रदेश न. ३ मा २३६१३, प्रदेश न. ४ मा १२६५५, प्रदेश न. ५ मा २३०३६, प्रदेश न. ६ मा १२४०२ र प्रदेश ७ मा १४३४३ रहेका देखिन्छन् भने विजय उम्मेदवार सङ्ख्या जम्मा ३५०४१ रहेको

मध्ये प्रदेश १ मा ६०४३, प्रदेश २ मा ६६१८, प्रदेश ३ मा ५७९२, प्रदेश ४ मा ३९३४, प्रदेश ५ मा ५१३३, प्रदेश ६ मा ३६८७ र प्रदेश न. ७ मा ३८३४ रहेका देखिन्छन् । यसरी हेर्दा सबैभन्दा बढी जिल्ला भएको प्रदेश न. १ मा विजयी उम्मेदवार ६०४३ रहेका छन् भने सबैभन्दा कम जिल्ला रहेको प्रदेश न. २ मा विजयी उम्मेदवार ६६१८ रहेका देखिन्छन् । परिशिष्ट २४र २५ मा स्थानीय निर्वाचन चुनाव चिह्नसमेत समावेश गरिएको छ ।

**तालिका नं. ४.६**

स्थानीय निर्वाचन २०७४ मा विभिन्न प्रमुख पदमा निर्वाचित पार्टीगत प्रतिनिधिहरूको सङ्ख्या

| **क.स.** | **पार्टी** | **मेयर/ अध्यक्ष** | | | **उपमेयर/ उपाध्यक्ष** | | | **वडा अध्यक्ष** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **म.** | **पु.** | **जम्मा** | **म.** | **पु.** | **जम्मा** | **म.** | **पु.** | **जम्मा** |
| १ | नेकपा (एमाले) | ७ | २८७ | २९४ | ३१० | २१ | ३३१ | ३१ | २५२९ | २५६० |
| २ | नेपाली काँग्रेस | ६ | २६० | २६६ | २११ | १२ | २२३ | १५ | २२७२ | २२८७ |
| ३ | नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) | ५ | १०१ | १०६ | ९६ | १५ | १११ | ७ | १०९५ | ११०२ |
| ४ | सङ्घीय समाजवादी फोरम, नेपाल | ० | ३४ | ३४ | ३० | २ | ३२ | ३ | २५९ | २६२ |
| ५ | राष्ट्रिय जनता पार्टी, नेपाल | ० | २५ | २५ | ३० | ० | ३० | २ | १९२ | १९४ |
| ६ | नेपाल लोकतान्त्रिक फोरम, नेपाल | ० | ९ | ९ | ८ | ० | ८ | ० | ८८ | ८८ |
| ७ | स्वतन्त्र | ० | ६ | ६ | ० | ५ | ५ | २ | ८९ | ९१ |
| ८ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | ५ | ५ | ५ | २ | ७ | १ | ५८ | ५९ |
| ९ | राष्ट्रिय जनमोर्चा | ० | ३ | ३ | ३ | १ | ४ | ० | ३३ | ३३ |
| १० | नयाँ शक्ति पार्टी, नेपाल | ० | २ | २ | १ | ० | १ | ० | २२ | २२ |
| ११ | नेपाली जनता दल | ० | २ | २ | ० | ० | ० | ० | ७ | ७ |
| १२ | नेपाल मजदुर किसान पार्टी | ० | १ | १ | १ | ० | १ | ० | २२ | २२ |
| १३ | बहुजन शक्ति पार्टी | ० | ० | ० | ० | ० | ० | ० | ८ | ८ |
| १४ | राष्ट्रिय जनमुक्ति पार्टी | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| १५ | राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| १६ | सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| १७ | नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेलिनवादी) | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| १८ | नेपाल परिवार दल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १८ | ७३५ | ७५३ | ६९५ | ५८ | ७५३ | ६१ | ६६८१ | ६७४२ |

स्रोत : निर्वाचन आयोग २०७४

स्थानीय निर्वाचन २०७४ मा विभिन्न पदमा निर्वाचित पार्टीगत प्रतिनिधिहरू नेकपा एमाले मेयर/अध्यक्ष महिला ७ र पुरुष २८७ कूल २९४, उपमेयर/उपाध्यक्ष महिला ३१० र पुरुष २१ कूल ३३१, वडा अध्यक्ष महिला ३१ र २५२९ कूल २५६० रहेका देखिन्छन् । नेपाली काङ्ग्रेस मेयर/अध्यक्ष महिला ६ र पुरुष २६० कूल २६६, उपमेयर/उपाध्यक्ष महिला २११ र पुरुष १२ कूल २२३, वडा अध्यक्ष महिला १५ पुरुष २२७२ कूल २२८७ रहेका देखिन्छन् । नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र मेयर/अध्यक्ष महिला ५ पुरुष १०१ कूल १०६ उपमेयर/उपाध्यक्ष महिला ९६ पुरुष १५ कूल १११, वडा अध्यक्ष महिला ७ र पुरुष १९५ कूल ११०२ रहेका देखिन्छन् । सङ्घीय समाजवादी फोरम मेयर/अध्यक्ष महिला ० र पुरुष ३४, उपमेयर/उपाध्यक्ष महिला ३२, वडा अध्यक्ष महिला ३ पुरुष २५९ कूल २६२ रहेका छन् । राट्रिष्य जनता पार्टी नेपाल मेयर/अध्यक्ष महिला ० पुरुष २५, उपमेयर/उपाध्यक्ष महिला ३०, वडा अध्यक्ष महिला २ र पुरुष १९२ कूल १९५ रहेका देखिन्छन् । लोकतान्त्रिक फोरम नेपाल मेयर/अध्यक्ष महिला ० र पुरुष ९, उपमेयर/उपाध्यक्ष महिला ८, वडा अध्यक्ष महिला ० पुरुष ८८ रहेका देखिन्छन् । स्वतन्त्र मेयर/अध्यक्ष महिला ० र पुरुष ६, उपमेयर/उपाध्यक्ष महिला ० र पुरुष ५, वडा अध्यक्ष महिला २ र पुरुष ८९ कूल ९१ रहेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी मेयर/अध्यक्ष महिला ० पुरुष ५, उपमेयर/उपाध्यक्ष महिला ५ पुरुष २ कूल ७, वडा अध्यक्ष महिला १ पुरुष ५८ कूल ५९ रहेका देखिन्छन् । राष्ट्रिय जनमोर्चा मेयर/अध्यक्ष महिला ० पुरुष ३, उपमेयर/उपाध्यक्ष महिला ३ पुरुष १ कूल ४, वडा अध्यक्ष महिला महिला ० पुरुष ३३ रहेका देखिन्छन् । नयाँ शक्ति पार्टी नेपाल मेयर/अध्यक्ष महिला ० पुरुष २, उपमेयर/उपाध्यक्ष महिला १, वडा अध्यक्ष महिला ० पुरुष २२ रहेका देखिन्छन् । नेपाली जनता दल मेयर/अध्यक्ष महिला ० र पुरुष २, उपमेयर/उपाध्यक्ष ०, वडा अध्यक्ष महिला ० र पुरुष ७ रहेका छन् । नेपाल मजदुर किसान पार्टी मेयर/अध्यक्ष महिला ० पुरुष १, उपमेयर/उपाध्यक्ष महिला १, वडा अध्यक्ष महिला ० र पुरुष २२ रहेका देखिन्छन् । बहुजन शक्ति पार्टी मेयर/अध्यक्ष ०, उपमेयर/उपाध्यक्ष ०, वडा अध्यक्ष महिला ० पुरुष ८ रहेका छन् । राष्ट्रिय जनमुक्ति पार्टी मेयर/अध्यक्ष ०, उपमेयर/उपाध्यक्ष ०, वडा अध्यक्ष महिला ० पुरुष ३ रहेका देखिन्छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) मेयर/अध्यक्ष ०, उपमेयर/उपाध्यक्ष ०, वडा अध्यक्ष महिला ० र पुरुष २ रहेका छन् । सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मन्च मेयर/अध्यक्ष ०, उपमेयर/उपाध्यक्ष ०, वडा अध्यक्ष महिला ० पुरुष १ रहेका छन् । नेपाल कम्युनिस्ट पार्टी (माक्सवादी लेलिनवादी)

मेयर/अध्यक्ष ०, उपमेयर/उपाध्यक्ष ०, वडा अध्यक्ष महिला ० पुरुष १ रहेका देखिन्छन् । त्यसैगरी नेपाल परविार दल मेयर/अध्यक्ष ० उपमेयर/उपाध्यक्ष ० वडा अध्यक्ष ० रहेको देखिन्छ ।

यसरी हेर्दा स्थानीय निर्वाचन २०७४ मा विभिन्न प्रमुख पदमा उपप्रमुख र उपाध्यक्ष बाहेक निर्वाचित महिला प्रतिनिधिहरूको सङ्ख्या कम रहेको देखिन्छ ।

**तालिका नं. ४.७**

स्थानीय निर्वाचन २०७४ देखि राष्ट्रपतिसम्मको लैङ्गिक प्रतिनिधित्वको सङ्ख्या

| **निर्वाचन** | **पुरुष** | **महिला** | **जम्मा** |
|---|---|---|---|
| स्थानीय निर्वाचन | २०६८९ | १४३५२ | ३५०४१ |
| प्रदेश सभा सदस्य | ३६१ | १८९ | ५५० |
| प्रतिनिधि सभा सदस्य | १८५ | ९० | २७५ |
| राष्ट्रिय सभा सदस्य | ३७ | २२ | ५९ |
| राष्ट्रपति | - | १ | १ |
| उपराष्ट्रपति | १ | - | १ |
| जम्मा | २१२७३ | १४६५४ | ३५९२७ |

स्रोतः निर्वाचन आयोग (निर्वाचनमा लैङ्गिक तथा समावेशीकरण २०७४)

स्थानीय निर्वाचन २०७४ देखि राष्ट्रपतिसम्मको महिला प्रतिनिधित्व स्थानीय निर्वाचनमा जम्मा निर्वाचित प्रतिनिधि ३५०४१ मध्ये महिला १४३५२ र पुरुष २०६८९ रहेका देखिन्छन् । प्रदेश सभा सदस्य जम्मा ५५० मध्ये महिला १८९ र पुरुष ३६१ रहेका छन् । परिशिष्ट १५ मा प्रदेश सभा समानुपातिक महिला विवरण समावेश गरिएको छ । प्रतिनिधि सभा सदस्य जम्मा २७५ मध्ये महिला ९० र पुरुष १८५ रहेका देखिन्छन् । राष्ट्रिय सभा सदस्य जम्मा ५९ मध्ये महिला २२ र पुरुष ३७ रहेका छन् । राष्ट्रपति १ जना महिला र उपराष्ट्रपति १ जना पुरुष रहेको देखिन्छ । समग्रमा स्थानीय निर्वाचन २०७४ देखि राष्ट्रपतिसम्मको लैङ्गिक प्रतिनिधित्व सङ्ख्या जम्मा ३५९२७ मध्ये महिलाको सङ्ख्या १४६५४ र पुरुषको सङ्ख्या २१२७३ रहेको देखिन्छ । यसरी पुरुषभन्दा महिलाको प्रतिनिधित्व सङ्ख्या तुलनात्मक रूपमा कम रहेको देखिन्छ ।

## तालिका नं. ४.८

२०७४ मा सम्पन्न निर्वाचित महिलाको तथ्याङ्क (प्रतिनिधि, प्रदेश र स्थानीय तह)

| प्रदेश | जिल्ला | प्रतिनिधि सभा महिला | प्रदेश सभा महिला | प्रमुख/अध्यक्ष महिला | वडा अध्यक्ष महिला | वडा सदस्य अन्य महिला | दलित महिला रिक्त |
|---|---|---|---|---|---|---|---|
| ७ | अछाम | ० | ० | ० | ० | १ | १ |
| ५ | अर्घाखाची | ० | ० | ० | ० | २ | ० |
| १ | इलाम | ० | १ | ० | ० | २ | ० |
| १ | उदयपुर | ० | १ | ० | २ | ४ | ० |
| १ | ओखलढुङ्गा | ० | ० | ० | १ | २ | ० |
| ७ | कञ्चनपुर | १ | ० | ० | ० | २ | ० |
| ५ | कपिलवस्तु | ० | ० | ० | ३ | १ | ० |
| ३ | काठमाडौं | ० | २ | ० | २ | १५ | ७ |
| ३ | काभ्रेपलान्चोक | ० | ० | ० | ० | ४ | ६ |
| ६ | कालिकोट | ० | ० | ० | २ | ३ | ४ |
| ४ | कास्की | ० | ० | ० | १ | ४ | ० |
| ६ | कैलाली | ० | ० | ० | ४ | ५ | १ |
| १ | खोटाङ | ० | ० | ० | ० | १ | ० |
| ५ | गुल्मी | ० | ० | ० | ० | १ | ० |
| ४ | गोरखा | ० | ० | ० | ० | ३ | ५ |
| ३ | चितवन | ० | ० | ३ | २ | ७ | ३ |
| ६ | जाजरकोट | ० | ० | ० | २ | १ | १ |
| ६ | जुम्ला | ० | ० | १ | ० | १ | १३ |
| १ | झापा | १ | ० | १ | ३ | ५ | १ |
| ७ | डडेलधुरा | ० | ० | १ | ० | २ | ० |
| ७ | डोटी | ० | ० | १ | ० | २ | ० |
| ६ | डोल्पा | ० | ० | ० | २ | ७ | ३० |
| ४ | तनहुँ | ० | १ | १ | १ | ५ | ० |
| १ | ताप्लेजुङ | ० | ० | ० | २ | १ | २ |
| १ | तेहथुम | ० | ० | ० | ० | १ | ० |
| ५ | दाङ | ० | ० | ० | ० | ६ | ० |
| ७ | दार्चुला | ० | ० | ० | ० | ४ | ३ |
| ६ | दैलेख | ० | ० | ० | १ | १ | ० |
| ३ | दोलखा | ० | ० | ० | ० | १ | १ |
| १ | धनकुटा | ० | ० | ० | ० | ५ | १ |
| २ | धनुषा | ० | ० | ० | १ | ४ | १ |
| ३ | धादिङ | ० | ० | ० | ० | ४ | ३ |
| ४, ५ | नवलपरासी | ० | ० | २ | २ | ११ | ० |
| ३ | नुवाकोट | ० | १ | ० | १ | ३ | २ |
| ४ | पर्वत | ० | ० | ० | २ | १ | ० |
| २ | पर्सा | ० | ० | ० | ३ | १ | २ |
| १ | पाँचथर | ० | ० | ० | २ | ३ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | पाल्पा | ० | ० | ० | ० | ७ | ० |
| ५ | प्युठान | १ | ० | ० | ० | १ | ० |
| ७ | बझाङ | ० | १ | ० | ० | ८ | ६ |
| ५ | बाँके | ० | २ | ० | ३ | ४ | ० |
| ४ | बाग्लुङ | ० | ० | ० | २ | १ | ० |
| ७ | बाजुरा | ० | ० | ० | १ | ० | १ |
| २ | बारा | ० | १ | ० | १ | १० | २ |
| ७ | बैतडी | ० | ० | ० | १ | ० | ० |
| ३ | भक्तपुर | ० | ० | ० | ० | १ | ९ |
| १ | भोजपुर | ० | ० | ० | ० | ५ | १ |
| ३ | मकवानपुर | ० | १ | ० | ० | ५ | ० |
| ४ | मनाङ | ० | ० | ० | ० | ६ | १७ |
| २ | महोतरी | ० | ३ | ० | ० | ४ | ० |
| ६ | मुगु | ० | ० | ० | ० | ० | ३ |
| ४ | मुस्ताङ | ० | ० | ० | ० | ३ | ९ |
| १ | मोरङ | ० | ० | ० | ० | ७ | ० |
| ४ | म्याग्दी | ० | १ | १ | २ | ३ | ० |
| ३ | रसुवा | ० | ० | १ | ० | १ | ६ |
| ३ | रामेछाप | ० | ० | ० | १ | १ | ० |
| ५, ६ | रुकुमपूर्व | १ | ० | १ | ० | ४ | ० |
| ५ | रूपन्देही | ० | ० | ० | ० | ८ | ० |
| ५ | रोल्पा | ० | ० | ० | ० | २ | ० |
| ५ | रौतहट | ० | ० | १ | १ | २ | १ |
| २ | लमजुङ | ० | ० | १ | ३ | ३ | ० |
| ३ | ललितपुर | १ | १ | ० | ० | ४ | १२ |
| १ | सङ्खुवासभा | ० | ० | ० | १ | ४ | ४ |
| २ | सप्तरी | ० | ० | ० | १ | १३ | १ |
| २ | सर्लाही | ० | १ | ० | १ | १० | १ |
| ६ | सल्यान | ० | ० | १ | ० | ३ | १ |
| ३ | सिन्धुपाल्चोक | ० | ० | ० | ० | १ | २ |
| ३ | सिन्धुली | ० | ० | १ | ० | ० | ० |
| २ | सिरहा | ० | ० | ० | १ | ३ | १ |
| १ | सुनसरी | ० | ० | ० | ० | ४ | ० |
| ६ | सुर्खेत | ० | ० | ० | ० | १ | ० |
| १ | सोलुखुम्बु | ० | ० | ० | ० | १ | ३ |
| ४ | स्याङ्जा | १ | ० | १ | ३ | ३ | ० |
| ६ | हुम्ला | ० | ० | ० | ० | २ | ९ |
| | जम्मा | ६ | १७ | १८ | ६१ | २६४ | १७६ |

स्रोत- निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण २०७४ पृष्ठ ११०, १११ ११२, निर्वाचन आयोग ।

परिशिष्ट १५ मा प्रदेशसभा समानुपातिक महिला विवरण समावेश गरिएको छ ।

२०७४ मा सम्पन्न निर्वाचनमा निर्वाचित महिलाको माथिको तथ्याङक हेर्दा प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहमा प्रतिनिधिसभामा निर्वाचित महिलाको सङ्ख्या जम्मा ६ मध्ये कञ्चनपुर जिल्लाबाट १ जना, झापा जिल्लाबाट १ जना, प्युठान जिल्लाबाट १ जना, रुकुमपूर्व जिल्लाबाट १ जना, ललितपुर जिल्लाबाट १ जना र स्याङ्जा जिल्लाबाट १ जना रहेको देखिन्छ।

प्रदेश सभामा निर्वाचित महिलाको सङ्ख्या १७ मध्ये इलाम जिल्लाबाट १ जना, उदयपुर जिल्लाबाट १ जना, काठमाडौं जिल्लाबाट २ जना, तनहुँ जिल्लाबाट १ जना, नुवाकोट जिल्लाबाट १ जना, बझाङ जिल्लाबाट १ जना, बाँके जिल्लाबाट २ जना, बारा जिल्लाबाट १ जना, मकवानपुर जिल्लाबाट १ जना, महोत्तरी जिल्लाबाट ३ जना, म्याग्दी जिल्लाबाट १ जना, ललितपुर जिल्लाबाट १ जना र सर्लाही जिल्लाबाट १ जना रहेका छन्।

यसै गरी स्थानीय निकायका प्रमुख/अध्यक्षमा निर्वाचित महिला जम्मा १८ जनामध्ये चितवन जिल्लाबाट ३ जना, जुम्ला जिल्लाबाट १ जना, झापा जिल्लाबाट १ जना, डडेलधुरा जिल्लाबाट १ जना, डोटी जिल्लाबाट १ जना, तनहुँबाट १ जना, नवलपरासीबाट २ जना, म्याग्दी जिल्लाबाट १ जना, रसुवा जिल्लाबाट १ जना, रुकुमपूर्व जिल्लाबाट १ जना, रौतहट जिल्लाबाट १ जना, लमजुङ जिल्लाबाट १ जना, सल्यान जिल्लाबाट १ जना, सिन्धुली जिल्लाबाट १ जना र स्याङ्जा जिल्लाबाट १ जना रहेका छन्।

वडा अध्यक्षमा निर्वाचित महिला ६१ मध्ये उदयपुर जिल्लाबाट २ जना, ओखलढुङ्गा जिल्लाबाट १ जना, कपिलवस्तु जिल्लाबाट ३ जना, काठमाडौं जिल्लाबाट २ जना, कालिकोट जिल्लाबाट २ जना, कास्की जिल्लाबाट १ जना, कैलाली जिल्लाबाट ४ जना, चितवन जिल्लाबाट २ जना, जाजरकोट जिल्लाबाट २ जना, झापा जिल्लाबाट ३ जना, डोल्पा जिल्लाबाट २ जना, तनहुँ जिल्लाबाट १ जना, ताप्लेजुङ जिल्लाबाट २ जना, दैलेख जिल्लाबाट १ जना, धनुषा जिल्लाबाट १ जना, नवलपरासी जिल्लाबाट २ जना, नुवाकोट जिल्लाबाट १ जना, पर्वत जिल्लाबाट २ जना, पर्सा जिल्लाबाट ३ जना, पाँचथर जिल्लाबाट २ जना, बाँके जिल्लाबाट ३ जना, बाग्लुङ जिल्लाबाट २ जना, बाजुरा जिल्लाबाट १ जना, बारा जिल्लाबाट १ जना, बैतडी जिल्लाबाट १ जना, म्याग्दी जिल्लाबाट २ जना, रामेछाप जिल्लाबाट १ जना, रौतहट जिल्लाबाट १ जना, लमजुङ जिल्लाबाट ३ जना, सङ्खुवासभा जिल्लाबाट १ जना, सप्तरी जिल्लाबाट १ जना, सर्लाही जिल्लाबाट १ जना, सिरहा जिल्लाबाट १ जना र स्याङजा जिल्लाबाट ३ जना रहेका छन्।

अन्य महिला निर्वाचित सदस्य जम्मा २६४ जनामध्ये अछाम जिल्लाबाट १ जना, अर्घाखाँची जिल्लाबाट २ जना, इलाम जिल्लाबाट २ जना, उदयपुर जिल्लाबाट ४ जना, ओखलढुङ्गा जिल्लाबाट २ जना, कञ्चनपुर जिल्लाबाट २ जना, कपिलवस्तु जिल्लाबाट १ जना, काठमाडौँ जिल्लाबाट १५ जना, काभ्रेपलाञ्चोक जिल्लाबाट ४ जना, कालिकोट जिल्लाबाट ३ जना, कास्की जिल्लाबाट ४ जना, कैलाली जिल्लाबाट ५ जना, खोटाङ जिल्लाबाट १ जना, गुल्मी जिल्लाबाट १ जना, गोरखा जिल्लाबाट ३ जना, चितवन जिल्लाबाट ७ जना जाजरकोट जिल्लाबाट १ जना, जुम्ला जिल्लाबाट १ जना, झापा जिल्लाबाट ५ जना, डडेलधुरा जिल्लाबाट २ जना, डोटी जिल्लाबाट २ जना, डोल्पा जिल्लाबाट ७ जना, तनहुँ जिल्लाबाट ५ जना, ताप्लेजुङ जिल्लाबाट १ जना, तेह्रथुम जिल्लाबाट १ जना, दाङ जिल्लाबाट ६ जना, दार्चुला जिल्लाबाट ४ जना, दैलेख जिल्लाबाट १ जना, दोलखा जिल्लाबाट १ जना, धनुकुटा जिल्लाबाट ५ जना, धनुषा जिल्लाबाट ४ जना, धादिङ जिल्लाबाट ४ जना, नवलपरासी जिल्लाबाट ११ जना, नुवाकोट जिल्लाबाट ३ जना, पर्वत जिल्लाबाट १ जना, पर्सा जिल्लाबाट १ जना, पाँचथर जिल्लाबाट ३ जना, पाल्पा जिल्लाबाट ७ जना, प्युठान जिल्लाबाट १ जना, बझाङ जिल्लाबाट ८ जना, बाँके जिल्लाबाट ४ जना, बाग्लुङ जिल्लाबाट १ जना, बाजुरा जिल्लाबाट कोही पनि नरहेको, बारा जिल्लाबाट १० जना, बैतडी जिल्लाबाट कोही पनि नरहेको, भक्तपुर जिल्लाबाट १ जना, भोजपुर जिल्लाबाट ५ जना, मकवानपुर जिल्लाबाट ५ जना, मनाङ जिल्लाबाट ६ जना, मोहोत्तरी जिल्लाबाट ४ जना, मुगु जिल्लाबाट कोही पनि नभएको, मुस्ताङ जिल्लाबाट ३ जना, मोरङ जिल्लाबाट ७ जना, म्याग्दी जिल्लाबाट ३ जना, रसुवा जिल्लाबाट १ जना, रामेछाप जिल्लाबाट १ जना, रुकुमपूर्व जिल्लाबाट ४ जना, रूपन्देही जिल्लाबाट ८ जना, रोल्पा जिल्लाबाट २ जना, रौतहट जिल्लाबाट २ जना, लमजुङ जिल्लाबाट ३ जना, ललितपुर जिल्लाबाट ४ जना, सङ्खुवासभा जिल्लाबाट ४ जना, सप्तरी जिल्लाबाट १३ जना, सर्लाही जिल्लाबाट १० जना, सल्यान जिल्लाबाट ३ जना, सिन्धुपलाञ्चोक जिल्लाबाट १ जना, सिन्धुली जिल्लाबाट कोही पनि नभएको, सिरहा जिल्लाबाट ३ जना, सुनसरी जिल्लाबाट ४ जना, सुर्खेत जिल्लाबाट १ जना, सोलुखुम्बु जिल्लाबाट १ जना, स्याङ्जा जिल्लाबाट ३ जना र हुम्ला जिल्लाबाट २ जना रहेका छन् ।

दलित महिला वडा सदस्य पदका लागि खाली रहेको १७६ मध्ये अछाम जिल्लामा १ जना, काठमाडौं जिल्लामा ७ जना, काभ्रेपलाञ्चोक जिल्लामा ६ जना, कालिकोट जिल्लामा ४ जना, कैलाली जिल्लामा १ जना, गोरखा जिल्लामा ५ जना, चितवन जिल्लामा ३ जना, जाजरकोट जिल्लामा १ जना, जुम्ला जिल्लामा १३ जना, झापा जिल्लामा १ जना, डोल्पा जिल्लामा ३० जना, ताप्लेजुङ जिल्लामा २ जना, दार्चुला जिल्लामा ३ जना, दोलखा जिल्लामा १ जना, धनकुटा जिल्लामा १ जना, धनुषा जिल्लामा १ जना, धादिङ जिल्लामा ३ जना, नुवाकोट जिल्लामा २ जना, पर्सा जिल्लामा २ जना, बझाङ जिल्लामा ६ जना, बाजुरा जिल्लामा १ जना, बारा जिल्लामा २ जना, भक्तपुर जिल्लामा ९ जना, भोजपुर जिल्लामा १ जना, मनाङ जिल्लामा १७ जना, मुगु जिल्लामा ३ जना, मुस्ताङ जिल्लामा ९ जना, रसुवा जिल्लामा ६ जना, रौतहट जिल्लामा १ जना, ललितपुर जिल्लामा १२ जना, सङ्खुवासभा जिल्लामा ४ जना, सप्तरी जिल्लामा १ जना, सर्लाही जिल्लामा १ जना, सल्यान जिल्लामा १ जना, सिन्धुपाल्चोक जिल्लामा २ जना, सिरहा जिल्लामा १ जना, सोलुखुम्बु जिल्लामा ३ जना र हुम्ला जिल्लामा ९ जना रहेका छन् । यसरी हेर्दा प्रतिनिधि सभादेखि स्थानीय तहसम्म प्रत्यक्ष रूपमा पुरुषका तुलनामा महिलाहरू एकदमै कम सङ्ख्यामा निर्वाचित भएको देखिन्छ । त्यसमा पनि दलित महिलाको कोटामा पनि विभिन्न जिल्लाहरूमा पद रिक्त नै रहेको देखिन्छ । सबैभन्दा बढी दलित महिला सदस्य खाली रहेका जिल्लाहरूमा डोल्पा र जुम्ला रहेका छन् । दलित महिलाको वडा सदस्यको पद दुर्गम पहाडी जिल्लाहरूमा बढी खाली रहेको देखिन्छ । परिशिष्ट १० र १९ मा समावेशी प्रतिनिधि तथा विभिन्न जातजातिहरूको सङ्ख्या समावेश गरिएको छ । यसै गरी परिशिष्ट १५ मा प्रदेश सभामा समानुपातिक महिलाहरूको विवरण समावेश गरिएको छ ।

### ४.८.१ स्थानीय निर्वाचन २०५४ र २०७४ मा निर्वाचित महिला प्रतिनिधिको प्रतिशत

वि.सं. २०५४ मा भएको स्थानीय निर्वाचनमा प्रमुख तथा अध्यक्षमा पुरुषको सङ्ख्या ९९.६९ प्रतिशत रहेको देखिन्छ भने महिलाको सङ्ख्या ०.३१ प्रतिशत मात्र रहेको छ । यसै गरी उपप्रमुख तथा उपाध्यक्षमा ९९.६१ प्रतिशत पुरुष रहेकामा महिलाहरू मात्र ०.३९ प्रतिशत रहेका छन् । वडा अध्यक्षमा पुरुष ९९.१२ रहेकामा महिलाहरू ०.८८ प्रतिशत मात्र रहेका छ । वडा सदस्यमा पुरुष ९८.०५ प्रतिशत र महिला १.९५ प्रतिशत मात्र रहेको

देखिन्छ भने महिला सदस्य ०.९५ प्रतिशत खाली रहेको देखिन्छ भने २०७४ सालको स्थानीय निर्वाचनमा प्रमुख तथा अध्यक्षमा पुरुष ९७.६१ प्रतिशत रहेकामा महिला २.३९ प्रतिशत मात्र रहेका देखिन्छन् । यसै गरी उपप्रमुख तथा उपाध्यक्षमा ९२.९६ प्रतिशत पुरुष रहेकामा महिला मात्र ७.०४ प्रतिशत रहेका छन् । वडा अध्यक्षमा पुरुष ९९.०७ रहेकामा महिला ०.९२ प्रतिशत मात्र रहेका देखिन्छन् । वडा सदस्यमा पुरुष ९८.०३ प्रतिशत र महिला १.९६ प्रतिशत मात्र रहेका छन् भने दलित महिला सदस्य २.६१ प्रतिशत खाली नै रहेको देखिन्छ (निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण २०७४ पृष्ठ २८-२९) । स्थानीय निर्वाचन २०५४ र २०७४ मा सहभागितामा केही फरक भए पनि स्थानीय निर्वाचन, २०७४ सालको निर्वाचनमा दलित महिलाका कोटामा पनि खाली हुनु महिलाको प्रतिनिधित्वको सङ्ख्यामा कमी हुनु हो ।

तसर्थ दलित महिलाको उपस्थिति नरहेका स्थानमा अन्य महिलालाई समावेश नगरेका खण्डमा स्वतः त्यो महिलाको कोटा खाली हुने देखिन्छ जसले गर्दा महिलाको सहभागिता र प्रतिनिधित्वमा कमी हुने देखिन्छ ।

यसरी युगौंदेखि महिलाहरू विभिन्न खालका अत्याचारविरुद्ध आन्दोलन गर्दै आएका भए पनि अझै उनीहरू अनेकौं विभेद र हिंसाबाट ग्रस्त छन् । यसको मुख्य कारण सामाजिक कुरीति नै हो । समाजमा विद्यमान कतिपय विसङ्गतिका कारण उनीहरूलाई खुला समाजमा आउन बाधा अड्चन खडा गरेका छन् । खुला समाजमा आउनकै लागि विश्व महिलामैत्री आन्दोलन भएको पाइन्छ ।

पछिल्लो विश्व महिला आन्दोलनतर्फ हेर्दा सन् २०१७ जनवरी २१ मा अमेरिकाको वासिङ्टन डीसीमा भएको महिला अधिकारलाई समर्थन गर्ने प्रदर्शन उल्लेखनीय छ । त्यस जुलुसलाई संसारकै सबैभन्दा ठुलो जुलुस पनि भनिएको पाइन्छ । त्यसपछि अमेरिकाका सबै प्रमुख ठाउँमा यस्ता प्रदर्शन भए । त्यस्तो प्रदर्शन अमेरिकाबाहेकका आक्रा, बैंकक, पेरिस, बेलग्रेड, बुनोस आयर्स, कोभर अन्टार्कटिकासहित संसारका विभिन्न ठाउँमा पनि भए । लैङ्गिक समानताका लागि भएका अन्य कतिपय ऐतिहासिक आन्दोलनहरूमध्ये यो पनि महत्त्वपूर्ण हुन पुगेको देखिन्छ ।

प्राचीन कालमा महिलाको सहभागिता र मताधिकार खासै उल्लेख गरेको पाइँदैन । आधुनिक कालमा खास गरी शाह वंश र राणाकालमा झन् महिलाहरूमाथि दमन र शोषण

भएको पाइन्छ । यी कालखण्डमा रानी एवम् महारानीहरूले प्रत्यक्ष अप्रत्क्ष रूपमा शासन गरेको र राज्य चलाउनका निम्ति आवश्यक सरसल्लाह दिने गरेको देखिन्छ । तर राणाशासनको अन्त्यसँग प्रजातन्त्र र गणतन्त्रमा आएर मात्र राजनीतिक रूपमा महिलाहरूको सहभागिता र प्रतिनिधित्व बढ्दै गएको देखिन्छ ।

नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना हुनुभन्दा अगाडि २०१० साल भदौ १७ गते काठमाडौँ नगरपालिकाको निर्वाचन भएको देखिन्छ । उक्त निर्वाचनमा वडा नं. ८ मा ४११३ मतमध्ये २४५५ मत प्राप्त गरी साधनादेवी प्रधान नेपालको पहिलो महिला जनप्रतिनिधिका निर्वाचित भएको देखिन्छ । त्यसबेला ५३ प्रतिशत मतदाताले मतदान गरेका देखिन्छ ।

नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापनापछि वि.सं. २०४९ र २०५४ गरी दुई पटक स्थानीय निर्वाचन भएको थियो । नेपालको राजनीतिक इतिहासको अध्ययनका सर्न्दभमा प्रत्येक गाउँपालिका तथा नगरपालिकाका प्रत्येक वडाबाट कम्तीमा एक जना महिला सदस्य हुनुपर्ने कानुनी व्यवस्था स्थानीय निकाय निर्वाचनसम्बन्धी केही कानुन संशोधन ऐन, २०५४ मै महिलाका लागि स्थान आरक्षित गरिएको थियो । ३९१३ गाविसबाट धेरै महिला वडा अध्यक्षमा निर्वाचित भएका थिए । नगरपालिकामा ७.६, गाविसमा १९.५ र जिविसमा ६.७ प्रतिशत महिला निर्वाचित भएको पाइन्छ ।

मुलुकमा गणतन्त्र स्थापना भयो । नयाँ संविधानमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रबमोजिम तीन तहको सरकार स्थानीय, प्रदेश र सङ्घको गठन भयो । संविधानमा आफ्नो हक एवम् अधिकार सुनिश्चित गर्नका निम्ति समय समयमा आन्दोलन र सङ्घर्ष गर्दै आइएको छ । परिणामस्वरूप संवैधानिक विकासक्रमसँगै महिलाहरूको प्रतिनिधित्वको अधिकार संविधानमै सुनिश्चित हुदै गइरहेको देखिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले महिलाको हक एवम् अधिकारका सम्बन्धमा धेरै व्यवस्था गरेको थियो । धारा ६३ (४) मा राजनीतिक दलले कानुनमा व्यवस्था भएबमोजिम महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउनुपर्ने भन्ने थियो ।

नेपालको संविधान, २०७२ को प्रस्तावनामा नै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगौलिक विविधता जस्ता विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक, सांस्कृतिक, ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतहरूको

अन्त्य गर्ने भन्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चत गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भनिएको देखिन्छ ।

यस संविधानमा गाउँ पालिकामा गठन हुने गाउँसभा र नगरपालिकामा गठन हुने नगरसभामा महिला आरक्षणको व्यवस्था गरिएको छ । गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा २ जना महिलाको प्रतिनिधित्व हुने र गाउँ कार्यपालिकामा कम्तीमा ४ जना महिला सदस्यको प्रतिनिधित्वको व्यवस्थाले स्थानीय  तहमा महिलालाई नीति निर्माणमा सहभागी बनाइएको पुष्टि हुन्छ । यसप्रकार महिलाहरूले नीतिनिर्माणमा सहभागी भएपछि समग्र विकासका नीति महिलामैत्री हुने विश्वास गर्न सकिन्छ ।

स्थानीय तहका गाउँपालिका र नगरपालिकाका वडा समितिमा रहने पाँच जनामध्ये कम्तीमा दुई जना महिला सदस्य हुनुपर्ने व्यवस्था गरी वडा तहमा कम्तीमा ४० प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । यसैगरी स्थानीय कार्यपालिकामा महिला प्रतिनिधित्वलाई सुनिश्चित गर्न गाउँ कार्यपालिकामा भए कम्तीमा चार जना र नगर कार्यपालिकामा भए कम्तीमा पाँच जना महिला सदस्य सम्बन्धित गाउँसभा वा नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरी पठाउने व्यवस्था गरिएको छ ।

नेपालमा रहेका ठुलादेखि साना पार्टी प्रायः सबैमा महिला प्रमुख पदमा देखिँदैनन् । महिलालाई संवैधानिक रूपमा ३३ प्रतिशत सहभागी गराउनुपर्ने बाध्यात्मक व्यवस्थाका कारण मात्र सहभागी गराएको देखिन्छ । पार्टीका प्रमुखहरूले हालसम्म महिलालाई दोस्रो अथवा उपाध्यक्षसम्म मात्र बनाउने मनसाय राखेको देखिन्छ । पार्टीहरूको विधानमा महिला प्रतिनिधित्व र निर्वाचनसम्बन्धी व्यवस्थालाई बाध्यात्मक रूपमा मात्र स्विकारेको देखिन्छ ।

२०७४ को स्थानीय तह निर्वाचनलाई ७५३ स्थानीय तह र ६७४३ वडामा विभाजन गरिएको छ । महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा रहेका स्थानीय निर्वाचन, २०७४ मा निर्वाचित लैङ्गिक प्रतिनिधित्वहरूको विवरण यसप्रकार छः

स्थानीय निर्वाचन २०७४ मा जम्मा सहभागी उम्मेदवारहरू १४८३६४ मध्ये ९०५१७ (६१.०१) प्रतिशत पुरुष र ५७८४७ (३८.९८) प्रतिशत महिला रहेका छन् । जसमा ३५०४१ प्रतिनिधिहरू निर्वाचित भएकामध्ये २०६८८ (५९.०४) प्रतिशत पुरुष र १४३५३

(४०.९६) प्रतिशत महिला रहेका छन् । प्रत्येक वडामा दलित महिलाको अनिवार्य उपस्थिति र स्थानीय प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्षमध्ये एक जनाको अनिवार्य संवैधानिक व्यवस्थाले महिलाको यो उपस्थिति देखिन्छ ।

महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका मेयर, उपमेयरमध्ये एक जना महिला अथवा फरक फरक पार्टीको हुनुपर्ने, एउटा वडामा एक वडा अध्यक्ष र चार जना वडा सदस्यमध्ये दुई जना महिलाको व्यवस्था रहेको छ । गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला अथवा फरक फरक पार्टीको हुनुपर्ने, वडा अध्यक्ष र चार जना वडा सदस्यमध्ये दुई जना महिला हुनुपर्ने व्यवस्था रहेको छ ।

स्थानीय निर्वाचन २०७४ मा निर्वाचित प्रमुख ९७.२४ प्रतिशत, अध्यक्षमा ९७.३४, वडा अध्यक्षमा ९९.२४ प्रतिशत पुरुषहरूको उपस्थित रहेको छ भने उपप्रमुखमा ९३.८२ प्रतिशत र उपाध्यक्षमा ९०.८४ प्रतिशत रहेको छ । उपप्रमुख, उपाध्यक्षमा र वडा सदस्यमा महिलालाई सीमित गरिएको छ । तसर्थ दलित महिलाको उपस्थिति नरहेका स्थानमा अन्य महिलालाई समावेश नगरेका खण्डमा स्वतः त्यो महिलाका लागि निर्धारित कोटा खाली हुने देखिन्छ जसले गर्दा महिलाको  सहभागिता र प्रतिनिधित्व कम हुने देखिन्छ ।

स्थानीय निर्वाचन २०७४ उम्मेदवारको सङ्ख्या १४८३६४ रहेको थियो जसमा ३५०४१ (२३.६२) प्रतिशत निर्वाचित भएका छन् । पुरुष ९०५१९ उम्मेदवारमा २०७८९ (२२.८६) प्रतिशत निर्वाचित भएका छन् भने ५७८४३ महिला उम्मेदवारहरूमध्ये १४३५२ (२४.८१) प्रतिशत महिला निर्वाचित भएका छन् । प्रदेश न. १ मा जम्मा उम्मेदवार २५०६७ मा ६०४३ (२४.११) प्रतिशत निर्वाचित भएकामध्ये ५८.८१ प्रतिशत पुरुष र ४१.१९ प्रतिशत महिला रहेका छन् । प्रदेश न. २ मा जम्मा २७२४८ उम्मेदवारमा २४.२९ प्रतिशत निर्वाचित भएकामध्ये ५८.८५ प्रतिशत पुरुष र ४१.१५ प्रतिशत महिला रहेका छन् । प्रदेश न. ३ मा जम्मा २३६१३ उम्मेदवारमा ५७९२ (२४.५३) प्रतिशत निर्वाचित भएकामध्ये ५९. २७ प्रतिशत पुरुष र ४०.७३ प्रतिशत महिला रहेका छन् । प्रदेश न. ४ मा जम्मा १२७५५ मा ३९३४ (३१.१) प्रतिशत निर्वाचितमध्ये ५८.९ प्रतिशत पुरुष र ४१.१० प्रतिशत महिला निर्वाचित भएका छन् । प्रदेश न. ५ मा २३०३७ उम्मेदवारमा ५१३३ (२२.२८) प्रतिशत निर्वाचित भएकामध्ये ५८.७८ प्रतिशत पुरुष र ४१.२२ प्रतिशत महिला निर्वाचित भएका छन् । प्रदेश न. ६ मा जम्मा १२४०३ उम्मेदवारमा ३७८७ (२९.७३) प्रतिशत निर्वाचित

भएकामध्ये ५९.९७ प्रतिशत पुरुष र ४०.०३ प्रतिशत महिला निर्वाचित भएका छन् । प्रदेश न.७ मा जम्मा १४३४३ उम्मेदवारमा ३८३४ (२६.७३) प्रतिशत निर्वाचितमध्ये ५९ प्रतिशत पुरुष र ४१ प्रतिशत महिला निर्वाचित भएका  छन् । यसरी हेर्दा प्रदेश १ मा ४१.१९ प्रतिशत महिला, प्रदेश २ मा ४१.१५ प्रतिशत महिला, प्रदेश ३ मा ४०.७३ प्रतिशत महिला, प्रदेश ४ मा ४१.१० प्रतिशत महिला, प्रदेश ५ मा ४१.२२ प्रतिशत महिला, प्रदेश ६ मा ४०.०३ प्रतिशत र प्रदेश ७ मा ४१ महिला निर्वाचित भएको देखिन्छ । प्रदेशगत रूपमा एकअर्को प्रदेशमा निर्वाचित महिलाको प्रतिशतमा खासै धेरै फरक देखिँदैन ।

# अध्याय पाँच

# नेपालका तराईको स्थानीय निर्वाचन २०७४ मा महिला सहभागिता र प्रतिनिधित्व

## ५.१ नेपालका तराईको मोरङ, धनुषा र बाँके जिल्लाको परिचय तथा स्थानीय निर्वाचन

### ५.१.१ नेपालको तराई

तराई भारतको विहार, उत्तर प्रदेश र पश्चिम बङ्गाल राज्यको सीमासँग जोडिएको नेपालको दक्षिणमा रहेको समथर भूमि अर्थात् गङ्गा नदीका सहायक नदीहरूले वनाएको पूर्वदेखि पश्चिमसम्म फैलिएको मैदानी अर्थात् नेपालको दक्षिणी समतल भूभागलाई तराई अर्थात् मधेस भन्दछन् । यसको उत्तरदक्षिण चौडाइ सरदर २० माइल रहेको छ । यसको पूर्व-पश्चिम मेचीदेखि महाकालीसम्म लम्बाइ लगभग ५०० माइल छ । समुद्री सतहदेखि यसको उचाइ लगभग १०० मिटरदेखि ३०० मिटरसम्म रहेको छ । यहाँको वातावरण गरम र समशीतोष्ण रहेको छ । नेपालको यो भूभाग अति सुन्दर सदाबहार वनजङ्गल, सधैँ बगिरहने साना-ठुला नदी र तालले भरिएका छन् । हिमालबाट हिउँ पग्लेर बग्ने सदावहार नदीहरू पनि यसै भूभाग भएर बग्दछन् । तराईलाई नेपालको अन्नभण्डार पनि भनिन्छ । नेपालको कुल भूभागको १७ प्रतिशत भूमि तराईमा पर्दछ (यादव, २०५४, पृ. १) । यसरी यादवले तराईको महत्त्वबारे निकै राम्ररी प्रकाश पारेका छन् ।

नेपालका झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कन्चनपुर गरी २० जिल्लाहरू तराईमा पर्दछन् । हाल तराईमा मधेसीलगायत पहाडी र हिमालीहरूको पनि बसोवास रहेको छ । यहाँ हिन्दु, इस्लाम, वौद्ध, क्रिस्चियन, सिख, जैन आदि धर्म मान्ने मानिसहरू छन् । तराईमा विभिन्न जातजातिहरू छन् र तिनमा थारू, यादव (अहिर), मुसलमान, कोइरी (कुशवाहा), तेली, सुडी, कलवार, हलुवाई, मुसहर, बाँतर, झाँगड, नाई (हजाम), निषाद सहनी (मलाह), कानु, ब्राम्हण, राजपूत, भुमिहार, कायस्थ, मारवाडी, धानुक, सतार वा सन्थाल, राजवंशी, धिमाल, गनगाई, ताजपुरिया, डोम, चमार, मेहतर, कथबनियाँ, नौनिया, धोवी, कुर्मी, अमात, कुशवाडिया, खतवे, माझी, माली, कम्हार, मेचे, कोचे, दनुवार, बढई, बरेई, राजभर, गडेरी, सन्यासीलगायत राई, गुरुङ्ग, मगर, नेवार, लिम्बू, बाहुन, क्षेत्री, तामाङ (भोटे), थकाली, लेप्चा, सुनुवार, थामी, ठकुरी, दमाई, कामी,

सार्की, गाइने, आदि पर्दछन् र यिनै जातजातिहरूको बसोवास तराईमा रहेको छ । (राष्ट्रिय जनगणना २०११ पृ. ९-८१) यसरी राष्ट्रिय जनगणनामा नेपालको तराई क्षेत्रमा बसोवास गर्ने विभिन्न जातजातिको यथार्थ विवरण प्रस्तुत गरिएको छ ।

जनगणना २०६८ अनुसार नेपालको जनसङ्ख्या महिला १३६४५४६३ र पुरुष १२८४९०४१ गरी कुल २६४९४५०४ मध्ये तराईको जनसङ्ख्या महिला ६७७२३२३ र पुरुष ६५४६३८२ गरी कुल जनसङ्ख्या १३३१८७०५ रहेको छ । नेपालको घरधुरी सङ्ख्या महिलाको १३९६६९२ र पुरुषको ४०३०६१० गरी जम्मा ५४२७३०२ मध्ये तराईमा महिलाको ५४२१८९ र पुरुषको १९८६५६३ गरी कुल घरधुरी सङ्ख्या २५२८७५२ रहेको छ जसमा तराईका जिल्लाहरू झापामा महिलाको ४९७०९ र पुरुषको १३४८४३ गरी १८४५५२, मोरङमा महिलाको ५४३०३ र पुरुषको १५९६९४ गरी २१३९९७, सुनसरीमा महिलाको ४२२५९ र पुरुषको १२०१४८ गरी १६२४०७, सप्तरीमा महिलाको १८५६० र पुरुषको १०२५३८ गरी १२१०९८, सिराहामा महिलाको २४४९७ र पुरुषको ९३४६५ गरी ११७९६२, धनुषामा महिलाको २७३४६ र पुरुषको ११०९०३ गरी १३८२४९, महोत्तरीमा महिलाको २१६१५ र पुरुषको ८९७०१ गरी १११३१६, सर्लाहीमा महिलाको १४७३७ र पुरुषको ११८१०७ गरी १३२८४४, रौतहटमा महिलाको ६०९८ र पुरुषको १००५७० गरी १०६६६८, बारामा महिलाको ८२५६ र पुरुषको १००३७९ गरी १०८६३५, पर्सामा महिलाको ५४०६ र पुरुषको ९०१३० गरी ९५५३६, चितवनमा महिलाको ४४६३८ र पुरुषको ८७८२४ गरी १३२४६२, नवलपरासीमा महिलाको ३७२९५ र पुरुषको ९१४९८ गरी १२८७९३, रुपन्देहीमा महिलाको ४०९०६ र पुरुषको १२३०१० गरी १६३९१६, कपिलवस्तुमा महिलाको १५०३५ र पुरुषको ७६२८६ गरी ९१३२१, दाङमा महिलाको ३२९६० र पुरुषको ८३४५५ गरी ११६४१५, बाँकेमा महिलाको २११३३ र पुरुषको ७३६४० गरी ९४७७३, बर्दियामा महिलाको २०७४६ र पुरुषको ६२४३० गरी ८३१७६, कैलालीमा महिलाको ३५१२९ र पुरुषको १०७३५१ गरी १४२४८० र कन्चनपुरमा महिलाको २१५६१ र पुरुषको ६०५९१ गरी ८२१५२ रहेको छ (राष्ट्रिय जनगणना २०११ पृ. ११६-१२२) । यसरी राष्ट्रिय जनगणनामा नेपालको तराईका विभिन्न जिल्लामा बस्ने पुरुष र महिलाको सङ्ख्या प्रतिशतमा प्रस्तुत गरिएको छ ।

राजनीतिक रूपमा तराईमा २७६ स्थानीय तहमध्ये ३ वटा महानगरपालिका, १० वटा उपमहानगरपालिका, १४२ वटा नगरपालिका, १२१ वटा गाउँपालिका, र २६७४ वटा

वडाहरू  रहेका छन् । नेपालका तराईको स्थानीय निर्वाचन (२०७४) तराईमा मनोनयन दर्ता कायम रहेको अन्तिम उम्मेदवार महिला २९०५५, पुरुष ४५०९७ र तेस्रो लिङ्गी २ जना गरी जम्मा ७४१५४ उम्मेदवार रहेकामा निर्वाचित उम्मेदवार महिला ५७२८ र पुरुष ८१८१ गरी जम्मा १३९०९ रहेका छन् । जसमा प्रमुख/अध्यक्ष महिला ८ र पुरुष २६८ गरी २७६, उपप्रमुख/उपाध्यक्ष महिला २६५ र पुरुष ११ गरी जम्मा २७६, वडा अध्यक्ष महिला १९ र पुरुष २६५५ गरी २६६४, खुला सदस्य १०१ महिला र ५२४७ पुरुष गरी ५३४८ रहेका छन् । यसै गरी महिला सदस्यमा २६७४ जना रहेका छन् भने दलित महिला सदस्यमा २६६१ रहेका छन् । दलित महिला सदस्य २६७४ हुनुपर्नेमा विभिन्न स्थानमा गरी १३ जना दलित महिला सदस्यको स्थान खाली रहेको छ । यसको विवरण परिशिष्ट ३,४,५,६,७ र ८ मा रहेको छ ।

स्थानीय निर्वाचनमा नमुना छनोटका तीन जिल्लाहरु :

**५.१.१.१ मोरङ जिल्ला**

प्राचीन कालमा विराट राजाको राजधानीका रूपमा रहेको तथ्य इतिहासले वर्णन गरेको पाइन्छ । नेपालको पहिलो र ठुलो उद्योग विराटनगर जुट मिल यसै जिल्लामा पर्दछ । यस जिल्लाको क्षेत्रफल १८५५ वर्ग किलोमिटर रहेको छ । पूर्व-पश्चिम औसत लम्बाइ लगभग ४६ कि. मि. र उत्तरदक्षिण चौडाइ लगभग ५४ कि. मि. रहेको छ । यस जिल्लाको सीमाना पूर्वमा झापा र इलाम (मावा खोला), पश्चिममा सुनसरी बुढी र केशलिया खोला, उत्तरमा धनकुटा र दक्षिणमा भारतको बिहार प्रान्त रहेको छ ।

राजनीतिक रूपमा प्रदेश नं. १ का १४ वटा जिल्लाहरूमध्ये मोरङ जिल्लामा ८ वटा गाउँपालिका छन् र तिनमा कानेपोखरी गाउँपालिका, केरावारी गाउँपालिका, ग्रामथान गाउँपालिका, जहदा गाउँपालिका, धनपालथान गाउँपालिका, बुढीगंगाा गाउँपालिका, मिक्लाजुङ गाउँपालिका र कटहरी गाउँपालिका पर्दछन् । यसै गरी ८ वटा नगरपालिकामा उर्लावारी नगरपालिका, पथरी शनिश्चरे नगरपालिका, बेलबारी नगरपालिका, रङ्गेली नगरपालिका, रतुवामाई नगरपालिका, लेटाङ नगरपालिका, सुनवर्षी नगरपालिका, र सुन्दरहरैँचा नगरपालिका रहेका छन् भने एउटा महानगरपालिकाका रूपमा विराटनगर महानगरपालिका रहेको छ । यस जिल्लामा वडा सङ्ख्या १५९, मतदानस्थल सङ्ख्या ३००, मतदानकेन्द्र सङ्ख्या ६६९, मतदाता सङ्ख्या महिला २८३००५, पुरुष २९१४९४ र तस्रो

लिङ्गी १ कुल मतदाता सङ्ख्या ५७४५००, निर्वाचित पदाधिकारी सङ्ख्या सभा ८७३, कार्यपालिका ३१५ रहेको छ । जनगणना २०६८ अनुसार यस जिल्लाको जनसङ्ख्या महिला ४६६७१२ र पुरुष ४९८६५८ गरी जम्मा जनसङ्ख्या ९६५३७० रहेको छ भने घरधुरी सङ्ख्या २१३९९७ मध्ये महिलाको ५४३०३ र पुरुषको १५९६९४ रहेको छ ।

यस जिल्लामा स्थानीय तह १७ वटा रहेकामा स्थानीय निर्वाचन २०७४ मा प्रमुख र अध्यक्ष १७ वटा पदमा १३२ पुरुष र १२ महिला गरी १४४ जना उम्मेदवार रहेका थिए जसमा १७ जना पुरुष मात्र निर्वाचित भए । यसै गरी उपप्रमुख र उपाध्यक्ष १७ पदमा पुरुष २२ र महिला ९३ गरी ११५ जना उम्मेदवार रहेका थिए जसमा १७ जना महिला निर्वाचित भए । वडा सङ्ख्या १५९ रहेकामा ९१८ पुरुष र ३८ महिला गरी ९५६ जना वडा अध्यक्षको उम्मेदवार रहेको थियो जसमा १५९ जना पुरुष मात्र वडा अध्यक्षमा निर्वाचित भए । यसै गरी अन्य (खुला) वडा सदस्य ३१८ जनामा १५८१ पुरुष र ६५ जना महिला गरी १६४६ जना उम्मेदवार थिए जसमा पुरुष ३११ जना र महिला ७ जना मात्र निर्वाचित भए । यसरी प्रमुख र अध्यक्ष पदमा कुनै पनि महिला निर्वाचित भएनन् । अन्य (खुल्ला) वडा सदस्यमा एकदमै न्यून सङ्ख्यामा महिला निर्वाचित भए (स्थानीय निर्वाचन एक झलक २०७४, पृ. २-५) ।

राजनीतिमा महिलाको सहभागिता र प्रतिनिधित्वबारे केही विचारक र तिनका विचारलाई तल प्रस्तुत गरिएको छ :

मन्जिताकुमारी सरदार - स्थानीय सरकारमा ५० प्रतिशत महिलाहरू सहभागी हुनुपर्दछ । सहभागी मात्र भएर हुँदैन नेतृत्वदायी भूमिकामा पनि हुनुपर्छ । स्थानीय तहमा वडा अध्यक्ष, मेयर, अध्यक्ष जस्तो निर्णय गर्ने पदहरूमा महिला निर्वाचित हुने व्यवस्था संविधानमा उल्लेख हुनुपर्दछ (मन्जिताकुमारी सरदार, वैशाख ३०, २०७६) । सरदारले स्थानीय तहका नेतृत्वमा महिलाहरू सहजै निर्वाचित हुने व्यवस्था संविधानमै हुनुपर्ने कुरामा जोड दिएकी छन् ।

अमृताकुमारी गच्छदार - महिलाहरूलाई विभिन्न राजनीतिक नेतृत्वसम्बन्धी तालिमहरूको व्यवस्था राज्यबाट हुनुपर्दछ । दलितलगायत कोटामा समावेशी रूपमा सहभागी हुनुपर्ने व्यवस्था जरुरी छ (अमृताकुमारी गच्छदार, फागुन ११, २०७६) । गच्छदारले महिलालाई राजनीतिक नेतृत्व कसरी गर्नुपर्दछ भन्नेबारेमा आवश्यक तालिम दिनुपर्दछ भन्ने आवाज उठाएकी छन् ।

कैलाशप्रसाद मण्डल - महिलाहरूको आरक्षण कोटा बढाउनुपर्दछ । नेतृत्वमा पनि आउने गरी महिला सहभागिताको विशेष संवैधानिक व्यवस्था हुनुपर्छ । आदिवासी जनजाति, पिछडा वर्ग, मुस्लिम महिलाहरूलाई समेत महिला कोटाको विशेष व्यवस्था हुनुपर्छ (कैलाशप्रसाद मण्डल, वैशाख ३०, २०७६) । मण्डलले महिलाका लागि आरक्षण कोटाको व्यवस्था हुनुपर्ने कुरामा जोड दिएका छन् ।

प्रतिमा ठाकुर - महिला आरक्षणमा सुधार गरी सबैलाई समानुपातिक हिसाबले महिला कोटामा सहभागी गर्नु र महिला कोटा बढाउनु जरुरी छ । (प्रतिमा ठाकुर, वैशाख ३१, २०७६) । ठाकुरले समानुपातिक हिसाबले माहिलाको सहभागिता बढाउनुपर्ने र महिलाका लागि छुट्ट्याएको कोटा बढाउनुपर्ने कुरा बताएकी छन् ।

राधादेवी पासवान - नेतृत्व तहमा पुग्ने गरी समानुपातिक रूपमा महिला कोटामा सहभागी हुनुपर्ने र महिला कोटा स्थानीय तहमा थप्नुपर्ने आवश्यकता छ । (राधादेवी पासवान, वैशाख ३१, २०७६) । पासवानले राजनीतिमा महिला सहभागिता बढ्नुपर्ने कुरामा जोड दिएकी छन् ।

विणादेवी धानुक - स्थानीय तहमा महिला कोटाको सङ्ख्या बढाउनुपर्दछ साथै कोटामा समानुपातिक हिसाबले महिलालाई सहभागी गराउनुपर्छ । यसका लागि संविधानमा नै व्यवस्था हुनुपर्दछ (विणादेवी धानुक, वैशाख ३१, २०७६) । धानुकले राजनीतिमा महिलाको समानुपातिक सहभागिताका लागि संविधानमै व्यवस्था गर्नुपर्दछ भन्ने कुरामा जोड दिएकी छन् ।

विनीताकुमारी सिंह - राजनीतिक रूपमा सक्रिय महिलाहरूलाई मात्र स्थानीय तहमा सहभागी गराउनुपर्ने आवश्यकता छ । स्थानीय तहको प्रमुख, अध्यक्ष, वा मेयर पदका लागि सहयोगसहितको अनिवार्य व्यवस्था संविधानमा उल्लेख हुनु जरुरी छ । उपाध्यक्ष तथा मेयर मात्र भएकाले मेयर वा अध्यक्षजस्तो पदका लागि जोड दिनुपर्ने व्यवस्था हुनुपर्दछ (विनीताकुमारी सिंह, वैशाख ३०, २०७६) । सिंहले स्थानीय तहको नेतृत्वमै महिलाको सुनिश्चिता हुनुपर्ने आवाज उठाएकी छन् ।

### ५.१.१.२ धनुषा जिल्ला

नेपालको मध्यपूर्वको दक्षिणी भागमा भारतीय सीमासँग जोडिएर रहेको प्रदेश नं. २ मधेस प्रदेशमा पर्ने तराईको जिल्ला हो । यसको पूर्वमा सिराहा जिल्ला, पश्चिममा महोत्तरी

जिल्ला, उत्तरमा सिन्धुली जिल्ला र दक्षिणमा भारतको बिहार प्रान्त रहेका छन् । यसको क्षेत्रफल १९० वर्ग किलोमिटर रहेको छ । यसको औसत लम्बाइ ४५ (दक्षिण-उत्तर) २७ किलोमिटर रहेको छ भने औसत चौडाइ २७ (पश्चिम-पूर्व) किलोमिटर रहेको छ ।

राज्यहरूको उदय र विलयसँगै यस प्रदेशका शासकका साथै भौगोलिक सीमा पनि परिर्वतन हुँदै गए । नेपाल एकीकरण हुनुअघि यो प्रदेश मकवानपुर राज्यको अधीनमा थियो । मकवानपुरका राजा मानिक सेनले जानकी मन्दिरका लागि १४०० बिगाहा जमिन उपलब्ध गराएका थिए । वि. स. १८८२ मा अमरसिंह थापाले पेगोडा शैलीमा राम मन्दिरको निर्माण गरेका थिए भने वि. स. १९५० मा टिकमगढकी महारानी वृषभानुदेवीले ९ लाख रुपियाँ लगाएर हालको भव्य मुगलकालीन शैली झल्किने जानकी मन्दिर निर्माण गराएकी हुन् । भारतको सीमावर्ती सहर जयनगरसम्म पुग्ने नेपालको एक मात्र रेल्वे सेवाले पनि यस जिल्लाको महत्त्वलाई बढाएको छ ।

राजनीतिक रूपमा यस जिल्लामा ११ वटा नगरपालिका रहेका छन् र ती नगरपालिकाहरूमा विदेह नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, धनुषाधाम नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, हंसपुर नगरपालिका, कमला नगरपालिका, मिथिला बिहारी नगरपालिका, मिथला नगरपालिका, नगराइन नगरपालिका, सबैलो रपालिका र सहिदनगर नगरपालिका पर्दछन् । यसैगरी यस जिल्लामा ६ वटा गाउँपालिका रहेका छन् र ती गाउँपालिकाहरूमा औरही गाउँपालिका, वटेश्वर गाउँपालिका, धनौजी गाउँपालिका, जनकनन्दिनी गाउँपालिका, लक्ष्मिनिया गाउँपालिका र मुखयापट्टी मुसहनिया गाउँपालिका रहेका छन् भने यस जिल्लामा एउटा मात्र उपमहानगरपालिकामा जनकपुर उपमहानगरपालिका रहेको छ । यस जिल्लामा वडा सङ्ख्या १६९, मतदानस्थल सङ्ख्या ३२७, मतदानकेन्द्र सङ्ख्या ५३२, मतदाता सङ्ख्या महिला २०२८९१ र पुरुष १८६४९४ र तेली ६ गरी कुल मतदाता ३८९३९१, निर्वाचित पदाधिकारी सङ्ख्या सभा ९२९, कार्यपालिका ३३७ र जिल्ला समन्वय समिति १ रहेका छन् ।

२०६८ को जनगणनाअनुसार धनुषा जिल्लाको कुल जनसङ्ख्या ७५४७७७ रहेकामध्ये महिला ३७६२३९ र पुरुष ३७८५३८, घरधुरी सङ्ख्या १३८२४९ मध्ये महिलाको २७३४६ र पुरुषको ११०९०३  रहेका छन् । यस जिल्लामा स्थानीय तह १८ वटा रहेकामा स्थानीय निर्वाचन २०७४ मा प्रमुख र अध्यक्ष  १८ वटा पदमा २३४ पुरुष र ९ महिला  गरी २४३ जना उम्मेदवार रहेका थिए जसमा १८ जना पुरुष मात्र निर्वाचित भए । यसै गरी उपप्रमुख

र उपाध्यक्ष १८ पदमा महिला ११७ र पुरुष २५ गरी जम्मा १४२ जना उम्मेदवार रहेका थिए  जसमा १८ जना महिला निर्वाचित भए । यस जिल्लामा वडा सङ्ख्या १६९ रहेकामा ११११ पुरुष र २४ महिला गरी ११३५ जना वडा अध्यक्ष पदका लागि उम्मेदवार बनेका थिए जसमा १६८ जना पुरुष र १ जना महिला मात्र वडा अध्यक्षमा निर्वाचित भए । यसै गरी अन्य (खुला ) वडा सदस्य ३३८ जनामा १६६४ पुरुष र ४६ जना महिला गरी १७१० जना उम्मेदवार रहेका थिए जसमा पुरुष ३३४ जना र महिला ४ जना मात्र निर्वाचित भए । यसरी प्रमुख र अध्यक्ष पदमा कुनै पनि महिला निर्वाचित भएनन् । वडा अध्यक्ष र अन्य (खुला) वडा सदस्यमा एकदमै न्यून सङ्ख्यामा महिला निर्वाचित भए (स्थानीय निर्वाचन एक झलक २०७४, पृ. १-४) ।

राजनीतिमा महिलाको सहभागिता र प्रतिनिधित्वबारे केही विचारक र तिनका विचारलाई तल प्रस्तुत गरिएको छ :

योगेन्द्र पंजियार - महिला आरक्षणसम्बन्धी कोटा प्रणालीमा थप कोटाको व्यवस्था गरी आदिवासी जनजाती, मधेसी, पिछडा वर्ग अल्पसङ्ख्यक, दलित, मुस्लिमलाई कोटा प्रणालीमा समावेश गर्नुपर्दछ (योगेन्द्र पंजियार, कार्तिक ५, २०७६) । पजियारले राजनीतिमा महिलाको सहभागिता बढाउनुपर्ने कुरामा जोड दिएका छन् ।

रामचन्द्र साह - महिला आरक्षणसम्बन्धी व्यवस्थामा जनजाति, मधेसी, पिछडा वर्गसमेत समेटेर कोटा प्रणालीमा सहभागी गराउनुपर्छ (रामचन्द्र साह, कार्तिक ५, २०७६) । साहले महिलालगायत अन्य सीमान्तकृत वर्गका लागि कोटा बढाउनुपर्ने कुरामा जोड दिएका छन् ।

हरिनारायण महतो - स्थानीय तह निर्वाचनमा महिलाको राजनीतिक आरक्षणसम्बन्धी विधमान व्यवस्थामा सुधार गरी महिला कोटामा दलित नभएका अवस्थामा अन्य समुदायबाट महिलालाई सहभागी गराउनुपर्दछ । महिलाका लागि राजनीतिक तालिमको व्यवस्था हुनुपर्दछ । मधेसी महिलालाई जनचेतनामार्फत राजनीतिमा सक्षम बनाउनुपर्दछ (हरिनारायण महतो, कार्तिक ५, २०७६) । महतोले राजनीतिमा महिलाको सहभागिता बढाउनाका साथै उनीहरूका लागि आवश्यक तालिमको व्यवस्था हुनुपर्ने कुरामा जोड दिएका छन् ।

ममता चौधरी - महिला आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी महिला कोटा थप गरी सबै जातजातिलाई समानुपातिक रूपले कोटामा समेटनुपर्दछ (ममता चौधरी, कार्तिक ६, २०७६) । चौधरीले महिला आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी उनीहरूका लागि कोटा थप्नुपर्ने कुरा बताएकी छन् ।

अनीता परियार - महिला कोटा प्रणालीमा सुधार हुनुपर्दछ । महिलालाई राजनीतिक तालिमद्वारा सक्षम बनाउनुपर्दछ (अनीता परियार, कार्तिक ४, २०७६) । परियारले महिला कोटा बढाई उनीहरूलाई आवश्यक तालिम दिई सक्षम बनाउनुपर्ने आवाज उठाएकी छन् ।

रचना माथेमा - स्थानीय निर्वाचनसम्बन्धी आरक्षण व्यवस्थामा सुधार गरी राजनैतिक रूपमा महिलालाई विभिन्न तालिमहरू दिई सक्षम बनाउनुपर्दछ । सक्षम महिलाहरूको नेतृत्वको मूल्याङ्कनलाई आधार मानेर पार्टीले नेतृत्वसम्बन्धी सिफारिस गर्नुपर्दछ । (रचना माथेमा, कार्तिक ५, २०७६) । माथेमाले स्थानीय तहको निर्वाचनामा महिला सहभागिता बढाउनाका साथै उनीहरूलाई तालिम दिएर सक्षम बनाउनुपर्ने कुरामा जोड दिएकी छन् ।

**५.१.१.३ बाँके जिल्ला**

नेपाल राज्यको साविक मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रसिद्ध ऐतिहासिक स्थल बाँके जिल्ला भेरी अञ्चलमा पर्ने तराईको जिल्ला हो । यो हाल राज्यको पुनःसंरचनाबमोजिम ५ नं. प्रदेशमा रहेको छ । बाँके जिल्लाको दक्षिण भाग भारतीय सीमा उत्तर प्रदेशको बहराइच जिल्लासँग जोडिएको छ । यस जिल्लाको क्षेत्रफल २३३७ व. कि. मि. रहेको छ । यस जिल्लाको पूर्वपश्चिम लम्बाइ करिब ८४ कि. मि., उत्तरदक्षिण चौडाइ करिब ४० कि. मि. भएको अनुमान गरिएको छ । तराईको समथर भूमि, उत्तरको भावर प्रदेश र चुरे पर्वत यस जिल्लाका भौगोलिक विशिष्टता हुन् ।

बाँके जिल्ला समुन्द्री सतहबाट १२९ मिटरदेखि १२९० मिटर उचाइमा अवस्थित रहेको भए पनि नेपालगञ्ज सहर १६५ मिटर उचाइमा रहेको छ । नेपालगञ्ज १० गजा भारतीय सीमासँग जोडिएको र महेन्द्र राजमार्ग कोहलपुरबाट १० कि. मि. दक्षिणमा पर्छ । यस जिल्लाको उत्तरमा दाङ र सल्यान, दक्षिणमा भारत, पूर्वमा दाङ र भारतीय सीमाना तथा पश्चिमा बर्दिया जिल्लाको सीमाना पर्दछ । यहाँको हावापानी उष्णदेखि समशीतोष्ण रहेको छ । (स्थानीय निर्वाचन एक झलक २०७४, पृ. १) यसरी यसमा नेपालको तराई क्षेत्रको सीमानाका बारेमा उल्लेख गरिएको छ ।

राजनीतिक रूपमा यस जिल्लामा दुई वटा नगरपालिका रहेका छन् र तिनमा नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिका पर्दछन् भने यस जिल्लामा ६ वटा गाँउपालिका रहेका छन् र तिनमा राप्तीसोनारी, बैधनाथ, खजुरा, डडुवा, जानकी र नरैनापुर गाउँपालिका रहेका छन् । त्यसै गरी यस जिल्लामा वडा सङ्ख्या ८१, मतदानस्थल सङ्ख्या १३६, मतदानकेन्द्र २९५, मतदाता सङ्ख्या महिला १२००९७, पुरुष १२६००५ र तस्रो लिङ्गी १ गरी कुल मतदाता सङ्ख्या २४६१०३ रहेका छन् । निर्वाचित पदाधिकारी सङ्ख्या सभा ४३९, कार्यपालिका १४९ र जिल्ला समन्वय समितिका निर्वाचित पदाधिकारी सङ्ख्या ९ जना रहेका छन् । बाँके जिल्लामा ३ वटा प्रतिनिधि सभा क्षेत्र र ६ वटा प्रदेश सभा क्षेत्र कायम रहेका छन् । यस जिल्लाको आवादी क्षेत्र ४०.७७ प्रतिशत, वन क्षेत्र ५०.१७ प्रतिशत र अन्य चटान वनजर, नदी आदि ९.०६ प्रतिशत रहेको छ । २०६८ सालको जनगणनाअनुसार कुल जनसङ्ख्या ४९१३१३ मध्ये महिला २४७०५८ र पुरुष २४४२५५ रहेका छन् भने घरधुरी सङ्ख्या ९४७७३ मध्ये महिलाको २११३३ र पुरुषको ७३६४० रहेका छन् । जनसङ्ख्या वृद्धिदर २.४४ रहेको छ भने साक्षरता ६५ प्रतिशत रहेको छ ।

नेपालको ऐतिहासिक पूर्वमध्लकाल अर्थात् ११ औं शताब्दीमा कर्णाली खस मल्ल राज्यको अधीन र सोपश्चात् १४ औं शताब्दीमा खस राज्यको पतन भएपछि दैलेख राज्यको अधीनमा रहेको देखिन्छ भने नेपाल र इस्टइण्डिया कम्पनीबिच भएको युद्ध (इ. स. १८१६) पश्चात् सन् १८८९ को सुगौली सन्धिको अभिधारा ३ क अनुसार राप्ती नदीदेखि महाकाली नदीसम्मको समथर इलाकाको भूभाग नेपालले इस्टइन्डिया कम्पनीलाई सुम्पेको थियो । नेपालले इस्टइन्डिया कम्पनी सरकारलाई सैनिक सहयोग गरेको हुँदा पुस्कारस्वरूप प्राप्त गरेको देखिन्छ । पृथ्वी वीरविक्रम शाहको राज्यकाल र वीरशमसेरको प्रधानमन्त्रीत्व कालमा तराईका जिल्लाहरूको प्रशासनिक सुधार हुँदा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरूको प्रशासनिक केन्द्र नेपालगञ्ज भएकाले यसको महत्त्व बढ्दै गयो ।

यस जिल्लामा स्थानीय तह ८ वटा रहेकामा स्थानीय निर्वाचन २०७४ मा प्रमुख र अध्यक्ष ८ वटा पदमा ७२ पुरुष र ८ महिला गरी ८० जना उम्मेदवार रहेका थिए जसमा ८ जना पुरुष मात्र निर्वाचित भए । यसै गरी उपप्रमुख र उपाध्यक्ष ८ पदमा महिला ५५ र पुरुष ७ गरी ६२ जना उम्मेदवार रहेका थिए जसमा ८ जना महिला निर्वाचित भए । यस जिल्लामा वडा सङ्ख्या ८१ रहेकामा ४७४ पुरुष र ३५ महिला गरी ५०९ जना वडा अध्यक्षका उम्मेदवार रहेका थिए जसमा ८१ जना पुरुष मात्र वडा अध्यक्षमा निर्वाचित

भयो । यसै गरी अन्य (खुला) वडा सदस्य १६२ जनामा ८३० पुरुष र ३७ जना महिला गरी ८६७ जना उम्मेदवार रहेका थिए  जसमा पुरुष १५९ जना र महिला ३ जना मात्र निर्वाचित भए । यसरी प्रमुख र अध्यक्ष पदमा कुनै पनि महिला निर्वाचित भएनन् (स्थानीय निर्वाचन एक झलक २०७४, पृ. १-२) । यसमा तराईका स्थानीय तहमा महिलाहरू के कति निर्वाचित भए भन्नेबारेमा जानकारी महत्त्वपूर्ण  रहेको छ ।

जस अनुसार राजनीतिमा महिलाको सहभागिता र प्रतिनिधित्वबारे केही उल्लेखनीय विचारलाई तल प्रस्तुत गरिएको छ :

रामनिवास यादव - स्थानीय तह निर्वाचनमा महिलाको आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी महिलाहरूलाई राजनीतिक तालिमको व्यवस्था गर्नुपर्दछ । महिलाहरूलाई दबाइएकाले र उनीहरूलाई पछाडि पारिएकाले ५१ प्रतिशत महिलाहरूको राजनीतिमा सहभागिताको व्यवस्था हुनुपर्दछ (रामनिवास यादव, फागुन १८, २०७६) । यादवले स्थानीय तहमा महिलाको सहभागिता बढाउनुपर्ने कुरामा जोड दिएका छन् ।

मीना शेख - स्थानीय तह निर्वाचनमा महिलाको राजनीतिक आरक्षणसम्बन्धी व्यवस्थामा समावेशी रूपमा सबैलाई समेटने गरी सुधार हुनुपर्दछ । शिक्षामा जोड दिई विभिन्न किसिमका राजनीतिक जनचेतना र तालिमहरूको व्यवस्थाद्वारा सक्षम बनाई राजनीतिमा सहभागी गराउनुपर्दछ (मीना शेख, फागुन १९, २०७६) । शेखले स्थानीय तहमा महिलाको सहभागिता बढाउनका लाई आरक्षणको व्यवस्था गर्नुपर्ने कुरा बताएकी छन् ।

माया कनोजिया - राजनीतिक पार्टीहरूद्वारा राजनीतिसम्बन्धी तालिमको व्यवस्था गराउनुपर्दछ । महिला नेतृत्वको विशेष तालिमको व्यवस्था हुनु र पुरुषहरूले महिलालाई सहयोग पुऱ्याउनु जरुरी छ (माया कनोजिया, फागुन १९, २०७६) । कनोजियाले सबै राजनीतिक पार्टीहरू स्थानीय तहको नेतृत्वमा महिलालाई पुऱ्याउनका लागि पहल गर्नुपर्ने कुरामा जोड दिएकी छन् ।

सोनी केवट - स्थानीय निर्वाचनमा सबै जातजातिहरूलाई समानुपातिक रूपमा सहभागी गराउनुपर्दछ । शिक्षामा जोड दिनुपर्दछ (सोनी केवट, फागुन १९, २०७६) । केवटले स्थानीय निर्वाचनमा सबै जातजातिको समान प्रतिनिधित्व हुनुपर्ने कुरामा जोड दिएकी छन् ।

खुसीरानी बाँनिया - महिला शिक्षामा जोड दिनुपर्दछ । महिला सहभागितामा सकारात्मक परिर्वतन भए तापनि नेतृत्वमा महिलाको कमी रहेका नेतृत्वमा आउन

महिलालाई अवसर दिनुपर्दछ (खुसीरानी बाँनिया, फागुन १८, २०७६) । बाँनियाले महिला शिक्षामा जोड दिई स्थानीय तहको नेतृत्वमा आउनका लागि महिलालाई अवसर दिनुपर्ने कुरा बताएकी छन् ।

इशतियाक अहमद शाह - स्थानीय तह निर्वाचनमा महिलाको राजनीतिक आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा सुधार गरी समावेशी रूपमा सहभागी गराउनुपर्दछ । जनसङ्ख्याका आधारमा अधिकारसहितको सहभागिता हुनुपर्दछ (इशतियाक अहमद शाह, फागुन १८, २०७६) । शाहले आरक्षणको व्यवस्था मिलाई महिलाहरूलाई राजनीतिमा आउने सहज वातावरण मिलाउनुपर्ने कुरामा जोड दिएका छन् ।

सुरेन्द्र गुप्ता - आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी महिलालाई स्थानीय तहमा अगाडि बढ्न विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रममार्फत सक्षम बनाई स्थानीय निकायमा सहभागी हुने अवसर दिनुपर्दछ (सुरेन्द्र गुप्ता, फागुन १८, २०७६) । गुप्ताले स्थानीय तहमा महिलालाई सहभागी गराउन विभिन्न कार्यक्रममार्फत सक्षम बनाउनुपर्दछ भन्ने कुरा बताएका छन् ।

कमरुदीन राई - स्थानीय निर्वाचनमा महिलाको राजनीतिक आरक्षणसम्बन्धी व्यवस्थामा सुधार हुनुपर्दछ । महिलाका लागि राजनीतिक तालिमको व्यवस्था हुनुपर्दछ । महिलालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ । शिक्षामा जोड दिई पूर्ण रूपमा स्नातकसम्म शिक्षा निःशुल्क हुनुपर्दछ । नेतृत्व तहमा महिला र पुरुषलाई आलोपालो नेतृत्वको अवसर दिनुपर्दछ । निर्वाचित महिला प्रतिनिधित्वले अरूको निर्देशनमा होइन, निर्णय आफैँ स्वयम्ले लिनुपर्दछ (कमरुदीन राई, फागुन १९, २०७६) । राईले महिलाका लागि हरेक क्षेत्रमा सहभागी हुने वातावरण मिलाउनुपर्दछ भन्ने कुरामा जोड दिएका छन् ।

## ५.२ नेपालका तराईको स्थानीय तह तथा मतदाता र सहभागी महिला

नेपालमा जम्मा स्थानीय तहको सङ्ख्या ७५३ रहेको छ र तीमध्ये तराईमा २७६ स्थानीय तह रहेका छन् । नेपालका ६ वटा महानगरपालिका रहेकामा तीमध्ये ३ वटा महानगरपालिका तराईमा नै रहेका छन् । उपमहानगरपालिका नेपालमा ११ वटा रहेकामध्ये १० वटा तराईमा नै रहेका छन् । नगरपालिका नेपालमा जम्मा २७६ रहेका छन् र तीमध्ये १४२ तराईमा नै रहेका छन् । यसै गरी गाउँपालिका ४६० रहेकामा तीमध्ये १२१ तराईमै रहेका छन् । नेपालमा वडाहरू जम्मा ६७४३ रहेकामा तीमध्ये २६५३ वटा वडाहरू तराईमा रहेका छन् ।

नेपालको जनगणना २०६८ अनुसार नेपालको कुल जनसङ्ख्या २६४९४५०४ मध्ये महिला १३६४५४६३ र पुरुष १२८४९०४१ रहेकामा नेपालको तराईमा १३३१८७०५ सङ्ख्यामध्ये महिला ६७७२३२३ र पुरुष ६५४७३८२ रहेका देखिन्छन् । नेपालको तराईमा मतदाता सङ्ख्या ६९२४७५१ रहेको देखिन्छ जसमा महिला ३४१०९२६, ते. लि. ९३ र पुरुष ३५१३७३५ रहेका देखिन्छन् । यसरी हेर्दा जनसङ्ख्या पुरुषभन्दा महिलाको बढी देखिन्छ तर मतदातासङ्ख्यालाई हेर्दा पुरुषभन्दा महिला कम देखिन्छन् ।

**तालिका नं. ५.१**

तराईमा रहेको स्थानीय तहको सङ्ख्या

| क्र.स. | जिल्ला | स्थानीय | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाँउपालिका | वडा |
|---|---|---|---|---|---|---|---|
| १ | झापा | १५ | -------------- | ---------------- | ८ | ७ | १३१ |
| २ | मोरङ | १७ | १ | -------------- | ८ | ८ | १५९ |
| ३ | सुनसरी | १२ | -------------- | २ | ६ | ४ | १२४ |
| ४ | सप्तरी | १८ | -------------- | ---------------- | ९ | ९ | १६४ |
| ५ | सिरहा | १७ | -------------- | ---------------- | ८ | ९ | १६४ |
| ६ | धनुषा | १८ | -------------- | १ | ११ | ६ | १६९ |
| ७ | महोतरी | १५ | -------------- | ---------------- | १० | ५ | १३८ |
| ८ | सर्लाही | २० | -------------- | ---------------- | ११ | ९ | २०० |
| ९ | रौतहट | १८ | -------------- | ---------------- | १६ | २ | १५७ |
| १० | बारा | १६ | ------------- | २ | ५ | ९ | १६७ |
| ११ | पर्सा | १४ | १ | ---------------- | ३ | १० | ११२ |
| १२ | चितवन | ७ | १ | ---------------- | ५ | १ | ९८ |
| १३ | नवलपरासी | १५ | -------------- | ---------------- | ७ | ८ | १६६ |
| १४ | रुपन्देही | १६ | -------------- | १ | ५ | १० | १५५ |
| १५ | कपिलवस्तु | १० | -------------- | ---------------- | ६ | ४ | ७५ |
| १६ | दाङ | १० | --------------- | २ | १ | ७ | ८१ |
| १७ | बाँके | ८ | -------------- | १ | १ | ६ | १०० |
| १८ | बर्दिया | ८ | --------------- | ---------------- | ७ | १ | ७५ |
| १९ | कैलाली | १३ | --------------- | १ | ८ | ४ | १२६ |
| २० | क्न्चनपुर | ९ | --------------- | ---------------- | ७ | २ | ९२ |
| जम्मा | | २७६ | ३ | १० | १४२ | १२१ | २६५३ |

स्थानीय तह निर्वाचन २०७४ एक झलक ।

## तालिका नं.५.२

तराईको  जनसङ्ख्या र मतदाताको लैङ्गिक सङ्ख्या

| क्र. स. | जिल्ला | जनसङ्ख्या | | | मतदाता सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | ते.लि. | जम्मा |
| १ | झापा | ४२७५५४ | ३८५०९६ | ८१२६५० | २५६७९८ | २५३४१५ | ३ | ५१०२१३ |
| २ | मोरङ | ४९८६५८ | ४६६७१२ | ९६५३७० | २८३००५ | २९१४९४ | १ | ५७४५०० |
| ३ | सुनसरी | ३९२२५८ | ३७१२२९ | ७७६३४८७ | १६५१७७ | १४८५६५ | ० | ३१३७४२ |
| ४ | सप्तरी | ३२५४३८ | ३१३८४६ | ६३९२८४ | १६०७७० | १७०८८८ | २१ | ३३१६७९ |
| ५ | सिरहा | ३२७२२७ | ३१०१०१ | ६३७३२८ | १५६९५४ | १७५८१५ | १ | ३३२७७० |
| ६ | धनुषा | ३७६२३९ | ३७८५३८ | ७५४७७७ | २०२८९१ | १८६४९४ | ६ | ३८९३९१ |
| ७ | महोत्तरी | ३१६५६४ | ३११०१६ | ६२७५८० | १४४९३१ | १६३४७७ | १ | ३०८४०९ |
| ८ | सर्लाही | ३७९९७३ | ३८९७५६ | ७६९७२९ | १६८५३१ | १९८०६४ | ५ | ३६६६०० |
| ९ | रौतहट | ३५१०७९ | ३३५६४३ | ६८६७२२ | १७५०६४ | १४५९५४ | ० | ३२१०१८ |
| १० | बारा | ३३६४६४ | ३५१२४४ | ६८७७०८ | १५०२९५ | १८४४४१ | १० | ३३४७४६ |
| ११ | पर्सा | २८८६५९ | ३१२३५८ | ६०१०१७ | १२०९११ | १५९२८६ | १५ | २८०२१२ |
| १२ | चितवन | ३००८९७ | २७९०८७ | ५७९९८४ | १६२२५१ | १५०७५१ | १ | ३१३००३ |
| १३ | नवलपरासी | ३३९८३३ | ३०३६७५ | ६४३५०८ | १८९५७० | १८०३१७ | ८ | ३६९८९५ |
| १४ | रूपन्देही | ४४८००३ | ४३२१९३ | ८८०१९६ | २२२१११ | २४०४३३ | ५ | ४६२५४९ |
| १५ | कपिलवस्तु | २८६३३७ | २८५५९९ | ५७१९३६ | १२९९४० | १५६६०६ | ० | २८६५४६ |
| १६ | दाङ | २९१५२४ | २६१०५९ | ५५२५८३ | १४७७१४ | १४३४५६ | २ | २९११७२ |
| १७ | बाँके | २४७०५८ | २४४२५५ | ४९१३१३ | १२००९७ | १२६००५ | १ | २४६१०३ |
| १८ | बर्दिया | २२१४९६ | २०५०८० | ४२६५७६ | १२८२१८ | १२४९६५ | ५ | २५३१८८ |
| १९ | कैलाली | ३९७२९२ | ३७८४१७ | ७७५७०९ | २०५३८६ | १९७८८७ | ७ | ४०३२८० |
| २० | कञ्चनपुर | २३५२०६ | २१६०४२ | ४५१२४८ | १२०३१२ | ११५४२२ | १ | २३५७३५ |
| | जम्मा | ६७७२३२३ | ६५४७३८२ | १३३१८७०५ | ३४१०९२६ | ३५१३७३५ | ९३ | ६९२४७५१ |

स्रोत : केन्द्रीय तथ्याङ्क ब्युरो (२०६८) नेपाल सरकार, स्थानीय निर्वाचन २०७४ एक झलक निर्वाचन आयोग

## ५.३ तराईको स्थानीय निर्वाचन २०७४ मा लैङ्गिक प्रतिनिधित्व

**तालिका नं.५.३**

तराईको स्थानीय निर्वाचन २०७४ मा सहभागी लैङ्गिक प्रतिनिधि

| क.स. | जिल्ला | मनोनयन दर्ता सङ्ख्या | उम्मेदवारी फिर्ता | | उम्मेदवारी रद्द | अन्तिम उम्मेदवार | निर्विरोध | निर्वाचित |
|---|---|---|---|---|---|---|---|---|
| | | | नाम फिर्ता | दावी / विरोध | | | | |
| १ | झापा | १६०१ | १५ | ० | २ | ३३४० | ० | ६८४ |
| २ | मोरङ | ४३९६ | ४३ | ० | २ | ४३५१ | ० | ८२९ |
| ३ | सुनसरी | ३५२४ | ४४ | ० | २ | ३४५१ | १ | ६४३ |
| ४ | सप्तरी | ५६३३ | १०३ | ० | १ | ५५२९ | ० | ८५५ |
| ५ | सिरहा | ४७२५ | ५८ | ० | २ | ४६६५ | ० | ८५३ |
| ६ | धनुषा | ४८९२ | ८० | ० | ३ | ४८०९ | १ | ८७९ |
| ७ | महोत्तरी | ४३६५ | ६५ | ० | ९ | ४२९१ | १ | ७१९ |
| ८ | सर्लाही | ५३३० | १०६ | ० | ११ | ५२१३ | ३ | १०३६ |
| ९ | रौतहट | ४४८५ | ४० | ० | १७ | ४४२८ | १ | ८१९ |
| १० | बारा | ४८४४ | ५३ | ० | १ | ४७९० | १ | ८६४ |
| ११ | पर्सा | ३५६७ | ४३ | ० | १ | ३५२३ | १ | ५८५ |
| १२ | चितवन | २२३४ | ३० | ० | १ | २२०३ | १ | ५०० |
| १३ | नवलपरासी | ३५११ | ८७ | ० | ० | ३४२४ | ५ | ८५५ |
| १४ | रुपन्देही | ४५९७ | ३३ | ० | १ | ४५६३ | ० | ८०७ |
| १५ | कपिलवस्तु | ३१६२ | २५ | ० | ० | ३१३७ | ० | ५०० |
| १६ | दाङ | २४०५ | २१ | ० | २ | २३८२ | ० | ५२० |
| १७ | बाँके | २३८४ | २७ | ० | ० | २३५० | ० | ४२१ |
| १८ | बर्दिया | १९५५ | १३ | ० | १ | १९४१ | ० | ३९१ |
| १९ | कैलाली | ३४९३ | ४० | ० | ५ | ३४४७ | १ | ६५४ |
| २० | कञ्चनपुर | २३०८ | १५ | ० | १ | २२९० | ० | ४७८ |
| | जम्मा | ६३४११ | ९४१ | ० | ६२ | ७४१५४ | १६ | १३८९२ |

निर्वाचन परिणाम पुस्तक २०७४ निर्वाचन आयोग

तराईको स्थानीय निर्वाचन २०७४ मा मनोनयन दर्ता गर्नेको सङ्ख्या ६३११ रहेकामा ९४१ ले नाम फिर्ता लिएको देखिन्छ भने  दाबीविरोध नभएको उम्मेदवारी रद्द सङ्ख्या ६२ रहेको देखिन्छ अनि अन्तिम उम्मेदवार सङ्ख्या ७४१५४ मध्ये १६ जना निर्विरोध र १३८९२ गरी जम्मा १३९०८ निर्वाचित भएको देखिन्छ ।

**तालिका नं. ५.४**

तराईको स्थानीय निर्वाचन २०७४ मा सहभागी उम्मेदवार र निर्वाचित प्रतिनिधि

| **क.स.** | **जिल्ला** | **अन्तिम उम्मेदवार सङ्ख्या** | | | | **निर्वाचित उम्मेदवार सङ्ख्या** | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **महिला** | **पुरुष** | **ते. लि.** | **जम्मा** | **महिला** | **पुरुष** | **ते. लि.** | **जम्मा** |
| १ | झापा | १२७९ | २०६१ | ० | ३३४० | २८२ | ४०२ | ० | ६८४ |
| २ | मोरङ | १६९८ | २६५३ | ० | ४३५१ | ३४२ | ४८७ | ० | ८२९ |
| ३ | सुनसरी | १४०४ | २०७४ | ० | ३४७८ | २६४ | ३८० | ० | ६४४ |
| ४ | सप्तरी | २२९३ | ३२२६ | ० | ५५१९ | ३५९ | ४९६ | ० | ८५५ |
| ५ | सिरहा | १८७९ | २७८६ | ० | ४६६५ | ३४८ | ५०५ | ० | ८५३ |
| ६ | धनुषा | १७७५ | ३०३४ | ० | ४८०९ | ३६० | ५२० | ० | ८८० |
| ७ | महोत्तरी | १६२६ | २६६५ | ० | ४२९१ | २९५ | ४२५ | ० | ७२० |
| ८ | सर्लाही | १९८४ | ३२२९ | ० | ५२१३ | ४३० | ६०९ | ० | १०३९ |
| ९ | रौतहट | १६१८ | २८१० | ० | ४४२८ | ३३५ | ४८५ | ० | ८२० |
| १० | बारा | १९०० | २८९० | ० | ४७९० | ३५९ | ५०६ | ० | ८६५ |
| ११ | पर्सा | १३१२ | २२२१ | ० | ३५३३ | २३८ | ३४८ | ० | ५८६ |
| १२ | चितवन | ९०२ | १३०१ | ० | २२०३ | २१० | २९१ | ० | ५०१ |
| १३ | नवलपरासी | १३९४ | २०२९ | १ | ३४२४ | ३६० | ५०० | ० | ८६० |
| १४ | रूपन्देही | १७६१ | २८०१ | १ | ४५६३ | ३३४ | ४७३ | ० | ८०७ |
| १५ | कपिलवस्तु | १०७८ | २०५९ | ० | ३१३७ | २०२ | २९८ | ० | ५०० |
| १६ | दाङ | ९५४ | १४२८ | ० | २३८२ | २१६ | ३०४ | ० | ५२० |
| १७ | बाँके | ९६७ | १३८३ | ० | २३५० | १७३ | २४८ | ० | ४२१ |
| १८ | बर्दिया | ८०३ | ११३८ | ० | १९४१ | १६१ | २३० | ० | ३९१ |
| १९ | कैलाली | १४६९ | १९७८ | ० | ३४४७ | २६५ | ३९१ | ० | ६५६ |
| २० | कञ्चनपुर | ९५९ | १३३१ | ० | २२९० | १९५ | २८३ | ० | ४७८ |
| | जम्मा | २९०५५ | ४५०९७ | २ | ७४१५४ | ५७२८ | ८१८१ | ० | १३९०९ |

स्रोत : निर्वाचन आयोग, २०७४

तराईमा स्थानीय निर्वाचन २०७४ मा अन्तिम उम्मेदवार सङ्ख्या ७४१५४ रहेको देखिन्छ जसमा महिला २९०५५ पुरुष ४५०९७, ते. लि. २ रहेका छन् भने निर्वाचित उम्मेदवार १३९०८ मध्ये महिला ५७२८ र पुरुष ८१८१ रहेका छन् । यसरी हेर्दा पुरुष उम्मेदवारभन्दा महिला उम्मेदवार कम रहेको देखिन्छ । निर्वाचित उम्मेदवारमा पनि पुरुषका तुलनामा निर्वाचित महिला उम्मेदवारको सङ्ख्या न्यून रहेको देखिन्छ ।

## ५.४ तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला प्रतिनिधि

**तालिका नं. ५.५**

तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला प्रतिनिधिहरूको सङ्ख्या

| क. स. | जिल्ला | प्रमुख / अध्यक्ष | | उपप्रमुख / उपाध्यक्ष | | वडा अध्यक्ष | | सदस्य | | महिला सदस्य | | दलित महिला सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | खाली | म. | खाली |
| १ | झापा | १ | १४ | १२ | ३ | ३ | १२८ | ५ | २५७ | १३१ | | १३० | १ |
| २ | मोरङ | | १७ | १७ | | | १५९ | ७ | ३११ | १५९ | | १५९ | |
| ३ | सुनसरी | | १२ | १२ | | | १२४ | ४ | २४४ | १२४ | | १२४ | |
| ४ | सप्तरी | | १८ | १८ | | १ | १६३ | १३ | ३१५ | १६४ | | १६३ | १ |
| ५ | सिरहा | | १७ | १७ | | १ | १६३ | ३ | ३२५ | १६४ | | १६३ | १ |
| ६ | धनुषा | | १८ | १८ | | १ | १६८ | ४ | ३३४ | १६९ | | १६८ | १ |
| ७ | महोत्तरी | | १५ | १५ | | | १३८ | ४ | २७२ | १३८ | | १३८ | |
| ८ | सर्लाही | | २० | २० | | १ | १९९ | १० | ३९० | २०० | | १९९ | १ |
| ९ | रौतहट | २ | १६ | १७ | १ | १ | १५६ | २ | ३१२ | १५७ | | १५६ | १ |
| १० | बारा | | १६ | १६ | | १ | १६६ | १० | ३२४ | १६७ | | १६५ | २ |
| ११ | पर्सा | | १४ | १२ | २ | ३ | १०९ | १ | २२३ | ११२ | | ११० | २ |
| १२ | चितवन | ३ | ४ | ५ | २ | २ | ९६ | ७ | १८९ | ९८ | | ९५ | ३ |
| १३ | नवलपरासी (पूर्व) | २ | ६ | ७ | १ | १ | ९१ | ६ | १७८ | ९२ | | ९२ | |
| १४ | नवलपरासी (पश्चिम) | | ७ | ६ | १ | १ | ७३ | ५ | १४३ | ७४ | | ७४ | |
| १५ | रूपन्देही | | १६ | १६ | | | १५५ | ८ | ३०२ | १५५ | | १५५ | |
| १६ | कपिलवस्तु | | १० | ९ | १ | | ९६ | १ | १९१ | ९६ | | ९६ | |
| १७ | दाङ | | १० | १० | | | १०० | ६ | १९४ | १०० | | १०० | |
| १८ | बाँके | | ८ | ८ | | | ८१ | ३ | १५९ | ८१ | | ८१ | |
| १९ | बर्दिया | | ८ | ८ | | ३ | ७२ | | १५० | ७५ | | ७५ | |
| २० | कैलाली | | १३ | १३ | | | १२६ | | २५२ | १२६ | | १२६ | |
| २१ | कञ्चनपुर | | ९ | ९ | | | ९२ | २ | १८२ | ९२ | | ९२ | |
| | जम्मा | ८ | २६८ | २६५ | ११ | १९ | २६५५ | १०१ | ५२४७ | २६७४ | | २६६१ | १३ |

स्रोत : निर्वाचन आयोग

तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित प्रतिनिधिको सङ्ख्या हेर्दा प्रमुख तथा अध्यक्षमा ८ जना महिला मात्र निर्वाचित भएको देखिन्छ भने निर्वाचित पुरुष भने २६८ जना रहेका छन् । यसै गरी उपाध्यक्षमा २६५ जना महिला निर्वाचित भएको देखिन्छ भने निर्वाचित पुरुष ११ जना रहेको देखिन्छ । वडा अध्यक्षमा  महिला १९ जना मात्र निर्वाचित भएको देखिन्छ भने पुरुष २६५५ जना निर्वाचित भएको देखिन्छ । वडा सदस्यमा महिला १०१ जना मात्र निर्वाचित भएको देखिन्छ भने पुरुष ५२४७ जना निर्वाचित भएको देखिन्छ । महिला सदस्य २६७४ जना निर्वाचित भएको देखिन्छ भने दलित महिला सदस्य २६६१ जना रहेको देखिन्छ । १३ जना दलित महिला सदस्य खाली रहेको देखिन्छ । यसरी हेर्दा नेपालको तराईमा महिलाको सहभागिता पुरुषभन्दा कम रहेको देखिन्छ भने नेतृत्व तहमा महिलाको सङ्ख्या न्यून रहेको देखिन्छ ।

**तालिका नं. ५.६**

तराईको महानगरपालिकामा लैङ्गिक प्रतिनिधित्व

| **पद** | **वि.सं. २०७४** | | | |
|---|---|---|---|---|
| | **महिला** | **%** | **पुरुष** | **%** |
| प्रमुख | १ | २५ | ३ | ७५ |
| उपप्रमुख | ३ | १०० | ० | ० |
| वडा अध्यक्ष | २ | १.९० | १०३ | ९८.१० |
| वडा सदस्य | ३ | १.४३ | २०७ | ९८.५७ |
| महिला सदस्य | ८० | १०० | - | ० |
| दलित महिला सदस्य | ७९ | १०० | - | ० |

स्रोत : निर्वाचन आयोग

तराईको महानगरपालिकामा निर्वाचित महिला प्रमुख १ जना २५%, पुरुष ३ जना ७५%, उपप्रमुखमा महिला ३ जना १०० %, वडा अध्यक्षमा महिला २ जना १.९० % , पुरुष १०३ जना ९८.१०%, महिला सदस्य ८० जना र दलित महिला सदस्य ७९ जना रहेका देखिन्छन् । यसरी महानगरपालिकाको प्रमुख पदमा महिलाको प्रतिनिधित्व कम रहेको देखिन्छ ।

**तालिका नं. ५.७**

तराईको उपमहानगरपालिकामा लैङ्गिक प्रतिनिधित्व

| पद | वि.सं. २०७४ | | | |
|---|---|---|---|---|
| | महिला | % | पुरुष | % |
| प्रमुख | ० | ० | ९ | १०० |
| उपप्रमुख | ९ | १०० | ० | ० |
| वडा अध्यक्ष | ० | ० | १९० | १०० |
| वडा सदस्य | ८ | २.११ | ३७१ | ९७.८९ |
| महिला सदस्य | २१५ | १०० | - | ० |
| दलित महिला सदस्य | २१५ | १०० | - | ० |

स्रोत : निर्वाचन आयोग

तराईको उपमहानगरपालिकामा निर्वाचित महिला प्रमुख नभएको देखिन्छ भने पुरुषको सङ्ख्या ९ जना अर्थात् १०० % रहेको देखिन्छ। उपप्रमुखमा महिलाको सङ्ख्या ९ जना अर्थात् १०० % रहेको छ। वडा अध्यक्षमा पुरुषको सङ्ख्या १९० जना अर्थात् १०० % देखिन्छ भने महिला चाहिँ एक जना पनि निर्वाचित भएको देखिँदैन । वडा सदस्यमा महिलाको सङ्ख्या ८ जना अर्थात् २.११% मात्र रहेको देखिन्छ भने पुरुषको सङ्ख्या ३७१ जना अर्थात् ९७.८९% रहेको देखिन्छ। महिला सदस्य २१५ जना र दलित महिला सदस्य २१५ रहेको देखिन्छ । तसर्थ नेपालको तराईका उपमहानगरपालिकामा प्रतिनिधित्व गरी नेतृत्व तहमा महिलाहरू पुग्न नसकेको अवस्था रहेको देखिन्छ।

**तालिका नं. ५.८**

तराईको नगरपालिकामा लैङ्गिक प्रतिनिधित्व

| पद | वि.सं. २०७४ | | | |
|---|---|---|---|---|
| | महिला | % | पुरुष | % |
| प्रमुख | ४ | २.९० | १३४ | ९७.१० |
| उपप्रमुख | १३४ | ९६.४० | ५ | ३.६० |
| वडा अध्यक्ष | ११ | ०.७१ | १५३७ | ९९.२१ |
| वडा सदस्य | ६३ | २.०५ | ३०११ | ९७.९५ |
| महिला सदस्य | १५४८ | १०० | - | ० |
| दलित महिला सदस्य | १५४२ | १०० | - | ० |

स्रोत : निर्वाचन आयोग

तराईको नगरपालिकामा महिला प्रतिनिधित्वमा महिला प्रमुख ४ जना (२.९०%) र पुरुष १३४ जना (९७.१०%) रहेको देखिन्छ । उपप्रमुखमा महिला १३४ जना (९६.४०%) र पुरुष ५ जना (३.६०%) रहेको देखिन्छ । वडा अध्यक्षमा महिला ११ जना (०.७१ %) र पुरुष १५३७ जना (९९.२१%) रहेको देखिन्छ । यसैगरी वडा सदस्यमा महिला ६३ जना (२.०५%) र पुरुष ३०११ जना (९७.९५%) रहेको देखिन्छ भने महिला सदस्य १५४८ र दलित महिला सदस्य १५४२ रहेको देखिन्छ । यसरी हेर्दा नगरपालिकामा पनि निर्णय गर्ने स्थानमा पुरुषभन्दा महिलाको सङ्ख्या निकै कम रहेको देखिन्छ ।

**तालिका नं. ५.९**

तराईको गाउँपालिकामा लैङ्गिक प्रतिनिधित्व

| पद | वि.सं. २०७४ | | | |
|---|---|---|---|---|
| | **महिला** | **%** | **पुरुष** | **%** |
| अध्यक्ष | ३ | २.४ | १२२ | ९७.६ |
| उपाध्यक्ष | ११९ | ९५.२ | ६ | ४.८ |
| वडा अध्यक्ष | ६ | ०.६८ | ८८० | ९९.३२ |
| वडा सदस्य | २७ | १.६२ | १६३८ | ९८.३८ |
| महिला सदस्य | ८३१ | १०० | - | ० |
| दलित महिला सदस्य | ८२५ | १०० | - | ० |

स्रोत : निर्वाचन आयोग

तराईको गाउँपालिकामा महिला प्रतिनिधित्वलाई हेर्दा महिला अध्यक्ष ३ जना ( २.४%) र पुरुष १२२ जना (९७.६%) रहेको देखिन्छ । उपाध्यक्षमा महिला ११९ जना ( ९५.२%) र पुरुष ६ जना (४.८%) रहेको देखिन्छ । यसै गरी वडा अध्यक्षमा महिला ६ जना (०.६८ %) र पुरुष ८८० जना (९९.३२%) रहेको देखिन्छ । वडा सदस्यमा महिला २७ जना (१.६२ %) र पुरुष १६३८ जना (९८.३८%) रहेको देखिन्छ भने महिला सदस्य ८३१ जना र दलित महिला सदस्य ८२५ जना रहेको देखिन्छ । गाउँपालिकामा पुरुषका तुलनामा महिला प्रतिनिधित्व कम रहेको छ जुन महिलाको निर्णायक भूमिकामा निकै न्यून प्रतिनिधित्व हो । परिशिष्ट- ११ मा स्थानीय निकाय अध्यक्ष र मेयरको प्रकाशित तस्बिर समावेश गरिएको छ ।

यसरी नेपालमा जम्मा स्थानीय तहको सङ्ख्या ७५३ मा तराईमा २७६ रहेको देखिन्छ जसमा नेपालका ६ वटा महानगरपालिकामध्ये ३ वटा महानगरपालिका तराईमा नै रहेको देखिन्छ । उपमहानगरपालिका नेपालमा ११ वटा रहेकामध्ये १० वटा तराईमा नै रहेको देखिन्छ । नगरपालिका नेपालमा जम्मा २७६ रहेकामा १४२ वटा त तराईमै रहेका छन् । यसै गरी गाउँपालिका ४६० वटा रहेकामा तराईमा १२१ वटा रहेका छन् । नेपालमा वडाहरू जम्मा ६७४३ रहेकामा तीमध्ये २६५३ वटा वडाहरू तराईमा रहेका छन् ।

नेपालको तराईमा स्थानीय निर्वाचन २०७४ मा अन्तिम उम्मेदवार सङ्ख्या ७४१५४ रहेको थियो जसमा महिला २९०५५, पुरुष ४५०९७ र ते. लि. २ रहेका छन् भने निर्वाचित उम्मेदवार १३९०८ मध्ये महिला ५७२८ र पुरुष ८१८१ रहेका देखिन्छन् । यसरी हेर्दा पुरुष उम्मेदवारभन्दा महिला उम्मेदवार कम रहेको देखिन्छ । निर्वाचित उम्मेदवारमा पनि पुरुषका तुलनामा निर्वाचित महिला उम्मेदवार कम रहेको देखिन्छ ।

नेपालका तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला प्रतिनिधित्वको सङ्ख्या प्रमुख तथा अध्यक्षमा ८ जना महिला मात्र निर्वाचित भएको देखिन्छ भने पुरुष २६८ जना रहेको देखिन्छ । यसै गरी उपाध्यक्षमा २६५ जना महिला निर्वाचित भएको देखिन्छ भने पुरुष ११ जना रहेको देखिन्छ । वडा अध्यक्षमा महिला १९ जना मात्र निर्वाचित भएको देखिन्छ भने पुरुष २६५५ जना निर्वाचित भएको देखिन्छ । वडा सदस्यमा महिला १०१ जना मात्र निर्वाचित भएको देखिन्छ भने पुरुष ५२४७ जना निर्वाचित भएको देखिन्छ । महिला सदस्य २६७४ जना निर्वाचित भएको देखिन्छ भने दलित महिला सदस्य २६६१ जना रहेको देखिन्छ । १३ जना दलित महिला सदस्य खाली रहेको देखिन्छ । यसरी हेर्दा नेपालको तराईमा महिलाको सहभागिता पुरुषभन्दा कम रहेको देखिन्छ भने नेतृत्व तहमा महिलाको सङ्ख्या ज्यादै न्यून रहेको देखिन्छ ।

नेपालका तराईको महानगरपालिकामा निर्वाचित महिला प्रमुख १ जना २५%, पुरुष ३ जना ७५%, उपप्रमुखमा महिला ३ जना १०० %, वडा अध्यक्षमा महिला २ जना १.९० % , पुरुष १०३ जना ९८.१०%, महिला सदस्य ८० जना र दलित महिला सदस्य ७९ जना रहेको देखिन्छ । यसरी महानगरपालिकाको प्रमुख पदमा महिलाको प्रतिनिधित्व कम रहेको देखिन्छ ।

नेपालको तराईका उपमहानगरपालिकामा निर्वाचित महिला प्रमुख नभएको देखिन्छ भने पुरुषको सङ्ख्या ९ जना अर्थात् १०० % नै रहेको देखिन्छ । उपप्रमुखमा महिलाको सङ्ख्या ९ जना अर्थात् १०० % नै रहेको छ । वडा अध्यक्षमा पुरुषको सङ्ख्या १९० जना अर्थात् १०० % नै रहेको देखिन्छ भने यसमा महिला उम्मेदवारहरू निर्वाचित भएको देखिँदैन । वडा सदस्यमा महिलाको सङ्ख्या ८ जना अर्थात् २.११% मात्र रहेको देखिन्छ भने पुरुषको सङ्ख्या ३७१ जना अर्थात् ९७.८९% रहेको देखिन्छ । महिला सदस्य २१५ जना र दलित महिला सदस्य २१५ रहेको देखिन्छ । तसर्थ नेपालको तराईमा उपमहानगरपालिकाको प्रतिनिधित्वमा नेतृत्व तहमा नरहेको अवस्था देखिन्छ ।

नेपालको तराईका नगरपालिकामा महिला प्रतिनिधित्वलाई हेर्दा महिला प्रमुख ४ जना अर्थात् २.९०% र पुरुष १३४ जना अर्थात् ९७.१०% रहेको देखिन्छ । उपप्रमुखमा महिला १३४ जना अर्थात् ९६.४०% र पुरुष ५ जना अर्थात् ३.६०% रहेको देखिन्छ । वडा अध्यक्षमा महिला ११ जना अर्थात् ०.७१ % र पुरुष १५३७ जना अर्थात् ९९.२१% रहेको देखिन्छ । यसैगरी वडा सदस्यमा महिला ६३ जना अर्थात् २.०५% र पुरुष ३०११ जना अर्थात् ९७.९५% रहेको देखिन्छ भने महिला सदस्य १५४८ र दलित महिला सदस्य १५४२ रहेको देखिन्छ । यसरी हेर्दा नगरपालिकामा पनि निर्णय गर्ने स्थानमा पुग्ने पुरुषभन्दा महिलाको सङ्ख्या निकै कम रहेको देखिन्छ ।

नेपालको तराईका गाउँपालिकामा महिला प्रतिनिधिहरूलाई हेर्दा महिला अध्यक्ष ३ जना अर्थात् २.४% र पुरुष १२२ जना अर्थात् ९७.६% रहेको देखिन्छ । उपाध्यक्षमा महिला ११९ जना अर्थात् ९५.२% र पुरुष ६ जना अर्थात् ४.८% रहेको देखिन्छ । यसै गरी वडा अध्यक्षमा महिला ६ जना अर्थात् ०.६८ % र पुरुष ८८० जना अर्थात् ९९.३२% रहेको देखिन्छ । वडा सदस्यमा महिला २७ जना अर्थात् १.६२ % र पुरुष १६३८ जना अर्थात् ९८.३८% रहेको देखिन्छ भने महिला सदस्य ८३१ जना र दलित महिला सदस्य ८२५ जना रहेको देखिन्छ । गाउँपालिकामा पनि पुरुषका तुलनामा महिला प्रतिनिधित्व कम रहेको छ जसले गर्दा स्थानीय तहमा कुनै महत्त्वपूर्ण निर्णय गर्नुपर्दा त्यसमा महिलाको भूमिकामा शून्यप्राय: नै रहने देखिन्छ ।

## अध्याय छ

# तराईको स्थानीय निर्वाचन २०७४ मा नेतृत्व तहमा महिलाको प्रतिनिधित्वमा प्रभाव पारेका तत्त्वहरू

तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वको अध्ययन गर्दा अधिकांश महिलाहरूलाई राजनीतिको व्यावहारिक ज्ञान नहुनु, लैङ्गिक असमानता समाजमा व्याप्त हुनु, राजनीति पार्टीले महिलालाई हरेक पक्षमा समान महत्त्व नदिनु, राजनीतिमा लागेका पुरुषले समान रूपमा पदीय भागवण्डा नगर्नु, पार्टीहरूका बिचमा गठबन्धन हुनु, शिक्षाको कमी हुनु र संवैधानिक व्यवस्था मुख्य कारक तत्त्वका रूपमा रहेका देखिन्छन् । नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वलाई निम्नलिखित तत्त्वहरूले प्रभाव पारेको देखिन्छ :

## ६.१ पितृसत्तात्मक मान्यता र संरचना

स्थानीय निर्वाचनमा नेपालको तराईमा महिलाको राजनीतिक सहभागितामा बहुआयमिक तत्त्वहरूले प्रभाव पारेको छ । अध्ययनका क्रममा प्रमुख पाँच वैकल्पिक उत्तर समावेश गरी प्रश्न सोधिएकामा सबैभन्दा धेरै उत्तरदाता ३६.६७ प्रतिशतले विद्यमान पितृसत्तात्मक मूल्यमान्यता नै स्थानीय निर्वाचनका सन्दर्भमा नेपालको तराईमा महिलाको राजनीतिक सहभागिता प्रमुख समस्याका रूपमा रहेको औँल्याएका छन् तथापि महिला र पुरुषहरूमा महिलाको राजनीतिक सहभागिताका दृष्टिले पुरुषहरूको भन्दा फरक रहेको देखिन्छ ।

### तालिका नं. ६.१

स्थानीय निर्वाचनमा प्रमुख पदको राजनीतिक सहभागितामा अवरोधसम्बन्धी दृष्टिकोण

| क्र.स. | विवरण | स्थानीय तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | जम्मा | |
| | | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| १ | शैक्षिक योग्यताको कमी | ८ | २२.२२ | ७ | २९.१७ | १५ | २५ |
| २ | आर्थिक परनिर्भरता | ४ | ११.११ | १ | ४.१७ | ५ | ८.३३ |
| ३ | पितृसत्तात्मक मूल्य मान्यता | १५ | ४१.६७ | ७ | २९.१७ | २२ | ३६.६७ |
| ४ | राजनीतिक ज्ञान र अभ्यासको कमी | ४ | ११.११ | ८ | ३३.३३ | १२ | २० |
| ५ | संवैधानिक तथा कानुनी व्यवस्था | २ | ५.५६ | १ | ४.१७ | ३ | ५ |
| ६ | अन्य | ३ | ८.३३ | ० | | ३ | ५ |
| | जम्मा | ३६ | १०० | २४ | १०० | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन

स्थानीय निर्वाचनमा महिला प्रमुख पदको राजनीतिक सहभागितामा विभिन्न कारणबाट अवरोध भएको देखिन्छ । अध्ययनका क्रममा तराईका जिल्लाहरूमा २५ प्रतिशत उत्तरदाताले शैक्षिक योग्यताको कमीमा ८.३३ प्रतिशत, पितृसत्तात्मक मूल्य एवम् मान्यतामा ३६.६७ प्रतिशत, राजनीतिक ज्ञान र अभ्यासको कमीमा २० प्रतिशत, संवैधानिक तथा कानुनी व्यवस्थामा ५ प्रतिशतले स्थानीय निर्वाचनमा महिलाहरू प्रमुख पदका रूपमा सहभागी हुन नसकेको तथ्य औँल्याएका छन् । यसरी महिलाहरू समाज र घरपरिवारमा विद्यमान पुराना विचार र राज्यको कमी कमजोरीका कारण प्रमुख पद तथा नेतृत्वको सहभागितामा महिलाहरू पछाडि परेको देखिन्छ ।

## ६.२ आर्थिक परनिर्भरता

नेपालका सन्दर्भमा आर्थिक रूपमा परनिर्भर हुनु स्थानीय निर्वाचनमा महिलाको राजनीतिक सहभागिता अर्को समस्याका रूपमा रहेको देखिन्छ । यस शोधबाट प्राप्त तथ्याङ्कलाई हेर्दा आर्थिक परनिर्भरतालाई महिलामध्ये ११.११ प्रतिशत महिलाले स्थानीय निर्वाचनमा समस्याका रूपमा औँल्याएको पाइयो । महिलाहरूको शैक्षिक योग्यताको कमी २२.२२ प्रतिशत, संवैधानिक तथा कानुनी व्यवस्थामा ५.५६ प्रतिशत र राजनीतिक ज्ञान तथा अभ्यासको कमीमा महिलामध्ये ११.११ प्रतिशतले समस्याका रूपमा औँल्याएका छन् भने पुरुषमध्ये ३३.३३ प्रतिशतले राजनीतिक ज्ञान र अभ्यासको कमी अवरोधका रूपमा रहेको देखाएका छन् । यहाँ पुरुषले महिलाको कमजोरी औँल्याउन खोजेको देखिन्छ ।

**तालिका नं. ६.२**

अचल सम्पत्तिको स्वामित्वसम्बन्धी विवरण

| क्र.स. | विवरण | स्थानीय तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | जम्मा | |
| | | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| १. | छ | २३ | ६३.८९ | २० | ८३.३३ | ४३ | ७१.६७ |
| २. | छैन | १३ | ३६.११ | ४ | १६.६७ | १७ | २८.३३ |
| | जम्मा | ३६ | १०० | २४ | १०० | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन

उपर्युक्त तालिकामा राजनीतिमा संलग्न उत्तरदाताहरूको सम्पत्तिमाथिको स्वामित्वका अवस्थाको सङ्कलित तथ्याङ्क प्रस्तुत गरिएको छ । तालिकामा भएको तथ्याङ्कअनुसार जिल्लामा कार्यरत महिला तथा पुरुषको सम्पत्तिमाथिको स्वामित्वको अवस्था फरक फरक रहेको देखिन्छ । पुरुषका तुलनामा महिलाको अचल सम्पत्तिमाथिको स्वामित्व कम रहेको देखिन्छ । स्थलगत अध्ययनबाट महिलामध्ये स्थानीय तहका करिब ६३.८९ प्रतिशत महिला राजनीतिक कार्यकर्ताको मात्र सम्पत्तिमा स्वामित्व रहेको देखिन्छ भने ३६.११ प्रतिशत महिलाको सम्पत्तिमा स्वामित्व रहेको देखिँदैन तर पुरुषको ८३.३३ प्रतिशत राजनीतिक कार्यकर्ताको सम्पत्तिमा स्वामित्व रहेको देखिन्छ । यसरी महिला र पुरुष राजनीतिक कार्यकताको सम्पत्ति स्वामित्वमा महिलाको सम्पत्तिको स्वामित्त कम रहेको देखिन्छ । देशको महिला जनसङ्ख्याको समग्र सम्पत्तिमाथि स्वामित्वको दर १९ प्रतिशत मात्र रहेको छ (नेपाल सरकार, सन् २०१५, पृ. ३) ।

राजनीतिक क्रियाकलापमा अर्थात् पार्टीको सङ्गठनमा आवद्ध भई क्रियाशील हुन आर्थिक स्रोत साधनको अत्यावश्यक पर्ने र सम्पत्तिमाथिको स्वामित्वले आर्थिक स्रोतको उपलब्धता हुने हुँदा राजनीतिमा सक्रिय रहन सहज हुने देखिन्छ । सम्पत्तिमाथिको स्वामित्वले महिलाहरूको निर्णय गर्ने क्षमता बढाउने हुँदा राजनीतिमा रुचि भएका महिलाहरूको राजनीतिक सहभागिता बढ्दछ । निर्णयक्षमता र आर्थिक स्वतन्त्रताले महिलाको राजनीतिक सहभागितामा सकारात्मक प्रभाव पार्ने देखिन्छ । खास गरी स्थानीयमा ग्रामीण तहका दलित र सीमान्तकृत समुदायका महिलाहरूको आर्थिक स्रोतमाथि पहुँच निकै कम भएको हुँदा राजनीतिमा सहभागिता हुन र राजनीतिलाई निरन्तरता दिन आवश्यक पक्षहरू शिक्षा, स्वास्थ्य, क्षमता, निर्णय, पारिवारिक झन्झट तथा दैनिक गुजाराको समस्याबाट पार पाउन गाह्रो पर्ने गरेको छ । अझ निर्वाचनहरू भड्किलो र खर्चिलो हुने भएकाले राजनीतिमा महिला सभागितामा गम्भीर असर पारेको छ ।

### ६.३ शैक्षिक योग्यताको अवस्था

व्यक्ति विकासको मूल आधार नै शिक्षा हो । शैक्षिक अवसर एवम् योग्यताका अभावमा व्यक्तिगत तथा सार्वजनिक जीवनमा आइपर्ने समस्याहरू समाधान गर्न गाह्रो हुन जान्छ र मर्यादित जीवन जिउने काममा अवरोध आइपर्दछ । राजनीतिमा सहभागी हुन र नेतृत्वदायी भूमिकामा पुग्न शैक्षिक योग्यताको ठुलो भूमिका रहन्छ । उच्च शिक्षा प्राप्त गरेका खण्डमा अवसरको प्राप्ति हुनाका साथै राजनीतिमा पनि उच्च नेतृत्व तहसम्म जान

सहज अवसर प्राप्त गर्न सकिन्छ । नेपालमा उच्च शिक्षामा सबै नारीहरूको पहुँच स्थापित हुन सकेको पाइँदैन । उच्च शिक्षामा नेपाली नारीहरूको पहुँच कमजोर देखिन्छ । नेपालको कुल साक्षरता दर ६५.९ प्रतिशत रहेकामा महिलाको ५७.४ प्रतिशत र पुरुषको ७५.१ प्रतिशत रहेको पाइन्छ (नेपाल सरकार, सन् २०१५, पृ. ६) ।

राजनीतिक जागरणका रूपमा विद्यालय तथा विश्वविद्यालयको अध्ययन गर्ने उमेरमा अधिकांश महिलाहरू गृहस्थीपनमा अभ्यस्त हुनुपर्ने नियतिबाट गुज्रेको देखिन्छ जसले गर्दा महिलाको राजनीतिक सहभागितामा असर पारिरहेको देखिन्छ । करिब २२.२२ प्रतिशत महिला उत्तरदाताले शिक्षाको कमीले स्थानीय निर्वाचन २०७४ मा प्रमुख पदहरूमा महिलाको सहभागिता हुन नसकेको बताएका छन् ।

**तालिका नं. ६.३**

शैक्षिक योग्यताको अवस्थासम्बन्धी विवरण

| **क.सं.** | **विवरण** | **स्थानीय तह** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **महिला** | | **पुरुष** | | **जम्मा** | |
| | | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** |
| १. | निरक्षर | ० | | ० | | ० | |
| २. | साक्षर | ५ | १३.८९ | १ | ४.१७ | ६ | १० |
| ३. | अनौपचारिक शिक्षा | ० | | १ | ४.१७ | १ | १.६७ |
| ४. | आधारभूत तह (कक्षा ८ सम्म) | १० | २७.७८ | १ | ४.१७ | ११ | १८.३३ |
| ५. | माध्यमिक तह | ८ | २२.२२ | ६ | २५ | १४ | २३.३३ |
| ६. | प्रमाणपत्र तह | ५ | १३.८९ | ३ | १२.५ | ८ | १३.३३ |
| ७. | स्नातक | ४ | ११.११ | १० | ४१.६७ | १४ | २३.३४ |
| ८. | स्नातकोत्तर वा सोभन्दा माथि | ४ | ११.११ | २ | ८.३३ | ६ | १० |
| | जम्मा | ३६ | १०० | २४ | १०० | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन

स्थानीय तहको निर्वाचन अध्ययनका क्रममा स्थानीय निर्वाचनमा प्रतिनिधित्वका रूपमा सहभागी महिलाहरूसँग लिइएको अन्तर्वार्तामा उत्तरदाताहरूमध्ये महिलाहरूको शैक्षिक योग्यता, महिला साक्षर १३.८९ प्रतिशत, आधारभूत तह (कक्षा ८ सम्म) २७.७८

प्रतिशत, माध्यमिक तह २२.२२ प्रतिशत, प्रमाणपत्र तह १३.८९ प्रतिशत, स्नातक ११.११ प्रतिशत र स्नाकोत्तर वा सो भन्दा माथि ११.११ प्रतिशत रहेको देखिन्छ । यसरी आधारभूत शिक्षा मात्र प्राप्त गरेका महिला स्थानीय निकायमा बढी सहभागी भएको देखिन्छ । स्थानीयमा विकासका निम्ति नयाँ विचार र उच्च शिक्षा प्राप्त गरेका महिलाहरूको आवश्यकता रहेको देखिन्छ ।

### ६.४ वैवाहिक स्थिति

सामाजिक जीवनमा विवाह एउटा महत्त्वपूर्ण घटना हो । विवाहलाई एउटा सम्झौताका रूपमा लिइन्छ । एउटी स्त्री र एउटा पुरुषले सँगै जीवनयापनका निम्ति आपसी सम्झौता गरेका हुन् भन्ने अर्थमा विवाहलाई हेरिन्छ । विवाह एउटा सामाजिक परम्परा पनि हो । अध्ययनका क्रममा समावेश जनसङ्ख्याको वैवाहिक विशेषतालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.४**

वैवाहिक आधारमा जनसाङ्ख्यिक विवरण

| क.स. | वैवाहिक स्थिति | स्थानीय तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | जम्मा | |
| | | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| १. | विवाहित | ३३ | ९१.६७ | २२ | ९१.६७ | ५५ | ९१.६७ |
| २. | अविवाहित | ३ | ८.३३ | २ | ८.३३ | ५ | ८.३३ |
| ३. | विधुवा/विदुर | ० | | ० | | ० | |
| ४. | अन्य | | | | | | |
| | जम्मा | ३६ | १०० | २४ | १०० | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन

स्थलगत अध्ययनबाट ३६ जना महिलामा विवाहित महिलाको सङ्ख्या ३३ जना ९१.६७ प्रतिशत रहेको छ भने २४ जना पुरुषमा २२ जना ९१.६७ रहेको देखिन्छ । यसरी स्थानीय निर्वाचनमा सहभागी महिला र पुरुष प्रतिनिधित्वहरूको वैवाहिक स्थिति समान रहेको देखिन्छ ।

## ६.५ राजनीतिक प्रेरणासम्बन्धी वातावरण

राजनीतिमा सहभागी हुनका निम्ति परिवारको सहयोगले पनि अहम् भूमिका खेलेको हुन्छ । नेपालमा अधिकांश घरमुली पुरुष रहेका छन् । नेपालमा (७४.३ प्रतिशत) परिवारको घरमूली पुरुष रहेको पाइन्छ (नेपाल सरकार, २०१५, पृ. ३) । परिवारको सहयोग, कामको बाँडफाँट, प्रेरणा, प्रोत्साहन एवम् साझेदारीले महिलाको राजनीतिक सहभागितामा सहज वातावरण प्रदान गर्दछ । परिवारको सहयोगबिना राजनीतिमा सहभागिता हुन कठिन हुन जान्छ । परिवारको सहयोगबाट राजनीतिमा सहभागी हुने वातावरण सहज बनेको पाइन्छ । उत्तरदाताको राजनीतिक सहभागिताको प्रेरणासम्बन्धी तथ्याङ्कलाई यस तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६.५**

राजनीतिमा प्रवेश गर्नुका प्रेरणाासम्बन्धी विवरण

| क.स. | प्रेरणाको स्रोत | स्थानीय तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | जम्मा | |
| | | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| १. | परिवारका सदस्यहरूबाट | १८ | ५० | ९ | ३७.५ | २७ | ४५ |
| २. | राजनीतिक नेता कार्यकर्ताबाट | ५ | १३.८९ | ३ | १२.५ | ८ | १३.३३ |
| ३. | साथीहरूको सङ्गतबाट | ८ | २२.२२ | २ | ८.३३ | १० | १६.६७ |
| | आफैँ | ५ | १३.८९ | १० | ४१.६७ | १५ | २५ |
| | जम्मा | ३६ | १०० | २४ | १०० | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन

अनुसन्धानका क्रममा अन्तर्वार्तामा सहभागी ५० प्रतिशत महिलाहरू परिवारका सदस्यहरूबाट राजनीतिसम्बन्धी प्रेरणा प्राप्त गरी राजनीतिमा लागेको देखिन्छ । यसै गरी १३.८९ प्रतिशत महिलाहरू राजनीतिक नेता तथा कार्यकर्ताबाट प्रभावित भई राजनीतिमा लागेका २२.२२ प्रतिशत महिलाहरू साथीसङ्गतबाट राजनीतिमा लागेको र १३.८९ प्रतिशत आफ्नै स्वविवेक र विचारले राजनीतिमा लागेको देखिन्छ । यसरी हेर्दा सबैभन्दा बढी प्रेरणा महिलाहरूले घरपरिवारबाट लिई राजनीतिमा लागेको देखिन्छ ।

## ६.६ संवैधानिक तथा कानुनी व्यवस्था

लामो सशस्त्र विद्रोहका पृष्ठभूमिसहित २०६२/०६३ मा सञ्चालन भएको ऐतिहासिक जनआन्दोलन भाग - २ एवम् विभिन्न आन्देलनको योगदानस्वरूप २०७२ साल असोज ३ गते संविधानसभाबाट संविधान जारी भयो । नेपालको संविधान महिलाको हकहितका निम्ति गरिएको व्यवस्था र राजनीतिक सहभागिताका सम्बन्धमा केही हदसम्म सकारात्मक भए तापनि दलहरूले व्यावहारिक रूपमा यसलाई नेतृत्वदायी भूमिकाबाट वञ्चित गरेको देखिन्छ । दुई पदमध्ये एक भने तापनि उपमा मात्र महिलाहरूलाई सीमित गरेको देखिन्छ । कानुनमा राजनैतिक दलहरू समावेशी चरित्रका हुनुपर्ने व्यवस्था गरे तापनि दलका सबै संयन्त्र र राजनीतिक दलका आन्तरिक जीवनप्रणालीमा भने महिला प्रतिनिधित्व भूमिका र नेतृत्वदायी माथिल्लो तहको सम्बन्धमा किटानी व्यवस्था गर्न सकेको देखिँदैन ।

प्रस्तुत अध्यायमा अधिकांश व्यक्तिहरूले महिलाको राजनीतिक सहभागिताका लागि संवैधानिक तथा कानुनी व्यवस्थामा नेतृत्व तहमा प्रतिनिधित्व गर्ने व्यवस्था पर्याप्त नभएको र महिलालाई उपमेयर/उपाध्यक्षमा सीमित राखेको पाइयो । यससम्बन्धी तथ्याङ्कलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.६**

स्थानीय निर्वाचनमा महिलाको सहभागिताका निम्ति कानुनी व्यवस्थासम्बन्धी

| क.स. | विवरण | स्थानीय तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | जम्मा | |
| | | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| १. | पर्याप्त छ | ८ | २२.२२ | १२ | ५० | २० | ३३.३३ |
| २. | पर्याप्त छैन | २८ | ७७.७८ | १२ | ५० | ४० | ६६.६७ |
| | जम्मा | ३६ | १०० | २४ | १०० | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन

स्थानीय निर्वाचनमा महिलाको सहभागिताको निम्ति कानुन व्यवस्थासम्बन्धी तीनबटै जिल्लाका ३६ जना अन्तर्वार्तामा सहभागी महिलाहरूमध्ये ८ जना अर्थात् २२.२२ प्रतिशत महिलाले पर्याप्त छ भनेका थिए भने २८ जना अर्थात् ७७.७८ प्रतिशत महिलाले यो व्यवस्था पर्याप्त नभएको कुरा बताएका थिए । यसै गरी २४ जना पुरुषहरूमध्ये १२

जना अर्थात् ५० प्रतिशत पुरुषहरूले पर्याप्त छ भनेका थिए भने १२ जना अर्थात् ५० प्रतिशतले पर्याप्त नभएको कुरा बताएका छन् । तर बहुसङ्ख्यक महिलाले अहिलेको व्यवस्था महिलाका लागि पर्याप्त नभएको भन्ने गरेका छन् । यसरी स्थानीय निर्वाचनमा महिलाका लागि कानुनी व्यवस्थामा पनि सुधार हुनुपर्ने देखिन्छ ।

## ६.७ राजनीतिक परिवर्तन

नेपालमा विभिन्न समयमा पटक पटक राजनीतिक आन्दोलनहरू भई राजनीतिक परिवर्तन भएको पाइन्छ । आन्दोलनकै बेलामा राणाशासनको अन्त्य भएको थियो । राणाशासनको अन्त्यपछि पनि राजतन्त्र विरुद्धका आन्दोलनहरू भइरहे । सबै किसिमका प्रजातान्त्रिक र राजनीतिक शक्तिहरू मिली राजतन्त्रको अन्त्य गरी आम जनताको पहुँच विस्तार गर्दै जनताको समग्र जीवनपद्धतिमा सकारात्मक रूपान्तरणमा लाग्नुपर्दछ । नेपालका सन्दर्भमा शासनप्रणालीको स्वरूपमा जतिसुकै परिवर्तन भए तापनि त्यसको सही पक्षमा आधारभूत परिवर्तन हुन सकेको पाइँदैन । राजनीतिक परिवर्तनपश्चात्का व्यवस्थामा पनि लैङ्गिक दृष्टिले पुरुषहरूकै एकाधिकार कायम रहेको देखिन्छ । देशमा भएका राजनीतिक परिवर्तनका घटनाक्रमले राजनीतिक जागरणका हिसाबले सकारात्मक प्रभाव पारेको भए तापनि त्यो आमूल स्वरूपको नभई मात्रात्मक प्रकृतिको मात्रै रहेको देखिन्छ ।

**तालिका नं. ६.७**

राजनीतिक परिवर्तनले स्थानीय निर्वाचनमा महिला सहभागितामा पारेको प्रभाव

| क्र.स. | विवरण | स्थानीय तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | जम्मा | |
| | | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| १. | सकारात्मक प्रभाव पारेको छ | ३५ | ९७.२२ | २० | ८३.३३ | ५५ | ९१.६७ |
| २. | सकारात्मक प्रभाव पारेको छैन | १ | २.७८ | ४ | १६.६७ | ५ | ८.३३ |
| | जम्मा | ३६ | | २४ | | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन

राजनीतिक परिवर्तनले स्थानीय निर्वाचनमा महिला सहभागितामा पारेको प्रभाव तीनबटै जिल्लामा सहभागी ३६ जना महिलामध्ये ३५ जना महिलाले सकारात्मक प्रभाव पारेको भनेका थिए भने १ जना मात्रले सकारात्मक प्रभाव नपारेको बताएका थिए । यसै

गरी २४ जना पुरुषहरूमध्ये २० जना पुरुषले सकारात्मक प्रभाव पारेको भनेका थिए भने ४ जना पुरुषहरूले मात्र सकारात्मक प्रभाव पारको छैन भने पनि अधिकांश सङ्ख्याले सकारात्मक प्रभाव पारेको छ भन्नेमा जोड दिएको देखिन्छ ।

**तालिका नं ६.८**

राजनीतिक परिवर्तनले स्थानीय निर्वाचनमा महिला सहभागितामा भएको परिवर्तनको प्रभाव

| क.स. | विवरण | स्थानीय तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | जम्मा | |
| | | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| १. | आमूल परिवर्तन | ११ | ३०.५६ | ५ | २०.८३ | १६ | २६.६७ |
| २. | सामान्य परिवर्तन | २५ | ६९.४४ | १८ | ७५ | ४३ | ७१.६७ |
| | अन्य | ० | | १ | ४.१७ | १ | १.६७ |
| | जम्मा | ३६ | १०० | २४ | १०० | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन

राजनीतिक परिवर्तनले स्थानीय निर्वाचनमा महिला सहभागितामा भएको परिवर्तनको सम्बन्धमा तीनबटै जिल्लामा सहभागी ३६ जना महिलाहरूमध्ये ११ जना अर्थात् ३०.५६ प्रतिशत महिलाहरूले राजनीति परिवर्तनले आमूल परिवर्तन भएको भनेका थिए भने २५ जना अर्थात् ६९.४४ प्रतिशत महिलाहरूले सामान्य परिवर्तन भएको भनेका थिए । यसै गरी २४ जना पुरुषहरूमध्ये ५ जना अर्थात् २०.८३ प्रतिशतले आमूल परिवर्तन भएको भनेका थिए भने १८ जना अर्थात् ७५ प्रतिशत पुरुषहरूले सामान्य परिवर्तन भएको भनेका थिए र १ जना अर्थात् ४.१७ प्रतिशतले अन्य भनेका थिए । यसरी हेर्दा अधिकांशले राजनीतिक परिवर्तनले महिला सहभागितामा सामान्य परिर्वतन भएको देखाउँछ ।

## ६.८ कोटा (आरक्षण) सम्बन्धी व्यवस्था

अधिकांश उत्तरदाताहरूले निर्वाचनमा विद्यमान महिला आरक्षणसम्बन्धी व्यवस्था परिमार्जन तथा सुधारको आवश्यकता औँल्याएको पाइन्छ । स्थानीय निर्वाचनका सन्दर्भमा महिलाको राजनीतिक सहभागितामा कोटा प्रणालीले सङ्ख्यात्मक रूपमा सहभागिता बढे तापनि गुणात्मक रूपमा नभएको देखिन्छ । स्थानीय निकायका प्रत्येक वडामा कम्तीमा दुई महिलाको कोटा प्रणालीमा दलित तथा अल्पसङ्ख्यकबाट सदस्य मात्र आएको भए पनि

त्यसमध्ये कतिपयलाई राजनीतिसम्बन्धी ज्ञान र चेतनाको अभाव रहेको देखिन्छ । अधिकांश उत्तरदाताहरूले निर्वाचनमा विद्यमान महिला आरक्षणसम्बन्धी व्यवस्था परिमार्जन तथा सुधारको आवश्यकता औँल्याएको पाइन्छ । विशेषतः समानुपातिक निर्वाचनको सूची प्रणालीमा जनाधार नभएका व्यक्तिहरूलाई नातागोता वा निकट सम्बन्धका आधारमा मनोनीत गर्ने व्यवस्थाले समानुपातिक प्रतिनिधित्व र आरक्षण औपचारिक र यान्त्रिक मात्रै रहेको विचार व्यक्त भएको पाइयो ।

**तालिका नं. ६.९**

महिला आरक्षणसम्बन्धी व्यवस्थामा सुधारको आवश्यकता

| क्र.स. | विवरण | स्थानीय तह | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | जम्मा | |
| | | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| १. | सुधार हुनुपर्छ | ३४ | ९४.४४ | २२ | ९१.६७ | ५६ | ९३.३३ |
| २. | ठीक छ | २ | ५.५६ | २ | ८.३३ | ४ | ६.६७ |
| | जम्मा | ३६ | १०० | २४ | १०० | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन

महिला आरक्षणसम्बन्धी तीनबटै जिल्लामा लिइएको ३६ जना महिलाहरूको अन्तर्वार्ता लिँदा तीमध्ये ३४ जना महिलाले आरक्षणमा सुधार हुनुपर्छ भनेका थिए भने २ जना महिलाले मात्र ठिक छ भनेका थिए । यसै गरी २४ जना पुरुषहरूमध्ये २२ जना पुरुषले महिलाको आरक्षण व्यवस्थामा सुधार हुनुपर्छ भनेका थिए भने २ जनाले मात्र ठिक छ भनेका थिए । महिला र पुरुष दुवैको महिला आरक्षण कोटाको सुधार हुनुपर्ने कुरामा एकमत रहेको देखाउँछ । यसरी हेर्दा हालको महिला आरक्षण कोटामा सुधार हुनुपर्ने देखिन्छ ।

## ६.९ निर्वाचन पद्धति

स्थानीय निर्वाचनमा महिलाको राजनीतिक सहभागिताका निम्ति निर्वाचनपद्धतिको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपालमा विगतदेखि २०६४ को अन्तिम संविधानभन्दा पहिले समाजमा अवलम्बन गरिँदै आएका निर्वाचनप्रणालीहरूले मतदानका अतिरिक्त उम्मेदवारी र निर्वाचित प्रतिनिधि हुन सक्ने गरी महिलाहरूका हकमा विशेष व्यवस्था गर्न सकेको पाइँदैन । महिलाहरूको राजनीतिक सहभागिता मतदाताको हैसियतमा मात्र सीमित रहने अवस्थाले महिलाको राजनीतिक सशक्तीकरण र राजनीतिक सहभागिताद्वारा खुम्चिएको

देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधान २०७२ ले मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरी समानुपातिक तर्फबाट निर्वाचित हुनेमध्ये महिला सिटको आरक्षण गरेकाले राज्यका सबै तहका व्यवस्थापिकामा महिला सहभागिता वृद्धिमा सकारात्मक परिवर्तनको सुनिश्चितता गरेको छ ।

### ६.१० स्थानीय निर्वाचन नियमावली २०७३

स्थानीय तह निर्वाचन नियमावली २०७३ (नेपाल राजपत्रमा प्रकाशित मिति : २०७३-११-२४ गते) पाँचौं पटक संशोधन भइसकेको छ । २०७३-१२-१७ गते पहिलो पटक, २०७४-०१-२८ दोस्रो पटक, २०७४-०३-१४ तेस्रो पटक, २०७४-०७-०९ चोथौ पटक र २०७६-०८-१६ गते पाँचौं पटक नियमावली संशोधन भइसकेको छ । स्थानीय निर्वाचन ऐन २०७३ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको नियम बनाएको छ ।

नियमहरूका नाम स्थानीय तह निर्वाचन नियमावली २०७३ रहेको छ । ऐन भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनुपर्छ । संविधानको धारा ५६ को उपधारा (४) बमोजिम गाउँपालिका सम्झनुपर्छ । संविधानको धारा ५६ को उपधारा ४ बमोजिम नगरपालिका सम्झनुपर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ । संविधानको धारा २२० को उपधारा (३) बमोजिम जिल्ला समन्वय समिति सम्झनुपर्छ । ऐनको दफा २६ बमोजिम आयोगले निर्धारण गरेको निर्वाचन चिह्न सम्झनुपर्छ । निर्वाचन प्रतिनिधि भन्नाले उम्मेदवारले निर्वाचन प्रयोजनका लागि आफ्ना तर्फबाट गर्नुपर्ने काम गर्न नियम ३४ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनुपर्छ । मतगणना प्रतिनिधि भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणनाको काममा प्रतिनिधित्व गर्नका लागि नियम ३६ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनुपर्छ । मतदान केन्द्र भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि आयोगले ऐनको दफा २९ बमोजिम तोकेको मतदान केन्द्र सम्झनुपर्छ र सो शब्दले मतदान उपकेन्द्रलाई समेत जनाउँछ । मतदान प्रतिनिधि भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा प्रतिनिधित्व गर्नका लागि नियम ३५ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनुपर्छ । मनोनयनपत्र भन्नाले निर्वाचनमा उम्मेदवारीको लागि निर्वाचन अधिकृतसमक्ष पेस भएको मनोनयनपत्र सम्झनुपर्छ (www.lawcommission.gov.np) । यसरी यसमा मतदान प्रतिनिधि र मनोनयपत्रबारे जानकारी प्रस्तुत गरिएको छ ।

निर्वाचनमा उम्मेदवार हुन चाहने संविधान र ऐन बमोजिम योग्यता पुगेका व्यक्तिले आफैँ वा निजको प्रतिनिधि मनोनयनपत्र दर्ता गर्न वा गराउन सक्नेछ । यसका लागि प्रस्तावक वा सर्मथकमार्फत निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा अनुसूची १ बमोजिमको ढाँचामा मनोनयनपत्र दर्ता गर्नुपर्छ । कुनै दलका तर्फबाट उम्मेदबार हुने व्यक्तिका हकमा उपनियम (१) बमोजिम मनोनयन दर्ता गर्दा सो दलबाट प्रदान गरिएको अनुसूची २ बमोजिमको औपचारिक पत्रसमेत दाखिला गर्नुपर्छ । मनोनयन दर्ता गर्न उपनियम (१) बमोजिम अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यका हकमा ऐनको दफा ६२ बमोजिम र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्य र जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यका हकमा नियम ३२ बमोजिमको रकम आयोगले तोकेको धरौटी खातामा जम्मा गरेको बैङ्क भौचरसमेत पेस गर्नुपर्छ (www.lawcommission.gov.np) । यसरी यसमा निर्वाचनमा सहभागी हुने प्रतिनिधिले जम्मा गर्नुपर्ने धरौटीका बारेमा जानकारी गराइएको छ ।

उपनियम (१) बमोजिम पेस भएको मनोनयन जाँच गर्दा रितपूर्वकको देखिएमा निर्वाचन अधिकृतले त्यस्तो मनोनयनपत्र दर्ता गरी दर्ता गर्न ल्याउने व्यक्तिलाई अनुसूची ३ बमोजिम निस्सा दिनुपर्नेछ । उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि रित नपुगेको मनोनयनपत्र दर्ता गर्न ल्याएमा रित नपुगेको जति सच्याउन लगाई त्यस्तो मनोनयनपत्र दर्ता गरिदिनुपर्नेछ । उम्मेदवारले मनोनयनका साथ देहायका कागजातहरू समेत पेस गर्नुपर्नेछ :

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वडा अध्यक्ष र वडा सदस्य पदका लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको हुनुपर्दछ । दलित महिला वडा सदस्यका लागि सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित प्रमाणपत्र हुनुपर्दछ । अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाका कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको हुनुपर्दछ । गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदका लागि सम्बन्धित गाउँसभा वा नगरसभा सदस्य रहेको निस्सा, गाउँ कार्यँपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदका

लागि सम्बन्धित गाउँपलिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको हुनुपर्छ (www.lawcommission.gov.np) । यसमा स्थानीय तहमा सहभागी हुनका लागि आवश्यक पर्ने कुराका बारेमा जानकारी उपलब्ध गराइएको छ ।

गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको दलित वा अल्पसङ्ख्यक सदस्य पदका लागि सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार निकायले दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणपत्र हुनुपर्दछ । जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदका लागि सम्बन्धित जिल्लाभित्रका गाउँसभा वा नगरसभाको सदस्य रहेको हुनुपर्दछ । उम्मेदवारको नामावलीमा नाम समावेश भएका उम्मेदवारको योग्यताका सम्बन्धमा कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले उजुरी दिन चाहेमा निर्वाचन कार्यालयमा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतसमक्ष अनुसूची ५ बमोजिमको ढाँचामा उजुरी दिन सक्नेछ । मनोनयनपत्र जाँच गर्ने, उम्मेदवारको नामावली तयार गर्ने, उम्मेदवारले नाम फिर्ता लिन सक्ने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने निर्विरोध निर्वाचित भएको घोषणा, निर्वाचन चिह्न : निर्वाचन अधिकृतले दफा २६ को उपदफा ६ बमेजिमका दलका उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्दा त्यस्तो दलको निर्वाचन चिह्न प्रदान गर्नु पर्नेछ । निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम निर्वाचन चिह्न प्राप्त नगर्ने दलको उम्मेदवार वा स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्दा आयोगले स्वतन्त्र रूपमा खडा भएका उम्मेदवारले प्रयोग गर्ने गरी निर्धारण गरेका निर्वाचन चिह्नको समूहबाट निर्वाचन चिह्न प्रदान गर्नु पर्नेछ (www.lawcommission.gov.np) । यसमा उम्मेदवारले निर्वाचन चिह्न कसरी पाउँछन् भनी जानकारी दिइएको छ ।

उपनियम (३) बमोजिम निर्वाचन चिह्न रोक्न लगाउँदा एकभन्दा बढी उम्मेदवारले एउटै निर्वाचन चिह्न रोजेमा त्यस्तो उम्मेदवारको नामको वर्णक्रमका आधारमा निर्वाचन चिह्न प्रदान गर्नु पर्नेछ । निर्वाचन अधिकृतले यस नियमबमोजिम निर्वाचन चिह्न प्रदान गरेको सूचना अनुसूची १० बमोजिम आफ्नो कार्यालयमा प्रकाशन गरी सोको जानकारी आयोगमा तुरुन्त पठाउनुपर्नेछ । नियम १२ बमोजिम प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेको उम्मेदवारलाई निर्वाचन अधिकृतले अनुसूची ११ बमोजिम उम्मेदवार परिचयपत्र दिन सक्नेछ । मतदान केन्द्र, मतपत्र र मतपेटिका, मतदान केन्द्र तोक्ने, मतदान केन्द्रको क्षेत्र तोक्ने र मतपत्रमा क्रमसङ्ख्या उल्लेख हुनुपर्दछ । मतदान

केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले मतदान परिचयपत्र हेरी निजको नाम मतदाता नामावलीमा समावेश भएको छ छैन र मतदाता नामावलीमा भएको व्यहोरासँग भिड्छ भिड्दैन सो जाँच गर्नेछ । त्यसरी जाँच गर्दा मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजलाई मतदान गर्न मतपत्र दिइनेछ (www.lawcommission.gov.np) । यसमा मतदाताले के कति प्रक्रिया पूरा गरेपछि मात्र मतदान गर्न पाउँछन् भन्ने कुराको जानकारी गराइएको छ ।

उपनियम (१) वा (२) बमोजिम मतदातालाई मतपत्र दिनुअघि मतदान अधिकृतले त्यस्तो मतपत्रमा दस्तखत गर्नु पर्नेछ । उपनियम (१) वा (२) बमोजिम मतदातालाई मतपत्र दिएपछि मतदाता नामावलीमा रहेको निजको नाममा निजले मतदान गरेको व्यहोरा जनिने गरी सकेत गर्नु पर्नेछ । मतदाताले मतपत्र लिएपछि मत संकेत गर्ने गोप्य स्थानमा गई आफूले रोजेको उम्मेदवारको चिह्न भएको मतपत्रको कोठामा आयोगले उपलब्ध गराएको स्वस्तिक चिह्न भएको छाप लगाई सो मतपत्रलाई पटयाई मतपेटिकाभित्र खसाल्नु पर्नेछ । मत सङ्केतका लागि छाप लगाउने गोप्य स्थानमा एक पटकमा एक जना मतदातालाई मात्र प्रवेश गर्न दिइनेछ । कुनै मतदाताले मतपत्र बुझिलिएपछि मतदान नगर्ने निश्चय गरेमा सो मतपत्र मतदान अधिकृतलाई फिर्ता दिनु पर्नेछ । उपनियम (४) बमोजिम कसैले मतदान नगरी मतपत्र फिर्ता गरेमा मतदान अधिकृतले सोको अभिलेख राखी त्यस्तो मतपत्र छुट्टै खामबन्दी गरी राख्नुपर्नेछ । मतगणना र निर्वाचन परिणाम मतगणनासम्बन्धी सूचना प्रकाशन गर्नुपर्दछ । गाउँ कार्यपालिका वा नगर कार्यपालिको महिला सदस्य पदका लागि सम्बन्धित गाउँसभा वा नगरसभाको सदस्य रहेका महिला उम्मेदवार हुन सक्नेछन् । गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदका लागि देहायबमोजिमको योग्यता पुगेको व्यक्ति उम्मेदवार हुन सक्नेछ । नेपाली नागरिक, एकाइस वर्ष उमेर पूरा भएको, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति उम्मेदवार हुन सक्नेछ (www.lawcommission.gov.np) । यसमा कस्ता व्यक्ति उम्मेदवार हुन सक्छन् भन्नेबारेमा जानकारी उपलब्ध गराइएको छ ।

### ६.११ सरकारको तीनवटै तहमा महिला सहभागिता

प्रमुख वा उपप्रमुखमध्ये एक जना महिला, अध्यक्ष वा उपाध्यक्षमध्ये एक जना महिला, स्थानीय तहमा ४०% महिलाको प्रतिनिधित्व अनिवार्य, प्रतिनिधि सभा र प्रदेश

सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिँदा महिलालाई समेत समावेश गरी बन्दसूची तयार गर्ने । गाउँपलिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिला (एकजना दलित महिला सहित) को प्रतिनिधित्व हुने गरी गाउँसभा र नगरसभा गठन हुने ।

नेपाली सेनामा महिला समेतको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा गरिने, नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तका आधारमा गरिने । नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तका आधारमा नियुक्त गरिनेछ । संवैधानिक निकाय र अन्य निकायका पदमा समावेशी सिद्धान्तका आधारमा नियुक्त गरिनेछ । स्थानीय शान्ति समितिहरूमा महिलाको सहभागिता ३३% रहनेछ (शिवाकोटी, २०७५, २६०-२६१) । यसरी स्थानीय शान्ति समितिमाा महिलाको ३३ प्रतिशत सहभागिताबारे जानकारी गराइएको छ ।

२०१५ सालदेखि निर्वाचनहरूमा महिलाको सहभागिता राजनीतिमा देखिए तापनि प्रतिनिधित्वका सम्बन्धमा उपस्थिति न्यून रहेको थियो । नेपालको पहिलो संविधानसभामा आएर मात्र महिलाको सहभागिता उच्च रहेको देखिन्छ । २०७४ को स्थानीय निर्वाचनमा महिलाहरूको मुख्य पदहरूमा विजयी सङ्ख्यामा कमी आएको छ । स्थानीय तह निर्वाचनमा निर्वाचित सबै पदहरूमा महिलाको मात्र ४०.८ प्रतिशत रहेको छ । नगरपालिका प्रमुख गाउँपालिका प्रमुखमा र वडा अध्यक्षजस्तो निर्णायक पदमा महिलाको स्थान १.१ प्रतिशत मात्र रहेको छ । नगरपालिका उपप्रमुख र गाउँपालिका उपाध्यक्षमा पदहरूमा महिलाको ९३.३ प्रतिशत  रहेको देखिन्छ । तर कतिपय स्थानमा फरक फरक पार्टीका मेयर उपमेयर, अध्यक्ष उपाध्यक्ष दुवै पदमा पुरुष मात्रै भएको पनि देखिन्छ ।

**तालिका नं. ६.१०**

स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित महिलाहरूको तथ्यांङ्क

| **निर्वाचित पद सबै** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|
| सङ्ख्या | १४१२९ | २०५०० | ३४६२९ |
| प्रतिशत | ४०.८ | ५९.२ | १०० |

स्रोतः (स्थानीय तह निर्वाचन २०७४ लैङ्गिक अनुगमन प्रतिवेदन, राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा काठमाडौँ २०७४)

स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित महिलाको सङ्ख्या १४१२९ र पुरुषको सङ्ख्या २०५०० गरी जम्मा निर्वाचित सङ्ख्या ३४६२९ देखिन्छ भने महिला ४०.८ प्रतिशत र पुरुष ५९.२ प्रतिशत रहेको छ । तसर्थ स्थानीय निर्वाचनमा पुरुषभन्दा कम सङ्ख्यामा महिला निर्वाचित भएको देखिन्छ ।

### तालिका नं. ६.११

स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित महिलाहरूको तथ्याङ्क

| निर्वाचित सङ्ख्या | प्रमुख न.पा. | अध्यक्ष गा.पा. | वडा अध्यक्ष | जम्मा |
|---|---|---|---|---|
| महिला | ७ | ११ | ६१ | ७९ |
| पुरुष | २८६ | ४४७ | ६६२३ | ७३५६ |
| जम्मा | २९३ | ४५८ | ६६८४ | ७४३५ |
| प्रतिशत महिला | २.४ | २.४ | ०.९ | १.१ |
| प्रतिशत पुरुष | ९७.६ | ९७.६ | ९९.१ | ९८.९ |

स्रोतः (स्थानीय तह निर्वाचन २०७४ लैङ्गिक अनुगमन प्रतिवेदन, राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा काठमाडौं २०७४)

स्थानीय निर्वाचन २०७४ मा प्रमुख न.पा मा ७ जना महिला, अध्यक्ष गा.पा.मा ११ जना महिला र वडा अध्यक्षमा ६१ जना महिला गरी जम्मा ७९ जना महिलाको प्रतिनिधित्व रहेको छ भने प्रमुख न.पा मा २८६ जना पुरुष, अध्यक्ष गा.पा.मा ४४७ जना पुरुष र वडा अध्यक्षमा ६६२३ जना पुरुष गरी जम्मा ७३५६ जना पुरुष रहेका छन् । तसर्थ प्रमुख न.पा. मा महिला २.४, गा.पा. अध्यक्षमा २.४ र वडा अध्यक्षमा ०.९ गरी जम्मा १.१ प्रतिशत महिला मात्र स्थानीय निर्वाचनको नेतृत्व तहमा निर्वाचित भएको देखिन्छ । यसरी हेर्दा महिला नेतृत्व तह अथवा निर्णय गर्ने स्थानमा एकदमै न्यून रहेको देखिन्छ ।

### तालिका नं. ६.१२

स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित महिलाहरूको तथ्याङ्क

| निर्वाचित सङ्ख्या | उपप्रमुख न.पा. | उपाध्यक्ष गा.पा. | जम्मा |
|---|---|---|---|
| महिला | २७६ | ४२४ | ७०० |
| पुरुष | १७ | ३३ | ५० |
| जम्मा | २९३ | ४५७ | ७५० |
| प्रतिशत महिला | ९४.२ | ९२.७८ | ९३.३३ |
| प्रतिशत पुरुष | ५.८ | ७.२२ | ६.६७ |

स्रोतः (स्थानीय तह निर्वाचन २०७४ लैङ्गिक अनुगमन प्रतिवेदन, राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा काठमाडौं २०७४)

स्थानीय निर्वाचन २०७४ मा निर्वाचित उपप्रमुख न.पा. मा महिला २७६ जना र उपाध्यक्ष गा.पा. मा ४२४ जना गरी जम्मा ७०० जना रहेको छ भने उपप्रमुख न.पा. मा पुरुष १७ जना र उपाध्यक्ष गा.पा. मा पुरुष ३३ जना गरी जम्मा ५० जना रहेको देखिन्छ । यसरी हेर्दा महिलालाई उपाध्यक्षमा मात्र सीमित गरेको देखिन्छ ।

## ६.१२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन

प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५५ राजनीतिक दलबाट १४५२ र स्वतन्त्र ४९२ गरी जम्मा १९४४ उम्मेदवार रहेका थिए । यीमध्ये महिला उम्मेदवारको सङ्ख्या १४६ थियो । समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा सदस्यका लागि ४९ र प्रदेश सभामा प्रदेश नम्बर १ देखि ७ मा क्रमशः २७, २९, ३१, २०, २७, १८ र २० गरी जम्मा १७२ जना राजनीतिक दलहरूले बन्द सूची पेस गरेका थिए ।

प्रतिनिधि सभाका लागि २२७३ र प्रदेश सभाका लागि ३५६५ उम्मेदवार रहेका थिए । प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ देहायबमोजिम ३२३८ जनाको उम्मेदवारी परेको थियो जसमध्ये महिला उम्मेदवारको कुल सङ्ख्या २४० प्रदेश १ नम्बरदेखि ७ सम्म क्रमशः २७, ५५, ७२, २२, ४६, ३ र १५ जना गरी जम्मा २४० जना रहेका थियो ।

**तालिका नं. ६.१३**

प्रतिनिधिसभा सदस्य : दलगत स्थिति

| प्रतिनिधिसभा | | | | | |
|---|---|---|---|---|---|
| **क्र.स.** | **राजनीतिक दलको नाम** | **पहिलो हुने निर्वाचित हुने** | **समानुपातिक** | **जम्मा** | **प्रतिशत** |
| १ | नेकपा (एमाले) | ८० | ४१ | १२१ | ४४ |
| २ | नेपाली काङ्ग्रेस | २३ | ४० | ६३ | २३ |
| ३ | नेकपा माओवादी केन्द्र | ३६ | १७ | ५३ | १९ |
| ४ | सङ्घीय समाजवादी फोरम, नेपाल | १० | ६ | १६ | ६ |
| ५ | राष्ट्रिय जनता पार्टी, नेपाल | ११ | ६ | १७ | ६ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | ० | १ | ० |
| ७ | स्वतन्त्र | १ | ० | १ | ० |
| ८ | राष्ट्रिय जनमोर्चा | १ | ० | १ | ० |
| ९ | नयाँ शक्ति पार्टी, नेपाल | १ | ० | १ | ० |
| १० | नेपाल मजदुर किसान पार्टी | १ | ० | १ | ० |
| | जम्मा | १६५ | ११० | २७५ | |

स्रोत : आमनिर्वाचन पर्यवेक्षण समिति नेपाल २०७४ पृ. ३१

प्रतिनिधि सभा र प्रदेश सभाको मतगनणा सम्पन्न भई परिणाम आइसकेको भए तापनि संवैधानिक प्रावधानअनुसार राष्ट्रिय सभामा महिला प्रतिनिधिहरूको सङ्ख्या निर्धारण भएपछि मात्र प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने महिलाको सङ्ख्या निर्धारण गर्न सकिने निर्वाचन आयोगको भनाइका कारण औपचारिक रूपमा मतगणना परिणाम आउन ढिलाइ हुन गयो । राष्ट्रिय सभामा महिला प्रतिनिधित्वको सङ्ख्या निर्धारण भएपछि प्रतिनिधि सभाको परिणाम २०७४ फागुन २ गते औपचारिक रूपमा सार्वजनिक भएको हो । यसअनुसार प्रतिनिधि सभाको प्रत्यक्ष र समानुपातिकतर्फको कुल सङ्ख्या १६५ र ११० गरी जम्मा २७५ को दलगत स्थिति प्रस्तुत गरिएको छ ।

प्रतिनिधि सभा सदस्य (पहिला हुने) निर्वाचनमा निर्वाचित तथा समानुपातिक महिला उम्मेदवारको जिल्ला र राजनीतिक दलको नाम उमेरसहितको विवरण परिशिष्ट- १२ मा रहेको छ ।

**तालिका नं. ६.१४**

प्रदेशसभा सदस्य : दलगत स्थिति

| **प्रदेश सभा** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.स.** | **राजनीतिक दलको नाम** | **पहिलो निर्वाचित हुने** | **समानुपातिक** | **जम्मा** | **प्रतिशत** |
| १ | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | १६८ | ७५ | २४३ | ४४ |
| २ | नेपाली काङ्ग्रेस | ४१ | ७२ | ११३ | २१ |
| ३ | नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) | ७३ | ३५ | १०८ | २० |
| ४ | सङ्घीय समाजवादी फोरम, नेपाल | २४ | १३ | ३७ | ७ |
| ५ | राष्ट्रिय जनता पार्टी नेपाल | १६ | १२ | २८ | ५ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | ३ | ३ | १ |
| ७ | स्वतन्त्र | ३ | ० | ३ | १ |
| ८ | राष्ट्रिय जनमोर्चा | २ | २ | ४ | १ |
| ९ | नयाँ शक्ति पार्टी | २ | १ | ३ | १ |
| १० | नेपाल मजदुर किसान पार्टी | १ | १ | २ | ० |
| ११ | विवेकशील साझा पार्टी | ० | ३ | ३ | १ |
| १२ | नेपाल सङ्घीय समाजवादी पार्टी | ० | १ | १ | ० |
| १३ | सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ० | १ | १ | ० |
| १४ | राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) | ० | १ | १ | ० |
| | जम्मा | ३३० | २२० | ५५० | |

स्रोतः प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन २०७४ पर्यवेक्षण प्रतिवेदन पृ. ३२

प्रदेशमा भने सङ्घीय संसद्मा जस्तो दुई सदन नभई एउटै मात्र सदन हुने भएकाले समानुपातिक सदस्यहरूको सङ्ख्यासमेत निर्धारण भई निर्वाचन परिणाम पहिले नै सार्वजनिक भइसकेको हो । प्रदेश सभाको ५५० मध्ये दलहरूको स्थिति यसप्रकार रहेको छ : नेकपा एमाले २४३, माओवादी केन्द्र १०८, नेपाली काङ्ग्रेस ११३, सङ्घीय समाजवादी फोरम ३७, राष्ट्रिय जनता पार्टी २८ र अन्य साना दल र स्वतन्त्र गरी २१ सदस्य रहेका छन् ।

प्रतिनिधि सभा र प्रदेश सभामा मुख्य तीन दलहरूले प्राप्त गरेको जम्मा सङ्ख्याका तुलनामा लोकप्रिय मतको सङ्ख्या र प्रतिशत भने फरक देखिएको छ । संसद्मा पहिलो बनेको एमालेको प्रत्यक्षतर्फको मत ३०.६८ प्रतिशत, नेपाली काङ्ग्रेसको ३५.७५ प्रतिशत रहेको छ र माओवादीको १५.० प्रतिशत रहेको छ ।

समानुपातिकतर्फ एमालेको प्रतिशत नेपाली काङ्ग्रेसको भन्दा ०.४७ प्रतिशत मात्र बढी छ । माओवादीले भने १३.६६ प्रतिशत मत पाएको छ । सङ्घीय समाजवादी फोरम र जनता पार्टी पहाडी जिल्लामा कम भए पनि मत ल्याउन सफल भएको छ । फोरमले ७७ वटै जिल्लाबाट मत पाएको छ भने राजपाले मनाङमा बाहेक ७६ जिल्लाबाट मत पाएको छ । प्रदेश सभामा निर्वाचित तथा समानुपातिक महिला उम्मेदवारहरूको विवरण परिशिष्ट-१४ मा समावेश गरिएको छ ।

राष्ट्रिय सभा सङ्घीय संसद्को माथिल्लो सदनका रूपमा गठन हुने संवैधानिक प्रावधानअनुसार यसमा जम्मा ५९ जना सदस्य रहने व्यवस्था गरिएको छ । यसको गठनमा प्रत्येक प्रदेशबाट ३ जना महिला, १ जना दलित, १ जना अपाङ्ग वा अल्पसङ्ख्यक र ३ जना खुला प्रतिस्पर्धा जम्मा चार समूहबाट ८ जना गरी जम्मा ५६ जना सदस्य निर्वाचित हुने व्यवस्था रहेको छ । बाँकी ३ जना नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट कम्तीमा १ जना महिलासहित ३ जना मनोनयन हुने व्यवस्था संविधानमा गरिएको छ । निर्वाचनका लागि मतदाता प्रदेशभित्रका स्थानीय तहका सबै अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र प्रदेश सभा सदस्य हुने व्यवस्था छ । उनीहरूको मतभारका हकमा स्थानीय तहका एक जनाको मतभार १८ र प्रदेश सभा सदस्यको मतभार ४८ तोकिएको छ । आ-आफ्नो समूहमा सबैभन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित हुनेछन् । राष्ट्रिय सभामा निर्वाचित महिला प्रतिनिधित्वको नामावली पार्टी र उमेरसहितको विवरण परिशिष्ट १३ मा समावेश गरिएको छ ।

**तालिका नं. ६.१५**

राष्ट्रिय सभा सदस्य : दलगत प्रतिनिधित्व

| **दलहरू** | **राष्ट्रिय सभा सदस्य** | **राष्ट्रिय सभा महिला प्रतिनिधित्व** |
|---|---|---|
| नेकपा एमाले | २७ | ११ |
| माओवादी केन्द्र | १३ | ६ |
| नेपाली काङ्ग्रेस | १२ | ३ |
| सङ्घीय समाजवादी फोरम, नेपाल | २ | ० |
| राष्ट्रिय जनता पार्टी, नेपाल | २ | १ |
| मन्त्री परिषद्बाट मनोनीत | ३ | १ |
| कुल सदस्य सङ्ख्या | ५९ | २२ |

स्रोतः प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७४ पर्यवेक्षण प्रतिवेदन पृ. ३४

राष्ट्रिय सभा सदस्यहरूमा दलगत प्रतिनिधित्वका आधारमा नेकपा एमालेबाट पुरुष २७ जना छन् भने महिला ११ जना मात्र रहेका छन् । माओवादी केन्द्रबाट १३ जना पुरुष रहेका छन् भने ६ जना मात्र महिला रहेका छन् । नेपाली काङ्ग्रेसबाट १२ जना पुरुष रहेका छन् भने ३ जना मात्र महिला रहेका छन् । सङ्घीय समाजवादी फोरम नेपालबाट २ जना पुरुष रहेकामा महिलाको सङ्ख्या रहेको छैन । तर राष्ट्रिय जनता पार्टीबाट २ जना पुरुष छन् भने १ जना मात्र महिला रहेको देखिन्छ ।

**तालिका न. ६.१६**

महिला सहभागिता

| **प्रदेश सभा** | | **प्रतिनिधि सभा** | | |
|---|---|---|---|---|
| **पहिलो निर्वाचित हुने** | **समानुपातिक** | **पहिलो निर्वाचित हुने** | **समानुपातिक** | **राष्ट्रिय सभा** |
| १७ | १७२ | ६ | ८४ | २१ |

स्रोत : प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७४ पर्यवेक्षण प्रतिवेदन, पृ. ३४

नेपालको संविधानअनुसार ३३ प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्था भएकामा प्रत्यक्षतर्फ प्रतिनाधि सभाको कुल १६५ सदस्यमध्ये महिलाको प्रतिनिधित्व ६ जनामा सीमित रहेक छ । त्यसै गरी प्रदेशसभाको कुल ३३० सदस्यमध्ये महिलाको प्रतिनिधित्व १७ मात्र रहेको छ । यसो हुनाको कारण प्रत्यक्षतर्फ अनिवार्य रूपमा महिला उम्मेदवारको सङ्ख्या नउठाउनु नै हो ।

## ६.१३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

नेपालका सन्दर्भमा सामाजिक वञ्चितीकरणले सामाजिक शिक्षा क्रमसँगै वर्षौंदेखि जातजाति, जनजाति, लिङ्ग, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समूहको अवस्थालाई चित्रण गर्दछ । सामाजिक वञ्चितीकरणमा परेका समूहमा महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, सोह्र वर्षमुनिका बालबालिकाहरू र ६० वर्षमाथिका जेष्ठ नागरिकहरू, अपाङ्गता भएका व्यक्तिहरू तथा दुर्गम क्षेत्रमा बसेका जनताहरूलाई लिइएको छ । लङैगिक सम्बन्धहरू नेपालका सबै सामाजिक समूहहरूमा विवेदका भिन्नभिन्न परिणाममा विद्यमान रहेका छन् । सबै महिलाहरूले विभेद भोगिरहेका छन् ।

समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिबी आदि जस्ता विसङ्गतिहरूलाई निरुत्साहित गर्न नेपाल सरकारद्वारा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका पक्षमा अभिव्यक्त विभिन्न प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्ने र नेपालको अन्तरिम संविधान २०६३ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिअन्तर्गत महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनः संरचना गर्ने प्रावधान छ ।

नेपालमा दुई दशकदेखि क्रमिक रूपमा नीतिगत परिवर्तन र उल्लेख्य सुधारहरू भएका छन् तथापि विभिन्न सामाजिक समूहका मानिसको विकास सूचकहरूमा र राजनीतिक तथा प्रशासनिक शक्तिको पहुँचमा व्यापक अन्तर रहेको पाइन्छ । महिला, दलित, जनजाति, मधेसी तथा मुस्लिम समुदाय आर्थिक अवस्था, स्वास्थ्य, शिक्षा, रोजगारीका सूचकहरू र राजनीतिक सहभागितामा पछाडि परेका छन् । महिला, बालबालिका, पछाडि परेको वर्गको विकासमा नेपाल सरकार, दातृ निकाय र समाजका विभिन्न निकायले उल्लेख्य कार्यहरू गरे तापनि यी वर्गहरूको जीवनमा आधारभूत परिवर्तन आउन अरू धेरै बाँकी छ । स्थानीय विकास मन्त्रालयअन्तर्गत विभाग, समिति, आयोग, इकाइबाट सञ्चालन हुने कार्यक्रमहरू आयोजनाका लागि मार्गदर्शन हुने गरी यस मन्त्रालयले मुख्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरेको छ जसमा दीर्घकालीन सोच, लैङ्गिक भेदभावमुक्त, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने लक्ष्य लैङ्गिक तथा

सामाजिक समतामूलक विकासका माध्यमबाट लैङ्गिक तथा सामाजिक सुधार ल्याई गरिबी न्यूनीकरण गर्ने उद्देश्य स्थानीय विकास मन्त्रालयअन्तर्गत शाखा, महाशाखा, विभाग, समिति, आयोग, एकाइहरूलाई संस्थागत एवम् कार्यक्रमगत रूपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्ररित गर्ने । संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई स्थानीय निकायको कार्यक्रम आयोजनाहरूबाट सुनिश्चित एवम् प्रभावकारी रूपमा लागु गर्ने । महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जवाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने । सरोकारवालाहरूलाई वार्षिक योजना कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उतरदायी, जवाफदेही हुन अभिप्रेरित गर्ने ।

स्थानीय जनता विशेष गरी महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका मानिसहरूको क्षमता विकास गरी यी वर्गहरूको स्थानीय तहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चितता गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने । यो नीति र रणनीतिको कार्यान्वयनले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई स्थानीय निकायहरूका कार्यक्रममा दिगो रूपमा मूलप्रवाहीकरण गर्न मदत गर्नेछ । प्रमुख नीतिहरूमा महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, उत्पीडित, विपन्न वर्ग, अपाङ्ग, तथा पिछडिएको क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ कार्य गरिनेछ । महिला, बालबालिका, आदिवासि जनजाति, मानवअधिकारलगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसङ्घ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६, नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय) ।

समावेशी लोकतन्त्रका आधारका रूपमा नेपालको संविधान, २०७२ मुलुकले पाएको छ । यो मूलतः ऐतिहासिक जनआन्दोलन, विस्तृत शान्तिसम्झौता र अन्तरिम संविधानका भावनालाई कार्यान्वयन गर्न सार्वभौम नेपाली जनताका प्रतिनिधि आफैँले लेखेको लोकतान्त्रिक संविधान हो । यसले मुलुकमा व्याप्त सबै प्रकारका विभेदबाट मुलुकलाई मुक्त गर्दै नेपालीहरूको साझा भविष्य सुनिश्चित गर्ने आशय राखेको छ । संविधान मूलतः सबै

वर्ग, लिङ्ग, क्षेत्र र सम्प्रदायको आर्थिक समृद्धि र सामाजिक रूपान्तरणको प्रत्याभूत गर्न लक्षित छ । संविधानमा भएका विशेष व्यवस्था र निर्वाचनप्रणालीका आधारमा यो विश्वको उत्कृष्ट समावेशी संविधान पनि हो । यसले नेपालको सामाजिक विविधतालाई सम्बोधन गरी राज्य संरचनाका प्रत्येक तहमा नेपाली समाजको विविधतालाई उन्नयन गर्न खोजेको छ । महिला प्रतिनिधित्व प्रत्याभूत गर्न मौलिक हकमा महिलाको हकको प्रावधान राखी राज्यका सवै निकायमा महिलालाई समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा सहभागी हुने हक सुनिश्चित गरेको छ ।

राज्यका निर्देशक सिद्धान्त तथा नीतिले महिला, बालबालिका, एकल महिला, अशक्त तथा जोखिममा रहेका महिलालक्षित नीति तथा कार्यक्रम तर्जुमा गर्न राज्यलाई निर्दिष्ट गरेको छ । सङ्घीय व्यवस्थापिकाअन्तर्गतको प्रतिनिधि सभामा रहने २७५ जना सदस्यमध्ये ११० सदस्यमा राजनैतिक दलले समानुपातिक तर्फबाट उम्मेदवार बनाउँदा जनसङ्ख्याका आधारमा महिलालगायतका वर्गमा सन्तुलन मिलाई उम्मेदवार दिनुपर्ने व्यवस्था गरिएको छ । सङ्घीय व्यवस्थापिकाअन्तर्गतको राष्ट्रिय सभामा रहने ५९ सदस्यमध्ये प्रत्येक प्रदेशबाट निर्वाचित भई आउने आठ सदस्यमा कम्तीमा तीन जना महिला हुनैपर्ने व्यवस्था छ । साथै नेपाल सरकारको सिरफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने तीन जनामा एकजना महिला हुनैपर्ने बाध्यकारी व्यवस्था छ । कुनै राजनीतिक दलबाट प्रतिनिधि सभाको सदस्यका लागि भएको पहिलो हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा र राष्ट्रिय सभा सदस्यको निर्वाचनमा कम्तीमा एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा प्रतिनिधि सभाका लागि बन्दसूचीबाट उम्मेदवार निर्वाचित गर्दा आफ्नो दलबाट सङ्घीय संसद्मा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एकतिहाइ महिला सदस्य निर्वाचित गर्नुपर्ने व्यवस्था गरी महिला प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ । राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था छ ।

प्रदेश सभामा सदस्य सङ्ख्याको चालिस प्रतिशत समानुपातिक समावेशी प्रतिनिधित्वका आधारमा निर्वाचित हुने प्रावधान छ । गाउँ तथा नगर कार्यपालिकाको गठन गर्दा क्रमशः चार र पाँच जना महिला सदस्य सम्बन्धित सभाले निर्वाचित गर्ने व्यवस्था छ । यसबाट मुलुकका ७५३ स्थानीय सरकारको कार्यकारिणीमा तीन हजारभन्दा बढी महिला प्रतिनिधिहरू निर्वाचित भई शासकीय प्रक्रियामा सहभागी हुने अवसर सुनिश्चित गरिएको

छ । राजनीतिक दलका तर्फबाट स्थानीय सरकार (गाउँ वा नगर कार्यपालिका) को अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुखको उम्मेदवारी दिँदा दुवै पदमा एकै लिङ्गको उम्मेदारी दिन नपाउने व्यवस्था गरिएको छ। स्थानीय सरकारको न्यायिक समितिमा गाउँपालिका भए उपाध्यक्ष र नगरपालिकामा भए उपप्रमुख संयोजकको भूमिकामा रहने व्यवस्था छ, जसले कार्यकारिणी र न्यायिक संयन्त्रमध्ये एकमा महिला रहनुपर्ने संवैधानिक आशय देखिन्छ । यसले स्थानीय सरकारलाई समावेशी मात्र नबनाई नियन्त्रण र सन्तुलनको सिद्धान्तको परिपालना पनि गराउँदछ।

स्थानीय गाउँपालिका तथा नगरपालिकामा रहने वडामा पाँच सदस्यीय समितिहरूमा चालिस प्रतिशत महिला आरक्षण गरिएको छ, सोको पचास प्रतिशत दलित महिला सदस्य रहनेछन् । त्यस्तै प्रत्येक जिल्लामा रहने जिल्ला समन्वय समितिमा रहने बढीमा नौ सदस्यमध्ये तीन जना महिला अनिवार्य गरिएको छ। प्रतिनिधि सभाका सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनुपर्ने, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुनुपर्ने व्यवस्था छ । प्रतिनिधि सभामा सभामुख र उपसभामुख फरक फरक दलबाट हुनुपर्ने व्यवस्थाले पनि महिलालाई उच्च राजनीतिक तहमा प्रतिनिधित्व गराउन विशेष व्यवस्था गरिएको स्पष्ट छ। साथै यसै प्रकारको समावेशी अवधारणा प्रदेश सभाको व्यवस्थामा पनि गरिएको छ।

नेपालको संविधानले राज्यका सवै तहहरू सङ्घीय, प्रादेशिक र स्थानीय तहमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ । स्थानीय सरकारका सबै तहहरू, स्थानीय कार्यकारिणी, न्यायिक समिति, स्थानीय सभा, प्रदेश सभा र जिल्ला समन्वय समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्थाले राज्यप्रणालीलाई लैङ्गिक रूपमा समावेशी बनाएको स्पष्ट देख्न सकिन्छ । आरक्षित व्यवस्थाका अलावा अरू सङ्ख्यामा महिला प्रतिनिधित्वको अवसर हुनसक्ने स्थिति छ।

महिला प्रतिनिधित्वका चुनौतीहरू नेपालको संविधानले गरेको व्यवस्था र अवलम्वन गरिएको निर्वाचनप्रणालीले महिला तथा अल्पसङ्ख्यकहरूलाई राज्यप्रक्रियामा सहभागी हुने मार्ग प्रशस्त गरेको छ। यसअघिका व्यवस्था महिला उम्मेदवारीको मात्र प्राथमिकता दिए पुग्थ्यो भने हालको व्यवस्थाले महिला प्रतनिधित्वको सुनिश्चिततालाई आत्मसात् गरेको छ। यस अर्थमा संवैधानिक व्यवस्था अग्रगामी र समावेशी लोकतन्त्रको अवधारणा अनुरूप छ तर संविधानका व्यवस्थालाई त्यत्तिकै कार्यान्वयनमा लैजान सकिँदैन । यसमा सबै

राजनीतिक दल, सरकार र नागरिक समाज सबैले प्रतिबद्ध भूमिका निर्वाह गर्नुपर्दछ । राजनीतिमा महिला प्रतिधित्वि बढाउने सन्दर्भमा अझै केही चुनौतीहरू विद्यमान छन् जसलाई सम्बोधन गरेर नै संवैधानिक भावनाअनुरूप उपलब्धि हासिल गर्न सकिन्छ । यी चुनौतीहरू साङ्केतिक रूपमा यहाँ उल्लेख गरिन्छ :

### ६.१३.१ नेतृत्व विकास

महिलाहरूको नेतृत्व विकासका लागि थप प्रयास जरुरी छ । स्थानीय तहदेखि नै महिला नेतृत्व विकासका लागि राजनीतिक दलहरूले कार्य गर्न जरुरी छ । नेतृत्व विकास निरन्तरको प्रक्रिया हो । यसले महिलाहरूमा राजनीतिक सहभागिताका लागि अभिमुखीकरण र सामर्थ्य विकासलाई साथसाथै बढाउने भएकाले आउँदा दिनमा महिलाहरूको सहभागिता बढ्नेछ । यस अभियानमा राजनैतिक दल, महिला समूह र निर्वाचन आयोगले सहकार्य गर्न सक्छन् । केही सहकार्य स्थानीय तहको निर्वाचनका क्रममा पनि भएको थियो । यस्ता राम्रा प्रयासलाई निरन्तरता दिनु जरुरी छ ।

### ६.१३.२ राजनीतिक दलभित्र पुनःसंरचना

संविधानको धारा २६९ ले सङ्गठन प्रयोजनका लागि निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको सामाजिक विविधतालाई प्रतिनिधित्व गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने कुरा स्पष्ट उल्लेख छ । तर दलहरूले आफ्नो आन्तरिक संरचनालाई संवैधानिक प्रावधानअनुरूप बदलिन सकेका छैनन् । बदल्ने ससर्त अनुरोधका आधारमा नै दलहरूले सङ्गठन गरिरहेका छन् । यसको अनुगमन पनि भएको छैन । दलहरूको आन्तरिक संरचनामा महिलाहरूलाई जिम्मेवारी दिई नीतिनिर्माणका तहसम्म पुऱ्याए मात्र लैङ्गिक समावेशीताको वास्तविक कार्यान्वयन हुन्छ ।

### ६.१३.३ मितव्ययी निर्वाचन-प्रणाली

महिला तथा सीमान्तकृत वर्ग महँगो निर्वाचनप्रणालीमा सहभागी हुन सक्दैनन् । नेपालको निर्वाचन विभिन्न कारणले मितव्ययी हुन सकेको छैन । राजनीतिक दलहरूको विश्वास लिएर निर्वाचनप्रणाली मितव्ययी बनाउने र सोको पालनाका लागि प्रभावकारी आचारसंहिता कार्यान्वयन गर्ने गरिएमा दुर्गम, पिछडिएको क्षेत्रका महिला र सीमान्तकृत वर्गले आफ्नो क्षमताअनुरूप निर्वाचनमा सहभागिता देखाउन सक्छन् ।

### ६.१३.४ हिनताबोधी संस्कृतिको अन्त्य

महिलाहरू स्वयम्मा रहेको हीनताबोधी भावना पनि यदाकदा देखिने गरेको छ । जस्तो कि प्रमुख तथा कार्यकारी पदमा उम्मेदवारी दिन केही हच्किने प्रवृत्ति देखिन्छ । स्थानीय तह निर्वाचनमा र विगतका विभिन्न निकायको निर्वाचनमा यो स्थिति देखियो । निर्वाचित भएका महिला पदाधिकारीहरूको प्रदर्शन प्रभाव र महिलाहरूको सामूहिक प्रयासबाट सामर्थ्य संस्कृति विकास गर्न सकिन्छ ।

### ६.१३.५ राजनीतिक नेतृत्वको सोच परिवर्तन

उच्च राजनीतिक नेतृत्वमा महिलाहरूलाई भूमिका दिने, कमजोर ठान्ने, श्रीमती तथा नातागोतालाई प्राथमिकता दिने सोच हाबी रहेको छ । साथै पुरुष नेतृत्वको लोकप्रियताका सापेक्षमा पुरुष उम्मेदवारको मृत्युमा सहानुभूति लिन स्थान र अवसर दिने प्रवृत्ति छ । यस खालको सोचमा सुधार नगरी महिला नेतृत्व विकास कठिन देखिन्छ ।

### ६.१३.६ नारीवादी सवालबाट माथि उठ्ने

उम्मेदवारी दिँदा होस् वा विभिन्न मञ्चमा होस्, महिला उम्मेदवारहरू महिलाका सवालमा बढी केन्द्रित हुने गरेको गुनासो पनि सुनिदै आएको छ । यसले महिलालाई सघाउ पुऱ्याउँछ । समाजका विस्तृत मुद्दाहरू टिप्ने र सोहीअनुसार प्रस्तुत हुँदा महिलाको क्षमता विकास भएको प्रभाव मतदाता र आम सर्वसाधारणमा पर्न जान्छ ।

### ६.१३.७ दबाब समूह

राजनीतिक दलभित्र र बाहिर पनि महिला नेतृत्व विकास, प्रतिनिधित्वलगायतका विषयमा आममहिलाहरूको साझा आवाज चाहिन्छ । दलहरूमा आन्तरिक प्रजातन्त्र विकास त्यत्तिकै हुँदैन । साथै पितृसत्तात्मक सोचलाई छोटो अवधिमा परिवर्तन गर्न पनि समस्या छ । महिला अधिकारकर्मी, निर्वाचित महिला पदाधिकारी र यस विषयमा चासो राख्ने सबैले महिला प्रतिनिधित्वका विषयमा मितव्ययिता राख्न जरुरी छ । अन्यथा महिलालाई समानुपातिक तर्फमात्र उम्मेदवार बनाउने, उपाध्यक्ष, उपप्रमुखमा थन्क्याउने, कानुनको प्रावधान मात्र पूरा गर्ने, आफ्नो दल कमजोर भएको स्थानमा ठुला व्यक्तित्वसँग प्रत्यासी बनाउने जस्ता कामहरू रहन्छन् ।

### ६.१३.८ नीति तथा कानुनी संरचनामा सुधार

कतिपय नीति संरचना पनि महिलामैत्री रहेका छैनन् । जस्तो कि मतदाता नाम दर्ता स्थल, फोटो खिच्ने स्थान, नागरिकताको प्रमाण पत्र लिने प्रक्रिया, चुनाव प्रचारप्रसार शैली, उम्मेदवारी दर्तालगायतका निर्वाचन व्वस्थापनलाई महिलामैत्री बनाउन विद्यमान कानुन तथा नीतिको परिमार्जन पनि आवश्यक हुन सक्छ । निर्वाचन आयोगले लैङ्गिक समावेशी नीति तर्जुमा गरी रणनीतिक योजनाको अभिन्न अङ्ग बनाएको छ । यस्तै अन्य क्षेत्रमा सुधार आवश्यक हुन सक्छ ।

### ६.१३.९ लक्षित कार्यक्रम सञ्चालन

महिलाको समग्र विकास एवम् सशक्तीकरणलाई लक्ष्यित गरेर कार्यक्रम सञ्चालन पनि आवश्यक छ, जसले महिलालाई घर बाहिरको अवस्थामा ल्याई आफूमा अन्तर्निहित क्षमता उपयोग गर्ने साहस र सामर्थ्य विकास गरोस् । राजनीतिक दल, नागरिक समाज, निर्वाचन आयोग, आमसञ्चारका माध्यम सबै नै संवैधानिक भावनाअनुरूप महिलाहरूको प्रतिनिधित्वका लागि निरन्तर नागरिक शिक्षाको प्रक्रियामा रहनु आवश्यक छ । निर्वाचन स्वच्छ, स्वतन्त्र र निष्पक्ष त हुनैपर्छ, । त्यसबाहेक सबैको स्वामित्व रहने निर्वाचन व्यवस्थापन पनि उत्तिकै जरुरी छ । नेपालको संविधानले नेपालको समाजिक विविधतालाई राजनीतिक प्रक्रिया र प्रतिनिधित्वमार्फत सम्बोधन गरी नेपाललाई विविध वर्ग, सम्प्रदाय र संस्कृति साझा फूलबारी बनाउने कल्पना गरेको छ । राज्यका विभिन्न तहमा प्रतिनिधित्वसम्बन्धी भएका व्यवस्था, निर्वाचनप्रणाली र राज्यका निर्देशक सिद्धान्तहरूले यही कुराको पुष्टि गरेको देखिन्छ । तर परम्परागत सोच, संस्कृति र मूल्य परम्परा भएको समाजमा यत्तिकै यसलाई कार्यान्वयन गर्न सकिँदैन साथै कार्यान्वयन गरिएका पनि सार्थकभन्दा पनि औपचारिक देखिन्छन् । त्यसैले दलहरूभित्रको आन्तरिक संस्कृति सुधारसहित महिला क्षमता विकास एवम् अभिमुखीकरणका कार्यक्रमहरू निरन्तर चालिनुपर्दछ । संविधान कार्यान्वयनका सुरुका  दिनदेखि नै यस भावनाप्रति सबैको साझा सङ्कल्प भएमा भोलिका दिन सहज हुने देखिन्छ (http://nwc.gov.np/Publication_file/5d5cf68427e84_mahila-adhikar-__-final1.pdf) ।

नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गर्दै सबै नागरिक कानुनका दृष्टिमा समान हुने, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानुनको प्रयोगमा कुनै नागरिकप्रति भेदभाव नगरिने तर

सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि सङ्घीय कानुनबमोजिम विशेष व्यवस्था गर्न सकिने कुरा स्पष्ट गरेको छ । नेपालको संविधानको निर्देशक सिद्धान्तले कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायका माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोकल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्नु राज्यको राजनीतिक उद्देश्य हुने कुरा स्पष्ट गरेको छ । राज्यको लैङ्गिक समानता र सामाजिक समावेशीकरणको राजनीतिक उद्देश्य पूरा गर्नका लागि नेपालको संविधानले राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगको व्यवस्था गरेको छ । यी आयोगहरूले संविधान र सङ्घीय कानुनबमोजिमको काम गर्ने गरी कार्यक्षेत्र निर्धारण गरेको छ । नेपालको संविधानमा उल्लेख भएको विशेष व्यवस्थाबमोजिम आवश्यक कानुन निर्माण भई कार्यान्वयनमा आइसकेका छन् (election.gov.np/uplods/content/16004546.pdf) । यसमा निर्वाचनसम्बन्धी कानुननिर्माणबारे जानकारी पाउन सकिन्छ ।

मधेस प्रदेश सरकारले बेटी बचाऊ बेटी पढाऊ अभियानअन्तर्गत प्रदेश सरकारले छोरी शिक्षा बिमा/मुद्दती बचत खाताको शुभारम्भ गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीले भनिन् छोरीहरु पढेर शिक्षित र स्वावलम्बी बने भने त्यसले समग्र समाज र राष्ट्रलाई समुन्नत र समृद्धितर्फ डोऱ्याउँछ, दिगो शान्ति र सुखी नेपालको सोंच साकार गर्न छोरीहरूको शिक्षाले सघाउ पुऱ्याउँछ । कतिपय ठाउँमा छोरीलाई अभिशााप मान्ने गरेको पाइन्छ र त्यस्तो मान्यताको अन्त्यका लागि बेटी पढाऊ, बेटी बचाऊ अभियान जस्ता कार्यक्रम सहायक हुने देखिन्छ । छोरीहरूको शिक्षामा विशेष जोड दिएको देखिन्छ ।

मधेस प्रदेशमा जन्मने हरेक छोरीको अब बिमा हुनेछ । छोरीहरूलाई प्रदेश सरकारका तर्फबाट २० वर्षपछि एक लाख र सेवा प्रदायक बैङ्कका तर्फबाट २५ हजार

प्रदान गर्ने गरी छोरी शिक्षा बिमा/मुद्दती बचत खाता सुरु गरिएको देखिन्छ (https://nagariknews.nagariknetwork.com/politics/171625-1550746140.html) । यसरी यसमा मधेसमा जन्मने छोरीहरूका लागि गरिएको व्यवस्थाका बारेमा जानकारी गराइएको छ ।

### ६.१३.१० संवत् २०६३ देखि हालसम्म

नेपालको अन्तरिम संविधान, २०६३ मा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने सङ्कल्प व्यक्त गरिएको र समानुपातिक समावेशिताको सिद्धान्तलाई अङ्गीकार गर्दै राज्यका सबै संरचनामा समानुपातिक प्रतिनिधित्वका लागि आरक्षणको समेत व्यवस्था गरिएको थियो । यसै बमोजिम निर्वाचन प्रणालीमा सुधार गरी जनप्रतिनिधिमूलक संस्थाहरूमा जनसाङ्ख्यिक बनोटअनुसारको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्ने व्यवस्थासमेत गरियो । संस्थागत रूपमा पिछडिएको समुदाय उत्थान विकास समिति, राष्ट्रिय मुस्लिम आयोग र वादी समुदाय उत्थान विकास समिति गठन गरिनुका साथै यसअघि गठन भई क्रियाशील रहेका लैङ्गिक तथा समावेशी संस्थाहरूलाई निरन्तरता दिइयो । समानुपातिक समावेशी सिद्धान्तअनुसार संवत् २०६४ सालमा सम्पन्न संविधानसभा सदस्य निर्वाचनमा राजनीतिक दलले समानुपातिक सूची निर्वाचन आयोगमा पेस गर्दा ५० प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था गरियो । यसअनुसार संवत् २०६४ सालमा सम्पन्न संविधानसभा सदस्य निर्वाचनमा ३३ प्रतिशत महिला प्रतिनिधि निर्वाचित भएका थिए ।

निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचन, २०६४ को सञ्चालन तथा व्यवस्थापनमा जनशक्ति परिचालन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण छ सिद्धान्तलाई अवलम्बन गर्ने नीति अख्तियार गरेको थियो । सो निर्वाचनमा निर्वाचन तथा मतदाता शिक्षाका सामग्रीहरू लैङ्गिक तथा समावेशीमैत्री ढङ्गले तर्जुमा गरी प्रकाशन तथा प्रसारण गरिएको थियो । अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० मा समेत संवत् २०६४ सालमा सम्पन्न संविधानसभा सदस्य निर्वाचनको व्यवस्थालाई निरन्तरता दिइएको थियो ।

यसै अनुरूप निर्वाचन आयोगले पहिलो पटक लैङ्गिक तथा समावेशी समूहको निर्वाचन र राजनीतिमा सहभागिता अभिवृद्धि गरी क्षमता विकास गर्नका लागि लैङ्गिक तथा समावेशी नीति, २०७० तर्जुमा गरी कार्यान्वयन गरेको थियो । संवत् २०७० सालमा

भएको अर्को संविधानसभा सदस्य निर्वाचनबाट गठित संविधानसभाले संवत् २०७२ सालमा नेपालको संविधान जारी गरेपश्चात् संविधानको कार्यान्वयनका लागि संवत् २०७४ सालमा सङ्घीय संरचनाअनुरूप सङ्घीय संसद्, प्रदेश सभा र स्थानीय तहका निर्वाचनहरू सम्पन्न भएका थिए । संवत् २०७४ को आम निर्वाचन र उपनिर्वाचन, २०७६ को निर्वाचनका सबै प्रक्रियाहरूमा महिला तथा समावेशी समूहको सहभागितालाई प्राथमिकता दिई निर्वाचन सञ्चालन तथा व्यवस्थापन गरिएको थियो । यसै गरी राष्ट्र विकासमा अधिकतम लाभ उठाउन समावेशीकरणलाई प्रमुख विषयका रूपमा अङ्गीकार गर्नु आवश्यक हुन्छ । समावेशीकरणका दृष्टिकोणबाट राजनीतिक र प्रशासनिक संरचनामा उचित प्रतिनिधि नहुनु मुख्य समस्याका रूपमा पन्धौँ योजनाको दस्ताबेजले औँल्याएको छ जसको सम्बोधनका लागि राज्यका तीन तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणका माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने रणनीति पन्धौँ योजनाले लिएको छ । लैङ्गिक दृष्टिकोणबाट हेर्दा विद्यमान आवधिक योजनाले राज्यका तीन तहमा महिलाको राजनीतिक सहभागिता उत्साहजनक रहनु र राष्ट्रिय महिला आयोगको संवैधानिक अधिकारसहित क्षेत्राधिकारमा वृद्धि हुनुलाई अवसरका रूपमा लिएको छ ।

शासनप्रणालीलाई लैङ्गिक समानता तथा समावेशीकरण सिद्धान्तका आधारमा प्रतिनिधिमूलक बनाउन मुलुकको बहुलतायुक्त सामाजिक स्वरूपलाई अवसरका रूपमा ग्रहण गरी निर्वाचनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमका रूपमा अङ्गीकार गर्नुपर्ने आवश्यकता टड्कारो बन्दै गएको छ ।

नेपालको संविधानबमोजिम निर्वाचनका सबै प्रक्रियाहरूमा महिला तथा लक्षित (समावेशी समूह) वर्गको सहभागिता वृद्धि गरी राज्य प्रदत्त सेवा सुविधा र अवसरमा न्यायोचित पहुँच पुऱ्याउन राज्यसंयन्त्रका सबै निकाय तथा निर्वाचित हुने निकायहरूमा सहभागिता बढाउने कुरालाई दृष्टिगत गरी निर्वाचन आयोगले नेपालको अन्तरिम संविधान २०६३ लाई मूल आधार मानी आयोगको लैङ्गिक तथा समावेशीकरण नीति, २०७० स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो । संवत् २०७० सालमा सम्पन्न भएको अर्को संविधानसभा सदस्य निर्वाचनमा समानुपातिक प्रतिनिधित्व प्रणालीसमेतबाट संविधानसभामा महिलाको सहभागिता करिब ३३ प्रतिशत पुग्यो भने अन्य लक्षित वर्गको समेत उल्लेखनीय प्रतिनिधित्व रह्यो ।

नेपालको अन्तरिम संविधान, २०६३ तथा सोका आधारमा तर्जुमा भएका निर्वाचनसम्बन्धी कानुन, निर्वाचन आयोगले तर्जुमा गरी कार्यान्वयनमा ल्याएको आयोगको रणनीतिक योजना, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६, लगायत अन्तर्राष्ट्रिय कानुनले सिर्जना गरेको दायित्वसमेतका आधारमा तयार गरिएको लैङ्गिक तथा समावेशीकरण नीति, २०७० लाई संवत् २०७२ सालमा जारी भएको नेपालको संविधान, सोका आधारमा तर्जुमा भएका निर्वाचनसम्बन्धी कानुन तथा निर्वाचनबाट प्राप्त भएका उपलब्धिसमेतलाई दृष्टिगत गर्दा बाध्यकारी अवस्थामा बाहेक महिला र समावेशी समूहको प्रभावकारी प्रतिनिधित्व हुन नसकेकाले विद्यमान लैङ्गिक तथा समावेशीकरण नीति, २०७० मा समयानुकूल परिमार्जन गर्न आवश्यक छ ।

यसरी नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानुनहरूमा भएको व्यवस्थाबमोजिम आयोगले संवत् २०७४ मा सम्पन्न गरेको स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनको परिणामअनुसार स्थानीय तहमा ४०.७५ प्रतिशत, प्रदेश सभामा ३४.४० प्रतिशत, प्रतिनिधि सभामा ३३.५३ प्रतिशत, र राष्ट्रिय सभामा ३७.३० प्रतिशत महिला तथा समावेशी समूहको प्रतिनिधित्व रहेको छ । सामाजिक समावेशी दृष्टिले हेर्दा मधेसी, दलित र अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व स्थानीय तहमा क्रमशः १६ प्रतिशत, २ प्रतिशत र ४ जना, प्रदेश सभामा क्रमशः १८ प्रतिशत, ६ प्रतिशत र ३ जना, प्रतिनिधि सभामा क्रमशः १७ प्रतिशत, ७ प्रतिशत र २ जना तथा राष्ट्रिय सभामा क्रमशः ८ प्रतिशत, १२ प्रतिशत र ४ जना रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ तथा सोको आधारमा तर्जुमा भएका निर्वाचनसम्बन्धी कानुन, निर्वाचन आयोगले तर्जुमा गरी कार्यान्वनयमा ल्याएको आयोगको रणनीतिक योजना तथा समावेशीकरण नीति, २०७० लाई संवत् २०७२ सालमा जारी भएको नेपालको संविधान, सोका आधारमा तर्जुमा भएका निर्वाचनसम्बन्धी कानुन तथा निर्वाचनबाट प्राप्त भएका उपलब्धिसमेतलाई दृष्टिगत गर्दा बाध्यकारी अवस्थामा वाहेक महिला र समावेशी समूहको प्रभावकारी प्रतिनिधित्व हुन नसकेकाले विद्यमान लैङ्गिक तथा समावेशीकरण नीति, २०७० मा समयानुकूल परिमार्जन गर्न आवश्यक देखिएको छ ।

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा महिला तथा लक्षित वर्गलाई राज्यका निकायमा सहभागी हुने हक प्रदान गरेको छ । समावेशीकरण नीति, २०७० मा समसामयिक सुधार गरी देहायका आवश्यकताको सम्बोधनका लागि लैङ्गिक तथा समावेशी नीति आवश्यक भएको हो । नेपालको संविधानले अङ्गीकार गरेको शासनव्यवस्थामा समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात् गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन पर्दछ । मुलुकको सङ्घीय शासनव्यवस्थाको ढाँचा, मौलिक हक एवम् अधिकार, निर्वाचनसम्बन्धी संवैधानिक एवम् कानुनी व्यवस्था र निर्वाचनसम्बन्धी विश्वव्यापी मान्यता, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिप्रतिको प्रतिबद्धता, दिगो विकासको लक्ष्यसँग लैङ्गिक तथा समावेशी नीतिलाई आबद्ध गर्नुपर्दछ । निर्वाचनसम्बन्धी नीति, कानुन, योजना, बजेट, कार्यक्रम, सेवा प्रवाह एवम् निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सबै चरण र प्रक्रियामा लैङ्गिक समानता तथा समावेशीकरणलाई सम्बोधन गर्नुपर्दछ । निर्वाचन चक्रका सबै चरणमा लैङ्गिकता तथा समावेशितालाई योजनाबद्ध रूपमा मूल प्रवाहीकरण गरी नीतिगत एवम् कार्यगत परिपूरकता र सामञ्जस्य कायम गरी निर्णायक तहमा महिला तथा अन्य समावेशी समूहको नेतृत्व स्थापित गर्नुपर्दछ (निर्वाचन आयोग २०७७ लैङ्गिक तथा समावेशी नीति २०७७, पृ. ११-१३) ।

राजनीतिमा महिलाको सहभागिता र प्रतिनिधित्वबारे केही विचारक र तिनका विचारलाई तल प्रस्तुत गरिएको छ :

अमृता धिताल मगर - महिलालाई स्थानीय निकायमा सहभागीका लागि राजनीतिक तालिमको व्यवस्था गर्नुपर्ने पर्दछ । महिलाका लागि शिक्षामा जोड दिई राजनीतिक वातावरण बनाउनुका साथै राजनीतिमा सहभागिताको अवसर दिनुपर्दछ (अमृता धिताल मगर, फागुन ११, २०७६) । मगरले स्थानीय निकायमा महिलाको सहभागिता बढाउनका लागि उनीहरूलाई राजनीतिक तालिम दिनुपर्ने कुरा बताएकी छन् ।

लीलादेवी पासवान - राजनैतिक तालिमको व्यवस्था हुनुपर्ने देखिन्छ । महिलालाई शिक्षामा विशेष जोड दिनुपर्ने हुन्छ (लीलादेवी पासवान, फागुन ११, २०७६) । पासवानले महिलाका लागि राजनीतिक तालिमको प्रबन्ध गर्नुपर्ने कुरा बताएकी छन् ।

अनिताकुमारी नौनिया - महिला कोटामा सुधार गरी कोटा थप्नुपर्ने देखिन्छ । शिक्षामा जोड दिनु जरुरी छ (अनिताकुमारी नौनिया, वैशाख ३०, २०७६) । नौनियाले महिलाकोट थप्नुपर्ने र उनीहरूका लागि शिक्षामा जोड दिनुपर्ने कुरा बताएकी छन् ।

मीनकुमार आचार्य - महिलाको नेतृत्व क्षमताको विकास गर्ने पहलकदमीहरूको तत्काल व्यवस्था हुनुपर्दछ । महिलाका क्षमता विकासपछि नेतृत्वमा आउँदा राम्रो हुन्छ । (मीनकुमार आचार्य, वैशाख ३१, २०७६) । आचार्यले महिलाको नेतृत्वक्षमताको विकास गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

मुस्कानकुमारी कामत - पचास प्रतिशत महिलाहरू स्थानीय तहमा सहभागी हुने व्यवस्था हुनुपर्दछ । पछाडि परेका महिलाहरूलाई स्थानीय निकायमा सहभागी गराउनुको अर्को विकल्प छैन । सहभागितामा महिलाको सङ्ख्या थप हुने गरी व्यवस्था हुनुपर्ने आवश्यकता रहेको छ (मुस्कानकुमारी कामत, वैशाख ३०, २०७६) । कामतले स्थानीय तहमा पचास प्रतिशत महिलाको सहभागिता सुनिश्चित हुनुपर्ने आवाज उठाएकी छन् ।

लीला कामत - स्थानीय निकायमा पचास प्रतिशत महिला सहभागी हुनुपर्ने व्यवस्था संविधानमा उल्लेख हुनुपर्दछ । कोटा प्रणालीमा महिलाको सङ्ख्यामा थप व्यवस्था हुनुपर्ने अर्को मुख्य विषय हो । (लीला कामत, वैशाख ३०, २०७६) । कामतले स्थानीय निर्वाचनमा महिलाको पचास प्रतिशत सहभागिता हुनुपर्ने कुरामा जोड दिएकी छन् ।

केवलराय अमात्य - महिला कोटामा सुधार गरी सबैलाई समेट्ने गरी व्यवस्था हुनुपर्दछ । राजनीतिक परिवर्तन स्थानीय निकायमा महिला सहभागितामा सकारात्मक परिर्वतन भएको छ (केवलराय अमात्य, वैशाख ३१, २०७६) । अमात्यले महिलाकोटामा सुधार गरी स्थानीय तहमा महिलाको सहभागिता बढाउनुपर्ने कुरा बताएका छन् ।

घनश्याम सिंह - हाल संविधानमा भएको व्यवस्थाअनुसार स्थानीय तहमा महिला कोटा कम रहेको छ । महिला कोटा बढाई कोटामा समानुपातिक व्यवस्थाअनुसार सहभागी हुनुपर्ने व्यवस्था हुनु जरुरी छ (घनश्याम सिंह, वैशाख ३०, २०७६) । सिंहले स्थानीय तहमा महिलाका लागि कोटा बढाउनुपर्ने कुरामा जोड दिएका छन् ।

कुमार पोखरेल - महिलाहरू अरूको भनाइमा राजनीति नगरी आफ्नो सोच र विवेकबाट राजनीतिक गर्नु र सक्षम महिला प्रतिनिधित्व भई जनता सेवा गर्दा राम्रो हुन्छ (कुमार पोखरेल, वैशाख ३१, २०७६) । पोखरेलले महिलाले जनताको सेवा गर्ने गरी राजनीति गर्नुपर्ने बताएका छन् ।

कमलेस ठाकुर - महिलाहरू नेतृत्व तहमा पुग्ने गरी थप कोटाप्रणालीको व्यवस्था हुनुपर्ने आवश्यकता छ । स्थानीय तह निर्वाचनमा महिलाको राजनीतिक आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा सुधार हुनुपर्ने देखिन्छ (कमलेस ठाकुर, वैशाख ३१, २०७६) । ठाकुरले स्थानीय तहमा महिला प्रतिनिधित्व बढाउन कोटा प्रणालीमा सुधार गर्नुपर्ने बताएका छन् ।

दिनेशकुमार साह - नेतृत्व तह तथा निर्णायक भूमिकामा पनि महिला कोटाको व्यवस्था हुनुपर्दछ । आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा सुधार गरी महिला सहभागितालाई प्रोत्साहित हुने व्यवस्था हुनुपर्दछ (दिनेशकुमार साह, वैशाख ३०, २०७६) साहले कोटाप्रणालीमा सुधार गरी आरक्षणको व्यवस्था गरेर महिलाको सहभागिता बढाउनुपर्ने कुरा बताएका छन् ।

राजेश श्रेष्ठ - महिलाहरूमा राजनीतिक क्षमताको विकास गर्नुपर्दछ । त्यसपछि मात्र राजनीतिक परिवर्तनअनुसार कोटा प्रणालीमा थपघट गर्नुपर्दछ (राजेश श्रेष्ठ, वैशाख ३०, २०७६) । श्रेष्ठले महिलाको राजनीतिक क्षमताको विकास गर्दै उनीहरूलाई कोटाप्रणालीमार्फत समेट्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

विन्दु कटुवाल - महिलाहरूमा राजनैतिक चेतनाको विकास हुनुपर्दछ । महिलाहरू नेतृत्वका लागि सक्षम भई प्रतिनिधित्वमा सहभागी हुनुपर्दछ र नेतृत्वमा आउनुपर्दछ (विन्दु कटुवाल, फागुन ११, २०७६) । कटुवालले महिलामा राजनीतिक चेतना अभिवृद्धि हुनुपर्ने कुरा बताउँदै उनीहरूलाई नेतृत्वमा पुऱ्याउनुपर्ने अभिमत प्रकट गरेका छन् ।

इन्द्रकलादेवी यादव - स्थानीय तहसम्बन्धी विद्यमान आरक्षण व्यवस्थामा सुधार गरी कोटा प्रणालीमा दलित, मुस्लिम, पछाडि परेका वर्ग, मधेसी, जनजातिलगायतलाई महिला कोटामा सहभागी गराउनुपर्दछ । स्थानीय तहमा महिला कोटा थप्नुपर्छ । आरक्षित वर्गका महिलाहरूलाई शिक्षित तुल्याउनुपर्ने काममा जोड दिनुपर्दछ । राजनैतिक तालिमको व्यवस्थाद्वारा महिलालाई सक्षम बनाई नेतृत्वका लागि पार्टीद्वारा उम्मेदवारका लागि सिफारिस गर्नुपर्दछ (इन्द्रकलादेवी यादव, कार्तिक ५, २०७६) । यादवले स्थानीय तहसम्बन्धी आरक्षण व्यवस्थामा सुधार ल्याई महिलाका लागि कोट थप गर्नुपर्ने विचार व्यक्त गरेकी छन् ।

प्रमिला सिंह - महिला आरक्षणसम्बन्धी हालको विद्यमान व्यवस्थामा सुधार गरी महिला कोटा प्रणालीमा थप महिला कोटाको व्यवस्था हुनुपर्दछ । महिलालाई राजनीतिक

तालिमको व्यवस्था हुनुपर्दछ । शिक्षामा विशेष जोड दिनुपर्दछ (प्रमिला सिंह, कार्तिक ५, २०७६) । सिंहले महिला आरक्षणसम्बन्धी वर्तमान व्यवस्थामा परिवर्तन ल्याई महिलाका लागि कोट थप गर्नुपर्ने कुरा बताएकी छन् ।

ठेटकुमारी दहाल - महिलाका लागि विशेष राजनीतिक तालिमको व्यवस्था हुनुपर्ने जरुरी छ । महिलालाई राजनीतिक तालिमद्वारा सक्षम बनाई नेतृत्व तहमा सहभागिताको अवसर दिनुपर्दछ (ठेटकुमारी दहाल, कार्तिक ४, २०७६) । दाहालले महिलाका लागि राजनीतिक तालिमको व्यवस्था गर्दै उनीहरूलाई स्थानीय तहको नेतृत्वका लागि अवसर प्रदान गर्नुपर्दछ भन्ने मत व्यक्त गरेकी छन् ।

शैलेन्द्रकुमार महतो - महिला आरक्षणसम्बन्धी विद्यमान कोटाप्रणालीमा सुधार गरी महिला कोटा थप्नुपर्दछ । कोटामा पिछडा वर्ग, आदिवासी जनजाति, मुस्लिम आदिलाई सहभागी गराउनुपर्दछ (शैलेन्द्रकुमार महतो, कार्तिक ६, २०७६) । महतोले महिलाका लागि आरक्षणको कोट बढाई उनीहरूलाई समाजका अन्य पिछडिएका वर्गलाई पनि सहभागिताको अवसर जुटाइदिनुपर्दछ भन्ने धारणा व्यक्त गरेका छन् ।

भक्तबहादुर बलम्पाकी - आरक्षणसम्बन्धी विद्यमान महिला कोटा थप्नुपर्छ । महिला कोटामा पिछडिएका वर्गलाई समेटनुपर्छ । महिलालाई राजनैतिक चेतना अभिवृद्धिका लागि राज्यबाट विशेष पहल हुनुपर्दछ (भक्तबहादुर वलम्पाकी, कार्तिक ४, २०७६) । बलाम्पाकीले कोटा थपेर स्थानीय तहमा महिलाको सहभागिता बढाउनुपर्ने मत अघि सारेका छन् ।

शोभाकुमारी बराल (भण्डारी) - महिलाको आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी नेतृत्वको अवसर दिनुपर्दछ । यसका लागि महिलालाई राजनैतिक तालिमको विशेष व्यवस्था हुनुपर्दछ । शिक्षामा विशेष जोड दिनुपर्दछ (शोभाकुमारी बराल, कार्तिक ५, २०७६) । बरालले महिला आरक्षणसम्बन्धी व्यवस्थनमा सुधार ल्याई उनीहरूलाई नेतृत्व गर्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने विचार व्यक्त गरेकी छन् ।

विभा ठाकुर - ५१ प्रतिशत महिलालाई राजनीतिक क्षेत्रमा सहभागी हुने व्यवस्था हुनुपर्दछ । राजनीतिक आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी आर्थिक रूपले विपन्न महिलालाई पनि राजनीतिक रूपमा सहभागी गराई प्रतिनिधित्वको अवसर दिनुपर्दछ (विभा ठाकुर, कार्तिक ६, २०७६) । ठाकुरले ५१ प्रतिशत महिलालाई राजनीतिमा सहभागी हुने अवसर प्रदान गर्नुपर्दछ भन्ने धारणा व्यक्त गरेकी छन् ।

रन्जित झा - स्थानीय तह निर्वाचनमा आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी शिक्षित महिलालाई राजनीतिमा सहभागी गराउनुपर्दछ । वंशवादको राजनीतिक अन्त्य हुनुपर्दछ । तरुण महिलालाई राजनीतिमा सहभागी गराई स्थानीय निर्वाचनमार्फत स्थानीय प्रतिनिधित्व बनाउनुपर्दछ (रन्जित झा, भदौ ३, २०७७) । झाले स्थानीय तहको निर्वाचनमा आरक्षणसम्बन्धी व्यवस्थामा सुधार ल्याई वंशवादको राजनीति अन्त्य गर्दै महिलाको सहभागिता बढाउनुपर्ने कुरामा जोड दिएका छन् ।

रामकुमार महतो - स्थानीय तहमा ५० प्रतिशत महिला सहभागिता गरी पिछडिएको वर्गको पनि आरक्षणको व्यवस्था हुनुपर्दछ । आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी पिछडा वर्गलाई कोटाप्रणालीमा सहभागी गराउनुपर्दछ (रामकुमार महतो कार्तिक ४, २०७६) । महतोले स्थानीय तहमा ५० प्रतिशत महिला सहभागिताको कुरा उठाएका छन् ।

चन्देश्वर महतो - स्थानीय निर्वाचनको महिला कोटाप्रणालीमा सुधार गरी थिचोमिचोमा परेको विपन्नलाई पनि महिला कोटा प्रणालीमा सहभागी गराउनुपर्दछ । महिलाहरूका लागि राजनीति प्रशिक्षणको व्यवस्था गरिनुपर्दछ । प्रशिक्षण माध्यमबाट नेतृत्व गर्न सक्ने क्षमता र योग्यतालाई बढाई, योग्यता र क्षमताका आधारमा महिलालाई नेतृत्व गर्ने अवसर दिनुपर्दछ । यसका लागि महिला सहभागिता, प्रतिनिधित्व र नेतृत्व बढाउन राजनीतिक दलको नेतृत्वको सहयोगका साथै समाज र घरपरिवारले पनि सहयोग गर्नुपर्ने आवश्यक छ (चन्देश्वर महतो, कार्तिक ४, २०७६) । महतोले महिलाहरूका लागि राजनीतिक प्रशिक्षण दिई राजनीतिमा सहभागी गराउनुपर्दछ भन्ने विचार व्यक्त गरेका छन् ।

सीतादेवी भित्रिकोटी - राजनीतिसम्बन्धी तालिमको व्यवस्था हुनुपर्दछ । शिक्षामा जोड दिनुपर्दछ । चेतना अभिवृद्धिको विकासमा जोड दिनुपर्दछ (सीतादेवी भित्रिकोटी, कार्तिक ४, २०७६) । भित्रिकोटीले महिलाका लागि राजनीतिक तालिमको व्यवस्था हुनुपर्दछ भन्ने कुरा व्यक्त गर्दै उनीहरूको चेतना अभिवृद्धि गर्नुपर्ने मत व्यक्त गरेकी छन् ।

ताराकुमारी लामा बस्नेत - स्थानीय तह निर्वाचनमा महिला आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी पिछडिएका दलित, गैरदलित र विपन्नलाई यस व्यवस्थामा समेटनुपर्दछ । अवसरबाट वञ्चित रहेकाहरूका लागि महिला कोटा बढाएर पहिचानका आधारमा कोटा बढाएर सहभागी गराउनुपर्दछ । राज्यबाट दलित लगायत अशिक्षितहरूलाई

राजनीतिक रूपमा तालिम दिलाई सक्षम बनाएर महिलाको राजनीतिमा सहभागिता बढाउनुपर्दछ (ताराकुमारी लामा बस्नेत, कार्तिक ५, २०७६) । बस्नेतले स्थानीय तहको निर्वाचनमा महिला सहभागिता बढाउनका लागि उनीहरूका लागि आरक्षणको व्यवस्था मिलाउनुपर्दछ भन्ने मत व्यक्त गरेकी छन् ।

विमलाकुमारी सिंहदन - महिलाहरूलाई राजनीतिमा अगााडि बढाउन राज्यबाट तालिमको विशेष व्यवस्था हुनुपर्दछ । आरक्षणमा सुधार गरी महिलालाई नेतृत्वमा पनि पुऱ्याउने व्यवस्था गर्नुपर्दछ (विमलाकुमारी सिंहदन, कार्तिक ५, २०७६) । सिंहदनले महिलालाई राज्यकै तर्फबाट तालिमको व्यवस्था गरी राजनीतिमा आउने बाटो मिलाउनुपर्दछ भन्ने मत अगि सारेका छन् ।

समिता लामा - महिला आरक्षणमा सुधार गरी राजनीतिक तालिमहरू दिलाई सक्षम बनाएर स्थानीय तहमा प्रतिनिधित्वको अवसर प्रदान गरी नेतृत्वमा पनि महिलालाई सहभागी गराउने व्यवस्था हुनुपर्दछ (समिता लामा, कार्तिक ५, २०७६) । लामाले महिला आरक्षणमा सुधार ल्याई उनीहरूलार्य राजर्नीत तालिम दिएर नेतृत्वमा आउने अवसर पाउनुपर्दछ भन्ने विचार व्यक्त गरेकी छन् ।

किरण कोइराला - स्थानीय निर्वाचनमा महिलाको राजनीतिक आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरेर महिलालाई राजनीतिक अभ्यासको तालिमसहित शिक्षामा जोड दिई राजनीतिक सहभागिताको अवसर दिनुपर्दछ (किरण कोइराला, फागुन १८, २०७६) । कोइरालाले स्थानीय निर्वाचनमा महिलाको राजनीतिक आरक्षणमै जोड दिएका छन् ।

आई.पी. खरेल - महिला आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा सुधार गरी विभिन्न किसिमका राजनीतिक तालिमहरू दिई सक्षम बनाई राजनीतिक सहभागितामा प्राथमिकता दिनुपर्दछ (आई.पी. खरेल, फागुन १९, २०७६) । खरेलले महिला आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा सुधार गरी उनीहरू विभिन्न तालिम दिई राजनीतिमा सरिक गराउनुपर्दछ भन्ने मत अभिव्यक्त गरेका छन् ।

उमा थापा मगर - स्थानीय तह निर्वाचनमा महिलाको आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा परिवर्तन गरी समावेशी रूपमा कोटा प्रणाली लागु गर्नुपर्दछ । शिक्षामा जोड

दिनुपर्दछ । महिलाका लागि राजनीतिक तालिमको व्यवस्था हुनुपर्दछ (उमा थापा मगर, फागुन १९, २०७६) । मगरले स्थानीय तह निर्वाचनमा महिला आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा परिवर्तन गरी समावेशी रूपमा कोटा बढाई उनीहरूलाई राजनीतिमा सहभागी गराउनुपर्दछ भन्ने विचार व्यक्त गरेकी छन् ।

बुद्धिसागर सुवेदी - महिलासम्बन्धी आरक्षण व्यवस्था सधैँका लागि हुनुहुँदैन । आरक्षणमा गरिब, जनजाति, एकल महिला, पछाडि परेका वर्ग, मुस्लिमलाई समेटनुपर्दछ । हाल रहेको आरक्षण व्यवस्थामा सुधार गरी समावेशी बनाउनुपर्दछ (बुद्धिसागर सुवेदी, फागुन २०, २०७६) । सुवेदीले महिला आरक्षणसम्बन्धी व्यवस्था सधैँका लागि कायम नगरी आरक्षण व्यवस्थालाई समावेशी बनाउनुपर्दछ भन्ने कुरा बताएका छन् ।

मकबुल अहमद मुकेरी - स्थानीय निर्वाचन २०७४ मा उपाध्यक्ष पदमा धेरै महिला सहभागिता भए तापनि यो सहभागिता अर्थपूर्ण नरहेको नेतृत्वमा महिला सहभागिता न्यून रहेको देखिन्छ । महिला सदस्यमा पनि सकभर शिक्षित महिलालाई सहभागी गर्नुपर्दछ (मकबुल अहमद मुकेरी, फागुन १८, २०७६) । मुकेरीले स्थानीय निर्वाचनले स्थानीय तह निर्वाचनमा नेतृत्व तहमा महिला पुग्न नसकेका कारण महिला सहभागिता खासै अर्थपूर्ण नरहेको धारणा व्यक्त गरेका छन् ।

रुबी लखेर - महिलाहरूको लागि विशेष शिक्षामा जोड दिई विभिन्न राजनीतिक तालिमहरू दिलाई सक्षम बनाउनुपर्दछ । राजनीतिक पार्टीहरूले पनि महिलाहरूलाई प्रतिनिधित्व र नेतृत्वका लागि विशेष तालिमको व्यवस्था गरी सक्षम बनाउनुपर्दछ (रुबी लखेर फागुन २०, २०७६) । लखेरले महिलाहरूका लागि शिक्षाका साथै तालिमको व्यवस्था हुनुपर्ने कुरा बताउँदै उनीहरूलाई नेतृत्वमा पुऱ्याउनका लागि तालिमको व्यवस्था दिनुपर्दछ भन्ने विचार व्यक्त गरेकी छन् ।

रेणुका खड्का - महिलाहरू राजनीतिक प्रतिस्पर्धामा आउनुपऱ्यो । राजनीतिक आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी समावेशी र व्यावहारिक रूपमा सबै सहभागी हुनुपर्दछ (रेणुका खड्का, फागुन १९, २०७६) । खड्काले महिलाले राजनीतिक प्रतिस्पर्धामा आउनुपर्ने धारणा व्यक्त गरेकी छन् ।

निर्मला कनौजिया - महिलाका लागि राजनैतिक तालिमको व्यवस्था हुनुपर्दछ । राजनीतिक पार्टीहरूले महिलाहरूलाई राजनैतिकसम्बन्धी तालिमहरू दिलाई सक्षम बनाई

स्थानीय तहमा उम्मेदवार बनाउनुपर्दछ (निर्मला कनौजिया, फागुन १८, २०७६) । कनौजियाले महिलाका लागि राजनीतिक तालिमको व्यवस्था हुनुपर्ने कुरामा जोड दिँदै उनीहरूलाई सक्षम बनाएर मात्र राजनीतिमा प्रवेश गराउनुपर्दछ भन्ने विचार व्यक्त गरेकी छन् ।

अम्बिका काफ्ले - स्थानीय निर्वाचनमा महिला सहभागिता पूर्ण समावेशी हुनुपर्ने देखिन्छ । समावेशीमा पनि पछाडि परेका वर्गलाई समेटनुपर्ने आवश्यकता छ । शिक्षामा जोड दिनु जरुरी छ । राज्यबाट पछाडि परेको र राजनीतिमा आउन चाहने महिलाहरूलाई विशेष तालिमको व्यवस्था हुनुपर्दछ (अम्बिका काफ्ले, फागुन १९, २०७६) । काफ्लेले स्थानीय निर्वाचनमा महिला सहभागिता पूर्णतः समावेशी हुनुपर्ने कुरामा जोड दिएकी छन् ।

राजकुमार बर्मा - स्थानीय तह निर्वाचनमा महिलाको राजनीतिक आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा सुधार गरी दलित नभएको स्थानमा अरूलाई पनि उम्मेदवार बनाउनु सक्नुपर्दछ । जातीय जनसङ्ख्याका आधारमा उम्मेदवार बनाउनुपर्दछ । शिक्षामा विशेष जोड दिनुपर्दछ (राजकुमार बर्मा, फागुन १८, २०७६) । बर्माले स्थानीय तह निर्वाचनमा आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा सुधार गर्र जातीय जनसङ्ख्याका आधारमा उम्मेदवार छनोट गर्नुपर्दछ भन्ने मत व्यक्त गरेका छन् ।

उषा गौतम - महिलाहरूलाई राजनीतिक शिक्षा तथा तालिमको व्यवस्था हुनुपर्ने जरुरी छ । महिलाहरूले आफ्नो योग्यता र क्षमताअनुसार निर्वाचनमा उम्मेदवारी दिनुपर्दछ । पुरुषहरूले महिलाप्रति सकारात्मक सोच बनाउनुपर्दछ (उषा गौतम, फागुन १९, २०७६) । गौतमले महिलाका लागि राजनीतिक शिक्षा र तालिमको आवश्यकता रहेको कुरा औँल्याउँदै योग्यता र क्षमताका आधारमा मात्र उनीहरूलाई उम्मेदवार बनाउनुपर्दछ भन्ने विचार व्यक्त गरेकी छन् ।

चन्दा चिडीमार - महिलाहरूलाई राजनीतिक तालिम दिई प्रतिनिधित्वका लागि योग्य बनाई स्थानीय तहमा सहभागी गराउनुका साथै नेतृत्वका लागि योग्य महिलालाई अवसर दिनुपर्दछ (चन्दा चिडीमार, फागुन २०, २०७६) । ,चिडीमारले महिलाका लागि राजनीतिक तालिम उपलब्ध गराई स्थानीय तहमा सहभागी गराउनुपर्दछ भन्ने मत प्रकट गरेकी छन् ।

यसरी राजनीतिक पार्टीहरूद्वारा राजनीतिसम्बन्धी तालिमको व्यवस्थाको कमी हुनु, महिला नेतृत्वको विशेष तालिमको व्यवस्था नहुनु र यसमा पुरुषहरूले महिलालाई सहयोग

पुऱ्याउन कन्जुसियाइँ गर्नु जस्ता कारण रहेका देखिन्छन् । महिलाहरूलाई राजनीतिक तालिम दिई प्रतिनिधित्वका लागि योग्य बनाई स्थानीय तहमा सहभागी गराउनाका साथै नेतृत्वका लागि योग्य महिलालाई अवसर दिनु सम्बन्धित पक्षले पहल गरेको देखिँदैन । स्थानीय तह निर्वाचनमा महिलाको राजनीतिक आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा सुधार गरी दलित नभएको स्थानमा अरूलाई पनि उम्मेदवार बनाउनुपर्ने देखिन्छ । शिक्षामा विशेष जोड दिनुपर्ने देखिन्छ । महिलाहरू राजनीतिक प्रतिस्पर्धामा आउनुपर्दछ । राजनीतिक आरक्षणसम्बन्धी व्यवस्थामा सुधार गरी समावेशी र व्यावहारिक रूपमा सबैलाई सहभागी गराउनुपर्ने देखिन्छ । स्थानीय तहसम्बन्धी विधमान आरक्षण व्यवस्थामा सुधार गरी कोटाप्रणालीमा दलित, मुस्लिम, पछाडि परेका वर्ग, मधेसी, जनजातिलगायतलाई महिला कोटामा सहभागी गराउनुपर्ने देखिन्छ ।

यसरी राजनीतिक, आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक दलको नेतृत्वको सोच, संवैधानिक कानुनी व्यवस्थाको कमीका कारण महिलाहरू नेतृत्व तहमा उल्लेखनीय रूपमा निर्वाचित हुन नसकेको देखिन्छ ।

छलफल तथा अन्तर्वार्ता लिइएका प्रश्नावली परिशिष्ट- २ मा समावेश गरिएको छ भने अन्तर्वार्तामा समावेश भएका व्यक्तिको नामावली परिशिष्ट- १ मा समावेश गरिएको छ ।

## अध्याय सात

# सारांश र निष्कर्ष

### ७.१ सारांश

राजनीतिक नीतिनिर्माण र निर्णयप्रक्रियामा महिला सहभागिताको विश्व सन्दर्भलाई हेर्दा प्रजातान्त्रिक प्रक्रियामार्फत व्यवस्थापिका र कार्यपालिकाको गठन हुने परिपाटीको विकास भएको लामो अवधिसम्म पनि महिलाहरू निषेध र बहिष्करणमा परेको देखिन्छ । मताधिकार जस्तो आधारभूत राजनीतिक अधिकारबाट समेत महिलालाई लामो अवधिसम्म वञ्चित गराएको देखिन्छ । उन्नाइसौँ शताब्दीको उत्तरार्धतिर सन् १८९३ मा सर्वप्रथम न्युजिल्यान्डमा महिलाले मताधिकार प्राप्त गरेपश्चात् नै विश्वव्यापी रूपमा महिलाको राजनीतिक अधिकारको सवालले राज्यव्यवस्थामा मान्यता प्राप्त गर्न थालेको पाइन्छ ।

नेपालका सन्दर्भमा पृथ्वीनारायण शाहलाई महत्त्वपूर्ण राजनीतिक तथा राष्ट्रनिर्माणका निम्ति प्रेरणा चाहिँ महारानी चन्द्र प्रभावतीले दिएकी थिइन् । यसरी एकीकरण प्रक्रियाको शुभारम्भदेखि नै राजनीतिमा महिलाको सहभागिता रहेको देखिन्छ । नेपालको स्वाधीनता जोगाउने क्रममा नालापानी किल्लामा सावित्री थापाजस्ता वीरङ्गाना महिलाहरूले अङ्ग्रेजका विरुद्ध प्रदर्शन गरेको साहसिक वीरता र देशभक्ति नेपालको राजनीतिक इतिहासमा गौरवपूर्ण गाथाका रूपमा रहेको छ । राजमाता राजेन्द्रलक्ष्मीले नेपाल एकीकरणमा महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् भने राजेश्वरी, साम्राज्यवतीलगायत रानीहरूले समेत राज्यसञ्चालनमा आफ्ना समयमा प्रभुत्वशाली भूमिका खेलेको पाइन्छ ।

२००७ सालको क्रान्तिपछि राणाशासनको अन्त्य विस्तारै जनस्तरबाट नारी चेतनाको दियो सल्काउने र राजनीतिक जागरणको सङ्गठित प्रयासको थालनी भयो । विश्वमा चलेका प्रजातान्त्रिक आन्दोलनको लहर, औपनिवेशिकताविरुद्धका राष्ट्रिय शक्ति आन्दोलनहरू, विभिन्न देशका क्रान्तिहरू र प्रथम तथा द्वितीय विश्वयुद्धको घटना तथा छिमेकी राष्ट्र भारतको स्वतन्त्रता आन्दोलनको प्रभाव नेपालमा समेत पर्न थाल्यो । प्रथम तथा द्वितीय विश्वयुद्धमा मात्रै होइन भारतीय आन्दोलनमा पनि धेरै नेपाली राजनीतिक नेताहरू र नौजवानहरूको प्रत्यक्ष संलग्नता रहेको थियो । यसले नेपालभित्र पनि राष्ट्रियता र प्रजातन्त्रका निम्ति लाग्नलाई प्रेरित गऱ्यो ।

नेपालको सामाजिक तथा राजनीतिक आन्दोलनका इतिहासमा क्रियाशीलताका सन्दर्भमा वि.स. १९७४ साल मा योगमायाको नेतृत्वमा महिला समितिको गठन भई अस्तित्वमा आएको थियो । तत्पश्चात् मात्रै नेपालमा अन्य राजनीतिक सङ्गठनको स्थापना भएको हो । प्रजातन्त्रप्राप्तिको आन्दोलनमा पुरुषहरूसँगसँगै नेपाली नारी लडेका थिए । २००७ सालको राजनीतिक क्रान्तिपश्चात् भने विचारधारात्मक रूपमा राजनीतिक दलहरूमा विभाजन देखा पर्न थाल्यो जसले साङ्गठनिक र वैचारिक रूपमा महिला आन्दोलन विभाजन भएपछि महिलामैत्री दल तथा अधिकारप्राप्तिका लागि पुरुषसँग भर पर्नुपर्ने वातावरण सृजना भयो । सबै महिलाहरूले साझा आन्दोलन गर्नुपर्ने अवस्था जरुरी थियो जसबाट विश्वको ध्यान केन्द्रित गर्न सकिन्छ । वर्तमान समयसम्म पनि नेपाली महिला आन्दोलन विभाजनको यस रोगबाट मुक्त हुन सकेको छैन ।

राज्यस्तरबाट महिलाको राजनीतिक सशक्तीकरणको अपेक्षा गरिए पनि पञ्चायतविरुद्धको प्रजातान्त्रिक तथा वाम आन्दोलनमा भने उल्लेखनीय रूपमा सहभागी भई नेपाली महिलाहरूले महत्त्वपूर्ण योगदान पुऱ्याए । २०४६ सालको जनआन्दोलनमा महिलाको निर्णायक भूमिका रह्यो । आन्दोलनको सर्वोच्च कमान्डर गणेशमान सिंह थिए भने वाममोर्चाकी साहना प्रधान सहकमान्डरको भूमिकामा रहेकी थिइन् ।

नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रतिनिधि सभामा उम्मेदवारमध्ये कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार बनाउनुपर्ने भन्ने उल्लेख भए तापनि यस न्यूनतम सीमाबाहेकको भागमा पुरुष एकाधिकारका रूपमा बुझ्ने र प्रयोग गर्ने सङ्कीर्णता देखियो । स्थानीय ऐन तथा स्वायत्त शासन ऐन २०५४ मा गरिएको स्थानीय निकाय, गा.वि.स. तथा नगरपालिकाका वडा समितिमा कम्तीमा २० प्रतिशत महिला सदस्य निर्वाचित हुने व्यवस्थाले स्थानीय निकाय जस्तो तल्लो तहमा महिलाको राजनीतिक सहभागितामा सङ्ख्यात्मक वृद्धिको बाटो खुकुलो बनायो ।

समाजमा व्याप्त विभिन्न स्वरूपका विभेद, अन्याय शोषण तथा गरिबी र पछौटेपनप्रति असन्तोष र विद्रोही चेतनालाई उर्जाका रूपमा प्रयोग गरी २०५२ साल फागुन १ गतेबाट माओवादीको सशस्त्र विद्रोह सुरु भयो । माओवादीहरूले लैङ्गिक उत्पीडनको अन्त्यलाई प्रमुख मुद्दाका रूपमा उठाएको थिए जसले गर्दा धेरै नौजवान युवतीहरू सशस्त्र विद्रोहमा लामबद्ध भई ठुलो बलिदान र साहसको कीर्तिमान कायम गरे । माओवादी विद्रोहको विस्तारले देश गृहयुद्धको अवस्थाबाट गुज्रियो । एकातर्फ माओवादी

विद्रोह र अर्कातर्फ संसदीय दलहरूबिचको असमझदारी थियो । आन्तरिक विग्रह र अकर्मण्यताका कारण अस्थिर र तरल भएको राजनीतिक अवस्थाका बेला राजा ज्ञानेन्द्रले सैन्यशक्तिका बलमा २०५९ असोज १८ मा अघोषित र २०६१ माघ १९ मा घोषित रूपमा देशमा प्रत्यक्ष शासनको अभ्यास सुरु गरे ।

राजा ज्ञानेन्द्र शाहको कदम संसद्वादी दलहरू र माओवादी विद्रोही दुवै पक्षका लागि राजतन्त्र विरुद्धको कार्यगत एकताका लागि तत्कालीन बाध्यात्मक आवश्यकता बन्यो । तत्कालीन नेकपा (माओवादी) र सात राजनीतिक दलहरू (नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक), नेपाल सद्भावना पार्टी (आनन्ददेवी), नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा र संयुक्त वाममोर्चाबिच २०६२ मङ्सिर ८ को बाह्र बुँदे दिल्ली सम्झौता भयो जुन राजाको प्रत्यक्ष शासनको प्रतिफल थियो । यस सम्झौतापछि नै शान्तिपूर्ण आन्दोलनले गति लिन थाल्यो । सोही वर्षको चैत्र २४ बाट सुरु भएको आम हड्तालमा लाखौँ जनताहरू सडकमा उत्रिन बाध्य भए । जसको परिणामस्वरूप २०६३ वैशाख ११ गते राजा ज्ञानेन्द्रले जनताको नासो जनतालाई नै फिर्ता गर्ने घोषणा गर्नुपर्‍यो । अन्ततः राजाको भूमिका निस्तेज र निलम्वित हुँदै २०६४ सालको संविधानसभा निर्वाचनपश्चात् संविधानसभाको प्रथम बैठकबाट २०६५ जेष्ठ १५ गते राजतन्त्रको अन्त्य भई गणतन्त्र स्थापना भयो । २०७२ असोज ३ गते नेपालको संविधान जारी भयो । विभिन्न कारणबाट २० औँ वर्षदेखि रोकिएको स्थानीय निर्वाचन २०७४ मा विभिन्न चरणमा सम्पन्न भयो ।

महानगरपनलिका, उपमहानगरपालिका, नगरपालिका, मेयर, उपमेयरमध्ये एक जना महिला अथवा फरक फरक पार्टीको हुनुपर्ने, एउटा वडामा एक वडा अध्यक्ष र चार जना वडा सदस्यमध्ये दुई जना महिलाको व्यवस्था रहेको छ । गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला अथवा फरक फरक पार्टीको हुनुपर्ने, वडा अध्यक्ष र चार जना वडा सदस्यमध्ये दुई जना महिलाको व्यवस्था रहेको छ ।

नेपालको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित प्रमुख ९७.२४ प्रतिशत, अध्यक्षमा ९७.३४, वडा अध्यक्षमा ९९.२४ प्रतिशत पुरुषहरूको उपस्थित रहेको छ भने उपप्रमुखमा ९३.८२ प्रतिशत र उपाध्यक्षमा ९०.८४ प्रतिशत महिलाको उपस्थिति रहेको छ । उपप्रमुख, उपाध्यक्षमा र वडा सदस्यमा महिलालाई सीमित गरिएको छ । तसर्थ दलित महिलाको

उपस्थिति नरहेको स्थानमा अन्य महिलालाई समावेश नगरेका खण्डमा स्वतः त्यो महिलाको कोटा खाली हुने गरेको छ जसले गर्दा नेपालको स्थानीय निर्वाचनमा महिलाको सहभागिता र प्रतिनिधित्वमा कमी हुने देखिन्छ ।

नेपालको स्थानीय निर्वाचन २०७४ मा महिला सहभागिता र प्रतिनिधित्व प्रदेशगत रुपमा प्रदेश नम्बर १ मा अन्तिम उमेदवार महिला ९८१३ र पुरुष १५२५४ जम्मा २५०६७ मध्ये निर्वाचित महिला २४८९ र पुरुष ३५५४ जम्मा ६०४३ प्रदेश नम्बर २ मा अन्तिम उमेदवार महिला १४३८७ र पुरुष २२८६१ जम्मा ३७२४८ मध्ये निर्वाचित महिला २७२३ र पुरुष ३८९५ जम्मा ६६१८ प्रदेश नम्बर ३ मा अन्तिम उमेदवार महिला ८८८७ र पुरुष १४७२६ जम्मा २३६१३ मध्ये निर्वाचित महिला २३५९ र पुरुष ३४३३ जम्मा ५७९२ प्रदेश नम्बर ४ मा अन्तिम उमेदवार महिला ५०५७ र पुरुष ७५९८ जम्मा १२६५५ मध्ये निर्वाचित महिला १६१७ र पुरुष २३१७ जम्मा ३९३४ प्रदेश नम्बर ५ मा अन्तिम उमेदवार महिला ९०१०, पुरुष १४०२४ र ते.लि २ गरी जम्मा २३०३६ मध्ये निर्वाचित महिला २११६ र पुरुष ३०१७ जम्मा ५१३३ प्रदेश नम्बर ६ मा अन्तिम उमेदवार महिला ४८४८ र पुरुष ७५५४ जम्मा १२४०२ मध्ये निर्वाचित महिला १४७६ र पुरुष २२११ जम्मा ३६८७ र प्रदेश नम्बर ७ मा अन्तिम उमेदवार महिला ५८४१ र पुरुष ८५०२ जम्मा १४३४३ मध्ये निर्वाचित महिला १५७२ र पुरुष २२६२ जम्मा ३८३४ रहेको छ। अन्तिम उम्मेदवार महिला ५७८४३ र पुरुष ९०५१९ ते.लि. २ जना गरी जम्मा १४८३६४ सहभागि रहेकोमा निर्वाचित प्रतिनिधि महिला १४३५२ र पुरुष २०६८९ गरी जम्मा ३५०४१ जना रहेका छन् । यसरी स्थानीय निर्वाचन २०७४ मा प्रदेशहरुमा महिला सहभागिता र निर्वाचित महिला प्रतिनिधिको संख्या कम रहेको देखिन्छ ।

नेपालका तराईको स्थानीय निर्वाचन २०७४ मा अन्तिम उम्मेदवार सङ्ख्या ७४१५४ मा महिला २९०५५, पुरुष ४५०९७ र ते.लि. २ रहेको देखिन्छ भने निर्वाचित उम्मेदवार १३९०९ मध्ये महिला ५७२८ पुरुष ८१८१ रहेको देखिन्छ। यसरी हेर्दा पुरुष उम्मेदवारभन्दा महिला उम्मेदवार कम रहेको देखिन्छ । निर्वाचित उम्मेदवारमा पनि पुरुषका तुलनामा महिला निर्वाचित उम्मेदवार कम रहेको देखिन्छ । नेपालका तराईको स्थानीय निर्वाचन २०७४ मा निर्वाचित महिला प्रतिनिधित्वको सङ्ख्या प्रमुख तथा अध्यक्षमा ८ जना महिला निर्वाचित भएको देखिन्छ भने पुरुष २६८ जना रहेको देखिन्छ। यसै गरी उपाध्यक्षमा २६५ जना महिला निर्वाचित भएको देखिन्छ भने पुरुष ११ जना रहेको देखिन्छ ।

नेपालका तराईको महानगरपालिकामा निर्वाचित महिला प्रमुख १ जना अर्थात् २५%, पुरुष ३ जना अर्थात् ७५%, उपप्रमुखमा महिला ३ जना अर्थात् १०० %, वडा अध्यक्षमा महिला २ जना अर्थात् १.९० % , पुरुष १०३ जना अर्थात् ९८.१०%, महिला सदस्य ८० जना र दलित महिला सदस्य ७९ जना रहेको देखिन्छ । यसरी महानगरपालिकाको प्रमुख पदमा महिलाको प्रतिनिधित्व कम रहेको देखिन्छ ।

नेपालका तराईको उपमहानगरपालिकामा निर्वाचित महिला प्रमुख नभएको देखिन्छ भने पुरुषको सङ्ख्या ९ जना अर्थात् १०० % रहेको देखिन्छ । उपप्रमुखमा महिलाको सङ्ख्या ९ जना अर्थात् १०० % रहेको छ । वडा अध्यक्षमा पुरुषको सङ्ख्या १९० जना अर्थात् १०० % रहेको देखिन्छ भने यसमा महिलाहरू भने निर्वाचित भएको देखिँदैन । वडा सदस्यमा महिलाको सङ्ख्या ८ जना अर्थात् २.११% मात्र रहेको देखिन्छ भने पुरुषको सङ्ख्या ३७१ जना अर्थात् ९७.८९% रहेको देखिन्छ । महिला सदस्य २१५ जना र दलित महिला सदस्य २१५ रहेको देखिन्छ । तसर्थ नेपालका तराईको उपमहानगरपालिकाको नेतृत्व तहमा महिलाको सहभागिता नभएको देखिन्छ ।

नेपालका तराईको नगरपालिकामा महिला प्रतिनिधित्वमा महिला प्रमुख ४ जना अर्थात् २.९०% र पुरुष १३४ जना अर्थात् ९७.१०% रहेको देखिन्छ । उपप्रमुखमा महिला १३४ जना अर्थात् ९६.४०% र पुरुष ५ जना अर्थात् ३.६०% रहेको देखिन्छ । वडा अध्यक्षमा महिला ११ जना अर्थात् ०.७१ % र पुरुष १५३७ जना अर्थात् ९९.२१% रहेको देखिन्छ । यसैगरी वडा सदस्यमा महिला ६३ जना अर्थात् २.०५% र पुरुष ३०११ जना अर्थात् ९७.९५% रहेको देखिन्छ भने महिला सदस्य १५४८ र दलित महिला सदस्य १५४२ रहेको देखिन्छ । यसरी हेर्दा नगरपालिकामा पनि निर्णय गर्ने स्थानमा पुरुषभन्दा महिलाको सङ्ख्या निकै नै कम रहेको देखिन्छ ।

नेपालका तराईको गाउँपालिकामा महिला प्रतिनिधित्व महिला अध्यक्ष ३ जना अर्थात् २.४% र पुरुष १२२ जना अर्थात् ९७.६% रहेको देखिन्छ । उपाध्यक्षमा महिला ११९ जना अर्थात् ९५.२% र पुरुष ६ जना अर्थात् ४.८% रहेको देखिन्छ । यसै गरी वडा अध्यक्षमा महिला ६ जना अर्थात् ०.६८ % र पुरुष ८८० जना अर्थात् ९९.३२% रहेको देखिन्छ । वडा सदस्यमा महिला २७ जना अर्थात् १.६२ % र पुरुष १६३८ जना अर्थात् ९८.३८% रहेको देखिन्छ भने महिला सदस्य ८३१ जना र दलित महिला सदस्य ८२५ जना रहेको देखिन्छ । गाउँपालिकामा पुरुषका तुलनामा महिला प्रतिनिधित्व कम रहेको छ ।

नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वको अवस्थालाई हेर्दा महिलाले राजनीतिमा समान अवसर नपाउनु, नेतृत्मा जान नसक्नुका कारणलाई अध्ययन गर्दा महिलाप्रति पुरुषको सोच र व्यवहार लैङ्गिक रूपमा असमान रहेको छ । महिलालाई हेर्ने दृष्टिकोण र समयको मागअनुसार महिलाको राजनीतिक अवस्था कमजोर रहनुमा देशको नेतृत्व र राजनीतिक दलहरू नै जिम्मेवार रहेको अवस्था विद्यमान छ । विगतका तुलनामा राजनीतिमा महिलाहरूको प्रतिनिधित्वका पक्षमा सकारात्मक नतिजाको आधार आरक्षण हो । तथापि यो आफैंमा दोषरहित भने छैन । एकातिर महिला आरक्षण प्रणालीलाई अझै विस्तार गर्नुपर्ने देखिन्छ भने अर्कोतर्फ सामान्य पद्धतिबाट पनि राजनीतिक सहभागिता जनाउन र नेतृत्व लिन सक्ने परिस्थिति निर्माणका लागि महिलाको विकास र सशक्तीकरणका बहुआयामिक सामाजिक, आर्थिक, सांस्कृतिक पक्षहरूमा रूपान्तरका नीति तथा कार्यक्रमलाई एकीकृत र प्रभावकारी कार्यान्वयनको आवश्यकता रहेको छ । राजनीतिमा सक्रिय हुने महिलाहरू न्यून रहेकाले स्थानीय तहमा महिलाहरूको सहभागिता वृद्धि गर्नुपर्ने देखिन्छ । नीतिनियमको अज्ञानताका साथै स्थानीय तहमा छलफल कार्यक्रमको कमी रहेको देखिन्छ । महिलामैत्री सामाजिक चिन्तनको अभाव, प्रतिकूल सामाजिक वातावरण र आलोचनात्मक राजनीतिक परिवेश महिलाहरूको विकासको बाधक रहेका छन् । महिलाहरूको समावेशीकरण तथा सशक्तीकरणका कार्यक्रमहरू गरेका भए पनि महिलाको सहभागिताको अवस्था भने कमजोर रहेको छ । यसमा राजनीतिक दलहरू जवाफदेही हुन जरुरी छ । महिलाहरूलाई परनिर्भरताबाट जोगाएर सक्षम तुल्याउनका लागि समाजका जिम्मेवार पक्षहरू गम्भीर बन्न जरुरी छ । पितृसत्तात्मक मान्यतामा आधारित महिलाप्रतिको विभेदकारी दृष्टिकोण, व्यवहार, आर्थिक परनिर्भरता, राजनीतिमा पारिवारिक विरासत, कार्यबोझ, सामाजिक असुरक्षाका कारण नेपालका तराईको स्थानीय निर्वाचनमा नेतृत्व तहमा उल्लेखनीय रूपमा महिला सहभागिता र प्रतिनिधित्वमा रहेको देखिँदैन । महिलाहरू स्थानीय तहमा भाग लिई निर्वाचित भए राजनीतिक सहभागिता तथा लोकतन्त्रको विकासका साथै स्थानीय सरकारको निर्माणप्रक्रियामा सार्थक योगदान पुग्ने देखिन्छ ।

### ७.२ निष्कर्ष

नेपालको एकीकरण प्रक्रियादेखि हरेक प्रजातान्त्रिक आन्दोलनहरूमा महिलाको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । नेपाली राजनीतिमा गुट र फुटगत राजनेताको प्रत्यक्ष

प्रभाव महिलाको राजनीतिक सहभागिता र एकतामा परेको देखिन्छ । लैङ्गिक समावेशीकरण राजनीतिमा द्वन्द्व समाधानको महत्त्वपूर्ण माध्यम हो । २०६२/०६३ सालको जनआन्दोलनको सफलतापश्चात् नेपालमा लैङ्गिक समावेशीकरणका क्षेत्रमा प्रगति हुँदै गएको देखिन्छ । राज्यका विभिन्न निकायमा लैङ्गिक समावेशिताबारे गरिएको प्रबन्धका अनुपातमा पार्टीहरूको आन्तरिक संरचनामा लैङ्गिक प्रतिनिधित्वको व्यवस्था गरिएको छैन । नैतिक रूपमा सबल तर आर्थिक रूपमा कमजोर र सीमान्तकृत तथा दलित वर्गका व्यक्तिलाई राजनीतिक नेतृत्वमा स्वाभाविक प्रक्रियाबाट स्थापित हुन निकै कठिन स्थिति बन्दै गएको छ ।

दलको नीति तथा आन्तरिक छनोटप्रक्रिया, सामाजिक मूल्य एवम् मान्यता, आर्थिक स्रोतको कमी, पितृसत्तात्मक पारिवारिक संरचना, वातावरण, शैक्षिक अवसर, कम उमेरमा विवाह, असुरक्षा र नेतृत्व महिलामैत्री नहुनुले नै स्थानीय निर्वाचनका सन्दर्भमा नेपालको तराईमा महिलाको राजनीतिक सहभागितामा प्रभाव पारेको देखिन्छ । दलहरूको स्थानीय संरचनामा महिलाको राजनीतिक सहभागिता पुरुषका तुलनामा कम रहेको देखिन्छ ।

स्थानीय निर्वाचनमा महिलाको राजनीतिक सहभागितासम्बन्धी संविधानमा गरिएको व्यवस्थाको व्यावहारिक कार्यान्वयनका निम्ति पर्याप्त मात्रामा कानुन निर्माण हुन सकेको छैन । स्थानीय तहको निर्वाचनमा प्रमुख राजनीतिक पार्टीहरूको गठबन्धनले गर्दा प्रमुख वा अध्यक्षको पदमा महिलाको उम्मेदवारी सङ्ख्यामा कमी देखिएको छ । अझ निर्वाचनबाट निर्वाचित हुने महिलाको सङ्ख्या कम देखिएको छ । राजनीतिक दलहरूको गठबन्धनले महिला समूहको निर्वाचित हुन पाउने अधिकारमा कटौती नहुने गरी प्रमुख वा अध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिएमा महिलाले नै उम्मेदवारी दिनुपर्ने गरी कानुनमा संशोधन हुनुपर्ने देखिन्छ । २०७४ सालमा सम्पन स्थानीय तहको निर्वाचनमा नेपालभरि दलित महिला सदस्यमा १७६ स्थानमा उम्मेदवारी नपरेकाले त्यसको समाधानका लागि मतदातासम्बन्धी स्थानमा दलित पहिचान गरी समाधानका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । मतदाता नामावलीमा नाम समावेश गर्ने नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य रहेको भए पनि तराईका कतिपय स्थानमा विशेषतः घरमुलीले महिलाको नागरिकता नबनाइदिएका कारण मतदाता नामावलीमा नाम दर्ता नहुने हुँदा निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्नबाट वञ्चित भएको पाइन्छ । यो समस्या कम आय स्तर भएकाहरूमा रहेको पाइन्छ । यस समस्याको सामाधान गर्न सरोकारवालाले अभियान नै सञ्चालन गर्नुपर्ने

देखिन्छ । विभिन्न चरणमा भएका निर्वाचनका उम्मेदवारको सुरक्षा गर्नुपर्ने कुरा निकै संवेदनशील हुने हुँदा अझ महिलाको सुरक्षा झन् बढी संवेदनशील हुने देखिन्छ तसर्थ सरकारले उनीहरूको जिउधनको विशेष सुरक्षाको प्रबन्ध मिलाउनुपर्छ । महिला तथा समावेशी समूहको क्षमताको विकास केन्द्रित राजनीतिक प्रशिक्षण तथा जनचेतना कार्यक्रमहरू सञ्चालन गरी महिलाको नेतृत्व क्षमता बढाउनुपर्ने देखिन्छ ।

मतदाता प्रकृयामा महिला सहभागितालाई प्रोत्साहन गर्न सबै सरोकारवाला पक्षले प्रयास गर्नुपर्छ । लैङ्गिक रुढिवादको सम्बोधन, आरक्षण पूरा गर्न नभएर उनीहरूको सीप र क्षमताका आधारमा महिला उम्मेदवार प्रवर्द्धन गर्नुपर्छ । लैङ्गिक रुढिवादको सचेतना तालिमहरूले मतदाता, उम्मेदवार र अधिकारीका रूपमा महिला सहभागितामा सुधार ल्याउन सकिन्छ । केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहमा रहेका सबै निर्वाचनका कर्मचारीहरूलाई लैङ्गिक संवेदनशीलता र लैङ्गिक समानताका लागि तालिम र कार्ययोजना दिए मतदानप्रक्रिया लैङ्गिकता अनुकूल बनाउन सहयोग पुग्छ । राजनीतिमा नातावाद, कृपावाद र आर्थिक चलखेल जस्ता विकृति हाबी भइरहँदा महिलामैत्री वातावरण बन्न सकेको छैन । यस किसिमको वातावरणमा सुधार गरी योग्यता, क्षमता र योगदानका आधारमा महिलाले अवसर पाएमा नेतृत्वदायी क्षमता बढ्ने विश्वास गर्न सकिन्छ । शिक्षा, स्वास्थ्य, आर्थिक तथा राजनीतिक अवसरमा महिलाको पहुँच अभिवृद्धि गर्न परिवारबाटै प्रयास गर्नुपर्छ । महिला अधिकारका सन्दर्भमा पितृसत्ता नै समस्याका रूपमा रहेको देखिन्छ । महिला-महिलाबिचको एकता र पुरुषहरूसँग सहकार्य गर्दा महिलाको मनोवल उच्च हुन सक्छ । महिलाहरूको हक एवम् अधिकार तथा कर्तव्यका निम्ति राज्यका विभिन्न निकायहरूमा महिला संलग्न हुनुपर्छ । सङ्ख्यागत क्षमता वृद्धिका निम्ति कार्ययोजना बनाई स्थानीय, प्रादेशिक तथा केन्द्रीय स्तरका राजनीतिक दल र तिनका भातृ सङ्गठन तथा शुभेच्छुक सङ्गठनलाई तालिम प्रदान गर्नु आवश्यक छ । महिला नेतृत्व चयनका लागि निर्वाचनमा महिला नै प्रतिस्पर्धी हुनसकेका खण्डमा मात्र महिलामैत्री वातावरण निर्माण भएको ठानिनेछ ।

स्थानीय निर्वाचनको प्रतिनिधित्व गर्ने महिलाको सङ्ख्या वृद्धि हुनु पनि महिला सशक्तीकरण नै हो । महिलाहरूलाई घरपरिवारबाटै सम्मान गर्ने र  घरपरिवारले उनीहरूको राजनीतिक अस्तित्व स्वीकार्नु अति आवश्यक छ ।  स्वतन्त्र, स्वाभिमान र न्यायोचित रूपमा सम्पत्तिमाथि महिला अधिकार स्थापित गर्नुपर्दछ । नेपालको अन्तरिम संविधान, २०६३ मा

गरिएको व्यवस्थाभन्दा नेपालको संविधानले गरेको व्यवस्था महिलामैत्री देखिँदैन । जबसम्म महिलाको आर्थिक समानता र स्वामित्व स्थापित गर्ने वातावरण बन्दैन तबसम्म महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा र विभेद कायमै रहन्छन् । त्यसकारण चेतनामूलक कार्यक्रम गरी उनीहरूको हैसियत सबै विचार एवम् धारणामा आबद्ध महिलालाई जानकारी गराउनुपर्दछ । महिलाहरूको सशक्तीकरणको चुनौतीका रूपमा रहेको कानुनी व्यवस्था समयसापेक्ष गराउनुपर्दछ । राज्यको स्थानीय निकायमा महिलाहरूको नेतृत्व कम हुनुमा महिलाहरूको साङ्गठनिक आबद्धता नहुनु नै हो । महिलाको राजनीतिक सहभागिताको संस्थागत विकासका लागि परम्परागत शैलीमा आबद्ध सबै खालका भेदभाव र शङ्काहरूलाई क्रमिक रूपमा हटाउनुपर्दछ । यसका लागि महिला सशक्तीकरण आवश्यक छ ।

राजनीतिक कार्ययोजना निर्माण र नेतृत्व सम्बन्धमा महिला र पुरुषको भूमिका समान हुनुपर्छ भन्ने मान्यताको सिद्धान्त अवलम्बन गर्नुपर्ने देखिन्छ । स्थानीय निकायहरूमा एक कार्यकाल महिलाका नेतृत्व भए अर्को कार्यकाल पुरुषले गर्नुपर्दछ । तल्लो तहदेखि नेतृत्वसम्म महिलाको क्षमताका आधारमा कार्यविभाजन तथा जिम्मेवारी बाँडफाँट निष्पक्ष व्यक्तिले गर्नुपर्छ । राजनीतिक दल, नागरिक समाज र वुद्धिजीवीहरूबाट महिलाको राजनीतिक सहभागिता अभिवृद्धिमा सहयोगको वातावरण स्थापनाका लागि विशेष कदमहरू तत्काल सुरु गर्नुपर्ने देखिन्छ । लैङ्गिक हिंसाविरुद्ध महिलामाथि हुने दुर्व्यवहारको अन्त्य गराउने सामाजिक कानुनी व्यवस्था अभिलम्व गराउनुपर्दछ । महिला र पुरुषको सहभागिता समान गराउन महिला पनि स्वयम् सक्रिय हुनुपर्ने देखिन्छ ।

स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वको साथै प्रमुख पद तथा नेतृत्वमा महिला नआउनाका कारण सामाजिक चिन्तन, राजनीतिक दलको व्यवहार, पितृसत्तात्मक सोच र कानुनको अभाव प्रमुख रूपमा रहेका देखिन्छन् भने स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्वलाई बढाउन सके लोकतन्त्रको विकासका साथै स्थानीय सरकारको निर्माणप्रक्रियामा सार्थक योगदान पुग्न गई असल, समृद्ध, शान्त, भष्ट्राचारमुक्त तथा समावेशी नेपालको मार्ग प्रशस्त हुन सक्ने सम्भावना देखिन्छ ।

## परिशिष्ट - १

अन्तर्वार्तामा समावेश राजनीतिक दलका निर्वाचित प्रतिनिधि, नेता तथा कार्यकर्ताहरूको

नामावली सूची

| क.स. | नाम | लिङ्ग | | राजनीतिक दल | पद | स्थानीय तह | मोबाइल नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु | | | | | |
| १ | मन्जिताकुमारी सरदार | म. | | नेपाली काङ्ग्रेस | उपाध्यक्ष | कटहरी, मोरङ | ९८५२०२३३५४ | निर्वाचित |
| २ | अमृताकुमारी गच्छदार | म. | | मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) | उपाध्यक्ष | बुढीगङ्गा ६, मोरङ | ९८०४३१९०४४ | निर्वाचित |
| ३ | कैलाशप्रसाद मण्डल | | पु. | सङ्घीय समाजवादी फोरम, नेपाल | अध्यक्ष | जहदा, मोरङ | ९८०५३०८१०९ | निर्वाचित |
| ४ | मुस्कानकुमारी कामत | म. | | सङ्घीय समाजवादी फोरम नेपाल | म. सदस्य | जहदा ५, मोरङ | ९८०८१०६७६३ | निर्वाचित |
| ५ | घनश्याम सिंह | | पु. | नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) | वडा अध्यक्ष | कटहरी ५, मोरङ | ९८६२८८९९०० | निर्वाचित |
| ६ | लीलादेवी पासवान | म. | | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | द.म. सदस्य | वुढीगङ्गा ४, मोरङ | ९८१६३८१९२६ | निर्वाचित |
| ७ | अमृता धिताल मगर | म. | | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | म. सदस्य | वुढीगङ्गा ४, मोरङ | ९८०५३३७५७७ | निर्वाचित |
| ८ | विणादेवी मण्डल धानुक | म. | | नेपाली काङ्ग्रेस | म. सदस्य | विराटनगर ५, मोरङ | ९८१०५८१६०३ | निर्वाचित |
| ९ | अनीताकुमारी रौनियार | म. | | सङ्घीय समाजवादी पेफरम, नेपाल | कार्यकर्ता | जहदा ३, मोरङ | ९८१७३५६०७७ | |
| १० | विनीताकुमारी सिंह | म. | | सङ्घीय समाजवादी फोरम नेपाल | कार्यकर्ता | जहदा ५, मोरङ | ९८१५३६८५१८ | |
| ११ | केवल राय अमात्य | | पु. | नेपाली काङ्ग्रेस | सदस्य | विराटनगर ५, मोरङ | ९८४२४६८५६७ | निर्वाचित |
| १२ | कुमार पोखरेल | | पु | नेपाल कम्युनिस्ट | वडा | विराटनगर | ९८५२०२८९५१ | निर्वाचित |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | . | पार्टी (एमाले) | अध्यक्ष | २, मोरङ | | |
| १३ | राधादेवी पासवान | म. | | नेपाली काङ्ग्रेस | द.म. सदस्य | विराटनगर ५, मोरङ | ९८४२२४४०८५ | निर्वाचित |
| १४ | मीनकुमार आचार्य | | पु. | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | वडा अध्यक्ष | विराटनगर ५, मोरङ | ९८५२०२७१२२ | निर्वाचित |
| १५ | दिनेशकुमार साह | | पु. | राष्ट्रिय प्रजातन्त्र पार्टी | कार्यकर्ता | विराटनगर ९, मोरङ | ९८५१२९०००५ | |
| १६ | प्रतिमा ठाकुर | म. | | नेपाली काङ्ग्रेस | कार्यकर्ता | विराटनगर ५, मोरङ | ९८६२०२४१९९ | |
| १७ | लीला कामत | म. | | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | कार्यकर्ता | जहदा ५, मोरङ | ९८०४३१३३८१ | |
| १८ | कमलेस ठाकुर | | पु. | नेपाली काङ्ग्रेस | कार्यकर्ता | विराटनगर ५, मोरङ | ९८४२०७७४९१ | |
| १९ | राजेश श्रेष्ठ | | पु. | नेपाल कम्युनिस्ट पार्टी | कार्यकर्ता | विराटनगर २, मोरङ | ९८४२०४५४४२ | युवा नेता |
| २० | बिन्दु कटुवाल | म. | | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | कार्यकर्ता | वुढीगङ्गा ४, मोरङ | ९८४२४६९८९१ | |
| २१ | योगेन्द्र पंजियार | | पु. | नेपाली काङ्ग्रेस | प्रमुख | क्षिरेश्वर, धनुषा | ९८५४०२५७८९ | निर्वाचित |
| २२ | हरिनारायण महतो | म. | पु. | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | प्रमुख | मिथिला, धनुषा | ९८५४०२९७६० | निर्वाचित |
| २३ | ताराकुमारी बस्नेत | म. | | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | उप प्रमुख | मिथिला, धनुषा | ९८५४०२९७६१ | निर्वाचित |
| २४ | रचना माथेमा | म. | | नेपाली काङ्ग्रेस | उप प्रमुख | क्षिरेश्वरनाथ, धनुषा | ९८६४२०८५११ | निर्वाचित |
| २५ | इन्द्रकलादेवी यादव | म. | | सङ्घीय समाजवादी फोरम नेपाल | उपाध्यक्ष | लक्ष्मीनिया १, धनुषा | ९८५४०२९४२१ | निर्वाचित |
| २६ | शैलेन्द्रकुमार महतो | | पु. | नेपाली काङ्ग्रेस | वडा अध्यक्ष | वटेश्वर १, धनुषा | ९८१४८०३८८८ | निर्वाचित |
| २७ | समिता लामा | म. | | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | म. सदस्य | मिथिला ९, धनुषा | ९८६०८४०५९१ | निर्विरोध |
| २८ | विमलाकुमारी सिंदन | म. | | नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) | म. सदस्य | मिथिला ७, धनुषा | --- -- -- -- | निर्विरोध |
| २९ | अनीता परियार | म. | | नेपाल कम्युनिस्ट | द.म. | मिथिला ९, | ९८१७६१३९०६ | निर्विरोध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पार्टी (एमाले) | सदस्य | धनुषा | | |
| ३० | प्रमिला सिंह | म. | | सङ्घीय समाजवादी फोरम नेपाल | स.म.सं. अध्यक्ष | मिथिला ६, धनुषा | ९८४४०५२००१ | नेतृ |
| ३१ | ठेटकुमारी दहाल | म. | | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | म. सदस्य | मिथिला ६, धनुषा | ९८६६३३५८१५ | निर्वाचित |
| ३२ | सीतादेवी भित्रिकोटी | म. | | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | द.म. सदस्य | मिथिला ११, धनुषा | ९८४४१०१५७७ | निर्वाचित |
| ३३ | शोभाकुमारी बराल भण्डारी | म. | | नेपाली काङ्ग्रेस | म. सदस्य | क्षिरेश्वरनाथ ५, धनुषा | ९८४४२७२३४५ | निर्वाचित |
| ३४ | विभा ठाकुर | म. | | राष्ट्रिय जनता पार्टी | के.सदस्य | जनकपुर ४, धनुषा | ९८४४०५३६४५ | नेतृ |
| ३५ | ममता चौधरी | म. | | राष्ट्रिय जनता पार्टी | के.सदस्य | क्षिरेश्वरनाथ ५, धनुषा | ९८१७६२१५९७ | नेतृ |
| ३६ | चन्देश्वर महतो | | पु. | सङ्घीय समाजवादी फोरम नेपाल | | मिथिला ६, धनुषा | ९८५४०२०६६० | नेता |
| ३७ | रामकुमार महतो | | पु. | राष्ट्रिय जनता पार्टी | कार्यकर्ता | मिथिला ६, धनुषा | ९८५४०२७७०८ | युवा नेता |
| ३८ | रन्जित झा | | पु. | राष्ट्रिय जनता पार्टी | रा .वि. सं. महासचिव | जनकपुर २३, धनुषा | ९८५१००९६५९ | विधार्थी नेता |
| ३९ | भक्तबहादुर बलम्पाकी | | पु. | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | वडा अध्यक्ष | मिथिला ६, धनुषा | ९८०४८०३०८९ | निर्वाचित |
| ४० | रामचन्द्र साह | | पु. | राष्ट्रिय जनता पार्टी | वडा अध्यक्ष | जनकपुर ११, धनुषा | ९८४४१२९६१७ | निर्वाचित |
| ४१ | इश्तियाक अहमद शाह | | पु. | सङ्घीय समाजवादी फोरम नेपाल | अध्यक्ष | नरैनापुर २, बाँके | ९८५८०८८७०० | निर्वाचित |
| ४२ | रामनिवास यादव | | पु. | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | अध्यक्ष | जानकी ६, बाँके | ९८५८०२७०४० | निर्वाचित |
| ४३ | कमरुधीन राई | | पु. | सङ्घीय समाजवादी फोरम नेपाल | जि. अध्यक्ष | नेपालगञ्ज १५, बाँके | ९८५८०२७८४९ | निर्वाचित |
| ४४ | उमा थापा मगर | म. | | नेपाली काङ्ग्रेस | उपप्रमुख | नेपालगञ्ज १, बाँके | ९८५८०२२०७६ | निर्वाचित |
| ४५ | बुद्धिसागर सुवेदी | | पु. | नेपाली काङ्ग्रेस | वडा अध्यक्ष | नेपालगञ्ज १२, बाँके | ९८४८०२४४५० | निर्वाचित |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४६ | आई.पी . खरेल | | पु. | नेपाल कम्युनिस्ट पार्टी | जि.अध्यक्ष (पार्टी) | खजुरा २, बाँके | ९८५८०२३९०६ | प्र. स. सदस्य |
| ४७ | निर्मला कनौजिया धोबी | म. | | राष्ट्रिय प्रजातन्त्र पार्टी | द.म. सदस्य | नेपालगञ्ज ८, बाँके | ९८२२४५८४५६ | निर्वाचित |
| ४८ | खुशीरानीदेवी बानिया | म. | | राष्ट्रिय प्रजातन्त्र पार्टी | म. सदस्य | नेपालगञ्ज ८, बाँके | ९८८०२७४६३१ | निर्वाचित |
| ४९ | रुबी लखेर | म. | | राष्ट्रिय प्रजातन्त्र पार्टी | म. सदस्य | नेपागञ्ज ११, बाँके | ९८०४५९५१३७ | निर्वाचित |
| ५० | माया कनौजिया | म. | | राष्ट्रिय प्रजातन्त्र पार्टी | द.म. सदस्य | नेपालगञ्ज ११, बाँके | ९८१६५४६६८६ | निर्वाचित |
| ५१ | चन्दा चिडिमार | म. | | नेपाली काङ्ग्रेस | म. सदस्य | नेपालगञ्ज १२, बाँके | ९८२२४९१६८७ | निर्वाचित |
| ५२ | मीना शेख | म. | | सङ्घीय समाजवादी फोरम नेपाल | कार्यकर्ता | नेपालगञ्ज १३, बाँके | ९८४८०२००४२ | नेतृ |
| ५३ | मकबुल अहमद मुकेरी | | पु. | नेपाली काङ्ग्रेस | कार्यकर्ता | नरैनापुर ५, बाँके | ९८५८०२८९५३ | |
| ५४ | किरण कोइराला | म. | | नेपाली काङ्ग्रेस | जि.अध्यक्ष (पार्टी) | नेपालगञ्ज १०, बाँके | ९८५८०२०३४५ | |
| ५५ | सोनी केवट | म. | | सङ्घीय समाजवादी फोरम नेपाल | कार्यकर्ता | नेपालगञ्ज १३, बाँके | ९८२५५०३०६२ | |
| ५६ | सुरेन्द्र गुप्ता | | पु. | राष्ट्रिय प्रजातन्त्र पार्टी | वडा अध्यक्ष | नेपालगञ्ज ८, बाँके | ९८५८०२१३६९ | निर्वाचित |
| ५७ | कल्लु नाऊ | | पु. | नेपाली काङ्ग्रेस | वडा अध्यक्ष | नरैनापुर ६, बाँके | ९८१३५३५९८७ | निर्वाचित |
| ५८ | अम्बिका काफ्ले | म. | | सङ्घीय समाजवादी फोरम नेपाल | कार्यकर्ता | नेपालगञ्ज १३, बाँके | ९८५८०२६२८२ | |
| ५९ | रेणुका खड्का | म. | | नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) | म.सं.जि. अध्यक्ष | नेपालगञ्ज, बाँके | ९८४३१११५०० | नेतृ |
| ६० | उषा गोतम | म. | | सङ्घीय समाजवादी फोरम नेपाल | कार्यकर्ता | नेपालगञ्ज ८, बांके | ९८४८०२१३८६ | नेतृ |

स्रोतः स्थलगत अध्ययन

## परिशिष्ट - २

## छलफल तथा अन्तर्वार्ता प्रश्नावली

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत राजनीति शास्त्र विषयमा नेपालका तराईको स्थानीय निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्व शीर्षकमा विधावारिधि उपाधि प्राप्तिको प्रयोजनार्थ गरिएको शोधका निम्ति तयार ।

शोधकर्ता

दिनेशप्रसाद महतो

त्रि. वि. दर्ता न. ३/०७३

### (क) व्यक्तिगत / परिवारिक विशेषतासम्बन्धी सूचनाहरू

१. उत्तरदाताको नाम :

२. ठेगाना :

३. लिङ्ग :

(अ) महिला (आ) पुरुष

४. उमेर (वर्षमा) :

५. धर्म :

६. जातजाति :

७. वैवाहिक स्थिति :

(अ) अविवाहित (आ) विवाहित

(इ) विधुर (ई) अन्य

८. विवाहित भए विवाह गरेको उमेर : ........... वर्ष

९. तपाईंको शैक्षिक योग्यता कति हो ?

(अ) निरक्षर (आ) साक्षर

(इ) अनौपचारिक शिक्षा (ई) आधारभूत तह ( कक्षा ८ सम्म )

(उ) माध्यमिक तह (ऊ) प्रमाणपत्र तह

(ए) स्नातक (ऐ) स्नातकोत्तर वा सोभन्दा माथि

१०. तपाईं कुन आयमूलक पेसामा सहभागी हुनुहुन्छ ?

(अ) कृषि (आ) उद्योग /व्यपार

(इ) नोकरी (ई) अन्य

११. तपाईंको नाउँमा जग्गाजमिन छ कि छैन ?

(अ) छ आ) छैन

१२. तपाईंको परिवारिक औक्सत मासिक आम्दानी कति छ ?

(अ) १०००० (आ) १०००० देखि १५०००

(इ) १५००० देखि २०००० (ई) २०००० देखि माथि

१३. तपाईंको परिवारको मुख्य आम्दानी स्रोत के हो ?

(अ) कृषि (आ) नोकरी

(इ) उद्योग /व्यापार (ई) अन्य

**(ख) राजनीतिक सहभागिता र अनुभवबारे प्रश्नहरू**

१. तपाईंले कहिलेदेखि राजनीति प्रारम्भ गर्नुभयो र हाल कुन पार्टीमा आबद्ध हुनुहुन्छ ?

(अ) नेकपा (एमाले) (आ) नेपाली काङ्ग्रेस

(इ) नेकपा (माओवादी केन्द्र) (ई) सङ्घीय समाजवादी फोरम

(ए) राष्ट्रिय जनता पार्टी (ऐ) अन्य

२. तपाईं स्थानीय तहको निर्वाचनमा उम्मेदवारका रूपमा सहभागी हुनुभएको थियो ?

(अ) थिएँ (आ) थिइनँ

३. सहभागी भए कुन पदमा उम्मेदवारी दिनुभएको थियो ?

(अ) प्रमुख/अध्यक्ष (आ) उपाध्यक्ष/उपप्रमुख

(इ) वडा अध्यक्ष (ई) अन्य (खुल्ला) सदस्य

(ए) महिला सदस्य (ऐ) दलित महिला सदस्य

४. स्थानीय तहको निर्वाचन २०७४ मा महिला सहभागिता र प्रतिनिधित्वका सम्बन्धमा भएको संवैधानिक व्यवस्था पर्याप्त लाग्छ ?

(अ) पर्याप्त लाग्छ (आ) पर्याप्त लाग्दैन

(इ) अन्य

......................................................................................................

......................................................................................................

५. स्थानीय निर्वाचनमा महिला नेतृत्वसम्बन्धी राजनीतिक सहभागितामा सबैभन्दा अवरोध केलाई ठान्नुहुन्छ ?

(अ) शैक्षिक योग्यताको कमी (आ) आर्थिक परनिर्भरता

(इ) पितृसत्तात्मक मूल्यमान्यता (ई) राजनीतिक ज्ञानको र अभ्यास कमी

(उ) संवैधानिक तथा कानुनी व्यवस्था (ऊ) अन्य

......................................................................................................

......................................................................................................

६. तपाईंले राजनीतिमा सहभागी हुने प्रेरणा कसबाट पाउनुभयो ?

(अ) परिवारका सदस्यहरूबाट आ) राजनीतिक नेता/ कार्यकर्ताहरूबाट

(इ) साथीहरूको सङ्गतबाट (ई) अन्य

......................................................................................................

......................................................................................................

७. देशमा भएको विभिन्न राजनीतिक परिवर्तनले २०७४ को स्थानीय निकायमा महिलाको राजनीतिक सहभागिताले सकारात्मक परिवर्तन ल्याएको छ ?

(अ) छ (आ) छैन (इ) अन्य

..........................................................................................................

..........................................................................................................

८. यदि परिवर्तन ल्याएको छ भने त्यो परिवर्तन कस्तो लाग्छ ?

(अ) आमूल परिवर्तन (आ) सामान्य परिवर्तन (इ) अन्य

..........................................................................................................

..........................................................................................................

९. स्थानीय तह २०७४ को निर्वाचनमा महिलाको राजनीतिक आरक्षणसम्बन्धी विद्यमान व्यवस्थामा सुधार वा परिवर्तन आवश्यक छ ?

(अ) सुधार हुनुपर्छ (आ) ठीक छ

१०. सुधार हुनुपर्छ भने के के सुधार गर्नुपर्छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## परिशिष्ट - ३

## स्थानीय तहको निर्वाचन २०७४ मा नेपालको तराईका जनताद्वारा निर्वाचित महिला प्रतिनिधिहरूको सङ्ख्या (२१ जिल्ला)

### झापा

| क.स. | स्थानीय | प्रमुख/ अध्यक्ष | | उपप्रमुखर /उपाध्यक्ष | | वडा अध्यक्ष | | सदस्य | | महिला सदस्य | | दलित महिला सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | खाली |
| १ | अर्जुनधारा न.पा. | | १ | १ | | | ११ | | २२ | ११ | | ११ | |
| २ | कचनकवल गा.पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ६ | १ |
| ३ | कन्काई न.पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| ४ | कमल गा.पा. | १ | | | १ | | ७ | | १४ | ७ | | ७ | |
| ५ | गौरादह न.पा. | | १ | १ | | | ९ | २ | १६ | ९ | | ९ | |
| ६ | गौरीगञ्ज गा.पा. | | १ | | १ | | ६ | १ | ११ | ६ | | ६ | |
| ७ | झापा गा.पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ८ | दमक न.पा. | | १ | १ | | | १० | | २० | १० | | १० | |
| ९ | बारदशी गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| १० | बुद्धशान्ति गा.पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ११ | भद्रपुर न.पा. | | १ | १ | | १ | ९ | १ | १९ | १० | | १० | |
| १२ | मेची न.पा. | | १ | १ | | | १५ | १ | २९ | १५ | | १५ | |
| १३ | बिर्तामोड न.पा. | | १ | १ | | १ | ९ | | २० | १० | | १० | |
| १४ | शिवसतासी न. पा. | | १ | १ | | | ११ | | २२ | ११ | | ११ | |
| १५ | हल्दीबारी गा.पा. | | १ | | १ | १ | ४ | | १० | ५ | | ५ | |
| | जम्मा | १ | १४ | १२ | ३ | ३ | १२८ | ५ | २५७ | १३१ | | १३० | १ |

स्रोत : स्थानीय तह निर्वाचन, २०७४, निर्वाचन परिणाम पुस्तक, निर्वाचन आयोग

## मोरङ

| क.स. | स्थानीय | प्रमुख / अध्यक्ष | | उपप्रमुख / उपाध्यक्ष उपाध्यक्ष | | वडा अध्यक्ष | | सदस्य | | महिला सदस्य | | दलित महिला सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | खाली |
| १ | उर्लाबारी न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| २ | कटहरी गा. पा. | | १ | १ | | | ७ | १ | १३ | ७ | | ७ | |
| ३ | कानेपोखरी गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ४ | केराबारी गा. पा. | | १ | १ | | | १० | | २० | १० | | १० | |
| ५ | ग्रामथान गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ६ | जहदा गा. पा. | | १ | १ | | | ७ | १ | १३ | ७ | | ७ | |
| ७ | धनपालथान गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ८ | पथरी शनिश्चरे न. पा. | | १ | १ | | | १० | | २० | १० | | १० | |
| ९ | बुढीगङ्गा गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| १० | बेलबारी न. पा. | | १ | १ | | | ११ | १ | २१ | ११ | | ११ | |
| ११ | मिक्लाजुङ. गा. पा. | | १ | १ | | | ९ | १ | १७ | ९ | | ९ | |
| १२ | रङ्गेली न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| १३ | रतुवामाई न. पा. | | १ | १ | | | १० | | २० | १० | | १० | |
| १४ | लेटाङ न. पा. | | १ | १ | | | ९ | १ | १७ | ९ | | ९ | |
| १५ | विराटनगर म. न. पा. | | १ | १ | | | १९ | २ | ३६ | १९ | | १९ | |
| १६ | सुनवर्षी न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| १७ | सुन्दरहरैचा न. पा. | | १ | १ | | | १२ | | २४ | १२ | | १२ | |
| | जम्मा | | १७ | १७ | | | १५९ | ७ | ३११ | १५९ | | १५९ | |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक, निर्वाचन आयोग

## सुनसरी

| क.स. | स्थानीय | प्रमुख/अध्यक्ष | | उपप्रमु/उपाध्यक्ष | | वडा अध्यक्ष | | सदस्य | | महिला सदस्य | | दलित महिला सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | खाली |
| १ | इटहरी उपमहा न.पा. | | १ | १ | | | २० | १ | ३९ | २० | | २० | |
| २ | इनरुवा न. पा. | | १ | १ | | | १० | | २० | १० | | १० | |
| ३ | कोशी गा. पा. | | १ | १ | | | ८ | | १६ | ८ | | ८ | |
| ४ | गढी गा. पा. | | १ | १ | | | ६ | | १२ | ६ | | ६ | |
| ५ | दुहवी न. पा. | | १ | १ | | | १२ | | २४ | १२ | | १२ | |
| ६ | देवानगञ्ज गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ७ | धरान उपमहा न. पा. | | १ | १ | | | २० | ३ | ३७ | २० | | २० | |
| ८ | बराह न. पा. | | १ | १ | | | ११ | | २२ | ११ | | ११ | |
| ९ | बर्जु गा. पा. | | १ | १ | | | ६ | | १२ | ६ | | ६ | |
| १० | भोक्राहा नरसिंह गा.पा. | | १ | १ | | | ८ | | १६ | ८ | | ८ | |
| ११ | रामधुनी न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| १२ | हरिनगर गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| | जम्मा | | १२ | १२ | | | १२४ | ४ | २४४ | १२४ | | १२४ | |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक, निर्वाचन आयोग

## सप्तरी

| क.स. | स्थानीय | प्रमुख/ अध्यक्ष | | उपप्रमुख/ उपाध्यक्ष | | वडा अध्यक्ष | | सदस्य | | महिला सदस्य | | दलित महिला सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | खाली |
| १ | अग्निसाइर कृष्णसावन गा.पा. | | १ | १ | | १ | ५ | १ | ११ | ६ | | ६ | |
| २ | कञ्चनरूप न. पा. | | १ | १ | | | १२ | २ | २२ | १२ | | १२ | |
| ३ | खडक न. पा. | | १ | १ | | | ११ | २ | २० | ११ | | ११ | |
| ४ | छिनमस्ता गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ५ | डाक्नेश्वरी न. पा. | | १ | १ | | | १० | | २० | १० | | १० | |
| ६ | तिरहुत गा. पा. | | १ | १ | | | ५ | | १० | ५ | | ५ | |
| ७ | तिलाठी कोइलाडी गा.पा. | | १ | १ | | | ८ | १ | १५ | ८ | | ७ | १ |
| ८ | वेलहीचमेना गा. पा. | | १ | १ | | | ६ | | १२ | ६ | | ६ | |
| ९ | बोदेबरसाइन न. पा. | | १ | १ | | | १० | | २० | १० | | १० | |
| १० | महादेवा गा. पा. | | १ | १ | | | ६ | | १२ | ६ | | ६ | |
| ११ | राजविराज न. पा. | | १ | १ | | | १६ | | ३२ | १६ | | १६ | |
| १२ | रूपनी गा. पा. | | १ | १ | | | ६ | १ | ११ | ६ | | ६ | |
| १३ | वलानविहुल गा. पा. | | १ | १ | | | ६ | २ | १० | ६ | | ६ | |
| १४ | विष्णुपुर गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| १५ | शम्भुनाथ न. पा. | | १ | १ | | | १२ | | २४ | १२ | | १२ | |
| १६ | सप्तकोशी गा. पा. | | १ | १ | | | ११ | २ | २० | ११ | | ११ | |
| १७ | सुरुङ्गा न. पा. | | १ | १ | | | ११ | २ | २० | ११ | | ११ | |
| १८ | हनुमाननगर कङ्कालिनी न.पा. | | १ | १ | | | १४ | | २८ | १४ | | १४ | |
| | जम्मा | | १८ | १८ | | १ | १६३ | १३ | ३१५ | १६४ | | १६३ | १ |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक, निर्वाचन आयोग

## सिरहा

| क.स. | स्थानीय | प्रमुख/ अध्यक्ष | | उपप्रमुख/ उपाध्यक्ष | | वडा अध्यक्ष | | सदस्य | | महिला सदस्य | | दलित महिला सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | खाली |
| १ | अर्नमा गा. पा. | | १ | १ | | | ५ | | १० | ५ | | ५ | |
| २ | औरही गा. पा. | | १ | १ | | | ५ | | १० | ५ | | ५ | |
| ३ | कल्याणपुर न. पा. | | १ | १ | | | १२ | | २४ | १२ | | १२ | |
| ४ | गोलबजार न. पा. | | १ | १ | | | १३ | | २६ | १३ | | १३ | |
| ५ | धनगढीमाई न. पा. | | १ | १ | | | १४ | २ | २६ | १४ | | १४ | |
| ६ | नरहा गा. पा. | | १ | १ | | | ५ | १ | ९ | ५ | | ५ | |
| ७ | नवराजपुर गा. पा. | | १ | १ | | | ५ | | १० | ५ | | ५ | |
| ८ | बरियारपट्टी गा. पा. | | १ | १ | | १ | ४ | | १० | ५ | | ५ | |
| ९ | भगवानपुर गा. पा. | | १ | १ | | | ५ | | १० | ५ | | ५ | |
| १० | मिर्चैया न. पा. | | १ | १ | | | १२ | | २४ | १२ | | १२ | |
| ११ | लक्ष्मीपुर पतारी गा. पा. | | १ | १ | | | ६ | | १२ | ६ | | ६ | |
| १२ | लहान न. पा. | | १ | १ | | | २४ | | ४८ | २४ | | २४ | |
| १३ | विष्णुपुर गा. पा. | | १ | १ | | | ५ | | १० | ५ | | ५ | |
| १४ | सखवानान्कारकट्टी गा. पा. | | १ | १ | | | ५ | | १० | ५ | | ५ | |
| १५ | सिरहा न. पा. | | १ | १ | | | २२ | | ४४ | २२ | | २१ | १ |
| १६ | सुखिपुर न.पा | | १ | १ | | | १० | | २० | १० | | १० | |
| १७ | कर्जन्हा न. पा. | | १ | १ | | | ११ | | २२ | ११ | | ११ | |
| | जम्मा | | १७ | १७ | | १ | १६३ | ३ | ३२५ | १६४ | | १६३ | १ |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक, निर्वाचन आयोग

## धनुषा

| क.स. | स्थानीय | प्रमुख/ अध्यक्ष | | उपप्रमुख/ उपाध्यक्ष | | वडा अध्यक्ष | | सदस्य | | महिला सदस्य | | दलित महिला सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | खाली |
| १ | औरही गा. पा. | | १ | १ | | | ६ | | १२ | ६ | | ६ | |
| २ | कमला न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| ३ | क्षिरेश्वरनाथ न. पा. | | १ | १ | | | १० | १ | १९ | १० | | १० | |
| ४ | गणेशमान चारनाथ न. पा. | | १ | १ | | | ११ | १ | २१ | ११ | | ११ | |
| ५ | जनकनन्दिनी गा. पा. | | १ | १ | | | ६ | | १२ | ६ | | ५ | १ |
| ६ | जनकपुर उपमहा न. पा. | | १ | १ | | | २५ | | ५० | २५ | | २५ | |
| ७ | धनुषाधाम न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| ८ | धनैजी गा. पा. | | १ | १ | | | ५ | | १० | ५ | | ५ | |
| ९ | नगराइन न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| १० | बटेश्वर गा. पा. | | १ | १ | | | ५ | | १० | ५ | | ५ | |
| ११ | मिथिला न. पा. | | १ | १ | | | ११ | | २२ | ११ | | ११ | |
| १२ | मिथिला बिहारी न. पा. | | १ | १ | | | १० | १ | १९ | १० | | १० | |
| १३ | मुखियापट्टी मुसहरमिया गा.पा. | | १ | १ | | १ | ५ | | १२ | ६ | | ६ | |
| १४ | लक्ष्मीनिया गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| १५ | विदेह न. पा. | | १ | १ | | | ९ | १ | १७ | ९ | | ९ | |
| १६ | सहिदनगर न. पा . | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| १७ | सबैला न. पा. | | १ | १ | | | १३ | | २६ | १३ | | १३ | |
| १८ | हंसपुर न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| | जम्मा | | १८ | १८ | | १ | १६८ | ४ | ३३४ | १६९ | | १६८ | १ |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक, निर्वाचन आयोग

## महोतरी

| क्र.स. | स्थानीय | प्रमुख/ अध्यक्ष | | उपप्रमुख/ उपाध्यक्ष | | वडा अध्यक्ष | | सदस्य | | महिला सदस्य | | दलित महिला सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | खाली |
| १ | गौशाला न. पा. | | १ | १ | | | १२ | १ | २३ | १२ | | १२ | |
| २ | जलेश्वर न. पा. | | १ | १ | | | १२ | १ | २३ | १२ | | १२ | |
| ३ | पिपरा गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ४ | महोत्तरी गा. पा. | | १ | १ | | | ६ | | १२ | ६ | | ६ | |
| ५ | साम्सी गा. पा. | | १ | १ | | | ७ | १ | १३ | ७ | | ७ | |
| ६ | सोनमा गा. पा. | | १ | १ | | | ८ | | १६ | ८ | | ८ | |
| ७ | एकडारा गा. पा. | | १ | १ | | | ६ | | १२ | ६ | | ६ | |
| ८ | औरही न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| ९ | बर्दिवास न. पा. | | १ | १ | | | १४ | | २८ | १४ | | १४ | |
| १० | बल्वा न. पा. | | १ | १ | | | ११ | | २२ | ११ | | ११ | |
| ११ | भैगाहा न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| १२ | मटिहानी न. पा. | | १ | १ | | | ९ | १ | १७ | ९ | | ९ | |
| १३ | मनराशिसवा न. पा. | | १ | १ | | | १० | | २० | १० | | १० | |
| १४ | रामगोपालपुर न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| १५ | लोहरपटी न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| | जम्मा | | १५ | १५ | | | १३८ | ४ | २७२ | १३८ | | १३८ | |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक, निर्वाचन आयोग

# सर्लाही

| क.स. | स्थानीय | प्रमुख/ अध्यक्ष | | उपप्रमुख/ उपाध्यक्ष | | वडा अध्यक्ष | | सदस्य | | महिला सदस्य | | दलित महिला सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | खाली |
| १ | ईश्वरपुर न. पा. | | १ | १ | | | १५ | २ | २८ | १५ | | १५ | |
| २ | कविलासी न. पा. | | १ | १ | | | १० | | २० | १० | | १० | |
| ३ | कौडेना गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ४ | गौडेटा न. पा. | | १ | १ | | १ | ११ | १ | २३ | १२ | | १२ | |
| ५ | चक्रघटा गा. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| ६ | चन्द्रनगर गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ७ | धनकौल गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| ८ | पर्सा गा. पा. | | १ | १ | | | ६ | १ | ११ | ६ | | ६ | |
| ९ | बरहथवा न. पा. | | १ | १ | | | १८ | | ३६ | १८ | | १८ | |
| १० | बलरा न. पा. | | १ | १ | | | ११ | | २२ | ११ | | ११ | |
| ११ | बसवरिया गा. पा. | | १ | १ | | | ६ | | १२ | ६ | | ६ | |
| १२ | वागमती न. पा. | | १ | १ | | | १२ | २ | २२ | १२ | | १२ | |
| १३ | ब्रह्मपुरी गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| १४ | मलङ्गवा न. पा. | | १ | १ | | | १२ | | २४ | १२ | | ११ | १ |
| १५ | रामनगर गा. पा. | | १ | १ | | | ७ | | १४ | ७ | | ७ | |
| १६ | लालबन्दी न. पा. | | १ | १ | | | १७ | | ३४ | १७ | | १७ | |
| १७ | विष्णु गा. पा. | | १ | १ | | | ८ | | १६ | ८ | | ८ | |
| १८ | हरिपुर न. पा. | | १ | १ | | | ९ | २ | १६ | ९ | | ९ | |
| १९ | हरिपुर्वा न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| २० | हरिवन न. पा. | | १ | १ | | | ११ | २ | २० | ११ | | ११ | |
| | जम्मा | | २० | २० | | १ | १९९ | १० | ३९० | २०० | | १९९ | १ |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक, निर्वाचन आयोग

## रौतहट

| क.स. | स्थानीय | प्रमुख/ अध्यक्ष | | उपप्रमुख/ उपाध्यक्ष | | वडा अध्यक्ष | | सदस्य | | महिला सदस्य | | दलित महिला सदस्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | खाली |
| १ | ईशनाथ न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| २ | कटहरिया न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ९ | |
| ३ | गढीमाई न. पा. | | १ | १ | | १ | ८ | | १८ | ९ | | ९ | |
| ४ | गरुडा न. पा. | | १ | १ | | | ९ | | १८ | ९ | | ८ | १ |
